नुवाकोटको ऐतिहासिक रूपरेखा

धनवज्र वज्राचार्य

टेकबहादुर श्रेष्ठ



नेपाल र एशियाली अध्ययन संस्थान

त्रिभुवन-विश्वविद्यालय

कीर्तिपुर

नुवाकोटको ऐतिहासिक रूपरेखा

ग्रन्थकार–
धनवज्र वज्राचार्य
टेकबहादुर श्रेष्ठ



प्रकाशक–
नेपाल र एशियाली अध्ययन संस्थान
त्रिभुवन-विश्वविद्यालय
काठमाडौं, नेपाल

रवि शाक्य, इखाछेँ, यल

प्रकाशक–
नेपाल र एशियाली अध्ययन संस्थान
त्रिभुवन–विश्वविद्यालय

प्रकाशन मिति–वि. सं. २०३२ चैत्र

प्रकाशित प्रति –५००

मूल्य– Rs 8 5 34

मुद्रक–
जोरगणेश प्रेस प्रा. लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं

भूमिका

यस अध्ययन संस्थानले वि. सं. २०३१ सालमा नुवाकोट क्षेत्रमा ऐतिहासिक अन्वेषण गर्ने क्रममा प्राप्त सामग्रीहरूको संगालो यस पुस्तकमा गरिएको छ। नुवाकोट क्षेत्रको सीमित समयको अन्वेषणले आशातीत सफलता संस्थानलाई दिलाएको कुरा यस संकलनबाट स्पष्ट हुनेछ। यस क्षेत्रबाट न केवल लिच्छवि-कालको शिलालेख प्रथम पटक पाइयो (पुस्तकको ऐतिहासिक सामग्री खण्ड, पृष्ठ ३–४), अपितु यस अन्वेषणको सिलसिलामा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको माडी दरवारको भग्नावशेष नुवाकोटको बिसी तादीको तीर सेरामा प्राप्त भयो। यो नेपाली इतिहासका निमित्त बडो महत्त्वपूर्ण प्राप्ति हुन आउँछ। यसका अतिरिक्त यस क्षेत्रबाट अन्य अप्रकाशित सामग्रीहरू पनि पाइएका छन्, जसलाई यहाँ पारिएको छ। नुवाकोटको ऐतिहासिक महत्त्वबारे विस्तृत परिचय पुस्तकको पूर्वार्धमा गरिएको छ। उपलब्ध सामग्रीको लामो कालक्रमले नै यसको ऐतिहासिक महत्त्वलाई झल्काउँछ। चीन र तिब्बतसंग नेपालको घटनापूर्ण राजनैतिक तथा व्यापारिक सम्बन्धहरू यसै क्षेत्रबाट हुँदै संपन्न भएको तथ्य विद्वान्हरूलाई थाहा भएकै कुरा हो। नेपालको एकीकरणको समयमा आएर नुवाकोट अझ ठूलो सामरिक महत्त्वको केन्द्र हुनपुग्यो। पृथ्वीनारायण शाहलाई यस ठाउँसंग विशेष ममता भएको कुरा पनि सामग्रीहरूको अध्ययनबाट छर्लङ्ग देखिन आउँछ। अतः यी सामग्रीको उपयोग गरेर नेपाली इतिहासका विभिन्न पक्षलाई निरूपण र व्याख्या गर्न विद्वान्हरूलाई सजिलो हुनेछ भन्ने आशा राख्दछु। यस सामग्रीका संपादकहरूलाई उहाँहरूको परिश्रमका निमित्त सह्रानी गर्दछु।

घोडेजात्रा, २०३२

डा. प्रयागराज शर्मा
डीन
ने. ए. अ. सं.

वक्तव्य

नेपालको सर्वाङ्गीण प्रामाणिक इतिहास तयार गर्ने लक्ष्य संस्थानले राखेको छ । यस लक्ष्यको क्रमशः पूर्तिको लागि अनेक अनुसन्धान-योजना कार्यान्वित गर्ने प्रयास संस्थानले गरिरहेको छ। त्यसमध्ये विभिन्न ऐतिहासिक क्षेत्रको सर्वेक्षण गरी तत्सम्बन्धी ऐतिहासिक रूपरेखा प्रकाशमा ल्याउने पनि एक हो ।

गत वर्ष 'दोलखाको ऐतिहासिक रूपरेखा' प्रकाशमा ल्याएका थियौं । यस वर्ष 'नुवाकोटको ऐतिहासिक रूपरेखा' प्रकाशमा ल्याएका छौं । हुनत शुरूमा नुवाकोटको ऐतिहासिक रूपरेखा प्रकाशमा ल्याउने कुरा हाम्रो योजनाभित्र थिएन । 'मध्यकालका अभिलेख'को अनुसन्धान क्रममा वि. सं. २०३१ पौषमा एक हप्ताको लागि हामी नुवाकोट गएथ्यौं । तर एक हप्ताको सर्वेक्षण—परिणामबाट नुवाकोट-इलाकाको विस्तृत ऐतिहासिक सर्वेक्षण गरी छुट्टै त्यहाँको ऐतिहासिक रूपरेखा प्रकाशमा ल्याउनुपर्ने आवश्यकता देखियो । विशेष गरेर राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको कर्मक्षेत्रको रूपमा नुवाकोट देखिएकोले यस विषयमा राम्ररी प्रकाश पारी यस क्षेत्रको ऐतिहासिक रूपरेखा तयार पार्नुपर्ने अनुभव हामीलाई भयो । तदनुसार यस क्षेत्रको ऐतिहासिक सर्वेक्षण गर्ने योजना बनाइयो ; अनि फाल्गुनदेखि वैशाखको शुरू सम्ममा पटक पटक गरी डेढ महीना जति नुवाकोटभेकको ऐतिहासिक सर्वेक्षण गरियो । अनुमान गरिएअनुसार शिलालेख, ताम्रपत्र, लालमोहर आदि ऐतिहासिक सामग्री निकै मात्रामा पाएका तथा अनेक ऐतिहासिक तथ्य पत्ता लागेका हुनाले सर्वेक्षण निकै अंशमा सफल रह्यो ।

श्री ५ को सरकार पुरातत्त्वविभाग, त्रिभुवन विश्वविद्यालयको इतिहासविभाग तथा योगी नरहरिनाथ आदिद्वारा पहिले पनि नुवाकोटभेकमा ऐतिहासिक सर्वेक्षण गरिएका थिए । तैपनि नुवाकोटसम्बन्धी छुट्टै ग्रन्थको अभाव नै रहेको थियो ।

प्राप्त सामग्रीहरूको चार महीना जतिको अध्ययनपछि यो ऐतिहासिक रूपरेखा पाठकको सामुन्ने प्रस्तुत गरिएको छ । यसमा लिच्छविकालदेखिको नुवाकोटको राजनैतिक अवस्था, आर्थिक अवस्था, सामाजिक अवस्था आदि इतिहासका विविध अङ्गमा छोट्करीमै भए पनि प्रकाश पारिएको छ । प्रसङ्गवश मध्यकालको नेपालउपत्यकाको राजनैतिक अवस्थामा समेत नयाँ प्रकाश पार्ने चेष्टा पनि हामीले यहाँ केही गरेका छौं । साथै नेपालको एकीकरणको लागि श्री ५ पृथ्वीनारायण शाहले झेल्नुपरेका समस्याको झलक पनि प्रस्तुत गरेका छौं । विज्ञ पाठकवर्गबाट यसको उचित मूल्यांकन हुनेनैछ भन्ने हामीलाई आशा छ ।

यो ग्रन्थ तयार भई कारणवश प्रेसमा जान नपाउँदै श्री मोहनप्रसाद खनाल र श्री नयनाथ पौडेलको 'अभिलेख–माला' नामक नुवाकोटका केही अभिलेख र कागतपत्रहरूको सङ्ग्रह प्रकाशमा आएको छ। यसरी नुवाकोटसम्बन्धी केही अभिलेख, पत्रहरू प्रकाशमा ल्याउने कुरामा उहाँहरू हामीभन्दा प्रकाशनमितिले अघि पर्नुभएको छ। हुन त हानथापको दृष्टिले शक्ति खेर फाल्नु देशको लागि त्यति हितकर छैन तापनि हामी उहाँहरूको सो प्रयासको स्वागत गर्दछौं। किनभने इतिहासको अनुसन्धान क्षेत्रमा नवयुवकहरू अघि बढ्नु नितान्त अभीष्ट छ।

उहिले रसुवा र धादिङ जिल्ला पनि नुवाकोटअन्तर्गत नै पर्दथे। यसकारण नुवाकोटको इतिहास राम्ररी तयार पार्न ती जिल्लामा पनि सर्वेक्षण गर्नु आवश्यक छ। तर समयले नभ्याएको हुनाले हामीले ती जिल्लाको सर्वेक्षण गर्न सकेनौं। यस कमीलाई पछि पूरा गर्ने हाम्रो विचार छ।

अन्त्यमा यस सर्वेक्षणक्रममा मदत गर्ने धेरै व्यक्तिप्रति हामीले कृतज्ञता प्रकट गर्नु छ। सर्वप्रथम नुवाकोटका प्रमुख जिल्लाअधिकारी, नुवाकोट अदालतका न्यायाधीश र अरू सम्बद्ध अधिकारीहरूलाई हामी यस अवसरमा धन्यवाद दिन्छौं। यस सर्वेक्षणक्रममा नुवाकोटका धामी श्री हरिमानसिंहको सहयोग सबभन्दा बढी उपयोगी रहेको छ। नुवाकोटका विशिष्ट द्वारे श्री गणेश कुमार शाही, बट्टारका मङ्गललाल प्रधान आदिबाट पनि हामीले निकै कागतपत्रहरू हेर्न पायौं। यस कारण उहाँहरूलाई हामी विशेष रूपमा धन्यवाद दिन्छौं। साथै सर्वेक्षणक्रममा हामीलाई मदत गर्ने भवानीशङ्कर तिवारी, वकिल भैरवप्रसाद मिश्र, जीतनारायण चित्रकार र लालबहादुर ओझा, सानुरत्न वज्राचार्य र अरू सम्बद्ध व्यक्तिप्रति हामी आभार व्यक्त गर्छौं।

नुवाकोटसम्बन्धी छुट्टै ऐतिहासिक रूपरेखा तयार गर्नु आवश्यक छ भन्ने कुराको महसूस गरी त्यसलाई कार्यान्वित गर्न आवश्यक प्रबन्ध मिलाइदिनुभएको र यस ग्रन्थलाई उपादेय बनाउन निर्देशन दिनुभएकोमा डीन डा. प्रयागराज शर्माज्यूप्रति पनि हामी यस अवसरमा कृतज्ञता प्रकट गर्दछौं।

–ग्रन्थकार

विषय–सूची

बस्तीबसाइ र देवस्थल

(पहिलो अध्याय)

काठमाडौं–उपत्यकाबाट आठ कोस जति मात्र पश्चिमतिर रहेको नुवाकोटको सम्बन्ध प्राचीनकालदेखि उपत्यकासंग रहनु स्वाभाविक छ। उपत्यकाबाट उत्तर भोटतिर तथा पश्चिम भेकमा जाने प्रमुख मार्गमा परेको यो प्रदेश राजनैतिक र आर्थिक दृष्टिले उल्लेखनीय रहनु पनि स्वाभाविकै छ। साथै यस प्रदेशको धार्मिक महत्त्व पनि कम थिएन। काठमाडौं–उपत्यका जस्तै शैव, बौद्ध, वैष्णव, शाक्त आदि धार्मिक सम्प्रदायको यो प्रदेश सङ्गमस्थल जस्तै बनेथ्यो। यसो हुनाले यस भेकमा अनेक प्रसिद्ध देवस्थलहरू पर्दछन्।

यस प्रदेशको अर्को विशिष्टता यस भेकका बस्तीको सांग्रामिक महत्त्व रहनु पनि हो। तादीको किनारमा पाइएको लिच्छविकालको अभिलेखमा 'कोट्ट'को उल्लेख आएको छ[1] तापनि 'नवकोट्ट' (नवक्वाठ) नामकरण त्यस वेला भइसकेको बुझिंदैन। लिच्छविकालका बस्ती प्रायः गरी छरिएर समस्थलमा बसाइएका देखिन्छन्[2]। त्यसै गरी यस भेकमा पनि त्यस वेला तादीको किनारमा विशेष बस्ती बसेको देखिन्छ। तर नुवाकोट–डांडोमाथि निकै अघिदेखि ऋषि मुनिको बसोबास रहन थालेको थियो। जसको संझनामा पछि बस्तीको नाम 'ऋषिपत्तन' 'मुनिपत्तन' रहन पुगेको थियो[3]।

मध्यकालको पूर्वार्द्धमा सांग्रामिक दृष्टिले सुरक्षित प्रदेशमा बस्ती बसाउने लहर चलेको थियो। यसो हुनाले अन्त जस्तै नुवाकोटभेकमा पनि डांडामा बस्तीहरू कोट्टका रूपमा बसाइन थालिए। नुवाकोट इलाकामा कोट्टको रूप दिन सुबिधा पर्ने थुम्काहरू अनेक छन्। यसो हुंदा वर्तमान नुवाकोट–डांडोलाई 'मूलकोट'को रूप दिई वरपरका बेलकोट भैरवकोट आदि कोटहरू सम्मिलित पारी यस प्रदेशको 'नवकोट्ट' नामकरण हुन थाल्यो। गोपालवंशावलीको वर्णनअनुसार विक्रमको तेह्रौं शताब्दीतिर यो प्रदेश 'नवकोट्ट, नवक्वाठ' नामले प्रसिद्ध भइसकेको थियो भन्ने

---

१. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख

२. धनवज्र वज्राचार्य, 'लिच्छविकालका बस्ती' पूर्णिमा १८ पूर्णाङ्क, संशोधनमण्डल, काठमाडौं वि.सं. २०२५, पृष्ठ ८७–१०९

३. यस कुराको बढी चर्चा तल 'राजनैतिक इतिहास' प्रकरणमा गरिएको छ।

थाहा पाइन्छ[1] । त्यस ताका घटेका घटनाहरू केलाई हेर्दा 'नववबाठ' निकै बलियो गढ रूपको थियो भन्ने पनि थाहा पाइन्छ । नुवाकोटका सामन्त शासकहरूले विद्रोह गर्दा केन्द्रको राजधानी त्रिपुर र मनिगल (ललितपुर), फ़र्पिङ आदिको संयुक्त शक्तिले पनि नुवाकोट गढ खुलाउन नसकेका अनेक घटनाबाट उक्त कुराको पुष्टि हुन्छ[2] ।

यसरी मध्यकालको पूर्वार्द्धमा आएर नुवाकोट एक बलियो गढको रूपमा रह्यो । त्यस ताका 'वनगढ' रूपका बस्ती सुरक्षाको दृष्टिले बढी उपयोगी ठहरिएका हुनाले प्रायः बस्ती 'वनगढ' रूपमा बसाइएका पाइन्छन् भन्ने कुरा हामीले अन्त लेखिसकेका छौं[3] । नुवाकोटको मूल बस्ती पनि यस्तै वनगढरूपको थियो भन्ने देखिएको छ ।

हाल नुवाकोटको मूल बस्तीमा किल्लाका चिह्नहरू त्यति भेटिंदैनन् । तर श्री ५ पृथ्वी-नारायण शाहले नुवाकोटमा आक्रमण गरेको समयसम्म अर्थात् विक्रमको उन्नाइसौं शताब्दीको शुरूसम्म यहाँको बस्ती मजबूत किल्लारूपकै थियो भन्ने थाहा पाइन्छ। श्री ५ पृथ्वीनारायण शाहका दरबारिया कवि ललितावल्लभले नुवाकोटको किल्लाको वर्णन 'पृथ्वीन्द्रवर्णोदय'मा गरेका छन् । त्यस वर्णनअनुसार नेपाल–उपत्यकाका अरू मुख्य बस्ती जस्तै नुवाकोटको मूल बस्ती पनि चारैतिर ढुङ्गाका पर्खालले घेरिएको थियो; पर्खालभन्दा बाहिरी घेरामा खाई खनिएको थियो; ठाउँ ठाउँमा 'आड'हरू बनाइएका थिए भन्ने थाहा पाइन्छ। मुख्य मुख्य बाटामा ढोका बनाइएका हुन्थे । ती ढोका थुनिएपछि बस्तीभित्र पस्नु सम्भव हुँदैनथ्यो । श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटको किल्ला फुटाउन विस्फोटक पदार्थको प्रयोग गरेको वर्णन ललितावल्लभले गरेका छन्[4] । यसबाट किल्लाको बनावट त्यस वेलासम्म पनि मजबूत थियो भन्ने थाहा पाइन्छ ।

मध्यकालका अभिलेखहरूमा नुवाकोटको वर्णन 'पत्तन' 'महापत्तन' 'पुरवर'आदि रूपमा आएको हुँदा यो बस्ती मध्यकालमा बढी विकसित रहेको बुझिन्छ[5] । तर विस्तारको दृष्टिले भने त्यति उल्लेखनीय रहेको देखिदैंन । किनभने 'दोलखा' जस्तै नुवाकोटको मूल बस्ती पनि 'सात शय' नामले व्यवहृत गरिएको पाइन्छ[6] । श्री ५ पृथ्वीनारायण शाहद्वारा नुवाकोटलाई 'राजधानी'को रूप दिंदा यसको विकास केही बढी भएको थियो तापनि पछि यो बस्ती सुक्न

१. 'गोपालराजवंशावली' ३८–३९,४१–४८, ५१,५३,५४,६१–६२ पत्र । यस विषयको चर्चा तल 'राजनैतिक इतिहास' प्रकरणमा पनि गरिएको छ ।
२. यस विषयको प्रमाणसहित चर्चा 'राजनैतिक इतिहास' प्रकरणमा गरिएको छ ।
३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, 'दोलखाको ऐतिहासिक रूपरेखा' त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, कीर्तिपुर, वि. सं. २०३१, पृ. ४–५
४. तल 'राजनैतिक इतिहास' प्रकरणमा यस विषयको मूल वाक्य उद्‌धृत गरिएको छ ।
५. ऐतिहासिक सामग्री, २,४ . . . संख्याका अभिलेख,
६. ऐतिहासिक सामग्री, ५५,७३ संख्याका पत्र,
'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ५

थालेथ्यो। यहाँका बासिन्दाहरू विशेष गरी व्यापारीहरू अन्त गई रहन थालेपछि यहाँको बस्ती पातलो हुन थालेथ्यो[1]। कर्कप्याट्रिक नुवाकोट आउँदा उनले गरेको वर्णनअनुसार त्यस बेला नुवाकोटको मूल बस्ती त्यति ठूलो थिएन; तर ठूला र राम्रा भवनहरूले गर्दा बस्ती रमणीय थियो भन्ने बुझिन्छ[2]। इँटले बनाइएका यहाँका घरहरू नेपालका हेर्न लायक घरहरूमध्ये पर्दछन् भन्ने भाव कर्कप्याट्रिकले पोखेका छन्।

नुवाकोटको मूल बस्ती अनेक टोलहरूमा विभक्त रहेको छ। डाँडोमा बसाइएको बस्ती हुँदा थंथुटोल, कोंथुटोल (माथिल्लो टोल, तल्लो टोल) को उल्लेख अभिलेख कागतपत्रहरूमा आएको छ[3]। अभिलेखहरूमा उल्लिखित टोल र वर्तमान टोलका नाममा केही अन्तर परेको पाइन्छ। उहिले यौताछें, बन्ताछें पसलवाछें आदि घरविशेषको आधारमा स्थानपरिचय दिने चलन बढी थियो। अहिले भने यस्तो चलन प्रायः हराइसकेको छ। हाल प्रचलित टोलहरूको नामचाहिँ देवीस्थानटोल, ब्रह्मटोल, शहरटोल, इन्द्रचोकटोल, भूटोल आदि छन्।

भैरवीस्थान–

नुवाकोटभेकका देवस्थलहरूमा भैरव–भैरवीको मन्दिर सबभन्दा बढी प्रसिद्ध छ। लिच्छविकालको उत्तरार्धमा र मध्यकालमा भैरव–भैरवीको सम्प्रदायले नेपाली समाजमा निकै प्रभाव पारेको हुँदा हाम्रो यहाँ भैरव–भैरवीको स्थापना निकै मात्रामा भएथ्यो। नेपालका प्रसिद्ध भैरव–भैरवीहरूमा नुवाकोटका भैरव-भैरवीको पनि विशिष्ट स्थान रहेको छ। त्रिशूल–गण्डकीनिर रहेका भैरव हुँदा यहाँका भैरव 'गण्डकीभैरव' भनी प्रसिद्ध भएका थिए। अभिलेखहरूमा यही नामको बढी प्रचलन भएको पाइन्छ। खाली 'गण्डकीदेवता' मात्रले पनि यी भैरव–भैरवीको बोध हुन्थ्यो[4]।

यहाँ भैरव र भैरवी दुवै देव–देवीको अस्तित्व रहेको छ। तर मध्यकालमा भैरवको माहात्म्य बढी रहेको थियो। शाहकालमा आएर चाहिँ देवी भैरवीको माहात्म्य बढ्यो। यसैले यस देवस्थललाई 'भैरवीस्थान' भन्ने चलन बढी छ। भैरव–भैरवीको जात्रालाई पनि 'देवीजात्रा' भन्ने चलन छ। यसै हुँदा यस टोललाई हाल 'देवीस्थानटोल' भनी भनिन्छ।

'मस्त' सिद्धान्तमा निर्मित हुँदा यहाँ देवताका शीर्षभाग मात्र रहेका छन्। अझ शुरूमा पीठ रूपमा स्थापित भएको हुँदा भित्री भागमा त विशेष आकारका देवमूर्ति रहेका छैनन्। पीठदेवता

---

१. ऐतिहासिक सामग्री, ५३,५४ संख्याका पत्र

२. कर्कप्याट्रिक–'आँन् ऐकाउन्ट् अफ् दि किङ्गडम् अफ् नेपौल' मञ्जुश्री पब्लिशिङ्ग हाउस, न्यू दिल्ली, पुनर्मुद्रण ई. सं. १९६९, पृष्ठ ११६,

३. ऐतिहासिक सामग्री, ११ संख्याको अभिलेख, २ संख्याको ताडपत्र,

४. ऐतिहासिक सामग्री, २,४,६,७ . . . संख्याका अभिलेख

रूपका ढुङ्गा मात्र छन् । बाहिर मात्र धातुका शीर्षभाग रहेका छन् । ती मूर्तिसंगै अष्टमातृकाका मूर्तिहरू रहेका छन् । कलाको दृष्टिले ती मूर्ति साधारण खालका मात्र छन् ।

पुरानो पीठरूपको देवस्थललाई पछि देवमन्दिरको रूप दिइएको हुँदा यस देवमन्दिरको भित्री भागको रचना अलि भिन्नै खालको छ । भैरव–भैरवी र अष्टमातृकाहरूलाई धातुको एक किसिमको 'खट' जस्तोमा सजाई राखिएको छ । सो खटको सुनको छाना नेपाल–अंग्रेज–युद्ध हुनै लागेको ताका लडाइँमा विजय प्राप्त होस् भनी कामना गरी भीमसेन थापाले चढाउन लाएका हुन्[1] । यसै गरी माथि टाँसिएको धातुको चँदुवा पनि शाहकालको मात्र हो[2] ।

मन्दिरभित्र धामीहरूका केही सालिग रहेका छन्; तिनमा केही धातुका र केही ढुङ्गाका छन् । तात्कालिक धामी–धमिनीबारे अध्ययन गर्न यसबाट केही मदत पाइन्छ ।

मन्दिरभित्र केही घण्टाहरू झुण्ड्याइएका छन्; तिनमा एउटा घण्टाचाहिं श्री ५ पृथ्वीनारायण शाहले वि. सं. १८१६ मा चढाएका हुन्[3] । शिवपुरी विजयको कामना गरी यो घण्टा चढाइएको अनुमान हुन्छ ।

भैरव भैरवीको वर्तमान दुइतले मन्दिर जगज्जयमल्लको पालामा वि. सं. १७८३ तिर बनाइएको हो[4] । यो कुरा मन्दिरको तेलिया ईंट, काठको तोरणमा कुँदिएको अभिलेखबाट थाहा पाइन्छ । यसभन्दा अघि लक्ष्मीनरसिंहमल्लको पालामा यस मन्दिरको जीर्णोद्धार भएको थियो । तीनवटा गजुरको ठाउँमा पाँच वटा सुनका गजुर राखी लक्ष्मीनरसिंहमल्लले वि. सं. १६९५ मा मन्दिरको जीर्णोद्धार पूरा गराएथे[5] । जगज्जयमल्लको पालामा बनेको वर्तमान मन्दिरमा केही उल्लेखनीय परिवर्तन श्री ५ रणबहादुर शाहको पालामा भएथ्यो । वि. सं. १८४९ को नेपाल–चीन–युद्धपछि श्री ५ रणबहादुर शाह र राजकुमार बहादुर शाहले यस मन्दिरको माथिल्लो ईंटको छानाको ठाउँमा सुनले मोलम्बा लाएको धातुको छाना हाल्न लाएका थिए । साथै मूल ढोका पनि सुनको मोलम्बा लाई नयाँ बनाउन लाएथे[6] । विभिन्न देवदेवीका मूर्ति अङ्कित सो ढोका दर्शनीय रहेको छ । यसरी मल्लकालमा भन्दा यो भैरव मन्दिर शाहकालमा बढी दर्शनीय बनेको देखिन्छ ।

तेलिया ईंटले बनेको दुइतले यस भैरवमन्दिरमा अनेक देव–देवीका मूर्ति कुँदिएका काठका

---

१. ऐतिहासिक सामग्री, ५३ संख्याको अभिलेख
२. ऐतिहासिक सामग्री ६१ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, ३१ संख्याको अभिलेख
४. ऐतिहासिक सामग्री, १७,१८ संख्याका अभिलेख
५. ऐतिहासिक सामग्री, १ संख्याको टिपोट,
६. ऐतिहासिक सामग्री, ४३,४४ संख्याको अभिलेख

टुंडालहरू रहेका छन् । काष्ठकलाको दृष्टिले ती केही उल्लेखनीय छन् । उपत्यकाका केही देव-मन्दिरहरूमा जस्तै यहाँ पनि कामकलासम्बन्धी चित्रहरू अङ्कित गरिएका छन् ।

यी भैरवलाई 'भैरवेश्वर महादेव'को रूपमा पनि मान्ने हुनाले मन्दिरको अगाडि त्रिशूल पनि चढाइएको छ । मन्दिरको मूलढोकाको सामुन्ने दायाँ बायाँ पित्तलका दुइ सिंह चढाइएका छन् । तर ती नयाँ छन् । सामुन्ने रहेको शिलास्तम्भमा पनि पताका बोकेको एक धातुको सिंहमूर्ति रहेको छ । भैरवमन्दिर इलाकामा पस्ने मूल ढोकानिर पनि ठूला ढुङ्गे दुइ सिंहमूर्ति रहेका छन्; जुन सिंहमूर्ति भास्करमल्लको पालामा स्थापित गरिएका हुन्[1] ।

यहाँको देवीजात्रामा सिन्दूरजात्राको पनि धार्मिक दृष्टिले विशेष महत्त्व हुँदा मूल ढोकाको सामुन्ने दायाँबायाँ 'सिह्मू' (सिन्दूरपात्र) लिएका दुइ मूर्ति रहेका छन्; मल्लकालका ती ढुङ्गे मूर्ति केही दर्शनीय हुंदा धार्मिक दृष्टिले बाहेक कलाको दृष्टिले पनि ती उल्लेखनीय छन् ।

नेपाल–उपत्यकाका केही प्रसिद्ध देवस्थलमा रहे जस्तै यहाँ भैरवमन्दिरको आसपासमा पनि उहिले अहोरात्र आगो बालिराख्न 'अग्निमठ' रहेको बुझिन्छ । जसको संझना दिलाउने अवशेष अहिले पनि पाइन्छ ।

देवमन्दिरमा भाँडा–कुँडा, हातहतियार आदि चढाउने चलनअनुसार यस भैरवमन्दिरमा पनि भाँडाकुँडा, हातहतियार आदि चढाइएका छन् । कर्कप्याट्रिकको भनाइअनुसार कप्तान किनलकको आक्रमणताका खोसिएका केही हतियार पनि नुवाकोट भैरवीस्थानमा चढाइएका थिए तथा नेपाल–चीन–युद्धताका प्रयोग गरिएका केही हतियार पनि यहाँ चढाइएका थिए भन्ने रहेको छ[2] । देवदेवीको प्रसादले खड्गसिद्धि होस्; शत्रुउपर विजय होस् भन्ने भावना यस चलनमा रहेको बुझिन्छ । भैरव–भैरवीलाई चढाइएका त्यस्ता हातहतियार आदि हाल मन्दिरभित्र राखिएका छन् भन्ने सुनिन्छ । सर्वेक्षण–क्रममा ती हातहतियार हेर्ने सुविधा हामीलाई प्राप्त भएन ।

भैरव मन्दिरसंगै दक्षिणपट्टि एउटा सानो मन्दिर रहेको छ । त्यस मन्दिरभित्र महिषमर्दिनी भगवतीको भव्य मूर्ति रहेको छ । १३० से. मी. लम्बा, १०० से. मी. चौडा सो ढुङ्गे भगवतीमूर्ति अङ्ग ढङ्ग मिलेको हुँदा राम्रो छ । यसको ढुङ्गाको जात भने अलि कम्सल छ । यी भगवतीको स्थापना शिवसिंहमल्लको पालामा भएको हो[3] ।

भैरवमन्दिरको पछाडि पूर्वपट्टि धार्मिक दृष्टिले उल्लेखनीय एक मण्डप रहेको छ । जहाँ देवीजात्राको प्रसङ्गमा धामीलाई भोग खुवाउने विधि गरिन्छ । सो डबलीको सामुन्ने देवीजात्रामा लिङ्ग गाडिने प्रसिद्ध स्थल पनि रहेको छ । यस मण्डपको संगसंगै शीतलपाटी लामपाटी

---

१. ऐतिहासिक सामग्री, १२ संख्याको अभिलेख

२. कर्कप्याट्रिक–'आँन् ऐकाउन्ट् अफ् दि किङ्गडम् अफ् नेपौल' पृष्ठ ११६

३. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख

रहेका छन्। यस मण्डप वरपरको खुला प्राङ्गण दर्शनीय छ[1] । यहाँ आसपासमा एक चैत्य, भीमसेन-मूर्ति, सरस्वतीमूर्ति, शिवलिङ्ग आदि रहेका छन् ।

ब्रह्मटोल–

देवीस्थानटोलबाट अलि अघि बढेपछि ब्रह्मटोलमा पुगिन्छ । त्यहाँ सडकको दायाँपट्टि एक सानो मन्दिर रहेको छ । सो मन्दिरभित्र गणेशको मूर्ति रहेको छ । पादपीठमा कुँदिएको अभिलेखबाट सो गणेशमूर्ति नरेन्द्रमल्लको पालामा स्थापना गरिएको हो भन्ने थाहा पाइन्छ[2] । यस मन्दिरभित्र नारायणको भग्नमूर्ति पनि रहेको छ। त्यहाँ रहेको शिलालेखबाट सो नारायणमूर्ति महेन्द्रमल्लको पालामा स्थापना गरिएको देखिन्छ[3] ।

नुवाकोटको यस मूल बस्तीको नाम एक ताका 'ब्रह्मनगर' पनि रहेको थियो[4] । त्यसैको संझना यस ब्रह्मटोल नामले दिलाइरहेको बुझिन्छ ।

शहरटोल–

ब्रह्मटोलबाट अलिकता अघि बढेपछि 'शहरटोल' आउँछ । नुवाकोटको पुरानो शहरको (मूल बस्तीको) सबभन्दा मुख्य भाग हुँदा यस ठाउँले अहिले 'शहरटोल' संज्ञा पाइआएको बुझिन्छ। यस ठाउँलाई 'वसन्तपुर' भन्ने चलन पनि छ । यहीं मल्लकालदेखिको रङ्गमहल, श्री ५ पृथ्वी-नारायण शाहले बनाउन लाएको प्रसिद्ध सातत‌ले दरबार, बैठकघर, गारतघर आदि रहेका छन् । नेपाली वास्तुकलाको दृष्टिले उल्लेखनीय यी भवनबारेको चर्चा वास्तुकला प्रकरणमा गरिनेछ ।

यहाँ पार्थिवेन्द्रमल्लको पालामा बनेको एक चैत्य रहेको छ[5] । चैत्य सानो भए पनि यसको निर्माणशैली अलि भिन्न खालको छ । यो चैत्यसंगै एक विष्णुमन्दिर रहेको छ । त्यहीं डबली पनि छ ।

यस शहरटोलको बीचमा नारायणको एक अर्को प्रसिद्ध मन्दिर पनि रहेको छ । यद्यपि हाल मन्दिर दुइतले सानो मात्र छ । त्यसमा पनि माथिल्लो छानो निकै भत्केको हुँदा दर्शनीय रहेको छैन । तर यस नारायणको महत्त्व उल्लेखनीय रहेको छ। यस नारायणमन्दिरमा रहेका धातुका पुराना नारायणमूर्ति त चोरिएका हुँदा लुप्त भइसकेका छन् । नारायणजात्राको लागि

---

१. मल्लकालको एक अभिलेखमा यस भेकको ठाउँलाई 'प्रांगनटोल' भनिएको पाइन्छ। ऐतिहासिक सामग्री, ११ संख्याको अभिलेख
२. ऐतिहासिक सामग्री, ३ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, ४ संख्याको अभिलेख
४. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख
५. ऐतिहासिक सामग्री, ११ संख्याको अभिलेख

हाल नयाँ साना धातुका नारायणमूर्ति बनाई काम चलाइएको छ। तर पहिलेका नारायणमूर्ति निकै पुराना हुन् भन्ने देखिन्छ। यस कुराको झलक यस मन्दिरमा रहेको 'त्वादिवा' (पानसविशेष) ले प्रस्तुत गर्छ। ने. सं. ५६१ (वि. सं. १४९८) मा रिपुमल्लले आफ्ना इष्टदेवता यी नारायणलाई सो पानस चढाएका हुन् भन्ने कुरा त्यसमा कुँदिएको अभिलेखबाट थाहा पाइन्छ[1]। अर्को कुरा नुवाकोटमा हुने मुख्य जात्रामा यी नारायणको जात्रा पनि एक हो। त्यस वेला यी नारायणको मूर्ति झिकी तल तादीको किनारमा रहेको ब्रह्मायणीस्थाननिरको नारायणस्थानमा लगिन्छ। जुन नारायणमूर्ति पनि निकै पुरानो हो भन्ने देखिएको छ। शङ्ख चक्र अङ्कित लिच्छविकालको शिलालेख पाइएको पनि यहीं हो[2]। जे होस्; शहरटोलको यी नारायणको विशेष महत्त्व थियो भन्ने कुरामा शङ्का छैन।

यी नारायणको मन्दिरसंगै एक ढुङ्गे 'तुलसीमठ' रहेको छ। जुन तुलसीमठ प्रतापमल्लको पालामा नुवाकोटका एक ब्राह्मणले स्थापना गरेका हुन्[3]।

शहरटोलको छेउमा 'खाल्टादेवीस्थान' रहेको छ। यहाँ एक शिलालेख पनि रहेको छ। तर ज्यादै खिइएको हुँदा सो पढ्न सकिंदैन।

इन्द्रचोकटोल–

शहरटोलबाट अघि बढेपछि इन्द्रचोकटोल शुरू हुन्छ। यही टोलको इलाकाको एक सानो डाँडोमा तलेजुभवानीको मन्दिर रहेको छ। तलेजुको मन्दिर आकर्षक छ। यहाँ राजा, पुरोहित र पुजारीवर्गबाहेक अरूको प्रवेश निषिद्ध छ। अन्तका तलेजुमन्दिरको सम्बध वज्राचार्यसंग रहेको पाइंदैन। नुवाकोटको तलेजुको सम्बन्ध वज्राचार्यसंग पनि रहेको छ। यसरी धार्मिक समन्वयको उदाहरण यसले प्रस्तुत गर्छ। तलेजु मन्दिरको सामुन्ने विष्णु बुद्ध आदिका ढुङ्गे मूर्ति राखिएका छन्। ती मूर्ति मल्लकालका हुन्।

बस्तीबसाइको दृष्टिले इन्द्रचोकटोल उल्लेखनीय छ। यहाँ रहेको नृपेन्द्रमल्लको पालाको एक अभिलेखमा त्यहाँ विश्वेश्वर–मन्दिर बनाउने व्यक्तिको घरको उल्लेख गर्दा 'पसलवाछें' को उल्लेख आएको छ[4]। यसबाट बजारको दृष्टिले यो टोल उहिले विशिष्ट रहेको बुझिन्छ। यसैले पछि कान्तिपुरको इन्द्रचोकको तुलनामा यस टोलको नामकरण हुन गएको बुझिन्छ।

उपर्युक्त विश्वेश्वरको ढुङ्गे मन्दिरबाहेक यस टोलमा भीमसेनस्थान पनि छ; जहाँ भीमसेनको ढुङ्गे मूर्ति रहेको छ। व्यापारीहरूले विशेष गरी भीमसेनको पूजा गर्ने कुरा यस प्रसङ्गमा स्मरणीय

---

१. ऐतिहासिक सामग्री, २ संख्याको अभिलेख
२. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख
४. ऐतिहासिक सामग्री, १० संख्याको अभिलेख

छ। भीमसेनस्थाननिर भित्तामा अड्याएर काठको ह्राम्वं (आकाशभैरव) पनि राखिएको छ। यस टोलमा एक चैत्य र डबली पनि रहेको छ। यहाँ तीनधारेबाट बस्तीमा पस्ने पुरानो नगरद्वारको अवशेष देखापर्छ ।

तीनधारेनिरको पोखरी—इन्द्रचोकको नगरद्वारबाट तल झोर्लेपछि तीनधारेमा पुगिन्छ। यहाँ पुरानो ढुङ्गेधारालाई नयाँ रूप दिइएको छ। यहाँ केही देवमूर्ति पनि छन्। यहाँबाट अलि तल झोर्लेपछि एक ठूलो पोखरीको अवशेष देखापर्छ। अहिले बचेका किनाराका ढुङ्गाहरूको विचार गर्दा यो पोखरी मजबूतसंग बनाइएको थियो भनी सहजै अनुमान गर्न सकिन्छ। अनुश्रुति-अनुसार यो पोखरी नुवाकोटका वैश्य ठकुरीहरूको पालामा बनेको हो भन्ने छ। सो अनुश्रुति-अनुसार एकजना वैश्य ठकुरीले आफ्नी रानी 'मधुमती'को नाउँमा यो पोखरी बनाइदिएका हुन् भन्ने रहेको छ। तर यस पोखरीसम्बन्धी कुनै अभिलेख आदि भने प्राप्त भएको छैन। यहाँ रहेको एउटा ठूलो ढुङ्गामा अभिलेख कुँदिएको छ भनी स्थानीय कुराका ज्ञाता चन्द्रलाल श्रेष्ठज्यूले भन्नुभएको हुँदा केही गाडिएको सो ढुङ्गा कष्टसाथ सफा पारी हामीले सो अभिलेख पढ्यौं। सो अभिलेख ने. सं. ८३० को रहेछ। त्यसमा '८३० वैशाखमास. . . .वासचोन झोङह्म बालकृष्णन चोया' भनो लेखिएको छ। यस अभिलेखको सो पोखरीसंग कुनै सम्बन्ध छैन; त्यस ठाउँमा वास बस्न आएका बालकृष्ण भन्ने व्यक्तिले आफ्नो यात्राको संझनाको लागि लहडवश सो कुँदेका हुन्। जे होस्; मध्यकालको पूर्वार्द्धसंग सम्बन्ध राख्ने यो पोखरी नुवाकोटका इतिहासको दृष्टिले उल्लेखनीय रहेको छ। यस विषयमा बढी खोजी हुन आवश्यक छ ।

भूटोल—

इन्द्रचोकबाट अगाडि बढेपछि भूटोलमा पुगिन्छ। बस्तीबसाइको दृष्टिले यो टोल पनि उल्लेखनीय नै छ। यहाँ बजारभन्दा पछाडिपट्टि एक उल्लेखनीय शिवलिङ्ग रहेको छ। आकार-प्रकारको दृष्टिले शिवलिङ्ग साधारण छ तापनि यस शिवलिङ्गको उल्लेख प्रसिद्ध स्वस्थानी-माहात्म्यमा पनि आएको छ भनिन्छ। यस दृष्टिले यसको केही महत्त्व रहेको छ ।

अशोकबारी--

अशोकका रूखहरू बढी हुँदा अशोकबारी कहलाएको समस्थल (टुण्डिखेल) उहिले सैनिक अभ्यासक्षेत्र रहेको थियो भनिन्छ। तर यसको धार्मिक महत्त्व पनि कम थिएन। नुवाकोटमा प्रचलित अनुश्रुति, किंवदन्तीरूपका कथाहरूमा उहिले अशोकबारी देवदेवीहरूको सभा गर्ने स्थल रूपमा थियो भन्ने रहेको छ। यहाँ आसपासमा देवमूर्ति आदि पनि निकै छन्। यहाँ गणेशमूर्ति रहेको छ। टुण्डिखेलदेखि पूर्व लागेपछि पुरानो ढुङ्गेधारासंगै शिवलिङ्ग रहेको छ। अशोकबारीमा रहेको भीमसेनमूर्ति राम्रै छ। अशोकबारीमा गरुडासन विष्णुमूर्ति पनि छ। अशोकबारीनिरैको सिम्भूस्थान कहलाएको चैत्य पनि उल्लेखनीय छ। सो चैत्य श्री ५ पृथ्वीनारायण शाहको पालामा

बनेको हो[1] । चैत्यसंगै अरू देवताका मूर्ति पनि छन् ।

मैदानटोल–

इन्द्रचोकदेखि दक्षिणतिर रहेको मैदानटोल पनि देवदेवीहरूको उपस्थितिको दृष्टिले उल्लेखनीय नै छ । यस टोलमा भगवतीस्थान रहेको छ । यहाँको भगवतीको मूर्ति कलाको दृष्टिले केही सुन्दर नै छ । यसको केही पर गणेश र वाराहीका मूर्ति छन् ।

बूढीस्थान–नुवाकोटका देवस्थलमध्ये यहाँ रहेको बूढीस्थानको पनि केही महत्त्व छ । यहाँ कुनै खास देवमूर्ति छैन । खाली पीठदेवतारूपका तोरणचिह्नहरू मात्र छन् । देवीजात्राको प्रसङ्गमा यहाँ पनि लिङ्गो गाड्ने र ढाल्ने विधान गरिन्छ ।

कालिका, मालिका–

नुवाकोटका प्रमुख देवस्थलमध्ये कालिका, मालिकास्थान पनि पर्छन् । 'आड' रूपमा रहेका हुँदा यी ठाउँको उहिले सांग्रामिक महत्त्व त थियो नै । साथै शक्तिदेवीका रूपमा यिनको पनि धार्मिक महत्त्व रहेको छ । उहिले 'महामण्डल' शब्दले प्रायः नुवाकोट–डाँडो जम्मैलाई बुझाएको थियो तापनि पछि 'महामण्डल' शब्दको प्रतिनिधित्व कालिका मालिकास्थानले गर्न थालेथे । 'माहामण्डल भनेको नुहाकोटको सवता रहेछ' भनी श्री ५ पृथ्वीनारायण शाहले यसै स्थानलाई लक्ष्य गरेका हुन् ।

माथि नुवाकोटको मूल बस्तीको बसाइ र देवस्थलबारे संक्षिप्त चर्चा गरियो । तर मूल बस्तीबाहेक नुवाकोट–इलाकामा उल्लेखनीय देवस्थल अरू पनि छन् । ती सबैको चर्चा यहाँ समावेश गर्न अनुकूलता मिलेन तापनि देवीघाट र अरू एक दुइ देवस्थलको चर्चा यहाँ गर्नुपरेको छ ।

देवीघाट–

दुइ प्रसिद्ध नदी त्रिशूली र तादीको सङ्गमस्थल 'देवीघाट' को धार्मिक महत्त्व स्वतः रहेको छ । त्यसमा पनि अनेक धार्मिक सम्प्रदायको सङ्गमस्थल हुन गएको हुँदा यस क्षेत्रको स्थान नेपालको धार्मिक इतिहासमा विशिष्ट नै रहेको छ ।

जालपादेवीको स्थान हुँदा यो स्थल 'देवीघाट' कहलाएको हो । एकातिर नेपालका

---

१. ऐतिहासिक सामग्री, ३८ संख्याको अभिलेख

६४ शिवलिङ्गमध्येको एक भैरवेश्वर यहाँ रहेको हुँदा यस स्थलको महिमा गाइएको छ[1] भने अर्कोतिर बौद्ध धर्मानुयायीहरूले मान्ने नेपालका प्रसिद्ध पीठमध्ये एक यो पनि हो । 'पीठपूजा' गर्दा बौद्धहरू यहाँ पनि पूजा गर्न आउने गर्दछन् ।

यहाँको देवीस्थान पीठदेवताको रूपमा रहेको हुनाले यहाँ विशेष देवमूर्ति छैन । यद्यपि बीचको एक ढुङ्गामा देवीको शिरोभाग कुँद्ने प्रयास पछि गरिएको पाइन्छ । तर अन्तको पीठ–रूपको देवस्थल जस्तै यो पनि एक हो । यसो हुँदा यहाँ कुनै मन्दिर पनि छैन । पीठमा दुइतिर ढुङ्गे सिंहमूर्ति रहेका छन् । तर ती त्यति पुराना छैनन् । वरपर चढाई राखिएका दुइ घण्टा पनि नयाँ छन् । तिनमा एक वि. सं. १६६३ को छ; अर्को त २०२७ सालमा मात्र चढाइएको हो । काठका स्तम्भ गाडेर चँदुवा हाल्ने चलन रहेको छ । तर विशेष चँदुवा छैन; कपडाको चँदुवा मात्र छ । एक पुरानो ढाँचाको पानस चढाई राखिएको छ । तर सो पुरानो भने होइन । भैरवेश्वरको रूपमा पनि मानिने हुँदा त्रिशूल चढाउने चलन पनि छ ।

यहाँ देवीस्थानसंगै पश्चिमोत्तरतिर एक चतुर्मुखी शिवलिङ्ग रहेको छ । सो मूर्ति केही राम्रै छ । तर ढुङ्गा कंसल हुँदा मुखाकृति अलि खिइसकेको छ । यहाँ एक ढुङ्गे बसाहा पनि रहेको छ ।

देवीघाट स्मरणीय ऐतिहासिक स्थल पनि बनेको छ । किनभने नेपालराष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको दाहसंस्कार यही देवीघाटमा सम्पन्न भएको थियो । सो दाहसंस्कार-लाई संझाउने स्मारकरूपको एक ठूलो ऐतिहासिक ढुङ्गा पनि यहाँ रहेको छ । यद्यपि यस कुरालाई सिद्ध गर्ने कुनै प्रमाण प्राप्त हुन सकेको छैन तापनि अनुश्रुतिको रूपमा प्रचलित उक्त भनाइमा सत्यता हुनु धेरै सम्भव छ[2] । सो विशाल ढुङ्गा एक पटक बाढीले गर्दा नदेखिने भइसकेको थियो भनिन्छ । तर हाल देवीस्थानको सामुन्ने त्रिशूलीको बगरमा धेरै भाग पुरिएर सो ढुङ्गा रहेको छ ।

चैत्यको भग्नावशेष–देवीस्थानदेखि केही पर पूर्वपट्टि एक ठूलो चैत्यको भग्नावशेष रहेको छ । पिप्पलबोटले गर्दा चैत्य धेरै मात्रामा भत्किसकेको छ । अक्षोभ्य आदि तीन बुद्धमूर्ति अझै बाँकी छन् । कुनै चिनियाले सो बौद्ध चैत्य बनाउन लाएका हुन् भन्ने किंवदन्ती चलेर आएको छ । देवीजात्राप्रसङ्गमा यस बौद्ध चैत्यनिर आएर पनि केही विधान गर्नुपर्ने हुँदा यो चैत्य अलि पुरानै हुनु सम्भव छ ।

---

१. सं. योगी नरहरिनाथ 'हिमवत्खण्ड' योगप्रचारिणी गोरक्षटिल्ला, काशी, वि. सं. २०१३, पृ. २३४–३५

२. उक्त ढुङ्गामा पछिल्लो मल्ललिपिमा सानो अभिलेख पनि कुँदिएको छ । तर श्री ५ पृथ्वी-नारायण शाहको दाहसंस्कारसंग त्यसको कुनै सम्बन्ध देखिंदैन । ऐ. सा. २५ संख्याको अभिलेख ।

वामनमूर्ति–उपर्युक्त चैत्यको भग्नावशेषनिर एक अर्को उल्लेखनीय खण्डित मूर्ति पनि रहेको छ। असल जातको ढुङ्गाको बनाइएको हुँदा सो मूर्ति भग्नावस्थामा पुगेको छ तापनि बचेको खण्ड निकै सुन्दर देखिन्छ। अहिले बचेको खण्डको आकारप्रकार विचार गर्दा यो वामनावतार विष्णुको मूर्ति हो भन्ने देखिन्छ।

उक्त चैत्यसंगै सरस्वतीस्थान रहेको छ। तर अहिले मूर्ति भने देखिदैन।

मौलो–देवीघाटको बजारको बीचमा मौलो गाडेको स्थल छ। दसैं आदि पर्वमा यहाँ राँगो काट्ने चलन छ।

देवीघाटमा त्रिशूलीपारि फिर्क्याप डाँडोमा पनि केही शिवालय छन्। तिनमा एक श्री ५ पृथ्वीनारायण शाहका प्रसिद्ध ज्योतिषी भानु अर्ज्यालले वि. सं. १८०९ मा बनाउन लाएका हुन्[1]। शिवालयलाई रमणीय पार्न वरपरका पचास हात जतिको इलाका राखिएको र बगैंचा लाउने व्यवस्थासमेत बाँधिएको हुँदा यो देवस्थल अझै केही रमणीय छ। तर मन्दिरको जीर्णोद्धार नहुँदा हाल भग्नावस्थामा छ। चौ. रणोद्योतशाहले वि. सं. १८८१ मा बनाउन लाएको अर्को शिवालय पनि यहाँ छ[2]। उनले चढाएको ठूलो घण्टा पनि यहाँ रहेको छ[3]।

बट्टार–

देवीजात्रामा नुवाकोट–डाँडोबाट देवीको खट बट्टार भई देवीघाटमा लगिन्छ तथा बट्टार भई नै फिर्ता ल्याइन्छ; त्यस वेला यहाँ विशेष पूजा आजा पनि गरिन्छ। मूल बाटोमा बसेको पुरानो बजाररूपको बस्ती हुँदा यस स्थानले पनि एक किसिमको देवस्थलको रूप लिएको छ। यहाँ केही देवमूर्तिहरू छन्। एक सुन्दर पाटी र ढुङ्गेधारा पनि रहेको छ।

त्रिशूलीबजार–

त्रिशूली नदीको किनारमा पारिपट्टि बसेको यो बजार उहिले 'सांघुबजार' कहलाएको थियो[4]। त्रिशूली तरी पश्चिमी भेकमा जान यहाँ 'सांघु' रहेको हुँदा सो नामकरण भएको हो। यस बजारको बढी विकास शाहकालमा आएर भएको थियो तापनि मल्लकालको अन्त्य समयतिर केही अंशमा यो बजार बसिसकेको देखिन्छ।

यस बजारमा प्रसिद्ध देवमन्दिर छैन तापनि शाहकालमा स्थापना गरिएका साना देवमन्दिर र देवमूर्तिहरू भने अनेक छन्। यिनमा शिवमन्दिर, रातो मछिन्द्रनाथको मन्दिर, गणेशमन्दिर,

१. ऐतिहासिक सामग्री, ३० संख्याको अभिलेख
२. ऐतिहासिक सामग्री, ५९ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, ५८ संख्याको अभिलेख
४. ऐतिहासिक सामग्री, ५६ संख्याको अभिलेख

नारायणमन्दिर आदि पर्दछन् । श्री ५ राजेन्द्रविक्रम शाहको पालामा बनेको रातो मछिन्द्रनाथको मन्दिर सानो भए पनि कलात्मक छ[1] । गणेशमन्दिरमा रहेको सुनले मोलम्बा लाएको धातुको शिरोभाग मात्र भएको गणेशमूर्ति पनि सुन्दर छ । यहाँ मल्लकालको शिलालेख पनि छ । तर निकै खण्डित हुँदा संवत् ठम्याउन सकिँदैन । लिपिको आधारमा आसन्न समयको अनुमान गर्न सकिन्छ ।

यहाँ बजारमा रहेका अरू देवमूर्तिहरूमा भीमसेन, छत्रचण्डेश्वर, सरस्वती, गरुडनारायण आदिका मूर्ति छन् । साना ती मूर्तिमा केही धातुका छन्, केही ढुङ्गाका छन् । यहाँ एक बुद्धचैत्य पनि रहेको छ ।

---

१. ऐतिहासिक सामग्री, ५६ संख्याको अभिलेख

राजनैतिक इतिहासको रूपरेखा

(दोस्रो अध्याय)

प्राचीनकाल

ऋषिपत्तन–

नेपालका कति ऐतिहासिक स्थलको राजनैतिक दृष्टिले महत्त्व हुनुभन्दा पहिले धार्मिक दृष्टिले महत्त्व रहिसकेको पाइन्छ । उदाहरणार्थ गोरखाप्रदेशलाई देखाउन सकिन्छ । त्यहाँ द्रव्य शाहद्वारा स्वतन्त्र राज्यको स्थापना भएर त्यस प्रदेशको राजनैतिक महत्त्व रहनुभन्दा पहिले त्यो प्रदेश धार्मिक दृष्टिले महत्त्वपूर्ण भइसकेको थियो । त्यहाँ प्रसिद्ध गोरखनाथको मठ स्थापना भइसकेको थियो । साथै गोरखा उपल्लो कोटमा वज्रभैरवको स्थापना भइसकेको थियो । वज्र–भैरवको स्थापना त लिच्छविकालमै भइसकेको थियो । गोरखनाथ गुफानिर रहेको लिच्छवि-कालको अभिलेखमा वज्रभैरवको पूजाआजाको बन्दोबस्त गरिएको कुरा परेको छ[1] । साथै गोरखा दरबार हनुमान्‌भन्ज्याङनिर रहेको अर्को लिच्छविकालिक अभिलेखबाट पनि त्यो भेक धार्मिक दृष्टिले महत्त्वपूर्ण रहिसकेको संकेत पाइन्छ[2] । यसरी धार्मिक दृष्टिले महत्त्वपूर्ण रहिसकेको प्रदेश हुँदा द्रव्य शाहले त्यस प्रदेशलाई नयाँ राज्यको केन्द्र बनाएको देखिएको छ । एक राज्यको राजधानी बनेपछि त्यहाँ राजदरबार आदि बन्नु स्वाभाविक छ । यसरी धार्मिक महत्त्वको साथसाथै राजनैतिक दृष्टिले पनि गोरखाप्रदेश महत्त्वपूर्ण बन्न पुग्यो ।

यसै गरी नुवाकोट पनि राजनैतिक दृष्टिले महत्त्वपूर्ण बन्नुभन्दा पहिले धार्मिक दृष्टिले महत्त्वपूर्ण स्थल बनेको देखिएको छ । नुवाकोट भेकमा प्रसिद्ध किल्लाहरू बनी 'नवकोट्ट' भनी यो प्रदेश कहलाउनुभन्दा पहिले वर्तमान नुवाकोट डाँडो 'ऋषिपत्तन' भनी कहलाएको थियो भनिन्छ । यस स्थलमा एकजना प्रसिद्ध ऋषिले तपस्या गरेको हुनाले पछि यहाँ विशेष बस्ती बसेपछि तिनै ऋषिको संझनामा बस्तीको नाम 'ऋषिपत्तन' रहेको हो भन्ने अनुश्रुति चलेर आएको छ । शाह-

---

१. धनवज्र वज्राचार्य, 'लिच्छविकालका अभिलेख' त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं, वि.सं. २०३०, पृष्ठ ५२३–२६

२. उही पृष्ठ ५७८–७९,

कालको एक लालमोहरमा उक्त कुरा उल्लिखित पनि छ[1] । साथै यहाँ कुनै धर्मकार्यमा संकल्प पढ्दा 'ऋषिपत्तने' भनी अहिलेसम्म पनि भन्ने चलन छँदैछ[2] । मल्लकालका अभिलेख, टिपोट आदिमा पनि 'ऋषिपत्तन'को उल्लेख आएको छ[3] । नुवाकोट डाँडोको तलेजु–मन्दिर भएको एक स्थलले अहिलेसम्म पनि ऋषिवनपत्तन नामको प्रतिनिधित्व गरिरहेकै छ ।

यस आधारमा विचार गर्दा यस प्रदेशमा ऐतिहासिक बस्ती बस्नुभन्दा पहिले ऋषिमुनिको आश्रम रहेको संकेत पाइन्छ। शान्त र एकान्त रहेको हुनाले नेपालका अनेक स्थलमा शुरू शुरूमा ऋषिमुनिहरूको आश्रम रहेको कुरा यस प्रसङ्गमा स्मरणीय छ। जसका तात्कालिक प्रमाण नपाइने हुनाले प्रामाणिक विवरण प्रस्तुत गर्नु भने सम्भव छैन। तैपनि लिच्छविकालका अभिलेखमा प्रसङ्गवश उल्लिखित गौतमाश्रम, भरताश्रम आदि उदाहरणले उक्त कुराको पुष्टि केही अंशमा गर्दछ[4] ।

नुवाकोट इलाका सांग्रामिक दृष्टिले महत्त्वपूर्ण बन्नुभन्दा पहिले यस इलाकामा शिवल्हुति (गोसाइँकुण्ड), ब्रह्मतीर्थ कविलास, देवीतीर्थ आदि धार्मिक स्थलहरूले प्रसिद्धि पाइसकेको देखिन्छ। यी धार्मिकस्थलहरूको महिमा 'हिमवत्खण्ड' आदिमा गाइएको पाइन्छ[5] ।

जे होस्; 'नवकोट्ट' नामकरण हुनुभन्दा पहिले 'ऋषिपत्तन' भन्ने नामकरण भएको देखिएको हुनाले राजनैतिक दृष्टिले भन्दा पहिले धार्मिक दृष्टिले यस प्रदेशको महत्व केही रहिसकेको कुरामा शङ्का छैन ।

अर्को कुरा, शिवसिंहमल्लको पालाको ने. सं. ७३७ को एक अभिलेखमा नुवाकोटभेकलाई 'ब्रह्मनगर' भनिएको पाइएको छ[6] । यद्यपि अक्षर अलि खिइएको छ तापनि गहिरिएर हेर्‍यौं भने सो पाठ ठम्याउन सकिन्छ। यस भेकको एक प्रसिद्ध तीर्थ 'ब्रह्मतीर्थ' कहलाएको छ[7] । यसले पनि यस प्रदेशको प्राचीनकालको इतिहासबारे खोजिनीति गर्दै जानुपर्ने कुरातिर लक्ष्य गरेको छ।

---

१. नुवाकोटका धामी हरिमानसिंज्यूको संग्रहमा सो लालमोहर रहेको छ।
२. यस कुराको सूचना सानुरत्न वज्राचार्यबाट पाएका हौं।
३. ऐतिहासिक सामग्री, १४,४६ संख्याका अभिलेख । ३८ संख्याको अभिलेखमा'मुनिपत्तन' पनि भनिएको छ। ६ संख्याको अभिलेखमा नुवाकोटलाई 'ब्रह्मनगर' पनि भनिएको छ।
४. धनवज्र वज्राचार्य, 'लिच्छविकालका अभिलेख' पृष्ठ ५३२, ५३६, ३४२–४४
५. सम्पादक योगी नरहरिनाथ, 'हिमवत्खण्ड' योगप्रचारिणी गोरक्षटिल्ला, काशी, वि. सं. २०१३, पृ. २३४–३७
६. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख
७. नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये एक कविलासका ब्रह्मतीर्थेश्वर हुन् । कान्तिपुरका राजा पार्थिवेन्द्रमल्लले ब्रह्मतीर्थेश्वरको स्तुति गरी राखिएको शिलालेख त्यहाँ रहेको छ। योगी नरहरिनाथ 'सन्धिपत्रसंग्रह', पृ. ३०६

लिच्छविकाल

पश्चिममा गोरखासम्ममा हाल लिच्छविकालका अभिलेख पाइएका छन्। गोरखनाथ–गुफामा रहेको अभिलेखबाट त्यसवेला गोरखासम्मका प्रदेशमा सोझै केन्द्रबाट शासन चल्दथ्यो; त्यहाँ सामन्त राज्यको अस्तित्व थिएन भन्ने संकेत पाइन्छ। गोरखा हनूमान्भञ्ज्याङमा रहेको अभिलेखबाट पनि उक्त कुराको केही पुष्टि हुन्छ। सो अभिलेख सोझै कैलासकूट भवनबाट जारी गरिएको छ। साथै गोरखाभेकका जनतालाई सम्बोधन गर्दा 'जनपदलोक' शब्दको प्रयोग गरिएको छ। त्यसताका राजधानी आदि प्रमुख शहरका बासिन्दाहरू 'पौर' कहलाउँथे; तीबाहेक अरू जनता 'जानपद' कहलाउँथे। गोरखाभेकका बासिन्दालाई 'जनपदलोक' भनी सम्बोधन गरिएको हुँदा गोरखासम्म सोझै केन्द्रबाट नै प्रशासन चल्दथ्यो भन्ने कुराको पुष्टि हुन्छ[1]।

यसरी लिच्छविकालमा गोरखासम्म सोझै केन्द्रबाट शासन चलेको देखिएको हुनाले नुवाकोटभेकमा पनि त्यस वेला सोझै केन्द्रबाट नै शासन चल्दथ्यो; त्यहाँ सामन्तशासन चलेको थिएन होला भनी सहजै अनुमान गर्न सकिन्छ। यस कुराको पुष्टि हालै नुवाकोट ब्रह्मायणी–स्थानमा पाइएको लिच्छविकालको अभिलेखबाट भएको छ। पहिले नुवाकोटभेकमा लिच्छविकालको अभिलेख नपाइएको हुनाले त्यसताकाको नुवाकोटभेकको प्राचीनकालको इतिहास अस्पष्ट रहेको थियो। अंशुवर्माद्वारा भोटसंग सम्बन्ध कायम गरिएपछि मात्र नुवाकोट–भेकको विकास भयो कि भन्ने अनुमान गरिएको थियो। तर नुवाकोट ब्रह्मायणीस्थाननिर पाइएको उक्त शिलालेखले नुवाकोटसम्बन्धी पूर्वधारणालाई बदलिदिएको छ। अंशुवर्माभन्दा निकै पहिलेदेखि नै यस प्रदेशको विकास भइसकेको संकेत उक्त अभिलेखबाट पाइन्छ[2]।

राजा गणदेव–

ब्रह्मायणीस्थाननिर पाइएको लिच्छविकालको सो शिलालेख संवत् ४८५ को हो। त्यस अभिलेखको माथिल्लो भाग निकै खिइएको हुँदा गद्दीनशीन राजाको नाउँ ह्वात्त हेर्दा ठम्याउन अलि गाह्रो छ। तर राम्ररी प्रतिलिपि झिकेर हेर्‍यौं भने त्यहाँ उल्लिखित गद्दीनशीन राजा गणदेव हुन् भन्ने थाहा पाइन्छ। यस कुराको पुष्टि लिच्छविकालका अरू अभिलेखबाट पनि हुन्छ। संवत् ४८२ देखि ४८७ सम्मका अभिलेखमा गद्दीनशीन राजाका रूपमा गणदेवको उल्लेख आएको छ[3]। यस कारण नुवाकोटको उक्त अभिलेखमा उल्लिखित गद्दीनशीन राजा गणदेव हुन् भन्ने निश्चित छ। यसरी नुवाकोटको इतिहासमा प्रामाणिक रूपमा देखापरेका पहिला गद्दीनशीन राजा गणदेव हुन आएका छन्।

---

१. धनवज्र वज्राचार्य, 'लिच्छविकालका अभिलेख' पृष्ठ ५२५

२. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख

३. ध. व., 'लिच्छविकालका अभिलेख,' पृष्ठ १८७–२०३

सहायक शासक भौमगुप्त–

गणदेव गद्दीनशीन राजा हुन् तापनि यसताका शासनको बागडोरचाहिं भौमगुप्तको हातमा थियो । उनले केही कालदेखि एक टङ्कारसंग शासन चलाएर आइरहेका थिए भन्ने कुराको संकेत यस अभिलेखमा प्रयुक्त 'श्रीभौमगुप्तो वरीवर्त्ति' पदले गर्छ । भौमगुप्तले विधिवत् पाएको सरकारी पद त सर्वदण्डनायक, महाप्रतिहार मात्र थियो । तर उनी राजोचित 'श्री' ले विभूषित थिए तथा एक किसिमले अघोषित राजाका हैसियतले उनले शासन गरेका थिए । यो कुरा उनका पालाका अभिलेखहरूबाट थाहा पाइन्छ[1] ।

भौमगुप्त आभीरवंशी गुप्त हुन् । रविगुप्तको समयदेखि आभीर गुप्तहरूको शक्ति बढ्न लागेको थियो । राजा वसन्तदेवको अन्तिम समयतिरदेखि रविगुप्त सहायक शासक बन्न पुगेथे । गद्दीनशीन लिच्छवि राजाहरूलाई अँठ्याई शासन चलाउँदा 'प्रकृतिकोप' अर्थात् प्रजाहरूमा असन्तोषको भावना फैलिएला कि भन्ने आशङ्का रविगुप्तहरूलाई भएथ्यो । किनभने लिच्छवि-कालका प्रजाहरू पाञ्चाली (पञ्चायत) आदि मार्फत निकै संगठित थिए । यस कारण रविगुप्तले प्रजाहरूलाई हात लिन उनीहरूलाई स्वायत्तशासनसम्बन्धी अधिकार दिलाउने काम गरेथे[2] । जसबाट प्राचीन पाञ्चाली पद्धतिले नयाँ रूप पाउन थालेको थियो । आफू शक्तिमा आएपछि भौमगुप्तले पनि रविगुप्तको नीतिको अनुसरण गरे । उनले रविगुप्तले भन्दा बढी स्वशासनाधिकार ग्रामवासीहरूलाई दिलाउने नीति लिएथे । यो कुरा तात्कालिक अभिलेखहरूबाट थाहा पाइन्छ[3] ।

नुवाकोट ब्रह्मायणीस्थाननिरको उक्त अभिलेखमा पनि स्थानीय ग्रामवासीहरूलाई स्वशासनसम्बन्धी अधिकार सुम्पेको कुरा परेको छ । सो अभिलेखको माथिल्लो भाग निकै खिइएको हुनाले सम्पूर्ण भाग अहिले पढ्न सकिंदैन । तर त्यहाँ 'लिङ्ग्वल माप्चोक . . . . धिकरणैर्न प्रवे . . .' आदि वाक्य पढ्न सकिने हुनाले ग्रामवासीहरूलाई स्वशासनसम्बन्धी अधिकार सुम्पिएको हो भन्ने कुरामा शङ्का छैन ।

सो अभिलेखमा ग्रामवासीहरूलाई सम्बोधन गर्दा '. . . . . ब्राह्मणपुरस्सरान् ग्राम–कुटुम्बिनः' भनी उल्लेख गरिएको हुनाले यस भेकमा ब्राह्मणहरूको बसोबास पनि विशेष रूपमा भएको कुराको संकेत पाइन्छ । यहांको ग्राम स्वशासन चलाउन सक्ने क्षमता भएको विकसित ग्राम थियो भन्ने कुरा पनि उक्त अभिलेखबाट थाहा पाइन्छ । यसरी अंशुवर्माको समयभन्दा निकै अघि नै नुवाकोटभेकमा विकसित बस्ती बस्न थालिसकेको यताबाट थाहा पाइन्छ ।

अश्वपालन–उक्त अभिलेख खिइएर केही भाग अलि अस्पष्ट नभएको भए यसले नुवाकोटको तात्कालिक अवस्थामा अझ बढी प्रकाश पार्ने थियो । तर असुरक्षित अवस्थामा यो रहेको हुंदा

१. ध. व. 'लिच्छविकालका अभिलेख' पृष्ठ १९४, २००–२०२
२. उही पृष्ठ १४५–१४८
३. उही पृ. १८७–१९७

महत्त्वपूर्ण भाग नै निकै खिइसकेको छ । तैपनि एक ठाउँमा "वाहा . . . आनीयन्ते" भन्ने वाक्य देखापरेको छ[1] । यसबाट हिमालीभेकबाट घोडाहरू बिक्रीका लागि यता ल्याइन्थे भन्ने देखिएको छ । मध्यकालसम्म पनि हाम्रो यहाँ हिमालीभेकमा घोडाहरू पाली तिनको निकासी गर्ने काम त्यस वेलाको आयस्रोतमध्ये एक थियो[2] । जुम्ला, दोलखाभेकमा पनि घोडा पाल्ने काम आय-स्रोतमध्ये एक थियो[3] । यसो हुँदा हाम्रो यहाँ मध्यकालमा मल्ल राजाहरूले 'अश्वशास्त्र' लेखाएको उदाहरण पाइन्छ[4] । ब्रह्मायणीस्थानको उक्त अभिलेखमा पनि घोडाको उल्लेख आएको हुनाले लिच्छविकालदेखि नै अश्वपालनतिर दृष्टि दिइएको बुझिन्छ । लिच्छविकालको सेनामा हजारौं संख्यामा अश्वारोही सैनिक रहन्थे भन्ने कुरा यस प्रसङ्गमा स्मरणीय छ[5] ।

तादीको किनारभाग अर्थात् नुवाकोटमाडी पछिसम्म पनि केही अंशमा व्यापारको केन्द्रस्थलको रूपमा रहेको थियो । नुवाकोटको उक्त अभिलेखबाट घोडाहरू यहाँ बेच्न ल्याउने संकेत पाइएको हुनाले यो ठाउँ लिच्छविकालमै केही अंशमा व्यापारको केन्द्र बनेको थियो भन्ने अनुमान हुन्छ ।

अर्को कुरा– उक्त अभिलेखमा 'कोट्ट' (किल्ला) शब्दको उल्लेख पनि आएको छ । यसबाट यसभेकमा 'कोट्ट' (किल्ला) पनि थियो भन्ने देखिएको छ । लिच्छविकालमा सुरक्षाको प्रबन्धको लागि ठाउँ ठाउँमा 'कोट्ट' रहेको उल्लेख अभिलेखमा आएको छ[6] । व्यापारकेन्द्र रूपको बस्ती हुंदा यहाँ कोट्टको आवश्यकता हुनु स्वाभाविक थियो । पछि यही कोट्टको विकास 'नव कोट्ट' को रूपमा भएपछि यस प्रदेशको नाम नै नवकोट्ट रहन पुगेको देखिएको छ ।

अंशुवर्माको समयमा आएर भोटसंग नेपालको राम्रो सम्बन्ध कायम भयो । भोट जाने प्रमुख बाटामा केरुङ र कुती भई जाने बाटा बढी चल्तीका थिए । केरुङ भई जाने बाटो नुवाकोट इलाकाभित्र परेको हुनाले नुवाकोटको विकासमा यसबाट मदत भयो । यसरी अंशुवर्माको समयदेखि नुवाकोट इलाकाको झन् विकास भएको देखिएको छ । अंशुवर्माताकाको अभिलेख पनि नुवाकोट–

---

१. ऐतिहासिक सामग्री १ संख्याको अभिलेख
२. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, 'दोलखाको ऐतिहासिक रूपरेखा' त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३१, पृष्ठ ५४,
३. देवीचन्द्र श्रेष्ठ, 'कर्णालीप्रदेश: एक बिटो अध्ययन', सामाजिक अध्ययन समुदाय, जुमला, वि. सं. २०२८, पृष्ठ ८४–८५
४. राष्ट्रिय अभिलेखालयमा मल्ल राजाहरूले लेखाएका, अनुवाद गरिएका 'अश्वशास्त्र' सम्बन्धी हस्तलिखित ग्रन्थ अनेक छन् ।
५. संशोधनमण्डल, 'इतिहास संशोधनको प्रमाण प्रमेय' जगदम्बाप्रकाशन, ललितपुर, वि. सं. २०१६, पृ. २४
६. ध. व., 'लिच्छविकालका अभिलेख' पृष्ठ २३३–३५, २६४–६५, ४१२, ५३१, ५४३

इलाकामा पाइने सम्भावना बढेको छ। हालसम्म भने त्यसको पत्ता लाग्न सकेको छैन । तर केवलपुरको अभिलेखबाट पनि यस विषयमा केही प्रकाश पर्छ। ध्रुवदेव + जिष्णुगुप्तको पालाको सो अभिलेखबाट केवलपुरभेकमा त्यस बेला 'नुप्पुन्नद्रङ्ग' रहेको कुरा थाहा पाइन्छ[1] । व्यापारको केन्द्ररूपको विकसित बस्ती 'द्रङ्ग' कहलाउँथ्यो[2] । लिच्छविकालमा भोटसंग नेपालको व्यापार–सम्बन्ध कायम भएपछि नेपालको आर्थिक इतिहासले नयाँ मोड लिएथ्यो; त्यसपछि नेपाल–उपत्यका र उपत्यकाबाट बाहिर निस्कने बाटाघाटाका अनेक बस्ती 'द्रङ्ग' का रूपमा विकसित भएको कुरा तात्कालिक अभिलेखबाट थाहा पाइन्छ। लामिडाँडाभेकको 'नुपुन्न' बस्तीले 'द्रङ्ग'को रूप लिनामा भोटसंगको व्यापारसम्बन्ध पनि कारण बनेको हुन सक्छ। किनभने लामिडाँडाको सिलसिला नुवाकोट इलाकासम्म नै फैलिएको छ। यसो हुनाले नुपुन्नद्रङ्गको सम्बन्ध नुवाकोट इलाकासंग पनि केही रहनु सम्भव छ। लामिडाँडा त्यसवेला उपत्यकामा पस्ने, पश्चिमतिर अघि बढ्ने, दक्षिणतिर मैदानमा झर्ने आदि कुरामा पाइक परेको प्रदेश[3] हुँदा पनि नुप्पुन्न बस्तीले 'द्रङ्ग'को रूप लिएको हो तापनि यस इलाकाको सम्बन्ध नुवाकोट इलाकासंग पनि थियो भन्ने देखिन्छ।

मध्यकाल

प्रशासन चलाउन सजिलो होस् भनी लिच्छविकालमा केन्द्रद्वारा शासित प्रदेश अनेक 'विषय' (जिल्ला)मा विभक्त थिए। ती विषयमा प्रशासन चलाउन 'विषयपति' नियुक्त गरिन्थे। यस कुराको पुष्टि टिस्टुङ्गको अंशुवर्माको अभिलेखबाट हुन्छ[4] । लिच्छविकालमा नुवाकोटभेकमा सामन्त शासन चलेको थिएन; केन्द्रबाट सोझै शासन चलाइएको देखिन्छ भन्ने कुरा माथि लेखि-सकिएको छ। यसो हुनाले त्यस वेला नुवाकोट इलाका पनि 'विषय' वा 'भुक्ति'को रूपमा रहेको बुझिन्छ।

मध्यकालको शुरू शुरूसम्म पनि नेपालमण्डलभित्र अनेक 'विषय'हरू कायम थिए। त्यहाँ 'विषयपति'हरू पनि रहन्थे। तर तिनको रूप भने निकै बदलिसकेको थियो। अब विषयपतिहरू प्रायः गरी पुस्तैनी अधिकार पाएका महासामन्तरूपका हुन थालेथे। यसरी अघिका 'विषय' (जिल्ला)हरू क्रमशः सामन्त राज्यका रूपमा परिणत हुँदै थिए। लिच्छविकालबाट मध्यकालको शुरू शुरूसम्ममा पुगेपछि नुवाकोटको इतिहासमा के परिवर्तन देखापर्‍यो भन्ने कुरा बुझ्नाको लागि उपर्युक्त कुरा उदाहरणसाथ अलि खुलाएर लेख्नुपरेको छ।

---

१. उही पृष्ठ ४१४–१६,

२. उही पृष्ठ २१८–२१,२२७–२८

३. बाबुराम आचार्य, 'श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह' (संक्षिप्त जीवनी) भाग २, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरबार, काठमाडौं, वि.सं. २०२४, पृष्ठ २४३–४४, २६२

४. ध.व., 'लिच्छविकालका अभिलेख' पृष्ठ ३११–१३,

'विषय'को रूपमा परिवर्तन

मध्यकालको शुरूको नेपालको इतिहासमा प्रकाश पार्ने सामग्रीको निकै कमी छ। यस कारण त्यस बेलाको कुरा खुलस्त रूपमा बुझ्न सकिएको छैन। तर अहिलेसम्म पाइएका अभिलेख, हस्तलिखित ग्रन्थ आदि ऐतिहासिक सामग्रीको आधारमा विचार गर्दा त्यस बेलाको नेपाल-मण्डलभित्र फर्नपिंगविषय, पन्नगविषय, जिग्लोद्गमविषय, गण्डीगुल्मविषय, पञ्चावतदेशीयविषय, उदयपुरीविषय आदि अनेक विषयहरू थिए भन्ने देखिएको छ। यी विषयहरू पछि गएर सामन्त-शासित प्रदेशका रूपमा परिवर्तित भएथे। उदाहरणार्थ फर्नपिंगविषयलाई लिन सकिन्छ। दक्षिणतिर मैदानमा झर्ने बाटामध्ये उहिले फर्पिङ भई जाने बाटो पनि एक प्रचलित बाटो थियो। यसो हुनाले फर्पिङमेकमा विकसित बस्ती बसेथ्यो। यहाँ लिच्छविकालका अभिलेख पनि पाइएका छन्[1]। उपत्यकाबाट नजीकै रहेको प्रदेश भए पनि यो प्रदेश एक 'विषय' बनेको थियो। मध्यकालमा यस प्रदेशको राजनैतिक महत्त्व अझ बढ्न थाल्यो र यहाँका विषयपति महासामन्तरूपका हुन थाले। यो कुरा त्यहाँ रहेको संवत् ३८१ को अभिलेखबाट थाहा पाइन्छ[2]। विचारार्थ त्यस अभिलेखको एक अंश यहाँ उद्धृत गरिन्छ–

"सम्वत् ३८१ पौसीशुक्लदिवा अष्टम्याम् श्रीश्रीपरमेश्वर परम श्रीश्रीजयभीमदेवस्य विजयराज्येः। श्रीफर्नपिंगविशयाधिपति महाशामन्त श्रीजैतरामजीवस्य नगरेति"

यस अभिलेखबाट ने. सं. ३८१ (वि. सं. १३१७) तिर फर्पिङ नेपालमण्डलभित्र रहेको एक 'विषय' थियो; त्यहाँ महासामन्तरूपका विषयपतिको प्रशासन चल्दथ्यो भन्ने स्पष्ट थाहा पाइन्छ। यसको केही कालपछि फर्पिङमा सोलङ्की राजवंशका राउतहरूको प्रशासन चल्यो र फर्पिङ सैनिक दृष्टिले बलियो सामन्त राज्यको रूपमा परिणत भयो।

यसै गरी पन्नगविषयलाई लिन सकिन्छ। ने. सं. २७० मा लेखिएको एक हस्तलिखित ग्रन्थमा 'श्रीपन्नगविषयाधिपतिश्रीमहासामन्तहंसदेवस्य विजयराज्ये' भन्ने लेखेको पाइएको छ[3]। पन्नगविषय कहाँ थियो भन्ने निश्चित हुन सकेको छैन। तर यो विषय नुवाकोटभन्दा पश्चिमतिर थियो भन्ने अनुमान हुन्छ। 'पन्नग' शब्द 'नाग' शब्दको पर्यायवाची हो। पश्चिमपट्टि नागडांडो आदि नागलाई लक्ष्य गर्ने अनेक स्थान छन्। पश्चिमका मगरहरूमा नागपूजाको प्रचलन पनि बढी

१. 'लिच्छविकालका अभिलेख' पृष्ठ १८२–८४, ३६८, ३७२

२. सं. रामजी तेवारी आदि, 'अभिलेख–संग्रह' संशोधन–मण्डल, काठमाडौं, वि. सं. २०२०, भाग ६, पृष्ठ २७

३. "सम्वत् २७० श्रावनकृष्णदशम्यां शुक्रदिने श्रीपन्नगविषयाधिपति श्रीमहासामन्त हंसदेवस्य विजयराज्ये यूपटोलकाधिवासी शिरो श्रीकुलपुत्रस्य फुलणनायकस्य धर्म्मार्थेन लिखितम्"
डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' पहिलो भाग, पृष्ठ १७८

रहेको सुनिन्छ । सेनवंशावलीमा सेन राजाले मगरातभेकमा आफ्नो प्रभाव फैलाउन नागहरूलाई जितेको वर्णन छ[1] । यस आधारमा विचार गर्दा 'पन्नगविषय' मगरातभेकमा रहेको अनुमान हुन्छ । जे होस्, विक्रमको तेह्रौं शताब्दीको शुरूतिर 'पन्नग' नामक विषय कायम थियो; त्यहाँ महासामन्तरूपका विषयपतिको शासन चल्दथ्यो भन्ने कुराचाहिं निश्चित छ ।

यसै गरी जिग्लोद्गमविषय, पञ्चावतदेशीयविषय, गण्डीगुल्मविषय आदि अनेक विषयको उल्लेख तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा आएको छ[2] । त्यस ताकाका अनेक हस्तलिखित ग्रन्थमा उल्लेख आएको 'उदयपुरी' पनि एक 'विषय' थियो भन्ने देखिएको छ । उदयपुरीमा पनि महासामन्त रूपका प्रशासकहरू रहेको देखिएको छ[3] ।

---

१. सं. शङ्करमान राजवंशी, 'सेनवंशावली' वीरपुस्तकालय, श्री ५ को सरकार पुरातत्त्व-विभाग, काठमाडौं, वि. सं. २०२०, पृष्ठ २३

२. (क) "सम्वत्सरे शततमे चतुर्व्विशतिका (धिके)
चैताख्ये सितद्वादश्यां शशिपुत्रदिने शुभे ।
श्रीमहोदयदेवस्य राज्ये नेपालमण्डले ।
श्रीजिग्लोद्गमविषये विद्वत्साधुजनान्विते ॥"
(विष्णुमूर्तिको पादपीठमा कुँदिएको अप्रकाशित अभिलेखबाट । गौतमवज्र वज्राचार्य-द्वारा यसको प्रतिलिपि हेर्न पाएका हौं) ।)

(ख) "सम्वत्सरे शतत्रय एकविंशत्याधिक पौषकृष्णत्रयोदश्यां गुरुदिने ......
श्रीअरिमल्लदेवस्य विजयराज्ये श्रीपञ्चावतदेशीयविषयाधिपतिराणकश्री
श्रीधरसिंहस्य वर्त्तमाने"
(राष्ट्रिय अभिलेखालयमा रहेको 'वृत्तसारसंग्रहधर्मपुत्रिका' बाट) ।
डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' पहिलो भाग, पृ. २०७

(ग) "संवत् २१३ श्रीहर्षदेवराजे श्रीगण्डीगुल्मविषये । कुलपुत्र कायस्थ श्रीजीवधरसिंहस्य पुस्तिकमिति"
(सक्या–मठमा रहेको अष्टसाहस्रिका प्रज्ञापारमिता पञ्जिकाबाट)
लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' पृष्ठ ५०

३. "सम्वत् १८६ माघकृष्णदिवादशम्यां बुधदिने ।......श्रीउदयापुराधिपतिमहासामन्त श्रीजनार्दनजीवस्य प्रवर्त्तमाने"
"चतुर्मासाधिक शतद्वये सम्वत्सरे शुभे । राज्ञः श्रीवामदेव . . विजये ।
श्रीउदयपुरीयरम्ये महाशावंत श्रीनागार्ज्जुनजीवस्य रक्षिते "
"सम्वत् २४८ फाल्गुण शुक्ल (दशम्यां) आदित्यदिने....श्रीइन्द्रदेवस्य विजयराज्ये लिखितमिति......श्रीउदयापुराधिपतिमहासामन्तश्रीपैषानन्दजीवस्य काले"
लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' पृष्ठ ४४, ४८, ५८

यसै गरी नुवाकोट पनि एक विषय वा भुक्ति रूपमा रहेको देखिन्छ। यहाँका शासकहरू पनि पुस्तैनी अधिकार पाएका सामन्तरूपका हुन पुगे। गोपालराज वंशावलीमा ठाउँ ठाउँमा नवक्वाथ (नुवाकोट) का महासामन्तको उल्लेख आएको छ[1]।

केन्द्रमा देखापरेको कमजोरी

अब नुवाकोटसम्बन्धी अरू वर्णन गर्नुभन्दा पहिले तात्कालिक नेपालको अवस्थाको अलिकता चित्रण गर्नुपरेको छ। मध्यकालको शुरू शुरूदेखि नै केन्द्रमा (नेपाल उपत्यकामा) केही राजनैतिक निष्क्रियता देखापर्न थाल्यो। यद्यपि त्यस वेलासम्म नेपाल राज्य त्यति टुक्रिएको थिएन; सांस्कृतिक गतिविधि कायमै थियो; आर्थिक अवस्था पनि त्यति गिरिसकेको थिएन; प्राचीनकालदेखि चल्दै आइरहेको भारत र भोटसंगको नेपालको व्यापार त्यस वेला पनि चलिरहेको नै थियो। यसरी त्यस वेलासम्म केन्द्र (नेपाल–उपत्यका) समृद्ध नै रहेको देखापरेको छ। तर केन्द्रमा राजनैतिक दृष्टिले भने भिन्नभिन्नबाट कमजोरी देखापर्न थालेको थियो।

यसरी केन्द्रको राजनैतिक क्षेत्रमा कमजोरी आउनामा अनेक कारण थिए तापनि तिनमा 'द्वैराज्य' शासनपद्धति अर्थात् दाजु भाइ, काका भतिजा आदिको समेत संयुक्त शासन चलाउने प्रथा पनि एक प्रमुख कारण बनेको थियो[2]। यस शासनपद्धतिले गर्दा केन्द्रमा राजनैतिक स्थिरता प्रदान गर्न सक्ने योग्य शासक पैदा हुन सकेनन्; साथै त्यसताका अधिकार हात लाउन दाउपेच पनि बढी हुन थालेथ्यो। त्यसताका बीच बीचमा एक दुइ जना अलि योग्य शासक पैदा भई हाले पनि प्रायः गरी शासनमा अस्थिरता नै बढी रह्यो। यहाँ यस विषयमा विस्तृत चर्चा गर्नु प्रासङ्गिक छैन तापनि तात्कालिक केन्द्रीय शासनमा देखापरेको अस्थिरताको झलकको लागि तात्कालिक राजाहरूको एक तालिका यहाँ प्रस्तुत गरिन्छ–

ने. सं. ११० मा	गुणकामदेव
ने. सं. ११९ मा	नरेन्द्रदेव + उदयदेव
ने. सं. १२४ मा	उदयदेव
ने. सं. १२५ मा	निर्भयदेव
ने. सं. १२८ मा	निर्भयदेव + रुद्रदेव
ने. सं. १३१ मा	भोजदेव
ने. सं. १३२ मा	रुद्रदेव + भोजदेव
ने. सं. १३५ मा	भोजदेव + रुद्रदेव + लक्ष्मीकामदेव
ने. सं. १४४, १५९ मा	लक्ष्मीकामदेव

१. 'गोपालवंशावली', ५०,५१ पत्र

२. 'मध्यकालका अभिलेख' मा यस विषयमा विस्तारपूर्वक विचार गरिएको छ। यस ग्रन्थको सम्पादन हुँदैछ।

तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थहरूको आधारमा उपर्युक्त शासनक्रम देखापरेको हो[1] । यहाँ ५० वर्षभित्र सात जना राजाहरू सत्तामा आएका छन् । यिनमा गुणकामदेव र लक्ष्मी-कामदेवलाई छोडेर अरू उल्लेखनीय रहेका छैनन् । लक्ष्मीकामदेवको हातमा एकलौटी अधिकार आएपछि अलि स्थिरता देखापर्‍यो । त्योभन्दा पहिले शासनमा बराबर परिवर्तन भइरहेको माथिको तालिकाबाट स्पष्ट झलिकन्छ ।

अर्को कुरा लिच्छविकालदेखिका शासकहरूले स्वायत्तशासनलाई प्रोत्साहन दिने नीति लिएका हुँदा केन्द्रको सैन्यशक्तिमा क्रमशः ह्रास हुँदै आएको थियो र मध्यकालको शुरू शुरूसम्ममा पुगेपछि केन्द्रमा स्थायी सैन्यशक्तिको अभाव देखापर्न थालेथ्यो । यसले पनि केन्द्रलाई कमजोर तुल्यायो[2] ।

तीन शक्ति

यसको परिणामस्वरूप यस बीच उता पश्चिमपट्टि कर्नालीप्रदेशमा नागराजद्वारा नयाँ राज्यको स्थापना गरियो । यस राज्यको राज्यक्षेत्र विस्तृत हुँदै जानाको साथसाथै क्राचल्लको पालासम्ममा पुगेपछि यस नयाँ राज्यको सैन्यशक्ति निकै मजबूत हुन थाल्यो र यस राज्यले पूर्वतिर बढ्ने अवसर खोज्न थाल्यो[3] । यसै ताका दक्षिणपट्टि सिमरावनगढभेकमा नान्यदेवद्वारा अर्को राज्य खडा गरियो । यस राज्यको विस्तार विशेष गरी दक्षिण र पूर्वी तराईभेकमा भयो । यो नयाँ राज्य पनि सैनिक शक्तिको दृष्टिले केही मजबूत थियो[4] । बलियो सैन्यशक्तिको अभावमा केन्द्रका शासकले यी राज्यको विस्तारलाई रोक्न सकेनन् । उनीहरूले आत्मरक्षातिर मात्र ध्यान दिन थाले । नयाँ खडा भएका खसराज्य र डोयराज्य भने अनेक दृष्टिले विकसित हुँदै गए ।

यसरी मध्यकालको पूर्वार्धमा नेपालराज्यभित्र तीन शक्ति देखापरे । ती तीन शक्तिमा परस्परमा बराबर टक्कर पर्नु, एकले अर्कोको विरुद्ध गुहार माग्नु आदि कुरा त्यस वेलाको राजनीति-का अङ्ग जस्तै बन्न पुगे ।

---

१. संशोधन–मण्डलको 'अभिलेख संग्रह', लुशियानो पेटेकको 'मेडिइभल हिस्ट्री अफ् नेपाल', डिल्लीरमण रेग्मीको 'मेडिइभल नेपाल' आदिमा प्रकाशित अभिलेख, हस्तलिखित ग्रन्थ आदिको आधारमा उक्त शासनक्रम उल्लिखित गरिएको हो ।

२. कुनै 'विषय'का सामन्तले विद्रोह गर्दा त्यसलाई दवाउन केन्द्रलाई धौधौ पर्ने तथा एक सामन्तको विद्रोह–दमन गर्न अरू सामन्तहरूसंग गुहार माग्नुपरेका तात्कालिक घटनाले त्यसवेला केन्द्रमा सैन्यशक्तिको अभावलाई स्पष्ट रूपमा औंल्याउँछन् । लिच्छविकालमा यस्तो अवस्था थिएन । त्यस वेला केन्द्रमा पर्याप्त सैन्यशक्ति रहेको थियो ।
ध. व. 'लिच्छविकालका अभिलेख' पृष्ठ ३०४–५, ४६२ . . . . .

३. ध. व.–कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा, 'कर्नालीप्रदेश' सामाजिक अध्ययन समुदाय वि. सं. २०२८, पृष्ठ ५२

४. ध. व.– डोयहरू को हुन्, 'पूर्णिमा' ४ पूर्णाङ्क, संशोधनमण्डल, पृष्ठ २०–३१

यस राजनैतिक अवस्थाको असर नुवाकोटको इतिहासमा पनि निकै पऱ्यो। नुवाकोटले पश्चिमतिरबाट खसराज्यको आक्रमणको सामना कय्यौं पटक गर्नुपऱ्यो। साथै यस संघर्षबाट कमजोर भएको केन्द्रको अवस्थाबाट लाभ उठाई नुवाकोट स्वतन्त्र जस्तै बन्ने प्रयास पनि भयो। यसरी दुइ शक्तिको बीचको प्रदेशको रूपमा नुवाकोटको अवस्था निकै समयसम्म संघर्षमय रह्यो।

अब उपर्युक्त घटनालाई खुलाएर लेख्नुभन्दा पहिले नुवाकोटसम्बन्धी थाहा पाइएका केही तात्कालिक कुराको चर्चा यहाँ गर्नुपरेको छ।

लिच्छविकालमा बस्तीहरू प्रायः गरी छरिएर रहेका थिए। स्वच्छ वातावरण तथा बाटोघाटोको पाइक परेका ठाउँमा त्यस वेला बस्तीहरू विकसित भएथे। नुवाकोटभेकमा पनि लिच्छविकालमा प्रमुख बस्ती तादीको किनारको समतल प्रदेशमा बसेको देखिन्छ भन्ने कुराको चर्चा माथि गरिसकेको छ। तर मध्यकालको पूर्वार्धदेखि यस अवस्थामा अन्तर आयो। यस ताका बराबर लडाइँ झगडा भइरहेका हुनाले सुरक्षाको दृष्टिले अनुकूल पर्ने ठाउँहरूमा प्रायः बस्तीहरू केन्द्रित हुन थाले। उपत्यकाभित्र तीन प्रमुख शहर र अरू साना शहरहरूलाई समेत खाई, पर्खाल आदिले घेरी 'गढ'को रूप दिइयो। यही कुरा नुवाकोटमा पनि घट्यो। प्रकृतिले नुवाकोट इलाकाभित्र 'कोट्ट'को रूप दिन लायकका थुमहरू चारैतिर रचिएका छन्। यसो हुँदा बीच भागमा केन्द्ररूपमा रहेको वर्तमान नुवाकोट डाँडोलाई 'मूलकोट'को रूप दिई वरपरका थुम्काहरूमा पनि कोट्टहरू बनाइए। यसरी यस प्रदेशको नाम 'नवकोट्ट' रहन गएको देखिन्छ। लिच्छविकालको अभिलेखमा कोट्टको उल्लेख आएको छ तापनि त्यस वेला 'नवकोट्ट' नामकरण भएको थिएन। मध्यकालको पूर्वार्धमा आएर मात्र 'नवकोट्ट' नामकरण भएको देखिएको छ। गोपालराजवंशावलीमा 'नवक्वाथ'-को उल्लेख धेरै ठाउँमा आएको छ[1]। मध्यकालमा नुवाकोट डाँडोले 'पत्तन' (शहर)को रूप पनि लिएको कुरा अभिलेखबाट थाहा पाइन्छ[2]।

भास्करदेवहरू

नुवाकोटका शासकहरूको भिन्नै वंशावली पाउन सकिएको छैन। मध्यकालको पूर्वार्धका नुवाकोटका शासकहरूका अभिलेख, हस्तलिखित ग्रन्थ आदि सामग्रीहरू पनि प्राप्त हुन सकेका छैनन्। यसो हुनाले नुवाकोटका तात्कालिक शासकहरूको क्रमबद्ध विवरण अहिले प्रस्तुत गर्न सकिंदैन। गोपालराजवंशावली आदि सामग्रीमा छरिएका घटनालाई जोडेर रूपरेखा मात्र प्रस्तुत गर्न सकिन्छ। मध्यकालमा बलियो गढरूपमा परिणत भई सांग्रामिक दृष्टिले नेपालको तात्कालिक इतिहासमा असर पारेका फर्पिङ आदि सामन्तशासित प्रदेशको श्रेणीमा नुवाकोटको पनि उल्लेख गोपालवंशावलीमा आएको छ। तर फर्पिङ, पलांचोक आदिभन्दा नुवाकोटको महत्त्व बढी रहेको

---

१. गोपालवंशावली, ३८,३६,४१,४२,४४,४६,४७,४८,५१,५३,५४,६१–६२ पत्र

२. ऐतिहासिक सामग्री २,४,६,३८ संख्याका अभिलेख

थियो । एक त यो प्रवेश भोट, चीन जाने प्रमुख मार्गमा परेको थियो; दोस्रो यहाँका शासकहरूको केन्द्रमा असर बढी परेको देखापरेको छ ।

पछिका चल्तीका वंशावलीअनुसार मध्यकालको पूर्वार्धमा केन्द्रको (नेपाल उपत्यकाको) गद्दीमा बस्ने भास्करदेवदेखि शङ्करदेवसम्मका राजाहरू नुवाकोटका वैश्य ठकुरीहरू हुन् । भास्करदेव केन्द्रका राजा जयदेवका सामन्त थिए । जयदेवको मृत्युपछि भारादारहरूको अनुमतिले नुवाकोटका सामन्त यी भास्करदेव राजा बनी केन्द्रको गद्दीमा बसे । यसरी नुवाकोटका वैश्य ठकुरीहरू केन्द्रका शासक हुन पुगे । भास्करदेवपछि वलदेव, पद्मदेव (प्रद्युम्नकामदेव), नागदेव (नागार्जुनदेव), शङ्करदेव केन्द्रको गद्दीमा बसे । यसपछि पूर्व राजवंशके व्यक्ति वामदेवले यी वैश्य ठकुरीलाई नुवाकोटतिर धपाई केन्द्रमा फेरि अधिकार जमाए भन्ने कुरा पछिका वंशावलीकारहरूले लेखेका छन्[1] ।

भास्करदेवदेखि शङ्करदेवसम्मका उपर्युक्त राजाहरू केन्द्रको गद्दीमा बसेका थिए भन्ने कुरा तात्कालिक हस्तलिखित ग्रन्थ, अभिलेखबाट पनि सिद्ध हुन्छ । भास्करदेवका पालामा लेखिएका ने. सं. १६५, १६७ का हस्तलिखित ग्रन्थ प्राप्त भएका छन्[2] । बलदेवका पालामा लेखिएका ने. सं. १७२,१८० का हस्तलिखित ग्रन्थ प्राप्त छन्[3] । प्रद्युम्नकामदेवको पालामा लेखिएका ने. सं. १८३, १८५, १८६ का हस्तलिखित ग्रन्थ प्राप्त छन्[4] । यिनको पालाको ने. सं. १८५ को

---

१. चल्तीका भाषावंशावलीहरूमा यस कुराको उल्लेख पाइन्छ ।
डेनियल राइट् 'हिस्ट्री अफ् नेपाल' दोस्रो संस्करण, सुशीलगुप्ता प्राइभेट लिमिटेड, कलकत्ता, ई. १९५८, पृ. ९४–९६

२. "सम्वत् १६५ श्रावणशुक्लदशम्यां शुक्रदिने राज्ये श्रीभास्करदेवस्य"
(राष्ट्रिय अभिलेखालयमा रहेको 'चतुष्पीठनिबन्ध' बाट)
"संवत् १६७ अश्वणिकृष्णषष्टम्यां बुधदिने . . . . श्रीमद्भास्करदेवस्य राज्ये"
(राष्ट्रिय अभिलेखालयमा रहेको 'विष्णुधर्म' बाट)
लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' पृष्ठ ४१

३. "सम्वत् १७२ माघशुक्लाष्टम्यां आदित्यदिने . . . . . . श्रीबलदेवराज्ये"
(राष्ट्रिय अभिलेखालयमा रहेको 'ब्रह्मयामल'बाट)
"अशीतियुक्ते सशते स (म्व) त्सरे सिते शुभे माघ तृतीयवासरे । नृपान्वये श्रीबलदेवराजके . ."
(राष्ट्रिय अभिलेखालयमा रहेको 'निश्वासाख्यमहातन्त्र'बाट)
लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' पृष्ठ ४२–४३

४. "त्रयाधिकाशीतिशते गतेब्दे मासे च ज्येष्ठे कृतकृष्णपक्षके
एकादशीसोमप्रसस्यसंज्ञके कृतानि हनानि प्रसन्नमानसः
श्रीशङ्करदेवस्य विजय नेपालमण्डले . . . . . ."
(राष्ट्रिय अभिलेखालयमा रहेको 'पञ्चरक्षा' बाट)

एक अभिलेख पनि प्राप्त भएको छ[1] । नागार्जुनदेवको पालामा लेखिएको ने. सं. १८८ को हस्तलिखित ग्रन्थ पाइएको छ[2] । यसै गरी शङ्करदेवको पालामा लेखिएका ने. सं. १८९ देखि २०२ सम्मका हस्तलिखित ग्रन्थ प्राप्त भएका छन्[3] । यसरी भास्करदेवदेखि शङ्करदेवसम्मका उपर्युक्त राजाहरू केन्द्रको गद्दीमा बसेथे भन्ने कुरा निश्चित छ । तर यी शासकहरू नुवाकोटका वैश्य ठकुरी नै हुन् भन्ने कुराचाहिं निश्चित रूपमा भन्न सकिंदैन । गोपालवंशावलीकारले भास्करदेवदेखि शङ्करदेवसम्मका उक्त राजाहरूको उल्लेख गरेका छन्[4] । तर यिनीहरू नुवाकोटका हुन् भन्ने कुनै संकेत गरेका छैनन् । साथै त्यसताका भएको राजवंश परिवर्तनको कुनै संकेत पनि त्यसमा परेको छैन । यसो हुनाले पछिका वंशावलीकारहरूले लेखे पनि यी भास्करदेवहरू नुवाकोटकै हुन् भनी ठोकेर लेख्न भने सकिंदैन । तर पछिका वंशावलीकारहरूले भास्करदेवहरू नुवाकोटका हुन् भनी कुन आधारमा लेखे; त्यसबारे भने खोजिनीति जारी राख्नुपर्ने देखिन्छ ।

त्रिपुरलाई गुहार

गोपालराजवंशावलीमा नुवाकोटको पहिलो चर्चा ने. सं. ३५२ (वि. सं. १२८९) को एक

"संवत् १८५ वैशाखशुक्लद्वादश्याम् । . . . . श्रीप्रद्युम्नकामदेवस्य विजयराज्ये"
(क्याम्ब्रिज विश्वविद्यालय–पुस्तकालयमा रहेको 'सद्धर्मपुण्डरीक' बाट)
"सम्वत् १८६ माघकृष्णदिवादशम्यां बुधदिने . . . . . . श्रीप्रद्युम्नकामदेवराजे"
(क्याम्ब्रिज विश्वविद्यालय–पुस्तकालयमा रहेको 'सद्धर्मपुण्डरीक' बाट)
लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' पृष्ठ ४४

१. "पञ्चासीतिनियुक्तवत्सरशतं प्राप्ता सुपूर्णं सुभा
मूलादित्ययुता (वि) धिश्च धवलाषाढत्रयोदस्यपि
श्रीप्रद्युम्नमहीपतेश्च सुखवद्राज्यं प्रतिष्ठापिता
तत्राचार्यवरेण सा प्रतिकृती रत्नाकरस्वामिना"
(पाटन, थपाहिटीको अभिलेख)
रामजी तेवारी र अरू, 'अभिलेख–संग्रह' दोस्रो भाग, संशोधनमण्डल, पृ. १०

२. "सम्वत् १८८ श्रीमहाराजनागार्जुनदेवस्य राज्ये . . . . ."
(राष्ट्रिय अभिलेखालयमा रहेको 'स्वच्छन्दललितभैरव' बाट)
डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' पहिलो भाग, पृष्ठ १३३

३. "नवोत्तराशीतियुते शतेब्दे आषाढशुक्लस्य तिथौ तृतीये
श्रीशङ्कराख्ये जयति क्षितीन्द्रे श्रीयङ्गलस्योत्तरटोल्लके यः ।"
(राष्ट्रिय अभिलेखालयमा रहेको 'धर्मपुत्रिका' बाट)
"सम्वत् २०२ चैत्रशुक्लदिवापूर्णमास्याम् । वृहस्पतिदिने . . . . श्रीमत्शङ्करदेवस्य विजयराज्ये"
(सक्यामठमा रहेको 'सद्धर्मपुण्डरीक' बाट)
लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' पृष्ठ ४५–४६

४. गोपालवंशावली २३,२४ पत्र

घटनाको प्रसङ्गमा आएको छ। यसताका केन्द्रको राजगद्दीमा राजा अभयमल्ल थिए। सो साल ठूलो अनिकाल परेको थियो। जसले गर्दा तृतीयांश प्रजाको मृत्यु भएको थियो। तर यस अवसरमा पलाञ्चोकका शासकले विद्रोह गरी स्वतन्त्र हुने चेष्टा गरे। लिच्छविकालमा विशेष धार्मिक स्थलको रूपमा प्रसिद्ध पलांचोक यस वेलासम्ममा सांग्रामिक दृष्टिले महत्त्वपूर्ण एक मजबूत गढको रूपमा परिणत भइसकेको थियो। यसो हुँदा यहाँका शासकले अवसर छोपी विद्रोह गर्ने चेष्टा गरेका थिए। त्यस विद्रोहलाई दबाउन 'त्रिपुर' (त्यस वेलाको केन्द्रको राजधानी) लाई गुहार दिनेको रूपमा नुवाकोटको उल्लेख गोपालवंशावलीमा आएको हो[1]। त्रिपुरलाई मदत दिनेमा नुवाकोट बाहेक बनेपा, फर्पिङ आदि पनि थिए। यसरी बनेपा, फर्पिङ आदि जस्तै नुवाकोट पनि यस बेला सांग्रामिक दृष्टिले महत्त्वपूर्ण अवस्थामा आइसकेको कुरा यस घटनाबाट थाहा पाइन्छ। केन्द्रमा पर्याप्त सैनिक शक्तिको अभाव भएको र पलांचोक, नुवाकोट, फर्पिङ आदि सामन्त-शासित प्रदेश सैनिक शक्तिको दृष्टिले पनि केही उल्लेखनीय अवस्थामा रहेको हुँदा उपर्युक्त घटना घटेको हो।

उपर्युक्त एक घटना मात्र होइन; स्थितिमल्लको उदय भई केन्द्रको शासन मजबूत नभएसम्म माथिका जस्ता घटना बराबर घटिनैरहे। माथि पलांचोकले विद्रोह गर्दा सो दबाउन नुवाकोट आदि अगाडि आएका छन् भने नुवाकोटले विद्रोह गर्दा त्यसलाई दबाउन त्रिपुरलाई फर्पिङ आदिले मदत गरेको पनि देखापरेको छ। फेरि कहिले पलांचोक र नुवाकोट परस्परमा मिलेको घटना पनि गोपालवंशावलीमा टिपिएको छ।

कन्हह्लदेव

पलांचोकको विरुद्ध त्रिपुरलाई गुहार दिन आएको उपर्युक्त घटना भएताका नुवाकोटमा को शासक थिए; गोपालवंशावलीमा वर्णित उपर्युक्त प्रसङ्गमा त्यसको उल्लेख छैन। तर यसको केही वर्षपछि ने. सं. ३६५ (वि. सं. १३०१)मा नुवाकोटका एकजना प्रसिद्ध व्यक्तिको मृत्यु

---

१. "स ३५२ चेत्रादि श्रीअभयमल्लदेवस विजयराजे महाद्रूभिक्ष तडुल कुडवद्वय दम्मेन.... लोकक्षय जुव त्रिभागस छ भाग, थ्व क्षणस पलाखचो श्रीउदयशीहदेव महाथ उदमाल भास तिपुर ग्वह्न भोंत पन्त। वद्यं नवक्वाठ फनपीं छिपन्त। थ्वतेस सङ धाह्न करवा पलाख-चोन। लिस्यं वङाव चण्डेस्वरचोस क्वाठ डङ व्येनाप्या यावा काया, थ्वलिव जेवछ मण्डलीकन लं कास्यं, पलाखचोटोवु सोया, धूनी तल मे चोया" (गोपाल वंशावली ३६ पत्र)

(ने. सं. ३५२ (वि. सं. १२८९) चैत्र, श्रीअभयमल्लदेवको विजयराज्यमा ठूलो अनिकाल पऱ्यो; एक द्रम्मले दुइ कुडव मात्र चामल पाइने भयो।.....तीन भागमा एक भाग जनताको मृत्यु भयो। यस वेला पलाखचो (पलांचोक)का श्रीउदयसिंहदेव, महाथ उदमाल भाको विरुद्ध त्रिपुर, देउपाटन, बनेपा, नुवाकोट, फर्पिङ एक गठ भए। पलांचोकले यिनीहरूलाई रोक्यो। पछि हटी चण्डेश्वरचोमा किल्ला बनायो; बनेपाको... लियो। यसपछि...पलांचोकले.....आगो लायो।)

तिथि गोपालवंशावलीमा टिपिएको छ[1] । ती हुन् कल्हल्हदेव। कल्हल्हदेवको अरू परिचय पाइएको छैन तापनि उनी नुवाकोटका शक्तिशाली विशिष्ट व्यक्ति थिए भन्ने कुरामा चाहिं शङ्का छैन । किनभने गोपालवंशावलीमा केन्द्रका राजपरिवारबाहेक अरू व्यक्तिको जन्म, मृत्युको समयोल्लेख प्रभावशाली व्यक्तिको मात्र गरिएको पाइन्छ । त्यसमा अन्तका साधारण प्रशासकहरूको जन्म, मृत्यु समय टिपिएको पाइंदैन । नुवाकोटका कल्हल्हदेवको चाहिं मृत्युसमय टिपिएको हुंदा उनी केन्द्र (नेपाल उपत्यका) मा समेत प्रसिद्ध हुन पुगेका प्रभावशाली व्यक्ति थिए भन्ने कुरा प्रसङ्गबाट थाहा पाइन्छ ।

खसराज्यक्षेत्रको विस्तार

यसपछि गोपालवंशावलीमा नुवाकोटको चर्चा कर्नालीप्रदेशका खस राजा जितारिमल्लले नुवाकोट कब्जा गरेको प्रसङ्गमा आएको छ । यस घटनाको चर्चा गर्नुभन्दा पहिले खस राज्यको विस्तार र जितारिमल्लताकाको केन्द्रको राजनैतिक अवस्थाको केही चर्चा गर्नु आवश्यक छ । यसबाट नुवाकोटको इतिहासमा पनि केही प्रकाश पर्छ ।

मध्यकालको शुरू शुरूतिर नै केन्द्रको (नेपाल उपत्यकाको) शासनमा कमजोरी देखापर्न थाल्यो; विशेष गरेर सैनिकशक्तिको दृष्टिले केन्द्र कमजोर रह्यो; यसो हुनाले कर्नालीप्रदेशमा नयाँ खसराज्यको उदय भयो भन्ने कुराको अलिकता चर्चा माथि गरिसकेको छ तापनि खसहरूले पूर्वतिर कसरी आफ्नो शक्तिविस्तार गर्दै लगे भन्ने कुराको वर्णन अलि खुलाएर यस प्रसङ्गमा गर्नुपरेको छ ।

हिमाली भेकमा खसहरूको प्रवेश निकै अघि भइसकेको थियो तापनि मध्यकालको शुरूतिर यस जातिले आफ्नो अवस्था झन् मजबूत पारे । साथै एक संगठित समूहबाट राज्यसंस्थापक रूपमा खसहरू अघि बढे । काश्मीरबाट पूर्वतिर अघि बढ्दै फैलिंदै गएको यो वर्ग मध्यकालको शुरूतिर आएर नेपालको कर्नालीप्रदेशमा पनि निकै फैलिन थालेको थियो । यसको केही कालपछि त कर्नालीप्रदेश 'खसदेश' कहलाउन थालेको थियो । यो जातिमा लडाका गुण बढी रहेको थियो । यता केन्द्रका शासकहरूले यसताका कर्नालीप्रदेशभेकमा आफ्नो प्रभाव फैलाउन सकेका थिएनन् । यसो हुंदा सिंजालाई राजधानी बनाई नागराजले कर्नालीभेकमा नयाँ खस राज्यको स्थापना गरे । बलियो सैनिक शक्तिको अभावले गर्दा केन्द्रका शासकहरूले यसको कुनै प्रतिरोध गर्न सकेनन् । केही कालपछि यस राज्यको झन् विस्तार हुन थाल्यो । विशेष गरेर क्राचल्लको पालामा यस राज्यको

---

१. "स ३६५ पौष्य कृष्ण षष्ठी नवक्वाठ कल्हल्हदेवस अस्त दिन ।।"

(गोपाल वंशावली ३८ पत्र)

(ने. सं. ३६५ (वि. सं. १३०१) पौष कृष्ण षष्ठीको दिन नुवाकोटका कल्हल्ह-देवको मृत्यु भयो ।)

विस्तार हुन थाल्यो । उनले पश्चिम, पश्चिमोत्तर र दक्षिणतिर आफ्नो प्रभाव फैलाए । यसपछि अशोकचल्लले पनि बाबुको अनुसरण गरी यस राज्यको प्रभाव फैलाए[1] ।

यसरी पश्चिम, उत्तर, दक्षिणतिर खसराज्यको प्रभाव फैलिए तापनि पूर्वतिर चाहिं यो त्यतिको बढ्न सकेको थिएन। तर अशोकचल्लका छोरा जितारिमल्लको समयमा यस राज्यले पूर्वतिर बढ्ने अवसर पनि पायो। चतुर जितारिमल्लले यस अवसरलाई गुमाएनन्। पूर्वतिर बढ्ने अवसर जितारिमल्लले कसरी पाए भन्ने कुरा बुझ्नाको लागि पहिले त्यसवेला केन्द्रको अवस्था कस्तो थियो भन्ने कुराको अलिकता चर्चा गर्नु आवश्यक छ।

केन्द्रमा आएको कमजोरी

मध्यकालको शुरू शुरूमा दाजु–भाइ, काका–भतिजाहरूको समेत द्वैधशासन चलाउने प्रथाले केन्द्रको शासनमा क्रमशः कमजोरी ल्यायो भन्ने कुराको चर्चा माथि गरिसकेको छ। यसको एक डेढ शताब्दी जतिपछि केन्द्रको शासनमा अर्को उल्लेखनीय परिवर्तन देखापर्‍यो। अब केन्द्रमा दुइ राजवंश स्पष्ट रूपमा अस्तित्वमा आए। आफूलाई 'देव' मात्र लेख्ने पुरानो राजवंश र 'मल्ल' भनी लेख्ने अर्को राजवंश। केही कालपछि यी दुवै राजवंश समानरूपमा गद्दीका हकदार बन्न पुगे। यसबाट राजगद्दीमा बस्ने एउटा विचित्र पद्धतिको जन्म त्यस वेला भयो। यी दुइ राजवंशका व्यक्ति एकान्तर रूपमा पालो पालो गरी गद्दीमा बस्ने नियम बन्यो। अर्थात् एक राजवंशका व्यक्ति राजा बनाइएका छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे। जस्तै–राजा जयभीमदेव राजगद्दीमा बसेका वेलामा उनका छोरा जयादित्यदेव युवराज घोषित गरिएनन्; अनन्तमल्ल युवराज घोषित गरिए। अनन्तमल्ल गद्दीमा बसेका वेलामा उनका छोरा जयारिमल्ल युवराज घोषित गरिएनन्; जयभीमदेवका छोरा जयादित्यदेव युवराज घोषित गरिए[2] । एकान्तर रूपमा राजगद्दीमा बस्ने यो नयाँ प्रथाले केन्द्रको शासनमा झन् कमजोरी ल्यायो। यसबाट राजकुलमा शक्तिको लागि संघर्ष हुन थाल्यो। जसले गृहकलहको पनि रूप लिन थाल्यो। यस्तो अवस्थामा एक पक्षले खसराज्य र अर्को पक्षले डोय (तिरहुत) राज्यसंग गुहार माग्न थाल्यो। यसरी खसराज्य, डोयराज्यले केन्द्रमा हस्तक्षेप, आक्रमण आदि गर्ने अवसर पाए ।

गद्दीनशीन राजा अनन्तमल्ल युवराज जयादित्यदेवभन्दा आठ वर्षले कान्छा थिए। यसो हुनाले अनन्तमल्ल गद्दीमा बसेताका युवराज जयादित्यदेवको प्रभाव बढेको थियो। तर आफ्नै सहोदर भाइ आनन्ददेवसंग उनको ठ्याँक मिल्न सकेन। यसबाट केन्द्रमा भित्रभित्रबाट कलह

---

१. ध. व.–कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा, 'कर्नालीप्रदेश' सामाजिक अध्ययन समुदाय, वि. सं. २०२८, पृष्ठ १४–२३

२. तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थहरू र विशेष गरेर गोपालवंशावलीबाट उक्त कुराको पुष्टि हुन्छ। यस विषयमा अन्त विस्तारपूर्वक विचार गरिनेछ ।

देखापर्न थाल्यो[1] । यसैको परिणामस्वरूप कर्नालीप्रदेशका खस राजा जितारिमल्लले पूर्वतिर बढ्ने अवसर पाए। उनले लगातार तीनपटक नेपालउपत्यकामा आक्रमण गरेथे ।

जितारिमल्लका आक्रमण

जितारिमल्लका यी आक्रमणको सम्बन्ध नुवाकोटको इतिहाससंग रहेको हुनाले अब प्रमाणको उद्धरणसाथ ती आक्रमणको वर्णन यहां गर्नुपरेको छ। गोपालवंशावलीमा संस्कृत भाग र नेवारी भागमा गरी जितारिमल्लले पूर्वतिर बढ्न गरेको चेष्टाको वर्णन परेको छ। विचारार्थ ती मूल वाक्य नै यहाँ उद्धृत गरिन्छन्–

"पश्चात्खशिया ववः। राजा जयतारि प्रथम प्रविष्टः सम्वच्छर चारि सय आठ पौषमासे साह्मगुस्थाने खशिया अवुठ शय पातयित्वा, राष्ट्र सर्व वने सेवितम् खशिया तेन पलायितम् लोक स्वस्थेन स्वस्थानस्थितम्। तस्य सम्वच्छर प्रवर्तते फाल्गुण मास शुक्ल त्रयोदशी। पुनः द्वितीय जयतारी प्रविष्टः ।। ग्रामादि अग्निदाहं करोति स्येंगुचेत प्रस्थयति। बुग्मलोकेश्वरद्रशनम् श्रीपशुपतिप्रसनम् स्वस्थेन स्वराष्ट्रगमनम्भवति ।। सम्वच्छर चारि शय नव ।। पुनः तिरहुतिया प्रविष्टः। सम्वछ चारि शय एकारह माघमासे ।।" (२६ पत्र)

"स ४१० फाल्गुण कृष्ण प्रदीपदा जयतारि वस्यंलि तेल नवक्वाठ काया बुगन्देवल पयिसर-पम्भण्डार वुंता। ग्वल्वंस पछिम द्वारण दुम्बिस्यम् थव लान अङकाल बिस्यम् स्वान छाया उप्रहाथ पश्चिम द्वारस टया थ्वलिव ग्राम द्वाक्व मे चोया लिंछि यह्लस गह्ल याङ माङा गह्ल मचाल्व ।।" (४० पत्र)

[पश्चिमबाट खसिया आए। ने. सं. ४०८ (वि. सं. १३४४) पौषमा जयतारि (जितारिमल्ल) पहिलो पटक पसे। सिम्भूमा आठ शय खसियालाई सिद्ध्याई सारा राष्ट्र वन पस्यो। त्यस कारण खसिया भागे। दुनियाँ आनन्दसंग आफ्नो आफ्नो ठाउँमा बसे। त्यसको एक वर्ष बित्यो। फाल्गुन महीनामा फेरि दोस्रोपल्ट जयतारि (जितारिमल्ल) पसे। गाउँहरूमा आगो लाइदिए। सिम्भूको चैत्यमा गए। बुङमतीका लोकेश्वरको दर्शन गरे। पशुपतिलाई खुशी पारे। ने. सं. ४०९ (वि. सं. १३४५) मा आनन्दसंग आफ्नो देश फर्के। फेरि ने. सं. ४११ (वि. सं. १३४७) माघमा तिरहुतेहरू पसे।

ने. सं. ४१० (वि. सं. १३४६) फाल्गुन कृष्ण प्रतिपदाको दिन जयतारि (जितारिमल्ल) आई नुवाकोट दखल गरे। बुङमतीको देवलमा (राता मछिन्द्रनाथकहाँ) गई कोष चढाए। देउपाटनमा पश्चिम ढोकाबाट पसे। यसपालि......यसपछि गाउँहरूमा आगो लाइदिए। एक महीनासम्म ललितपुरमा किल्ला जमाई बसे। किल्ला फुटेन।]

---

१. ध. व.– डोयहरू को हुन्, 'पूर्णिमा' ४ पूर्णाङ्क, संशोधनमण्डल, पृ. २३–२४

यस वर्णन्अनुसार नेपाल उपत्यकामा जितारिमल्लको पहिलो आक्रमण वि. सं. १३४४ पौषमा भएको थियो; खससैन्य पूर्वतिर बढ्दै आई नेपाल उपत्यकाभित्र पसेपछि सो सैन्यसंग उपत्यकावासीको पहिलो मुकाबिला स्वयंभूको डाँडोनिर भएको देखिन्छ। यो टिपोट गर्नेले उपत्यकाबाहिर खससैन्यले गरेको मुकाबिलालाई महत्त्व नदिएको बुझिन्छ। किनभने नुवाकोट आदि प्रदेश कब्जा नगरी उपत्यकाभित्र पस्नु सम्भव थिएन। अथवा राजपरिवारमध्ये एक पक्षले गुहारको लागि खससैन्यलाई बोलाएको हुँदा अन्त विशेष मुकाबिला नभएको पनि हुन सक्छ। संस्कृत भागमा टिपोट गर्नेले सबै घटनालाई यसै गरी संक्षिप्त रूपले लेख्ने गरेकोले पनि नुवाकोट आदिको चर्चा नगरेको पनि हुन सक्छ। किनभने वि. सं. १३४६ मा भएको आक्रमणको कुरा नेवारीमा टिपिएको हुनाले त्यहाँ भने नुवाकोट कब्जा गरी अघि बढेको वर्णन छ। त्यहाँ 'जयतारि वस्यंलि तेल नवक्वाठ काया' भन्ने वाक्य परेको हुँदा नुवाकोटका शासकहरूले त्यस पटक खस-सैन्यको मुकाबिला गरेको तर खससैन्यले बलैले नुवाकोट कब्जा गरेको कुराको संकेत पाइन्छ।

यसरी वि. सं. १३४४, १३४५, १३४६ मा लगातार तीन पटक जितारिमल्लले सैनिक कार्बाइ गरेको देखिएको हुनाले उनी उपत्यकाका शासकमध्ये एक पक्षको गुहारका लागि यहाँ पसेका हुन् भन्ने संकेत पाइन्छ। नत्र यसरी लगत्तै तीन पटक आक्रमण गर्नुपर्ने आवश्यकता पर्ने थिएन। पहिलो आक्रमणमा त उपत्यकावासीहरूले रसद–पानी लुकाई वनदुर्गभित्र पसी खससैन्यको मुकाबिला गरेका हुनाले यहाँ टिक्न नसकी सो सैन्य फर्केको थियो। तर दोस्रो पटकको जितारि-मल्लको आक्रमण भयङ्कर थियो। उनको मुकाबिला गर्ने अर्को शक्ति अगाडि नआएको हुँदा उनले यहाँ प्रभाव जमाएथे। अनि यहाँका प्रसिद्ध देवताको दर्शन पूजन गरी आनन्दसंग स्वदेश फर्केथे। तर गुहारको लागि नभएको भए त्यसको लगत्तै अर्को वर्ष फेरि पसी उनले सैनिक कार्बाइ गर्नुपर्ने कुनै कारण देखिँदैन।

जितारिमल्ललाई पूर्वतिर आफ्नो प्रभाव फैलाउने काममा गुहार गर्न जाने यो नीति लाभदायक र सुगम पनि भएको थियो। सोझै आफैंले आक्रमण गर्दा निकै तयारी र सैनिक शक्तिको आवश्यकता पर्छ। तर गुहार दिन जाँदा त्यो अवस्था त्यस रूपमा आइपर्दैन। गुहार माग्ने पक्षले स्वतः साथ दिने र प्रायः रसद–पानी आदिको केही बन्दोबस्त गरिदिने हुनाले तथा विरोधी पक्षलाई दबाइदिएपछि गुहार माग्ने पक्षबाट आर्थिक लाभ पनि हुने हुनाले गुहार दिन जानु आफ्नो प्रभाव विस्तार गर्ने पहिलो खुड्किलो जस्तै थियो। गोरखालीहरूले पनि पूर्वतिर बढ्न पहिले यस्तै गुहार दिन जाने नीतिलाई अंगालेथे[1]। जितारिमल्ल पसेको लगत्तैपछि भने जस्तै वि. सं. १३४७ मा यहाँ तिरहुतेहरू पस्नामा पनि यही कारण रहेको देखिन्छ। त्यस बेला एक पक्षले (जयादित्यदेवको पक्षले) तिरहुतेहरूसंग गुहार मागेको बुझिन्छ। यस्तै घटना पछि पछि पनि घटेको हुंदा पनि उक्त कुराको पुष्टि हुन्छ[2]।

---

१. यस कुराको चर्चा तल परेको छ।

२. यसको चर्चा तल आउँदैछ।

जितारिमल्लको पूर्वतिर बढ्ने उपर्युक्त प्रयासले तात्कालिक नेपालको इतिहासमा नयाँ परिवर्तन ल्यायो। अब नुवाकोटभन्दा पश्चिमका प्रदेशमा केन्द्रको (नेपाल उपत्यकाको) प्रभाव छुट्यो; त्यहाँ खसराज्यको सोझै प्रभाव जम्यो। जितारिमल्लपछिका प्रसिद्ध खस राजा आदित्यमल्ल र पुण्यमल्लका ताम्रपत्रहरू गोरखाभेकमा पाइएका र ती ताम्रपत्रबाट गोरखाभेकसम्ममा खसराज्यको प्रभुत्व जमेको स्पष्ट देखापर्छ[1]।

नुवाकोटचाहिं अब संक्रमणकालको अवस्थामा रहन लाग्यो। भोट जाने प्रमुख बाटोमा परेको प्रदेश हुँदा उपत्यकाका शासकहरू पनि यस प्रदेशमा आफ्नो प्रभुत्व कायम राख्न चाहन्थें; उता खस राजाहरू पनि नुवाकोटमा आफ्नो अधिकार जमाउन चाहन्थे। साथै नुवाकोटका सामन्त शासकहरू पनि यस अवस्थाबाट लाभ उठाई केन्द्रको प्रभुत्वबाट मुक्त भई स्वतन्त्र हुन चाहन्थे। यसरी यस वेला नुवाकोटको अवस्था अस्थिर रह्यो। अब अगाडि बढ्न गोपालवंशावलीमा उल्लिखित नुवाकोटसम्बन्धी अरू घटनातिर दृष्टि दिनुपरेको छ।

केन्द्रप्रति वफादारी

ने. सं. ४२५ (वि. सं. १३६२) तिर केन्द्रमा फेरि गृहकलह उठ्ने सम्भावना देखापऱ्यो। यो अवसर छोपी फर्पिङका सामन्तहरूले विद्रोह गरी स्वतन्त्र हुने चेष्टा गर्न थाले। यस विद्रोहलाई दवाउन केन्द्र (भक्तपुर त्रिपुर) को नेतृत्वमा संयुक्त सेना फर्पिङतिर बढ्यो। फर्पिङको गढ फुटाउनाको लागि आगो लाइयो र गढ खुल्यो। यसरी फर्पिङको सो विद्रोह दबाइयो। यस सैनिक कार्‌बाइमा कान्तिपुर, ललितपुर, भक्तपुरको साथसाथै नुवाकोटले पनि भाग लिएको थियो[2]।

---

१. मोहनप्रसाद खनाल, 'मध्यकालीन अभिलेख' काठमाडौं, वि.सं. २०३०, पृष्ठ १–२, ९–१०,

२. "स ४२५ आषाढ शुक्ल पञ्चमी स्वप्वंन हाथार न्ह्याङ फनपीञ्चाल्व मे चोस्यं यंपस ग्रह बन्धरपं चोङा, तिपुर मनिगल स्वन्देश नवक्वाठ थ्वतं छिपन्त याङ". . . .

(गोपालवंशावली ४१ पत्र)

(ने. सं. ४२५ (वि. सं. १३६२) आषाढ शुक्ल पञ्चमीको दिन भक्तपुरबाट लडाइँ गर्न प्रस्थान गरियो; आगो लगाएपछि फर्पिङ खुल्यो। यंपमा गढ बनाई बसे। त्रिपुर मनिगल आदि तीनै देश र नुवाकोट मिली उक्त आक्रमण गरिएको थियो।)

यसको एक महीनापछि बनेपाले भक्तपुरमा आक्रमण गरेथ्यो। तर असफल भई फर्केथ्यो। यस कुराको टिपोट गोपालवंशावलीमा यसरी गरिएको छ– "सं. ४२५ श्रावण शुक्ल द्वितीया भोन्तन चोछेंस जारवा वीद्यापीठिस तिपुरण तेल....भोत लिचेल वंङग्व" (४१ पत्र)

(ने. सं. ४२५ (वि. सं. १३६२) श्रावण शुक्ल द्वितीयाको दिन बनेपाले चोछेंमा आक्रमण गऱ्यो; विद्यापीठमा त्रिपुरले सो आक्रमणलाई दबायो. . .बनेपा पछि हट्यो।)

यस्ता घटनाले केन्द्रमा आएको कमजोरीलाई औंल्याउँछन्।

यसरी यस बेला नुवाकोटले केन्द्रप्रति आफ्नो बफादारी दर्शाएको थियो । साथै उक्त घटनाबाट त्यस बेला सैनिक दृष्टिले नुवाकोटको स्थान प्रभावशाली नै थियो भन्ने देखिन्छ ।

स्वतन्त्र हुने चेष्टा

यसको दुइ तीन वर्षपछि अवस्थाले अलि अर्कै रूप लिन थाल्यो । केन्द्रमा केही कालदेखि शुरू भएको भित्री कलहले यस बेला झन् चर्को रूप लिन शुरू गऱ्यो । गद्दीनशीन राजा अनन्तमल्ल गृहकलहले वाक्क भई ने. सं. ४२७ (वि. सं. १३६४) मा आफ्ना सारा सम्पत्ति पशुपतिनाथलाई चढाई राजधानी छोडी बनेपामा गई रहन लागे । यसको एक वर्षपछि उनको मृत्यु पनि भयो[1] । यसपछि गद्दीमा बस्ने कुरालाई लिई संघर्ष शुरू भयो । धेरै कालसम्म पलांचोकमा कैदी जीवन बिताएर आएका जयानन्ददेव यस बेला गद्दीमा बस्न सफल भए[2] । तर उनका प्रतिद्वन्द्वी भतिजा जयशक्तिदेवलाई यो कुरा सह्य भएन । उनले डोयराज्यसंग गुहार मागी काका जयानन्ददेवलाई हटाउने चेष्टा गर्न थाले । यसभन्दा दश वर्ष पहिले पनि उनले डोयहरूसंग गुहार लिई आफ्नो शक्ति बढाउन प्रयास गरेथे । राजा अनन्तमल्लले पनि उनको साथ दिएका हुँदा युवक जयशक्तिदेव त्यस तालादेखि निकै चल्तापूर्जा भई निस्केथे[3] ।

केन्द्रमा यस्तो अवस्था हुँदा अब नुवाकोटका शासकहरूले स्वतन्त्र हुने चेष्टा गर्न थाले । तर उनीहरूको विद्रोह सफल भएन । यसताका केन्द्रमा तेस्रो शक्तिले टाउको उठाउने अवसर पाएथ्यो । यसको नेतृत्व जयरुद्रमल्लका बाबु जयतुङ्गमल्लले गरेथे । जयतुङ्गमल्लले ने. सं. ४२८ (वि. सं. १३६५) मा विद्रोह गर्न खोज्ने नुवाकोटका शासकलाई सैनिक कार्बाइ गरी थंठ्याए[4] ।

यसको तीन वर्ष जतिपछि ने. सं. ४३१ (वि. सं. १३६७) माघमा जयशक्तिदेवले तिरहुतेसंग गुहार मागी प्रशस्त सैनिक ल्याई उपत्यकामा सैनिक कार्बाइ गराए । यसबाट डेढ वर्ष जति यहाँ तिरहुते सैन्यको प्रभाव रह्यो; एक किसिमले त्यस बेला यहाँ तिरहुते पक्षकै राज चल्यो । गद्दीनशीन राजा आनन्ददेवले तिरहुते शक्तिको मुकाबिला गर्न सकेनन् । तर तेस्रो पक्षले तिरहुतेहरूसंग मुकाबिला गरिरहेको हुनाले तिरहुते सैन्य यहाँ टिक्न सकेन । उता रिपुमल्लको नेतृत्वमा

---

१. धनवज्र वज्राचार्य, 'डोयहरू को हुन्' पूर्णिमा ४ पूर्णाङ्क, संशोधनमण्डल, वि. सं. २०२१, पृष्ठ २७,

२. उही पृष्ठ २६–२७

३. उही पृष्ठ २१–२२, २४–२८

४. "सं ४२८ चैत्रकृष्णत्रयोदशी . . . . तिपुर श्रीजयतुङ्गमलदेवसन थ्व सम्वच्छ्रसवु ह्निप्यक्वाठ नवलिङ्गक्वाठ नवक्वाठन चाल्यका"' . . . . (४२ पत्र)

(ने. सं. ४२८ (वि. सं. १३६५) चैत्र कृष्ण त्रयोदशी. . . .त्रिपुरतर्फबाट श्रीजयतुङ्गमल्लदेवले यस साल ह्निप्यक्वाठ नवलिङ्गक्वाठ र नुवाकोट पनि खुलाए ।)

खससैन्य गुहार दिन आउन लागेको हुँदा पनि तिरहुते सैन्य पछि हटेको देखिन्छ[1] ।

नुवाकोटका शासकहरूले यस गडबडीको अवसरबाट पनि लाभ उठाउने चेष्टा गरेथे । गोपालवंशावलीमा यस कुराको पुष्टि गर्ने एक घटनाको उल्लेख परेको छ । ने. सं. ४३५ (वि. सं. १३७२) मा नुवाकोटले केन्द्रको अधीनतालाई अस्वीकार गरी विद्रोह गर्ने चेष्टा गऱ्यो; यस प्रसङ्गमा नुवाकोटको सैन्यले अघि बढी आफ्नो विस्तार गर्न खोज्यो । तर नुवाकोटको सैन्यलाई केन्द्रको (त्रिपुरको) सैन्यले दबायो र यो काण्ड सेलायो[2] ।

रुद्रमल्लद्वारा नुवाकोट कब्जा

यसै बीच केन्द्रमा एक जना योग्य युवकको उदय भयो । ती हुन् रुद्रमल्ल । रुद्रमल्ल तुङ्गमल्लका छोरा हुन् । रुद्रमल्ल गद्दीनशीन राजपरिवारसंग सम्बन्ध जोडिएका व्यक्ति थिए तापनि उनी सोझै गद्दीका हकदार भने थिएनन् । तर रुद्रमल्लले आफ्नो योग्यताले गर्दा केन्द्रलाई एकचोटि फेरि मजबूत बनाए । गद्दीनशीन राजा जयानन्ददेवलाई अघि लाई उनले बराबर भइरहने सामन्तविद्रोहलाई दमन गर्न थाले[3] । यस प्रसङ्गमा ने. सं. ४३८ मा उनले सैनिक कारबाइ गरी नुवाकोटलाई पनि राम्ररी कब्ज्याए । यस ताका गोरखासम्म त खस राजाहरूको सोझै प्रभुत्व जमिसकेको थियो; नुवाकोट पनि केन्द्रको (नेपाल उपत्यकाको) हातबाट गुम्ने डर थियो । हुनत खस राजा रिपुमल्लले नेपाल उपत्यकाको यात्रा मित्रका हैसियतले गरेका थिए[4] । तैपनि नुवाकोटमा खसराजाहरूको दृष्टि गडिरहेको छ भन्ने कुरा रुद्रमल्ललाई राम्ररी थाहा थियो । यसो हुँदा रुद्रमल्लले नुवाकोटमा विशेष दृष्टि दिएथे । यो मर्म बुझेका गोपालवंशावलीकारले नुवाकोटलाई राम्ररी कब्ज्याउन सकेकोमा रुद्रमल्लको प्रशंसा गरेका छन् । गोपालवंशावलीको संस्कृत भागको वर्णन अतिसंक्षिप्त हुन्छ तापनि रुद्रमल्लको चर्चा गर्दा त्यहाँ 'स्मस्त नेपाल श्री-जयरुद्रमल्ल इव नवकोट भुङ्तीप्रजंत राज कृतम्' भनी आदरसाथ लेखिएको छ[5] ।

नुवाकोट कब्जा गर्न रुद्रमल्ललाई त्यति सजिलो भएको थिएन; त्यसको लागि उनले निकै शक्ति लाउनुपरेको थियो । ने. सं. ४३८ (वि. सं. १३७४) को शुरूतिर गरिएको पहिलो

---

१. 'पूर्णिमा' ४ पूर्णाङ्क, संशोधनमण्डल, पृष्ठ २५–२६, 'पूर्णिमा' ६ पूर्णाङ्क, पृष्ठ २७

२. "स. ४३५ आषाढ कृष्ण ४ लिस्साखरस, नवक्वाठ दल खण्ड फुङा तिपुरण"

(गोपालवंशावली ४४ पत्र)

(ने. सं. ४३५ (वि. सं. १३७२) आषाढ कृष्ण चतुर्थीको दिन त्रिपुरले साखरकोटमा नुवाकोटको लश्करलाई काटी धपायो ।')

३. देवीप्रसाद भण्डारी, 'रुद्रमल्ल र उनको जन्मतिथि' पूर्णिमा १ पूर्णाङ्क, संशोधनमण्डल, पृष्ठ ८–११

४. ध. व.–'कर्नाली प्रदेशको ऐतिहासिक रूपरेखा, 'कर्नालीप्रदेश' पृ. २९–३०

५. गोपालवंशावली २७ पत्र

आक्रमणमा उनका सैन्यले नुवाकोटलाई घेरामा मात्र पार्न सकेथे; किल्ला फुटाएर भित्र पस्न उनीहरू सफल भएका थिएनन्। यसको लगत्तैपछि गरिएको दोस्रो आक्रमणमा मात्र उनले नुवाकोट कब्जा गर्नामा सफलता पाएथे[1] ।

रुद्रमल्ल जीवित छउन्जेल नुवाकोट केन्द्रमा संमिलित रहिरह्यो। ने. सं. ४४६ (वि. सं. १३८३) मा तीस वर्षको उमेरमा रुद्रमल्लको मृत्यु भएपछि केन्द्रमा फेरि कमजोरी आयो। यसभन्दा अघि एक अर्को घटना पनि भएथ्यो। दिल्लीका सुलतान गयासुद्दीन तुगलकले सिमरावनगढ ध्वस्त पार्दा हर्रसिंहदेव सपरिवार दोलखातिर लागेथे। तर टिंपाट (तीन पाटन) मै उनको मृत्यु भयो; राजग्रामका अधिकारीले हर्रसिंहदेवका परिवारलाई कैद गरी उनको धनसम्पत्ति हात लाएथे। तर हर्रसिंहदेवकी रानी देवलदेवी आदिले रुद्रमल्लसंग शरण माग्दा उनले आफ्नो दरबार 'युथुनिमम्' मा देवलदेवीहरूलाई शरण दिएथे[2] । यस घटनाले तिरहुतविरोधी पक्ष असन्तुष्ट हुन थाल्यो। यसको परिणामस्वरूप सो असन्तुष्ट पक्षले खस राजा आदित्यमल्लसंग गुहार माग्ने प्रयास गर्न थाल्यो।

आदित्यमल्लको आक्रमण

उपर्युक्त अवस्थाले गर्दा अवसर पाई ने. सं. ४४८ (वि. सं. १३८४) फाल्गुनमा खसराजा आदित्यमल्लले नेपाल–उपत्यकामा आक्रमण गरे। उनको आक्रमणको मार पहिले नुवाकोटमा पर्‍यो। केन्द्रले नुवाकोट थाम्न सकेन। यसो हुनाले सजिलैसंग नुवाकोटमा आदित्यमल्लको अधिकार जम्यो।

---

१. "स ४३८* ....थ्व सम्वच्छलसवु त्रिपुरण नवक्वाट पुन्द वङा मचाल्व श्रीजयरुद्रमल्लदेवस्यम्॥" (गो. वं. ४६ पत्र)

[ने. सं. ४३८ (वि. सं. १३७४).....यस साल त्रिपुरतर्फबाट श्रीजयरुद्रमल्लदेवले नुवाकोटमा घेरा हालेथे। तर किल्ला फुटेन।]

"सं ४३८ मार्गशिर शुद्धि ११ श्रीजयरुद्रमल्लदेवसन तलङगुम्पर्ल्ली नक्वाठ काया दिन" (गो. वं. ४४ पत्र)

[ने. सं. ४३८ (वि. सं. १३७४) मार्ग शुक्ल एकादशीको दिन श्री जयरुद्रमल्लदेवले तलङगुम्पल्ली नुवाकोट कब्जा गरे।]

२. ध. व.–'शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल,' पूर्णिमा ७ पूर्णाङ्क, संशोधनमण्डल, वि. सं. २०२२, पृष्ठ १४–१५

---

*सार्नेको भ्रमले गर्दा मूलमा ४४८ संवत् लेखिएको छ। तर रुद्रमल्लले नुवाकोट कब्जा गरेको ४३८ मा हो भन्ने कुरा गोपालवंशावलीकै अर्को उल्लेखबाट थाहा पाइन्छ। अर्को कुरा संवत् ४४६ मै रुद्रमल्लको मृत्यु भइसकेको थियो; यसको स्पष्ट उल्लेख गोपालवंशावलीमै परेको छ (२७ र ४६पत्र)। यस कारण ४४८ मा रुद्रमल्लले नुवाकोटमा हमला गरेको कुनै हालतमा हुन सक्दैन। लेखकको असावधानीले मात्र ४४८ संवत् लेखिएको हो; शुद्धचाहिं ४३८ देखिन्छ।

नुवाकोट कब्जा गरेको पाँच दिनपछि आदित्यमल्लले शाखरकोटमा कब्जा जमाए। यसपछि खस सैन्य उपत्यकामा पस्यो। उपत्यकाका तीनै प्रमुख देश (शहर) गढरूपमा परिणत भएका हुँदा गढ फुटाउन खससैन्यले तीनै शहरमा आगो लायो। पाटन पुलचोकमा ठाना हाली उनीहरूले आक्रमण गरेथे। तर बाइस दिनसम्म उनीहरूले किल्ला फुटाउन सकेनन्। त्यसपछि मात्र खससैन्य देशभित्र पस्न सफल भयो[1]।

आदित्यमल्लको यस आक्रमणबाट उपत्यकाको अवस्था झन् बिग्रयो। त्यो साल र त्यसको अर्को साल यहाँ अनिकाल पऱ्यो। कयौँ व्यक्ति अनिकाल, महामारीको मारमा परे[2]। यसबाहेक राजनैतिक सन्तुलन पनि कायम भएन। रुद्रमल्लद्वारा गद्दीमा राखिएका अरिमल्ल नाममात्रका राजा हुँदा उनले परिस्थिति सम्हाल्न सकेनन्। तिरहुते पक्षले (देवलदेवीको पक्षले) क्रमशः शक्ति बढाउन थालेको हुनाले भित्रभित्रबाट गृहकलह शुरू हुन थालेको थियो। साथै आनन्ददेवका मठघाहा छोरा राजदेवले गद्दीमा आफ्नो हकको दावी गर्न थालेका थिए[3]।

---

१. "स ४४८ फाल्गुण शुक्ल सप्तमी खसिया राजा आदीतमलया कटकन वस्यम् नवक्वाठ कास्यम् ङन्ह्न लिवलि शाखरक्वाठ कासनलिन्दुम्बिक्व, स्वन्देश मे चोसन,यह्लं पुलवहीरिस थाकन याङ पुङा दिन २२ मचाल्व" (गोपालवंशावली ४६ पत्र)

"अवान्तरे आदितमल नेपाल प्रविष्ट ॥ सम्वत् ४४८ चैत्र पूर्णमी।" (गो. वं. २७ पत्र)

(ने. सं. ४४८ (वि. सं. १३८४) फाल्गुन शुक्ल सप्तमीको दिन खस राजा आदित्यमल्ल लड्न आए; नुवाकोट कब्जा गरे; पाँच दिनपछि शाखरक्वाठ कब्जा गरी (उपत्यका) भित्र पसे; तीन शहरमा आगो लाइदिए। ललितपुर पुलबहिलमा रहेर २२ दिन सम्म घेरा हालेर बसे; तर किल्ला फुटेन।

त्यसै बीच ने. सं. ४४८ (वि. सं. १३८४) चैत्र शुक्ल पूर्णिमाको दिन आदित्यमल्ल नेपाल (उपत्यका) भित्र पसे।)

२. "स ४४८ भाद्रपद शुद्धि ६ पुरा मक्वंनक के दम्मन फंछि॥ ॥स ४४९ चेतला थोवनलिस महाम्रक वो एंदलाटों ह्निछिन श्रछि जुस्यन्निकोलाक्व . . . ." (गो. व. ४६ पत्र)

(ने. सं. ४४८ (वि. सं. १३८५) चैत्र शुक्ल नवमी, महामारीले गर्दा एक द्रम्मले १ पाथी चामल मात्र पाइने भयो। ने. सं. ४४९ (वि. सं. १३८६) चैत्र शुक्लदेखि भाद्रसम्म महामारी रह्यो; दिनको सयौं व्यक्ति मरे। . . . .)

३. महामन्त्री अनेकरामहरूको सहायताले राजदेवले गरेका विद्रोहका चेष्टाहरूले उक्त कुराको पुष्टि गर्छन्। उदाहरणार्थ यहाँ एक घटनाको चर्चा गरिन्छ–

"स ४५२ श्रावण शुदि ६ भोन्त श्रीराजदेवस चोङा व्यनाप्पाक्वाठ महाथ अनख राम भारोस वो एकश्र समुचयसवो छिपन्त याङ क्वाठ पुंङा थ्वस थेथे अपनाह याङा . . . ."

(गोपालवंशावली ४७ पत्र)

(ने. सं. ४५२ (वि सं. १३८९) श्रावण शुक्ल नवमी, बनेपाली श्रीराजदेव बसेको 'बनेपाकोट'मा महाथ अनेकराम र अरू सबै मिली घेरा हालियो। यसमा परस्परमा कुरा मिलाई मेल गरियो . . . .)

महासामन्त गज

अवसर पाए कि केन्द्रको प्रभुत्वबाट मुक्त हुने चेष्टा गर्नु यस ताका सामन्त शासकहरूले आफ्नो पुरुषार्थ संझेका हुनाले नुवाकोटका महासामन्त खलकले पनि उपर्युक्त अवस्थाबाट फाइदा उठाएर स्वतन्त्र हुने चेष्टा गर्न थाले। यस अवसरमा चलतापूर्जा भई अगाडि देखापरेका नुवाकोटका सामन्त शासक 'गज' हुन्। ती गज पलांचोकका राजदेवसंग सांगगांठ मिलाउन पुगे[1] । यसको लगत्तैपछि नुवाकोट र बनेपाले विद्रोह गर्ने चेष्टा गरे[2] । तर यो विद्रोह सफल भएन। यसताका विद्रोह गर्ने र दबाउने यो क्रम डेढ दुइ वर्षसम्म चलिरह्यो।

यस ताका केन्द्रमा तिरहुत–समर्थक र खस–समर्थक पक्षमा स्पष्ट रूपमा कलह हुँदै थियो। आफ्नो समर्थक पक्षलाई गुहार दिन यस वेला खस सैन्य उपत्यकामा पसेको पनि थियो। सो खससेना ६ महीनासम्म यहाँ रहेथ्यो[3] । यस्तो अवस्था हुँदा केन्द्रले नुवाकोटतिर राम्रो दृष्टि नै दिन सकेको थिएन।

जयसिंहदेव

उता नुवाकोटमा अवसरवादिताको मात्र अनुसरण गर्दा प्रायः देखापर्ने परिणाम देखापर्न थाल्यो। अर्थात् अब खुद नुवाकोटका सामन्त शासकहरूमै घर–कलह हुन थाल्यो। गजलाई भुक्याएर जयसिंहदेवले आफैं स्वतन्त्र भएर शासन गर्न थाले। यसको चार महीनापछि गजले तिपुर, बनेपा, मनिगल (ललितपुर) र फर्पिङसंग गुहार मागी नुवाकोटमा हमला गर्न पुगे। तर नुवाकोटको किल्ला फुटाउन सकेनन्[4] ।

---

१. "स ४५२ वैशाख कृष्ण द्वितीया नवक्वाठ गज वो पलाखचो जयराजदेवस ब्राह्मखास डोया दिवश" (गो. वं. ४६ पत्र)
[ने.सं. ४५२ (वि. सं. १३८९) वैशाख कृष्ण द्वितीया, नुवाकोटका गज र पलांचोकका जयराजदेवले ब्राह्मखामा भेटघाट गरे।]

२. "सं. ४५३ चैत्रशुद्धि १३ ङंवाक्वाठ कुलनं काया भोन्तन कुल याक्व......
(गो. वं. ४६ पत्र)
(ने. सं. ४५३ (वि. सं. १३९०) चैत्रशुक्ल त्रयोदशी, नुवाकोटले विद्रोह गऱ्यो; बनेपाले पनि विद्रोह गऱ्यो। . . .)

३. ध. व.– कर्णालीप्रदेशको ऐतिहासिक रूपरेखा, 'कर्णालीप्रदेश' सामाजिक अध्ययन समुदाय, वि. सं. २०२८, पृष्ठ ३६–३७

४. "सं ४५४ द्विराषाढ वदि ११ नवक्वाठ कुल याङा जशीहदेवसन गजया लास"
स ४५४ दिराषाढ वद्धि ११ नवक्वाठ कुल जुव गजया काय रोहिदाश कुमरया लकस जशिहदेवस्यं तिपुर वा ह्लास्यंलि चोम्यछे म्वाङ थमु राज याङा, थ्वतेस पीला लिव गज थं लुवस्यं तिपुर भोन्त मनिगल फनपिं थ्वते छिपन्त याङ नवक्वाठ पुंदवंङा मचाल्व, लिन

यसरी जयसिंहदेवले केही वर्ष नुवाकोटमा स्वतन्त्र शासन चलाए। यी जयसिंहदेवलाई लक्ष्य गरेर गाइएका लोकगीत नुवाकोटमा अहिलेसम्म प्रचलित छन्[1]। यिनको पालाको अभिलेख आदि ऐतिहासिक सामग्री भने प्राप्त हुन सकेको छैन। यस कारण जयसिंहदेवको स्वतन्त्र शासन चले ताका नुवाकोटको अवस्थामा के परिवर्तन देखापर्‍यो; त्यसबारे केही ज्ञात हुन सकेको छैन।

महासामन्त जुग

जयसिंहदेवले सात आठ वर्षभन्दा बढी शासन गर्न पाएनन्; खुद उनका छोरा जुग सामन्त नै उनको विरुद्ध उठे। ने. सं. ४६२ (वि. सं. १३९८) माघमा उनले बाबुको विरुद्ध विद्रोह गरे; संघर्षमा जयसिंहदेव मारिए। अनि महासामन्त जुगले नुवाकोटमा आफैं राज चलाउन थाले[2]।

प्वंङ गज लास्य वंग्व सला गाक्व तीह्निशि कोन्हु"

(गोपालवंशावली ४८ पत्र)

(ने. सं. ४५४ (वि. सं. १३९१) अधिक आषाढ कृष्ण एकादशी, नुवाकोटमा गजको विरुद्ध जयसिंहदेवले विद्रोह गरे।

ने. सं. ४५४ (वि. सं. १३९१) अधिक आषाढ कृष्ण एकादशी, नुवाकोटमा विद्रोह भयो। गजका छोरा रोहिदास कुमारको मदतले जयसिंहदेवले . . . . आफैं राज्य गरे। यसको चार महीनापछि गजले आफैं पनि अघि सरी त्रिपुर, बनेपा, मनिगल, (पाटन), फर्पिङसंग एक भई मिली नुवाकोटमा घेरा हाले; किल्ला फुटेन। . . . . . .)

गजको गुहारको लागि फर्पिङले नुवाकोट–आक्रमणमा भाग लिएको कुराको उल्लेख ने. सं. ४५५ फाल्गुनमा फर्पिङमा लेखिएको 'अगस्त्यसंहिता' भन्ने हस्तलिखित ग्रन्थमा पनि आएको छ। त्यस ताका गुहार दिन जानु गौरवको कुरा संझिने हुँदा उक्त घटनालाई सो ग्रन्थमा अलि बढाई चढाई लेखिएको छ। फर्पिङका महारावुत जैतसिंहले सोझै आफैंले नुवाकोट जितेको जस्तो गरी त्यहाँ वर्णन गरिएको छ। त्यहांको वर्णनको एक अंश यस प्रकारको छ–

"जित्वा गजोयं नवकोटराज्यं
नेपालस्तम्भं रणरङ्गधीरः।
तमेव कोटौ अचले सदैवं
मेरुसमानो सर्वराजधानी।"

डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' पहिलो भाग, पृ. ४०९–११

१. यस कुराको सूचना हामीले नुवाकोटका श्रीलालबहादुर ओझाबाट पाएका हौं।

२. "स ४६२ माघ वधि १३ नवक्वाठ जयशिहदेवस कुलन स्याङा काय जग सावंतस्यं थमु राज याङा"

(गो. वं. ५० पत्र)

(ने. सं. ४६२ (वि. सं. १३९८) माघ कृष्ण त्रयोदशी, नुवाकोटको विद्रोहमा जयसिंहदेव मारिए; उनका छोरा जुग सामन्तले आफैंले राज्य गरे।)

यसताका केन्द्रको अवस्था नाजुक थियो भन्ने चर्चा पहिले गरिसकेको छ। देवलदेवीले अनेकराम, अभयराम, थयित आदि ठूलठूला भारादारलाई हात लिई आफ्नो शक्ति बढाउँदै थिइन् तापनि नुवाकोटतिर दृष्टि दिन सक्ने अवस्थामा तिनी थिइनन्। यसो हुँदा महासामन्त जुगले नुवाकोटमा आफ्नो स्वतन्त्र शासन चालू राखे। यत्तिकैमा ने. सं. ४६४ (वि. सं. १४०१) मा राजा अरिमल्लको मृत्यु भयो। अब गद्दीमा को बस्ने भन्ने प्रश्नले उपत्यकामा उग्र रूप लिन थालेको थियो। यस समस्याको समाधान नहुँदा केही काल गद्दी नै खाली रह्यो। यस अवस्थामा नुवाकोटका जुग सामन्तले ने. सं. ४६५ मा एक चोटि त्रिपुर (केन्द्रको राजधानी) को यात्रा गरेथे[1]। गोपालवंशावलीमा यसको चर्चा छ। तर यस यात्राको के नतीजा निस्क्यो; साथै के उद्देश्यले यो यात्रा गरिएको थियो भन्ने कुराचाहिँ थाहा पाउन सकिएको छैन। जे होस्; यस ताका नुवाकोट केन्द्रको आधिपत्यबाट मुक्त रहेको थियो भन्ने चाहिँ निश्चित छ।

आठ दश वर्ष यो क्रम जारी रह्यो। यस बीच केन्द्रको अवस्थामा केही सुधार हुन थाल्यो। दुवै राजकुलको अनुमतिले ने.सं. ४६७ (वि. सं. १४०४)मा राजदेव गद्दीमा राखिएपछि पहिलेको अवस्था केही शान्त हुन थाल्यो। राजदेव केही योग्य व्यक्ति हुँदा उनलाई अरूले त्यति नचाउन सकेनन्। यद्यपि राजदेवका अनुयायीहरूलाई नै हात लिई देवलदेवीले यस वेला पनि आफ्नो अधिकार बढाउँदै गएकी थिइन्। तर अब पहिले जस्तो सामन्तहरूले विद्रोह गरी स्वतन्त्र हुन सक्ने अवस्था रहेन। विद्रोहीहरूलाई दमन गर्न कार्बाइ गर्न थालियो।

यस प्रसङ्गमा केन्द्रका भारादारहरूले नुवाकोटको विद्रोहलाई दमन गर्न पनि कार्बाइ शुरू गरे। ने. सं. ४७३ (वि. सं. १४०६)फाल्गुनमा नुवाकोटमा आक्रमण गर्न यताबाट फौज हिंड्यो। एक थरी सैन्य नागार्जुनको बाटो नुवाकोटतिर लाग्यो। अर्को थरी सैन्य अलि घुमाउरो बाटो भए पनि लेलेको बाटोबाट नुवाकोटतिर बढ्यो। यसरी नुवाकोटमा कडा आक्रमण गरियो[2]। तर यसको नतीजा के निस्क्यो; सो कुरा गोपालवंशावलीमा खुलाएर लेखिएको छैन। प्रसङ्ग विचार गर्दा सो अभियान सफल रहेको बुझिन्छ।

---

१. "स ४६५ कार्त्तिक वद्धि ५ नवक्वाठ जुग महासांवन्तटो तिपुरस सेका वया दिन ॥"
(गो. वं. ५१ पत्र)

(ने. सं. ४६५ (वि. सं. १४०१) कातिक कृष्ण पञ्चमी, नुवाकोटका जुग महासामन्त त्रिपुरमा.....आए।)

२. "स ४७३ फाल्गुण वदि ५......नवक्वाठ हाथार जामाचोन वंग्व टोंखान पुङ सङ्ग छ जुवु मलेनकं कास्यं सस्यं हङा, सास महाथ प्रशाद बिस्यं लेले लंन छोयाः ॥ तिपुरया जयकीर्ति॥"
(गोपालवंशावली ५३ पत्र)

(ने. सं. ४७३ (वि. सं. १४०६) फाल्गुन कृष्ण पञ्चमी,..... ... नुवाकोटमा आक्रमण गर्न जामाचो (नागार्जुन डाँडो) को बाटो गए। टोखामा पनि घेरा हालियो।.......सास महाथलाई बकस दिई लेलेको बाटो पठाए। तिपुरका जयकीर्ति गए।)

महाथ जेतपाल

यसपछि गोपालवंशावलीमा नुवाकोटसम्बन्धी घटनाको चर्चा बुइ तीन ठाउँमा मात्र आएको छ। तीमध्ये एक घटना ने. सं. ४७८ (वि. सं. १४१४) मा घटेको थियो। त्यस घटनाको वर्णनमा महाथ जेतपाललाई नुवाकोटबाट निकाला गरिएको र उनी टोखामा आएको कुरा परेको छ[1]। त्यस बेला महामन्त्री अर्थात् मुख्य मन्त्रीलाई 'महाथ' भनिन्थ्यो। जस्तै प्रसिद्ध महामन्त्री जयसिहरामवर्द्धनलाई 'महाथ' भनिएको पाइन्छ। जयसिहरामका बाबु अनेकराम पनि 'महाथ' थिए। महाथको पजनीलाई महत्त्व दिई टिपिएका टिपोट पाइन्छन्[2]। यस ताका अर्थात् ने. सं. ४७८ मा केन्द्रमा (राजधानी तिपुरमा) 'महाथ' अनेकराम थिए। यस कारण महाथ जेतपाल केन्द्रका महाथ होइनन्। यी जेतपाल नुवाकोटका नै महाथ (महामन्त्री) देखिन्छन्। यसै गरी फर्पिङका महाथ, पलांचोकका महाथको उल्लेख पनि गोपालवंशावलीमा आएको छ[3]। यसबाट केन्द्रमा जस्तै सामन्तशासित प्रदेशमा पनि स्थानीय शासकहरूलाई प्रशासनकार्यमा मदत दिन महाथ र अरू मन्त्री रहन्थे भन्ने संकेत पाइन्छ।

केन्द्रद्वारा कार्बाइ

यसको तीन वर्षपछि एक अर्को घटना घट्यो। नुवाकोटअन्तर्गतको एक कोटलाई जोधापतिले (केन्द्रका सेनापतिले) सैनिक कार्बाइ गरी केन्द्रमा मिलाए। तर नुवाकोटका शासकले केन्द्रलाई केही रकम बुझाई सो किल्ला नुवाकोटमा मिलाएथे[4]। शायद सामन्तका रूपमा बुझाउनुपर्ने रकम अर्थात् सिर्तो समयमा नबुझाएको हुनाले सो कार्बाइ गरिएको हुनुपर्छ। नत्र सेनापतिले यस्तो कदम उठाउनुपर्ने देखिंदैन। साथै केही रकम बुझाएपछि किल्ला फिर्ता पाउने घटना पनि हुने थिएन भन्ने देखिन्छ।

---

१. "स ४७८ मार्ग्गशिर वदि ३ नवक्वाठन पीलिहा जेतपाल महाथटों टोखा ह्लाया"
(गो. वं. ५४ पत्र)

(ने. सं. ४७८ (वि. सं. १४१४) मार्ग कृष्ण तृतीया, नुवाकोटबाट निकालिएका जेतपाल महाथ टोखामा आए।)

२. गोपालवंशावली ५७ पत्र,

३. गोपालवंशावली ३९,४६, ५६ पत्र

४. "स ४८१ चैत्र शुद्धि ११ नवक्वाठया सलंक्वाठ ह्लासनता जोधापति, क्वाठ ज्वंङ तिपुर पाल वया। थ्वसनवु तिपुरस दोह याङ थ्व क्वाठवु लितं येङा नवक्वाटस॥"
(गो. वं. ५४ पत्र)

(ने. सं. ४८१ (वि. सं. १४१८) चैत्र शुक्ल एकादशी, नुवाकोटको सलंकोट कब्जा गरी सेनापतिले त्रिपुरमा मिलाए। यसपछि तिपुरलाई रकम बुझाई यो कोट नुवाकोटमा नै फिर्ता लगियो।)

स्थितिमल्लको उदय

केन्द्रमा स्थितिमल्लको उदय भएपछि उनले ठाउँ ठाउँका सामन्तहरूलाई राम्ररी कज्याए। यसरी स्थितिमल्लको उदयपछि केन्द्रको राजनैतिक अवस्थाले अर्कै रूप लियो[1] । यसो हुनाले नुवाकोटभेकमा पनि स्थितिमल्लको प्रभुत्व जमेको हुनुपर्छ । तर यस विषयको स्पष्ट प्रमाण भने पाउन सकिएको छैन । गोपालवंशावलीमा स्थितिमल्लताकाको घटना पहिलेभन्दा अझ खुलाएर टिपिएको पाइन्छ। तर नुवाकोटप्रति स्थितिमल्लको कुन नीति रह्यो; त्यसको उल्लेख गोपालवंशावलीमा परेको छैन। स्थितिमल्लभन्दा पहिले नुवाकोटका सैनिक कारबाइबारे अनेक टिपोट गर्ने गोपालवंशावलीकारले स्थितिमल्लको समयमा पुगेपछि त्यस्ता घटनाको टिपोट किन गरेनन्; यो विचारणीय छ। वास्तवमा अब नुवाकोटको अवस्था सामान्य रूपमा नियन्त्रित रह्यो; त्यहाँ विशेष घटना भएनन् कि भन्ने देखिन्छ। गोपालवंशावलीमा स्थितिमल्लको शासनकालको नुवाकोटसम्बन्धी एक घटना मात्र टिपिएको छ। ठाउँ ठाउँका किल्लाहरूको वर्गीकरणको प्रसङ्गमा शाखरक्वाठलाई नुवाकोटअन्तर्गत पारिएको कुरा त्यहाँ परेको छ[2] ।

स्थितिमल्लको समयमा आएर चीनसंग फेरि सम्बन्ध जोडिन आएथ्यो[3] । साथै त्यसताका भोटसंगको आवतजावतमा पनि वृद्धि भएको देखापरेको छ। यसो हुनाले भोट जाने प्रमुख बाटोमा परेको नुवाकोटभेकमा स्थितिमल्लले दृष्टि पुऱ्याउनु स्वाभाविक थियो । तर नुवाकोटभेकमा स्थितिमल्लताकाको कुनै ऐतिहासिक सामग्री भने प्राप्त हुन सकेको छैन ।

रत्नज्योतिर्देव

यस प्रसङ्गमा एउटा विचारणीय कुरामा हामीले दृष्टि दिनुपरेको छ । ने. सं. ५१२ (वि. सं. १४४८) मा लेखिएको 'नामसङ्गीतिटिप्पणी' नामक एक हस्तलिखित ग्रन्थ पाइएको छ।

---

१. ध. व. 'शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल' पूर्णिमा ७ पूर्णाङ्क संशोधनमण्डल, वि. सं. २०२२, पृष्ठ १२

२. "स ५०४......थ्व सम्वच्छलनवु कतिलाभ्यंतरस.....थ्वनलीलि साखरक्वाठ नवक्वाठन पुङ त्वखा, कपनक्वाठ भ्वन्तन कायाकोलाक्वन। संलंक्वाठ फनपीं नप्पया। फिश्रिक्वाठ जोग्राम मुल्मीस प्यस्यटा, ममञ्जेन कुल याङ माक्व, थ्व क्षनस सेलामालोक श्रीहरिक्षत्रस संपूर्ण यात वङव निर्वितिन लासेवो । (गोपालवंशावली ६१–६२ पत्र)
(ने. सं. ५०४ (वि. सं. १४४०)...यस वर्ष कार्तिकभित्र....यसपछि नुवाकोटले शाखरकोट घेऱ्यो,...कपनकोट बनेपाले आफूमा मिलायो। सलंकोट फर्पिङले लियो। फिशरिकोट जोगराम मुलमीले आफ्नो अधीनमा राखे। ....)

३. ध. व.–चीनका मिङ्गवंशी बादशाहले शक्तिसिंहरामलाई पठाएको परवाना, 'भ्वाइस् अफ् हिस्ट्री', त्रि. वि. इतिहास–संघ, काठमाडौं, वि. सं. २०३१, पृष्ठ २४–२८
लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' रोम, वि. सं. २०१५, पृ. २०१–११

नेपाल उपत्यकाको कुनै शहरबाट नुवाकोटमा गई बसेको एक व्यक्तिले सो ग्रन्थ सारेका हुन्। त्यसमा नुवाकोटभेकका तात्कालिक शासकका रूपमा 'रत्नज्योतिर्देव'को उल्लेख परेको छ। यी रत्न-ज्योतिर्देवको चर्चा गर्दा सामन्त राजाका रूपमा नगरी 'राजाधिराज परमेश्वर परमभट्टारक' भनी पूरा स्वतन्त्र राजाका रूपमा गरिएको छ। साथै उनको 'विजयराज्य' भनेर पनि लेखिएको छ[1]। यसताका केन्द्रको गद्दीमा स्थितिमल्ल थिए। तर उनको चर्चा त्यसमा गरिएको छैन। यसबाट झ्वाट्ट हेर्दा नुवाकोटभेकमा स्थितिमल्लको प्रभुत्व नफैलिएको बुझिन्छ; रत्नज्योतिर्देवले नै स्वतन्त्र रूपमा नुवाकोटमा शासन चलाएको आभास पाइन्छ।

तर यस प्रसङ्गमा स्थितिमल्लले केन्द्रलाई मजबूत पारी आफ्नो प्रभुत्व फिंजाउन लिएको नीतिको विषयमा ध्यान दिनु आवश्यक छ। 'राजल्लदेवीका पति' का हैसियतले अगाडि बढी शासनाधिकार हात लाउन स्थितिमल्लले अनेक रूप लिनुपरेथ्यो। उनले केन्द्रको सैनिक शक्ति बढाई एकथरीलाई सैनिक शक्तिले नै दबाएथे। शक्ति प्रयोग गरी बढी लाभ नभएको ठाउँमा चाहिं उनले कूटनीतिको प्रयोग गरेथे। कूटनीतिको प्रयोग गरी आफ्नो पक्षमा मिलाइएकाहरूमा बनेपाली जयसिंहरामवर्द्धनको घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ। पहिले त स्थितिमल्लले जयसिंहरामलाई पनि शक्ति प्रयोग गरी कैद गरेथे। तर उनी पनि प्रभावशाली व्यक्ति हुँदा उनका पक्षपातीहरूले बराबर विद्रोह गरिरहे। यसो हुनाले शक्ति प्रयोग गरी उनलाई वशमा पार्नुभन्दा कूटनीतिको प्रयोग गरी वशमा पार्नु लाभदायक संझी स्थितिमल्लले त्यस्तै नीति लिएथे। पहिले 'महाथ' (महामन्त्री) भई आइरहेका रामवर्द्धनपरिवारलाई स्थितिमल्लले एक तह माथि उकाली सामन्त राजाको दर्जा प्रदान गरे। यसरी बनेपा, पनौती आदि भेकका राजा जस्तै बन्न पाएका

---

१. क्याम्ब्रिज-विश्वविद्यालय-पुस्तकालयमा रहेको 'नामसङ्गीतिटिप्पणी' नामक उक्त पुस्तकमा रहेको पुष्पिकावाक्य यस प्रकारको छ—

"द्वादशोत्तर पञ्चशतं प्रयाते विहायसे (?)।
पौषशुक्ले नवम्याञ्च संपूर्ण गुरुवासरे ॥

राजाधिराज परमेश्वर परमभट्टारक श्रीगण्डकीवरलब्धप्रसादकरवालकरललितविराज्यमान श्रीवीरनारायणावतांश श्रीश्रीरत्नज्योतिदेवस्य विजयराजे ॥ श्रीमन्नेपालकमलकल्लिकोपम श्रीमुल्लपनारीनगर्याः समागता नवकोष्टमहापटने समवस्थितेन वीरसिंहनामधेयस्य स्वच्छात्र रत्नचन्देन सहितेन लिखित"

लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्री अफ् नेपाल' पृ. १३६

(ने. सं. ५१२ (वि. सं. १४४८) पौष शुक्ल नवमी बृहस्पतिवारमा किताप सारिसिद्धियो।

राजाधिराज परमेश्वर परमभट्टारक श्रीगण्डकीभैरवबाट वरप्रसाद पाएको खड्गले हात सुहाएका श्रीवीरनारायणहरूमा श्रेष्ठ श्रीश्रीरत्नज्योतिर्देवको विजयराज्यमा।

श्रीनेपालरूपी कमलको कोपिला जस्तो श्री सुवर्णप्रणाली (?) शहरबाट नवकोष्ठ महापत्तनमा आई बसेका वीरसिंहले आफ्ना चेला रत्नचन्द्रका साथ मिली यो सारेका हुन्।)

हुँदा जयसिंहरामहरू स्थितिमल्लका भक्त अनुयायी बने[1]। यस ताकाका बनेपा, पनौतीभेकका अभिलेख आदिको बेहोरा हेर्दा जयसिंहरामवर्द्धनहरू त्यस भेकका स्वतन्त्र शासक जस्तै देखिन्छन्। स्थितिमल्लको मृत्यु भएको लगत्तैपछि लेखिएको एक हस्तलिखित ग्रन्थमा त जयसिंहरामवर्द्धनलाई पनि 'महाराजाधिराज परमेश्वर परमभट्टारक' सम्म लेखिएको पाइन्छ[2]। तर अरू अनेक तात्कालिक प्रमाणबाट जयसिंहरामहरू स्वतन्त्र शासक थिएनन्; स्थितिमल्लको नीतिले गर्दा मात्र उनीहरू त्यस स्थितिमा पुगेका हुन् भन्ने थाहा पाइन्छ।

यसै गरी नुवाकोटका सामन्त राजा रत्नज्योतिर्देवउपर पनि स्थितिमल्लले उही नीति प्रयोग गरेको पनि हुन सक्छ। उनलाई बलप्रयोग गरी वश पार्नुसट्टा नुवाकोटइलाकाका राजाका रूपमा मान्यता दिई आफ्नो पक्षमा मिलाएको हुन सक्छ। यस कुराको पुष्टिको लागि अरू प्रमाणको प्रतीक्षा गर्नुपरेको छ।

यी रत्नज्योतिर्देव को हुन्; यिनको अरू परिचय पाउन सकिएको छैन। उपत्यकाका मल्ल राजाहरूले 'मानेश्वरीष्टदेवतावरलब्धप्रसाद' भने जस्तै यी रत्नज्योतिर्देवको प्रशस्तिमा 'श्री–गण्डकीवरलब्धप्रसाद' भनिएको छ। 'गण्डकीदेवता' शब्दले यसताका नुवाकोटका भैरव भैरवीलाई बुझाउँथ्यो। यसबाट रत्नज्योतिर्देवले नुवाकोटका भैरव भैरवीलाई 'इष्टदेवता' मानेको देखिन्छ। यस कारण यी रत्नज्योतिर्देव नुवाकोटका वैश्य ठकुरीहरूमध्येका हुन् कि भन्ने अनुमान हुन्छ। साथै नुवाकोटको देवीजात्रासंग सम्बद्ध राजवंशीहरू शायद यिनीहरूकै वंशज हुनु पनि सम्भव छ।

यी रिपुमल्ल को हुन् ?

स्थितिमल्लको उदयपछि यक्षमल्लद्वारा नुवाकोटलाई कान्तिपुरमा गाभ्नुभन्दा पहिलेको ५० वर्ष जतिको नुवाकोटको अवस्था स्पष्ट हुन सकेको छैन। गोपालवंशावली जस्तो यसताकाको कुरा परेको कुनै टिपोट-संग्रह नपाइएको र नुवाकोटमा पनि यसताकाका अभिलेख आदि नपाइएका हुँदा यसो भएको हो। तर यस बीचको उपर्युक्त हस्तलिखित ग्रन्थबाहेक अर्को एक विचारणीय अभिलेख भने पाइएको छ[3]। नुवाकोटको प्रसिद्ध नारायणमन्दिरमा रहेको 'त्वादिवा' (पानसविशेष)

---

२. धनवज्र वज्राचार्य, 'शक्तिशाली रामवर्द्धनपरिवार र तात्कालिक नेपाल' पूर्णिमा, ७ पूर्णाङ्क, संशोधनमण्डल, काठमाडौं, वि. सं. २०२२, पृ. २७–३१

२. "सम्वत् ५१६ कार्त्तिकशुक्लषष्टम्यायां तिथौ पूर्वासाढपर उत्रासाढणक्षत्रे धृति पर गंडयोगे बुधवाशरे। लिखितमिदं पुस्तकं ॥.....श्रीश्रीभोंतराजकुलोपाध्यायश्रीराजपतिशर्म आराधेन लिखितमिदं ॥ श्रीश्रीमहाराजाधिराज परमभटारक श्रीजयशिह्नरामव्रधनेन प्रतिपालिकराजे। श्रीपूर्ण्णमतिदेसे। श्री २ इन्देस्वर भटारिकस्थाने"

(राष्ट्रिय पुस्तकालयमा रहेको 'दशकर्मशास्त्र' बाट। पूर्णिमा ७ पूर्णाङ्क, पृ. ३०)

३. ऐतिहासिक सामग्री, २ संख्याको अभिलेख

मा सो अभिलेख कुँदिएको हो। त्यसमा ने. सं. ५६१ (वि. सं. १४९८) दिइएको छ। यस अभिलेखबाट त्यस ताकाको नुवाकोटको इतिहासमा एक समस्या थपिन आएको छ। त्यस अभिलेखमा 'श्रीरिपुमल्ल' नामक व्यक्तिले नारायणलाई 'दीपिका' (बत्ती बाल्ने पानस) चढाइएको कुरा परेको छ। त्यहाँ रिपुमल्लको प्रशस्तिमा उनलाई सोझै राजाका रूपमा वर्णन गरिएको त छैन। तर उनलाई 'श्रीमत्सोमवंशार्णवजतिलकायमान' अर्थात् चन्द्रवंशीहरूमा श्रेष्ठ भएका भन्ने वर्णन सो प्रशस्तिमा गरिएको छ। यसबाट उनी चन्द्रवंशी शासकमध्येका हुन् भन्ने थाहा पाइन्छ। फेरि उनको प्रशस्तिमा 'गरुडनारायण' भन्ने पनि परेको छ। साथै सारा विद्वान्हरूलाई सन्तुष्ट पार्न जान्ने भन्ने आशयका पद पनि प्रशस्तिमा परेका छन्। यस कारण रिपुमल्ल शासकवर्गका हुन् भन्ने स्पष्ट छ।

कर्नालीप्रदेशमा पनि एक जना प्रसिद्ध शासक रिपुमल्ल भएथे। उनले गुहारको लागि नेपाल उपत्यकाको यात्रा पनि गरेथे। तर उनको समय ने. सं. ४३३ (वि. सं. १३६९–७०) तिर रहेको छ[1]। यस कारण नुवाकोटको उपर्युक्त अभिलेखमा उल्लिखित रिपुमल्ल ती खसराजा रिपुमल्ल होइनन् भन्ने स्पष्ट छ।

आफूलाई 'चन्द्रवंशी' भनी गर्वसाथ लेखाएका हुनाले यी रिपुमल्ल उपत्यकाका मल्लहरूका वंशज पनि होइनन् भन्ने स्पष्ट छ। किनभने उपत्यकाका मल्लहरू आफूलाई 'सूर्यवंशी' भनी गर्व गर्दथे।

यी रिपुमल्ल नुवाकोटका सामन्तपरिवारमध्येकै हुन् कि भन्ने तर्क पनि त्यति पुष्ट हुन सकेको छैन। किनभने नुवाकोटका सामन्तहरूमा मल्लनामधारी यस किसिमको उल्लेख पाइएको छैन। तर अभिलेखको बेहोरा यसो विचार गर्दा भने यी रिपुमल्ल नुवाकोटका सामन्तवर्गमध्येकै हुन् कि भन्ने आभास पाइन्छ। उक्त अभिलेखमा दीपिका चढाइएका नारायणलाई रिपुमल्लले 'आफ्ना इष्टदेवता' भन्ने सम्बन्ध देखाएका छन्। नुवाकोटको इतिहाससंग यी नारायणको घनिष्ठ सम्बन्ध रहेको छ। पिशाच चतुर्दशीको दिनताका हुने नारायणजात्रामा नुवाकोटका धामीले यी नारायणलाई आसनबाट उठाई जात्रा गर्नुपर्ने चलन छ। यी नारायणका प्राचीन मूर्ति त हाल बचेका छैनन्। मूर्तिचोरीको मारमा यी मूर्ति पनि परिसकेका छन्। तर यी नारायण निकै पुराना हुन् भन्ने कुरामा चाहिं शङ्का छैन। फेरि भैरवका अवतारस्वरूपका धामीले उठाई जात्रा गर्नुपर्ने पारिएको प्रथामा धार्मिक समन्वयको विशिष्ट भावना पनि रहेको पाइन्छ। यसरी नुवाकोटको इतिहासमा नारायणको महत्त्वपूर्ण स्थान रहेको र ती नारायणलाई रिपुमल्लले इष्टदेवता मानेका हुनाले नुवाकोटसंग रिपुमल्लको सम्बन्ध पहिलेदेखि रहेको संकेत पाइन्छ। यसो भए तापनि स्पष्ट प्रमाण प्राप्त नभएको हुँदा अहिलेलाई यी रिपुमल्ल को हुन् भन्ने कुरा निश्चित रूपमा भन्न सकिंदैन।

---

१. ध. व.—कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा, 'कर्णालीप्रदेश' सामाजिक अध्ययन समुदाय, पृ. २९–३२

नुवाकोट ब्रह्मायणीस्थानमा पाइएको लिच्छविकालको अभिलेखपछि[1] नुवाकोटमा हाल पाइएका अभिलेखहरूमा यो अभिलेख सबभन्दा पुरानो रहेको छ । यस कारण नुवाकोटको इतिहासको दृष्टिले यस अभिलेखको निकै महत्त्व रहेको छ । एक त यो अभिलेख रहेको ताका नुवाकोटको विकास एक 'पत्तन' (शहर)को रूपमा भइसकेको थाहा पाइन्छ । साथै यस ताका नुवाकोटको पत्तनको विस्तार निकै पर परसम्म भएको थियो भन्ने संकेत यस अभिलेखबाट पाइन्छ । यहाँ नुवाकोटको उक्त पत्तनको परिचय दिंदा 'उत्तरभेकको पहाडीभेकमा रहेको कविलास-सहितको' भनी लेखिएको छ । कविलास नुवाकोट डाँडोबाट पूर्वतिर निकै परतिर रहेको छ । तर त्यसताका नुवाकोट पत्तनको अभिन्न अङ्गरूपमा कविलास पनि रहेको रहेछ भन्ने यताबाट थाहा पाइन्छ । यसबाट तादीको किनारको बस्तीको विकास त्यस वेलासम्म पनि निकै भएको संकेत पाइन्छ । यस भेकका गडखार, चौघराको महत्त्व त पछिसम्म पनि थियो ।

नुवाकोटका भैरवीको अर्को नाम 'गण्डकीदेवता' भन्ने पनि रहेको थियो[2] । यस अभिलेखमा पनि नुवाकोटका भैरवीलाई 'गण्डकीदेवभट्टारिका' भनेर लेखिएको छ । साथै ती देवीको वासस्थान हुँदा नुवाकोटको महत्त्व बढेको छ भन्ने कुराको संकेत पनि यस अभिलेखबाट पाइन्छ । यताबाट नुवाकोट भैरवीको प्राचीनताबारे अनुमान गर्ने आधार पनि प्राप्त हुन्छ । यसरी रिपुमल्लको उक्त अभिलेख नुवाकोटको इतिहासको दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

यक्षमल्ल

नुवाकोटमा रिपुमल्ल भएताका केन्द्रमा (नेपाल उपत्यकामा) यक्षमल्लको शासन चलेको थियो । यस ताका यक्षमल्लका भाइ जीवमल्ल पनि संयुक्त शासक रूपमा रहेका थिए । आमा संसारदेवी जीवित छउन्जेल यक्षमल्ल र जीवमल्लको संयुक्त शासन चल्यो । आमाको सेखपछि भने यक्षमल्लको एकलौटी शासन चल्यो । यक्षमल्ल योग्य शासक थिए । आफ्नो हातमा एकलौटी अधिकार आएपछि उनले पूर्व, पश्चिमतिर अधिकार बढाए । यस प्रसङ्गमा पश्चिममा गोरखा, पाल्पासम्म उनको प्रभाव फैलियो भन्ने उल्लेख पाइन्छ[3] । यस प्रभावविस्तारको सिल-सिलामा यक्षमल्लले नुवाकोटलाई पनि सोझै केन्द्रमा गाभेको देखिन्छ । प्रायः प्रचलित वंशावलीमा रत्नमल्लले मात्र नुवाकोट कान्तिपुरमा मिलाए भन्ने वर्णन पाइन्छ । तर नुवाकोटनिवासी चन्द्रलाल श्रेष्ठसंग रहेको नेवारीभाषामा लेखिएको एक वंशावलीमा यक्षमल्लले नुवाकोटका पुराना वैश्य ठकुरीहरूलाई ह्यासी केन्द्रमा मिलाए भनी लेखिएको छ । त्यस वंशावलीमा परेको नुवाकोट विजयसम्बन्धी उक्त वाक्य यस प्रकारको छ—

---

१. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख

२. ऐतिहासिक सामग्री, ४,६,७,१०,१४ . . . .संख्याका अभिलेख

३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, 'दोलखाको ऐतिहासिक रूपरेखा' त्रि. वि. नेपाल र एशियाली अध्ययन संथान, काठमाडौं, वि. सं. २०३१, पृष्ठ २०–२३

"श्रीयक्षमल्ल राजा, संवत् ५८८ फाल्गुन शुक्रवार, थ्वह्म राजान नुवाकोटस वैश्य राजा ह्मासय याना थमम् राज्य चलेयात"

(ने. सं. ५८८ (वि. सं. १५२४) फाल्गुन महीनामा शुक्रवारको दिन श्रीयक्षमल्ल राजाले नुवाकोटका वैश्य राजालाई ह्मासी आफैं राज्य चलाए।)

प्रसङ्ग विचार गर्दा उक्त कुरा मिल्ने देखिन्छ ।

रत्नमल्लको ग्राधिपत्य

यक्षमल्लपछि केही काल उनका छोराहरूको संयुक्त शासन चलेथ्यो[1] । यसो हुँदा नुवाकोट पनि केही काल संयुक्त शासन अन्तर्गत रहेको बुझिन्छ। नुवाकोट, उपत्यकाका तीनै मल्लराजाको साझा क्षेत्र थियो भन्ने धारणा नुवाकोटमा अहिलेसम्म केही प्रचलित छ। त्यहाँका बूढापाकाहरू सो कुरा अझै गर्दछन् । यस अनुश्रुतिको आधार उही यक्षमल्लपछिको संयुक्त शासन थियो भन्ने देखिन्छ। तर रत्नमल्लले कान्तिपुरका वैश्य शासकहरूलाई सिद्धयाई त्यहाँ आफ्नो मात्र शासन कायम गरे पछि नुवाकोटमा पनि आफ्नो मात्र आधिपत्य फैलाउने विचार गरे। तदनुसार ने. सं. ६११ मा रत्नमल्लले नुवाकोटमा अधिकार जमाए[2] ।

यस घटनापछि नुवाकोट सर्वात्मना कान्तिपुर अन्तर्गत रह्यो। मल्ल राजा र राजपरिवार धार्मिक कार्य र अरू त्यस्तै अवसरमा नुवाकोट पुग्दथे तापनि नुवाकोटको प्रशासनको लागि एकजना प्रमान (बडाहाकिम) नियुक्त गर्ने गरिन लाग्यो[3] । यसरी कान्तिपुरराज्यमा गाभिएपछि नुवाकोटको राजनैतिक अवस्था त्यति प्रभावशाली रहेन तापनि सांस्कृतिक, आर्थिक पक्ष भने यस बेला पनि राम्रै रह्यो। मल्लकालमा यस भेकमा अनेक देवताको स्थापना आदि भएको कुरा तात्कालिक अभिलेखबाट थाहा पाइन्छ ।

नवस्थापित कान्तिपुरराज्यको उन्नतिको लागि नुवाकोटविजय एकदम लाभदायक रह्यो। उपत्यकाका तीन मल्ल राज्यमा कान्तिपुर राज्य अरूभन्दा धनी थियो। यसरी कान्तिपुर धनी हुनामा नुवाकोट त्यस राज्यमा गाभिनु पनि एक कारण बनेको थियो। रत्नमल्लले नुवाकोट कब्जा गरेको वर्णन प्रसङ्गमा वंशावलीमा उल्लिखित कुराको यस प्रसङ्गमा स्मरण गर्नु सान्दर्भिक लाग्दो छ। त्यहाँ रत्नमल्लले नुवाकोट कब्जा गरेर प्रशस्त फलफूल आदि ल्याई पशुपतिनाथको पूजा गरे भनी लेखिएको छ[4] । हुन पनि नुवाकोट आँप कटहर आदि फलफूलको भण्डार थियो;

---

१. संशोधन–मण्डल, 'इतिहास–संशोधनको प्रमाण प्रमेय, पृष्ठ १३३–४०

२. डेनियल राइट, 'हिस्ट्री अफ् नेपाल' दोस्रो संस्करण, सुशीलगुप्ता प्राइभेट लिमिटेड, कलकत्ता, ई. १९५८, पृ. १२२

३. यस कुराको विशेष चर्चा तल 'शासनव्यवस्था' प्रकरणमा गरिएको छ ।

४. चल्तीका भाषावंशावलीमा यस कुराको उल्लेख परेको छ। राइट्, 'हिस्ट्री अफ् नेपाल,' दोस्रो संस्करण, पृ. १२२

अभ्रको उब्जनी निकै हुन्थ्यो; तामा आदि खानी राम्ररी चलेथे; जडीबूटी, घोडा, भेडा, च्यांग्रा आदिको निकै निकासी हुन्थ्यो। यसरी भन्सार शुल्क आदिबाट पनि सरकारलाई निकै आम्दानी हुन्थ्यो। साथै भोटतिरको प्रमुख व्यापार मार्गमा पनि यो पर्दथ्यो। यस कारण नुवाकोट इलाका कान्तिपुर राज्यमा गाभिनु यस राज्यको समृद्धिको लागि निकै सहायक रहेको कुरामा शङ्का छैन।

रत्नमल्लको शासनकालमा एकथरी भोटेहरूले विद्रोह गरेको कुरा वंशावलीमा परेको छ। यो विद्रोह दवाउन पाल्पाका सेन राजाले रत्नमल्ललाई गुहार दिएको वर्णन पनि वंशावलीमा परेको छ[1]। यसताका पाल्पाभेकमा सेन राज्यको जग बसिसकेको र सो राज्यसंग कान्तिपुर राज्यको राम्रो सम्बन्ध रहेको संकेत यसबाट पाइन्छ।

नरेन्द्रमल्ल

रत्नमल्लपछि कान्तिपुर राज्यलाई मजबूत पार्ने शासकमध्ये एक नरेन्द्रमल्ल हुन्। उपत्यका र आसपासका विभिन्न प्रदेशमा केन्द्रको अर्थात् भक्तपुरराज्यको अधिकार छुटाई कान्तिपुरको प्रभाव फैलाउने काम नरेन्द्रमल्लले गरेथे। यस प्रसङ्गमा ने. सं. ६६८ (वि. सं. १६०५) मा भएको पशुपतिको सन्धि उल्लेखनीय छ। सो सन्धि भक्तपुरका राजा प्राणमल्लको विरुद्ध गरिएको हो। ललितपुर, फर्पिङ, दोलखा आदि प्रदेशबाट तथा कीर्तिपुर आदि उपत्यकाका प्रमुख बस्तीबाट भक्तपुरको आधिपत्य छुटाउनु त्यस सन्धिको मुख्य उद्देश्य रहेको थियो[2]। त्यस सन्धिमा एक ठाउँमा प्रसङ्गवश नुवाकोटको पनि उल्लेख परेको छ। नुवाकोट रत्नमल्लकै पालामा कान्तिपुरमा गाभिइसकेको हुँदा फेरि नुवाकोटको प्रश्न उठाउनु आवश्यक थिएन। तैपनि नुवाकोटभेकमा विरोधी पक्षको प्रभाव पर्न नपाओस् भनी नरेन्द्रमल्ल सावधान रहनु स्वाभाविक थियो। विशेष गरेर नुवाकोटमार्फत गोरखाभेकका मगरहरूलाई उठाएर ल्याउने वा उनीहरूलाई गुहार दिने काममा विरोधी पक्षले हात हाल्न नपाओस् भन्ने कुरामा नरेन्द्रमल्ल सावधान रहेको देखिन्छ। यसै हुँदा पशुपतिको उक्त सन्धिको एक धारामा "नुवाकोटको बाटो वा अरू बाटोबाट कार्बाइका लागि मगरहरू आए भने अर्थ सामर्थ विचार गरी एक भई मगरहरूको बलाबल विचार गरी आक्रमण प्रत्याक्रमण गरी परस्परमा नफुटी रहनुपर्छ" भन्ने तोकिएको छ[3]।

---

१. उही, पृ. १२२

२. ध. व. र टेकबहादुर श्रेष्ठ, 'दोलखाको ऐतिहासिक रूपरेखा' पृष्ठ ३२–३३

३. उक्त सन्धिपत्रमा रहेको सम्बद्ध मूल वाक्य यस प्रकारको छ–

"मगरकर्म्मस नवक्वाठलं यौलंन गोलंन वरसनों अर्थसामर्थन उ याङ गोलोटों प्रजंतननो मगरया बलाबल सोयाव धाड हाथार याङन संभ्रगन थेथ्य बेस मतस्यं सङ यंनेमाल"

डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' तेस्रो भाग, पृष्ठ ११०। 'मूलबाट पढी पाठ सच्याई यहाँ दिइएको छ।

यस बेलासम्म गोरखामा द्रव्यशाहद्वारा राज्यस्थापना भइसकेको थिएन; यसको केही वर्षपछि मात्र (वि. सं. १६१६मा) गोरखामा द्रव्यशाहद्वारा राज्यस्थापना गर्ने काम हुन्छ[1]। तर गोरखाका मगरहरूलाई द्रव्यशाहको आक्रमणको आशङ्का भइसकेको संकेत पशुपति–सन्धिको उक्त धाराबाट पाइन्छ। शायद मगरहरूले हामीलाई आवश्यक भए गुहार माग्न आउँछौं भन्ने आशयको कुनै पूर्वसूचना उपत्यकाका शासकहरूलाई दिएको बुझिन्छ। साथै भक्तपुरको पक्षले कान्तिपुरको विरुद्ध मगरहरूसंग गुहार माग्ने कार्य हुन नसकोस् भन्ने अर्को पक्षको कुराको संकेत पनि उक्त धाराबाट पाइन्छ। जे होस्; यस वेला नुवाकोटद्वारा उपत्यकाका शासकहरूको गोरखाका मगरहरूसंग कुनै किसिमको राजनैतिक सम्बन्ध रहेको कुरा पशुपति–सन्धिको उक्त धाराबाट थाहा पाइन्छ।

नुवाकोट ब्रह्मटोलमा नरेन्द्रमल्लको पालाको ने. सं. ६७६ को एक अभिलेख पाइएको छ[2]। त्यसमा 'नरेन्द्रमल्ल' राजाको नाउँ कुँदिएको भागको आधा भाग फुटेको हुँदा राजाको नाउँ स्पष्ट छैन तापनि अलि गहिरिएर पढ्दा सो अभिलेख नरेन्द्रमल्लको पालाको हो भन्ने थाहा पाइन्छ। गणेश स्थापना गरी सो अभिलेख कुँदाइएको हो। नरेन्द्रमल्लको शासनकालमा नुवाकोटमा सांस्कृतिक गतिविधि केही बढेको संकेत यस अभिलेखबाट पाइन्छ।

महेन्द्रमल्ल

कान्तिपुर राज्यको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिने राजा महेन्द्रमल्लको दृष्टि नुवाकोटमा पनि पर्नु स्वाभाविक थियो। महेन्द्रमल्लको पालाको एक अभिलेख नुवाकोट ब्रह्मटोलमा पाइएको छ[3]। सो अभिलेख विष्णुमूर्ति स्थापना गरी राखिएको हो। त्यस बेलासम्म नुवाकोटको बस्ती राम्रो रूपमा थियो भन्ने कुरा त्यस अभिलेखमा नुवाकोटलाई 'पुरवर' (राम्रो शहर) भनी लेखिएकोबाट थाहा पाइन्छ। त्यस अभिलेखमा परेको महेन्द्रमल्लको वर्णनले उनको प्रभाव फैलिएको संकेत पाइन्छ। त्यहाँ महेन्द्रमल्लको प्रशस्तिमा 'परचक्रचूडामणिरञ्जितचरण' भन्ने विशेष वचन छ। सो अभिलेखको संवत्को अङ्कको एकस्थानी अङ्क हाल फुटेको छ तापनि केही काल अगाडि पढिएको पाठअनुसार त्यसको संवत् ६८८ देखिएको छ[4]।

शिवसिंहमल्ल

ने. सं. ६९४ (वि. सं. १६३१) मा महेन्द्रमल्लको मृत्युपछि कान्तिपुरको गद्दीमा सदा-

---

१. नयराज पन्त र अरू 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' जगदम्बाप्रकाशन, काठमाडौं, वि.सं. २०२५, पृ. ५४६–४९

२. ऐतिहासिक सामग्री, ३ संख्याको अभिलेख

३. ऐतिहासिक सामग्री, ४ संख्याको अभिलेख

४. शङ्करमान राजवंशी, 'पुरातत्त्वपत्रसंग्रह' तेस्रो भाग, श्री ५ को सरकार, पुरातत्त्वविभाग, काठमाडौं, वि.सं. २०२०, पृ. ५

शिवमल्ल राजा बसे। तर उनले राज्यको बागडोर थाम्न सकेनन् र भाइ शिवसिंहमल्ल कान्तिपुरको गद्दीमा बसे। कान्तिपुर राज्यको प्रभावविस्तार निकै गरी शिवसिंहले आफ्नो शासनयोग्यता दर्शाएका थिए। त्यस प्रसङ्गमा उनले पश्चिमतिर गण्डकीपारिसम्म, उत्तरमा केरुङ लिस्तितिर राम्ररी प्रभाव फैलाएको उल्लेख तात्कालिक टिपोटमा पाइएको छ[1]। यस कारण शिवसिंह मल्लको पालामा पनि नुवाकोटभेकमा कान्तिपुरको आधिपत्य राम्ररी कायम थियो भन्ने थाहा पाइन्छ।

नुवाकोट भैरवीमन्दिरभित्र शिवसिंहमल्लको पालामा घण्टा स्थापना गरी राखेको ने. सं. ७२० (वि. सं. १६५७) को एक सानो अभिलेख पाइएको छ[2]। तर त्यसमा राजाको नामोल्लेख परेको छैन। साथै अरू विशेष कुरा पनि केही त्यसमा परेको छैन।

नुवाकोट भैरवीस्थाननिर शिवसिंहको पालाको ने. सं. ७३७ (वि. सं. १६७४) को अर्को शिलालेख रहेको छ[3]। एक भव्य भगवतीको मूर्ति स्थापना गरी सो अभिलेख राखिएको हो। त्यसताका नुवाकोटको प्रशासन चलाउन जगत्सिंह नामक भारादार प्रमान (बडाहाकिम) का रूपमा नियुक्त थिए भन्ने कुरा त्यस अभिलेखबाट थाहा पाइन्छ।

लक्ष्मीनरसिंहमल्ल

शिवसिंहमल्लका उत्तराधिकारी लक्ष्मीनरसिंहमल्लको शासनकालमा वि. सं. १६६४–६५ मा नुवाकोटको प्रसिद्ध भैरवीमन्दिरको जीर्णोद्धार गर्ने काम सम्पन्न भएथ्यो। पूर्वपरम्पराअनुसार मन्दिरको गजुर र देवताको न्यास झिक्दा यी भैरवीसंग सम्बद्ध सारा देवदेवीहरूको स्थानमा शान्ति स्वस्ति–पूजा पठाइएको थियो। सो मन्दिरको जीर्णोद्धारको लागि तीन महीना जति लागेको थियो। मन्दिर तयार भएपछि विधिवत् देवता भित्र्याउने र गजुर चढाउने काम भएथ्यो; पहिलेका तीन गजुरका ठाउँमा सुनका पाँच गजुर चढाइएका थिए। त्यस वेला खुद राजा लक्ष्मीनरसिंहमल्ल नुवाकोट पुगी उनले आफ्नै हातले संकल्प गरेथे[4]।

प्रतापमल्ल

लक्ष्मीनरसिंहको शासनकालको अन्तिम समयतिर कान्तिपुर दरबारमा केही कलह देखापऱ्यो। यसले गर्दा कान्तिपुरको प्रतिष्ठामा केही धक्का लाग्यो। यसो हुँदा उत्तरीभेकमा केरुङतिर कान्तिपुरको प्रभाव केही घट्न थाल्यो। तर कान्तिपुरको गद्दीमा प्रतापमल्ल बसेपछि

---

१. ध. व. र टेकबहादुर श्रेष्ठ, 'दोलखाको ऐतिहासिक रूपरेखा' पृष्ठ ३८
२. ऐतिहासिक सामग्री, ५ संख्याको अभिलेख,
३. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख,
४. ऐतिहासिक सामग्री, १ संख्याको टिपोट कागत

उनले स्थिति फेरि सह्याले। प्रतापमल्लले केरुङ कुती खासातिर आफ्नो आधिपत्य राम्ररी कायम गरी भोटसंग संझौता गरे[1]। यसबाट भोटसंगको कान्तिपुरको व्यापारमा वृद्धि भयो। भोटसंगको व्यापारसम्बन्धमा भएको सुधारको असर नुवाकोटमा पनि पर्नु स्वाभाविक थियो।

नुवाकोटमा प्रतापमल्लका पालाका अभिलेख दुइटा पाइएका छन्; एउटा टिपोट पाइएको छ। भैरवीमन्दिरमा टाँसिएको ने. सं. ७६३ (वि. सं. १७००) को एक ताम्रपत्रमा प्रतापमल्लको शासनकालमा ज्ञानदेव वज्राचार्यले भैरवीलाई भुजा चढाउने कांसको थाल चढाएको कुरा परेको छ[2]। त्यस बेला नुवाकोटमा प्रमान (बडाहाकिम) मानसिंह थिए भन्ने त्यस ताम्रपत्रबाट थाहा पाइन्छ। अर्को अभिलेखमा नुवाकोटका एकजना ब्राह्मणले 'तुलसीमठ' बनाएको कुरा परेको छ[3]। त्यस अभिलेखमा संवत् अलि अस्पष्ट छ तापनि 'राजराजेन्द्र कवीन्द्र जयप्रतापमल्ल' कुँदिएको भाग स्पष्ट छ।

ने. सं. ७८३ (वि. सं. १७२०) मा राजा प्रतापमल्लले नुवाकोटका भैरवलाई मुकुट चढाएको टिपोट पाइएको छ[4]। यो साल स्वयं प्रतापमल्ल नुवाकोटको भैरवीजात्रामा सम्मिलित हुन पुगेको बुझिन्छ। चैत्र शुक्ल द्वादशीमा मुकुट चढाइएको हुनाले उक्त अनुमान गर्न सकिन्छ। त्यो ताका नुवाकोटको भैरवीजात्राको बेला पर्छ। विविध देवताको पूजा आजा, जात्रा आदिमा विशेष चाख लिने प्रतापमल्लको स्वभावअनुसार नुवाकोटको प्रसिद्ध देवीयात्रामा पनि उनी सम्मिलित भएको हुन सक्छ। नेपाल उपत्यकाका प्रसिद्ध देवस्थलमा आफ्ना कविता कुँदाई अभिलेख राख्न लाउने काम प्रतापमल्लले गरेथे। नुवाकोटमा भने प्रतापमल्लको यस्तो अभिलेख पाइएको छैन। तर यस भेकका तीर्थहरूप्रति प्रतापमल्लको बढी आस्था रहेको संकेत रानीपोखरी बनाउँदाको प्रसङ्गबाट थाहा पाइन्छ। नेपाल र भारतसमेतका प्रसिद्ध तीर्थस्थलहरूका जल ल्याई रानीपोखरीमा राख्न लाउने काम प्रतापमल्लले गराएथे। त्यस प्रसङ्गमा गोसाइँकुण्डबाट मात्र ६३ भारी जल ल्याई उक्त पोखरीमा खन्याउन लाएको कुरा त्यहाँको अभिलेखमा परेको छ[5]। साथै एक ठ्यासफूमा रानीपोखरीमा राख्न लाउन नुवाकोट त्रिशूलीमा जल लिन पठाएको घटनालाई महत्त्व दिई टिपिएको पनि पाइन्छ[6]।

---

१. ध. व. र टेकबहादुर श्रेष्ठ, 'दोलखाको ऐतिहासिक रूपरेखा' पृष्ठ ४१
२. ऐतिहासिक सामग्री, ७ संख्याको अभिलेख,
३. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख,
४. ऐतिहासिक सामग्री, ३ संख्याको टिपोट
५. "श्रीनीलकंठको जल भारि ६३"। 'संस्कृत–सन्देश' वर्ष १, अङ्क १०–११–१२, काठमाडौं वि. सं. २०१०, पृष्ठ ५५
६. "नवक्वाथ मिसुनं मवेनक गण्डेया लख कायाम्रो पुखुरिस रुङा"। डिल्लीरमण रेग्मी, 'मेडिइभल, नेपाल' तेस्रो भाग, पृष्ठ १०२

प्रतापमल्लपछि उनका छोरा नृपेन्द्रमल्ल, पार्थिवेन्द्रमल्लहरूको पालामा पनि पूर्ववत् नुवाकोटमा उनीहरूको आधिपत्य कायम रह्यो। नुवाकोटमा नृपेन्द्रमल्लको पालाको ने. सं. ७९६ (वि. सं. १७३३) को एक अभिलेख प्राप्त भएको छ[1]। त्यस अभिलेखमा नुवाकोटका एक सम्पन्न व्यक्तिले नुवाकोट इन्द्रचोकमा विश्वेश्वर महादेव स्थापना गरी त्यसको पूजा आजाको लागि गुठी राखिदिएको कुरा परेको छ।

नुवाकोट वसन्तपुरमा पार्थिवेन्द्रमल्लको पालाको ने. सं. ८०३ (वि. सं. १७४०) को एक अभिलेख रहेको छ[2]। नुवाकोटका एकजना भण्डारीले चैत्य बनाई बुद्धमूर्तिको प्रतिष्ठा गरी सो अभिलेख राखिएको हो। त्यस वेला नुवाकोटका प्रमान (बडाहाकिम) शङ्कर भाजु थिए भन्ने चर्चा त्यस अभिलेखमा परेको छ।

ने. सं. ८०१ (वि. सं. १७३८) श्रावणमा पार्थिवेन्द्रमल्लले भाइ महीपतेन्द्रमल्लका साथ गोसाइँकुण्डको यात्रा गरेका थिए। गोसाइँकुण्ड पुगी उनले कुण्डको दक्षिणपट्टि शिवलिङ्ग स्थापना गरेका थिए। त्यसबाट फर्कंदा उनी धैवुङ्ग भई नुवाकोट पुगेथे। नुवाकोट–दरबारमा पार्थिवेन्द्रमल्लहरू एक दिन बसेथे तथा त्यस वेला उनीहरूले नुवाकोट भैरवीको पूजा गरेथे। पूजामा ६ रांगा र २० बोका बलि दिएको कुरा तात्कालिक ठ्यासफूमा टिपिएको छ[3]।

---

१. ऐतिहासिक सामग्री, १० संख्याको अभिलेख

२. ऐतिहासिक सामग्री, ११ संख्याको अभिलेख,

३. "सं. ८०१ श्रावण शुक्ल ॥ अष्टमीस नवमी, स्वातिनक्षेत्र बुधवार थ्व कुन्हुया वेला घटि १५ बेङाव घटि १८ थ्वतेनह्ला, श्रीश्रीजयपार्थिवेन्द्रमल्लदेव, भातृ श्रीश्रीमहीपतेन्द्रमल्ल थ्वपनि नेह्म फुकिजं नीरकंट बिज्याय धायाव, पश्चिम गमन यातकाम्रो छोया ॥ थ्व कुन्हु तारसिस वास याक ॥ थ्वयान संति ज्याथमानेस वास ॥ थ्वयान संति थंथुरज्जस वास ॥ थ्वयान संति, पाकुया नथवने वास थ्वयान संति, शिरुथिखुस वास, थ्वयान संति, चंदनसिं वास ॥ थ्वयान संति कुन्हु श्रीश्रीश्रीनीरकंठ ह्रदया दक्षिणस, श्रीश्रीजयपार्थिवेन्द्रमल्लन शिवलिंग स्थापना याङा, थ्व कुन्हु चछि शिरुथिस वास याङाव ॥ संति कुन्हु, पूर्णमीस तीर्थ श्राद्ध याङाव, धोमससं वास याक ॥ थ्वयान संति दोरास वास ॥ थ्वयान संति, दोयभुङस वास ॥ थ्वयान संति नवक्वाथस वास, नवक्वाथस चछि बिज्याङाव श्रीश्रीश्रीगंडेभैरवयाके, मेस ह्मं ६ दुगु ह्मं २० पूजा याङाव, थ्व कुन्हुं तारसिस वासयात बिज्याक ॥ थ्वयान संति कुन्हु थेनकर बिज्याक ॥"

(चन्द्रमान जोशीसंग रहेको ठ्यासफूबाट)

डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' तेस्रो भाग, पृष्ठ १३–१४

(ने.सं. ८०१ (वि. सं. १७३८) श्रावण शुक्ल अष्टमी उप्रान्त नवमी स्वातिनक्षत्र बुधवारका दिन १५ घडीदेखि १८ घडीभित्र श्रीश्रीजयपार्थिवेन्द्रमल्लदेव, भाइ श्रीश्रीमहीपतेन्द्रमल्ल

शिवजीप्रति पार्थिवेन्द्रमल्लको विशेष श्रद्धा रहेको थियो । यसो हुँदा उनले नुवाकोट कविलासनिरको ब्रह्मतीर्थेश्वरको पनि दर्शन गरेथे । ब्रह्मतीर्थेश्वर नेपालका प्रसिद्ध ६४ शिवलिङ्ग–मध्ये एक हो । ब्रह्मतीर्थेश्वरको स्तुति गरी आफूले बनाएको स्तोत्र कुँदाई एक अभिलेख पनि उनले राख्न लाएका थिए [1] । बाबु कवीन्द्र प्रतापमल्ललाई जस्तै छोरा पार्थिवेन्द्रमल्ललाई पनि म ठूलो कवि छु भन्ने गर्व थियो । अभिलेखहरूमा पार्थिवेन्द्रमल्लले आफूलाई 'कविराजराज' भनी लेखाएको पाइन्छ[2] । तर ब्रह्मतीर्थको उक्त अभिलेख भने निकै अशुद्ध रूपमा कुँदिएको छ ।

विषप्रयोगद्वारा पार्थिवेन्द्रमल्ल मारिएपछि कान्तिपुरको गद्दीमा उनका बालक छोरा भूपालेन्द्रमल्ल राखिए । शासनको बागडोरचाहिं चौतारा (मुख्यमन्त्री) लक्ष्मीनारायण जोशीको हातमा रह्यो । त्यस बेला पार्थिवेन्द्रमल्लका भाइ महीपतेन्द्रमल्ल जीवित थिए । उनी छउन्जेल अधिकार हथ्याउने काममा बाधा पर्ने देखी चौतारा लक्ष्मीनारायण जोशीले उनको वध गराए । त्यस बेला महीपतेन्द्रमल्ल पशुपतिका पुजारी राघवानन्द स्वामीकहाँ शरण परी बसेका थिए । आफ्नो शरणागत राजपुत्रलाई जबर्दस्तीसंग वध गराएको कुरा स्वामीलाई असह्य भयो र उनी पशुपतिनाथको पुजारीको पद त्यागी कान्तिपुर राज्य नै छोडी हिंडेथे[3] । तात्कालिक एक ठ्यासफू-मा यस घटनाको सिलसिलामा नुवाकोटको पनि उल्लेख आएको छ । राघवानन्द स्वामीले पुजारीको पद छोडेपछि नुवाकोटबाट महन्तहरू ल्याई धर्मकार्य गरियो भन्ने भावको कुरा "... राघवानन्द....मोचोस्य वङ.......महन्तजोको नवक्वाठन हयाग्रो धर्म्मार्थ लिव बिर" भनी टिपोट गरिएको छ[4] । यसबाट यसताका नुवाकोटमा महन्त जोगीहरूको अखाडा रहेको बुझिन्छ । पछिसम्म पनि नुवाकोटमा महन्तहरूको अस्तित्व रहेको कुरा तात्कालिक पत्रबाट थाहा पाइन्छ[5] ।

दुवै दाजु भाइ गोसाईंकुण्डमा जान भनी पश्चिमतिर जानुभयो । यस दिन तारसिमा वास पऱ्यो । यसको भोलिपल्ट ज्याथमानेमा वास । यसको भोलिपल्ट थंथुरज्जमा वास । यसको भोलिपल्ट पाकुको नथवनमा वास । यसको भोलिपल्ट शिरुथिखुमा वास । यसको भोलिपल्ट चन्दनसिंमा वास । यसको भोलिपल्ट श्री ३ नीलकण्ठ कुण्डको दक्षिणतिर श्रीश्रीजयपार्थिवेन्द्र-मल्लले शिवलिङ्ग स्थापना गर्नुभयो ।

यस दिन एक रात शिरुथिमै वास बसी यसको भोलिपल्ट दोरामा वास बसियो । यसको भोलिपल्ट धैवुङमा वास । यसको भोलिपल्ट नुवाकोटमा वास । नुवाकोटमा एक रात बस्नुभई श्री ३ गण्डकी भैरवलाई ६ रांगा २० बोकासहितको बलिपूजा गरी यस दिन तारसिमा बास बस्न जानुभयो । यसको भोलिपल्ट (कान्तिपुर) आइपुग्नुभयो ।)

१. योगी नरहरिनाथ 'सन्धिपत्रसंग्रह' पृ. ३०६
२. 'पूर्णिमा' ३ पूर्णाङ्क, संशोधनमण्डल, वि. सं. २०२१, पृष्ठ ४६
३. संशोधन-मण्डल, 'इतिहास–संशोधनको प्रमाण प्रमेय' पृष्ठ २७६
४. संशोधन-मण्डल, 'इतिहास–संशोधनको प्रमाण प्रमेय' पृष्ठ २७६–७८
५. ऐतिहासिक सामग्री ४,६,७,१० संख्याका पत्रहरू

नुवाकोटभेकमा भूपालेन्द्रमल्लको पालाको अभिलेख भने पाइएको छैन। तीर्थयात्रा गर्न जाँदा भारतमै भूपालेन्द्रमल्लको मृत्यु भएपछि कान्तिपुरको गद्दीमा बालक भास्करमल्ल राखिए। भास्करमल्लका पालाका केही अभिलेख नुवाकोटमा पाइएका छन्। भैरवीस्थान पस्ने ढोकानिर रहेको अभिलेखमा स्थानीय बासिन्दाहरू मिली दुइ ठूला ढुङ्गे सिंहमूर्तिको स्थापना गरेको कुरा परेको छ[1]। जुन सिंहमूर्ति अहिलेसम्म छँदैछन्। भास्करमल्लको पालाको अर्को ने. सं. ८२५ (वि. सं. १७६२) को अभिलेखमा नुवाकोट भैरवको पूजाआजाको लागि गुठी राखेको कुरा परेको छ[2]।

भास्करमल्ल र पाटनका राजा महीन्द्रमल्लले संयुक्त रूपमा ने. सं. ८३४ (वि. सं. १७७१) मा राखेको एक ताम्रपत्र पनि पाइएको छ[3]। यी महीन्द्रमल्ल योगनरेन्द्रमल्लका छोरा हुन्। उनकी आमा तनहूँकी थिइन्। उनी तनहूँमै जन्मेका थिए। यता पाटनमा योगनरेन्द्रमल्लको अकस्मात् मृत्यु भएपछि दौहित्र (छोरीका छोरा) लोकप्रकाशमल्ल र भानिज इन्द्रमल्ल क्रमशः राजा बनाइएका थिए[4]। पाटनका एकथरी भारादारहरू तनहूँमा जन्मेका यी महीन्द्रमल्ललाई पाटनको गद्दीमा राख्न चाहन्थे र उनीहरूले महीन्द्रमल्ल र उनकी आमा राज्येश्वरीदेवीलाई पाटन झिकाए। तर राज्येश्वरीलाई आफ्ना छोराले पाटनको गद्दीमा बस्न पाउँछन्, पाउँदैनन् भन्ने दुविधा लागेको थियो। यसो हुँदा उनी पाटनतिर आउँदा नुवाकोट पुगी भैरव भैरवीको दर्शन गर्न पुगिन्। त्यस बेला मेरा छोरा राजा बने भने भैरव भैरवीको विशेष पूजा गर्छु भन्ने भाकल राज्येश्वरीले गरिन्। नभन्दै पाटन पुग्दा महीन्द्रमल्ललाई पाटनको गद्दीमा राख्ने काम भयो। यसो हुँदा राज्येश्वरीदेवीले आफ्नो भाकलअनुसार नुवाकोट भैरवीको जात्राको दिन पूजा आजा गर्नाका लागि गुठी चढाइन्। नुवाकोट कान्तिपुरराज्यअन्तर्गतको प्रदेश हुँदा आफ्नो यस दान कार्यमा कुनै बाधा नआइपरोस् भन्नाको लागि कान्तिपुरका राजा भास्करमल्ल र चौतारा झगुल ठाकुरको समेत अनुमति लिई कान्तिपुरका राजाको छापसमेत पारी उक्त ताम्रपत्र राखिएको छ। उक्त पूजाको प्रसाद कान्तिपुरका राजालाई समेत चढाउन ल्याउनुपर्ने कुरा पनि उक्त ताम्रपत्रमा उल्लेख गरिएको छ।

यसरी सो ताम्रपत्र तात्कालिक कान्तिपुर र ललितपुरको सम्बन्धमा समेत प्रकाश पार्ने खालको छ। यस ताका चौतारा झगुल ठाकुर निकै शक्तिशाली र चलतापूर्जा भई निस्केथे। उनको इच्छा ललितपुरसंग घनिष्ठ सम्बन्ध राखी ललितपुरमा समेत कान्तिपुरको प्रभाव फैलाउने थियो।

---

१. ऐतिहासिक सामग्री, १२ संख्याको अभिलेख,

२. ऐतिहासिक सामग्री, १४ संख्याको अभिलेख

३. ऐतिहासिक सामग्री, १५ संख्याको अभिलेख

४. संशोधन–मण्डल, 'इतिहास–संशोधनको प्रमाण प्रमेय' पृष्ठ १२९–३०

यसो हुँदा उनले महीन्द्रमल्ल र राज्येश्वरीलाई साथ दिएका हुन् । यसको केही वर्षपछि ने. सं. ८३७ (वि.सं. १७७४) मा कान्तिपुरका राजा भास्करमल्ल (महीन्द्रसिंह) ललितपुरका पनि राजा बनाइएका थिए र यी चौतारा झगुल ठाकुर ललितपुरका समेत चौतारा बनेथे[1] ।

जगज्जयमल्ल

ने. सं. ८४२ (वि. सं. १७७९) मा भास्करमल्लको मृत्यु भयो[2] । उनका कुनै सन्तान जीवित थिएनन् । यसो हुँदा उनले जगज्जयमल्ललाई आफ्ना उत्तराधिकारी छानेका थिए । भास्करमल्लको सेखपछि कान्तिपुरको गद्दीमा बस्न त जगज्जयमल्ल सफल भए । तर पाटनका काजीहरूले उनलाई पाटनका पनि राजा बनाउन मन्जूर गरेनन् । यसो हुँदा पाटनको गद्दीमा योगप्रकाशमल्ल बसे । कान्तिपुरमा जगज्जयमल्लले विरोधीहरूको मुकाविला गर्नु परिरहेको अवसर छोपी पाटनका राजा योगप्रकाशमल्लले नुवाकोटभेकका केही इलाका पाटन राज्यमा गाभेको कुरा एक ताम्रपत्रबाट देखिएको छ । नुवाकोट जिलिङमा पाइएको ने. सं. ८४४ (वि. सं. १७८१) को सो ताम्रपत्रमा माणिग्लाधिपतिका हैसियतले योगप्रकाशमल्लले जिलिङको केही जग्गा काशीगिरि गोसाईंलाई दिएको कुरा परेको छ[3] । यसताका उता कान्तिपुरको गद्दीमा हक दाबी गरी नीलनारायणमल्लले विद्रोह गर्ने चेष्टा गर्दै थिए[4] । यसो हुँदा जगज्जयमल्लले नुवाकोट-तिर विशेष दृष्टि दिन नसकेको बुझिन्छ ।

जयज्जयमल्ल योग्य शासक थिए । भित्र बाहिर जति बाधा उपस्थित भए पनि उनले क्रमशः तिनलाई पन्छाई स्थितिलाई काबूमा ल्याएथे । यसो हुँदा दोलखादेखि नुवाकोटसम्मको कान्तिपुर राज्यक्षेत्रमा उनको प्रभाव कायम रह्यो । नुवाकोटमा पाइएका अभिलेखले यस कुराको पुष्टि गर्छन् ।

भैरवीमन्दिरको जीर्णोद्धार

नुवाकोटको प्रसिद्ध भैरवीस्थानको वर्तमान मन्दिर जगज्जयमल्लको पालामा बनेको हो । यो कुरा मन्दिरमा रहेका इष्टकाभिलेख र काष्ठपत्राभिलेख गरी दुइ अभिलेखबाट थाहा

१. पाटन कुम्भेश्वरनिरको ने. सं. ८३८ को एक अभिलेखमा चौतारा झगुल ठाकुरको पालामा भन्ने स्पष्ट उल्लेख परेको छ। त्यसबाट उनी पाटनका समेत चौतारा बनाइएका थिए भन्ने कुराको पुष्टि हुन्छ ।

२. गौतमवज्र वज्राचार्य, 'ऐतिहासिक घटनावली' पूर्णिमा' १८ पूर्णाङ्क, संशोधन–मण्डल, वि.सं. २०२५, पृ. १११

३. ऐतिहासिक सामग्री, १६ संख्याको अभिलेख

४. शङ्करमान राजवंशी, 'भक्तपुर–शिलालेख–सूची' वीरपुस्तकालय श्री ५ को सरकार पुरातत्त्व–विभाग, काठमाडौं, वि. सं. २०२०, पृष्ठ ३४

पाइन्छ। भैरवीमन्दिरको एक तेलिया इँटमा "संवत् ८४६ पौषकृष्ण चतुर्दशी कुन्हु श्रीगन्धकिया भत छिङा दिन" भन्ने कुँदिएको छ[1] । यसबाट वि. सं. १७८२ पौषमा भैरवीमन्दिरको निर्माणको लागि तेलिया ईट तयार पार्न शुरू गरिएको थाहा पाइन्छ। काठको तोरणमुनि कुँदिएको वि. सं. १७८४ फाल्गुनको अभिलेखबाट त्यस वेलासम्ममा मन्दिर तयार भइसकेको संकेत पाइन्छ[2] । सो काठको तोरण प्रमान जयमलसिं र काजी वीरसिंहहरू प्रमुख भई चढाइएको हो ।

जयप्रकाशमल्ल

कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाशमल्ल नुवाकोटका पनि अन्तिम मल्ल राजा हुन् । गद्दीमा बसेदेखि नै जयप्रकाशमल्लले भित्री तथा बाहिरी खतराको सामना गर्नुपर्‍यो । यसै प्रसङ्गमा जयप्रकाशमल्लले नुवाकोट गुमाउनुपरेको हो । यस विषयको विस्तारपूर्वक वर्णन आधुनिक कालको प्रसङ्गमा गरिनेछ ।

नुवाकोट भैरवीस्थानमा जयप्रकाशमल्लको एक ताम्रपत्र रहेको छ। ने. सं. ८६१ (वि. सं. १७९७) मा भैरवको नित्यपूजा र भुजा चढाउनाका लागि पचीस रोपनी खेत गुठी राखी जयप्रकाश मल्लले सो ताम्रपत्र राख्न लाएका हुन्[3] ।

गद्दीमा बसेदेखि भित्री बाहिरी संघर्षमा लाग्नुपरे पनि जयप्रकाशमल्लले यस्ता धर्म कर्मचाहिं निकै गरेको पाइन्छ । कान्तिपुरराज्यअन्तर्गतका प्रसिद्ध देवस्थलमा जयप्रकाशमल्लले गरेका यस्ता धर्म कीर्तिहरू अनेक भेट्टिएका छन् ।

आधुनिक काल

नुवाकोटको आधुनिक कालको इतिहास भन्नु र श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरणको लागि गरेको अभियानको इतिहास भन्नुमा त्यति धेरै अन्तर छैन । किनभने सो अभियान नुवाकोटलाई केन्द्र बनाई चलाइएको थियो । साथै त्यस वेला केही काल नुवाकोटले नवनिर्माण हुन लागेको नेपालको राजधानी बन्ने सौभाग्य पाएथ्यो । यस कारण नुवाकोटको आधुनिक कालको इतिहासमा प्रकाश पार्न गोरखाको पूर्वतिर बढ्ने प्रयास र एकीकरण अभियानबारे केही लेख्नु आवश्यक देखिन्छ ।

गोरखाको पूर्वतिर बढ्ने प्रयास

गोरखा राज्यको उदय र विकास जसरी भयो; नेपालको राष्ट्रिय एकीकरण ल्याउनामा

१. ऐतिहासिक सामग्री, १७ संख्याको अभिलेख
२. ऐतिहासिक सामग्री, १८ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, १९ संख्याको अभिलेख

जसरी यो केन्द्रविन्दु बन्न पुग्यो; त्यसको विवरण प्रेरणाप्रद र चाखलाग्दो छ । जन्मसमयको दृष्टिले गोरखाराज्य अरू बाइसी, चौबिसी आदि राज्यभन्दा कान्छो छ । लम्जुङबाट फुटेर आई वि. सं. १६१६ मा मात्र द्रव्यशाहले यो राज्य खडा गरेका हुन् । आर्थिक दृष्टिले हेर्ने हो भने पनि यो राज्य अरू राज्यभन्दा कमजोर थियो । यस राज्यअन्तर्गत पहाडी प्रदेश मात्र रहेको हुँदा कृषि–पैदावार सामान्य मात्र थियो । अरू कति राज्यको जस्तो भोट र भारतसंग यसको विशेष व्यापारसम्बन्ध रहेको थिएन । पशुपालन र खानी उद्योगबाट पनि यस राज्यको विशेष आम्दानी थिएन । यसरी नेपालको तात्कालिक आर्थिक स्रोतको दृष्टिले हेर्दा यो राज्यको अवस्था साधारण मात्र थियो । खालि धार्मिक दृष्टिले मात्र यस प्रदेशको महत्त्व द्रव्यशाहद्वारा राज्य स्थापना गरिनुभन्दा पहिले नै रहिसकेको थियो[1] ।

यसो हो तापनि यस राज्यमा शुरूदेखि नै केही विशेषता देखापरेका थिए । ती हुन्– न्याययुक्त स्वतन्त्र वातावरण फैलिनु; दाउपेच गर्नुभन्दा योग्यता देखाई आफ्नो उन्नति गर्ने कुरामा प्रतिस्पर्धा हुनु; योग्यताको कदर हुनु; देश नरेशप्रति वफादार रहनु; राजा र प्रजामा नजीकको सम्बन्ध हुनु आदि । जुन विशेषता तात्कालिक अरू राज्यमा त्यस रूपमा विकसित हुन सकेका थिएनन्2 । तात्कालिक बाइसी चौबिसी राज्य, नेपाल-उपत्यकाका मल्ल राज्य, पूर्वका सेनराज्य आदिमध्ये कति राज्य गोरखाभन्दा बलिया, धनी र प्रभावशाली पनि थिए । तर नेपालको एकीकरणको लागि अघि बढ्ने सौभाग्य अरू राज्यले पाउन सकेनन् । किनभने ती राज्यमा उपर्युक्त विशेषताको कमी रहेको थियो । ती राज्यमा शक्ति हथ्याउन बराबर षड्यन्त्र, दाउपेच भइरहन्थे; आन्तरिक कलह देखापरिरहन्थे; राज्यको एक पक्षले आफ्नो प्रतिद्वन्द्वी पक्षलाई गिराउन अरू राज्यसंग गुहार माग्न पुग्थे; गुहार दिन पुग्ने राज्यहरू पनि गुहार दिन जाँदा लडाइँ–भिडाइँ गरी प्राप्त अलिकता 'लाखबिसी' ले नै सन्तुष्ट हुन्थे । यसरी कयौं शताब्दीदेखि गुहारयुगे राजनीतिमा सब फँसेका थिए[3] । तर गोरखाराज्यमा त्यस्ता कमजोरी कम देखापरेका थिए ।

बडामहाराज पृथ्वीनारायण शाहको उदयभन्दा पहिले नेपालको एकीकरण गर्ने भावनाले गोरखाराज्यमा स्पष्ट रूप लिइसकेको थिएन तापनि रामशाहको पालामै गोरखाले आफ्नो राज्यविस्तारको लागि पूर्वतिर बढ्नुपर्छ भन्ने भावना केही उठिसकेको थियो । ललितपुरराज्यसंग सम्पर्क बढाउनामा यही भावनाले काम गरेको बुझिन्छ । रामशाहपछि कान्तिपुरको विरुद्ध ललितपुरलाई सहायता दिन डम्बरशाह अगाडि बढेको घटनाले उनको पालामा पनि पूर्वतिर बढ्ने प्रयास जारी थियो भन्ने संकेत पाइन्छ[4] ।

---

१. यसको चर्चा माथि परिसकेको छ ।

२. नेपालको तात्कालिक अवस्थाको तुलनात्मक अध्ययनको आधारमा उक्त निष्कर्ष देखापरेको हो । यस विषयमा भिन्नै निबन्धमा प्रामाणिक रूपमा विचार गर्नुपरेको छ ।

३. ध. व.– गुहारयुग, 'मधुपर्क' वर्ष २ अङ्क ६, गोरखापत्र करपोरेशन, काठमाडौं, वि. सं. २०२६, पृष्ठ ३८–४६

४. ध. व.– 'गोरखाको पूर्वतिर बढ्ने उद्योग', 'मधुपर्क' वर्ष २, अङ्क ८, वि. सं. २०२६, पृष्ठ २६–२७

पृथ्वीपति शाहको पालामा आएर गोरखा पूर्वतिर बढ्ने कुरामा अझ बढी सक्रिय रह्यो। आफ्नो लामो शासनकालमा पूर्वतिर बढ्न उनले निकै उद्योग गरेथे। पर्याप्त सैनिक शक्ति र आवश्यक धनको अभाव हुँदा सोझै सैनिक कार्बाइद्वारा राज्यविस्तार गर्नु त्यस बेला सम्भव थिएन। यस कारण आफ्नो प्रभाव बढाउने उपाय त्यस बेला राजनैतिक षाड्गुण्य प्रयोग नै थियो। यसो हुँदा पूर्वतिर बढ्न स्वयं पृथ्वीपति शाहले दुइ पटक नेपाल–उपत्यकाको यात्रा गरेथे[1]। उठानमा उनले कान्तिपुर राज्यसंग घनिष्ठता बढाए। कातिपुरका राजा नृपेन्द्रमल्लसंग उनले पगरी साटासाट गरी मित्रसम्बन्ध कायम गरे। यसरी उनी मल्ल राजाका अन्तरङ्ग मित्र हुन पुगे। तर मित्रसम्बन्ध कायम गर्ने उनको यो काम पूर्वतिर आफ्नो प्रभाव फैलाउने एक प्रयोग मात्र थियो। किनभने अवस्था हेरी उनी कान्तिपुरको विरुद्ध भक्तपुरका मदतगार पनि बन्न पुगेका थिए[2]।

पूर्वतिर बढ्न शुरूमा नरभूपाल शाहले पनि उही पुर्खाहरूकै नीतिको अनुसरण गरेथे[3]। कहिले भक्तपुरको, कहिले कान्तिपुरको र कहिले ललितपुरको मदतगारको रूपमा पूर्वतिरको काजमा त्यसबेला गोरखा संलग्न रह्यो। शयौं वर्षको यस गतिविधिबाट पूर्वतिर प्रत्यक्ष रूपमा बढ्न गोरखा नसके पनि यसबाट गोरखावासीहरूमा राजनैतिक चलतापूर्जापन, सैनिक योग्यतामा वृद्धि आदि गुणको विकास भएथ्यो।

नुवाकोट विजय गर्ने प्रयास

जयप्रकाशमल्ल कान्तिपुरको गद्दीमा बसेपछि कान्तिपुरमा एक किसिमले गृहकलह देखापर्न थाल्यो। कान्तिपुरका एकथरी भारादारहरूले जयप्रकाशमल्ललाई गद्दीच्युत गरी उनका भाइलाई गद्दीमा राख्ने चेष्टा गर्न थाले। यस कलहको मौका छोपी गोरखाले नुवाकोट कब्जा गर्ने विचार गर्न थाल्यो। नुवाकोट गोरखा राज्यसंग सीमा जोडिएको प्रवेश मात्र थिएन; यो कब्जा गर्न सकेको खण्डमा आर्थिक लाभ पनि निकै हुने हुनाले पूर्वतिर बढ्न पहिले नुवाकोटमा गोरखाली-हरूको आँखा गड्नु स्वाभाविक थियो। यसो हुँदा अब गोरखाले आफ्नो सीमाक्षेत्र बढाउँदै लग्न शुरू गर्‍यो। वि. सं. १७९६ मार्गमा नरभूपाल शाहले गरिदिएको एक ताम्रपत्र नुवाकोट टुप्चेमा पाइएको छ[4]। त्यसमा भगीरथ उपाध्यायलाई उनले खाइपाइआएको धँवुङ्को जग्गाको सट्टा साहुगाउँको जग्गा मिलाइदिइएको कुरा परेको छ। साथै भगीरथ उपाध्याय र उनका सात भाइ-हरूलाई पञ्चखतसम्बन्धी मुद्दाबाट उठ्ने रकम खान पाउने अधिकार सुम्पिएको छ।

वि. सं. १७९६ को सो ताम्रपत्रबाट गोरखाले पूर्वतिर आफ्नो सीमाको विस्तार गर्दै

---

१. उही, पृष्ठ २७–३०

२. रामजी तेवारी र अरू, 'ऐतिहासिक पत्रसंग्रह' दोस्रो भाग, 'नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि. सं. २०२१, पृष्ठ ४०–४३

३. उही, पृष्ठ ५२–५६

४. ऐतिहासिक सामग्री, २७ संख्याको अभिलेख

लगी नुवाकोट कब्जा गर्ने प्रयास शुरू गरेको संकेत पाइन्छ । यसरी गोरखा पूर्वतिर बढ्दा लम्जुङले पश्चिमतिरबाट गोरखामा आक्रमण गर्ने सम्भावना थियो । यस कारण वि. सं. १७९६ मा गोरखाले लम्जुङसंग एक सन्धि गऱ्यो । एकानि शत्रु, एकानि मित्र रूपमा गरिएको त्यस सन्धिमा गोरखाले पूर्वतिर बढे लम्जुङले हस्तक्षेप नगर्ने शर्त परेको छ[1] । यसबाट वि. सं. १७९६ मा गोरखाले नुवाकोटमा हमला गर्न तयारी गरेको स्पष्ट छ । यस योजनाअनुसार महेश्वर पन्थ र जयन्त रानाको नेतृत्वमा नुवाकोटमा आक्रमण गरियो[2] । त्रिशूलीको साँघु तरी गोरखाली फौज अघि बढेको थियो । तर लडाईंमा गोरखालीको हार भयो । त्रिशूलीको साँघु पोली गोरखाली फौज पछि हट्यो । यस हारले गर्दा महेश्वर पन्थ र जयन्त रानामा हानथाप चल्यो र जयन्त रानाको अयोग्यताले गर्दा यो हार भएको हो भन्ने कुरा राजामा पारियो; जयन्त रानाबाट नेतृत्व खोसियो । यो कुरा जयन्त रानालाई असह्य भयो र उनी पछि कान्तिपुरमा जयप्रकाशमल्लकहाँ शरण पर्न आए । एक लडाका र क्रुद्ध व्यक्ति जयन्त रानाबाट गोरखालीको विरुद्ध काज लिन सकिने देखेर जयप्रकाश-मल्लले पनि उनलाई आश्रय दिए तथा पछि नुवाकोटको रक्षाको भार जयन्त रानालाई नै सुम्पिदिए ।

यसरी नुवाकोटको पहिलो आक्रमण असफल भयो । तर यस आक्रमणले त्रिशूलीपारिसम्मका प्रदेशमा भने गोरखाको आधिपत्य कायम भएको हुँदा उक्त आक्रमण सर्वात्मना असफलचाहिं भएको थिएन । साथै उत्तरपट्टि रसुवा इलाकातिर पनि गोरखाको प्रभाव फैलाउने काममा यसबाट मदत भएथ्यो । रसुवाभेकका लामालाई नरभूपाल शाहले गरिदिएको एक ताम्रपत्र प्रकाशमा आएको छ[3] । त्यसबाट रसुवाभेकका घुंवाका लामालाई नरभूपाल शाहले हात लिन सकेको कुराको पुष्टि हुन्छ । यसो हो तापनि नुवाकोट जित्ने योजना भने नरभूपाल शाहको जीवनकालमा पूरा हुन सकेन ।

श्री५पृथ्वीनारायण शाहको उदय

वि. सं. १७९९ मा श्री ५ पृथ्वीनारायण शाह गोरखाको गद्दीमा बसे । आफ्ना पुर्खाले गर्दै आएका पूर्वतिर बढ्ने प्रयासहरूबाट पृथ्वीनारायण शाहले पर्याप्त प्रेरणा पाएको देखिएको छ । सानै उमेरदेखि उनका कानमा यस्तै कुराहरू पर्न लागेथे । उनी प्रतिभाशाली र विजिगीषु प्रकृतिका

---

१. सो सन्धिपत्रको एक अंश यस प्रकारको छ–

"लमजु गोर्षाको येकुं शत्रु येकान मित्र गरी बन्दोबस्त भयो. भाषा कबुल लमजुं ८ हजारभित्र कमैको कुधो झाक्रो पर्दा १२ हजारले टार्नु. . . . . . .येति गर्दा कास्की नमान त ढालीदिनु. येती कुरो गर्दा गोर्षाले कुलकपट गर्न लाव त ४० हजार लमजुंले थांनु. पूर्वको काज गर्न . . . . .संवत् १७९६ माघवदि ७ रोज ५"

नयराज पन्त र अरू 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' जगदम्बाप्रकाशन, ललितपुर वि. सं. २०२५, पृष्ठ ९२९

२. उही पृष्ठ ६२९

३. ऐतिहासिक सामग्री, २८ संख्याको अभिलेख

हुनाले नेपाल राज्य र बाहिरका अवस्थाबेखि परिचित र चिन्तित पनि हुन थाले । शुरूमा उनको उद्देश्य आफ्ना पुर्खाले गर्दै आएको पूर्वतिर बढ्ने काम पूरा गर्ने मात्र थियो । तर पछि अगाडि बढ्दै गएपछि समयमै नेपालको एकीकरण नगरे नेपालको अस्तित्व नै खतरामा पर्ने कुरा उनले स्पष्ट देखे[1] । यसो हुँदा ज्यादै होशियार र सतर्क भई उनी अगाडि बढे । मध्यकालको गुहारयुगे राजनीतिलाई तोडेर नेपालको एकीकरण गर्ने योजना उनले बनाउन थाले[2] तथा एक टङ्कारसंग योजनाबद्ध रूपमा काम गरी उनले नेपालको एकीकरणको जग बसाले पनि ।

नुवाकोटमा पहिलो आक्रमण

गद्दीमा बस्नेबित्तिकै पृथ्वीनारायण शाहले नुवाकोट कब्जा गर्ने उद्योग गर्न थालिहाले । तदनुसार बलि पन्थ, महेश्वर पन्थहरूको नेतृत्वमा गोरखाली फौज नुवाकोट कब्जा गर्न अगाडि बढ्यो । त्रिशूली तरी गोरखाली फौजले नुवाकोट-गढलाई घेऱ्यो । तर गढ फुटेन । यस्तैमा उपत्यकाका तीनै मल्लराज्यको संयुक्त सेना मदतको लागि आइपुगेकोले गोरखाली फौजले पछि हट्नुपऱ्यो[3] ।

नुवाकोटको गढ

यस प्रसङ्गमा नुवाकोटको गढको आकार–प्रकारबारे केही लेख्नु आवश्यक देखिन्छ । मध्यकालका अरू प्रसिद्ध बस्ती जस्तै नुवाकोटको मूल बस्ती पनि गढरूपको थियो; बस्तीको चारैतिर गहिरो खाई खनिएको थियो; अग्ला पर्खालहरूले बस्ती चारैतिरबाट घेरिएको थियो; ठाउँठाउँमा आड बनाइएका थिए । पृथ्वीनारायण शाहका प्रसिद्ध दरबारिया कवि ललितावल्लभले पृथ्वीन्द्रवर्णोदय काव्यमा गरेको वर्णनबाट नुवाकोटको गढको झलक हामी पाउँछौं[4] । यसबारेको

---

१. श्री ५ पृथ्वीनारायण शाहको उपदेश तथा उनका पत्रहरू राम्ररी केलाई हेऱ्यौं भन्ने उक्त कुरा थाहा पाइन्छ ।

२. ध. व.–गुहारयुग र श्री ५ पृथ्वीनारायण शाह, 'मधुपर्क' वर्ष २ अङ्क ११, गोरखापत्र करपोरेशन, काठमाडौं, वि. सं. २०२६, पृष्ठ ६८–८०

३. नयराज पन्त र अरू 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ६७२–७३

४. "उत्तीर्यात्मकृताभिराशु तरिभिर्गङ्गां त्रिशूलोद्भवां
सेनाधीशनिजानुजादिसहितो गम्भीरघोषं नृपः ।
प्राकारैर्दृषदां गभीरपरिखाभिर्दुर्गमं सर्वतः
प्रख्यातं नवकोट्टमेधितबलं रुध्वाकरोद् व्याकुलम् ।।३५।।"
(सेनापति भाइ भारादारहरू साथमा लिई गोरखाली राजाले झटपट आफूले बनाउन लाएका डुङ्गामा चढेर त्रिशूली नदी तर्नुभयो र चारैतिर ढुङ्गाको पर्खालले घेरिएको र गहिरो खाई भएको हुनाले जान गाह्रो बलियो प्रसिद्ध नुवाकोटको किल्लालाई घेरेर आच्छुआच्छु पार्नुभयो ।)
'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ४४३,४५६

केही चर्चा पहिले पनि गरिसकेको छ । यस किसिमको गढरूपको बस्ती हुँदा गोरखालीहरूले नुवाकोटलाई घेरामा पारे पनि सो गढ तोडी उनीहरू भित्र पस्न सकेका थिएनन् ।

खड्गसिद्धि

विजयप्राप्तिको लागि 'खड्गसिद्धि' हुनु आवश्यक छ भन्ने धारणा मध्यकालदेखि बढी फैलिन थालेको थियो । यसैले मध्यकालका कति अभिलेख आदिमा शासकप्रति शुभकामना व्यक्त गर्दा 'खड्गसिद्धिरस्तु' भनी लेखिएको पाइन्छ[1] । पृथ्वीनारायण शाहको समयसम्ममा पनि सो धारणा बदलिसकेको थिएन । शत्रुदमन, विजयलाभको कामना गरी पुरश्चरण बस्ने कुरामा, सिद्धको सिद्धयाइँमा पृथ्वीनारायण शाहको पनि भित्रैदेखि विश्वास थियो[2] । नरभूपाल शाह त स्वयं पनि पुरश्चरणमा व्यस्त रहन्थे[3] ।

पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गर्न लागिरहेको वेला एकजना सिद्ध अवस्ति गोसाइँकुण्डमा स्नान गरी फर्कन लागेका थिए । बाटामा उनले पृथ्वीनारायण शाहको सैनिक गतिविधि देखे । गोसाइँकुण्ड जाने यात्रीहरूलाई कष्ट रहेछ; उक्त यात्रीहरूको सुबिधाको लागि सदावर्त्त पाटी पौवाको बन्दोबस्त गरिदिने वचन दिने भए म 'खड्गसिद्धि' गरिदिन्छु भनी ती सिद्धले पृथ्वीनारायण शाहका भारादारसंग कुरा गरेछन् । तर ती सिद्धसंग पृथ्वीनारायण शाहको भने भेट हुन पाएन; सिद्ध काशीतिर लागे[4] । ती सिद्धको प्रसिद्धि केही फैलिएको र आफूले चिताएको नुवाकोट–विजयको काम असफल भइरहेको हुँदा पृथ्वीनारायण शाहले काशीयात्रा गर्ने अठोट गरे । काशीयात्राको मुख्य उद्देश्यचाहिं युद्धका लागि हातहतियार प्राप्त गर्नु रहेको थियो । विशेष गरेर नुवाकोटको गढ फुटाउन बारुद आदि विस्फोटक पदार्थको पृथ्वीनारायण शाहलाई खाँचो थियो । यस्तै उद्देश्य राखी उनले काशीतिर प्रस्थान गरे । काशीयात्राको प्रसङ्गमा अवस्तिसंग पृथ्वीनारायण शाहको भेट भयो र ती सिद्धले अनुष्ठान गरी उनलाई खड्ग प्रदान गरे । यसबाट पृथ्वीनारायण शाहको हौसला केही बढ्यो । नुवाकोट–विजयमा सफलता पाएपछि सो खड्गसिद्धिमा उनको झन् विश्वास जमेथ्यो । अवस्तिले पृथ्वीनारायण शाहलाई दिएको सो खड्ग

---

१. संशोधनमण्डल, 'इतिहास संशोधनको प्रमाण प्रमेय' पृष्ट ११,
डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' दोस्रो भाग, पृष्ठ ४६६

२. श्री ५ पृथ्वीनारायण शाहबाट प्रेरणा पाई राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले बनाएको 'पुरश्चरणचातुरी', पश्चिमतिरबाट हुने शत्रुको भय हटाउन ज्ञानकर बाँडालाई पुरश्चरणका लागि उनले लेखेका पत्र, दिव्योपदेश, वंशावली आदिबाट उक्त कुराको पुष्टि हुन्छ ।

३. पृथ्वीन्द्रवर्णोदय, 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ४३९

४. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ६७३, ६८१–८२,

अहिलेसम्म हनुमान्ढोका, कोटभण्डारमा सुरक्षित रूपमा राखिएको छ[1]। यसरी नुवाकोटको इतिहाससंग सिद्ध अवस्तिको खड्गसिद्धिको कुरा पनि गाँसिएको छ ।

दोस्रो आक्रमणको लागि प्रबन्ध

नुवाकोटमा पहिले गरिएका आक्रमण असफल भएथे। ती असफलताबाट पृथ्वीनारायण शाहले राम्ररी शिक्षा लिए। पहिलेका भूलहरू नदोहरिऊन् भनी उनले योजनाबद्ध रूपमा काम गर्न थाले। उपत्यकाका तीन मल्ल राजाहरूको संयुक्त सैन्यको मुकाबिला गर्नुपर्दा गाह्रो भएको अनुभव हुँदा पृथ्वीनारायण शाहले पहिले यस कुरामा दृष्टि दिए। वि. सं. १८०१ मा नुवाकोटमा आक्रमण गर्न तयारी गरिएताका कान्तिपुर र ललितपुरको त वैमनस्य हुन थालेको मौका थियो। आफूसंग झगडा गरी गएका भाइ राज्यप्रकाशमल्ललाई ललितपुरका राजा विष्णुमल्लले शरण दिई उनलाई आफ्ना उत्तराधिकारीसमेत बनाएका हुँदा जयप्रकाशमल्ल र विष्णुमल्लमा फाटो परेको थियो। यस कारण गोरखाले नुवाकोटमा आक्रमण गरे कान्तिपुरलाई गुहार दिन ललितपुर नआउने निश्चित थियो। अब रह्यो भक्तपुरको कुरा। यसका लागि पृथ्वीनारायण शाहले राम्रो कूटनीतिको प्रयोग गरे। भक्तपुरका राजा रणजित्मल्ल आफ्ना 'मीतबाबा' हुनाले यस मित्रसम्बन्धले गर्दा भक्तपुरसंग पृथ्वीनारायण शाहको घनिष्ठता छँदै थियो[2]। यसो हुँदा भक्तपुरसंग सम्बन्ध जोड्न पुग्नु कुनै गाह्रो थिएन। साँखु, चाँगु, महादेवपोखरी, नालदूम आदि प्रदेश भक्तपुरलाई पाइक पर्दथे। व्यापारिक दृष्टिले र बाटोघाटोको दृष्टिले महत्त्वपूर्ण ती प्रदेश कान्तिपुरराज्यअन्तर्गत थिए। यसो हुनाले पृथ्वीनारायण शाहले साँखु, चाँगु, महादेवपोखरी, नालदूम, दोलखा आदि प्रदेश कान्तिपुरबाट खोसी भक्तपुरलाई दिलाइदिने प्रलोभन रणजित्मल्ललाई देखाए[3]। गुहारयुगे राजनीतिमा

---

१. कोटभण्डारको लगतसूचीमा उक्त अवस्तिखड्ग र श्री ५ पृथ्वीनारायण शाहको नामाङ्कित अर्को खड्गको उल्लेख यसरी गरिएको छ—
"सुनको कोठी कन्ठी खिप मन्दरी लागेको लयसको द्वाल, मखमलको खोल बापताको खोल किराले खाएको. . . .अगस्ति तरबार थान— १,
सुनको कोठी मखमलको म्यान वापत्ताको खोल भएको म्यान खोल किराले खाएको. . .छेद तरबार थान— १"
(श्रीमुकुन्दराज अर्ज्यालबाट यो उद्धरण प्राप्त भएको हो।)

२. श्री ५ पृथ्वीनारायण शाहले नीलकण्ठ जोशीलाई लेखेको एक पत्रमा 'एकाद् महिना मितबाबाको बाटो पनि हेर्नैपर्‍यो' भनी रणजित्मल्ललाई 'मीतबाबा' भनिएको छ। वंशावलीमा पनि उक्त कुरा परेको छ।
रामजी तेवारी र अरू 'ऐतिहासिक पत्रसंग्रह' दोस्रो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि. सं. २०२१, पृष्ठ ६९–७०

३. नयराज पन्त र अरू 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ६३४–३७
धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ४३

फसेका रणजित्मल्लले पृथ्वीनारायण शाहको योजनाको भेउ पाउन सकेनन् र उपर्युक्त प्रदेश पाउने लोभले गर्दा गोरखाले नुवाकोटमा आक्रमण गरे कान्तिपुरलाई गुहार दिन भक्तपुर नआउने कुरा उनले मञ्जूर गरे। यसरी कान्तिपुरलाई एकलो पार्ने प्रबन्ध गरियो[1]।

उपर्युक्त कूटनैतिक चतुरताबाहेक सांग्रामिक दृष्टिले आवश्यक प्रबन्ध पनि पृथ्वीनारायण शाहले मिलाएथे।

कुलो छेडे, पहरो खोपे

श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरणको लागि जसरी जग बसाले; सो कुरा नेपालको आधुनिक कालको इतिहासमा ज्यादै महत्त्वपूर्ण रहेको छ। उनीसंग पर्याप्त मात्रामा सैन्यशक्ति भएको भए उनको उक्त उद्योग त्यति उल्लेखनीय वा प्रेरणाप्रद हुने थिएन। तर आर्थिक आदि अनेक कमजोरी रहे तापनि जसरी योजनाबद्ध तरीकाले अनेक कष्ट गरी उनले आफ्नो अभियान सफल पारे। सो निर्माणतिर अघि बढ्न लागेका हामीलाई पर्याप्त प्रेरणाप्रद रहेको छ।

उनले राजनैतिक प्रयोगका साथसाथै कसरी होशियारीसाथ युद्धको सञ्चालन गर्नुपरेको थियो भन्ने कुराको एक उदाहरण 'कुलो छेडे वा पहरो खोपे' हो। नुवाकोट खिचेतमा पृथ्वीनारायण शाहको उद्योगलाई दर्शाउने सो ऐतिहासिक स्थल अहिलेसम्म केही अंशमा बचेको छ। नुवाकोट–विजयको सिलसिलामा सामरी खोलाको छेउमा रहेको पहरो खोपेर कुलो अर्थात् सुरुङ्ग बनाउने जुन काम पृथ्वीनारायण शाहले गराएथे, त्यसको संझना त्यस अवशेषले दिलाइरहेको छ। यस 'पहरो खोपे' को महत्त्व बुझ्न पहिले तात्कालिक परिस्थितिको अलिकता चित्रण गर्नुपरेको छ।

नुवाकोटमा पहिले गरिएका आक्रमण प्रायः गरी सोझै त्रिशूलीको सांघुबाट फौज तारी त्यतैबाट माथि उक्लो गरिएका थिए। नुवाकोट गढरूपको बलियो प्रदेश हुँदा तलबाट सोझै उकालो चढी आक्रमण गर्दा आक्रमण गर्नेलाई गाह्रो पर्ने र प्रत्याक्रमण गर्नेलाई माथिबाट तल अस्त्रप्रहार गर्न सुविधा हुन्थ्यो। माथिकाले ढुङ्गाले मात्र हाने पनि तलबाट उकालो लागी लड्नेको लागि मरणान्त पार्ने हुन्थ्यो। यही अवस्था हुँदा कीर्तिपुरमा पनि पृथ्वीनारायण शाहले बार बार हार खानुपरेथ्यो। कीर्तिपुरेहरूले ढुङ्गाका भकारी भरेर राखेका थिए; साथै घुंयत्रो हान्न जान्ने भोटेहरू साथ राखेका थिए[2]। माथिबाट ढुङ्गा मात्र वर्षाउँदा पनि सो खप्न नसकी भाग्नुपर्ने भएथ्यो। यस्तै घटना नुवाकोटमा पनि घटेथ्यो। त्रिशूली तरी ठाडै उकालो लागेका गोरखाली

---

१. यस पटकको नुवाकोट–आक्रमणमा पहिले जस्तै कान्तिपुरलाई गुहार दिन ललितपुर, भक्तपुर नआएका हुनाले श्री ५ पृथ्वीनारायण शाहको प्रयोग सफल भएको प्रमाणित हुन्छ।

२. पण्डित सुन्दरानन्द, 'त्रिरत्न–सौन्दर्य गाथा' नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि. सं. २०१६, पृष्ठ १०७–८

सैन्यलाई नुवाकोटेहरूले सजिलैसंग हटाएका थिए। अर्को कुरा त्रिशूलीको सांघु तरी गोरखाली सैन्य अघि बढेको कुरा नुवाकोटेहरूबाट गुप्त रहन पाउँदैनथ्यो; गोरखाली सैन्य अघि बढेको सूचना बेलैमा पाएका हुँदा नुवाकोटेहरूले बन्दोबस्त गर्ने मौका पाउँथे तथा कान्तिपुरबाट मदत आइपुग्थ्यो। इत्यादि कारणले गर्दा पहिलेको आक्रमण असफल भएथे।

उपर्युक्त असफलताबाट शिक्षा लिएर पृथ्वीनारायण शाहले बनाएको नुवाकोट जित्ने योजनाको एक अङ्ग 'पहरो खोपे वा कुलो छेडे' हो। यस कुराको संक्षिप्त उल्लेख पृथ्वीनारायण शाहको दिव्योपदेशमा पनि पाइन्छ। त्यहाँको वाक्य यस प्रकारको छ–

"दावा भन्या नुहाकोट्को, बहाना भन्या षिच्यात्को कुलो काटि षेत बिराउनाको गरिराष्याथ्या[1]"

अर्थात् गोरखाली सैन्य नुवाकोटविजयको लागि साइत गरी अघि बढेको कुराको सुइंको नुवाकोटका उमरा आदिले पाउलान् भनी पृथ्वीनारायण शाहले खिचेतको खेत बिराउन कुलो खनेको बहाना पारी पहरो खोपी सुरंग बनाउने काम गराएका थिए। यसबाट एक त सो सुरंगबाट अघि बढन सजिलो हुन्थ्यो; अर्को कुरा कुलो खन्ने निहुँले सैनिक एकत्र गर्दा शत्रुपक्षले सुइंको पाउँदैनथ्यो।

पहरो फोर्ने विशेष साधनको अभाव भएको त्यो युगमा पहाडलाई छेडेर सुरंगको रूप दिनु सजिलो काम थिएन। गहतको झोल, क्षारपदार्थ आदिको प्रयोग गरी कष्टसाथ गोरखालीहरूले पहरो खोपेको कुरा अझै पनि नुवाकोटका बासिन्दाहरू सुनाउँदैछन्। साथै भरियाहरू यो बाटोबाट आवतजावत गर्दा अहिलेसम्म पनि यस 'पहरो खोपे'को नुनिलो ढुङ्गा चाखेर हेर्ने गर्दा रहेछन्। हुन पनि यस 'पहरो खोपे'का ढुङ्गाका पत्रहरू अहिलेसम्म पनि केही नुनिला रहेछन्। यसबाट पहरो फोड्न प्रयोग गरिएको क्षारपदार्थको संकेत पाउन सकिन्छ। त्यसताका पहरो खोप्नुपर्‍यो भने गहतको झोल, सिंधेनून, हिंग आदिको क्वाथको प्रयोग गरिन्थ्यो[2]। गहतको झोल, सिंधेनून, हिंगको योगले हीरासम्म पनि फुट्छ भन्ने वचन रसायन शास्त्रमा लेखेको पनि पाइन्छ[3]।

वर्तमान युगको विशेष साधनको सुविधाको दृष्टिले हेर्ने हो भने यस 'पहरो खोपे'को महत्त्व त्यति रहंदैन। तर पृथ्वीनारायण शाहले नुवाकोट जित्न 'पहरो खोपे'को जुन प्रयोग गरेथे,

---

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ३२०

२. यस कुराको सूचना व. भैरवप्रसाद मिश्रज्यूबाट हामीले पाएका हौं।

३. "हिङ्गुसैन्धवसंयुक्तक्वाथे कौलत्थजे क्षिपेत्।
तप्तं तप्तं पुनर्वज्रं भूयाच्चूर्णं त्रिसप्तधा॥"
योगरत्नाकर, रत्नशोधनप्रकरण

त्यो निकै सफल भएको हुँदा त्यस दृष्टिले हेर्दा यसको ऐतिहासिक महत्त्व रहेको छ। एकीकरण अभियानको सिलसिलामा पृथ्वीनारायण शाहले उठाउनुपरेका कष्ट दुःखको स्मारकको रूपमा यो पनि एक रहेको छ भन्दा अत्युक्ति हुँदैन। यस कारण यस दृष्टिले यस 'पहरो खोपे वा कुलो छेडे' भएको ठाउँलाई ऐतिहासिक स्थलको रूपमा सुरक्षित पारिराख्नु आवश्यक देखिन्छ।

किन हो, इतिहासकारहरूले यस 'पहरो खोपे' सम्बन्धी कुरालाई कतै उल्लेख गरेको पाइंदैन। उता पृथ्वीनारायण शाहले आफूले झेल्नुपरेका कष्टहरूमध्ये यो पनि एक उल्लेखनीय हुँदा आफ्नो संक्षिप्त उपदेशमा समेत यसको चर्चा गरेका छन्। इतिहासकारहरूले चाहिं यसको महत्त्व नबुझेको जस्तो देखिन्छ।

शुभाघाट

दोस्रो पटक पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गर्दा पहिलेको भूल दोहऱ्याएनन् भन्ने कुराको चर्चा माथि गरिसकेको छ। यस पटक नुवाकोटमा आक्रमण गर्दा गोरखाली सैन्य पुरानो बाटो गएनन्; शुभाघाटबाट त्रिशूली तरी सुटुक्क महामण्डल उक्ली त्यताबाट नुवाकोटमा आक्रमण गरियो। यसो गर्दा गोरखालीसैन्यको हात माथि पऱ्यो; यस आक्रमणको सुइंको नुवाकोटेहरूले पहिले नै पाउन सकेनन् र यो पनि नुवाकोट विजयको कारणमध्ये पर्न आयो।

शुभाघाट इन्द्रायणीघाटभन्दा अलि उत्तरतिर पर्छ। महामण्डलको डाँडोले छेकेको हुँदा शुभाघाटतिरको दृश्य नुवाकोटको मूल बस्तीबाट देखिंदैन। यसो हुँदा त्रिशूली तर्न यस पटक पृथ्वीनारायण शाहले 'शुभाघाट'लाई रोजेका हुन्। यताबाट महामण्डल उक्लन सजिलो पनि थियो। फेरि इन्द्रायणीघाटतिर जप पाठ गर्न पृथ्वीनारायण शाह पहिले पनि बराबर जान्थे। 'दिव्यउपदेश' मा यो कुरा "वेत्रावतिका वेनि इन्द्रायेनि थानमा डुंगा तरि जप पाठलाई जान्थ्यां" भनी पृथ्वीनारायण शाहले व्यक्त गरेका छन्[1]। यसो हुँदा नुवाकोटका उमराहरूले पृथ्वीनारायण शाहको नयाँ गतिविधिउपर विशेष दृष्टि दिनु आवश्यक नसंझेको बुझिन्छ। यसलाई धार्मिक कुरा मात्र संझेको बुझिन्छ। तर यो पनि पृथ्वीनारायण शाहको एक योजनाबद्ध प्रयोग थियो। यस दृष्टिले शुभाघाटको पनि केही ऐतिहासिक महत्त्व रहेको छ। शुभाघाटबाट गोरखाली सैन्य महामण्डल उक्लेको कुरा यतातिरका जनतामा अहिलेसम्म प्रचलित छ। तर इतिहासकारहरूले यसको महत्त्व आँक्न नसकेको बुझिन्छ। इतिहासका ग्रन्थमा शुभाघाटको चर्चा गरिएको पाइंदैन।

जलुवा माझी

यस प्रसङ्गमा पृथ्वीनारायण शाहको सैन्यलाई शुभाघाटबाट त्रिशूली तारिदिने प्रमुख माझीको देनबारे पनि केही चर्चा गर्नु आवश्यक देखिन्छ। ती हुन् जलुवा माझी। जलुवा माझीको

---

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ३२०

उल्लेख वंशावलीमा परेको छ[1] । नुवाकोटका बुढा–पाकाहरू पनि जलुवा माझीको कार्यकुशलताको चर्चा अझै गर्दछन् । यसो हुँदा जलुवा माझीविषयका केही ऐतिहासिक प्रमाण पाइन्छन् कि भनी हामीले खोजीनीति गऱ्यौं । प्रसङ्गवश एक स्थानीय व्यक्तिले 'जलुवा माझीलाई पृथ्वीनारायण शाहले गरिदिएको ताम्रपत्र माझिटारका माझीसंग छँदैछ' भनी हामीलाई सुनाए । यो सूचना पाएपछि माझिटार गई खोजर खबर गर्दा जलुवा माझीका सन्तानकहाँ पृथ्वीनारायण शाहले गरिदिएको ताम्रपत्र भेट्टियो । वि. सं. १८०२ वैशाखमा सो ताम्रपत्र गरिदिइएको रहेछ[2] । त्यसमा जलुवा माझीले त्रिशूली तारिदिएको घटनाको स्पष्ट चर्चा त छैन । तर निकै ठूलो जग्गा विर्ता दिइएको हुँदा ठूलै कामबाट प्रसन्न भई सो विर्ता दिइएको हो भन्ने कुरामा शङ्का छैन । जुन जग्गा अहिलेसम्म 'माझिटार' नामले रहेको छ । नुवाकोट जितिएको लगत्तैपछि भने जस्तै सो ताम्रपत्र गरिदिइएको र त्यसमा साक्षी बस्ने कालु पाँडे आदि व्यक्तिहरूको विचार गर्दा पनि नुवाकोट हमलामा मदत गरिदिइएको हुँदा सो विर्त्ता गरिदिइएको हो भन्ने संकेत पाइन्छ । साथै वंशावलीमा उक्त कुराको स्पष्ट उल्लेख परेको छ ।

वंशावलीमा जलुवा माझीले कसैले सुइंको नपाउने गरी राति नै डुङ्गा तयार गरी लश्कर त्रिशूली तारेको कुराको वर्णन परेको छ । जलुवा माझीको यस कार्यकुशलताको संकेत पृथ्वीन्द्र-वर्णोदयको वर्णनबाट पनि पाइन्छ । त्यसमा नुवाकोट–आक्रमणको वर्णन गर्दा 'उत्तीर्यात्मकृताभिराश् तरिभिर्गङ्गां त्रिशूलोद्भवाम्' भनी उल्लेख गरिएको छ[3] । यसबाट त्रिशूली तर्दा पृथ्वीनारायण शाहको सैन्यले डुङ्गाहरूको प्रयोग गरेथ्यो; त्यो काम पछि छिटो छरितो रूपमा पूरा गरिएथ्यो भन्ने थाहा पाइन्छ । सो वर्णनले अलि अस्पष्ट रूपमा भए पनि जलुवा माझीको पुरुषार्थलाई संझाइरहेको छ ।

जयन्त रानालाई हात लिने प्रयास

नुवाकोटमा सैनिक कार्बाइ गरी विजय हासिल गर्नुभन्दा पहिले एक अर्को प्रयोग पनि पृथ्वीनारायण शाहले गरेका थिए । त्यो हो, जयन्त रानालाई हात लिने चेष्टा । जयन्त राना पहिले गोरखाली भारादार नै थिए । उनी काजी जस्तो उच्च ओहदामा थिए । नरभूपाल शाहको पालामा नुवाकोटमा गरिएको आक्रमण असफल भएपछि यसको दोष जयन्त रानामाथि लगाइयो र उनीबाट नेतृत्व झिकियो । यसबाट आफूउपर अन्याय भएको संझी पछि जयन्त राना जयप्रकाश मल्लको शरणमा गए । जयप्रकाशमल्लले पनि नुवाकोटभेकको रेखदेख गर्ने भारा जयन्त रानालाई नै सुम्पेथे । यसो हुनाले केही गरी पूर्वसम्बन्ध देखाई जयन्त रानालाई हात लिन सके विशेष लडाइँ नै नगरीकन नुवाकोट कब्जा गर्न सकिने हुनाले यो लोभ संवरण गर्न पृथ्वीनारायण शाहले सकेनन् ।

---

१. उही, पृष्ठ ७२२

२. ऐतिहासिक सामग्री, २६ संख्याको अभिलेख,

३. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ४४३

यसले आफूसंग मिल्न आऊ भनी पृथ्वीनारायण शाहले जयन्त रानाकहाँ कलिया (समाचार) पठाए। तर जयन्त रानाले जस्तो प्रत्युत्तर दिए; त्यसले पृथ्वीनारायण शाहको हृदयमा निकै असर पाऱ्यो। यसो हुँदा आफ्नो दिव्योपदेशमा समेत पृथ्वीनारायण शाहले यस कुराको चर्चा गरेका छन्। जस्तै–

"माहामण्डल भनेको नुहाकोटको सवता रहेछ. माहामण्डलमा ग्यामि राना थीयो. तँ हाम्रा भरको ग्यामि होस्. माहामण्डल छोडिदे. मछेउ आईज भनी पठाऱ्या र हुना ता म हजुरैको हुं. तर जयप्रकाशमल्लको नुन् षाई हाल्या. मरिमेटन्याछुं भनि हाक पारि पठायो[1] "

जयन्त रानाको शूरोपनले पृथ्वीनारायण शाह प्रभावित त भएथे। तर जयन्त राना जस्तै अरू गोरखाली भारादारहरू पनि शत्रुपक्षसंग मिल्न गए नराम्रो नतीजा निस्कने डर हुँदा पछि बेलकोटको लडाईँमा उनी पक्रिदा उनलाई कडा दण्ड दिइयो[2] ।

जेठी तरबार

यसरी नुवाकोट–विजय गर्न पृथ्वीनारायण शाहले अनेक समस्याको समाधान गर्नुपरेथ्यो। यस प्रसङ्गमा दलमर्दन शाहको बहादुरीको पनि चर्चा गर्नु आवश्यक छ।

यस पटकको नुवाकोट आक्रमण असफल नहोस् भन्नाका लागि पृथ्वीनारायण शाहले निकै प्रबन्ध मिलाएथे भन्ने चर्चा माथि गरिसकेको छ। त्यस प्रसङ्गमा नुवाकोटमा आक्रमण गर्न जाने योद्धाहरू शारीरिक दृष्टिले पनि मजबूत होऊन् भन्ने भावनाले प्रायः गरी तरुना व्यक्तिहरूलाई मात्र अघि लाउने योजना पृथ्वीनारायण शाहले मिलाएका थिए। त्यसअनुसार कम उमेरका र बढी उमेरका व्यक्तिलाई नछान्ने नीति उनले लिएथे[3]। त्यस ताका पृथ्वीनारायण शाहका भाइ दलमर्दन शाह बाह्र वर्षका मात्र थिए। यसो हुनाले त्रिशूली तर्न लाग्दा पृथ्वीनारायण शाहले उनलाई केटाकेटी भनी आउन मनाइ गरिदिएका थिए। तर त्यस वेला लडाईँ–भिडाईँमा पछि पर्नुपऱ्यो भने आफ्नो अपमान संझने जुन वातावरण फैलिएको थियो, त्यसले गर्दा बाह्र वर्षका मात्र भए पनि दलमर्दन शाहले त्यसबाट आफ्नो अपमान भएको संझे। यसो हुँदा दाजुद्वारा मनाइ गरिए पनि लडाइँको मैदानमा अघि बढी पुरुषार्थ देखाउने भावना दलमर्दन शाहको मनमा उर्ल्यो। अतः उनी सुटुक्क डुङ्गामा झुण्डिई त्रिशूलीपारि पुगे। साथै त्यताबाट महामण्डल उक्ली जेठी तरबार हान्ने गौरवशाली व्यक्ति उनी नै बन्न पुगे। अर्थात् महामण्डलको आडमा पसी त्यहाँ रहेको मल्लसैन्यका प्रमुख शङ्खमर्णि रानालाई अघि सरी जेठी तरबार हानी मार्ने काम दलमर्दन शाहले गरे। यस घटनाले श्री ५ पृथ्वीनारायण शाहको मनमा निकै प्रभाव पऱ्यो र आफ्नो उपदेशमा "बाह्रै वर्षमा मेरा भाई दलमर्दन साहले जेठि तरबार रानाको थापलामा हाल्यो र नुहाकोट

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ३२०–२१

२. रामजी तेवारी र अरू 'ऐतिहासिक पत्रसंग्रह' दोस्रो भाग, पृष्ठ ५७–५८

३. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ७२४

साधे गरि बढाई गरेउ" भनी उक्त घटनाको स्मरण गरेका छन्[1] ।

यसरी जयन्त रानाका छोरा शङ्खमणि राना मारिएपछि गोरखाली सैन्यले सजिलैसंग महामण्डलको आड कब्जा गऱ्यो । महामण्डल आडमा कब्जा जमाउन सक्नु नुवाकोटमा कब्जा जमाउन सक्नुको अर्को रूप थियो । किनभने त्यताबाट तल थ्रोह्लालो लागी नुवाकोटमा हमला गर्दा आफ्नो हात माथि पर्थ्यो । यसै हुँदा आफ्नो उपदेशमा पृथ्वीनारायण शाहले महामण्डल भनेको नुवाकोटको सौता रहेछ भन्ने भाव व्यक्त गरेका हुन् । हुन पनि महामण्डल कब्जा गरेपछि नुवाकोटको मूल बस्ती कब्जा गर्न त्यति गाह्रो भएन । नुवाकोटको मूल बस्ती गढ रूपको हुँदा अर्थात् खाई पर्खाल आदिले घेरिएको हुँदा गढ फोर्नु मात्र एक समस्या रह्यो । यसका लागि विस्फोटक पदार्थको प्रयोग गोरखाली सैन्यले गरेको बुझिन्छ । यस कुराको संकेत ललितावल्लभको पृथ्वीन्द्रवर्णोदयको वर्णनबाट पाइन्छ । त्यहाँ गोरखाली सैन्य नुवाकोट गढभित्र पस्दाको वर्णन यसरी गरिएको छ–

"उल्लङ्घ्याशु ततो गभीरपरिखामारुह्य तद्वीरणाः
प्राकारेष्वनलास्त्रकोटिघटनां चक्रुः प्रचण्डस्वनाम् ।"

यसबाट गढ फुटाउन 'प्रचण्डस्वन अनलास्त्र' अर्थात् विस्फोटक पदार्थको प्रयोग गरिएको थियो भन्ने थाहा पाइन्छ । शायद ती विस्फोटक पदार्थ काशीयात्राको वेलामा ल्याइएको थियो ।

यसरी गढ फुटाई गोरखाली सैन्य भित्र पस्न समर्थ भएपछि सजिलैसंग नुवाकोटको मूलकोट कब्जा गरियो । विशेष लडाइँ भएन । मल्लसैन्यले एक छिन बाण वर्षा गरी गोरखाली सैन्यलाई रोक्ने प्रयास गरेको वर्णन ललितावल्लभले पृथ्वीन्द्रवर्णोदयमा गरेका छन्[2] । तर महामण्डलको आड कब्जा गरेपछि गोरखाली सैन्य तीनतिरबाट सजिलैसंग अघि बढेथ्यो । कालु पांडेको नेतृत्वमा एक दल अशोकबारीको बाटोबाट अघि बढ्यो; अर्को दल महोद्दामकीर्तिको मातहतमा धर्मपानीको बाटो अघि बढ्यो; तेस्रो दल खुद पृथ्वीनारायण शाहको नेतृत्वमा तीनधाराको मूल बाटोबाट अघि बढ्यो । धर्मपानीभेकमा पनि एक बलियो आड हुँदा त्यस भेकमा अलि संघर्ष भएथ्यो । तर गोरखाली सैन्यले सजिलैसंग सफलता हासिल गऱ्यो । अरू दुइतिर त कुनै संघर्ष नै भएन । यसो हुँदा बढाइँका साथ नुवाकोट–दरबारमा पृथ्वीनारायण शाहको प्रवेश भयो । त्यहाँ भैरव भैरवीको दर्शन गरी पृथ्वीनारायण शाहले नुवाकोटको शासन सह्याले[3] ।

तल तादीको किनारमा अर्थात् नुवाकोट–माडीमा पनि दरबार थियो[4] । नुवाकोटका

---

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ३२१

२. उही, पृष्ठ ४४३

३. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ७१८–३५,

४. ध. व. र टेकबहादुर श्रेष्ठ–श्री ५ पृथ्वीनारायण शाहको नुवाकोट माडी दरबार, 'कन्ट्रिब्युशन्ज् टु नेपलिज् स्टडिज्' वर्ष २ अङ्क २, त्रि. वि., नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३२, पृष्ठ १४५–५४

शासकहरू शीतकालमा यस दरबारमा बसी प्रशासन चलाउँथे; साथै यो ठाउँ प्राचीन कालदेखि व्यापारको केन्द्र थियो। यसो हुनाले नुवाकोट डाँडोको मूलकोट कब्जा गरेको लगत्तैपछि तल तादी किनारको प्रदेश पनि पृथ्वीनारायण शाहले कब्जा गरे।

बेलकोटको लडाइँ

नुवाकोट डाँडाको मूलकोटपछि यस प्रदेशको अर्को महत्त्वपूर्ण कोट (किल्ला) बेलकोट थियो। बेलकोट नुवाकोट–डाँडोदेखि साढे तीन कोश जति दक्षिणपट्टि पर्दछ। सामरिक दृष्टिले बेलकोट निकै महत्त्वपूर्ण थियो। यसैले नुवाकोट डाँडोको मूलकोट गुमेपछि गोरखाली सैन्यसंग मुकाबिला गर्न जयन्त राना बेलकोटमा डटेर बसे। नुवाकोटबाट बेलकोट सोझै सामुन्ने देखिने हुनाले बेलकोटमा बसी ध्वजा फर्फराई जयन्त राना डटिरहेको घटनाले पृथ्वीनारायण शाहलाई अलि उत्तेजित पाऱ्यो र बेलकोटमा आक्रमण गर्न उनले कूच गरे। बेलकोट आक्रमणको लागि राजाको प्रस्थानको खबर पाई उनको सैन्य उनको पछि लाग्यो। यो अभियान एक किसिमले आकस्मिक भएको हुँदा गोरखाली सैन्यले युद्धसञ्चालनमा कुशलता अपनाउन सकेको थिएन। साथै दिनमा आक्रमण भएको हुँदा बेलकोटमा रहेको मल्लसैन्यले यस आक्रमणको सूचना सजिलैसंग पायो र मुकाबिलाको लागि ऊ होशियार रह्यो। यसो हुँदा बेलकोटको उकालो पनि लाग्न नपाउँदै भने जस्तै माथिबाट वर्षाएर ल्याइएका बाणले गोरखाली जवानलाई घाइते तुल्याउन थाले। यो देखी अघि बढनु उचित नदेखी पछि हट्ने विचार पनि पृथ्वीनारायण शाहमा आइसकेको थियो। तर अवस्थालाई राम्ररी केलाउन सक्ने चतुर योद्धा काजी कालु पाँडेले परिस्थितिलाई नियन्त्रित पारे। मैदानमा उत्रिसकेपछि अघि नबढी पछि हट्ता हुने हानिलाई बुझेर कालु पाँडेले गोरखाली सैन्यमा जे जस्तो भए पनि कस्सिएर अघि बढ्ने हौसला जगाए। साथै आफू पनि तरबार हातमा लिई स्फूर्तिसाथ अघि बढे। नुवाकोट–विजयले गोरखाली सैन्यको मनोबल बढिसकेको थियो। यसो हुँदा ज्यान जोखिमको पर्वाह नै नराखी गोरखाली सैन्य बेलकोटमा उक्ल्यो। यसो हुँदा निकै सैनिकको क्षति भए पनि गोरखाली सैन्यले बेलकोट कब्जा गऱ्यो[1]।

यस बेलकोटको युद्धको प्रसङ्गमा कालु पाँडेको कुशलता र आफ्नो हतारिने स्वभावलाई लक्ष्य गरी पृथ्वीनारायण शाहले व्यक्त गरेको उद्‌गार उल्लेखनीय रहेको छ। आफ्नो भूल सकार्ने, योग्यताको कदर गर्ने उनको त्यो उदात्त बानीले गोरखाली भारादारमा योग्यता, इमान्दारीपूर्वक काम गर्ने भावनाको वृद्धिमा निकै मदत गरेथ्यो[2]।

जयप्रकाशमल्लद्वारा नुवाकोट फिर्ता लिने प्रयास

यसरी गोरखाली सैन्यले नुवाकोट, बेलकोट कब्जा गरेको समाचार कान्तिपुर पुगेपछि

---

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ७३५–४०

२. नयराज पन्त–संशोधनको परम्पराबाट राष्ट्रको हित, 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को उपोद्घात, पृष्ठ ३३–३५

यसबाट जयप्रकाशमल्ललाई निकै धक्का लाग्यो । अतः उनी गोरखालीलाई नुवाकोटबाट हटाउने तरखरमा लागे । त्यो साल रणभीम थापाको देखरेखमा उमराहरूको पजनी जयप्रकाशमल्लले सम्पन्न गरिसकेका थिए । तर रणभीम थापाको प्रबन्धले गोरखालीलाई नुवाकोटबाट हटाउन नसकिने कुरा उठेको हुँदा जयप्रकाशमल्लले काशीराम थापालाई मुख्य उमरा बनाई फेरि उमराहरूको पजनी गरे । यति गरी काशीराम थापाको नेतृत्वमा निकै ठूलो लश्कर जयप्रकाशमल्लले नुवाकोट-तिर प्रस्थान गराए[1] । वंशावलीकारले सो फौजको संख्या आठ हजार थियो भनी लेखेका छन् । जे होस्; निकै ठूलो फौज पठाइएको थियो भन्ने कुरामा शङ्का छैन । यस बेलासम्म जयप्रकाशमल्लले आर्थिक अभावको सामना गर्नुपरेको थिएन; आवश्यक खर्च बेहोर्न सक्ने क्षमता त्यस बेलासम्म उनीसंग थियो । यस कारण अर्थबलको आधारमा निकै सैनिक बटुल्न उनी समर्थ भएथे ।

काशीराम थापाको नेतृत्वमा निकै ठूलो लश्कर नुवाकोट फिर्ता लिन अघि बढ्दै आएको समाचारले उता पृथ्वीनारायण शाहलाई निकै चिन्तित पारिदियो । वंशावलीअनुसार त्यस बेला पृथ्वीनारायण शाहले बाह्र शयभन्दा बढी सैनिक जम्मा पार्न सकेका थिएनन्[2] । यसो हुँदा गोरखाली सैन्यमा अलि खलबली मच्चिएथ्यो । तर कुनै हालतमा पनि नुवाकोटबाट पछि नहट्ने पृथ्वीनारायण शाहको दृढताले गर्दा गोरखाली सैन्यलाई ठूलो प्रेरणा मिल्यो । हुन पनि संख्यामा थोरै भए पनि ठूलो आत्मविश्वाससाथ गोरखाली सैन्य मुकाबिला गर्न अघि बढेपछि काशीराम थापा लडाइँको मैदानमा टिक्न सकेनन् । सेनापतिले नै पीठ फर्काएपछि अरू फौजले पनि भागाभाग गर्न थाल्यो । यस युद्धमा पनि जीत गोरखालीको नै भयो[3] ।

यसबेला कान्तिपुरलाई गुहार दिन भक्तपुर पनि आएन; ललितपुर पनि आएन । पश्चिमका लमजुङ आदि चौबिसी राज्य पनि तटस्थ रहे । यस अवस्थाको सिर्जना योजनाबद्ध ढङ्गले पहिले नै गरिसकेको हुँदा पृथ्वीनारायण शाहद्वारा गरिएको नुवाकोट –विजय दीगो भयो । नुवाकोट विजय खाली एक प्रदेशको विजय मात्र नभई नेपालको एकीकरण अभियानको पहिलो खुड्किलो बनेको थियो । साथै तात्कालिक राजनैतिक अवस्थाले नयाँ रूप लिन थालेको कुराको यो पहिलो उदाहरण थियो ।

लब्धप्रशमनको लागि प्रयोग

गुहारयुगको राजनीतिबाट लाभ उठाई जुन किसिमको सन्तुलन मिलाई पृथ्वीनारायण शाहले नुवाकोट विजय गरेका थिए; सो सन्तुलन कायम राख्न पृथ्वीनारायण शाहले निकै समस्याको सामना गर्नुपर्‍यो । एक त गोरखाको सफलताले लमजुङ आदि चौबिसी राज्य गोरखाप्रति सशङ्क हुन थालेथे; दोस्रो उपत्यकाका मल्ल राजाहरू एक भई मिले भने नुवाकोट थाम्न सकिंदैनथ्यो ।

---

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ७५४

२. उही, पृष्ठ ७५४

३. उही, पृष्ठ ७५५–५६

यसो हुँदा उपत्यकाका मल्ल राजाहरूमा फूट पारिराख्नु आवश्यक थियो। नुवाकोटको विजयको लगत्तैपछि यसै सन्तुलन कायम गरिराख्ने कुरामा पृथ्वीनारायण शाहले बुद्धि खियाउन थाले। यसका लागि आफूले दिएको वचन पुऱ्याउनु पहिले आवश्यक थियो। भक्तपुरका राजा रणजित्-मल्ललाई सांखु चांगु, महादेवपोखरी, नालदूम आदि प्रदेश कान्तिपुरबाट खोसी दिलाइदिने आश्वासन दिई पृथ्वीनारायण शाहले आफ्नो पक्षमा मिलाएथे। यसो हुनाले भक्तपुरसंग मिली साँखु, चाँगु आदि प्रदेशमा आक्रमण गर्ने योजना उनले मिलाए। तर यस योजनालाई कार्यान्वित गर्न केही समय लाग्यो।

उता लमजुङको विरुद्ध कास्कीलाई तथा कास्कीको विरुद्ध लमजुङलाई गुहार दिने आश्वासन पनि उनले दिएथे। यसो हुनाले आफ्नो काज गरिदिन कास्की आदि राज्य उनलाई ताकिता गर्दै थिए। कास्कीका राजाले ताकिता गरी पठाउँदा पृथ्वीनारायण शाहले त्यसवेला देखाएको लोलोपोतोको नीति घतलाग्दो छ। वि. सं. १८०२ मा कास्कीका प्रतिनिधिलाई पठाएको एक पत्रमा उनी लेख्छन्–

"उप्रान्त आउँदा जीवपक्षमा काज हवस् भनि आग्या गरिपठाउनुभएछ. भलो आज्ञा गरि पठाउनुभएछ. परन्तु हाम्रा ऽहा चाँगु सांखुको काज लाग्दा तहाका काज बलियो गरि हुन्याछैन .....कास्किलाई छोडी गोर्खालि काहा जानु छ. गोर्खालाई छोडी कास्कीले पनि कहाँ जानु छ.....आज गोर्खाबाट काज भएन तापनि काह्लि गोर्खाबाट काज भई कास्किको बनला... काम्ले लामु छोटो पऱ्या पनि लंजु घटाई भाइको काज बनाउन्यै आकांछा छ[1] "

यसरी सन्तुलन मिलाउन लोलोपोतो देखाउनुपर्ने अवस्था पृथ्वीनारायण शाहलाई आइपरेको स्पष्ट झलक यस पत्रबाट पाइन्छ। कास्कीभन्दा पहिले भक्तपुरको काज गर्नु आवश्यक थियो। यसो हुँदा साँगु चाँगु आदिको काजतिरै पहिले पृथ्वीनारायण शाह लागे। आवश्यक प्रबन्ध मिलाई वि.सं. १८०३ मा गोरखा र भक्तपुरको संयुक्त सेनाले साँखु चाँगुमा हमला गऱ्यो। शुरूमा ती प्रदेशमा संयुक्त सेनाले दख्खल पनि जमायो। यस घटनाले जयप्रकाशमल्लको प्रभावमा ठूलो धक्का पाऱ्यो र उनको विरोधी पक्षले उनलाई राज्यच्युत गरी उनका छोरा ज्योतिप्रकाशमल्ल–लाई कान्तिपुरको गद्दीमा राख्यो। यस विरोधी सरकारले तत्काल साँखु चाँगुमा आक्रमण गरी ती प्रदेशबाट गोरखालीलाई हटायो[2]। यस सिलसिलामा गोरखाली सैन्यले महादेवपोखरी, नालदूम आदि उपत्यकाबाहिरका प्रदेशमा शक्ति लगायो; दोलखासम्मका कान्तिपुरराज्यअन्तर्गतका प्रदेश जिती किल्लाहरूमा गोरखाली सैन्य नियुक्त गरी ती प्रदेशको आधिपत्य चाँहि रणजित्मल्ललाई सुम्पिदिइयो[3]।

---

१. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल, 'ऐतिहासिक पत्रसंग्रह' पहिलो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि. सं. २०१४, पृष्ठ–१९–२०

२. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ७७३–७५

३. उही, पृष्ट ७६८–७२

यस्ता घटनाबाट उपत्यकाका मल्ल राजाहरूमा फूट पैदा हुनु स्वाभाविक थियो। भक्तपुरका राजा रणजित्मल्ल दोलखासम्मका प्रदेशमा आफ्नो अधिकार फैलिएको हुनाले मख्ख परे। कान्तिपुरमा गृहकलह भएको हुँदा जयप्रकाशमल्लले चार वर्ष जति राज्यच्युत भई रहनुपर्‍यो। यसरी सब किसिमको सन्तुलन मिलाइएको हुँदा नुवाकोट विजय दीगो भयो।

नुवाकोट राजधानीको रूपमा

नुवाकोट–विजयपछि पृथ्वीनारायण शाहले आफ्नो मुख्य मुकाम नुवाकोटलाई नै बनाए। पूर्वतिर बढ्ने आफ्नो योजना पूरा गर्ने कामको लागि गोरखाभन्दा नुवाकोटलाई पृथ्वीनारायण शाहले पाइक परेको संझे। यसै हुँदा पृथ्वीनारायण शाहले नुवाकोटलाई आफ्नो राजधानी नै घोषित गरे। यो कुरा कवि ललितावल्लभको पृथ्वीन्द्रवर्णोदयबाट पनि थाहा पाइन्छ; पृथ्वीनारायण शाहका पत्रहरूबाट पनि थाहा पाइन्छ। पृथ्वीन्द्रवर्णोदयमा यस कुराको वर्णन यसरी गरिएको छ–

"तस्मिन् स्वीयभुजार्जिते नृपतिना दुर्गे बहुप्रेमतो
रम्ये सुन्दरमन्दिरैर्नवतरैः श्रीराजधानी ततः।
सोत्साहं समकारि" . . . .　　　　. . . .

तात्कालिक पत्रहरूमा पनि मुकाम 'नुवाकोट राजधानी' भनी लेखिएको पाइन्छ[1]। वि. सं. १८०२ देखि वि. सं. १८२४ सम्मका पृथ्वीनारायण शाहका पत्रमा प्रायः गरी मुकाम नुवाकोट दिइएको पाइन्छ। यसको अर्थ श्री ५ पृथ्वीनारायण शाहको एकीकरण अभियानको मुख्य केन्द्र नुवाकोट रह्यो भन्ने स्पष्ट छ। यसरी करीब पचीस वर्ष जति राजधानीको रूपमा रहने सौभाग्य नुवाकोटले पाएको हुँदा त्यस वेला अनेक क्षेत्रमा यस प्रदेशको विकास हुनु स्वाभाविक थियो।

यस ताकाको नुवाकोटको इतिहास भन्नु पृथ्वीनारायण शाहले नुवाकोटमा मुकाम गरी एकीकरणको लागि उठाएका विभिन्न कदमबाट उब्जेका परिणाम हुन् भनी सहजै भन्न सकिन्छ। यस कारण नुवाकोटको आधुनिक कालको इतिहाससंग पृथ्वीनारायण शाहका ती प्रत्येक गतिविधिको केहीनकेही सम्बन्ध जोडिएको छ। तर ती सबै घटनाको विवेचना गर्दा ग्रन्थ विस्तृत हुने र समयाभाव पनि भएको हुँदा नुवाकोटसंग सोझै सम्बन्ध राख्ने केही प्रमुख कुराको मात्र यहाँ चर्चा गरिन्छ।

आर्थिक विकास गर्ने प्रयत्न

नुवाकोटमा राजधानी कायम गरेपछि पूर्वतिर बढ्ने आफ्नो योजना पूरा गर्ने काममा पृथ्वीनारायण शाह तल्लीन भए। यसका लागि उनलाई धन जनको आवश्यकता पर्नु स्वाभाविक

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ६६६–७०,

थियो। सोझै उपत्यकामा आक्रमण गरी कुनै प्रदेश दखल गरे पनि सो विजय दीगो पार्नु कठिन छ भन्ने कुराको अनुभव साँखु चाँगुको घटनापछि पृथ्वीनारायण शाहले स्पष्ट रूपमा गरिसकेका थिए। यसो हुनाले उपत्यकाका चारैतिरका प्रदेशहरू दखल गरी उपत्यकालाई चारैतिरबाट घेर्ने तथा आर्थिक नाकाबन्दी गर्ने योजना उनले बनाए। यसका लागि सैन्य बढाउनु आवश्यक थियो; सैन्य बढाउन धनको बन्दोबस्त मिलाउनु आवश्यक थियो। यस कारण अर्थलाभ गर्नेतिर पनि शुरूदेखि नै पृथ्वीनारायण शाहले दृष्टि दिन थालेथे।

नुवाकोट विजयपछि केही आर्थिक स्रोत उनको हात लागेथ्यो। केरुङ भई भोट जाने मुख्य मार्ग नुवाकोटअन्तर्गत हुँदा भोटसंगको व्यापारबाट लाभ उठाउने कुरा उनले सोचे। तर भोट जाने अर्को प्रसिद्ध मार्ग कुतीतिर दखल नजमाउन्जेल भोटसंगको व्यापारबाट हुने लाभ सर्वात्मना उठाउन सकिंदैनथ्यो। यसो हुँदा कुतीभेकतिर पनि प्रभाव फैलाउने प्रयास पृथ्वीनारायण शाहले गर्दै गरे। यस कुराको केही पुष्टि वि. सं. १८०६ मा पृथ्वीनारायण शाहले कमलवन गोसाइँहरूलाई लेखेको पत्रबाट केही हुन्छ[1]। त्यस पत्रमा कुतीको बाटो कमलवनहरूले चँवर घोडा सुन आदि ल्याउँदा दस्तूर माफ भयो भन्ने सुविधा दिएको कुरा परेको छ। त्यस बेला भोट र भारतसंगको व्यापारमा गोसाइँहरूको पनि ठूलो हात रहन थालेको थियो। कमलवनहरूको सम्बन्ध उपत्यकाका मल्ल राजाहरूसंग पनि थियो[2]। यस ताका जयप्रकाशमल्ल राज्यच्युत भई रहेका थिए। उनलाई कमलवनहरूले ऋण दिई आर्थिक मदत गरिरहेका थिए। यसो हुँदा पनि पृथ्वीनारायण शाहले यी गोसाइँहरूलाई हात लिने चेष्टा गरेको बुझिन्छ। साथै कुतीतिर प्रभाव फैलाउने चेष्टा पनि उनको चलिरहेकै थियो। दोलखासम्मका प्रदेशको आधिपत्य पृथ्वीनारायण शाहले रणजित्-मल्ललाई सुम्पेका हुँदा त्यहाँ सोझै आफ्नो अधिकार जमाउन अलि मिलेको थिएन। यत्तिकैमा महादेवपोखरी, नालदूम आदि प्रदेश कान्तिपुरले फिर्ता गरिलिएपछि सो अप्ठ्यारो अवस्था पनि समाप्त भयो। वि. सं. १८११ मा पृथ्वीनारायण शाहले ती प्रदेशमा सोझै आफ्नो आधिपत्य जमाए[3]। यसपछि आर्थिक योजना लागू गर्न उनलाई अलि सजिलो भयो।

मल्ल राजाहरू भारतबाट चाँदी ल्याई आफ्ना चाँदीका टक मार्थे र ती टकहरू भोटमा पठाई त्यताबाट सुन ल्याउँथे। यसबाट उनीहरूलाई निकै नाफा हुन्थ्यो। यो काम पृथ्वीनारायण शाहले पनि गर्ने अठोट गरे। वि. सं. १८११ मा उनले आफ्नो पनि स्वतन्त्र टक प्रचलनमा ल्याए। साथै आफ्ना टक भोटमा पठाउन पनि उनले विशेष चेष्टा गरे। आफ्ना दूत हरिदेव पण्डितलाई पृथ्वीनारायण शाहले लेखेका यस सम्बन्धका धेरै पत्रहरू प्रकाशमा आएका छन्[4]। ती पत्रहरूबाट

---

१. ऐतिहासिक सामग्री, ७ संख्याको पत्र,

२. ऐतिहासिक सामग्री, १,३,४, संख्याको पत्र

३. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृष्ठ ४३–४४

४. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृष्ठ ६५३–६५४, ६६६–६७३

भोटबाट सुन र भारतबाट चाँदी ल्याई तिनको विनिमय–व्यापारबाट उनले लाभ उठाउन चेष्टा गरेको स्पष्ट थाहा पाइन्छ ।

आर्थिक कुरामा राष्ट्रिय हितलाई ध्यानमा राख्ने पृथ्वीनारायण शाहको महत्त्वपूर्ण नीतिको राम्रो झलक उनले जयप्रकाशमल्लसंग वि. सं. १८१४ मा गरेको सन्धिपत्रबाट पाइन्छ । भोटसंगको व्यापार नुवाकोटको बाटो गर्ने भन्ने एक विशेष शर्त त्यस सन्धिमा परेको हुनाले नुवाकोटको इतिहाससंग त्यस सन्धिको सम्बन्ध रहेको छ। यस कारण त्यस सन्धिको चर्चा यस प्रसङ्गमा गर्नु परेको छ[1] । त्यस सन्धिपत्रमा परेका मुख्य विषय यी हुन्–

(१) काठमाडौं र गोरखा दुवै राज्यमा एउटै चास्नीका शुद्ध चाँदीका टक मार्ने; दुवै राज्यका टक परस्परमा चलाउने,

(२) भोटमा रुपियाँ र मालताल पठाउँदा दुवै राज्यले बराबर पठाउने, भोटमा दुवै देशका दूत राखी तिनै दूतको रेख–देखमा निकासी व्यापारको काम गराउने; भोटबाट प्राप्त हुन आउने सुन बराबर बाँडिलिने,

(३) भोटसंग व्यापार गर्दा नुवाकोटको बाटोबाट गर्ने,

(४) काठमाडौं र गोरखामा परस्परमा दूत राख्ने; परस्परमा व्यापार चलाउने,

(५) मधेस (भारत) बाट प्राप्त हुने सिक्का बराबर बाँडिलिने,

(६) गोरखाले पाटनमा दखल जमाए कान्तिपुरले त्यसमा स्वीकृति दिने तथा केही गरी कान्तिपुरले पाटनमा अधिकार जमाए पनि पाटन गोरखालाई सुम्पिदिने; पाटनको बाटो आएका मालसामान खोस्ने,

(८) गोरखाले नालदूम काठमाडौंलाई सुम्पिदिने ।

एक कट्टर प्रतिद्वन्द्वीलाई हात लिई यसरी सन्धिपत्र गराउन सकेको हुनाले पृथ्वीनारायण शाहको राजनीतिको चातुर्यलाई त यस सन्धिले स्पष्ट रूपमा देखाएको छंदैछ । त्यसभन्दा पनि आर्थिक कुरामा राष्ट्रिय हितलाई ध्यानमा राखी काम गर्ने पृथ्वीनारायण शाहको महत्त्वपूर्ण नीतिको झलक यसबाट पाइन्छ ।

मल्ल राजाहरूका शुद्ध चाँदीका टक प्रचलनमा आएसम्म ती टकको भारतीय सिक्कासंगको विनिमय–दर सन्तुलित थियो र बजारको भाउ पनि नियन्त्रित थियो । तर अर्थसङ्कटले गर्दा मल्ल राजाले चाँदीमा तामा मिसाई टक प्रचलनमा ल्याएपछि भारतीय सिक्काको सामुन्ने नेपाली मुद्राको अवमूल्यन हुन शुरू भयो र बजारमा महंगी बढ्न थाल्यो[2] । यो कुरा राष्ट्रिय दृष्टिले हितकर नभएको हुनाले शुद्ध चाँदीको टक चलाउनुपर्छ भन्ने पृथ्वीनारायण शाहको दृढ नीति थियो। पृथ्वीनारायण शाहले आफूले त शुरूदेखि नै शुद्ध चाँदीका टक प्रचलनमा ल्याएथे । तर जयप्रकाश-

१. उही, पृष्ठ ९७४–९७५

२. ठिमीनिवासी चन्द्रमान जोशीसंग रहेको तात्कालिक टिपोटबाट यो कुरा थाहा पाइन्छ ।

मल्ललाई पनि शुद्ध चाँदीका टक प्रचलित गर्ने कुरामा जोड दिई सन्धि गरेका हुनाले उनको राष्ट्रिय दृष्टिकोणको स्पष्ट झलक पाइन्छ। यद्यपि उक्त सन्धि धेरै काल व्यवहारमा नआएको हुँदा यसको परिणाम तत्काल देखापरेन तापनि शुद्ध चाँदीको टक प्रचलनमा ल्याई नेपाली मुद्राको स्तर उकास्ने र महंगी हटाउने कुरामा पृथ्वीनारायण शाह दृढ थिए।

जयप्रकाश मल्लसंग गरेको उपर्युक्त सन्धिबाट नुवाकोटलाई एक किसिमले अन्ताराष्ट्रिय व्यापारको केन्द्र बनाउने पृथ्वीनारायण शाहको प्रयासको पनि झलक पाइन्छ। व्यापारीहरूलाई अनेक सुविधा दिएर भए पनि उनले नुवाकोटलाई व्यापारकेन्द्र बनाउन खोजेथे। यस कुराको झलक उनका पत्रहरूमा पाइन्छ[1]।

यस प्रसङ्गमा पृथ्वीनारायण शाहले नुवाकोटमै टकसार खोल्न लाएको कुरा पनि उल्लेखनीय छ। टकसार रहेको ठाउँ हुँदा जुन इलाका नै अहिलेसम्म पनि टकसार नै कहलाएको छ।

श्री ५ पृथ्वीनारायण शाहको कर्मभूमि नुवाकोट

यसरी पृथ्वीनारायण शाहका एकीकरण अभियानसम्बन्धी गतिविधिको केन्द्र निकै अंशमा नुवाकोट रहेको उदाहरण अनेक पाइन्छन्। वास्तवमा पृथ्वीनारायण शाहको कर्मक्षेत्र निकै अंशमा नुवाकोट रह्यो भन्दा अत्युक्ति हुँदैन। नुवाकोटबाट अघि बढी नेपाल– उपत्यका विजय गरेपछि पृथ्वीनारायण शाहको मुकाम कान्तिपुरमा रह्यो र एकीकृत नेपालको राजधानी बन्ने सौभाग्य कान्तिपुरले पायो। तर पृथ्वीनारायण शाहको पचीस वर्षको महत्त्वपूर्ण र प्रेरणाप्रद अभियानको केन्द्रस्थलचाहिं नुवाकोट रहेको हुँदा यस प्रदेशप्रति उनको विशेष लगाव रहेको बुझिन्छ। पूर्व सिकिमसम्म सांध लागेपछि पृथ्वीनारायण शाहले पश्चिमतिर बढ्न खोजेथे। यसका लागि उनी फेरि नुवाकोट आएथे। तर उनको मन दौडे पनि शरीरले उनको साथ दिन छोड्यो[2]। यसो हुँदा आफ्नो अन्तिम घडी नुवाकोटमा नै बिताउने विचार उनले गरे। त्यस वेला उनी गोरखा पुगूं भने पनि सक्थे। अथवा उपत्यकामा पशुपति पुगूं भने पनि सक्थे। तर आफ्नो जीवनको पचीस वर्षको कर्मक्षेत्र बनेको नुवाकोटमै देहत्याग गर्ने अभिलाषा उनमा जागेको देखिन्छ। देहत्यागभन्दा पहिले नुवाकोट तादीको किनारमा रहेको शान्त रङ्गमहलमा पृथ्वीनारायण शाहले आफ्नो प्रसिद्ध उपदेश आफ्ना अनुयायीहरूको समक्ष राखेथे। यसरी श्री ५ पृथ्वीनारायण शाह-सम्बन्धी स्मरणीय अनेक घटनालाई ओगटेर रहेको हुँदा यस प्रदेशको ऐतिहासिक महत्त्व स्पष्ट छ।

यस प्रसङ्गमा पृथ्वीनारायण शाहको देहावसानलाई लिई एक सहृदय कविले व्यक्त गरेको उद्गार यहाँ उद्धृत गर्नु आवश्यक देखिन्छ। ऐ. शि. बाबुराम आचार्यज्यूको भनाइअनुसार

---

१. ऐतिहासिक सामग्री, ७,८,९ संख्याका पत्रहरू

२. वि. सं. १८३१ मा भगवन्तनाथलाई लेखेको पत्रबाट त्यस वेला नै उनको स्वास्थ्य बिग्रन लागेको थाहा पाइन्छ। तैपनि उनले आफ्नो अभियान स्थगित गरेका थिएनन्। 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' पृ. ११८५–११८७

सो उद्गार नुवाकोट देवीघाटमा कुनै शिलामा उत्कीर्ण गरिराखे कोथियो; तर पछि कारणवश सो शिला हरायो भन्ने रहेको छ[1]। तर सो उद्गार परम्पराबाट भए पनि चलेर आइरहेको छ। सो यस प्रकारको छ—

"मास्तां शाकः कदाचिद्रसनिधिनृपयुग् माघमासोपि मास्तां
मास्तां विश्वावसुर्वा तिथिरपि दशमी तत्र सूर्योदयोऽपि।
यस्मिन् राजेन्द्रवर्यो विविधजनमनःशान्तकृत् ख्यातिकीर्तिः
पृथ्वीनारायणेशो रिपुकुलदहनस्त्यक्तवान् कर्मभूमिम् ॥"

(शाके १६९६ नै नपरिदिएको भए हुन्थ्यो; विश्वावसु संवत्सर पनि नपरिदिएको भए हुन्थ्यो; माघ महीना पनि नपरिदिएको भए हुन्थ्यो; दशमी तिथि पनि नपरिदिएको भए हुन्थ्यो; सूर्योदय पनि नभएको भए हुन्थ्यो। जुन वेला राजामा श्रेष्ठ, धेरै मानिसको मनमा शान्ति दिने, नाउँ चलेका, शत्रुलाई सखाप पार्ने, पृथ्वीनारायण शाह राजाले कर्मभूमिलाई छोड्नुभयो।)

यस उद्गारमा पृथ्वीनारायण शाहले 'कर्मभूमि छोडे' भनी उनको देहत्यागलाई लक्ष्य गरिएको हो। तर यसको अर्थ आफ्नो कर्मभूमि रहेको नुवाकोटलाई पृथ्वीनारायण शाहले छोडे भन्ने निकाल्दा पनि नमिल्ने हुँदैन। किनभने नुवाकोट निकै अंशमा उनको 'कर्मभूमि' रहेको कुरामा शङ्का छैन।

नुवाकोटको पुनर्निर्माण र स्थितिबन्देज

करीब पचीस वर्ष जति नव नेपालको राजधानीको रूपमा नुवाकोट रहेको हुँदा यस प्रदेशको राजनैतिक महत्त्व त बढेकै थियो। साथसाथै यस बीच एक किसिमले नुवाकोटको पुनर्निर्माण पनि भयो भन्न सकिन्छ। यस बीच मल्लकालदेखिका कृतिको रक्षाको साथसाथै नयाँ भव्य भवनहरू बने; देवमन्दिर पाटी पौवाहरू बनेथे। अब तिनको पनि केही चर्चा यहाँ गर्नु आवश्यक छ।

नुवाकोट विजयपछि पृथ्वीनारायण शाह पूर्वतिर बढ्ने आफ्नो योजना पूरा गर्ने काममा सर्वात्मना लागेका थिए। शुरूका वर्षमा योजना कार्यान्वयनमा सफलता पाउन उनले अनेक कष्ट उठाउनुपरेको थियो। यसो हुनाले शुरूका वर्षमा नुवाकोटको पुनर्निर्माणमा उनले विशेष दृष्टि दिन सकेको देखिँदैन। मल्लकालिक दरबार 'रङ्गमहल' मै बसी उनले काम चलाएथे। यस बीच उनले नुवाकोटमा केही धर्मकर्म मात्र गरेको उल्लेख पाइन्छ। उदाहरणार्थ वि. सं. १८१६ मा पृथ्वीनारायण शाहले नुवाकोट भैरवीलाई चढाएको घण्टालाई औंल्याउन सकिन्छ[2]। अभिलेख

१. बाबुराम आचार्य, 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह' (संक्षिप्त जीवनी) भाग ३, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरबार, काठमाडौं, वि. सं. २०२४ पृष्ठ ६३६

२. ऐतिहासिक सामग्री, ३१ संख्याको अभिलेख

सहितको जुन घण्टा भैरवीस्थानमा अहिलेसम्म छँदैछ। तर वि. सं. १८१९ तिर पुगेपछि पृथ्वीनारायण शाहको मनमा ठूलो आत्मविश्वास पैदा भएको बुझिन्छ। यस साल मकवानपुर विजय, मीरकासिम पराजय जस्ता उल्लेखनीय सफलता उनले पाएथे। यस सालको शुरूमा पृथ्वीनारायण शाहले नुवाकोट–डांडोमा एक भव्य दरबार बनाउन लाए। जुन दरबार केही रूप बदलिए पनि साबुत रूपमा अहिलेसम्म कायम छ। साततले दरबारको नामले जुन प्रसिद्ध छ। वास्तुकलाप्रति पृथ्वीनारायण शाहको जुन धारणा रहेको थियो, तदनुरूप सो दरबार बनाइएको थियो। किल्लाको रूपसमेत दिई बनाइएको भवन हुँदा त्यहाँको अभिलेखमा जुन दरबारलाई 'दुर्गरत्न' भन्ने संज्ञा दिइएको छ। सो दरबार बनाई राखिएको अभिलेखमा पृथ्वीनारायण शाहले दुइ घटनालाई महत्त्व दिई वर्णन गराएका छन्। एक काशीयात्राको प्रसङ्गमा बाटो छेक्न आउने मुसलमान चौकीदारहरूको मानमर्दन गरेको घटना र अर्को तनहूँका राजा त्रिविक्रमसेनलाई कैद गरेको र पछि छोडिदिएको घटना। यी दुवै घटनाको सम्बन्ध नुवाकोटसंग रहेको थियो भन्ने संकेत पाइन्छ। नुवाकोट आक्रमणमा यहाँको गढ तोड्न विस्फोटक पदार्थको प्रयोग गरिएको थियो र सो विस्फोटक पदार्थ काशीयात्राको प्रसङ्गमा ल्याइएको देखिन्छ भन्ने चर्चा माथि गरिसकेको छ। तनहूँको राजालाई त केही काल नुवाकोटमा थुनेको हुँदा यस घटनाको सम्बन्ध नुवाकोटसंग रह्यो नै।

तल तादीको किनारमा सेरा बगैंचामा पनि मल्लकालदेखि नै एक राजभवन रहेको थियो। जाडोको मौसममा यहाँ न्यानो हुने हुनाले हिउँदमा पृथ्वीनारायण शाह पनि यस माडी दरबारमा रहन्थे। निकै कालसम्म पुरानै दरबारमा बसी उनले काम चलाएथे। तर वि. सं. १८२२ मा पृथ्वीनारायण शाहले यहाँ पनि भव्य भवन बनाउन लाए। त्यसताका पृथ्वीनारायण शाह कीर्तिपुर विजय गर्ने योजनामा संलग्न थिए; उनी त्यसताका नुवाकोटमा थिएनन्। यस कारण नुवाकोटमाडी दरबारको पुनर्निर्माण युवराजाधिराज प्रतापसिंह शाहको देखरेखमा भएको थियो। त्यसो हुनाले त्यहाँ रहेको शिलालेखमा प्रतापसिंह शाहको विशेष वर्णन परेको छ[2]। सथै फागुको उत्सवमा नुवाकोटका प्रजाहरूसाथ सम्मिलित भई स्वयं प्रतापसिंह शाहले गाना गाएको चर्चा त्यस अभिलेखमा गरिएको छ।

जे होस्; त्यस अभिलेखबाट नुवाकोटमाडीदरबारबारे केही प्रकाश पर्छ। जुन दरबार अहिले भग्नावशेषरूपमा परिणत भइसकेको छ। तर शिलालेखको वर्णन र अहिलेको भग्नावशेषको तुलना गरी हेर्‍यौं भने पृथ्वीनारायण शाहले प्रतापसिंह शाहको देखरेखमा बनाउन लाएको सो दरबारको आकार प्रकारबारे केही कुरा थाहा पाउन सकिन्छ। उक्त शिलालेखमा दरबारलाई पर्खालले घेरेको वर्णन छ; जुन पर्खाल केही अंशमा अहिले पनि छ। शिलालेखमा रङ्गमहल बनाएको वर्णन छ; जुन सो दरबारको एक मुख्य अङ्ग रहेको थियो। सो रङ्गमहलको भग्नावशेष अहिलेसम्म पनि केही प्रसिद्ध छ। जसलाई स्थानीय बासिन्दाहरू 'कचहरीघर' पनि भन्दा रहेछन्। शिलालेखमा

---

१ ऐतिहासिक सामग्री, ३३ संख्याको अभिलेख

२. 'ऐतिहासिक सामग्री' ३५ संख्याको अभिलेख

इनार बनाएको वर्णन छ; सो इनार अहिलेसम्म चालू अवस्थामा छ। शिलालेखमा अनेक थरी फूलहरू लाएको बगैंचा 'कुसुमबाटी' बनाएको वर्णन छ; जुन अहिले 'सेराबगैंचा' नामले प्रसिद्ध छ। आँपको बगैंचा लाएको वर्णन पनि शिलालेखमा छ। केही काल अगाडिसम्म यहाँ आँपको राम्रो बगैंचा थियो; हाल सो ह्रासिएको छ[1]।

उपर्युक्त दुइ प्रमुख दरबारको निर्माणबाहेक पृथ्वीनारायण शाहको समयमा नुवाकोटमा निकै नै अरू निर्माण पनि भएको बुझिन्छ। राजदरबारको आसपासमा भाइ भारादारहरूको लागि पनि भवनहरू बन्नु स्वाभाविक छ। यिनै कुरालाई लक्ष्य गरी पृथ्वीन्द्रवर्णोदयका रचयिता ललिता-वल्लभले नुवाकोटको मूल बस्तीको विकासको वर्णन गर्दा 'सुन्दरमन्दिरैर्नवतरैः. . .नगरं चक्रे निवासोचितम्' भनी लेखेको देखिन्छ[2]।

प्रजाहरूको तर्फबाट पनि पृथ्वीनारायण शाहको समयमा नुवाकोटमा देवमन्दिर आदि बनाउने काम भएथे। उदाहरणार्थ अशोकबारीको बौद्ध चैत्य र आसपासका देवमूर्तिहरूलाई देखाउन सकिन्छ[3]।

पृथ्वीनारायण शाहका भाइ भारादारहरूले पनि नुवाकोट इलाकामा कीर्तिहरू राखेको पाइन्छ। उदाहरणार्थ पृथ्वीनारायण शाहका प्रसिद्ध ज्योतिषी भानु अर्ज्यालले वि. सं. १८०९ मा नुवाकोट देवीघाटमा शिवमन्दिर बनाएको कुरालाई देखाउन सकिन्छ[4]। यसै गरी पृथ्वीनारायण शाहका भाइ महोद्दामकीर्ति शाहले भैरवीलाई चढाएको घण्टा पनि उल्लेखनीय नै छ[5]।

यस प्रसङ्गमा नुवाकोट सीतापोखरीनिर जगजित्पाँडेहरूले बनाउन लाएको पाटीको पनि उल्लेख गर्न सकिन्छ[6]। साथै दामोदर पाँडे, त्रिभुवन प्रधानहरूका कीर्ति पनि यहाँ मौजूद छन्[7]।

कान्तिपुर विजयपछि पृथ्वीनारायण शाहले कान्तिपुरलाई आफ्नो राजधानी घोषित गरे तथा उनको मुकाम कान्तिपुरमा हुन थाल्यो। यसो हुँदा नुवाकोटको अवस्था गिर्न नपाओस्; त्यहाँको शहर गुल्जार नै रहिरहोस् भन्ने कुरामा पृथ्वीनारायण शाह चिन्तित थिए। यसका लागि पृथ्वीनारायण शाहले केही व्यवस्था बाँधेका थिए। पहिलो कुरा, नुवाकोटको प्रशासनको लागि

१. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ–'श्री ५ पृथ्वीनारायण शाहको नुवाकोटमाडी दरबार' कन्ट्रिब्युशन्ज्टु नेपलिज् स्टडीज्, वर्ष २ अङ्क २, त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, कीर्तिपुर, वि. सं. २०३२, पृ. १४५–१५४

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेश, पृ. ४६७

३. ऐतिहासिक सामग्री, ३८ संख्याको अभिलेख

४. ऐतिहासिक सामग्री, ३० संख्याको अभिलेख

५. ऐतिहासिक सामग्री, ३६ संख्याको अभिलेख

६. ऐतिहासिक सामग्री, ३९ संख्याको अभिलेख

७. ऐतिहासिक सामग्री, ४५, ४८ संख्याका अभिलेख

नियुक्त द्वारेलाई विशिष्ट अवस्थामा राखे। अर्थात् उनलाई अरू द्वारेसरह मात्र नराखी एक किसिमले आफ्नै प्रतिनिधिका रूपमा नियुक्त गरे । नुवाकोट भैरवीको जात्रा आदिमा संकल्प राजकीय स्तरमा हुने चलन हुँदा आफ्ना प्रतिनिधि नियुक्त गर्नु धार्मिक दृष्टिले पनि आवश्यक थियो[1] । साथै नुवाकोटको अवस्था गिर्न नपाओस् भन्ने प्रनि पृथ्वीनारायण शाहको अभिप्राय थियो । नुवाकोटमा आफ्ना प्रतिनिधि नियुक्त गर्न कसलाई जुर्छ भनी उनले ज्योतिषीलाई हेर्न लाएका थिए। यसरी विचार गराउँदा नैजराम मेधासीको नाउँमा जुऱ्यो र उनले र उनको सेखपछि उनका सन्तानले पाउने गरी नुवाकोटको लागि राजप्रतिनिधित्व नैजरामलाई सुम्पियो[2] । प्रतिनिधित्व सुम्पंदा राजकीय छडी पनि सुम्पने पुरानो परम्पराअनुसार पृथ्वीनारायण शाहले नैजरामलाई सुम्पेको सो छडी अहिलेसम्म नुवाकोटमा उनका सन्तानसंग छँदैछ । पछि श्री ५ सुरेन्द्रविक्रम शाहको विवाहको उपलक्ष्यमा सो छडीमा चाँदीले मोड्ने काम हुँदा अङ्कित अभिलेखमा "श्री ५ बडामहाराज पृथ्वीनारायण शाहबाट राषिबक्सनुभयाको नुवाकोटको छरि" भनी लेखिएको छ[3] । राजकीय प्रतिनिधिको हैसियतले दौडाहा पठाउँदा 'छरी' दिइपठाउने चलन मल्लकालमा पनि थियो। त्यस्ता अधिकार पाएका व्यक्ति 'छरिदार' कहलाउँथे[4] । राता मछिन्द्रनाथको रथजात्रा आदिमा राजप्रतिनिधित्वको रूपमा छडी ल्याउने चलन अहिलेसम्म छ । यस्तै परम्पराअनुसार पृथ्वीनारायण शाहले नैजरामलाई छडी सुम्पी नुवाकोटको लागि एक किसिमले आफ्ना प्रतिनिधि नियुक्त गरेका हुन् ।

अर्को कुरा नुवाकोट शहर सुक्न नपाओस् भनेर पनि पृथ्वीनारायण शाहले स्थिति बाँधेका थिए । त्यसअनुसार नुवाकोट अंचलभरीका जनताका घरजग्गा जमीनमा सरकारतर्फबाट हस्तक्षेप नगर्ने, नुवाकोट छोडी कोही अन्त बस्न गयो भने त्यसले खाइपाई आएको घर–खेत अरू नयाँ बस्न आउनेलाई दिलाउने, घर–घडेरी पाताल हुन नदिने, बारी धेरै हुनेको काटी अरूलाई घर बनाउन दिने, शहर गुल्जार राख्ने, नुवाकोटका रैतीले अन्त झारा जानु नपर्ने आदि थिए[5] । यी स्थिति बन्धेज बाँधेर नुवाकोट शहरलाई गुल्जार राखिराख्ने कोशिश पृथ्वीनारायण शाहले गरेको स्पष्ट देखिन्छ ।

श्री ५ पृथ्वीनारायण शाहपछि श्री ५ प्रतापसिंह शाहले पनि नुवाकोटको अवस्था गिर्न नपाओस् भन्ने कुरामा केही दृष्टि दिएको बुझिन्छ । नुवाकोटका दरबार आदिको मरम्मतको लागि उनले लेखेका केही पत्र पाइएका छन्[6] । दरबारको मरम्मत गर्ने जिम्मा धामीलाई सुम्पिएको हो;

१. ऐतिहासिक सामग्री १५ संख्याको पत्र
२. ऐतिहासिक सामग्री १५ संख्याको पत्र
३. ऐतिहासिक सामग्री ६० संख्याको अभिलेख
४. धनवज्र र टेकबहादुर–'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ४८–४९
५. ऐतिहासिक सामग्री १३ संख्याको पत्र
६. ऐतिहासिक सामग्री २०,२१ संख्याका पत्र

यस कारण धामी खलक सबै गई गाउँबेँसीको दरबार छाउने काम गर भन्ने आदेश ती पत्रमा दिइएको छ ।

राजकुमार बहादुर शाह र नुवाकोट

श्री ५ पृथ्वीनारायण शाहपछि नेपालको एकीकरण अभियानलाई अगाडि बढाउने अर्का राजनीतिज्ञ राजकुमार बहादुर शाह हुन् । उनको पालामा पनि नुवाकोटको केही महत्त्व रह्यो । 'आफू जन्मेको स्थल हुँदा राजप्रतिनिधि बहादुर शाहलाई नुवाकोट विशेष मनपर्ने रहेको छ, भन्ने भावको कुरा कर्कप्याट्रिकले लेखेका छन्[1] । वि. सं. १८१४ मा बहादुर शाह नुवाकोटमा जन्मेका हुन् । तर आफ्नो जन्मस्थल भएर मात्र बहादुर शाहलाई नुवाकोट प्रिय भएको होइन; पश्चिमतिर अघि बढ्न काठमाडौँबाट कार्यसञ्चालन गर्नुभन्दा नुवाकोट तथा गोरखाबाट कार्य-सञ्चालन गर्न बढी सुविधा भएको हुँदा पनि उनी बराबर त्यतातिर गई रहन्थे । पश्चिम विजयको जुन काम पृथ्वीनारायण शाहबाट पूरा हुन सकेको थिएन, सो काम पूरा गर्न बहादुर शाह अघि सरेथे ।

नुवाकोटमै जन्मी हुर्केका हुँदा नुवाकोटका धामीसंग बहादुर शाहको लेनदेनको सम्बन्ध समेत रहेको थियो । आफूलाई खाँचो परेको वेलामा बहादुर शाहले धामीसंग सापट पनि लिने गरेका रहेछन् । वि. सं. १८३१ श्रावणको एक पत्रमा धामी ज्ञानदेवसंग सापट लिएको साढे बाह्र रु. तिरिदिनाको लागि बहादुर शाहले भारादारलाई लेखेको पत्र पाइएको छ[2] । त्यसमा . . .'१२ रुपैया ज्ञानदेउ धामिका चाँडो गरि भरिदेउ गर्जमाहा सापट लियाका हुन्' भनी कुरा खुलाई लेखिएको छ । सो पत्रमा मुकाम नुवाकोट लेखिएको हुँदा यस वेला बहादुर शाह नुवाकोटमै थिए भन्ने थाहा पाइन्छ ।

पछि पनि नुवाकोटका धामीहरूसंग बहादुर शाहको पत्रव्यवहार भइनैरह्यो । वि. सं. १८४३ ज्येष्ठदेखि मंसिरसम्ममा गोरखाली सैन्यले कालीगण्डकी तरी गुल्मी अर्घा खाँची धुरकोट इस्मा पर्वत प्युठाना आदि विजय गरी भेरी सांध लाएका थिए[3] । यस सफलताको लागि बहादुर शाहले युद्ध–योजनाको सञ्चालन कुशलताको साथ सम्पन्न गर्नुको साथै पहिलेदेखि चलिआएको धार्मिक प्रचलनतिर पनि दृष्टि दिएका थिए । नुवाकोटका धामीहरू पनि यस्ता सिद्धघाईंमा प्रसिद्ध हुनाले उपर्युक्त पश्चिमतिरका काज भइरहेको वेला ती धामीमार्फत पनि पूजा गराइएको थियो । तात्कालिक पत्रबाट यो कुरा थाहा पाइन्छ[4] । प्युठाना विजय हुनुभन्दा केही अघि नुवाकोटका

१. कर्कप्याट्रिक, 'आँन् ऐकाउन्ट् अफ् दि किङडगम् अफ् नेपाल' मञ्जुश्री पब्लिशिङ्ग हाउस्, न्यू दिल्ली, ई. १९६९ ,पृष्ठ ११६
२. ऐतिहासिक सामग्री, १८ संख्याको पत्र,
३. रामजी तेवारी 'वि. सं. १८४३ मा भएका केही मुख्य घटना' पूर्णिमा २ पूर्णाङ्क, संशोधन-मण्डल, काठमाडौं, पृ. ६१–६७
४. ऐतिहासिक सामग्री, २७ संख्याको पत्र

धामीले पश्चिमविजयको खुशियालीमा शिरपाउ पाउने आशाले काठमाडौं राजदरबारमा उपस्थित हुन पाऊँ भन्ने आशय व्यक्त गरी बहादुर शाहकहाँ बिन्तिपत्र पठाउँदा "केहि तरहले पश्चिमको काज सिद्ध भयाको छैन. काज नपुगंज्या ताहाको काज गर. प्युठानाको बढाइ भयापछि काज सिद्ध हुन्याछ. प्युठानाको बढाइ गरि बोलाई पठाउला" भन्ने जवाफ दिइएथ्यो। नुवाकोटका धामीले त्रिशूली र तादी तरी यता उता जानु हुँदैन। राजाबाट बोलावट भयो भने मात्र धामीले काठमाडौं आउन पाउँछन्। यसो हुनाले कृष्ण धामीले 'दर्शन गर्न आउंदा हुं' भनी प्रार्थना गरेका हुन्। प्युठाना विजय कार्तिक शुक्ल दशमीमा (कार्तिक १९ गते) भएथ्यो। बहादुर शाहको उक्त पत्र कार्तिक कृष्ण चतुर्दशीमा लेखिएको हो। भेरीवारिका राज्यमा प्युठाना अलि बलियै थियो। यसो हुनाले प्युठाना विजय नहुन्जेल पश्चिम विजय (भेरीवारिको विजय) पूरा नहुने कुरा बहादुर शाहले व्यक्त गरेका हुन्। उनको दूरदर्शिताको संकेत यसबाट पाइन्छ।

भोट, चीनसंगको युद्धको विषयमा भने बहादुर शाहले आवश्यक दूरदर्शिता देखाउन सकेनन्। उनले अलि दूरदर्शिता देखाएका भए चीनसंगको युद्ध हुने नै थिएन। तर त्यस वेलाको परिस्थितिवश नेपाल र चीनको बीच युद्ध हुने निश्चित भयो। वि. सं. १८४९ आषाढमा भोटको मदतको लागि चिनिया सैन्य केरुङको बाटो अघि बढ्यो। सो सैन्य छल, बलले अघि बढ्दै नुवाकोट धैबुङसम्म आइपुग्यो। यसले गर्दा एक ठूलो संकट अगाडि देखापऱ्यो। तर यसको मुकाबिलाको लागि नेपालीहरूले भएभरको शक्ति लगाए। बेत्रावती तरी चिनियाँ सैन्य अघि बढ्यो। तर बेत्रावतीवारि चोकदे, दूधेथुम्को र गेर्खुमा गरी तीन बलिया गढीमा नेपालीहरूले राम्रो सैनिक प्रबन्ध मिलाएका थिए। साथै यस अन्तिम निर्णायक युद्धमा नेपालीहरूले बहादुरीसाथ लडे। यसो हुनाले यसमा जीत नेपालीको भयो। तीनैतिरबाट नेपाली सैन्यले चिनिया सैन्यलाई पछि लखेटे। यति भएपछि चिनिया सेनापति टुङथ्याङले सन्धि गर्ने कुरा उठाए; नेपालीहरूले पनि त्यसलाई मञ्जूर गरे। त्यस सन्धिअनुसार आफूले दखल गरेको नेपालको प्रदेश चीनले छोड्ने भयो; पाँच पाँच वर्षमा नेपाली दूतमण्डल सौगात लिई चीन बादशाहकहाँ जाने भयो; १८४५ को सन्धि रद्द गरियो[1]।

यस सन्धिको अर्थ चीन र नेपाल सरकारले अलि बेग्लाबेग्लै रूपमा निकाल्यो। चीनले नेपालमा आफ्नो प्रभाव फैलायौं भनी गर्व गऱ्यो। बहादुर शाहले चाहिं नेपाल खान आएको चीनलाई धपायौं भनी फूर्ति गरे[2]। जे होस्; नेपालको पश्चिमतिर बढ्ने अभियानलाई यसबाट ठूलो धक्का पऱ्यो।

चिनिया फौज बढ्दै आएपछि नुवाकोटका भैरव भैरवीको ठूलो पूजा-आजा गर्ने भाकल बहादुर शाहहरूले गरेका थिए। यसो हुँदा त्यस सालको नुवाकोटको भैरवीजात्रामा राजा रानी

---

१. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल, 'ऐतिहासिक पत्रसंग्रह' पहिलो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि. सं. २०१४, पृ. ५६-७२

२. ऐतिहासिक सामग्री, ४३ संख्याको अभिलेख

राजप्रतिनिधि र भारादारहरूसमेत सामेल भएर नुवाकोट-भैरवीको ठूलो पूजा-आजा गरियो;[1]। भैरवीमन्दिरमा सुनको ढोका हालियो, सुनको छानाले छाइयो[2]। भैरवीको नित्य, नैमित्तिक पूजाको लागि ठूलो गुठी पनि चढाइयो[3]।

कर्कप्याट्रिक नुवाकोटमा

नेपाल–चीन–युद्धको लगत्तैपछि एक अर्को घटना घट्यो। त्यो हो, कर्कप्याट्रिकको नेपाल आगमन। यसताका अंग्रेज इस्ट इण्डिया कम्पनी नेपाल भई भोटसंग व्यापार चलाउने कोशिश गर्दै थियो। नेपाल सरकार र कम्पनीसरकारको बीच एक वाणिज्यसन्धि पनि केही समयअघि नै भएको थियो। तर त्यसको कार्यान्वयनमा नेपाल सरकारले त्यति चाख देखाएको थिएन। नेपाल-चीन-युद्ध भइरहेताका नेपाल सरकारले कम्पनी सरकारसंग मदत चाह्यो। यसै सूत्रले कर्कप्याट्रिक-को नेतृत्वमा एक प्रतिनिधिमण्डल नेपाल आयो।

यसताका श्री ५ रणबहादुर शाह, राजप्रतिनिधि बहादुर शाह र अरू प्रमुख भारादारहरू नुवाकोटमा मुकाम गरी बसेका थिए। यस कारण सो प्रतिनिधिमण्डलसंग भेटघाट गर्ने काम नुवाकोटमा भयो। यस प्रसङ्गमा कर्कप्याट्रिकहरूले केही दिन नुवाकोटमै बस्नुपर्‍यो। यसो हुँदा कर्कप्याट्रिकको नेपालसम्बन्धी प्रसिद्ध पुस्तक 'अ्यॉन् ऐकाउन्ट अाफ् दि किङ्डम् अफ् नेपौल' मा नुवाकोटसम्बन्धी वर्णन निकै परेको छ। नुवाकोटको तात्कलिक बस्ती, बाटोघाटो, आर्थिक अवस्था आदि कुरा बुझ्न सो वर्णन उपयोगी रहेको छ। साथै उनले राजा र राजप्रतिनिधिसंग कुन किसिमले भेटे; के कस्तो कुरा भयो आदि पनि उक्त वर्णनबाट बुझ्न सकिन्छ। कर्कप्याट्रिकलाई नुवाकोटको वातावरणले केही आकृष्ट पनि पारेथ्यो। नेपालको प्रसिद्ध वस्तु खुकुरीको चर्चा चित्रसहित उनले नुवाकोटकै प्रसङ्गमा गरेका छन्; कस्तूरीमृग, कालिजको सचित्र चर्चा पनि यसै प्रसङ्गमा गरेका छन्। यस कारण कर्कप्याट्रिकको उक्त पुस्तक नुवाकोटको तात्कालिक कुरा बुझ्ने स्रोतमध्ये पर्न आएको छ[4]।

नुवाकोटकाण्ड

वि. सं. १८५७ सालतिर एकचोटि फेरि नुवाकोटले केही कालको लागि राजधानी हुने मौका पायो। तर यो मौका एक किसिमको गृहकलहले नुवाकोटलाई दिएको हुँदा ऐतिहासिक दृष्टिले सो समय गौरवपूर्ण भने छैन। तैपनि नुवाकोटको इतिहाससंग सम्बद्ध हुँदा संक्षेपमा भए पनि त्यस घटनाको उल्लेख यहां गर्नुपरेको छ।

---

१. ऐतिहासिक सामग्री, ४ संख्याको टिपोट
२. ऐतिहासिक सामग्री, ४३ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, ४४ संख्याको अभिलेख
४. कर्कप्याट्रिकको वर्णनको उपयोग यस ग्रन्थमा प्रसङ्ग मिलाई ठाउँ ठाउँमा गरिएको छ।

नेपाल-चीन-युद्धपछि बहादुर शाहको प्रभाव घट्न थाल्यो र केहीपछि उनले शासन-सत्ताबाट हट्नुपऱ्यो। यसपछि स्वयं श्री ५ रणबहादुर शाहले शासनभार सह्याले। तर राजकाजलाई विशुद्ध राजकाजको दृष्टिले हेर्ने बानी उनमा थिएन। यसो हुँदा राजकाजमा भावुकताले पनि स्थान पाउन थाल्यो। वि. सं. १८५५ मा डेढ वर्षका छोरा श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई गद्दीमा राखेर श्री ५ रणबहादुर शाह 'स्वामी' बने। महारानी कान्तवतीको मृत्युपछि जुन अवस्था यहाँ देखापऱ्यो, त्यसले गर्दा भारादारहरूले श्री ५ गीर्वाणयुद्धविक्रमलाई नुवाकोटमा लगी त्यहीं राजधानी सारे। यस घटनाबाट स्वामी रणबहादुर शाह अप्रसन्न हुनु स्वाभाविक थियो। यत्तिकैमा हजूरलाई नजरबन्द गर्ने सल्लाह भारादारहरूले गरिरहेका छन् भन्ने कुरा बलभद्र शाहले नुवाकोट-बाट आई उनलाई सुनाइदिँदा उनी रिसले चूर भए तथा नुवाकोटमा हमला गर्छु भनी तम्सन लागे। केही ठूलठूला भारादारहरूले उनको साथ दिए। नुवाकोटमा आक्रमण गर्न उनले पाटनमा ठाना हाले। म फेरि राजा भएं भन्ने घोषणा उनले गरे। अनि ठाउँ ठाउँमा रहेका फौजलाई पाटनमा सामेल हुने आदेश स्वामी महाराजले दिए। उता नुवाकोटबाट पनि भारादारहरूले श्री ५ गीर्वाण-युद्धविक्रमको नाउँबाट फौजहरूलाई नुवाकोटमा सामेल हुन आउने आदेश दिन थाले। यसरी गृहकलहको अवस्था स्पष्ट रूपमा देखापर्न थाल्यो। नुवाकोटबाट ठूलो फौज प्रस्थान गरेको समाचार आएपछि आफ्नो बल कम भएको अनुभव गरी स्वामी महाराज काशीतिर लागे। त्यसपछि मात्र यो काण्ड सेलायो। अनि राजधानी काठमाडौंमा नै सारियो[1]।

यसरी उपर्युक्त काण्डले एकचोटि नुवाकोटलाई चर्चामा ल्यायो। राजधानी हुँदा अघि पछिभन्दा त्यस प्रदेशको चहलपहल बढ्नु स्वाभाविक छ। सिंधुली गढीको लागि खटिएका सर्दार चामू भण्डारीहरूलाई लेखिएको एक पत्रमा "देसबाट चिठिपत्र सौगात उकिल आया तिनलाई मानिससाथ लाई नुवाकोट हाम्रा हजुर पठाइदिनु" भन्ने निर्देश दिइएको थियो[2]। यसबाट विदेश (भारत) मा समेत नुवाकोटको केही प्रसिद्धि फैलिनु स्वाभाविक छ। तर पनि नुवाकोटको इतिहासमा यस घटनाको कुनै स्थायी असर परेन।

भीमसेन थापाद्वारा गराइएको स्थितिबन्देज

यसपछि इतिहासमा नुवाकोटको स्थान साधारण मात्र रह्यो। यसो हुनाले नुवाकोटको मूल बस्ती पनि सुक्दै जान थाल्यो। पहिले शहरको रूपमा गुल्जार रहेको यो बस्ती अब गाउँको रूपमा परिणत हुन थाल्यो। नेपाल-अंग्रेज-युद्धपछि देशको विकास गर्ने कुरामा भीमसेन थापा

---

१. धनवज्र र ज्ञानमणि, 'ऐतिहासिक पत्रसंग्रह' पहिलो भाग, पृ. ४६
धनवज्र (सं.), 'त्रिरत्नसौन्दर्यगाथा' नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि. सं. २०१९, पृ. १५५, २८६–९०

२. चित्तरञ्जन नेपाली, 'त्रयी शासन' शारदा, काठमाडौं, वि. सं. २०१६ पौष, पृ. १०
धनवज्र (सं.) त्रिरत्नसौदर्यगाथा, पृ. २८८

दत्तचित्त रहेथे[1] । यसो हुँदा नुवाकोट सुक्दै जान लागेको कुरा थाहा पाएपछि यसलाई फेरि गुल्जार राख्ने प्रयास एकपटक भीमसेन थापाले गरे । केही काल यता विशेष गरेर बहादुर शाहपछिको बीस वर्ष यता नुवाकोटको विकासको लागि कुनै विशेष ध्यान दिइएको थिएन । सुविधा नहुँदा यहांका बासिन्दाहरू विशेष गरी व्यापारी-वर्ग यत्र तत्र लाग्न थालेको थियो । तादीको किनारको बजार त सुक्दै गएको थियो । पश्चिमतिर जाने बाटोमा परेको हुँदा त्रिशूली सांघुबजार मात्र केही गुल्जार थियो । यसो हुनाले पूर्ववत् नुवाकोटको विकासको लागि भीमसेन थापाले स्थिति-बन्धेज बांधी केही सुविधा गरिदिए । त्यस स्थितिबन्धेजमा नुवाकोटमा फेरि बस्न आउनेहरूको लागि घर-खेतको बन्दोवस्त गरिदिने कुरा परेको छ । साथै तलको तादीको बेंसीको बजार गुल्जार पार्ने, जात्रा चाडपर्वहरू साबिकबमोजिम चलाउने आदि कुरा पनि परेका छन्[2] ।

भोटसंगको व्यापारमा अवरोध नआओस् भन्ने कुरामा पनि भीमसेन थापाले दृष्टि दिएथे । भोटभेकबाट आउने वस्तुमा जगातेहरूले जगात बढी लिन थालेको कुरा थाहा पाएपछि भीमसेन थापाले पहिलेदेखि चलिआएको दस्तूरमा कत्ति पनि बढाई नलिने, साबिकबमोजिम मात्र जगात लिने आदेश पठाएथे[3] । साथै अघि बढी लिइसकेको जगातसमेत एक एक गरी फिर्ता बुझाइदिने आदेश उनले दिन लाएथे । नुवाकोटका धामी खलकलाई पनि भीमसेन थापाले पुरानो परम्परा-अनुसारको सुविधा दिलाइदिएथे[4] । यसरी नुवाकोटलाई एक पटक फेरि गुल्जार गर्ने नीति भीमसेन थापाले लिए ।

श्री ५ राजेन्द्रविक्रम शाह र जेठी महारानी साम्राज्यलक्ष्मीदेवीको नुवाकोटका भैरवी धामीप्रति निकै श्रद्धा रहेको थियो । यसो हुँदा यसताका देवीजात्राहरूमा राजा रानी सम्मिलित भएथे । नुवाकोटको साततले दरबारमा र तलको सेराबेंसीको दरबारमा पनि राजा रानीको बराबर सवारी भएथ्यो । यसो हुँदा यसताका नुवाकोट केही गुल्जार रह्यो[5] ।

राणाशासन कायम भएपछि नुवाकोटको विकासमा ध्यान दिइएन । श्री ५ पृथ्वीनारायण शाहद्वारा बनाउन लगाइएको नुवाकोट-माडी दरबार राणा शासनकालमा भत्कियो[6] । तर यसको

---

१. नयराज पन्त, 'गल्लीमा फ्याँकिएका कसिंगर' को उपोद्घात, जगदम्बाप्रकाशन, ललितपुर वि. सं. २०१८, पृष्ठ ६१–६४

२. ऐतिहासिक सामग्री, ५३,५४,५५ संख्याका पत्र,

३. ऐतिहासिक सामग्री, ५२ संख्याको पत्र,

४. ऐतिहासिक सामग्री, ५६ संख्याको पत्र

५. ऐतिहासिक सामग्री, ६,८ संख्याका टिपोट

६. धनवज्र र टेकबहादुर 'श्री ५ पृथ्वीनारायण शाहको नुवाकोट–माडी दरबार' कन्ट्रिव्यूशन्ज् टु नेप्लिज् स्टडीज्' वर्ष २ अङ्क २, त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, पृ. १५१–५२

पुनर्निर्माण नहुँदा सो दरबार भग्नावस्थामा पुग्यो । जुद्धशमशेरको समयमा आएर माथिको साततले दरबारको त पुनर्निर्माण भयो । तर तलको सेरा-दरबार भने पुरानै रूपमा निर्माण हुन सकेन । चन्द्रशमशेरको पालासम्म भोटसंगको व्यापार केरुङको बाटो केही हुँदै थियो र सेराबेंसीमा भन्सारअड्डा कायम थियो[2] । सो भन्सारअड्डाको हिसाब किताब ठीकसंग राख्न चन्द्रशमशेरले आदेश दिएको पत्र पाइएको छ । तर उता कालिम्पोङको बाटो खुलेपछि यताको अलि बचेको व्यापार पनि सुक्न थाल्यो । यसरी नुवाकोटको पूर्वगौरव क्रमशः बिसिन थालियो ।

शासनव्यवस्था

राजकाजमा परिवर्तनको साथसाथै प्रशासन-व्यवस्थामा पनि परिवर्तन आउनु स्वाभाविक छ । यसो हुनाले लिच्छविकालदेखि आधुनिक कालसम्ममा नुवाकोटले अनेक किसिमको प्रशासन-व्यवस्था देखेको छ ।

नुवाकोट ब्रह्मायणीस्थाननिर पाइएको लिच्छविकालको अभिलेखबाट त्यस बेला नुवाकोटमा सोझै केन्द्रबाटै शासन चलाइएको थियो; यस भेकमा सामन्तशासन चलेको थिएन भन्ने थाहा पाइएको छ । नेपाल-उपत्यकामा पाइएका अभिलेखमा जस्तै नुवाकोटमा पाइएको अभिलेखमा पनि गद्दीनशीन राजा गणदेवको उल्लेख छ तथा शासनाधिकार चाहिं सर्वदण्डनायक महाप्रतिहार श्रीभौमगुप्तको हातमा रहेको चर्चा परेको छ ।

त्यसताका ग्रामहरूमा व्यवस्थाको लागि ग्रामवासीहरूको कचहरी पाञ्चाली (पञ्चायत) रहेको थियो । भौमगुप्तले यस्ता पाञ्चालीहरूलाई साबिक पाइआएकोभन्दा बढी स्वशासनसम्बन्धी अधिकार सुम्पने नीति लिएका थिए । नुवाकोटको अभिलेखमा पनि ग्रामवासीहरूलाई स्वशासनाधिकार सुम्पेको कुरा परेको छ । ज्यादै खिइएको हुनाले सो अभिलेख सम्पूर्ण पढ्न सकिंदैन तापनि अहिले पढ्न सकिएको भागबाट नुवाकोटभेकका ग्रामवासीहरूले लिङ्ग्वल, माप्चोक आदि लिच्छविकालका मुख्य मुख्य अड्डा अदालतहरूले गर्ने प्रशासनसम्बन्धी काज आफैले गर्न पाएको कुरा थाहा पाइन्छ । यसरी लिच्छविकालमा नुवाकोटभेकमा पनि स्थानीय प्रशासनमा पाञ्चालीहरू सक्रिय थिए भन्ने देखिन्छ[3] ।

लिच्छविकालमा केन्द्रबाट सोझै शासन चलाइएका अलि टाढाका प्रदेशहरू 'विषय' (जिल्ला) हरूमा विभक्त हुन्थे । त्यस्ता विषयको देखरेखको लागि 'विषयपति' नियुक्त गरिन्थे । लिच्छविकालमा नुवाकोटभेक पनि विषय वा भुक्तिको रूपमा रहेको बुझिन्छ । 'नवकोटभुङक्ति'

---

१. उही पृ. १५२

२. ऐतिहासिक सामग्री, ६६ संख्याको पत्र

३. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख । यस विषयको विशेष चर्चा माथि परिसकेको छ ।

को उल्लेख मध्यकालको पूर्वार्द्धसम्म पनि पाइएको हुनाले उपर्युक्त कुराको केही पुष्टि हुन्छ[1] । यसो हुनाले लिच्छविकालमा नुवाकोटभेकका मुख्य प्रशासक 'विषयपति' हुन्थे भन्ने संकेत पाइन्छ ।

मध्यकालको शुरू शुरूसम्म नेपालको शासनव्यवस्थामा त्यति धेरै अन्तर आइसकेको थिएन; त्यसबेलाको शासनव्यवस्थामा लिच्छविकालकै शासनव्यवस्थाको निकै छाप परेको थियो । त्यसताका केन्द्रका पदाधिकारी पनि केही अंशमा लिच्छविकालकै जस्ता थिए । तर विभिन्न विषयका विषयपति (बडाहाकिम)हरू भने अब क्रमशः पुस्तैनी अधिकार पाएका महासामन्तरूपका हुन थालेका थिए[2] । साथै विभिन्न विषयका प्रमुख बस्ती 'गढ' रूपका हुन पुग्दा केन्द्रमा कमजोरी आउने बित्तिकै यस्ता विषयहरू स्वतन्त्र हुने चेष्टा गर्न थाल्दथे । यसरी मध्यकालमा आएर पहिलेको व्यवस्थामा उल्लेखनीय अन्तर भने आइसकेको थियो । केन्द्रमा कमजोरी आएको मौका छोपी नुवाकोटका सामन्त शासकहरूले पनि बराबर स्वतन्त्र हुने चेष्टा गरेको कुरा माथि परिसकेको छ ।

यी महासामन्तहरू एक किसिमले स्थानीय राजा रूपका हुँदा प्रशासनमा यिनीहरूलाई मबत गर्ने महाथ (मुख्य मन्त्री), मन्त्री, सेनापति आदि भारादार हुन्थे[3] ।

मध्यकालको उत्तरार्धमा नेपाल राज्य अनेकौं खण्डमा विभक्त हुँदा ती राज्यमा एकै किसिमको प्रशासन चल्नु स्वभावतः सम्भव भएन । ती राज्यमा प्रायः आफ्नै किसिमको प्रशासन व्यवस्था लागू हुन थाल्यो । अब लिच्छविकालको प्रशासनव्यवस्थाको रूप निकै अंशमा हराउन थाल्यो । राज्य साना हुनाले अब सामन्त आदि वंशपरम्परागत स्थानीय शासकहरूको अस्तित्व रहेन ।

प्रमान— नुवाकोट कान्तिपुर राज्यमा गाभिएपछि यहांको पहिलेको शासनव्यवस्थामा निकै परिवर्तन आयो । अब यहांको प्रशासनको अधिकार 'प्रमान' नामक अधिकारीको हातमा रहन गयो । त्यस बेला मल्ल राजाहरू प्रत्येक ठूला बस्तीको स्थानीय प्रशासन चलाउन 'प्रमान' लाई नियुक्त गर्दथे[4] । प्रमानहरूको बराबर पजनी हुन्थ्यो । प्रमानहरू प्रायः गरी मन्त्री तहका हुन्थे । उनीहरूले मन्त्रीसरह 'जागीर' पाउँथे । यसो हुँदा कति अभिलेखमा प्रमानलाई 'जागिरे प्रमान' भनी लेखिएको पनि पाइन्छ । प्रमानको विशेष पगरी पनि हुन्थ्यो । जगज्जयमल्लको पालाको एक पत्रमा नुवाकोटका तात्कालिक प्रमान मीनध्वज र काजी उद्धव भारोको उल्लेख

---

१. गोपालराजवंशावलीमा रुद्रमल्लको वर्णनको प्रसङ्गमा 'स्मस्तनेपाल श्रीजयरुद्रमल्ल इव नवकोटभुङतीप्रजंत राजकृतम्' भन्ने उल्लेख आएको छ। (२७ पत्र)

२. यस कुराको विशेष चर्चा माथि राजनैतिक घटनाको वर्णनक्रममा परिसकेको छ।

३. यस कुराको चर्चा पनि माथि परिसकेको छ।

४. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृष्ठ ४७,४९

आएको छ[1] । अर्को एक अभिलेखमा प्रमान जयमल्लसिंह र काजी वीरसिंहको उल्लेख परेको छ[2] । यसबाट प्रमानलाई मदत दिन एकजना काजी पनि कहिलेकहीं नियुक्त गरिंदा रहेछन् भन्ने थाहा पाइन्छ ।

नुवाकोटमा पाइएका मल्लकालका अभिलेखहरूमा त्यहां वेलावेलामा नियुक्त गरिएका प्रमानहरूको उल्लेख आएको छ। ने. सं. ७३७ को शिवसिंहको पालाको अभिलेखमा प्रमान जगत्-सिंह भारोको उल्लेख परेको छ[3] । प्रतापमल्लको पालाको ने. सं. ७६३ को ताम्रपत्रमा तात्कालिक प्रमान मानसिंहको चर्चा छ[4] । पार्थिवेन्द्रमल्लको पालामा नुवाकोटमा प्रमान भवानीशङ्कर भाजु छन् भन्ने कुरा ने. सं. ८०३ को अभिलेखबाट थाहा पाइन्छ[5] । जगज्जयमल्लको पालाको ने. सं. ८४८ को अभिलेखमा प्रमान जयमल्लसिंहको उल्लेख छ[6] । यसै गरी नुवाकोटका अरू प्रमानहरूको पनि उल्लेख पाइन्छ।

नुवाकोट कान्तिपुर राज्यअन्तर्गतको महत्त्वपूर्ण प्रदेश हुँदा नुवाकोटका प्रमानमा छानिनु गौरवपूर्ण कुरा सम्झिइन्थ्यो । यसैले नुवाकोटका प्रमान नियुक्त गरिएको घटनालाई महत्त्व दिई ठ्यासफूमा टिपिएको पनि पाइन्छ। उदाहरणार्थ ने. सं. ७९६ मा हरिरामलाई नुवाकोटको प्रमान नियुक्त गरेको घटना एक ठ्यासफूमा टिपिएकोलाई देखाउन सकिन्छ[7] । जस्तै–

"सं. ७९६ आश्विन कृष्ण ।। पञ्चमी मृगशिर नक्षेत्र, सोमवार, थ्व कुन्हु नवक्वाथ प्रमान यायथात बेतारि बिया हरिरामजुयात ।।"

(ने. सं. ७९६ (वि. सं. १७३३) आश्विन कृष्ण पञ्चमी मृगशिरा नक्षत्र सोमवारको दिन नुवाकोटका प्रमान बनाउनको लागि हरिरामज्यूलाई बेतारी (पगरी) दिइयो ।)

यस टिपोटबाट प्रमानहरूको विशेष बेताली (पगरी) पनि हुन्थ्यो भन्ने थाहा पाइन्छ।

अमाली– शाहकालमा प्रशासनको सुविधाको दृष्टिले प्रत्येक प्रदेश (अम्बल) 'अमाली' को अन्तर्गत पारी विभक्त गरिएको हुन्थ्यो। मल्लकालको 'प्रमान' को स्थान एक किसिमले 'अमाली' ले पाएथे। यस प्रथाअनुसार नुवाकोट अम्बलमा पनि एक 'अमाली' नियुक्त गरिएका थिए। तर

---

१. ऐतिहासिक सामग्री, २ संख्याको ताडपत्र
२. ऐतिहासिक सामग्री, १८ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख
४. ऐतिहासिक सामग्री, ७ संख्याको अभिलेख
५. ऐतिहासिक सामग्री, ११ संख्याको अभिलेख
६. ऐतिहासिक सामग्री, १८ संख्याको अभिलेख
७. गौतमवज्र वज्राचार्य, 'एक अप्रकाशित ठ्यासफु' पूर्णिमा १२ पूर्णाङ्क, संशोधनमण्डल, वि. सं. २०२३, पृ. २६

यहांका अमाली अन्त जति सक्रिय रहेनन्। नुवाकोटको मूल बस्तीमा 'द्वारे' ले विशिष्ट स्थान पाएको हुँदा प्रशासनमा अमाली त्यति सक्रिय नभएको बुझिन्छ।

उमरा– मध्यकालका प्रमुख अधिकारीमध्ये 'उमरा' पनि एक हुन्। उमराको मुख्य काम सुरक्षा-व्यवस्था मजबूत पार्नु हो। सुरक्षाको दृष्टिले आवश्यक थुम थुममा उमरा नियुक्त गरिन्थे। सुरक्षाबाहेक भूमिकर उठाउने आदि काम पनि केही अंशमा उमराहरूले गर्दथे[1]। यसरी लिच्छवि-कालका 'चाटभट' नामक अधिकारीसंग 'उमरा' को केही अंशमा समानता रहेको देखिन्छ[2]। नुवाकोटभेकमा सामरिक दृष्टिले महत्त्वपूर्ण थुमहरू अनेक हुनाले यहां पनि उमराहरू नियुक्त गरिएका थिए।

द्वारे– जनतासंग सोझै सम्पर्क हुने स्थानीय प्रशासकमध्ये द्वारे पनि एक हुन्। द्वारेप्रथाको उल्लेख लिच्छविकालमा पनि पाइन्छ; मल्लकालमा पनि पाइन्छ। शाहकालमा आएर द्वारे-प्रथा-लाई मध्यकालमा भन्दा बढी सक्रिय पारिएको थियो[3]।

मल्लकालका सोझै प्रमानको हातमा अधिकार रहेको हुनाले नुवाकोटको मुख्य बस्तीमा द्वारे थिए तापनि प्रशासनाधिकारको दृष्टिले विशेष उल्लेखनीय थिएनन्। श्री ५ पृथ्वीनारायण शाहद्वारा नुवाकोट-शहरलाई राजधानी नै बनाइएको हुनाले शुरूका पच्चीस वर्षमा पनि यहांको प्रशासनमा द्वारेको साधारण स्थान मात्र रह्यो। कान्तिपुर विजयपछि कान्तिपुरलाई राजधानी बनाएर पृथ्वीनारायण शाह त्यहां रहेपछि नुवाकोटको प्रशासनमा द्वारेको महत्त्व बढ्न थाल्यो। नुवाकोटको भैरवीजात्रामा, दशैंमा संकल्प राजकीय तर्फबाट हुनुपर्ने चलन हुँदा द्वारेलाई सन्तानदर-सन्तान पाउने राजप्रतिनिधित्वसमेत सुम्पियो[4]। यसरी एक किसिमको राजप्रतिनिधित्वसमेत दिइएको हुनाले प्रशासनमा द्वारेको महत्व निकै बढ्यो; नुवाकोटका द्वारे अन्तका द्वारेभन्दा विशिष्ट रूपका भए। उनलाई विशेष खानगी तोकियो। श्री ५ पृथ्वीनारायण शाह र अरू शाह राजाहरूले गरिदिएका लालमोहरबाट नुवाकोटका द्वारेले पाएको अधिकारबारे थाहा पाइन्छ[5]।

कटवाल– द्वारेको मनि बसी काम गर्ने दरबारका एक अधिकारी 'कटवाल' हुन्। पृथ्वीनारायण शाहले नैजराम मेधासीलाई लेखिदिएको पत्रमा आफ्नो तजबीजले कटवाल राखी काम चलाउनू भन्ने कुरा परेको छ[6]। नुवाकोटभेकका बासिन्दालाई सम्बोधन गरी लेखिएको एक लालमोहरमा "दर्वारबाट कटवालले औरासदा दर्वारमा सामेल भै उर्दिबमोजिम जो परिआयाको

---

१. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ४७–४८,

२. 'लिच्छविकालका अभिलेख' पृ. ९९–१०१

३. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ५०

४. यस कुराको विशेष चर्चा माथि परिसकेको छ।

५. ऐतिहासिक सामग्री, १३,१५,१६ संख्याका पत्र

६. ऐतिहासिक सामग्री, १६ संख्याको पत्र

काम तदविर भै गर्नु" भन्ने बन्देजको उल्लेख परेको छ। यसबाट स्थानीय प्रशासनको दृष्टिले यो अधिकारीको पनि केही महत्त्व हुन्थ्यो भन्ने थाहा पाइन्छ। पृथ्वीनारायण शाहले कमलवनहरूलाई लेखेको एक पत्रमा 'मुहु जवानि कटवालाको सहि' भनिएको छ[1]। यसबाट राजाको सन्देश पुऱ्याइदिने जस्तो विश्वासपात्र व्यक्तिले गर्ने काम पनि कटवालले गर्दा रहेछन् भन्ने थाहा पाइन्छ। अहिलेसम्म नुवाकोटको देवीजात्रा आदि पर्वमा राजकीय छडी बोक्ने काम कटवालले गर्दछन्। वास्तवमा 'कोतवाल' को रूपान्तर कटवाल हो भन्ने देखिन्छ।

धामी– नुवाकोटको स्थानीय प्रशासनमा धामीको पनि केही हात रहेको पाइन्छ। मल्लकालमा त धार्मिक कार्यसंग मात्र धामीको सम्बन्ध रहेको देखिन्छ। तर शाहकालमा आएर प्रशासनमा पनि धामीको केही हात रहन थाल्यो। तात्कालिक कागतपत्रबाट यो कुरा थाहा पाइन्छ[2]। नुवाकोटका दरबारको मरम्मत गर्ने काम धामीके जिम्मामा रहेको हुन्थ्यो। नुवाकोट गुल्जार राख्ने भारा पनि केही अंशमा धामीको जिम्मामा रहन्थ्यो। पर पजनी गर्दा द्वारेसंगै धामी पनि बस्तथे। एक पटक द्वारे मात्र बसी पजनी गर्दा धामीको चित्त दुख्यो र उजुरी पऱ्यो; अनि साबिकबमोजिम द्वारे र धामी बसी पजनी गर्नू भन्ने भावको पत्र पठाइएथ्यो[3]।

सरकारी भारादारहरूमा लाग्ने 'सर्वोपमायोग्येत्यादि सकल गुणगरिष्ठ राजभारासामर्थ' आदि विशेषण धामीमा पनि लाग्दथ्यो[4]। भन्सारको ठेक्का लिने आदि काम पनि कहिलेकहीं धामीले गर्दथे[5]। सरकार र जनताको विश्वासपात्र व्यक्ति हुँदा जमानी बसिदिने, जनताको हितको लागि आवाज उठाई सरकारसम्म पुऱ्याउने आदि काम पनि धामीले गर्दथे[6]। उदाहरणार्थ एक घटनाको चर्चा यहां गरिन्छ। नुवाकोट गुल्जार रहोस्, बन्द व्यापार राम्ररी चलोस् भन्ने भावनाले भीमसेन थापाले वि. सं. १८८३ मा नुवाकोटका नेवारहरूको लागि स्थितिबन्देज बांधिदिएका थिए। तर नुवाकोटमा नेवारबाहेक पर्वतेहरू (तात्कालिक शब्दमा) पनि धेरै थिए। नुवाकोटको हितको ध्यान राख्ने प्रवृत्ति धामीमा हुँदा उनले त्यसवेला सरकारमा लेखेको अर्जी उल्लेखनीय छ। त्यसमा 'नेवारको बन्दवस्त भयो, पर्वत्याहरूको वन्दवस्त केहि भयेन' भन्ने कुरा उठाइएको छ[7]। नुवाकोट गुल्जार राख्न नेवार र पर्वते दुवैको सप्रने बन्देज हुनुपर्छ भन्ने अनुरोध त्यस अर्जीमा गरिएको छ।

यसै गरी नुवाकोटको प्रशासनमा धामीको स्थानलाई औंल्याउने उदाहरण अनेक पाइन्छन्। धामीसम्बन्धी अरू कुरा धार्मिक प्रकरणमा लेखिनेछ।

---

१. ऐतिहासिक सामग्री, ८ संख्याको पत्र
२. ऐतिहासिक सामग्री, १३, १६, २९ संख्याका पत्र
३. ऐतिहासिक सामग्री, ७२ संख्याको पत्र,
४. ऐतिहासिक सामग्री, ८, २६, ३३ ५९ संख्याका पत्र
५. ऐतिहासिक सामग्री, ५८ संख्याको पत्र
६. ऐतिहासिक सामग्री, ७४, ८६ संख्याका पत्र
७. ऐतिहासिक सामग्री, ५५ संख्याको पत्र

यी बाहेक मुखिया, चौधरी, भन्सारी आदि प्रशासनसंग सम्बन्ध राख्ने पदाधिकारीहरू पनि त्यस बेला थिए भन्ने कुरा तात्कालिक पत्रहरूबाट थाहा पाइन्छ[1] ।

पञ्चहरू– स्थानीय प्रशासनको प्रसङ्गमा अब पञ्चहरूबारे पनि केही चर्चा गर्नु परेको छ। किनभने हाम्रो यहां लिच्छविकालदेखि सक्रिय रहेको पञ्चायतप्रथा मध्यकाल र आधुनिक कालसम्म पनि कायम रहेथ्यो । यस प्रथाले कहिले बढावा पायो; कहिले यो प्रथा अलि सुस्त रह्यो तापनि स्थानीय प्रशासनमा पञ्चहरूको स्थान प्रायः उल्लेखनीय नै रहेको पाइन्छ ।

मध्यकालमा पञ्चहरूको अवस्थाबारे हामीले अन्त केही लेखिएसकेका छौं[2] । यस कारण त्यसलाई यहां दोहऱ्याउनु आवश्यक छैन । तर मध्यकालका पञ्चहरूको आकारप्रकारबारे पहिले केही अस्पष्ट रहेको र हाल अलि बढी कुरा खुल्न आएको हुनाले त्यसबारे यहां अलिकता लेख्नुपर्ने भएको छ ।

नेपाल-उपत्यका, दोलखा आदि ठाउँमा प्राप्त सामग्रीहरू केलाई हेऱ्यौं भने मध्यकालमा पञ्चहरूको मुख्य गरी दुइ तह रहेको हामी पाउँछौं । एक पञ्च, पञ्चसमुच्चय र अर्को पञ्चप्रमान । त्यस वेला टोल टोलमा पञ्चायत हुन्थे[3] । त्यसका लागि नियुक्त पञ्चहरूलाई साधारणतः पञ्च शब्दले बुझाउँथ्यो । कुनै विशेष कुराको निर्णयको लागि उपस्थित पञ्चहरूको समूहलाई 'पञ्च-समुच्चय' भनिन्थ्यो । ज्यादै महत्त्वपूर्ण कुराको निर्णयलाई देशभरिका पञ्चहरूको भेला (अधि-वेशन) पनि कहिले कहीं हुन्थ्यो; त्यस्तो भेलालाई पनि 'पञ्चसमुच्चय' नै भनिन्थ्यो[4] । साधारण पञ्चहरूको तर्फबाट नियुक्त पांच जना पञ्चहरू मूलकोट वा मुख्य कचहरीमा रहन्थे । सरकारी अरू प्रमान (बडाहाकिम आदि उच्च कर्मचारी) हरूले जस्तै ती पञ्चहरूले पनि जागिर पाउने हुनाले ती पञ्चहरू 'पञ्च प्रमान' कहलाउँथे[5] । मूलकोट वा मुख्य कचहरीमा बसी मुद्दामामिलाको छिनफान गर्ने आदि काम ती 'पञ्च प्रमान' ले गर्दथे । तिनको सहायताको लागि विचारी, मुखिया आदि कर्मचारी नियुक्त गरिन्थे[6] । त्यस बेला धारा कुलो मन्दिर आदि बनाउने तथा अरू सांस्कृतिक क्रियाकलापको सञ्चालन गर्ने काम 'पञ्चसमुच्चय' ले गर्दथ्यो । 'पञ्च प्रमान' सम्म पुग्न नपाउँदै स्थानीय मुद्दामामिला पनि पञ्चसमुच्चयले मिलाइदिने गर्दथ्यो ।

---

१. ऐतिहासिक सामग्री, ५३,५६ संख्याका पत्र

२. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ४७,४८

३ मल्लकालमा जनतातर्फबाट राखिएका शिलापत्रहरूमा यस्ता पञ्चायतको धेरै उल्लेख पाइन्छ ।
शङ्करमान राजवंशी, 'भक्तपुर–शिलालेख–सूची' वीरपुस्तकालय, काठमाडौं, वि. सं. २०२०, पृष्ठ ३०,३४,४०,४३ . . . . .

४. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. १६६–६७

५. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. १३१–१३२, १६६

६. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. १५६

नुवाकोटमा पञ्चहरूको अवस्थाबारे नयां उल्लेखनीय प्रकाश पार्ने कागतपत्र आदि सामग्री प्राप्त भएका छैनन् तापनि पञ्चहरूको अस्तित्व यहाँ पनि थियो भन्ने कुराको पुष्टि गर्ने प्रमाण भने अनेक पाइएका छन्[1] । त्यसबाट नेपाल–उपत्यका दोलखा आदि प्रदेशमा पञ्चहरूको जुन स्थान थियो, त्यो स्थान नुवाकोटमा पनि थियो भन्ने देखिएको छ। नुवाकोटमा हालै पाइएको लिच्छवि-कालको अभिलेखले यस भेकमा पञ्चायत-प्रथाको विकास त्यस वेला नै भइसकेको दर्शाउँछ[2] ।

प्रशासनको दृष्टिले मात्र होइन, सामाजिक मान्यताको दृष्टिले पनि पञ्चहरूको स्थान उल्लेखनीय नै रहेको थियो । नुवाकोटको जात्राको प्रसङ्गको एक गुठीमा गर्नुपर्ने विधि विधान मध्ये एक 'पञ्च' हरूलाई शर्वत खुवाउनू भन्ने रहेको छ[3] । यस्ता उल्लेखले पञ्चहरूको सामाजिक सन्मानलाई औंल्याउँछन् ।

---

१. ऐतिहासिक सामग्री, ५२ संख्याको अभिलेख, ७९ संख्याको पत्र, २ संख्याको ताडपत्र . . .

२. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख

३. ऐतिहासिक सामग्री, ५२ संख्याको अभिलेख,

आर्थिक अवस्था

(तेस्रो अध्याय)

मध्यकालमा नेपालको आम्दानीको स्रोत मुख्य गरी तीन थिए : कृषि, पशुपालन र व्यापार। यी तीनै आर्थिक स्रोतको दृष्टिले उहिले नुवाकोटभेक उल्लेखनीय नै रहेको थियो। पूर्वभेकमा दोलखाको र पश्चिमभेकमा नुवाकोटको आर्थिक अवस्था प्रायः मिल्दोजुल्दो थियो। राजनैतिक दृष्टिले यी दुइ प्रदेशको अवस्था निकै भिन्न थियो। तर आर्थिक दृष्टिले भने यी दुइ प्रदेशमा निकै समानता रहेको पाइन्छ। लिच्छविकालको उत्तरार्धदेखि नेपालको भोट र चीनसंगको आवत–जावतमा वृद्धि हुन थालेथ्यो। नेपाल–उपत्यकाबाट भोट जाने बाटामा केरुङ र कुती भई जाने बाटो विशेष चल्तीका थिए। यी दुइ मार्गमा सुरक्षाको बन्दोबस्त बढी थियो। ठाउँ ठाउँमा नेपालसरकारद्वारा भन्सार–अड्डाको साथै गुल्म (सुरक्षाचौकी) कायम गरिएका थिए। यसो हुनाले भोटभेकमा जाने यी दुइ मार्ग बढी चल्तीका बनेथे। यी दुइ मार्गमध्ये एक केरुङ भई जाने मार्ग नुवाकोटअन्तर्गत थियो। भोटको डिगर्चा भेकमा जाने प्रमुख मार्गचाहिं दोलखा अन्तर्गत थियो। यसो हुँदा व्यापारको दृष्टिले त्यस वेलाती दुइ बस्ती उल्लेखनीय बनेथे। व्यापारबाहेक हिमालयको मनितिर रहेका प्रदेश हुँदा पशुपालनको लागि विशेष गरेर घोडा, भेंडा, चौंरी, कस्तूरी आदिको लागि दुवै प्रसिद्ध थिए। कोशी र गण्डकीको तीरमा रहेका यी दुइ प्रदेशमा अनाजको उत्पादन पनि निकै हुन्थ्यो। साथै वनजङ्गलसम्बन्धी उत्पादनमा पनि यी प्रदेश केही प्रसिद्ध थिए। नेपालबाट निकासी हुने जडीबुटीहरू यी दुइ प्रदेशमा पनि निकै पाइन्छन्। अर्को कुरा नेपालबाट निकासी हुने तामा आदिका खानीहरू पनि यी दुइ प्रदेशमा थिए। यसरी यी दुइ प्रदेशको आर्थिक अवस्था निकै मात्रामा मिल्दाजुल्दो छ।

आयस्रोतको दृष्टिले दुइ प्रदेशमा समानता रहे तापनि प्रायः उत्पादनको अनुपातको दृष्टिले दोलखाभन्दा नुवाकोट अलि अघि बढेको थियो भन्ने देखिएको छ। मध्यकालको पूर्वार्द्धसम्म कुतीभन्दा केरुङको बाटो बढी चल्तीको थियो। यसो हुनाले त्यस वेला भन्सारबाट हुने आम्दानी यताबाट बढी हुनु स्वाभाविक थियो। कृषिज उत्पादनमा पनि नुवाकोट निकै अगाडि थियो। काठमाडौं–उपत्यकामा निकै मात्रामा अन्ननिकासी यस प्रदेशले गर्दथ्यो[1]। कर्कप्याट्रिक नेपाल आएताकासम्म पनि उक्त कुरा जारी थियो। नुवाकोटको वर्णन गर्दा कर्कप्याट्रिकले यहाँको उत्पादन क्षमताको चर्चा गरेका छन्।

---

१. वंशावलीको वर्णन, कर्कप्याट्रिकको वर्णन आदिबाट उक्त कुरा थाहा पाइन्छ।

राजनैतिक परिवर्तनले नुवाकोटको बस्ती कहिले विकसित हुने र कहिले सुक्ने भइरह्यो तापनि लिच्छविकालदेखि आबाद रहेको यो प्रदेश पछिसम्म पनि राम्ररी आबाद प्रदेशमध्ये नै परेको छ। नुवाकोटको मूल बस्ती विस्तारको दृष्टिले ठूलो नभए पनि ठूलठूला भवनहरूले गर्दा आकर्षक रहेको थियो। कर्कप्याट्रिकले देखेतासम्म पनि यहांका घरहरू आकर्षक थिए; इंटले बनाइएका नुवाकोटका ठूलठूला घरहरू नेपालमा हेर्न लायक घरहरूमध्ये पर्दछन् भनी कर्कप्याट्रिकले लेखेका छन्[1]।

यसरी नुवाकोट–प्रदेशको आर्थिक अवस्था उल्लेखनीय नै रहेको छ। वोलखा जस्तो एक ठाउँमा मात्र केन्द्रित रहेको बस्ती नहुँदा नुवाकोटको आर्थिक इतिहास राम्ररी तयार गर्न सर्वेक्षण–समय अपर्याप्त रह्यो तापनि अहिले प्राप्त सामग्रीको आधारमा नुवाकोटको आर्थिक अवस्थाको रूपरेखा यहाँ खिच्नुपरेको छ।

कृषि र भूमिव्यवस्था

एकातिर त्रिशूली र अर्कोतिरबाट तादी नदीद्वारा सेचन गरिएको नुवाकोट–उपत्यका उब्जाऊ हुनु स्वाभाविक थियो। विशेष गरेर तादीको किनारका जमीन कृषियोग्य रहेका थिए। त्रिशूली जलविद्युत्योजनाले गर्दा अहिले त्रिशूलीको किनारका जमीन पनि पहिलेभन्दा बढी उब्जाऊ बनेका छन्। तर त्रिशूली र तादी नदी निकै गहिरिएर होचो भागबाट बगेका हुँदा माथि उठेका नुवाकोट–उपत्यकाका धेरैजसा भाग जस्तै कि माझिटार, बट्टार, विदूर आदि समस्थल जमीन पर्याप्त पानीको अभावले गर्दा त्यति उब्जाऊ हुन सकेका छैनन्। यहाँ कुलो लाई खेती गर्ने कुनै बन्दोबस्त थिएन; अहिलेसम्म पनि हुन सकेको छैन। उक्त समस्थलहरू आकाशखेतीकै भरमा थिए। त्रिशूलीबाट वा तादीबाट पानी माथि ल्याई सिंचाइको बन्दोबस्त गर्न सके यहांको उब्जनी धेरै मात्रामा बढ्ने निश्चित छ। त्रिशूलीको पानीको क्षमता बढी भए पनि त्रिशूलीको पानी बढी चीसो हुँदा खेतीको लागि त्यति उपयुक्त छैन, जति तादीको पानी उपयुक्त छ भन्ने स्थानीय बूढापाकाको भनाइ छ। हालै यी समस्थलमा सिंचाइको प्रबन्ध गर्ने सुरसार चलिरहेको छ। सो योजना कार्यान्वित हुन सक्यो भने नुवाकोट–उपत्यकाको कृषि उत्पादन निकै बढ्नेछ।

यी समस्थलहरूमा कुलो बनाउनुपर्ने आवश्यकताको अनुभव उहिलेका शासकहरूले तथा जनताले त्यति गरेको बुझिदैन; यस भेकमा कुलो बनाउने प्रयास गरेको उल्लेख कुनै अभिलेख वा कागतपत्रहरूमा आएको छैन। लिच्छविकाल तथा मल्लकालका शासकहरूले अन्त कुलोको लागि अनेक प्रयास गरेको उल्लेख अभिलेख आदिमा पाइन्छ। शाहकालका शासकहरूले पनि उही नीतिको अनुसरण गरेथे। तर नुवाकोट–उपत्यकामा कुलो बनाई सिंचाइ गर्ने प्रयास पहिले कुनै बेला पनि नगरिएको बुझिन्छ। सिंचाइको यस अभावलाई कर्कप्याट्रिकले पनि प्रकारान्तरले औंल्याएका छन्। नुवाकोट–उपत्यकामा अन्नको उब्जनी निकै हुन्छ तापनि सिंचाइको बन्दोबस्त

---

१. 'ऑन् ऐकाउन्ट अफ् दि किङ्गडम् अफ् नेपौल' को ११६ पृ.

भए उब्जनी अन्न बढ्ने कुराको संकेत उनले गरेका छन् । साथै तादीका किनारका कृषियोग्य जमीन बाढीले गर्दा क्षतिग्रस्त हुने कुराको पनि उनले चर्चा गरेका छन्[1] ।

नुवाकोटका उपर्युक्त समस्थलमा सिंचाइको प्रबन्ध गरी खेती नगर्नामा अनेक कारण थिए । तीमध्ये यी जमीनमा फलफूलको खेती बढी हुनु पनि एक कारण रहेको थियो । यस भेकमा आँप, अम्बा, कटहर आदि फलफूलका रूख प्रशस्त मात्रामा लाइएका थिए । उहिले नुवाकोटको आँपले काठमाडौं–उपत्यकामा समेत प्रसिद्धि पाएको थियो । गडखारको आँप भनेपछि उहिले असल जातको आँपमा गणना हुन्थ्यो । केही काल अगाडिसम्म नुवाकोट–उपत्यकामा फलफूलका नौवटा ठूलठूला बगैंचा प्रसिद्ध थिए । श्री ५ पृथ्वीनारायण शाहको सेरादरबारको अभिलेखमा पनि आँपको बगैंचाको वर्णन परेको छ[2] ।

केही काल यता ती फलफूलका बगैंचा ह्रासिदैछन् । त्यहाँ सोझै खेती गर्ने प्रयास भइरहेको छ । तर सिंचाइको राम्रो व्यवस्था नहुँदा उत्पादन भने बढ्न सकेको देखिंदैन । तादीकिनारको सेराबगैंचाभेकमा भने आधुनिक कृषिफर्मको रूप दिने प्रयास भइरहेको छ । जहाँ पशुपालनको साथै विभिन्न तरकारीको उत्पादन राम्ररी नै भएको देखिएको छ । सिंचाइको प्रबन्ध हुन सके यस भेकमा तरकारीको राम्रो उब्जनी हुने लक्षण त्यस उदाहरणले देखाएको छ ।

नुवाकोट–उपत्यकाको अन्न उब्जनीमा धान, गहूँ, जौ आदिको प्रमुखता रहेको थियो । अभिलेख, कागतपत्रहरूबाट पनि उक्त कुरा थाहा पाइन्छ; कर्कप्याट्रिकले पनि उक्त कुराको चर्चा गरेका छन् । यहाँ उत्पादन हुने अन्नमा 'जीरसेरा' नामक धान उत्तम कहिएको छ भन्ने कुरा कर्कप्याट्रिकले लेखेका छन्[3] । यस भेकमा मकै, कोदो आदिको पनि निकै उब्जनी हुन्छ । अभिलेख, कागतपत्रहरूमा खेतको कुतको चर्चा गर्दा प्रायः गरी धानको उल्लेख आएको छ । यहाँका धानको प्रसङ्गमा मार्सी धानको उल्लेख पनि अभिलेखमा भएको छ[4] । नुवाकोटभेकका पिँडालु, माष, बदाम मीठा हुन्छन् भन्ने भनाइ काठमाडौं–उपत्यकामा अहिलेसम्म प्रचलित छ । सो कुरा सत्य पनि हो । नुवाकोट भेकमा ऊखु पनि केही मात्रामा हुन्थ्यो; सखर बनाउने व्यवसाय पनि यहाँ केही प्रचलित थियो । अबुवाको खेती पनि केही हुन्थ्यो । झिल्टुङनिरको एक प्रदेश नै 'अबुवाबारी' कहलाएथ्यो[5] ।

काठमाडौं–उपत्यकाको नजीकै रहेको प्रदेश हुँदा तथा यहाँको प्रशासन प्रायः काठमाडौं उपत्यकाअन्तर्गत नै रहेको हुँदा नुवाकोट–उपत्यकाको भूमिव्यवस्थामा काठमाडौं–उपत्यकाको

१. उही, पृ. ११३
२. ऐतिहासिक सामग्री, ३५ संख्याको अभिलेख
३. उही, पृ. ११३
४. ऐतिहासिक सामग्री, ३४ संख्याको अभिलेख
५. ऐतिहासिक सामग्री, १६ संख्याको अभिलेख

असर परेको छ। काठमाडौं–उपत्यकामा जस्तै यहाँ खेतको नापोलाई बुझाउने शब्द 'रोपनी' नै रहेको थियो। दोलखाभेकमा जस्तो 'खण्ड' को रूपमा जगा विभक्त थिएन। आबाद खेतहरू वैज्ञानिक रूपले रोपनीकै रूपमा विभक्त थिए र प्रायः अब्बल, दोयम आदिका रूपमा जग्गाको कुत निर्धारित थियो। यो कुरा अभिलेख र कागतपत्रहरूबाट थाहा पाइन्छ। शाहकालमा आएर मुरी, खेतको प्रचलन पनि भएथ्यो।

यस भेकका बहुसंख्यक जनताको पेशा अहिलेसम्म कृषि नै रहेको छ। तर दोलखामा जस्तो यस भेकमा सामूहिक रूपमा खेती गर्ने प्रचलनको भने अभाव देखिन्छ। सामाजिक बनौटको ढाँचामा अन्तर भएको हुँदा त्यसो भएको देखिन्छ। बस्ती–बसाइको दृष्टिले नुवाकोट भेकको अवस्था बढ्ता बदलिरहेको देखापरेको छ। अर्को कुरा दोलखाभेकमा जस्तो कृषिकार्यमा दास-प्रथाको उपयोग यस भेकमा भएको उदाहरण कागतपत्रमा भेटिंदैन। साथै रैतीहरूउपर विशेष बन्देज लागू गरी खेती गराउने प्रचलनको पनि यहाँ कमी थियो भन्ने देखिएको छ।

अन्त जस्तै यहाँको भूमिव्यवस्थामा पनि समय समयमा केही परिवर्तन आएको पाइन्छ तापनि प्रायः गरी यहाँका जग्गा जमीन, विर्त्ता, गुठी, जागीर, राजक्षेत्र (रैकर), सेरा आदिको रूपमा विभक्त थिए। तर नुवाकोटका बासिन्दाहरूलाई सुबिधा होस् भन्ने दृष्टिले जग्गाको अधिग्रहण नहोस् भनी 'रैबन्दी' प्रथाको पनि प्रचलन यस भेकमा थियो। पछि भीमसेन थापा, जङ्गबहादुरहरूले सम्म यस प्रथालाई कायम राखेको कुरा तात्कालिक पत्रबाट थाहा पाइन्छ।

विर्त्ता– सामाजिक र अरू आवश्यक कामकुराहरू राम्ररी चलून् भनी बिर्त्ता दिने जुन प्राचीन चलन थियो, त्यसमा केही अन्तर आए पनि विर्ताप्रथाले पछिसम्म पनि केही अंशमा त्यस कुराको प्रतिनिधित्व गरिरहेको थियो। विशेष गरेर दूरदर्शी शासकहरू विर्ता दिंदा यस कुरामा ध्यान दिन्थे। उदाहरणार्थ श्री ५ पृथ्वीनारायण शाहले जलुवा माझीलाई दिएको बिर्त्तालाई देखाउन सकिन्छ[1]। नुवाकोट–आक्रमण योजनामा रातारात डुङ्गा बनाउने कार्य गरी योगदान दिएबापत श्री ५ पृथ्वीनारायण शाहले जलुवा माझीलाई निकै ठूलो बिर्त्ता दिएथे; जसमध्ये केही भाग अहिलेसम्म पनि 'माझिटार' नाउँले प्रसिद्ध रहेको छ। तर यसरी बिर्त्ता दिंदा पृथ्वीनारायण शाहले सामाजिक हितलाई पनि ध्यानमा राखी सो बिर्त्ता दिएथे। सो हो, नदी तर्ने कुरामा जनतालाई सुबिधा होस् भन्ने। जलुवा माझीलाई विर्त्ता दिंदा गरिदिएको ताम्रपत्रमा जनतालाई खोला वारपार गराउने जिम्मेवारी वहन गर्नुपर्ने शर्त रहेको छ। केही गरी ती माझी र तिनका वंशजले सो आवश्यक कार्य नगरेमा विर्ता स्थायी नहुने कुरा त्यस ताम्रपत्रमा "भाका माझिको गर्नु सेवा वारिपारि गर्नु, सेवा छाड्या तावापत्र काँचो सेवा गर्दै रह्या पाको" भनी स्पष्ट शब्दमा किटान गरिएको छ। यसरी विर्ता दिंदा त्यसबाट जनताको हित पनि हुँदै रहोस् भन्ने कुरामा दृष्टि दिइएको स्पष्ट बुझिन्छ। पृथ्वीनारायण शाहको यस नीतिको झलक उनका अरू पत्रबाट पनि पाइन्छ।

---

१. ऐतिहासिक सामग्री, २९ संख्याको अभिलेख

यस प्रसङ्गमा नरभूपाल शाहले लामाहरूलाई दिएको बिर्ताको कुरा पनि उल्लेखनीय छ । नुवाकोट कब्जा गर्ने सिलसिलामा नरभूपाल शाहले रसुवाभेकका गुम्बाका लामालाई आफ्नो पक्षमा मिलाएथे । ह्लोपा लामालाई नकथलीको गुम्बाको अधिकार सुम्पंदा 'कुशविर्ता' गरी दिइएको थियो । कुशविर्ता दिई गरिदिएको ताम्रपत्रमा 'धन जियले सेवा गर्नु' भन्ने शर्त पनि परेको छ[1] । यसरी आवश्यक परेको वेलामा लामाहरूले अर्थसहायता गर्नुपर्ने तथा लडाइँमा समेत भाग लिनुपर्ने कुराको संकेत यसले दिन्छ । साथै उक्त ताम्रपत्रबाट 'कुशबिर्ता' को परिभाषा अलि विस्तृत हुन आएको छ । ब्राह्मणलाई संकल्प गरी दिइएको बिर्ता जस्तै लामालाई दिइएको विर्ता पनि कुशविर्तामध्ये पर्न आएको छ । यसरी पछि पछि बडे बडे विर्ता एक वर्गले पाए जस्तो पहिले विर्ताप्रथाको त्यो रूप थिएन; विर्ताप्रथासंग सामाजिक हितको दृष्टि पनि केही अंशमा संलग्न थियो भन्ने थाहा पाइन्छ ।

गुठी जग्गा— धार्मिक विधिविधान, प्रसिद्ध जात्राहरू निकै अघिदेखि प्रचलित रहेका हुँदा नुवाकोटभेकको भूमिव्यवस्थामा गुठी जग्गाको पनि विशेष स्थान रहेको छ । यद्यपि गुठीजग्गा विर्ताकै अर्को रूप हो तापनि यसको सञ्चालनपद्धतिमा भने अन्तर रहेको थियो । कुनै निश्चित उद्देश्यपूर्तिको लागि गुठी राखिने हुँदा तथा त्यसलाई सञ्चालन गर्ने गुठियारहरू तथा उनको कर्तव्य र अधिकारसमेत तोकिने हुनाले यस प्रथामा अलि बढी क्रियाशीलता रहेको हुन्थ्यो । गुठी जग्गाको कुतनिर्धारण प्रथा पनि अलि बेग्लै रहेको हुन्थ्यो । आवश्यकताअनुसार कुनै गुठी जग्गाले अन्नको सट्टा बोका, घ्यू, तेल आदि कुतको रूपमा बुझाउनुपर्ने हुन्थ्यो । विर्तामा पनि यस्ता उदाहरण पाइन्छन् तापनि विविध किसिमका गुठीजग्गाको कुतनिर्द्धारणपद्धतिचाहिं अलि चाखलाग्दो हुन्थ्यो ।

नुवाकोटका भैरव-भैरवीको प्रसिद्धि ठूलो हुँदा यिनलाई चढाइएका गुठी जग्गा यहाँ प्रशस्त छन् । भैरव–भैरवीसम्बन्धी गुठी जग्गामा प्रायः सब किसिमका रकम माफी गरिएका थिए; गादीममारख र चुमावनसमेत माफी भएको उल्लेख एक लालमोहरमा आएको छ[2] । यी भैरव–भैरवीलाई सिङ्गै गाउँ नै गुठीजग्गाको रूपमा चढाइएको पनि पाइन्छ । उदाहरणार्थ श्री ५ रणबहादुर शाहद्वारा चढाइएको लच्याङ गाउँलाई देखाउन सकिन्छ[3] । निकै ठूलो यस गाउँका सबै किसिमका रकमहरू पनि गुठियारले उठाउन पाउने व्यवस्था गरिएको थियो । साथै यस गाउँका प्रजाले देवीजात्रामा रथ बोक्नुपर्ने आदि बन्धेज पनि बाँधिएको थियो । यसरी गुठीको रूपमा चढाइएको भए पनि कति विर्त्ता जग्गामा जस्तै यसमा विशेषाधिकार रहेको पाइन्छ ।

जागीर— आधुनिक कालको पूर्वार्द्धसम्म पनि हाम्रो यहाँ उच्च सरकारी कर्मचारीलाई

---

१. ऐतिहासिक सामग्री, २८ संख्याको अभिलेख

२. ऐतिहासिक सामग्री, ६८ संख्याको पत्र

३. ऐतिहासिक सामग्री, ४१ संख्याको अभिलेख

नगदको रूपमा वेतन नदिई जागीरको रूपमा निश्चित जग्गा दिइन्थ्यो। अन्त जस्तै यो प्रथा नुवाकोट-भेकमा पनि लागू थियो । यस कारण यस भेकको भूमिव्यवस्थामा जागीरप्रथाको पनि स्थान रहेको थियो । यस्ता जागीररूपमा दिइएका जग्गाका धनी प्रायः अस्थायी हुन्थे । प्रायः गरी जागीर–जग्गा एक वर्षका लागि दिइन्थ्यो। यसो हुँदा प्रतिवर्ष पजनी गर्नुपर्ने आवश्यकता रहेथ्यो। अवस्था हेरी बढी समयलाई वा स्थायी रूपमा पनि जागीर दिइन्थ्यो। विशेष किसिमका जागीरमा जग्गाको आयस्ताबाहेक दण्डकुण्ड, पञ्चखतसम्बन्धी रकमसमेत उठाई खान पाउने अधिकार पनि दिइएको पाइन्छ ।

नुवाकोटका द्वारेलाई श्री ५ पृथ्वीनारायण शाहले एक किसिमले राजप्रतिनिधिका रूपमा नियुक्त गरेका हुनाले उनले विशेष रूपमा जागीर पाएथे। साथै नुवाकोटका केही अधिकारीलाई जागीर दिन पजनी गर्ने केही अधिकार पनि नुवाकोटका द्वारेलाई सुम्पिएको थियो[1] । तर यसरी जागीर दिन पजनी गर्दा जनताको घरबारी, जग्गाजमीनमा चाँहि हस्तक्षेप नगर्नू भन्ने स्पष्ट निर्देशन श्री ५ पृथ्वीनारायण शाहद्वारा नैंजराम मेधासीलाई गरिदिएको लालमोहरमा परेको छ[1] ।

पशुपालन

पशुपालन पनि एक प्रमुख आर्थिक स्रोत हो भन्ने कुरामा उहिलेदेखिका अर्थशास्त्रकारले जोड दिइएको पाइन्छ । हाम्रो यहाँ पनि प्राचीन, मध्य र आधुनिक कालको पूर्वार्द्धसम्म पनि पशुपालन आम्दानीको विशेष स्रोत रहेको थियो। यसो हुँदा तात्कालिक शासकहरूले खर्क, घाँस-बिर्ता आदि दिई पशुपालनलाई प्रोत्साहन दिएको हामी पाउँछौं[2] । तर पछि कारणवश पशुपालनमा कमी आउन थाल्यो। अहिले नुवाकोटभेकमा पशुपालन सामान्य रूपमा मात्र रहेको छ। तर एक शताब्दी जति अघिसम्म यस भेकमा पशुपालन निकै मात्रामा हुन्थ्यो भन्ने थाहा पाइन्छ ।

पशुपालनको दृष्टिले नुवाकोटभेक र दोलखाभेकमा निकै समानता रहेको पाइन्छ भन्ने कुराको संकेत माथि गरिसकेको छ। दोलखाभेकमा जस्तै नुवाकोटभेकमा पनि पालिने पशुहरू प्रायः गरी घोडा, गाईं, चौंरीगाई, भैंसी, भेडा, च्यांग्रा आदि हुन् ।

केही काल अगाडिसम्म पनि हाम्रो यहाँ घोडाको माग बढी थियो । यसो हुँदा घोडा पाल्नामा बढी दृष्टि दिइन्थ्यो। नुवाकोट तादीको किनारमा पाइएको लिच्छविकालको अभिलेखमा घोडाको किनबेचको उल्लेख आएको छ[3] । त्यसबाट यस भेकमा लिच्छविकालमै अश्वपालनले

१. ऐतिहासिक सामग्री, १६ संख्याको पत्र
२. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ५४
३. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख,

एक पेशाको रूप लिइसकेको संकेत पाइन्छ । सो अभिलेख निकै खिइएको छ तापनि त्यसमा 'वाहा. . . . आनीयन्ते' भन्ने वाक्य पढ्न सकिन्छ । उहिले सरकारी छाप नलगाई घोडाको किनबेच गर्न पाइंदैनथ्यो । यस कारण छाप लाउनाको लागि तोकिएको ठाउँमा घोडा ल्याइन्थे । दोलखामा पाइएका मध्यकालका कागतपत्रबाट दोलखाभेकमा पालिएका घोडाहरू छाप लाउन राजधानी काठमाडौंमा ल्याइन्थे भन्ने थाहा पाइन्छ[1] । यसरी छाप लगाउँदा लाग्ने दस्तूर–रकम पछि 'छपाउनी' कहलाएको थियो । श्री ५ पृथ्वीनारायण शाहले कमलवनहरूलाई सुविधा दिई गरिदिइएको लालमोहरमा 'उप्रांत तिम्रा घोराको जगात, छपाउनिको माफ गरिदिइउँ' भन्ने उल्लेख परेको छ[2] । भोटभेकबाट पनि बिक्रीको लागि घोडा यहाँ ल्याइन्थे । पृथ्वीनारायण शाहले कमलवन-हरूलाई लेखिदिएको अर्को पत्रमा 'कुतिको बाटो गरि नेपाल आउँदा चँवर घोरा हरिताल सुना ल्याउँदा माफ भयो' भनी घोडामा लाग्ने जगात माफ गरिदिइएको छ[3] । नुवाकोटमार्फत घोडाको व्यापार होस् भन्ने उद्देश्यले पृथ्वीनारायण शाहले सो नीति लिएको देखिन्छ । केही कालअगाडिसम्म पनि रसुवाभेकमा घोडा पाल्ने व्यवस्था भएको उल्लेख नुवाकोट गोस्वारामा रहेका कागतपत्रमा पाइएको छ । अहिलेसम्म पनि नुवाकोटभेकमा केही मात्रामा घोडा पालिन्छ[4] ।

नुवाकोटभेकमा गाई पनि प्रशस्त मात्रामा पालिन्थे । सरकारीतर्फबाट तथा धनी व्यक्ति तर्फबाट पनि गाई पालिन्थे । शाहकालका कागतपत्रमा यस भेकका गाईगोठहरूको उल्लेख ठाउँ ठाउँमा आएको छ । विशेष गरेर यस भेकका तीनवटा सरकारी गोठहरू उल्लेखनीय थिए । त्यस्ता सरकारी गोठको देखरेखको लागि एक 'मुखिया' नियुक्त रहन्थे । साथै सम्बद्ध अड्डाबाट बीच बीचमा गोठको जाँचबुझ गरिन्थ्यो । गोपालनमा तलमाथि परे दण्ड गरिन्थ्यो । तात्कालिक पत्रमा यस कुराको उल्लेख परेको छ[5] । राजदरबारलाई चाहिँदा गाईको माग गरेको उल्लेख पनि तात्कालिक पत्रमा आएको छ । बेलकोटभेकमा असल जातका गाईहरू देखेको चर्चा कर्कप्याट्रिकले गरेका छन्[6] ।

हिमालीभेकमा चवरी गाईको पालन पनि निकै हुन्थ्यो । वि. सं. २००६ सालमा मोहन शमशेरसम्मले चवरी गाईको पालनको लागि बन्दोबस्त गरिदिएको कागतपत्र नुवाकोट–गोस्वारामा रहेको छ । हाम्रो यहाँबाट चवरी गाईको चवरको निकासी धेरै अघिदेखि हुँदै आएको पाइन्छ ।

---

१. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ५४–५५

२. ऐतिहासिक सामग्री, ८ संख्याको पत्र

३. ऐतिहासिक सामग्री, ७ संख्याको पत्र

४. जाँचबुझ केन्द्र, राजदरबार, 'मेचीदेखि महाकाली' श्री ५ को सरकार, सञ्चार मन्त्रालय सूचनाविभाग, काठमाडौं, वि. सं. २०३१, भाग २, पृ. ६११

५. ऐतिहासिक सामग्री, ६७ संख्याको पत्र

६. आँन ऐकाउन्ट अफ् किङ्गडम् अफ् नेपौल' पृ. १७९–८०

अंशुवर्माको टिस्टुङ्गको अभिलेखमा नेपालबाट धर मात्रामा निकासी हुने वस्तुको सूचीमा चवरको पनि उल्लेख परेको छ[1]।

भैंसी रांगोको पालन पनि हाम्रो यहाँ लिच्छविकालदेखि नै निकै हुन्थ्यो। लिच्छविकालका अर्थविशेषज्ञ प्रसिद्ध शासक अंशुवर्माले यस पेशालाई प्रोत्साहन दिएथे[2]। नुवाकोटभेकमा पनि भैंसी रांगोको पालन निकै हुन्थ्यो भन्ने देखिएको छ। उपर्युक्त सरकारी गोठमा गाईहरूका अतिरिक्त भैंसी रांगाहरू पनि सरकारतर्फबाट पालिएका थिए[3]।

यसै गरी यस भेकमा भेडा च्यांग्राहरू पनि पालिन्थे। अहिलेसम्म पनि केही पालिन्छन्।

नेपालको उत्तरी भेक कस्तूरीमृगको लागि प्रसिद्ध थियो। लिच्छविकालदेखि नै नेपालबाट कस्तूरीको निर्यात हुन्थ्यो[4]। विदेशमा नेपाली कस्तूरीको विशेष माग थियो। कस्तूरीमृग पाइने नेपालका प्रदेशमध्ये नुवाकोटभेक पनि पर्दथ्यो। कर्कप्याट्रिकले आकर्षक चित्रसमेत दिई कस्तूरीमृगको चित्रण नुवाकोटको वर्णनप्रसङ्गमै गरेका छन्[5]।

अरू उपयोगी वन्य पशुपक्षीहरूको पनि यस भेकमा कमी थिएन। यस भेकबाट बँदेलको निकासी केही मात्रामा अझै हुँदैछ। कालिज, बाज, मोनाल, डाँफे आदि पनि यस भेकमा पाइन्थे। कर्कप्याट्रिकले नुवाकोटको वर्णनको प्रसङ्गमा कालिजको पनि रङ्गीन चित्र दिएका छन्[6]।

यहाँ पाइने विविध किसिमका माछाले गर्दा पनि नुवाकोटको केही प्रसिद्धि उहिले फैलिएथ्यो। अहिलेसम्म पनि यहाँका माछा मीठा माछामध्ये गनिन्छन्। यहाँ पाइने केही माछाको चर्चा कर्कप्याट्रिकले गरेका छन्[7]। देवीघाटकी प्रसिद्ध 'जालपा' देवीको किंवदन्ती रूपमा चलिआएको कथामा पनि माछाको सम्बन्ध जोडिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

व्यापार र उद्योग

प्राचीन कालदेखि नै नुवाकोटभेक व्यापारको दृष्टिले पनि उल्लेखनीय रह्यो भन्ने चर्चा माथि ठाउँठाउँमा गरिसकेको छ। यसमा मुख्य कारण भोट जाने प्रमुख मार्गमध्ये एक केरुङ भई

---

१. 'लिच्छविकालका अभिलेख' पृ. ३११–१४
२. उही, पृ. ३४८–५०
३. ऐतिहासिक सामग्री, ६७ संख्याको पत्र
४. 'लिच्छविकालका अभिलेख' पृ. ३११
५. आँन् ऐकाउन्ट अफ् किङ्गडम् अफ् नेपौल' पृ. १३१,
६. उही, पृ. १३२
७. उही, पृ. ११५

जाने मार्ग यस प्रदेशमा पर्नु रहेको थियो। मध्यकाल र काधुनिक कालको पूर्वार्द्धसम्ममा नेपाल-बाट भोट जाने पाँच मार्ग बढी चल्तीका बनेथे। ती यी हुन्[1] –

(१) दोलखा, लामबगर भई दिगर्चाभेकमा जाने,
(२) लिस्ती कुती भई ल्हासा जाने,
(३) रसुवा केरुङ भई ल्हासा जाने,
(४) पर्वतको वेणीशहर भई सक्या मठ भेकमा जाने,
(५) छिनाशिम ताक्लाखार भई पश्चिमी उत्तरी भोटमा जाने।

यिनमध्ये केरुङ भई ल्हासा जाने मार्ग मध्यकालको पूर्वार्द्धसम्म बढी चल्तीको थियो। यस भेकमा सुरक्षाको प्रबन्ध बढी हुनु तथा भोटको राजधानी ल्हासा जान यताबाट सजिलो हुनु यसमा कारण बनेथ्यो। यसो हुँदा नुवाकोटभेक व्यापारको केन्द्र जस्तै बनेथ्यो। साथै लामिडाँडा भई मधेस झर्न र पश्चिम नेपालमा जान पनि पाइक परेको हुँदा पनि व्यापारको दृष्टिले यस प्रदेशको महत्त्व बढेथ्यो।

नेपालको भोट र भारतसंगको व्यापार शुरूमा नेपाली व्यापारीहरूकै हातमा थियो। मध्यकालको उत्तरार्धमा आएर यसमा अन्तर आयो। अब काश्मीरी मुसलमान र गोसाइँहरूको पनि यसमा हात रहन थाल्यो। नुवाकोटभेक शैवमार्गी संन्यासीहरूको आकर्षकस्थल बनेको हुँदा यस भेकमा गोसाइँहरूको अखाडा जमेथ्यो। यसै कारण यस भेकको प्रसिद्ध नीलकण्ठ कुण्ड, 'गोसाइंकुण्ड' नामले प्रख्यात हुन गएथ्यो। मध्यकालको अन्त्यतिर श्राएर धार्मिक क्षेत्रबाहेक वाणिज्य क्षेत्रमा पनि यी गोसाईहरूको हात रहन लाग्यो। नेपाल उपत्यकाका मल्ल राजाहरूले कारणवश यिनीहरूलाई प्रोत्साहन दिने नीति लिए। श्री ५ पृथ्वीनारायण शाहले पनि शुरूमा यिनीहरूलाई हात लिने प्रयास गरे। यसो हुँदा त्यसताका नेपाल भोटको व्यापारमा गोसाईहरूको हात बढी रहन थालेको हो। भारत तथा नेपालमा समेत मठका मालिक हुन पुगेका हुनाले र धनी हुनाले यी गोसाईंहरूलाई व्यापार गर्नामा अनुकूलता रहेथ्यो।

यी गोसाईं व्यापारीहरूको गतिविधिबारे प्रकाश पार्ने अनेक सकल पत्र नुवाकोटमा पाइएका छन्। यस कारण ती पत्रको आधारमा यिनीहरूको बारेमा यहाँ केही चर्चा गर्नु आवश्यक देखिन्छ।

श्री ५ पृथ्वीनारायण शाहको समयताका भोट र नेपालको व्यापारमा समेत हात हाल्ने गोसाईंहरूमा कमलवन र उनका चेला भगवतीवनहरू प्रमुख थिए[2]। उपत्यकाका तीनै मल्ल राजाहरूबाट भने जस्तै यी गोसाईंहरूले सुविधा पाएका थिए। यसमा त्यसताकाको संक्रमणकालको

१. उही, पृ. ३७३–७४, ३७८
२. ऐतिहासिक सामग्री, ३–१२ संख्याका पत्र,

राजनैतिक, आर्थिक अवस्था कारण बनेको थियो। विशष गरेर वि. सं. १८०३ मा राज्यच्युत भई ४ वर्षसम्म आत्मरक्षाको लागि जयप्रकाशमल्लले यताउति लाग्नुपरेको अवस्थाले कमलवनहरूलाई आफ्ना गतिविधि बढाउने मौका दिएथ्यो। काठमाडौं छोडी यताउता लाग्नुपरेको अवस्थामा जयप्रकाशमल्लले भक्तपुर, ललितपुरका मल्ल राजाबाट वा अरू धनिवर्गबाट चाहिंदो आर्थिक मदत पाउन सकेनन्। यसो हुँदा विवश भई जयप्रकाशमल्लले ती गोसाईंहरूसंग आर्थिक मदत माग्नुपऱ्यो। अनि यस अवसरबाट फाइदा उठाउन कमलवन आदि गोसाईहरू पछि हटेनन्। यद्यपि त्यस अवस्थामा आर्थिक मदत दिंदा मूलधन नै डुब्ने खतरा नभएको होइन। तर जयप्रकाश मल्ललाई रुपियाको ज्यादै खाँचो भएको हुँदा उनले सापट लिएका रुपियाभन्दा धेरै गुना बढी माल धरौट राख्न मञ्जुर गरेका थिए। हुन पनि ६ हजार जति रु सापट लिन बीस तीस हजारको माल धरोट राखेको चर्चा एक पत्रमा आएको छ[1]। यसरी मूलधन डुब्ने सम्भावना कम भएको हुँदा नै गोसाईंहरूले यो कदम उठाएका थिए। यस प्रसङ्गमा एक प्रश्न खडा हुन्छ। त्यति थुप्रो धरोट राखेर सापट लिंदा पनि जयप्रकाशमल्लले ती गोसाईंहरूसंग निकै दबेर व्यवहार किन गरे? दबेको व्यवहारको झलक तात्कालिक पत्रमा स्पष्ट रूपमा पाइन्छ। यसबाट उनले नेपाली धनिवर्गबाट त्यति मदत पनि पाउन नसकेको आभास पाइन्छ। अनि विवश भई जयप्रकाशमल्लले आर्थिक खाँचो टार्न ती गोसाईंहरूसंग हात पसार्नुपर्ने अवस्था आइपऱ्यो। एक पत्रमा जयप्रकाश मल्लले आफूले लिएका सारा सापटको दोब्बर तिर्ने वचनसम्म दिइएको छ[2]। त्यसवेला साधारणतः चलेको व्याजदर त सयकडा दश नै थियो। कमलवनले जयसिं भंसारीलाई सापट दिएको पत्रमा 'चोख दशवरि' भनी लेखिएको हुनाले उक्त कुरा थाहा पाइन्छ[3]। तर संकष्टमा परेका जयप्रकाश मल्लको कमजोरीबाट लाभ उठाई गोसाईहरूले मूलधनको दोब्बरसम्म तिराउने मौका गुमाएनन्।

अर्को कुरा यी कमलवनहरू व्यापारी मात्र नभई महन्त, संन्यासी पनि भएका हुँदा पनि जयप्रकाशमल्लले बढी दिनु अनुचित नसंझेको बुझिन्छ। यो कुरा उनका पत्रबाट थाहा पाउन सकिन्छ। उदाहरणार्थ एक पत्रमा परेको "जतना हमारा पास आइरहा, सा पैसाका बुगना माहादेवका सेवा गरएगें" यस वाक्यलाई देखाउन सकिन्छ। यसबाट गोसाईहरूलाई जति बढी दिए पनि धर्म नै हुने, महादेवको सेवा नै गरेको ठहर्ने भन्ने भाव जयप्रकाशमल्लको मनमा रहेको संकेत पाइन्छ। यस्तो भाव अरू पत्रमा पनि परेको छ।

उता नुवाकोटभेकमा वि. सं. १८०१ मै श्री ५ पृथ्वीनारायण शाहको अधिकार जमिसकेको हुँदा ती गोसाईंहरूलाई केही समस्या पैदा भएथ्यो। तर आफ्नो आर्थिक अवस्था सुधार्ने नीति पृथ्वीनारायण शाहले लिएका हुँदा ती दुइ पक्षको बीचमा पनि सजिलैसंग संझौता भयो। आफूले

१. ऐतिहासिक सामग्री, ३ संख्याको पत्र
२. ऐतिहासिक सामग्री, ४ संख्याको पत्र
३. ऐतिहासिक सामग्री, १ संख्याको पत्र
४. ऐतिहासिक सामग्री, ४ संख्याको पत्र

उठाएको नेपालको एकीकरणको महान् अभियान सफल पार्न पृथ्वीनारायण शाहलाई पनि अर्थको ठूलो खाँचो परेको थियो । त्यस खाँचोको अलिकता अंशमा मात्र भए पनि पूर्ति कमलवनहरूले गरिदिएथे । साथै भोटसंगको व्यापार नुवाकोटको बाटो गराउनको लागि पनि पृथ्वीनारायण शाहले ती गोसाईहरूलाई हात लिनु लाभदायक संझेका थिए । यसो हुँदा पृथ्वीनारायण शाहले पनि कमलवनहरूलाई सुविधा गरिदिइएका पत्रहरू अनेक पाइएका छन्[1] । वि. सं. १८०६ मा कमलवनलाई लेखिदिएको एक पत्रमा "कँधलवन गोसाँञिको माल कुतिको बाटो गरि नेपाल आउँदा चँवर घोरा हरिताल सुना ल्याउँदा माफ भयो" भन्ने वचन दिइएको छ । अर्को पत्रमा 'तिम्रो छोराको जगात छपाउनिको माफ गरिदिइउँ" भनिएको छ । एक अर्को पत्रमा "भोट सैं बाज आयेपिछे बात बनिरहैगा" भनिएको छ । यसै गरी अरू पत्रमा पनि पृथ्वीनारायण शाहले गोसाईंहरूलाई सुविधा गरिदिइएको चर्चा परेको छ ।

यी गोसाईंहरूलाई हात लिई पृथ्वीनारायण शाहले फाइदा उठाए तापनि यिनीहरूलाई उनले विश्वास भने गरेका थिएनन् । कमलवनका चेला भगवतीवन गोसाईले नुवाकोट दरबारमा आउन अनुमति माग्दा पृथ्वीनारायण शाहले लोलोपोतो गरी सो टारिदिएको कुरा उनको एक पत्र-बाट थाहा पाइन्छ[2] । मल्लदरबारमा समेत पहुँच पुगेका गोसाईहरूलाई आफूकहाँ ल्याउँदा आफ्नो भेद अरूले पाउने डर हुँदा उनले सो नीति लिएका हुन्। तर फेरि सत्तामा आएपछि जयप्रकाशमल्लले यी गोसाईहरूको स्थिति बाँधिदिए जस्तै पृथ्वीनारायण शाहले पनि पछिसम्म पनि यी गोसाईंहरूलाई व्यापारको सुरक्षाको वचन दिएथे । यो कुरा वि. सं. १८२५ मा भगवतीवनहरूलाई लेखिदिएको धर्मपत्रबाट थाहा पाइन्छ[3] । त्यसमा—

"संन्यासिहरूले भोट नेपाल जांदा आउंदा हाम्रा भन्सारमहां देषाइ छाप मारि लिस्तिको बाटो गरि जगातिहरूक्षौ माल नगद ज्या लग्यो सो देषाइ दस्तुर तिरि ल्याउँनु लैजानु . . .गोसाइ-हरूले तर्ति गर्दा गर्दै माल लुटि षानामहा पर्सौं त श्री गोरषनाथ श्री भैरवीको कुदृष्टि"

भनी व्यापारको सुरक्षाको वचन दिइएको छ । त्यसमा पृथ्वीनारायण शाहले एक शर्त भने राखेका थिए । त्यो हो, पृथ्वीनारायण शाहका टक भोटभेकमा चलाउने कार्यमा गोसाईहरूले मदत गर्नुपर्ने । "हाम्रो टक्सार चलाउनामाहा पस्नु" भन्ने उल्लेख उक्त धर्मपत्रमा परेको हुँदा सो कुरा थाहा पाइन्छ । वि. सं. १८११ मा आफ्नो पनि स्वतन्त्र टक चलन चल्तीमा ल्याएदेखि नै पृथ्वी-नारायण शाहले मल्लराजाहरूको जस्तै आपनो पनि टक भोटभेकमा चलोस् भन्ने प्रयास गर्दै आएका थिए । तर यसमा चिताए जति सफलता मिलेको थिएन । यसो हुँदा उक्त कुरामा यी गोसाईंहरूबाट पनि केही मदत पाइएला कि भन्ने आशाले पृथ्वीनारायण शाहले उक्त नीति लिएका हुन् ।

---

१. ऐतिहासिक सामग्री, ७–११ संख्याका पत्र

२. ऐतिहासिक सामग्री, ११ संख्याको पत्र

३. ऐतिहासिक सामग्री, १२ संख्याको पत्र,

भन्सार– भोटदेखि मधेशसम्म नै शुल्क, जगात उठाउने भन्सार अड्डा, सुरक्षाचौकीहरू रहेका थिए। तात्कालिक पत्रबाट उक्त कुरा थाहा पाइन्छ। शुल्क , जगात उठाउने कुरामा बेस्थिति नहोस् भन्ने कुरामा पछिसम्म पनि शासकहरूले दृष्टि दिइरहेको पाइन्छ । शुल्क र जगातको दरमा बराबर परिवर्तन पनि हुन्थ्यो तापनि साबिक परम्परा नखल्बलियोस् भन्ने कुरामा शासकहरू सकभर चेष्टा गर्दथे। उदाहरणार्थ यस विषयमा बहादुर शाह, भीमसेन थापाहरूले लिएको नीतिलाई देखाउन सकिन्छ। वि. सं. १८४२ मंसीरमा स्याप्रुक आदिका जगातेहरूलाई लेखेको एक पत्रमा "परापूर्वदेखि नलाग्याको रकम आज लाया लागन, तसअर्थ प्रजाको माल फिराई दिउ" भन्ने निर्देशन दिइएको छ[1] । यसै गरी वि. सं. १८८२ मा जगातेहरूलाई लेखिएको अर्को पत्रमा पनि यस्तै निर्देशन अझ कडासंग दिइएको छ[2] । जगातेहरूले लोभवश साबिक दस्तुरभन्दा बढी जगात उठाएछन्; त्यस कुराको उजुरी राजदरबारमा पर्दा परापूर्वदेखि चलिआएको दस्तूरमा कत्ति नबढाई लिनू; बढाई लिइसकेको पनि तुरन्त दाम दाम गरी बुझाइदिनू भनी उक्त पत्रमा आदेश दिइएको छ। भोटभेकबाट नेपालमा आयात हुने मालहरूमा भेडा, च्यांग्रा, नून, पाखी आदि हुन्थे; यताबाट भोट जाने वस्तुहरूमा चावल, तेल, घिउ, खादी कपडा आदि हुन्थे भन्ने कुरा पनि उक्त पत्रबाट थाहा पाइन्छ ।

टाढा टाढाका भन्सार अड्डाहरूमा सरकारतर्फबाट सोझै शुल्क, जगात नउठाई प्राय: यो काम इजारा (ठेक्का)को रूपमा सुम्पने चलन पछिसम्म थियो। यस्तो इजारा प्राय: भरपर्दा व्यक्तिलाई दिइन्थ्यो । स्याप्रुकभेकका जगातको ठेक्का नुवाकोटका धामीले पाएको उल्लेख तात्कालिक पत्रमा आएको छ[3] । वि. सं. १८८९ सालको एक पत्रमा स्याप्रुक र तिमिरेको जगातको एक सालको ठेक्का ३९५१ रु. मा नुवाकोटका धामी राजमानसिंलाई दिएको कुरा परेको छ।

यसरी जगात उठाउने भारा इजारामा दिइए पनि साबिक दस्तूर मिची बढी जगात लिने चेष्टा इजारा लिने जगातेहरूले नगरून् भन्ने कुरामा चाहिं राम्ररी ध्यान दिइन्थ्यो। तात्कालिक पत्रबाट यो कुरा थाहा पाइन्छ[4] ।

उद्योग व्यवसायको दृष्टिले भने नुवाकोटभेक उहिले त्यति विकसित भएको देखिंदैन । नेपाल–उपत्यका तथा दोलखा आदि भेकमा जस्तो यहाँ वस्त्रउद्योग, भाँडाकुँडा बनाउने उद्योग आदि फस्टाउन सकेको देखिंदैन । यसो हुँदा यस भेकमा उद्योगधन्दासम्बन्धी कागतपत्र ज्यादै कम पाइएका छन् । कर्कप्याट्रिकले पनि नुवाकोटभेकको खस्रो उनी धागोको व्यवसायको मात्र

---

१. ऐतिहासिक सामग्री, २५ संख्याको पत्र
२. ऐतिहासिक सामग्री, ५२ संख्याको पत्र
३. ऐतिहासिक सामग्री, ५८ संख्याको पत्र
४. ऐतिहासिक सामग्री, ५२ संख्याको पत्र

चर्चा गरेका छन्[1] । हालसम्म पनि यस भेकमा वस्त्रउद्योग त्यति फस्टाउन सकेको छैन ।

यहाँ धैबुङभेकमा काठका ठेकी आदि बनाउने व्यवसाय केही चलेको पाइन्छ । त्यहाँको काठको ठेकी राम्रोमा कहलाएको छ । यसै गरी भकारी, मान्द्रो, डोको आदि बनाउने घरेलु व्यवसाय पनि नुवाकोटभेकमा केही चलेको छ[2] । नुवाकोट, बट्टार र अरू ठाउँमा पनि माटाका भाँडाकुँडा बनाउने कुमालेहरू केही छन् ।

नुवाकोट काठमाडौं उपत्यकासंग जोडिएको प्रदेश हुँदा कपडा, भाँडाकुँडा आदिको आवश्यकताको पूर्ति त्यतैबाट आयात गरी काम चलाइएको अनुमान हुन्छ । यो अवस्था निकै अघिदेखि रहेको बुझिन्छ । नुवाकोटको प्रसिद्ध नारायणमन्दिरमा पाइएको वि. सं. १४६८ मा रिपुमल्लले चढाएको ढलौटको पानस निकै कलात्मक छ । तर त्यो पानस नुवाकोटमा बनाइएको नभई काठमाडौंमा बनाई त्यहाँ लगिएको हो। त्यसमा कुँदिएको अभिलेखबाट यो कुरा थाहा पाइन्छ[3] । नुवाकोट भैरवस्थानमा चढाई राखिएका घण्टामध्ये केहीमा ती ढालिएको ठाउँ पाटन आदि दिइएको पाइन्छ[4] ।

खानी–उद्योग भने उहिले नुवाकोटभेकमा निकै मात्रामा विकसित भएको बुझिन्छ । नेपालको खानी उद्योगमा तामाको प्रमुख स्थान रहेको थियो । यो अवस्था लिच्छविकालदेखि नै रहेको थियो[5] । नुवाकोटभेकमा पनि उहिले तामाखानीकै प्रधानता रहेको थियो भन्ने देखिएको छ । पुराना तामाखानीको अवशेष धादिङ नुवाकोटभेकमा यत्र तत्र देखापरेको छ । नुवाकोटको मूलडाँडोमै पनि उहिले तामाखानी थियो भन्ने अनुश्रुति चलेको छ । यहाँको प्रसिद्ध भैरवस्थानको भित्री भागमा तामाखानीको अवशेष अझै केही बाँकी रहेको पाइन्छ । यस भेकको किट्नी–खानी पनि उहिले प्रसिद्ध थियो । शाहकालका पत्रहरूमा किट्नी–खानीको उल्लेख आएको छ[6] । यस भेकमा गन्धकको खानी पनि उल्लेखनीय रहेको थियो । शाहकालको पत्रमा यस भेकको गन्धक खानीको उल्लेख आएको छ[7] । यसै गरी अभ्रक आदिको खानी पनि यस भेकमा केही कालअगाडिसम्म चलिरहेको थियो[8] ।

---

१. आँन् ऐकाउन्ट अफ् किङ्गडम् अफ् नेपौल पृ. १३४
२. जाँचबुझ केन्द्र राजदरबार, 'मेचीदेखि महाकाली' श्री ५ को सरकार, सूचनाविभाग, वि. सं. २०३१, भाग २, पृ. ६१५
३. ऐतिहासिक सामग्री, २ संख्याको अभिलेख
४. ऐतिहासिक सामग्री, ४८ संख्याको अभिलेख
५. 'लिच्छविकालका अभिलेख' पृ. ३११
६. ऐतिहासिक सामग्री ४५,६४ संख्याका पत्र
७. ऐतिहासिक सामग्री, ४० संख्याको पत्र
८. नुवाकोट गोस्वारामा यस विषयका कागतपत्र रहेका छन् ।

प्रायः गरी खानीको सञ्चालन इजारा दिई गराइन्थ्यो । इजारा पाएका खानिवालले केही विशेष अधिकार पनि पाएका हुन्थे[1] । खानी चलाउन दाउराको आवश्यकता हुने हुनाले खानिवालहरूलाई दाउराको लागि वनको उपयोग गर्न पाउने अधिकार दिइएको हुन्थ्यो । यसबाट कहिलेकहीं विवाद पनि उठ्तथ्यो । नुवाकोटका प्रमुख वन मास्न नदिन, वनको सुरक्षा गर्न एकातिर ठेकदारलाई लालमोहर दिइएको हुन्थ्यो । अर्कोतिर खानिवाललाई पनि आवश्यक पर्दा वनको उपयोग गर्न लालमोहर दिइएको हुन्थ्यो । यसो हुँदा एक चोटि नुवाकोट मैथिलीटारको प्रसिद्ध वन उपयोग गर्ने कुरालाई लिई दुइ थरी लालमोहरियामा झगडा भएछ । यस कुराको उजुरी केन्द्रमा पर्दा उक्त वन मास्न नपाइने गरी केन्द्रबाट आदेश गएथ्यो[2] ।

नुवाकोटको हिमालीभेकमा र अरू पहाडीभेकमा पनि जडीबूटीहरू निकै हुन्छन् । नुवाकोटको मूलडाँडोको एक प्रदेश नै 'अशोकबारी' कहलाएको छ । त्यहाँ उत्तम खालका अशोकका रूखहरू प्रशस्त हुँदा सो नामकरण भएको हो । यसो हुँदा जडीबूटीहरूको निकासी पनि यस भेकमा केही मानिसको व्यवसाय रहेको छ । श्री ५ पृथ्वीनारायण शाहले आफ्नो 'दिव्योपदेश'मा "जिनीस जरिबुटी वेस लैजानु र नगद थैचनु" भनी शायद नुवाकोटभेकबाट हुने यस्तै जडीबुटीको निकासीबाट असर परेर उक्त उद्गार व्यक्त गरेको हुन सक्छ ।

करमा कमी– लिच्छविकालमा नुवाकोटभेकमा सोझै केन्द्रबाट नै शासन चलाइएको हुँदा त्यस वेला यहाँको करव्यवस्था लिच्छविकालमा अन्त प्रचलित करव्यवस्थाअनुरूप नै रह्यो । जनतामा करभार बढी नहोस् भन्ने नीति लिच्छविकालका शासकहरूले लिएका थिए । मध्यकालमा यहाँ सामन्तशासन लागू भए तापनि नेपाल–उपत्यकासंग यस भेकको नजीकैको सम्बन्ध रह्यो । यसो हुँदा करव्यवस्थामा उताकै असर यहाँ पनि पर्नु स्वाभाविक थियो । आधुनिक कालमा पनि विशेष करव्यवस्था यहाँ लागू भएन । यस कारण दोलखाभेकमा जस्तो छुट्टै किसिमका स्थानीय करहरूको उल्लेख यस भेकमा हामी कम पाउँछौं ।

करीब पचीस वर्षजति नुवाकोट श्री ५ पृथ्वीनारायण शाहको एकीकरण अभियानको केन्द्र जस्तै बनेथ्यो । यस कारण नुवाकोटका बासिन्दाहरूलाई केही सुबिधा गरिदिने नीति पृथ्वीनारायण शाहले लिए र नुवाकोट छोडी काठमाडौंमा सर्न लाग्दा उनले नुवाकोटका बासिन्दाहरूको निमित्त केही स्थितिबन्देज बाँधिदिए । त्यसमा नुवाकोट इलाकाका चार वर्ण छत्तिसै जातलाई सेर्मा, साउन्या, फागु आदि रकम माफी गरिदिएको उल्लेख परेको छ[3] । यसरी नुवाकोट भेकका बासिन्दाले केही कर माफी पाएका थिए । नुवाकोटका धामी खलकले त अझ बढी सुबिधा पाएका थिए । धामी र धामी खलकलाई भोटदेखि मदेशसम्म कुनै किसिमका जगात पनि लिइंदैनथे ।

१. ऐतिहासिक सामग्री, ४५ संख्याको पत्र

२. ऐतिहासिक सामग्री, ८८ संख्याको पत्र

३. ऐतिहासिक सामग्री, १६ संख्याको पत्र

वि. सं. १८८६ मा यस्ता सुबिधा पाउने धामी खलकका घर नुवाकोटमा चालीस थिए[1] ।

नुवाकोटमा प्रसिद्ध भैरवस्थान रहेको हुँदा तत्सम्बद्ध गुठी आदि अनेक थिए । निकै अघि देखि तिनमा प्रायः कर माफी गरिएको थियो । यस्ता सुबिधा पाएका हुँदा यस भेकका बासिन्दा-हरूले करभार केही अंशमा कम बोक्नुपरेको देखिन्छ । पुरानो व्यवस्थालाई पछिसम्मका शासकहरूले कायम गर्दै आएका थिए । उदाहरणार्थ वि. सं. १८९७ को पत्रलाई देखाउन सकिन्छ । राजा वा युवराजको विवाहमा लाग्ने विशेष कर 'चुमावन' कहिन्छ । श्री ५ युवराजाधिराज सुरेन्द्रविक्रम शाहको विवाहको उपलक्ष्यमा चुमावन उठाउन यसताका अधिराज्यभर अधिकारी खटिएका थिए । तर नुवाकोट भैरवीको गुठीका जग्गामा कुनै किसिमका रकम नलाग्ने हुनाले वि. सं. १८९७ को सो पत्रमा "नुवाकोट श्रीभैरवका गुठका जग्गामा अघि परापूर्वदेषि सर्वरकम गादिममारष चुमावन-स्मेत लाग्याको रहनेछ. यो सालमा पनि नलिनु भनि हुकुम भयाको छ" भन्ने उल्लेख परेको छ[2] । गद्दीमा राजा फेरिंदा लाग्ने दस्तुर 'गादीममारख' कहलाएको थियो । त्यस्तो महत्त्वपूर्ण रकम समेत माफ गरिएको थियो भन्ने पनि माथिको उद्धरणबाट थाहा पाइन्छ ।

झारामा सुबिधा— राजकाजसम्बन्धी विशेष काम पर्दा वा पुल कुलो आदि सार्वजनिक काम आइपर्दा जनताले विनाज्यालामा अनिवार्य रूपमा श्रमदान गर्नुपर्दथ्यो । झारा, बेठबेगार भनी यसैलाई भनिन्थ्यो । यो विष्टिप्रथा लिच्छविकालदेखि नै चल्दै आइरहेको थियो । आफ्नै इलाकामा श्रमदान गर्न जानु पर्दा त जनतालाई त्यति कष्ट हुँदैनथ्यो । तर महीनौंको लागि सामल बोकी टाढाटाढा ठाउँमा झारामा जानुपऱ्यो भने चाहिं जनतालाई निकै कष्ट हुन्थ्यो । यस कारण यस कष्टबाट नुवाकोटका जनतालाई जोगाउन श्री ५ पृथ्वीनारायण शाहले केही सुबिधा गरिदिएका थिए । नुवाकोट छोडी काठमाडौं जान लाग्दा बाँधिदिएको स्थितिबन्देज पत्रमा यस कुराको उल्लेख "रैतानले अनेत्र झारा नजानु" भनी स्पष्ट रूपमा गरिएको छ[3] । स्थानीय आवश्यक काम पर्दा भने जनताले झारा जानुपर्थ्यो । उदाहरणार्थ वि. सं. १८९६ मा भएको लालमोहरलाई देखाउन सकिन्छ । त्यसमा "आग्ये नुवाकोटभर अम्बलका थरघर ग्रौ भरभारादारका छाप छप्यालि चार वर्ण छतिस जातप्रति दर्बारबाट कटवालले ग्रौरासदा दर्वारमा सामेल भै उर्दिबमोजिम् जो परिआयाको काम तद्विर भै गर्नु" भनी तोकिएको छ[4] । यस बाहेक विशेष अवसरमा कहिलेकहीं नुवाकोट इलाकाका प्रजाले टाढा झारा जानुपरेको उदाहरण पनि पाइन्छ[5] ।

---

१. ऐतिहासिक सामग्री, ५६ सख्याको पत्र

२. ऐतिहासिक सामग्री, ६८ संख्याको पत्र

३. ऐतिहासिक सामग्री, १३ संख्याको पत्र

४. ऐतिहासिक सामग्री, ६५ संख्याको पत्र

५. ऐतिहासिक सामग्री, ७१ संख्याको पत्र

झारा जाने कुरामा नुवाकोटका धामी खलकप्रति भने समय समयमा भिन्नता रहेको देखापरेको छ। शाहकालको शुरूताका धामी खलकले झारा गरी चामल आदि राजधानी पुऱ्याउन परेको कुरा तात्कालिक पत्रमा पाइन्छ[1]। तर पछि भीमसेन थापाको पालामा नुवाकोटका धामी राजमानसिंले अघि हामीउपर झारा बेठबिगार माफ थियो; त्यसको लालमोहर हराउँदा मात्र पछि हामीउपर झारा आदि लागेको हो; अतः साबिकबमोजिम झारा आदिको माफी होस् भन्ने आशयको विन्तिपत्र राख्दा श्री ५ राजेन्द्रविक्रम शाहबाट माफीको लालमोहर गरी दिइयो[2]।

दासप्रथामा कमी– नेपाल-उपत्यकामा जस्तै नुवाकोटभेकमा पनि दासप्रथा कम थियो भन्ने देखिएको छ। अरू आर्थिक कुरामा दोलखासंग नुवाकोटको धेरै समानता रहे पनि यस कुरामा भने अलि फरक देखापरेको छ। दोलखाको व्यापारमा, खेतीमा, पशुपालनमा, खानी उद्योगमा दास दासीहरूको उपयोग शासकवर्ग र धनिवर्गले निकै गरेको पाइन्छ[3]। नुवाकोटमा भने यस्तो अवस्था कम देखापरेको छ। यद्यपि नुवाकोटको खानीउद्योगमा पनि कमारा कमारीको उपयोग भएको उल्लेख कागतपत्रमा आएको छ[4]। तर खेती, पशुपालन आदि दासदासीद्वारा गराएको उल्लेख नुवाकोटमा कम पाइएको छ।

आधुनिक कालको शुरू शुरूमा एक कमारा कमारीको मूल्य प्रायः पन्ध्र रु. जति थियो। मुद्राको अवमूल्यन, बजार भाउको वृद्धि आदि कारणले पछि एक कमाराको मूल्य ५०।६० सम्म पर्न थालेथ्यो। नुवाकोटभेकमा पनि कमारा कमारीको मोल त्यति नै थियो। नुवाकोटमा पाइएको कागतपत्रबाट उक्त कुरा बुझिन्छ[5]।

आर्थिक कारणवश मानिस बन्धकको रूपमा कसरी स्वयं कमारा बन्न पुग्छ भन्ने एक उदाहरणको चर्चा यस प्रसङ्गमा गर्नु चाखलाग्दो होला जस्तो लाग्छ। सुना मिझार भन्ने एक व्यक्ति जग्गा जमीनवाला नै भए पनि रुपियाको खाँचो हुँदा साढे साठी रुपियामा नुवाकोटका धामीकहाँ स्वयं कमारा बन्न पुगेछन्; त्यसको लागि भोगबन्धकपत्र लेखियो। त्यस मञ्जूरनामामा परेको शर्त "साहुको काम हानी कतै गऱ्या भन्या भागी नासी गऱ्या भन्या दिनका २ पाथि अन्न भरुंला" भन्ने रहेको छ[6]।

यसरी नुवाकोटभेकमा दासप्रथाको अस्तित्वलाई दर्शाउने उदाहरण पाइन्छन् तापनि तुलनात्मक दृष्टिले हेर्दा यस प्रथाको कमी नै देखापरेको छ।

बजारभाउ– आर्थिक प्रकरणको अन्त्यमा बजारभाउको पनि अलिकता चर्चा गर्नु

१. ऐतिहासिक सामग्री, २३ संख्याको पत्र
२. ऐतिहासिक सामग्री, ५६ संख्याको पत्र
३. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ. ६३–६४
४. ऐतिहासिक सामग्री, ६४ संख्याको पत्र
५. ऐतिहासिक सामग्री, ६४ संख्याको पत्र
६. ऐतिहासिक सामग्री, ८१ संख्याको पत्र

उपयुक्त होला जस्तो लाग्छ। श्री ५ पृथ्वीनारायण शाहले नेपाल-उपत्यकालाई कायल पार्न आर्थिक नाकाबन्दी गर्ने नीति लिएका थिए। जसले गर्दा उपत्यकामा बजारभाउ क्रमशः बढ्दै गयो र वि. सं. १८२० तिर पुग्दा उपत्यकाको अवस्था दयनीय बनेथ्यो। एकजना तात्कालिक लेखकले त्यस वेलाको दयनीय अवस्थाको चित्रण गरेका छन्। जुन वर्णनअनुसार साधारण जनताले महंगो हुँदा नून त खानै नसक्ने भएथ्यो; कपास महंगो हुँदा नयाँ लुगा लाउनै नसक्ने भएथ्यो भन्ने रहेको छ[1]। पृथ्वीनारायण शाहकै अधीनमा आइसकेको हुँदा नुवाकोटले चाहिं त्यस अवस्थाको सामना गर्नु परेन भन्ने देखिएको छ। त्यहाँ बजारभाउ सस्तो नै थियो[2]।

भैरवस्थानमा रहेको श्री ५ रणबहादुर शाहको वि. सं. १८५० को ताम्रपत्रबाट तात्कालिक बजारभाउ थाहा पाउन निकै मदत पाइन्छ[3]। त्यस वेला साधारणतः चामल एक मानाको १ पैसा पर्दथ्यो; साधारण कपडा एक हातको मोल एक आना पनि पर्दैनथ्यो; घिउ एक मानाको दुइ आना, नून एक मानाको एक आना पर्दथ्यो। बोको १ रु. मा पाइन्थ्यो। यसै गरी अरू ऐतिहासिक सामग्रीबाट पनि बजार भाउ र त्यसमा क्रमशः आएको परिवर्तनबारे थाहा पाइन्छ।

यसै गरी नुवाकोटमा पाइएका अभिलेख, कागतपत्र आदि ऐतिहासिक सामग्री केलायौं भने यस भेकको आर्थिक अवस्थालाई ओल्याउने अरू पनि अनेक कुरा थाहा पाउन सकिन्छ। तर समयाभावले गर्दा यस प्रकरणलाई यहीं टुङ्ग्याउनुपरेको छ।

---

१. शुभसम्वत् ८८३ आषाढमासे. . . .थ्व रामायणकथा चोया वर्षन. . . .गोरखाया प्रिथिनारायण जुजुन, नेपारवाहिकन समस्तं राज्य याङाव समस्तरपं छेकय याङाव, कपास छपु, चि छति बिस्यं महयाव नेपारस छ मोहरया अस्ता २ चि जुयाव, सुणानं नयफुमदु थथ्य जुवया निमित्तन मरेभटा धारसां, दाम छिया, षुगोर, न्हसगोर धारे जुयाव, कास्यं काये मदयाव, स्वयखने मदयाव वङ हनों कपास धारसा मोहरया छ तरा जुयाव समस्तयां वस्त भ्वातर जुयाव चोन, हनो मेवता वस्तु धारसां छुखुनं बिस्यं महव ।। थथिंग्व वेरस चोय सिधयका जुरो ।।" हेमराज शाक्य र तुलसीराम वैद्य, 'मेडिइभल नेपाल, पृ. ५०

(ने. सं. ८८३ (वि. सं. १८२०) आषाढ महीनामा,. . . .यो रामायणकथा लेखेको वर्ष,. . . . .गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालउपत्यकाबाहेक सबैतिर राज्य गरी, सबैतिर छेकी, अलिकता कपास, अलिकता नूनसम्म पनि भित्र पस्न दिइएन र नेपाल उपत्यकामा एक मोहरको नून २ अस्ता मात्र पाइने भयो, यस कारण कसैले पनि खान सकेनन्। यसो हुँदा खुर्सानीसमेत एक दामको छः सात वटा मात्र पाइने भयो; किन्नै नसकिने भयो; बजारमा देखिनै छोड्यो। कपास भने एक मोहरको एक तोला (पाउ) मात्र पाइने हुँदा सबैका लुगा झुत्रा झुम्रा भए। फेरि अरू कुनै चीज पनि भित्र पस्न दिइएन। यस्तो वेला यो किताब लेखिसिद्ध्याइयो।)

२. नुवाकोटनिवासी संग्रहशील चन्द्रलाल श्रेष्ठको संग्रहमा रहेको वंशावलीमा यस कुराको उल्लेख परेको छ–

"थ्वया पालास अनाज तका १ या फं ६४, केउ तका १ या फं ८० कनी घेवा १ या फं २ थुकथं जुल ।।"

३. ऐतिहासिक सामग्री, ४४ संख्याको अभिलेख

सामाजिक अवस्था

(चौथो अध्याय)

लिच्छविकालदेखि अहिलेसम्ममा नुवाकोटभेकको समाजको रूपमा बराबर केही परिवर्तन हुँदै आएको पाइन्छ तापनि विविध जाति मिलेर बनेको नेपाली समाजको एक नमूना नुवाकोटभेकको सामाजिक अवस्थाले उहिलेदेखि नै दर्शाउँदै आएको हामी पाउँछौं। हाम्रो पुरानो चल्तीको शब्दमा भन्ने हो भने 'चार वर्ण छत्तीस जात'को अस्तित्व केही अंशमा नुवाकोट भेकमा रहेको थियो; हाल पनि केही अंशमा रहेकै पाइन्छ। यसरी विविध जातिहरूको बसोबास भएको प्रदेश हुँदा नुवाकोटभेकका जनतालाई सम्बोधन गरी जारी गरिएका लालमोहर, सनदपत्र आदिमा 'चार वर्ण छत्तीस जात'को प्रयोग हामी पाउंछौं। उदाहरणार्थ श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटको स्थितिबन्देज बाँधी गरिदिइएका लालमोहरलाई देखाउन सकिन्छ[1]। नुवाकोटबाट काठमाडौंमा राजधानी सार्न लाग्दा गरिदिइएका ती लालमोहरमा नुवाकोटका बासिन्दालाई जनाउन "नुवाकोटभर अम्बलका चार वर्ण छत्तिसै जात" शब्दको प्रयोग भएको पाइन्छ।

नुवाकोटको स्थितिबन्देज बाँध्ने शासकहरूमा भीमसेन थापा पनि प्रमुख थिए। नुवाकोटको मूल बस्ती, बजार उज्रन लागेको थाहा पाएर भीमसेन थापाले नुवाकोटलाई फेरि गुल्जार पार्ने विचार गरे। मुख्य गरेर आर्थिक अवस्था सुधार्ने नीति भीमसेन थापाको हुँदा उनले नुवाकोटका नेवार र अरू प्रजा (तामाङ, भोटे आदि) लाई लक्ष्य गरी स्थितिबन्देजको लालमोहर गराइदिए[2]। तर यस कुरामा नुवाकोटका तात्कालिक धामीको चित्त बुझेन। किनभने उक्त स्थितिबन्देजमा नुवाकोटभेकका पर्वते (तात्कालिक शब्दमा)हरूको लागि विशेष व्यवस्था गरिएको थिएन। अनि नुवाकोटका सबै वर्गका विश्वासपात्र बनेका धामीले यस कुरालाई लिई भीमसेन थापामा जुन विन्तिपत्र चढाए, सो यस प्रसङ्गमा उल्लेखनीय रहेको छ[3]। विचारार्थ त्यस विन्तिपत्रको केही अंश यहाँ उद्धृत गरिन्छ–

"उप्रान्त नुवाकोट उज्रेछ भनि तपाइबाट थितिको बन्दवस्त गरि श्री ५ बाट लालमोहर गराइ बक्सनुभयोथ्यो. सीर चह्रायुं. . . . . नेवारको बन्दवस्त भयो. पर्वत्याहरूको केही भयेन.

---

१. ऐतिहासिक सामग्री, १३,१६ संख्याका पत्र

२. ऐतिहासिक सामग्री, ५३,५४ संख्याका पत्र

३. ऐतिहासिक सामग्री, ५५ संख्याको पत्र

सातसय नुवाकोटका जो भयाका मानिस चरणमा आयाका छन् . . .गराई बक्सनुभया नेवारको पनि पर्वत्याको बुबं थरको संप्रदा हो. नुवाकोट पनि गुलजार हुँदो हो"

यस अर्जीपत्रउपर भीमसेन थापाले कस्तो प्रतिक्रिया देखाए, सो थाहा पाउन सकिएको छैन । तर नुवाकोटका धामीले उठाएको आवाजले त्यो प्रदेशको वास्तविकताको प्रतिनिधित्व गरेको कुरामा चाहिं शङ्का छैन ।

यस भेकको बहुसंख्यक जनतामध्ये उहिलेदेखि तामाङ, भोटे आदि पनि थिए । तर निकै अघिदेखि यस प्रदेशमा ब्राह्मण आदिको पनि प्रवेश भइसकेको थियो । तादीको किनारामा पाइएको लिच्छविकालको अभिलेखमा स्थानीय बासिन्दालाई सम्बोधन गर्दा "ब्राह्मणपुरस्सरान् ग्राम-कुटुम्बिनः कुशलम्पृष्ट्वा समाज्ञापयति" भनी लेखिएको छ[1] । ब्राह्मणहरूको बढी बसोबास भएको बस्तीलाई सम्बोधन गर्दा मात्र यस किसिमको बेहोराको प्रयोग त्यस बेला गरिन्थ्यो। यस कारण लिच्छविकालमै नुवाकोटभेकमा ब्राह्मणहरूको बसोबास भइसकेको कुराको पुष्टि यसबाट हुन्छ । अर्को कुरा—नुवाकोटको मूल बस्तीको एक नाम 'ब्रह्मनगर' भनी पछिसम्म प्रचलित भएको पाइएको छ[2] । यसबाट पनि उक्त कुराको केही पुष्टि हुन्छ । नुवाकोटभेकको एक प्रसिद्धस्थल 'ब्रह्मतीर्थ' कहलाएको पनि यस प्रसङ्गमा स्मरणीय छ। जहाँको ब्रह्मतीर्थेश्वर नेपालका प्रसिद्ध ६४ लिङ्गमध्ये एक हो ।

पछि क्रमशः यहाँको प्रशासन र व्यापार नेवारवर्गको हातमा जाँदा नुवाकोटको मूल बस्तीमा नेवारवर्गको प्रधानता रह्यो तापनि नुवाकोटभेकको सामाजिक विकासमा अरू वर्गको पनि त्यतिकै हात रह्यो। विशेष गरेर कर्नाली प्रदेशका खसहरूले गोरखासम्म अधिकार जमाएपछि तथा नुवाकोटभेकमा पनि बराबर आक्रमण गरिन थालेदेखि यस भेकमा ती वर्गको पनि क्रमशः प्रवेश हुन थाल्यो र नुवाकोटभेक त्यस बेलाको पश्चिम र पूर्वको समाजको सङ्गमस्थल जस्तै बन्यो। पश्चिमका ती जाति बसाइँ सर्दै पूर्वतिर बढ्न थालेपछि पनि नुवाकोटको समाजमा अझ परिवर्तन आउन थाल्यो। यस कुरालाई संझाउने धेरै कुरा नुवाकोटभेकमा पाइन्छन् । यहाँका ठाउँका नाउँहरू मात्र केलाएर हेरे पनि उक्त कुराको पुष्टि हुन्छ । साथै अभिलेख प्रमाणलाई पनि हामी औंल्याउन सक्छौं। पश्चिमभेकका बासिन्दाहरू बसाइँ सर्दै नुवाकोटभेकमा आई बसोबास गरेको कुराको उदाहरणस्वरूप हामी नुवाकोटमा पाइएको एक सन्धिपत्रलाई देखाउन सक्छौं। वि. सं. १७२३ मा छिनाशिम र तिप्रिकोटका राजा वीरभद्र शाही र उनका भाइको बीचमा भएको सो सन्धिपत्रको सकल ताम्रपत्र हाल नुवाकोट अदालतमा रहेको छ[3] । छिनाशिम र तिप्रिकोटको बीच भएको सन्धिपत्र नुवाकोट—अदालतमा कसरी पुग्यो, यो प्रश्न स्वभावतः उठ्छ। तर यसको

---

१. ऐतिहासिक सामग्री, १ संख्याको अभिलेख
२. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख
३. ऐतिहासिक सामग्री, २६ संख्याको अभिलेख

उत्तर पाउन गाह्रो छैन । यो सन्धिपत्र सुम्पिराखिएका जोशीहरू पछि बसाइँ सर्दै नुवाकोटमा आइबसेछन् र मुद्दामामिलाको प्रसङ्गमा प्रमाणको लागि पेश गरिंदा सो सन्धिपत्र नुवाकोट अदालतमा रहन पुग्यो ।

यति कुरा गर्नाको तात्पर्य नुवाकोटभेकको समाज अनेक थरीको मेलले बनेको हो भन्ने देखाउनाको लागि हो । यहाँ अझै अनेक जातिको अस्तित्व रहेका हामी पाउँछौं[1] । यस भेकको विस्तृत रूपमा सामाजिक अवस्थाको विवेचना गर्ने हो भने ती विविध जातिका रीतिस्थिति आदिको समेत चर्चा गर्नुपर्ने हुन्छ । तर सर्वेक्षणको सीमितताले र समयाभावले गर्दा त्यसरी विवेचना गर्नु अहिले सम्भव भएन ।

परम्पराको रक्षा— राजकाजमा परिवर्तन बराबर भए तापनि हाम्रो यहाँ सामाजिक कुरामा भने त्यस रूपमा परिवर्तन भएको हामी पाउँदैनौं । खाली राजकाजमा आएको परिवर्तन र समयक्रमले विस्तारै ल्याउने परिवर्तन मात्र समाजमा भएको हामी पाउँछौं । यसमा मुख्य कारण त परम्परालाई साबिक रूपमै कायम राख्ने शासकहरूको नीति हो भन्न सकिन्छ । उदाहरणार्थ श्री ५ पृथ्वीनारायण शाहताकाकै कुरालाई लिन सकिन्छ । पृथ्वीनारायण शाहले नुवाकोट दखल गरेपछि त्यहाँको राजनैतिक अवस्थामा भने परिवर्तन भयो । तर सामाजिक परिवर्तन भने त्यति मात्रामा भएन । आबादी केही बढ्नुबाहेक अरू विशेष सामाजिक परिवर्तन त्यस वेला भएन । नुवाकोटभेकका रीतिस्थिति, जात्रा, चाडपर्वहरू पहिले मल्लकालमा जसरी चलिआएका थिए, शाहकालमा पनि त्यसरी नै कायम रहे । नुवाकोटका केही प्रसिद्ध जात्रामा उहिलेदेखि राजा वा राजप्रतिनिधिद्वारा पूजाको संकल्प गर्नुपर्ने चलन थियो; त्यस्ता विधिविधानमा स्वयं सम्मिलित भई श्री ५ पृथ्वीनारायण शाहले त्यसलाई बढावा दिए । आफू नुवाकोट छोडी काठमाडौंमा आउन लाग्दा सो विधानमा कमी आउन नपाओस् भनी पृथ्वीनारायण शाहले त्यसका लागि राजप्रतिनिधि नियुक्त गरे[2] । साथै यसपछि पनि शाह राजाहरू बराबर नुवाकोट गई स्वयं त्यस विधिविधानमा श्रद्धासाथ सम्मिलित भएथे[3] । यसले गर्दा हाम्रो यहाँ परम्पराको रक्षा निकै मात्रामा हुँदै आएको पाइन्छ । पहिलेदेखि चलिआएका रीतिस्थिति साबिकबमोजिम नै चलाइ राख्न निर्देशन दिई लेखिएका पत्रहरू नुवाकोटमा निकै पाइएका छन् । यस कारण नुवाकोटमा अहिलेसम्म पनि कति पुराना जात्रा आदि चलेर नै आइरहेका छन् ।

देवीजात्रा

नुवाकोटमा प्रचलित जात्रामा देवीजात्रा वा भैरवीजात्राको प्रसिद्धि सबभन्दा बढी

१. जाँचबुझ केन्द्र राजदरवार, 'मेचीदेखि महाकाली' श्री ५ को सरकार, सूचनाविभाग, काठमाडौं, वि.सं. २०३१, भाग २ पृ. ६०६
२. ऐतिहासिक सामग्री, १५ संख्याको पत्र
३. ऐतिहासिक सामग्री, ८ संख्याको टिपोट

छ। प्रतिवर्ष मनाइने यस जात्रामा नुवाकोट वरपरका हजारौं जनता सम्मिलित हुन्छन्; काठमाडौं उपत्यकाका भक्तजनहरू पनि केही मात्रामा यस जात्रामा सम्मिलित हुन्छन्।

प्रमाण नपाइएको हुँदा देवीजात्रा कहिलेदेखि चल्दै आएको हो भन्ने कुरा निश्चित गर्न सकिएको छैन। नुवाकोटका बूढापाकाहरू यो जात्रा शिवसिद्धि राजाको पालादेखि चल्दै आएको हो भनी सुनाउँछन्। तर शिवसिद्धि राजाको ऐतिहासिक अस्तित्व भने हालसम्म प्राप्त सामग्रीको आधारमा सिद्ध गर्न सकिंदैन। यस नामका राजाको उल्लेख अभिलेख आदिमा पनि आएको छैन; वंशावलीमा पनि यस नामका राजा हामी भेट्टाउँदैनौं। तर यस जात्रामा जुन किसिमको तान्त्रिक प्रभाव घुसेको छ, त्यसलाई विचार गर्दा पछिल्लो लिच्छविकाल वा मध्यकालको शुरूतिर यस जात्राको प्रचलन भयो कि भन्ने अनुमान भने गर्न सकिन्छ। नुवाकोट नारायणस्थानमा रहेको पानसमा कुँदिएको ने. सं. ५६१ को अभिलेखको आधारमा त्यसभन्दा निकै अघिदेखि यस जात्राको प्रचलन भइसकेको संकेत पाइन्छ।

देवीजात्रा हरेक वर्ष चैत्र शुक्ल अष्टमीदेखि शुरू हुन्छ। त्यस दिन पुरानो परम्पराअनुसार धामीले डमरू बजाई घर–घरमा अक्षता उठाउने विधान गरी जात्राको आरम्भ गरिन्छ। जात्रा-हरूमा जनतातर्फबाट यसरी अक्षता उठाउने चलन अन्त पनि प्रचलित छ। ललितपुरका राता मछिन्द्रनाथको रथजात्राको लागि अक्षता उठाउँदै गरेको दृश्य अहिलेसम्म पनि देख्न पाइन्छ। जनताबाट त्यसरी उठाइएका अक्षता देवीजात्रामा प्रयुक्त गरिन्छन्। विशेष गरी ती चामलबाट जाँड बनाइन्छ र जात्राको प्रसङ्गमा धामी र अरू खलकीलाई खुवाइन्छ। त्रयोदशीको दिन कुमार, गणेश, धामी जलखा आदि देवीघाटमा गई निमन्त्रणा पूजा गर्छन्।

चैत्र शुक्ल पूर्णिमाको दिन धामीको स्नानकार्यबाट जात्राको मुख्य विधान शुरू हुन्छ। यो स्नानविधि निकै रोचक देखिन्छ। आफ्नो निवासस्थानबाट बन्दूकको आवाजको साइतमा अर्थात् बढाइँ गरी निस्की घर अगाडिको मण्डपमा धामी उभिन्छन्। सेतो पगरी लागेका र सेतै जामा पहिरेका गणेश धामी निस्कने वेलामा ढोकामा उभिएका हुन्छन्। साथै दुवैपट्टि चिराख बालिएका हुन्छन्। ढोकाको दुवै छेउमा निशान ठड्याइएका हुन्छन्। श्री ५ महाराजाधिराजको प्रतिनिधिस्वरूप द्वारे र अरू खलकी आदिको उपस्थिति त्यहाँ हुन्छ। धामी मण्डपमा उभिएपछि सम्बद्ध वज्राचार्यको निर्देशानुसार कुमारीले एक एक गरी तीन पल्ट चाँदीका करुवामा पानी दिन्छिन् र बढाइँसाथ धामीले आफ्नो शरीरमा पानी खन्याई स्नानकार्य गर्छन्। अनि धामीको स्याहार–सुसार गर्नेले धामीको शरीर पुछिदिने कार्य आदि सकिएपछि धामीलाई दोसल्ला ओढाई दिन्छन्। यसरी धामीको सम्मान गरिन्छ। अनि धामी मण्डपबाट गई सङ्गारनिर राखिएको आसनमा उभिन्छन्। त्यहाँ नाऊका दम्पतिले दिनभर निराहार बसी धामीको पूजा गर्ने चलन छ। त्यसपछि धामी आफ्नो निवासस्थानमा भित्रिएपछि यो स्नानविधि टुङ्गिन्छ।

यही दिन धामीलाई विधिवत् पोशाक पहिराइदिने काम गरिन्छ। यस प्रसङ्गमा धामीको

वेषभूषाबारे अलिकता चर्चा गर्नु आवश्यक देखिन्छ। सुनको जलप लाएको ठूलो मुकुटको माथिल्लो भागमा नागका नौ फणा अङ्कित छन्। कानमा गोकुल लाएका हुन्छन्। गलामा मुद्रामाला, मुण्डमाला र कण्ठी हुन्छन्। कण्ठीमा अष्टमातृकाका मूर्ति कुँदिएका हुन्छन्। हातमा ठूलठूला दुइ दुइ वटा बाला लाएका हुन्छन्। दायाँ हातमा डमरु र बायाँ हातमा पात्र लिइएका हुन्छन्। चाँदीको पेटी बाँधिएको हुन्छ। रातो भोटो र रातै जामा लाइएका हुन्छन्। यस वेषभूषामा धामी निकै भव्य देखिन्छन्। धामी आफ्नो निवासस्थानबाट बाहिर निस्कनुभन्दा पहिले बाहिर बाजा बजाउनेहरू, निशान आशागुर्जा बोक्ने, राजाको छडी बाक्ने कटुवाल आदि व्यक्तिहरू जात्रा चलाउन तयार भई बसेका हुन्छन्। सगुन लिने कार्य सकेपछि बन्दूकको आवाजको साइतमा आफ्नो निवासस्थानबाट निस्की धामी दौडेर क्षेत्रपाल रहेको स्थानमा गई बस्छन्। धामी दौडेको यो दृश्य केही डरलाग्दो र रमाइलो देखिन्छ। यहाँ तन्त्रविधिअनुसार सम्बद्ध वज्राचार्यद्वारा मन्त्र पढ्ने र तद्नुसार गुठियारद्वारा पूजा गर्ने कार्य आरम्भ हुन्छ। क्षेत्रपाल रहेको स्थानमा चँदुवा टाँगिएको हुन्छ। अनि भैरवीलाई 'महाबलि' दिने विधान गरिन्छ। यसभन्दा अघि सम्बद्ध वज्राचार्यले मन्त्रबलद्वारा धामी धमिनीमा भैरव, भैरवी चढाउने विधान गरिन्छ। देउता चढेपछि धामी धमिनी काम्न थाल्छन्। भैरवलाई दिइएको महाबलिको जाँड पिउन धामी निकै डर-लाग्दोसंग झम्टन्छन्, ४।५ जनाले धामीलाई रोक्छन्। यो दृश्य निकै उत्तेजक हुन्छ। यसपछि वज्राचार्यले मन्त्रोच्चारणसाथ धामीलाई 'अजः' (अञ्जन = गाजल) लाइदिन्छन्। प्रसादस्वरूप यो अजः भक्तजनहरूले पनि लाउँछन्। यो अजः लगाएपछि भूतप्रेतको डर हुँदैन भन्ने बूढापाका-हरूको भनाइ छ। यसरी महाबलिको यो महत्त्वपूर्ण विधान पूरा भएपछि बाजा गाजा आदिको साथ धामीको यात्रा बुढीदेवतास्थान (जनविश्वासअनुसार भैरवीको माइती) तिर पुगी टुगिन्छ।

यसपछि लिङ्ग उभ्याउने अर्को उल्लेखनीय विधान शुरू हुन्छ। लिङ्ग गाड्ने स्थानको संगै दक्षिणपट्टि रहेको आसनमा धामी बस्छन्। लिङ्ग सालिन्दा नयाँ काट्ने चलन छ। वनबाट लिङ्गको लागि काठ ल्याउन जनतालाई केही सुबिधा दिइएको हुन्छ। लिङ्ग ४२ हातको हुनुपर्छ। लिङ्गलाई विधिवत् पूजा गरिसकेपछि लिङ्ग ठड्याउने कार्य प्रारम्भ हुन्छ। यो विधान पूरा नहुन्जेल-सम्म जस्तोसुकै दैवी प्रकोप आदि आइपरे पनि धामीले आफ्नो आसन छाड्न हुँदैन। लिङ्ग ठड्याउने कार्य अलि कठिन हुन्छ। अनि लिङ्गमा 'आलम' झुण्ड्याइन्छ। यसपछि धामीले बाजा गाजासाथ देशवन्दना वा देशान्तर यात्रा गर्छन्। भैरवीस्थानको पूर्वपट्टि त्यस्तै लिङ्ग ठड्याउने विधि सम्पन्न भएपछि लिङ्ग गाड्ने उत्सव टुङ्गिन्छ।

प्रतिपदाको दिन धामीलाई गणेशकहाँ भोज खुवाइन्छ। यसपछि साततले दरबारमा श्री ५ को तर्फबाट द्वारेद्वारा धमिनीलाई वस्त्र र कुमार गणेश धामी र खलकोलाई पगरी वितरण गरिन्छ। धमिनीको कपालमा सिन्दूर राखिन्छ। सिन्दूर केही दिनसम्म रहिरहोस् भनी कपालमा मैन दलिएको हुन्छ। सरकारतर्फबाट धामी धमिनी खलकोलाई सगुन दिइनुका साथै भोज खुवाइन्छ। यसपछि धामी धमिनी आफ्नो निवासस्थानमा भित्रिन्छन्। केही बेरपछि धामी धमिनी गणेश

आदि बाजा गाजाको साथ तलेजु–मन्दिर भित्रिन्छन् र त्यहाँ वज्राचार्यद्वारा आवश्यक पूजाआजा गरिएपछि यो यात्रा देवीघाटको लागि प्रस्थान हुन्छ । खटमा भैरव र अष्टमातृकाका मूर्ति सजाइएका हुन्छन् । लच्याङका ३६ जनाजति भोटेहरूले खट बोकेका हुन्छन् । भोटेहरूले नै धामी धमिनीलाई पनि बोकेका हुन्छन् । धर्मपानी, बट्टार हुँदै यो यात्रा देवीघाट जालपादेवीस्थानअगाडि पुगी टुङ्गिन्छ । बट्टार केन्द्रस्थलमा परेको हुनाले त्यहाँ भक्तजनहरूले वाराहीस्थानदेखि चिउरीबोटसम्म 'बास लाय्' (वस्त्र बिछ्याएर) गरेर कुमार, गणेश, धामी धमिनीको पूजा गर्छन् । त्यहाँ स्थानीय भजनमण्डलीको पनि उपस्थिति हुन्छ । यसपछि यो यात्रा सानो एक बगैंचामा पुगेपछि धामी धमिनीले त्रिशूली गङ्गामा स्नान गर्छन् । त्यहाँबाट जालपादेवीस्थानसम्म कपडा बिछ्याएर धामी धमिनीलाई लगिन्छ । देवीघाटमा वज्राचार्यद्वारा विशेष अनुष्ठान गरिन्छ । अनि राति सरकार-तर्फबाट र गडखारबाट ल्याइएका रांगा बोका आदिको भोग धामीलाई दिइन्छ । अन्तमा एउटा माछाको भोग दिइन्छ । यो माछा भोग खुवाउने समयभन्दा केही क्षण अघि मात्र जाल थापी समातिन्छ । यसरी जाल थापेपछि एउटा न एउटा माछा तुरून्त परिहाल्छ भन्ने जनविश्वास छ ।

यसपछि देवता चढेका धामीबाट आउँदो सालको भविष्यवाणी सुन्ने उल्लेखनीय विधि गरिन्छ । यो सुन्ने मौका सम्बद्ध वज्राचार्य, राजप्रतिनिधि आदिलाई मात्र प्राप्त हुन्छ । यो भविष्य-वाणी निकै श्रद्धासाथ सुनिन्छ । श्री ५ पृथ्वीनारायण शाहले राजप्रतिनिधित्व दिई गरिदिइएको लालमोहरमा "पुर्ण्याका रात्रीमा देविघाटमा धामीले भलो मन्दो जो बोल्छ सो हाम्रा हजुरमा जाहेर गर्नु" भनी निर्देश दिएका छन् । यस स्थितिअनुसार धामीले बोलेको कुरा राजदर-बारमा चढाउने परम्परा अहिलेसम्म चलिरहेको छ । श्री ५ राजेन्द्रविक्रम शाहले एकचोटि देवीघाट पुगी धामीले भविष्यवाणी गरेको कुरा आफैंले सुनेको उल्लेख तात्कालिक टिपोटमा आएको छ[1] ।

अन्तमा श्रीभैरवीलाई कालो बोकोको भोग दिइन्छ र सो बोकोको शिर, मुटु आदि होममा होमिन्छ । अनि धामी बलि छर्दै पछि पछि सरेर देवीस्थानबाट द्वारपालस्थानसम्म आउँछन् । त्यसवेला धामीलाई त्यहाँ बजारका मानिसहरूले हेर्न नहुने चलन छ । धामी द्वारपालस्थानसम्म आइपुगेको संकेत बन्दूकको आवाजद्वारा दिइएपछि मात्र त्यहाँका मानिस घरबाट बाहिर निस्कन्छन् । अनि धामी धमिनी आदिको प्रस्थान नुवाकोटको डाँडोतिर हुन्छ ।

देवीजात्राको यस अवसरमा धेरैले देवीघाटमा आफ्ना छोरीहरूको 'इहि' (बेलविवाह) गर्दछन् । यस शुभ अवसरमा इहि गर्दा अरू वेला जस्तो साइत हेर्नु पर्दैन भन्ने लोकविश्वास रहेको छ ।

उक्त यात्रा फेरि बट्टार हुँदै धर्मपानीमा पुगेपछि त्यहाँ सरकारतर्फबाट धामी धमिनी आदिको पूजा गरिनुको साथै तिनीहरूलाई भोज खुवाइन्छ । त्यहाँबाट यो जात्रा तलेजु-मन्दिरतिर

---

१. ऐतिहासिक सामग्री, ८ संख्याको टिपोट

लाग्छ । भैरवीस्थाननिर पुगेपछि धमिनीलाई सिन्दूर लगाइदिइन्छ र यसपछि जात्राले 'सिन्दूर जात्रा'को रूप लिन्छ । सम्मानार्थ यहाँ सैनिक दलले पनि भाग लिन्छ । प्रहरीको पनि उपस्थिति हुन्छ । अनि तलेजु-मन्दिरमा पुगी जात्रा फेरि भैरवीस्थानमा फर्कन्छ । धामी धमिनी आफ्नो निवासस्थानमा भित्रिन्छन् । त्यही रातमा भैरवीस्थानको पूर्वपट्टि रहेको प्रसिद्ध डबलीमा धामीलाई विशेष भोग दिने कार्य शुरू हुन्छ । यो भोग दिएको हेर्न टाढा टाढाका मानिसहरूसमेत रातभर जाग्राम बस्छन् । यस अवसरमा बढाइँ गरिन्छ । देवता चढेका धामीले भोग चढाइएका रांगा बोकाको रगत पिउँछन् ।

वैशाख कृष्ण अष्टमीको दिन बाहिर खटमा रहेका भैरव आदिका मूर्तिहरू मन्दिरमा भित्र्याइन्छन् । भैरवीस्थान र बुढीदेवतास्थानका लिङ्ग क्रमशः नवमी र दशमीका दिन ढालिन्छन् । अन्तमा बाह्र भाइ खलकबाट भैरवीस्थान र तलेजुमन्दिरमा क्षमापूजा सम्पन्न भएपछि यो देवी जात्राको कार्यक्रम समाप्त हुन्छ[1] ।

ढुङ्गा, धातु, काष्ठआदिका मूर्तिहरूमा त देवताको 'न्यास' गरी देवता चढाउन सकिन्छ भने प्रत्यक्ष देखिने गरी मानिसमा नै देवता किन चढाउन सकिँदैन भन्ने तात्कालिक सिद्धहरूको एक नयाँ प्रयोगलाई यस देवीजात्राले संझाइरहेको छ । यद्यपि यसभित्र रहेको मूल दर्शनको ज्ञान आजकाल कमलाई मात्र छ । तर उहिलेका सिद्धले भने त्यस प्रयोगलाई त्यस वेला सफल भएको संझेथे । त्यसै सफलताको खुलियालीमा 'सिन्दूरजात्रा' गर्ने पद्धतिले जन्म लिएको हो तथा त्यस प्रयोगको सफलताको दावीलाई जनतासम्म पुर्‍याउने उद्देश्यले यसले 'देवीजात्रा'को रूप लिएको हो । यसै गरी मानिसमै देवता चढाउने पद्धतिले त्यस वेला निकै लोकप्रियता पनि पाएथ्यो । यस विषयमा शास्त्रीय अध्ययन गरी विस्तृत रूपमा विवेचना गर्नु तात्कालिक समाजको मनोभावना बुझ्न आवश्यक छ ।

अरू जात्रा, चाडपर्व– देवीजात्रापछि नुवाकोटको अर्को प्रसिद्ध जात्रा 'नारायण जात्रा' हो । यस जात्रालाई पनि नुवाकोटका जनता धूमधामसंग मनाउँछन् । दसैंमा 'खड्गजात्रा' पनि यहाँ राम्ररी नै मनाइन्छ । यस अवसरमा खूद राजप्रतिनिधिले पूजाको संकल्प गर्नुपर्ने चलन छ[2] । इन्द्रजात्रा पनि यहाँ धूमधामसंग नै मनाइन्थ्यो । इन्द्रजात्राको अवसरमा लिङ्गो गाड्न युवराजाधिराज प्रतापसिंह शाहले विशेष गुठी राखेको उल्लेख अभिलेखमा आएको छ[3] । नुवाकोट शैवमार्गीहरूको आकर्षक स्थल हुँदा यहाँ 'शिवरात्रि' पनि चाखसाथ मनाइन्थ्यो; शिवरात्रि मनाउने उल्लेख अभिलेखमा ठाउँ ठाउँमा आएको छ[4] । यसै गरी यहाँ अरू अनेक चाडपर्वहरू पनि मनाइन्छन् ।

---

१. टेकबहादुर श्रेष्ठ 'नुवाकोटको देवीजात्राः एक झलक' गोरखापत्र, गोरखापत्र करपोरेशन, काठमाडौं, वि. सं. २०३२ असार ७ गते शनिवार, पृष्ठ ७

२. ऐतिहासिक सामग्री, १५ संख्याको पत्र

३. ऐतिहासिक सामग्री, ३४ संख्याको अभिलेख

४. ऐतिहासिक सामग्री, ८,१०, २१ संख्याका अभिलेख

चाडपर्वहरू आफ्नो संस्कृतिको अङ्ग हुँदा तिनको लोप हुन नपाओस् भन्ने कुरामा शासकहरूले दृष्टि दिएको पाइन्छ। नुवाकोटमा फागुको पर्व पनि राम्ररी नै मनाइन्थ्यो। सेरादरबारको अभिलेखमा युवराजाधिराज प्रतापसिंह शाहले फागुको उत्सवमा जनताको साथ आफैंले पनि गाना गाई खुशियाली मनाएको वर्णन परेको छ[1]।

धार्मिक कुरा

नुवाकोटभेकको धार्मिक इतिहास उल्लेखनीय रूपमा रहेको छ। यहाँ शैव, वैष्णव, बौद्ध, शाक्त आदि विविध धार्मिक सम्प्रदायहरूले निकै फस्टाउने अवसर पाएथे। विशेष गरेर विविध धार्मिक सम्प्रदायहरूले परस्परमा समन्वय गरेको राम्रो उदाहरण यहाँको धार्मिक इतिहासमा पाइन्छ। यस दृष्टिले नेपाल-उपत्यकासंग नुवाकोटभेकको निकै समानता रहेको छ।

नेपाल–उपत्यका एक किसिमले 'पाशुपतक्षेत्र' भनी प्रसिद्ध भएको छ। नुवाकोट इलाका पनि शैव सम्प्रदायको महत्त्वपूर्ण गढको रूपमा रहेथ्यो। विशेष गरेर शैवसम्प्रदायका संन्यासी गोसाइँहरू नुवाकोट इलाकामा आई रहन लागेथे। सप्त गण्डकीमध्ये एकको नामकरण 'त्रिशूली गण्डकी' रहनामा पनि उक्त कारण रहेको थियो।। त्रिशूलीबाहेक अरू ६ गण्डकीका नाम स्थानीय जनभाषाको आधारमा रहेका छन्। शैव सम्प्रदायको प्रसारले गर्दा त्रिशूली गण्डकीको नामकरण चाहिं संस्कृतबाट भएथ्यो। त्रिशूलीको जनभाषाबाट रहेको अर्को नामबारे हामीलाई केही थाहा छैन। त्रिशूली गण्डकीको उद्‌गमस्थल 'गोसाईकुण्ड' हो। जसको पुरानो नेवारी नाम 'शिवल्हुति' हो। महादेव यस कुण्डमा आइरहेका र उनकै त्रिशूलको घोचाइले निस्केको हुँदा सो नदीको नाम त्रिशूलीगङ्गा रहेको हो भन्ने लोकधारणा रहेको छ[2]। हिमवत्खण्ड आदिमा त्रिशूलीको माहात्म्य यसै रूपमा गाइएको छ। यसै माहात्म्यको प्रचारले शैव सम्प्रदायका गोसाइँहरूको लागि उक्त कुण्ड पवित्रस्थल बन्न पुग्यो। जसले गर्दा सो कुण्ड 'गोसाइँकुण्ड' कहलाउन थाल्यो। यस कुण्डको प्रसिद्धि नेपालबाहिरसमेत केही फैलिएथ्यो। प्रतिवर्ष श्रावणपूर्णिमा आदिमा यहाँ मेलै लाग्छ।

नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये दुइ भैरवेश्वर र ब्रह्मतीर्थेश्वर नुवाकोट इलाकामै छन्। स्वस्थानी आदिमा उल्लिखित प्रसिद्ध शिवलिङ्ग पनि यस भेकमा छन्। इत्यादि कुराबाट यस भेकमा शैव सम्प्रदायको प्रचार बढी मात्रामा थियो भन्ने कुरा स्पष्ट छ।

नुवाकोटभेकमा वैष्णवसम्प्रदायको प्रसार लिच्छविकालमै भइसकेको थियो भन्ने देखिएको छ। नुवाकोटको मूलबस्तीमा प्रसिद्ध नारायणको मन्दिर रहेको छ। जसको जात्रा यहाँ प्रतिवर्ष धूमधामसंग गरिन्छ। तादीको किनारमा पनि पुरानो नारायणस्थान रहेको छ। यस भेकमा

१. ऐतिहासिक सामग्री, ३५ संख्याको अभिलेख

२. ऐतिहासिक सामग्री, ५९ संख्याको अभिलेख

वामनावतार नारायण, गरुडनारायण आदिका अनेक मूर्ति पाइएका छन् । शाहकालमा आएर यस भेकमा वैष्णवसम्प्रदायको अझ बढी प्रचार भएको बुझिन्छ । त्यस वेला धैवुङलाई 'रामपुर' भन्ने संज्ञा दिइएको संकेत धैवुङको अभिलेखबाट पाइन्छ[1] । सेरादरबारको पृथ्वीनारायण शाहको शिलालेखमा अभिलेख कुँदेर बाँकी रहेको पङक्ति 'श्रीराम राम राम....' कुँदेर पूरा पारिएको छ[2] । नुवाकोट डाँडोमा 'सीतापोखरी' भन्ने प्रसिद्ध कुण्ड छ । त्यहाँ जगजित् पाँडेहरूले वि. सं. १८३५ मा पाटी बनाएको उल्लेख त्यहाँको अभिलेखमा आएको छ[3] । यति कुराबाट वैष्णव सम्प्रदायको पनि यस भेकमा निकै प्रचार थियो भन्ने थाहा पाइन्छ ।

यस भेकमा बौद्ध धर्मको पनि कम प्रचार थिएन । बौद्ध धर्मको महायान शाखाले 'वज्रयान' को रूप लिएपछि नेपालको पहाडी भागमा यो सम्प्रदाय निकै लोकप्रिय बनेथ्यो । वज्रयानका सिद्धहरूले शैव तन्त्रसंग पनि समन्वय कायम गरेका हुँदा अझ यसको प्रचार भएथ्यो । उदाहरणार्थ 'भैरव'देवतालाई नै लिन सकिन्छ । नेपालमा हजारौं संख्यामा भैरवमूर्तिहरू रहेका छन् । बौद्ध र शैव दुवै मतले 'भैरव'लाई आत्मसात् गरेका छन् । मानिसलाई पिरिरहेका अनेक किसिमका भयको निवारणको लागि अनेक रूपका 'भैरव'हरूको प्रादुर्भाव गरिएथ्यो । नुवाकोटका प्रसिद्ध भैरव भैरवी मूलतः वज्रयानतन्त्रअनुसार प्रादुर्भाव गरिएका हुन् । तर शैवमार्गीहरूले पनि यिनलाई महादेव र भवानीको रूपमा आत्मसात् गरेका छन् । भैरवस्थानमा रहेका अभिलेखहरू मात्र केलाई हेर्‍यौं भने पनि उक्त कुरा स्पष्ट रूपमा थाहा पाउन सकिन्छ ।

नुवाकोटभेकमा बौद्ध चैत्य, बौद्धमूर्तिहरू पनि अनेक छन् । नुवाकोटको उत्तरी भेकमा बौद्ध लामाहरूका गुम्बाहरू पनि निकै मात्रामा छन् । नुवाकोट अशोकबारीको बौद्धस्थल श्री ५ पृथ्वीनारायण शाहको पालामा आएर मात्र बढी विकसित भएथ्यो तापनि यस स्थलको बौद्ध धर्मसंग सम्बन्ध निकै अघिदेखि रहेको कुरा अनुश्रुतिको रूपमा चलेर आएको पाइन्छ ।

शाक्तसम्प्रदायका देवताका मूर्तिहरू पनि यस भेकमा अनेक पाइएका छन् । भैरवस्थान-निरै रहेको महिषमर्दिनी भगवतीस्थान यस प्रसङ्गमा स्मरणीय छ । भैरवीका सहचरका रूपमा अष्टमातृकाको पनि यस भेकमा निकै मान्यता रहेको छ । यहाँ इन्द्रायणी, ब्रह्मायणी आदि प्रसिद्ध देवस्थल अझै विद्यमान छन् । नुवाकोट नजिकै नै श्री ५ पृथ्वीनारायण शाह त्रिशूलीपारि रहेको इन्द्रायणीस्थानमा जप पाठको लागि जान्थे भन्ने उल्लेख 'दिव्योपदेश'मा आएको छ ।

यसै गरी तलेजु, गणेश, भीमसेन, महाकाल, मछिन्द्रनाथ, कालिका आदि अनेक देवदेवीका मन्दिर मूर्तिहरू यस भेकमा अझै छन् । जसले यस भेकमा विकसित भएको धार्मिक समन्वयलाई संझाइरहेका छन् ।

---

१. ऐतिहासिक सामग्री, ४० संख्याको अभिलेख

२. ऐतिहासिक सामग्री, ३५ संख्याको अभिलेख

३. ऐतिहासिक सामग्री, ३९ संख्याको अभिलेख

रिपुमल्लको ने. सं. ५६१ को नारायणमन्दिरको अभिलेखमा उनको वर्णन गर्दा 'विद्वज्जन-मनोरञ्जनैकपटुतर' अर्थात् विद्वान्‌हरूको मन राख्न ज्यादै सिपालु भन्ने वर्णन परेको छ[1]। यसबाट उनले विद्वान्‌हरूलाई आश्रय दिएको बुझिन्छ। ने. सं. ५१२ मा नुवाकोटमा लेखिएको एक हस्तलिखित ग्रन्थमा गुरु वीरसिंह र चेला रत्नचन्द्रको उल्लेख आएको छ[2]। नुवाकोट मूल शहरको नाम नै एक ताका 'ब्रह्मनगर' भन्ने रहेको पनि पाइन्छ[3]। तर नुवाकोटमा विद्याको उन्नति भएको कुरालाई दर्शाउने प्रमाणहरू भने प्राप्त भएका छैनन्। नुवाकोटका बासिन्दाहरू बसाइँ सर्दै अन्त जाने गरेका हुनाले हो वा किन हो, यस भेकमा लेखिएका वा सारिएका हस्तलिखित ग्रन्थहरू त्यति धेरै मात्रामा पाइएनन्। यहाँका अभिलेखहरूमा पनि त्यति प्रौढता वा शुद्धता रहेको देखापर्दैन। श्री ५ पृथ्वीनारायण शाहद्वारा यहाँ राजधानी बनाइएपछि अर्थात् शाहकालमा आएर मात्र यहाँका अभिलेखमा प्रौढता केही मात्रामा देखापर्छ। उदाहरणको लागि प्रसिद्ध ज्योतिषी भानु अर्ज्याल, लक्ष्मण कविका अभिलेख, श्री ५ रणबहादुर शाहका पालाका अभिलेख आदिलाई देखाउन सकिन्छ[4]।

जे होस्, विद्याको क्षेत्रमा यस भेकको देन प्रकाशमा आउन सकेको छैन। सर्वेक्षण क्रममा हस्तलिखित ग्रन्थहरू पत्ता लाउन पनि हामीले चेष्टा गरेथ्यौं। धार्मिक ग्रन्थ, गीत, स्तोत्र आदि बाहेक अरू विविध विषयका ग्रन्थहरू यता भेकमा त्यति मात्रामा देखापरेनन्।

यस प्रसङ्गमा ज्यादै पछिको भए पनि पं. राजीवलोचनको एक कृतिको चर्चा गर्नु उपयुक्त देखिन्छ। नुवाकोट बट्टारका मङ्गललाल प्रधानसंग केही हस्तलिखित ग्रन्थ छन्। तिनमा एउटा पं. राजीवलोचनको 'चाणक्य नीति संग्रह' को पद्यानुवाद पनि हो। राजकाजमा चाख हुने नेपालीहरू विशेष गरी शासकवर्ग 'चाणक्यनीति' पढ्ने गर्दथे। यसो हुँदा यस ग्रन्थको नेवारी, नेपाली आदि भाषामा अनुवाद भएका पाइन्छन्। चाणक्यनीतिप्रतिको यसै चाखले गर्दा नेपाली भाषाका एक नाउँ चलेका कवि राजीवलोचनले यसको अनुवाद नेपाली पद्यमा पनि गरेछन्। सो अनुवाद वि. सं. १९५० मा गरिएको रहेछ। पं. राजीवलोचनको यो कृति प्रकाशमा आएको छैन जस्तो लाग्छ। सरल नेपाली पद्यमा लेखिएको हुनाले सो लोकप्रिय पनि केही भएको बुझिन्छ। यसै हुँदा नुवाकोटका मङ्गललालको संग्रहमा पनि सो पुगेको देखिन्छ। मङ्गललालका पुर्खाले पहिले 'द्वारे' भई काम गरेका थिए। यसो हुँदा राजकाजसंग उनीहरू केही सम्बद्ध थिए। उहाँको संग्रहमा जङ्गबहादुरका छाप लागेका ऐन कानून, सनद सवाल आदि पनि केही छन्।

१. ऐतिहासिक सामग्री, २ संख्याको अभिलेख
२. माथि ४१ पृष्ठमा यसको उद्धरण दिइएको छ
३. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख
४. ऐतिहासिक सामग्री, ३०,३२,४३ संख्याका अभिलेख

नुवाकोटभेकमा तान्त्रिक दर्शनले निकै स्थान पाएको हुँदा यहाँका प्रसिद्ध देवस्थल पीठरूपमा रहेका छन् । साधारण ढुङ्गामा नै देवताको 'न्यास' गरी साक्षात्कार गराउने विचारधारा 'पीठ' सिद्धान्तमा निहित हुँदा त्यसका प्रवर्तक सिद्धहरूले भव्य मूर्ति, भव्य मन्दिरको अनावश्यकतालाई प्रकारान्तरले औंल्याए । भव्यमूर्ति र मन्दिर त बाह्य आडम्बर मात्र हुन् भन्ने कुरा पनि उनीहरूले प्रकारान्तरले दर्शाए । यसो हुँदा नुवाकोट भैरवस्थान, देवीघाटको पीठ आदिको धार्मिक प्रख्याति निकै अघिदेखि फैलिएको थियो तापनि यस भेकमा पुराना देवमूर्तिहरूको निकै अभाव छ । यसको फलस्वरूप मूर्तिकला आदिको क्षेत्रमा यस भेकको कलात्मक देनको कमी रहन गएको छ ।

तादीको किनारामा रहेको नारायणस्थानको नारायणमूर्ति हाल निकै खण्डित अवस्थामा रहेको छ । त्यस मूर्तिमा कुनै अभिलेख कुँदिएको छैन । यस कारण यसको कालनिर्धारण गर्न गाह्रो छ । तर मूर्तिको बनावट, आकार–प्रकारको विचार गर्दा यो मूर्ति प्राचीन हो भन्ने देखिन्छ । यसको सामुन्ने नै लिच्छविकालको अभिलेख रहेको छ । शिरोभागमा शङ्ख, चक्र अङ्कित सो लिच्छविअभिलेख त्यहाँ राखिनुमा उक्त नारायणसंग कुनै सम्बन्ध त थिएनन् भन्ने अनुमान गर्ने ठाउँ नभएको होइन । तर यस विषयमा निश्चित रूपमा भने केही भन्न सकिंदैन ।

नुवाकोट डाँडोको मूलबस्तीमा रहेका नारायणमूर्ति पनि प्राचीन नै थिए भन्ने कुरा प्रसङ्गबाट देखिएको छ । तर ती मूर्ति नै हराइसकेका हुँदा तिनको कलात्मक विशिष्टताबारे अहिले केही लेख्न नसकिने भइसकेको छ ।

इत्यादि कारणले गर्दा कलाको दृष्टिले विवेचना गर्न योग्य पुराना मूर्तिहरूको नुवाकोट भेकमा निकै कमी छ भन्नुपरेको छ । यस भेकमा खाली मल्लकालका र शाहकालका मात्र केही कलात्मक वस्तु हामी पाउँछौं ।

मल्लकालका प्रामाणिक प्रस्तरमूर्तिमध्ये भैरवस्थानसंगै रहेको भगवतीको मूर्ति उल्लेखनीय रहेको छ[1] । शिवसिंह मल्लको पालामा (वि. सं. १६७४ मा) बनेको महिषमर्दिनी भगवतीको सो मूर्ति निकै कलात्मक छ । यसमा महिषासुरलाई मर्दन गर्न लागेकी भगवतीको ओजपूर्ण आकृति उतार्न कलाकार सफल भएका छन् । १३० × १०० से. मी. भएको यस मूर्तिमा अङ्ग ढङ्ग मिल्नु अर्को विशिष्टता हो । तर यसको ढुङ्गा भने असल जातको परेको छैन । यसो हुँदा यस मूर्तिको सौन्दर्यमा केही कमी पनि रहन गएको छ । जे होस्, नुवाकोटभेकमा पाइएका प्रामाणिक प्रस्तर मूर्तिमा यसको प्रमुख स्थान रहेको कुरामा चाहिं शङ्का छैन ।

ब्रह्मटोलमा रहेको गणेशको प्रस्तरमूर्ति पनि प्रामाणिक छ । यसको पादपीठमा नरेन्द्रमल्ल-

---

१. ऐतिहासिक सामग्री, ६ संख्याको अभिलेख

को पालाको ने. सं. ६७६ (वि. सं. १६१३) को अभिलेख कुँदिएको छ[1] । तर कलात्मकताको दृष्टिले यो प्रस्तरमूर्ति साधारण मात्र छ ।

कलात्मकताको दृष्टिले अशोकबारीको भीमसेनमूर्ति पनि केही उल्लेखनीय छ । तर यसको निर्माण समय निश्चित गर्ने प्रमाण भने प्राप्त छैन । यसै गरी निर्माण समय थाहा नपाइएका तर कलात्मक प्रस्तरमूर्तिहरू अरू पनि अनेक पाइएका छन् । उदाहरणार्थ देवीघाटमा भग्न बौद्ध चैत्यनिर रहेको खण्डित प्रस्तरमूर्तिलाई देखाउन सकिन्छ । यो मूर्ति वामनावतार विष्णुको हो । मिहिन ढुङ्गामा कुँदिएको यो मूर्ति अत्यन्त कलात्मक छ । यो मूर्ति खण्डित नभएको भए यसको निकै महत्त्व रहने थियो । तर निकै खण्डित भएको र तिथिमिति पनि थाहा नपाइएको हुनाले यसको महत्त्व घटेको छ ।

दोलखाको तुलनामा नुवाकोटमा धातुका मूर्तिहरू निकै कम पाइएका छन् । दोलखामा घर–घरमा भने जस्तै सुनको जलप लाएका मूर्तिहरू अझै रहेका छन् । तर नुवाकोटको मूल बस्तीमा समेत धातुका मूर्तिको कमी रहेको छ । यता रसुवाभेकका गुम्बाहरूमा मात्र धातुका मूर्तिहरू निकै छन् भन्ने सुनियो । तर हामीहरू त्यस भेकमा जान नसकेका हुँदा त्यस बारेमा अहिले केही भन्न सकिएन । त्रिशूलीबजारमा रहेको गणेशको धातुको मूर्ति (शिरोभाग मात्र) कलाको दृष्टिले उल्लेखनीय रहेको छ । त्यहाँ रहेको अभिलेखको आधारमा यो मूर्ति मल्लकालको हो भन्ने सिद्ध हुन्छ । यद्यपि सो अभिलेख निकै खिइएको हुँदा संवत् भने अहिले ठम्याउन सकिदैन । यस मूर्तिमा अङ्कित गणेशको प्रसन्न मुखमुद्रा निकै आकर्षक रहेको छ ।

वास्तुकलाको दृष्टिले भने नुवाकोटभेक अझै केही समृद्ध रहेको छ । यद्यपि पहिलेको अनुपातमा यस भेकका घर, मन्दिर आदि अब त्यति आकर्षक रहन सकेको छैन । कर्कप्याट्रिकले देखेताकासम्म नुवाकोटको मूल बस्तीका घर, मन्दिरहरू आकर्षक रहेका थिए[2] । तैपनि यहाँका मल्लकालका भैरवमन्दिर, रङ्गमहल आदि र शाहकालका प्रसिद्ध साततले दरवार आदि वास्तुकलाका दृष्टिले निकै महत्त्वपूर्ण छन् । तल तादीको किनारमा रहेको दरबार पनि निकै भव्य थियो भन्ने कुरा यसको भग्नावशेष र त्यससम्बन्धी अभिलेखको तुलना गरी हेर्दा थाहा पाइन्छ[3] । यी मन्दिर, दरबार आदिको बारेमा छुट्टै अनुसन्धान गरिनु वाञ्छनीय छ ।

***

---

१. ऐतिहासिक सामग्री, ३ संख्याको अभिलेख

२. ग्रॉन् ऐकाउन्ट अफ् किङ्डम् अफ् नेपौल', पृ ११६

३. धनवज्र र टेकबहादुर, 'श्री ५ पृथ्वीनारायण शाहको नुवाकोट–माडी दरबार' कन्ट्रिब्युशन्स् टु नेप्लिज् स्टडीज्, वर्ष २ अङ्क २, पृ. १४५–१५४

ऐतिहासिक सामग्री

अभिलेख

(१)

ब्रह्मायणीस्थानको अभिलेख

नुवाकोट सेरा-दरबारदेखि केही पूर्वपट्टि तादीको किनारमा प्रसिद्ध ब्रह्मायणीस्थान रहेको छ। त्यसको अलिकता पश्चिमपट्टि एक नारायणमन्दिर रहेको छ। त्यहीं चौरमा पूर्वाभिमुख भई रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यो अभिलेखको माथिल्लो भाग खिइएकोले केही अस्पष्ट छ। यहां संवत् ४८५ छ।

१. स्वस्ति मानगृहाद......
२. ......भट्टारकमहाराजश्रीगणदेव : कुशली....
३. ......ब्राह्मणपुरस्सरान् ग्रामकुटुम्बिन : कु(शलम्पृष्ट्वा)
४. समाज्ञापयति विदितमस्तु भवतां यथा सर्व्वदण्डनायक-
५. महाप्रतिहारश्रीभौमगुप्तविज्ञापितेन मया युष्माकं....
६. ......लिङ्ग्वल् माप्चोक....धिकरणैर्न्न प्रवे....
७. ......करण....
८. ......प्रवेशो नास्तु यदा-अत्र म....
९. ......वाहा.. आनीयन्ते....प्रवेश....
१०. ...... कोट्ट...नमित्यस्य च
११. प्रसादस्य चिरकालस्थितये शिलापट्टकशासनेन प्र-
१२. सादः कृतस्तदेवमवगत्य यूयन्निर्व्वृतविश्वस्ताः सुखं
१३. प्रतिवसतेति येपि च मदूद्र्ध्वं राजानो भवितारस्तैरपि
१४. धर्म्मगुरुभिर्गुरुकृतप्रसादानुवर्त्तिभिरियमाज्ञा सम्य-
१५. क्प्रतिपालनीयेति, दूतकश्चात्र सर्व्वदण्डनायक-
१६. महाप्रतिहारश्रीभौमगुप्तो वरीवर्त्ति संवत् ४००
१७. ८५ कार्त्तिकमासे शुक्लदिवाद्वादश्याम् १२] [०] [
१८. राजपुत्रबन्धुजीवे व्यवहरतीति] [

अनुवाद

कल्याण होस्। मानगृह (दरबार) बाट....गाथमा आराम भएका भट्टारक महाराज

श्रीगणदेवबाट. . . .ब्राह्मणलगायत ग्रामका गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ। यो कुरा तिमीहरूलाई थाहा होस्। सर्वदण्डनायक, महाप्रतिहार श्रीभौमगुप्तले हाम्रा हजूरमा बिन्ति चढाएका हुनाले हामीबाट तिमीहरूकहां. . . .लिङ्ग्वल, माप्चोक. . . .आदि अधिकरणले. . . . पस्न नपाउने गरिएको छ। . . . .को पनि प्रवेश नहोस्। जब यहां. . . . घोडाहरू ल्याइन्छन्। . . . .प्रवेश. . . .कोट्ट. . . .

यो निगाह धेरै कालसम्म कायम रहोस् भन्नाको लागि सनद शिलापत्र गरी निगाह गरिदिइएको छ। यो कुरा बुझेर तिमीहरू निर्धक्क भई सुखसंग बस। हामी पछि हुने राजाहरुले पनि नियम कानूनलाई ठूलो संझी, मान्यजनले गरिदिएको निगाहको ख्याल राखी यो आज्ञाको प्रतिपालन राम्ररी गर्नुपर्छ।

यहां दूतक सर्वदण्डनायक, महाप्रतिहार श्रीभौमगुप्त छन्। संवत् ४८५ कार्तिक शुक्ल द्वादशी, राजपुत्र बन्धुजीवले मुद्दामामिलासम्बन्धी काम गरिरहेको वेलामा।

(२)

नारायणमन्दिरको अभिलेख

नुवाकोटको प्रसिद्ध साततले दरबारअगाडि एक नारायण मन्दिर रहेको छ। सो मन्दिरमा रहेको एउटा पानसको त्रिखुट्टीमा यो अभिलेख कुँदिएको छ। यहां ने. सं. ५६१ छ।

१. श्रीयोस्तु सम्वत् ५६१ भाद्रपदमासे शुक्लपक्षे सप्तम्यां तीथौ अनुराढनक्षत्रे बुधवासरे दीपिकाकृतदिवशे ॥ स्वस्ति।

२. श्रीउत्तरगिरिकविलासनवकोष्ठपत्तनेषु श्रीश्रीगण्डकीदेवा ॥ भट्टारिक परिसंष्ठान महास्थानेषु तत्र सर्व्वजनपूजितस्वे–

३. ष्टदेवताश्रीश्रीनारायणाय॥ समस्त विद्युत्जनमनोरञ्जनैकपटुतरेण श्रीमत्सोमवंशार्णवजतिलकायमानगरुडनारायन

४. श्रीरिपुमल्लदेवेन। सद्भक्तया दीपिका निर्यातयामि ॥ प्रदत्ता पुण्यभावेन कुशलानि हि मे सदा राजलक्ष्मीष्ठिराश्चैव प्रताप सिद्धि

५. सर्व्वदा ॥ सुखिनः सन्तु ते पुत्रपौत्रादिसंयुता ॥ श्रीवंतुविहाराधिवासिन जयतराज देवराज तदुभयशिल्पिकृतं शुभं ॥

अनुवाद

कल्याण होस्। ने. सं. ५६१ (वि. सं. १४९८) भाद्र शुक्ल सप्तमी अनुराधानक्षत्र बुधवारको दिन दीपिका (पानस) चढाइयो।

कल्याण होस्। श्रीउत्तर पहाड, कविलास, नवकोष्ठ (नुवाकोट) शहरमा श्रीश्रीगण्डकी-

भैरव देवताको वासस्थान हुँदा उत्तम कहलाएको स्थानमा रहेका सबै जनताले पूजिएका आफ्ना इष्टदेवता श्रीश्रीनारायणलाई, सारा विद्वान्हरूको मन खुशी पार्नामा ज्यादा सिपालु, श्रीचन्द्र–वंशीहरूमा टीका जस्ता भएका, गरुडनारायण श्रीरिपुमल्लदेवले भक्तिपूर्वक पानस चढाइएको हो ।

यो दान पुण्यको प्रभावले मेरो भलो होस्; राज्यलक्ष्मी सधैं स्थिर होस्; सधैं प्रताप बढोस्; सिद्धि होस् । छोरा नाति आदि सबै सुखी होऊन् ।

श्रीवंतुविहारमा बस्ने जयतराज देवराज दुइ जना कालिगढले यो पानस बनाएका हुन् ।

(३)

गणेशमूर्तिको अभिलेख

नुवाकोट, ब्रह्मटोलमा एक गणेशमन्दिर रहेको छ । सो मन्दिरमा रहेको गणेशमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ । अभिलेखको केही अंश खिइएकोले अस्पष्ट छ । यहां ने. सं. ६७६ छ ।

१. ......(नरेन्द्रमल्ल) विजयराज्य । श्रीनवक्वाठया ज–
२. जोमान उजोर्तसिह भारो भार्या जयमयि....सिह भारो भार्या सक्ति म–
३. यि ।। थ्व सकर....विनायक....प्रविस्था याङन श्रीश्री–
४. श्रीमत्विनायकप्रतिमा दयका जुरो ।। जजमानस्य येन फरेन जनः
५. धन....संन्तानवृधिरस्तुः ।। सम्वत् ६७६ वैशाष कृष्णपक्ष षष्त–
६. म्यां तिथौ वृहस्पतिवासरे शुभमस्तु : ।।

अनुवाद

नरेन्द्रमल्लको विजयराज्यमा । श्रीनवक्वाठ (नुवाकोट) का जजमान उजोर्तसिंह भारो, पत्नी जयमयी....सिंह भारो, पत्नी शक्ति मयी यी सबै मिली....गणेशको....प्रतिष्ठा गरी श्रीश्रीश्री गणेशमूर्ति बनाउन लाएका हुन् ।

जुन पुण्यफलले जजमानहरूको....जन धनको वृद्धि होस् ।

ने. सं. ६७६ (वि. सं. १६१३) वैशाख कृष्ण षष्ठी वृहस्पतिवार । शुभ होस् ।

(४)

ब्रह्मटोलको अभिलेख

नुवाकोट ब्रह्मटोलको गणेश मन्दिरमा हाल एउटा शिलापत्र ल्याई राखिएको छ । सो शिलापत्रमा यो अभिलेख कुँदिएको छ । अभिलेखको केही अंश खण्डित भएको हुँदा संवत्को एक-स्थानी अंक हाल देखिंदैन ।

गणेशमन्दिरमा यो शिलापत्र राखिए पनि यसको सम्बन्ध नारायणमूर्तिसंग रहेको देखिन्छ ।

'पुरातत्त्व पत्र संग्रह' तेस्रो भागको ५ पृष्ठमा श्रीशंकरमान राजवंशीद्वारा यो छापिएको छ ।

१. ओं नमो नारायणाय ।। यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतस्त–
२. न्वन्ति दिव्यैः स्तवैर्व्वेदैः सामपदक्रमोपनिषदैर्ग्गाय–
३. न्ति यं सामगा : । ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति
४. यं योगिनो यस्यान्तं न विदु : सुरासुरगणा देवाय त–
५. स्मै नमः ।। श्रीमच्छ्रीश्रीपशुपतीत्यादि नरपतिप–
६. रचक्रचूडामणिरञ्जितचरण श्रीमच्छ्रीश्रीजयम–
७. हेन्द्रमल्लदेवानां विजयराज्ये, श्रीनवक्वठ पु–
८. रवर गण्डकीयुते निवासिना लंगुदेवदासेन
९. श्रीधरमूर्त्तिदेव (ता स्थापि) तेयं ।। सम्वत्स–
१०. रे ६८८.... पक्षे द्वादशी
११. पर त्रयो (दशी) .... शुद्धियोगे
१२. बुधदिने.... रे ।। शुभ ।।

अनुवाद

नारायणलाई नमस्कार । ब्रह्मा वरुण इन्द्र महादेव आदि देवताहरू दिव्य स्तोत्रद्वारा जसको स्तुति गर्दछन्; साम गाउनेहरू सामका पद, क्रम र उपनिषद्द्वारा जसको गुणगान गर्दछन्; योगीहरू ध्यानमा तल्लीन भएको मनद्वारा जसको साक्षात्कार गर्छन्; देव, दैत्यहरू जसको भेउ पाउन सक्तैनन्; ती नारायण देवतालाई नमस्कार छ ।

श्रीपशुपतिका पाउका धूलाले शिर पवित्र भएका, शत्रु राजाहरूको शिरपेचका मणिले खुट्टा झलमल्ल भएका श्रीश्रीजयमहेन्द्रमल्लदेवको विजयराज्यमा, गण्डकी भैरवको वासस्थान भएको श्रीनवक्वाठ असल शहरमा बस्ने लंगुदेवदासले यो विष्णुमूर्ति स्थापना गरिएको हो ।

ने. सं. ६८८ (वि. सं. १६२५) ....पक्ष, द्वादशी उप्रान्त त्रयोदशी, शुद्धियोग, बुधवार । शुभ होस् ।

(५)

घण्टाको अभिलेख

नुवाकोटको प्रसिद्ध भैरवमन्दिरभित्र केही घण्टाहरू झुण्ड्याइएका छन् । तीमध्ये एउटा घण्टामा यो अभिलेख कुँदिएको छ । यहां ने. सं. ७२० छ ।

१. श्रीयोःतु शंवत् ७२० जेतमासे शूलपक्षे प्रारात रामदेवजुन श्रीगंदेजु राके पूर्ण जुल शुभ ॥

अनुवाद

कल्याण होस् । ने. सं. ७२० (वि. सं. १६५७) ज्येष्ठ शुक्ल . . . . रामदेवले श्रीगण्डकी भैरवलाई (यो घण्टा) चढाएका हुन् । शुभ होस् ।

(६)

भगवतीमन्दिरको अभिलेख

नुवाकोटको प्रसिद्ध भैरवमन्दिरनिर दक्षिणपट्टि एउटा भगवतीमन्दिर छ । सो मन्दिरमा रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ । अभिलेखको केही अंश खिइएको छ । यहां ने. सं. ७३७ छ ।

१. . . . . . . नेपालके श्रीब्रह्मनगरे गंदकिस्था–
२. ने ॥श्रीश्रीश्रीभगवति देवि थापना दि–
३. . . . . . . गङ यौंताछें ॥ भंद्रि श्रीशुर्क्रसिंह भारो ज्ये–
४. ष्ठ पुत्र लक्षसिंह भारो मध्य पुत्र पि–
५. . . . . . . त्त भारो ॥ थ्वते उभयस याङान श्री
६. . . . . . . दिन सर्व्वदा ॥ शुभ ॥ सम्वत् ७३७ वै . . . .
७. . . . . अस्तम्यायां तिथौ . . . .
८. कर्ण्ण मुहुर्त्ते : वृहस्पतिवासरे मेष . . . .
९. . . . . . . राशिगते चन्द्रमसि ॥ श्रीश्रीशिर्वासिंहदेवविजय–
१०. राजे ॥ प्रमान जगतसिंह भारो । . . . . प्रमान
११. जुरो । दोरखप्यात नामन . . . .

अनुवाद

. . . . नेपालमा, श्रीब्रह्मनगरमा, गण्डकी भैरवको स्थानमा श्री ३ भगवती देवीको स्थापना गरियो । . . . . यौताछेंका भण्डारी श्रीशुर्क्रसिंह भारो, उनका जेठा छोरा लक्षसिंह भारो, माहिला छोरा पि . . . . भारो यी दुवैले मिली श्री . . . . (स्थापना गरिएको हो) ।

सधैं शुभ होस् । ने. सं. ७३७ (वि. सं. १६७४) वैशाख . . . . अष्टमी, पर्नुपर्ने करण मुहूर्त परेको वेलामा, वृहस्पतिवारमा, मेष . . . . राशिमा चन्द्रमा भएको वेलामा ।

श्रीश्रीशिर्वासिंहदेवको विजयराज्यमा । जगतसिंह भारो प्रमान (बडाहाकिम) भएको वेलामा । दोरखा प्यात नाउ भएको (जग्गा) . . . .

(७)

भैरवमन्दिरको अभिलेख

नुवाकोटको प्रसिद्ध भैरवमन्दिरमा धेरै ताम्रपत्रहरू टाँसिएका छन् । तिनमध्ये मूल ढोकाको दाहिनेपट्टि भित्तामा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ । यहां ने. सं. ७६३ छ ।

'मेडिइभल नेपाल' को ११२ पृष्ठमा श्रीहेमराज शाक्य र श्रीतुलसीराम वैद्यद्वारा यो छापिएको छ । मूलबाट पढी केही पाठ सच्याई यहां दिइएको छ ।

१. ॐ नमः श्रीचण्डिकायै ।। श्रेयोस्तु सम्वत् ७६३ चैत्र शुक्ल, पूर्ण्णमासि थ्व कुन्हु न–
२. वक्वाठया श्री ३ गंडेजुयात, नित्य आगनजा दोहोलपेयात, कंस थालभु, मच–
३. सहितन, दोहोलपा, राजा श्रीश्रीप्रतापमल्लदेवजु, देसया प्रमान, मानिसिंह–
४. जु, दानपति, नवक्वाठया, गुरु भाडाद, ग्यान्नदेवन दुन्ता जुलो, थ्व वेलसया
५. भेरु छासोराम थ्व कंस थाल भु भेरु जुव जुवह्मयाके तयमाल जुरो ।। शुभ ।।

अनुवाद

श्रीचण्डिकादेवीलाई नमस्कार ।। कल्याण होस् । ने. सं. ७६३ (वि. सं. १७००) चैत्र शुक्ल पूर्णिमाको दिन नवक्वाठका श्री ३ गण्डकी देवताको लागि नित्य भुजा चढाउनाको लागि आसनीसहितको कांसको थाल चढाइयो ।

राजा श्रीश्रीप्रतापमल्लदेव, देशका प्रमान मानिसिंहको पालामा दानपति नवक्वाठका गुरु भह्लाह्र (गुभाजू) ज्ञानदेवले यो चढाएका हुन् । यस वेलाका भेरु (धामी) छासोराम हुन् ।

यो काँसको थाल धामी हुनेको जिम्मामा राख्नुपर्छ । शुभ होस् ।

(८)

दोलखादेवीको अभिलेख

नुवाकोट सेरा दरबारबाट नजिकै पूर्वतिर लागेपछि दोलखादेवीस्थान पुगिन्छ । त्यहां रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ । यहां ने. सं. ७६४ छ ।

१. सिकिह्म श्वमदेव पून जगनाथ
२. मानदेव वायतेव वासूदेव दिव
३. हाकू जुवार थुति समूचयन दय–
४. का ।। सम्वत् ७६४ सिवरात्रि
५. कुन्हु शुभ ।।

अनुवाद

सिकिह्न (श्रीकृष्ण), सोमदेव, पूर्ण, जगन्नाथ, मानदेव, वायतेव, वासुदेव, दिव हाकू जुवार यति मिली यो बनाइएको हो ।

ने. सं. ७६४ (वि. सं. १७००) शिवरात्रिको दिन । शुभ होस् ।

(६)

तुलसीमठको अभिलेख

नुवाकोटको साततले दरबारअगाडि एक तुलसीमठ रहेको छ । सो मठको शिलामा यो अभिलेख कुँदिएको छ । खिइसकेकोले केही भाग अस्पष्ट छ । यहां संवत् स्पष्ट छैन । यहां राजा प्रतापमल्लको नामोल्लेख भएको छ ।

'पुरातत्त्व पत्रसंग्रह' तेस्रो भाग को ६ पृष्ठमा शङ्करमान राजवंशीद्वारा यो छापिएको छ । मूलैबाट पढी यहां केही पाठ सच्याइएको छ ।

१. **शुभ ।। सम्वत् ७. . . . वैशाख. . . . राजराजेन्द्र कवीन्द्र जयप्रतापमल्ल प्रभु ठाकुरस विजयराज्ये**

२. **श्रीनवक्वाठया ब्राह्मन . . . . तुलसिया मठ दयका. . . . बु. . . .**

३. **पिक दुंता थो बुया ओलसानन, गुथि. . . . (म) न्दिर दयके माल । थो सेनकुह्मया महापातक**

अनुवाद

शुभ होस् । संवत् ७. . . . वैशाख. . . . राजराजेन्द्र कवीन्द्र जयप्रतापमल्ल प्रभु ठाकुरको विजयराज्यमा । श्रीनवक्वाठका ब्राह्मण. . . . ले यो तुलसीमठ बनाएका हुन् ।

. . . . रोपनी खेत गुठी राखियो । यो खेतको आयस्ताले गुठियारले. . . . मठको मरम्मत गर्नुपर्छ । यो बिगार्नेलाई महापातक लागोस् ।

(०१)

इन्द्रचोकको अभिलेख

नुवाकोट, इन्द्रचोक टोलमा एक सानो शिवमन्दिर छ । यो अभिलेख कुँदिएको शिलापत्र केही कालअघि सो शिवमन्दिरमा रहेको थियो । तर हाल यो अभिलेख तलेजुमन्दिरभित्र लगी राखिएको छ । यहां ने. सं. ७९६ छ ।

'पुरातत्त्व पत्रसंग्रह' तेस्रो भागको ७ पृष्ठमा यो छापिएको छ । मूलैबाट पढी यहाँ केही पाठ सच्याइएको छ ।

१. स्वस्ति ।। श्रीमत्पशुपतिचलनकमलधूलधूसरितशिरोरूह श्री–
२. मन्मानेश्वरीष्टदेवतावरलब्धप्रसादाद्देदिप्यमानोन्नत रविकू–
३. लतिलक हनूमद्ध्वज महाराजाधिराज नेपालेश्वर राजराजेन्द्र
४. शकलराजचक्राधिश्वर श्रीश्रीजयनृपेन्द्रमल्लदेवानां सदा समर–
५. विजैनां ।। परमभट्टारक प्रभु ठाकुरस विजयराज्ये ।। श्रीश्री ३
६. गंदेभेलवस क्षेत्रे श्रीनवक्वठ. . . .पाल पसल वाछें
७. जोजमान गोपिदेव भारो भार्या गंगादेवि मयि ह्यस पुत्र . .
८. भारो. . . .पुत्र. . . .श्वरदेव भारो. . . .पुत्र. . . .भारो थ्व ङा–
९. ह्यसेन श्री ३ पंचाननसहित श्रीश्रीश्रीविश्वेश्वर देवदेव पशु–
१०. . . . .दयका ।। श्रेयोस्तु ।। सम्वत् ७९६ वैसाष मास कृष्णपक्ष
११. तृतीया प्र चतुर्थीतिथौ मूलनक्षत्रे वरियानयोगे जथाक–
१२. र्णमुहुत्रे आदित्यवासरे वृषराशिगते सवित्रे धनराशि–
१३. गते चन्द्रमसि, थ्व महापर्व्व वेलास प्रतिष्ठा याङा ।। देवके
१४. हन मालको यात वुन्ता जथाचत्राघातनवु ।। दोरखाजोर वु
१५. रोव ७ राहापशि वु पिव ४ थ्वते वुंता ।। थ्व देवर देवस
१६. सेनके तन छु यातसां पंचमहापातक । निदान यातसा जन ध–
१७. न लक्ष्मी संतति सन्तान वृद्धि जुयु ।। थ्व वुया वलसानन व–
१८. र्षं प्रति हनेया. . . .वजि प्र २ निसराव. . . .
१९. . . . .वम्म २ ह्निन घेर देव आरति यायमाल ।। शिवरात्रिस
२०. कने दां १ वा फल. . . .वख प्रति वुसाधन ब्राह्मन. . . .याय

अनुवाद

कल्याण होस् । श्रीपशुपतिका चरणकमलका धूलोले कपाल फुस्रो भएका, श्रीमानेश्वरी इष्ट देवताबाट वर प्रसाद पाएका, उज्याला, मानोन्नत, सूर्यवंशका टीका जस्ता, ध्वजामा हनुमान् भएका, महाराजाधिराज, नेपालेश्वर, राजराजेन्द्र सारा राजसमूहका मालिक, सधैं लडाइं जित्ने श्रीश्रीजयनृपेन्द्रमल्लदेव परमभट्टारक प्रभु ठाकुरको विजयराज्यमा ।

श्री ३ गण्डकीभैरवको क्षेत्र श्रीनवक्वाठ. . . .पसल वाछेंका जजमान गोपिदेव भारो, उनकी पत्नी गङ्गादेवी. . . . छोरा. . . . भारो, छोरा. . . .श्वरदेव भारो. . . . छोरा. . . . भारो यी पांचजनाले श्री ३ पञ्चाननसहित श्री ३ विश्वेश्वर महादेवको स्थापना गरियो ।

कल्याण होस् । ने. सं. ७९६ (वि. सं. १७३३) वैशाख कृष्ण तृतीया उप्रान्त चतुर्थी, मूलनक्षत्र, वरियानयोगमा, पर्नुपर्ने करण मुहूर्त परेको वेलामा, आदित्यवारमा, वृषराशिमा सूर्य भएमा, धनुराशिमा चन्द्रमा भएमा, यस्तो ठूलो पर्वको वेलामा प्रतिष्ठा गरिएका महादेवको लागि गर्नुपर्ने

विधिको लागि चार किल्ला तोकिएका खेत गुठी चढाइए। दोरखा जोर खेत ७ रोपनी, राहापशि खेत चार रोपनी। यति खेत गुठी राखिए।

यी देवल र देवता बिगार्न, केही गर्न खोजेमा पञ्चमहापातक लागोस्। हेरविचार गरे भने जन धन लक्ष्मी सन्तानको वृद्धि होस्। यी खेतको आयस्ताले प्रतिवर्ष गर्नुपर्ने.... दिनको २ प्र. चिउरासहितको 'निसराव' (नैवेद्य विशेष) सामग्री १, दिनको २ द्रम्मको घिउको बत्ती बाली आरती गर्नुपर्छ। शिवरात्रिको दिन....प्रतिवर्ष....ब्राह्मणले 'बुसाधन' गर्नू।

(११)
चैत्यको अभिलेख

नुवाकोट साततले दरबारअगाडि एउटा चैत्य छ। सो चैत्यमा रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहां ने. सं. ८०३ छ।

'पुरातत्त्व पत्रसंग्रह' तेस्रो भागको ८ पृष्ठमा यो छापिएको छ। मूलबाट पढी यहां केही पाठ सच्याइएको छ।

१. स्वस्ति ॥.... नेपालसम्वत् ८०३ वैशाख–
२. मासि कृष्णपक्ष तृतीयायां तिथौ वृस्पतिवासर
३. मूलनक्षत्र सिद्धियोगे श्रीश्रीश्रीमाहाराजाधिराज
४. श्रीश्रीपार्थिवेन्द्रमल्लदेव प्रभु थाकुरस विजयरा–
५. ज्येस नवक्वोथ स्थानया प्रमान भवानिशंक्र भाजु प्र–
६. मान वेरस पांगनत्वालस ॥ श्री ३ चितुवीहार थापना
७. याङा श्रीनवाक्वोथया कोंथुतोरया लम्रोंताछेंया भंवि–
८. रि भाया प्रानसिंह भारो भार्ज्या सिम्रोदेवि मयि ॥ प्रथम
९. पुत्र जयधर्मसिंह भारो थुतिया पुत्र....भारो
१०. थुति उभय याङन श्री ३ वुधमार्थ थापना याङा जुरो
११. ॥ गंङर वु रम्रो ८ वुंता जुरो, थ्वया वरसानन वु सा–
१२. धन कुन्हु जगे यायमाल, थ्व देव रोप मतेव रोप–
१३. याकारे ब्रह्महथ्या, ग्वरहथ्या, गुरुहथ्या स्तिरिहथ्या
१४. वारहथ्या थुति पंचमाहापाप राक रोप मयात–
१५. सा धमह राक जुरो सुभमंगरं भवतु ॥शुभ॥

अनुवाद

कल्याण होस्।....ने. सं. ८०३ (वि. सं. १७४०) वैशाख कृष्ण तृतीया वृहस्पतिबार मूल नक्षत्र सिद्धियोगमा,

महाराजाधिराज श्रीश्रीपार्थिवेन्द्रमल्लदेव प्रभु ठाकुरको विजयराज्यमा, भवानीशङ्कर भाजु नुवाकोटका प्रमान (बडाहाकिम) भइरहेको वेलामा,

प्राङ्गण टोलमा श्री ३ चैत्यविहार स्थापना गरियो। नुवाकोट कोंथुटोल लम्रोताछेंका भण्डारी प्राणसिंह भारो उनकी पत्नी शिवदेवी मयी जेठा छोरा जयधर्मसिंह भारो उनका छोरा . . . भारो, यति जनाले श्री ३ बुद्ध चैत्य स्थापना गरिएको हो।

गङर खेत आठ रोपनी गुठी राखियो। यसको आयस्ताले 'बुसाधन' को दिन यज्ञ गर्नुपर्छ। यस देवको लोप गर्नु हुँदैन; लोप गरे भने ब्रह्म हत्या, गोहत्या, गुरुहत्या, स्त्रीहत्या, बालहत्या यी पञ्चमहापाप लागून्। लोप गरेनन् भने पुण्य लागोस्। शुभ मङ्गल होस्।

(१२)

सिंहको पादपीठको अभिलेख

नुवाकोट भैरवस्थानको दक्षिणपट्टिको ढोकामा दुइ सिंहमूर्ति रहेका छन्। ती मूर्तिका पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने. सं. ८२३ छ।

'पुरातत्त्व पत्रसंग्रह' तेस्रो भागको ८–९ पृष्ठमा यो छापिएको छ।

१. **शुभ सम्वत् ८२३ चैत्रमास्य : शु–**
२. **क्रपक्षे दशम्यान्तिथौ पु(नर्व)शु(न)–**
३. **क्षत्र शुक्रमजोग्य जथाकरन–**
४. **मुहुत्तरे बुधवासरे**

अर्को पाटामा

१. **(मी)नराशिगते . . सवित्रे सिंघराशिग–**
२. **त्य चंद्रमसि श्री १ स्वस्ति श्रीश्री–**
३. **माहाराजाधिराज श्रीश्रीभासकर–**
४. **मल्लदेव प्रभु थाकुलस्य विजयरा–**
५. **ज्यस सुभ मंगर भवतु सर्व्वदा काल ॥**

बायांपट्टिको सिंहको पाठपीठमा

१. **महर्कासिंह ॥ विरदेव, अभिराम**
२. **हरिसीव, हाकुसिं शुषुरजु ॥**
३. **थुति समुच्चयन सिंघ दयकाव**
४. **भवानियात वोहोरपा जुरो**
५. **शुभ ॥ ० ॥**

अनुवाद

शुभ होस् । ने. सं. ८२३ चैत्र शुक्ल दशमी बुधवार पुनर्वसुनक्षत्र सुकर्मा योग पर्नुपर्ने करण मुहूर्त परेको वेलामा, मीनराशिमा सूर्य, सिंह राशिमा चन्द्रमा रहेमा

महाराजाधिराज श्रीश्रीभास्करमल्लदेव प्रभु ठाकुरको विजयराज्यमा ।

सधैं शुभ मङ्गल होस् । महर्कसिंह, वीरदेव, अभिराम, हरिशिव, हाकुसिं, सुखुरजु यति जना मिली सिंह बनाई भवानीलाई चढाइएको हो । शुभ ।

(१३)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरभित्र केही ढुङ्गे सालिक रहेका छन् । तीमध्ये एउटाको पादपीठमा यो अभिलेख कुँदिएको छ । अभिलेखको केही भाग खिइसकेकोले अस्पष्ट छ । यहाँ ने.सं. ८२५ छ ।

१. सकता यातं वा मुरि ४ चिकन मुर धान मु–
२. विश्वसिं, पुनश्वरि तिरि, रन्हश्वरि ह्मघाच, थ्वपिं श्वह्मसं पतिमा
३. दयका सम्वत् ८२५ वैसाष शुद्धि ३ श्री ३ गंदेभैरव प्रितिन प–
४. हल्या पानि वु रो २० वुंता जुरो ।। थ्व वुया वरसान्दको हनेमार
५. वर्षप्रति पूजा ज १ वुगु ह्म १ वुगु मुल वा ङा मु प्रित तुके मार
६. १. . . . मोहोर तांका १ कोषायके, वर्ष प्रति दक्षिणा दं ४ माहादिप
७. पू १ चेकन फं १ घेर कु दं १ दानपति चेकन दं ६ वूया
८. यो. . . . मोहोर गोच काय मवु शुभ ।।

अनुवाद

विश्वसिंह उनकी पत्नी पूर्णेश्वरी, छोरी रत्नेश्वरी यी तीन जनाका सालिक बनाइए ।

ने. सं. ८२५ (वि. सं. १७६२) वैशाख शुक्ल तृतीयाको दिन श्री ३ गण्डकीभैरव प्रीति गरी पहरेपानी खेत रोपनी बीस गुठी चढाइयो । यस खेतको आयस्ताले प्रतिवर्ष पूजा सामग्री सम्पूर्ण पारी एउटा बोको. . . .एक रुपिया देवतालाई माला बनाई चढाउनुपर्छ । प्रतिवर्ष दक्षिणा चार दम्म, महादीपको लागि एक पाथी तेल, एक कुरुवा घिउ हुनुपर्छ. . . .दानपतिले . . . .लिनु हुँदैन । शुभ ।

(१४)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरमा धेरै ताम्रपत्रहरू टाँसिएका छन् । तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहाँ ने. सं. ८२५ छ ।

१. ॐ अद्यः ब्रह्मणोत्यादि ।। अद्यः वैशाखमासे शुक्लपक्षेः ।। अक्षयतृति–
२. यान्तिथौ, रोहिणीनक्षत्रे, शोभनयोगे, जथाकरणमुहुर्त्तरे, आदित्यवा–
३. सरे, मेखराशिगते सवितलि, वृषराशिगते चन्द्रमसि ।। तस्मिन् माहा–
४. पर्व्वदिने, लिखिवन नवक्वाठ पुनतोर रवन्ताछें विश्वसिं पत्नि पूण्यश्व–
५. री थ्वपनि निह्मस्यन स्वर्ग्ग वैकुण्ठप्राप्ति कामनार्थ श्री ३ गदेभैंरवप्रीत्यर्थं
६. त्रिस रोपनि क्षेत्रं संप्रदत्तं ।। अत परं देशभाखा पहल्यापानि बुरो ३० थ्वते
७. बुया वरसानन हनेमाल ।। वर्ष प्रति श्री ३ भैंरवायाके, पूजा जोरन मालको द–
८. यकाव मेश ह्म १ वुगु ह्म १ स्यायमाल, यातन गोदार मत छोयके माल, चेकन या–
९. त वा मूलि ४ माहादिप पू १ छोयकेमाल घेर कुड १ चावथें, दं ४ दक्षिणा देवया–
१०. त छायमाल ।। सिध्रयात वा फँ ६ थ्वया गुथिजन, विश्वसिं, लन्हेश्वरी, शंखरदेव, कृ–.
११. ष्णदाश, अभिराम, थ्वते गुथिजनन थ्वपनि भाखार्थे हनेमाल महंकाल्य, गोह–
१२. थ्या आदिन पंच माहापातक राक जुरो ।। सम्वत् ८२५ वैशाख शुद्धि ३ शुभ ।।
१३. पुन भाखा जजोमान जजोमानिया नामन अप्रदक्षेन श्राद्ध यायमाल ।।

अनुवाद

ओं आज ब्रह्माको इत्यादि । आज वैशाख शुक्ल अक्षयतृतीया रोहिणीनक्षत्र शोभनयोग आदित्यवार गर्नुपर्ने करण मुहूर्त परेको वेलामा मेषराशिमा सूर्य, वृषराषिमा चन्द्रमा परेमा, त्यो महापर्व दिनमा,

ऋषिवन, नुवाकोट, पुनटोल रवन्ताछेंका विश्वसिंह उनकी पत्नी पूर्णेश्वरी यी दुइ जनाले स्वर्ग वैकुण्ठ प्राप्ति होस् भनी श्री ३ गण्डकीभैंरवलाई प्रसन्न पार्न तीस रोपनी खेत गुठी चढाए ।

अब देशभाषाको अनुवाद– पहरेपानी खेत रोपनी तीस । यी खेतको आयस्ताले बेहोर्नु पर्ने कुरा । प्रतिवर्ष श्री ३ भैंरवलाई पूजा सामग्री चाहिने जति सबै पूर्ण पारी रांगो १, बोको १ बलि दिनुपर्छ । यात्रामा 'गोदार' बत्ती बाल्नुपर्छ; तेलको लागि ४ मूरी धान महादीप बाल्नुपर्छ; यसको लागि एक कुरुवा घिउ चाहिन्छ; दक्षिणा ४ दम्म देवतालाई चढाउनुपर्छ; सिन्दूरको लागि ६ पाथी धान ।

यसका गुठियार विश्वसिंह, रत्नेश्वर, शङ्कुरदेव, कृष्णदास, अभिराम हुन् । यी गुठियार-हरूले उपर्युक्त बेहोराअनुसार गुठी चलाउनुपर्छ । गुठी चलाएनन् भने गोहत्या आदि पञ्चमहापाप लागून् ।

ने. सं. ८२५ (वि. सं. १७६२) वैशाख शुक्ल तृतीया । शुभ

अर्को बेहोरा– जजमान र उनकी पत्नीको नाउँमा. . . .श्राद्ध गर्नुपर्छ ।

(१५)

महीन्द्रमल्लको अभिलेख

नुवाकोटका धामी श्रीहरिमान डंगोलको संग्रहमा केही ताम्रपत्रहरू छन्। तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यस ताम्रपत्रमा तात्कालिक ललितपुरका राजा र कान्तिपुरका राजाका मोहरछाप लगाइएका छन्। यहाँ ने. सं. ८३४ छ।

१. स्वस्ति श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयवीरमहीन्द्रमल्लदेव, तनहुस जात जुयाओ नेपाल बिज्याचका वेलस न–

२. वक्वाठ गणेदेवीस्थान थेङ वेलस श्रीश्रीराज्येश्वरी देवीसन फघाङ तया गुल ॥ सं ८३४ फाल्गुण शुक्ल पूर्णमाशि कुन्हु नव–

३. क्वाठ गणेभैलवस्थान बिज्याङाओ, फ्याङतको पुरावं याङा जुरो, थ्वनलि वर्षबंधन चैत्र शुक्ल पूर्ण्णमा नवक्वाठ गणेया जा–

४. त्रायात रो २० वलषुं वु वुन्ता, थ्वतेया वलसानन वर्ष प्रति पूह्नीशि ह्नथु कुन्हु मत प्वात २० चाक्रमत प्वात ५ घेर दिवा देवस्के

५. छोयके घेर दिवा प्वात १ गंदकिस छोयके सति कुन्हु मो टं १ शिषरिस तने, शुकि १ केतकि स्वानस तने शुकि १ व्यालपत्र–

६. स तङन ह्मं २ वुगु दयकं पंच उपचार पूजा यायमाल वं ३० धाले देव दक्षिणा वं १६ गुरुवाहार थ्वतेया चिन्ता याक गो–

७. ष्ठि भिछेवाहार वज्राचार्य्य श्रीराक्षस वदेजु श्रीसुकदेव वदेजु वुवाहारया श्रीदानज्योति वदेजु

८. थ्वतेसन, वर्ष प्रति अविछिन्न निस्त्रपेमाल थ्वते भाखा ञाया श्रीश्री जयभास्करमल्लदेव, चौतारा श्रीभ्रगल थकुलजु थ्वस्पो–

९. र नेह्मस्क आज्ञा कायाओ, लखा भिङसनों मभिङसनों थ्व गुथि भारो ह्मं ६ ग्व वेरसं वाधा मदयकाओ ताम्वापत्र चोस्यं ञाया

१०. छाप मोहोर तयकाओ तया जुरो, श्रीश्रीराजापनिस्यनं वु मकाय मदो, ग्वोह्मनं श्रीश्रीसके रायव याङाओ वाधा यातसा ओह्मया–

११. त श्री ३ नवक्वाठ भैरवया कुदृष्टि जुयु जुरो उपरान्त गुथि कतक लिहाव दोन ञाँया श्रीश्रीस्त चोरस फल १ दयकं स्वान तयमाल ॥

(बायाँपट्टि–) सं. ८३४ आषाढ वद्वि ८ ॥ शुभ ॥

अनुवाद

कल्याण होस्। श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयवीरमहीन्द्रमल्लदेव तनहूँमा जन्मनुभई नेपाल (उपत्यका) मा आउँदा नुवाकोट गण्डकीभैरवस्थानमा पुग्नु हुँदा श्रीश्रीराज्येश्वरीदेवीले भाकल गर्नुभएको थियो। ने. सं. ८३४ (वि. सं. १७७०) फाल्गुन शुक्ल पूर्णिमाका दिन नुवाकोट गण्डकीभैरवस्थानमा आउनुभई पहिलेको भाकल पूरा गर्नुभयो।

यसपछि वर्षवन्धन चैत्र शुक्ल पूर्णिमाको नुवाकोटको गण्डकीभैरवको जात्राको लागि बलखुको बीस रोपनी खेत गुठी चढाइए। यसको आयस्ताले प्रतिवर्ष पूर्णिमाको अघिल्लो दिन, साधारण बत्ती बीस, 'चाक्रमत' (बत्ती विशेष) पांच र घिउको बत्ती देवताकहाँ बाल्नू। घिउको बत्ती एक गण्डकीमा बाल्नू। भोलिपल्ट एक रूपियां मोहरमालामा थप्नू। सुकी १ केतकीफूलमा थप्नू। सुकी १ बेलपत्रमा थप्नू। दुइ वटा बोकासहित पञ्चोपचार पूजा गर्नू। देवतालाई दक्षिणा ३० दम्म चढाउनू। १६ दम्म गुभाजूलाई दक्षिणा दिनू।

यसको हेरविचार गर्ने गुठियार–भिछेबहालका वज्राचार्य श्रीराक्षस बांडा, श्रीशुकदेव बांडा, बुबहालका श्री दानज्योति बांडा। यिनीहरूले प्रतिवर्ष नटुट्ने गरी गुठी चलाउनुपर्छ।

यो बेहोरा कान्तिपुरका राजा श्रीश्रीजयभास्करमल्ल, चौतारा श्रीझगल ठाकुर, उहां दुवैजनाको आज्ञा लिई लेखिएको हो। पछि असल भए पनि खराब भए पनि यस गुठीका भारा बोक्ने ६ जनालाई कहिले पनि बाधा नपुग्ने गरी ताम्रपत्रमा लेखी कान्तिपुरका राजाको छाप मोहरसमेत लगाई राखिएको छ। श्रीश्रीराजाहरूले भित्र पस्न दिन्न भन्नु हुँदैन। कसैले श्रीश्री राजाकहाँ चुक्ली गरी बाधा पुऱ्याए भने त्यसलाई श्री ३ नुवाकोट भैरवको कुदृष्टि परोस्।

उप्रान्त गुठियारहरू (गुठी चलाई) फर्कंदा कान्तिपुरका राजाकहाँ फलसहितको फूल प्रसाद चढाउनुपर्छ।

ने. सं. ८३४ (वि. सं. १७७१) आषाढ कृष्ण अष्टमी। शुभ होस्।

(१६)

योगप्रकाशमल्लको अभिलेख

नुवाकोट जिलिङनिवासी श्रीपद्मबहादुर पुडासैनी र श्रीभीमबहादुर पुडासैनीको संग्रहमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ ने. सं. ८४४ छ।

१. स्वस्ति ॥ श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजययो–
२. गप्रकाशमल्लदेव प्रभु थाकुलसन, झिलिङ अवुवावालि
३. वाशित काशिगोरि गुसाई नाम्न प्रसादिकृतं ॥ अवुवा
४. वालि वातिका नाम प्रदेशे ॥ श्रीश्रीराजया भूमेन पच्छि–
५. म, श्रीवाच्चासम्नया उत्तरत, श्रीश्रीराजया भुमेन पूर्व्वत
६. दक्षिणतः एतत्मध्य तत्क्षेत्र अ चोइस कषाङ्क कर्ष नि–
७. पच्या २८ एतत्क्षेत्र यथानगरकालप्रवत्तमानेन सू–
८. वर्ण्ण पुष्पमालार्ध प्रढौकृत मोहो टंका शतछि पीय १४०
९. आदाय स्वाधिनावत्तकंन्यायण श्रीविक्रीण प्रसादरपा
१०. जुरो, अत्र पत्रार्थे दृष्टसाक्षि श्रीविष्णुमल्ल थाकुलस, सं

११. ८४४ चैत्र शुद्धि ३ लिखितं नकवाहार सिद्धिसिंह ॥ थ्व वु–
१२. या सर्व्व सोधन पाचुकं धुंगो जुरो ॥शुभ ॥०॥

अनुवाद

कल्याण होस् । श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजययोगप्रकाशमल्ल देव प्रभु ठाकुरले झिलिङ (झिल्टुङ) अदुवावारी बस्ने काशी गिरी गोसाईंलाई अदुवाबारी भन्ने ठाउँमा, श्रीश्रीराजाको भूमिदेखि पश्चिम श्रीवाच्चासम्नदेखि उत्तर, श्रीश्रीराजाको भूमिदेखि पूर्व र दक्षिणतिर, यी चार किल्लाभित्र रहेको २८ खेत (कर्षाङ्क कर्ष २८ खेत) देश कालअनुसार चलेको सुन, फूलमालाको रूपमा चढाइएको १४० रुपियां लिएर सुक्री बिक्री गर्न पाउने गरी निगाह गरियो ।

यस पत्रका दृष्टसाक्षी विष्णुमल्ल ठाकुर । ने. सं. ८४४ (वि. सं. १७८१) चैत्र शुक्ल तृतीया । यो ताम्रपत्र नकवहालका सिद्धिसिंहले कुँदेका हुन् । यस खेतको सबै शोधन (जग्गा ठीक छ छैन आदि जांच्ने काम) भइसकेको छ ।

(१७)

भैरवमन्दिरको इंटको अभिलेख

नुवाकोट भैरवमन्दिरको भित्ताको एक इंटमा यो अभिलेख कुँदिएको छ । यहाँ ने. सं. ८४६ छ ।

१. शुभ संवत् ८४६ पौष कृष्ण चतुर्दशि कुन्हु श्री–
२. गंधकिया भत छिङा दिन जुलो

अनुवाद

शुभ होस् । ने. सं. ८४६ (वि. सं. १७८२) पौष कृष्ण चतुर्दशीको दिन श्रीगण्डकी भैरवको देवल बनाउनाको निम्ति अवाल बनाउने काम गरियो ।

(१८)

भैरवमन्दिरको काष्ठपत्राभिलेख

नुवाकोट भैरवमन्दिरको काठको टुनालमा यो अभिलेख कुँदिएको छ । यहाँ ने. सं. ८४८ छ ।

'पुरातत्त्व पत्रसंग्रह' तेस्रो भागको ९ पृष्ठमा यो छापिएको छ ।

१. स्वस्ति श्रीनेपाल सवत् ८४८ फाल्गुण कृष्ण तृतीया थो कुन्हु
२. श्री ३ भैरवि प्रीतिन श्री २ जगज्जयमल्लदेवस विजयराज्यस प्र–
३. मान जयमर्लसिंह भालो काजी वीरसिंह भालो प्रमुखन ओता
४. (छें)या चामु भालो वसुराम भालोन दे(व)लपति वुन्ता जुलो ।।शुभ

अनुवाद

कल्याण होस्। ने. सं. ८४८ (वि. सं. १७८४) फाल्गुन कृष्ण तृतीयाको दिन श्री ३ भैरवी प्रीति गरी श्री ३ जगज्जयमल्लदेवको विजयराज्यमा प्रमान (बडाहाकिम) जयमर्लसिंह भारो, काजी (मन्त्री) वीरसिंह भारोसहित भई ओताछेंका चामु भारो वसुराम भारोले देवलका तोरण-हरू बनाउन लगाएका हुन् ।

(१६)
भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरमा धेरै ताम्रपत्रहरू टांसिएका छन्। तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहां ने. सं. ८६१ छ।

'मेडिइभल नेपाल' को २२२ पृष्ठमा हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा यो अभिलेखको नेवारी भागचांहि छापिएको छ।

१. ओं ब्रह्मणो द्वितीयप्रहरार्द्धे स्वयतवराहकल्पे वैवस्वतमन्वंतर अष्टाविंशतितम चतु–
२. र्युगस्य करे प्रथमपादे जम्बूद्वीपे भरतखण्डे भारतवर्षे हिमवद्दक्षिणपादे नेपालम–
३. ण्डले श्रीश्रीश्रीपशुपतिसन्निधाने वासुकिक्षेत्रे वाग्मत्याः पश्चिमकुले विष्णुमत्याः पूर्व्व–
४. कुले श्रीगाङ्गुलपट्टने आर्य्यावर्तदेशे, श्रीमत्कान्तिपुरमहानगरे काष्ठमण्डपस्था–
५. ने इहैव पुण्यभूमौ ।। कार्तिकमासे शुक्लपक्षे पूर्ण्णमास्यान्तिथौ अश्विनीक्षत्रे शुद्धि–
६. योगे यथाकर्ण्णमुहूर्त्ते वृहस्पतिवासरे तुलराशिगते सवितरि मेखराशिगते चंद्रमसि।। एतस्मि–
७. न् महापर्व्वदिने श्रीश्रीश्रीगण्डकीभैरवप्रीत्यर्थं श्रीश्रीजयप्रकाशमल्लदेवेन प्रतिदिनं पूजनार्थं
८. प्रत्यहं स्थाल्यां स्थाप्य भक्तनिवेदनार्थं दुखंतार चंपावोत्याक्षेत्र पंचविंशतिरोपनिकं गोष्ठि
९. त्वयने संप्रवत्तमेतदन्यथा कर्त्ता पंचमहापातकी भविष्यतित्यस्मिन्नर्थे साक्षिणः आदित्यादयो
१०. देवेति।। अतप्परं देशभाषा,दुखंतार चंपावोत्या वु रो २५ थ्वतेया ओलसानन नित्यं पंचोपचाल दय–
११. कं पूजा यास्यं नित्यं राजलुंडा जुलं दयकं के कुल १ या भुजा छायमाल जुरो नित्यं रात्रीश चेकन
१२. प्र १ या मत बियमाल ।। थ्वतेया गुथिजन गण्डकीभैलव जुम्रोह्म थ्व गुथिलोप यास्यं सनसा पत्र–

१३. स थोनथे मनिस्त्रपं सनसा पंचमहापातक लाक जुरो, स्वदत्तां परदत्तां वा यो हरेत वसुंधरां
१४. षष्ठीवर्षसहस्त्राणि विष्टायां जायते किमी । थ्वते भाखाया दृष्टसाक्षि जावत्त चन्द्रार्क्क मेदिनी । सं–
१५. वत् ८६१ कार्त्तिक शुदि १५ शुभं । थ्व गुथि लोप यास्यं सनसा श्रीश्रीमहाराजाया खुसी जुयाथे या–
१६. य ह्ु जुरो शुभ ॥

अनुवाद

आज ब्रह्माको दोस्रो प्रहरार्ध, श्वेतवराहकल्प, अठाइसौं वैवस्वतमन्वन्तर, चतुर्युगमध्ये कलिको प्रथम पाउमा, जम्बूद्वीप भरतखण्ड भारतवर्षमा, हिमालयको दक्षिण फेद, नेपालमण्डलमा, श्री ३ पशुपतिको नजीकै वासुकिक्षेत्रमा, वाग्वतीको पश्चिम किनारमा, विष्णुमतीको पूर्व किनारमा, गाङ्गुलपत्तन आर्यावर्त्तदेश, श्रीकान्तिपुर महानगर काष्ठमण्डपस्थानमा, यही पुण्यभूमिमा

कार्त्तिक शुक्ल पूर्णिमा वृहस्पतिवार अश्विनीनक्षत्र, शुद्धियोग, पर्नुपर्ने करण मुहूर्त परेको वेलामा, तुलाराशिमा सूर्य मेषराशिमा चन्द्रमा रहेमा यस महापर्वको दिनमा

श्री ३ गण्डकी भैरवलाई प्रसन्न पार्न श्री २ जयप्रकाशमल्लदेवले नित्य पूजामा सधैं थालमा राखी भुजा चढाउनाको लागि दुखंटार, चम्वाबोटे भन्ने पचीस रोपनी खेत गुठी बनाई चढाइयो । यसमा तलमाथि गर्ने मानिसलाई पञ्चमहापाप लागोस् । यसका साक्षी सूर्य आदि देवताहरू ।

अब देशभाषाको अनुवाद– दुखंटार चम्पाबोटे भन्ने पचीस रोपनी खेतको आयस्ताले नित्य पञ्चोपचारसहित पूजा गरी, नित्य आवश्यक सामग्रीसहित एक कुरुवाको भुजा चढाउनुपर्छ । नित्य राति एक प्र. तेलको बत्ती बाल्नू ।

यसका गुठियार गण्डकी भैरव हुने व्यक्ति (धामी) छन् । यो गुठी लोप गर्न खोजे भने, माथि बताएअनुसार गरेनन् भने पञ्चमहापाप लागोस् । आफूले दान दिएको अथवा अरूले दान दिएको खेत हरे भने साठी हजार वर्षसम्म नरकमा कीरा भएर जन्मनेछ ।

यस कुराका दृष्टसाक्षी चन्द्र सूर्य पृथ्वी । ने. सं. ८६१ (वि. सं. १७९७) कार्तिक शुक्ल पूर्णिमा । शुभ होस् ।

यो गुठी लोप गर्न खोज्यो भने त्यसलाई श्री २ महाराजालाई इच्छा लागेअनुसार सजाय गर्न सकिनेछ । शुभ ।

(२०)
भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवस्थानमा धेरै घण्टाहरू रहेका छन् । तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहाँ ने. सं. ८७१ छ ।

१. स्वस्ति श्री गिरीराजचक्रचुडामणि णरणारायणेत्यावि विविधवीरूदावलिवीराजमान मानोन्नत श्रीमाहाराजाधीराजा श्रीश्रीश्रीसाहेवमल्ल देवानाम् सादर समरविजयिनाम् ।। नेपाल भट पत्नस्य प्रधानलक्ष्मीवत्तेन। चधाइ पथाया ।। १६७ नेपालसंम्वत् ८७१ वैसाष शुदी १५ शुभम्

(२१)

सालिकको अभिलेख

नुवाकोट भैरवमन्दिरमा ढोकाको बांयांपट्टि रहेको ढुङ्गे मूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। खिइसकेकोले केही भाग अस्पष्ट छ।

१. शुभ ।। सम्वत् ८....ति शुक्र यकादसि ।।
२. वृहस्पतिवार कुन्हु श्री र....ह्लय–
३. या भूच....शिवरात्रि कुन्हु मत दिव
४. पूह्लि....सन्हु २७ जुरण
५. केह्ल....

अनुवाद

शुभ होस् । ने. सं. ८....शुक्ल एकादशी वृहस्पतिबारको दिन....शिवरात्रिको दिन बत्ती बाल्नू।....

(२२)

देवीघाटको अभिलेख

देवीघाटको मूलपीठनिर एउटा पिपलको बोट रहेको छ। सो पिपलको फेदमा रहेको खण्डित शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यसमा संवत् देखिंदैन। लिपि मल्लकालको छ।

१. ......नमस्तु....अद्य....
२. ......जवुद्वीपे भरतखण्डे....
३. ......दक्षिणतले....
४. ......क्षेत्र उत्रभागे इहैव....
५. ......श्रीपारनगरे श्री ३ भैर....
६. ......शुक्ल दसमि प्र. एकादश्या ति....
७. ......रासि गत्ये....
८. ......४ वीस रो....

अनुवाद

(भैरवी)लाई नमस्कार। आज....जम्बूद्वीपमा, भरतखण्डमा....(हिमालयको) दक्षिण फेदीमा.... क्षेत्रदेखि उत्तर भागमा, यहीं....श्रीपारनगरमा, श्री ३ भैरवी.... शुक्ल दशमी उप्रान्त एकादशी....राशिमा गएमा....बीस रोपनी खेत (गुठी राखियो)।

(२३)

मुकुटको अभिलेख

नवाकोट भैरवमन्दिरभित्र रहेको भीमसेनको मुकुटमा यो अभिलेख कुँदिएको छ। यस अभिलेखको केही भाग खण्डित छ।

१.....वराया श्री ३ भिमस्यनस्के मतुक दोहोरपा जुरो परीआर सकरे समुचयन बुंटा, थाकुजु, द्वुवा कासिराम, हरीराम, वजाचार्जे जुगीदेव, रूपदेव, मजुराम, रामकृष्ण, सहमि ....रामकृष्ण भाइरत्न....

अनुवाद

श्री ३ भीमसेनलाई मुकुट चढाइयो; सबै परिवार मिली चढाइएको हो। ठकुजु, द्वारे काशिराम, हरिराम, जुगिदेव वज्राचार्य, रूपदेव. मजुराम, रामकृष्ण सहमि....रामकृष्ण भाइरत्न....

(२४)

सालिकको अभिलेख

नुवाकोट भैरवमन्दिरभित्र केही ढुङ्गे सालिकहरू छन्। तीमध्ये एउटा सालिकको पाद-पीठमा यो अभिलेख कुँदिएको छ।

हरसिव॥ सिवनरसिंह सिधुरक्ष्मि भिम्नरसिंह सिद्धिर्नसिं लक्ष्मिवलि। भवानिक्ष्मि किसरक्ष्मि जसमांसि वुधिमांसि

(२५)

देवीघाटको अभिलेख

देवीघाट त्रिशूलीको पूर्वपट्टि किनारमा एउटा ठूलो ढुङ्गा रहेको छ। सो ढुङ्गाको तल्लो भागमा यो अभिलेख कुँदिएको छ। संवत् यहां छैन।

'पुरातत्त्व पत्रसंग्रह', तेस्रो भागको ६ पृष्ठमा यो छापिएको छ।

१. ओं नमः श्रीमानंजुया क्रिति
२. किनं थवं
३. कम्मराजया काय

अनुवाद

ओं नमः । श्रीमानंजुको यो कृति हो । कर्मराजका छोरा आफैंले यो कुँदेका हुन् ।

(२६)

छिनाशिमका वीरभद्र शाहको धर्मपत्र

ॐ अभिलेख कुँदिएको ताम्रपत्र हाल नुवाकोट अदालतमा रहेको छ । यहां शकसंवत् १५८८ छ ।

१. ॐ स्वस्ति; श्रीशाके १५८८ जेष्टमासे दिनगता २६ शुक्लादशम्यां तिथौ; हस्तनक्षत्रे शुक्र–
२. वासरे; छिनाशिमरजस्थाने; विरभद्र शाइ मया देवा शडुल् पावार दुइ भाइ; . . . .
३. मया येशि भैछ; ठाकुरका हाला जानु; बैठघा आउनु, गरायो गर्नु; भलो शुंनु; हुकं
४. भलो गरिदिनु; ठाकुरले देवा करौ काडिविनु आशिन; वस्तागि कितोमूति शुनि देवा कुत पठाउदा
५. देवाका शिमामाथि कटक गर्नु नाइ, सोल्हात् तिग्गे; कोट चिनि दिनु, देवाका रैति लाले शत्ता रहनु, देवा
६. लङक अल्मल् र्गनिन; ह्लागु पाङ्गा; तरा देवाकि शिर्ति आल्तल् गर्नु नाइ, हाता राजा . . . .तावा भैछ
७. कट्क धाइ दो मया, पहरो गर्नु, भला भला गर्नु; तातो पनि कशिकि शुंनिन; कुभला र्गतिन; वेरागि
८. देवां; त आपुतालि षानु; त अर्का हाल् नदिनु; छिनाशिम्; तिपुरिकोट मिशि भला भैछ; तोरे
९. एतात शाइ भानु माताज्यु पालज्युले; मया गऱ्यो थियो; इउरे वु उजानि पुरा विकय. . तचा
१०. ताला गरि मया भैछ; त्यडि गुनि हालि मया भैछ, पुतवा रचा गरि मया भैछ; वेष्रेषका
११. नारं जोइशि परिवार; रामुपाध्याका परिवार; वुजाहां गरि मया भैछ; पत्रशाछि
१२. जक्षिराजा; तित पुर्निमल राना; विष्ट जयु महत्र; मयश भट; माधु जोइशि कट्गुआ अ–
१३. चार्ज; भडारि राम भट; भोटात्मा विष्ट; जैमल भडारि; रगु जोइशि; हाशु पाध्या वु–
१४. लव् पाध्या वितोवुप. . . .जोगुवुहा थापा; जितु भरि शुजान वडा शरा
१५. ध्–गइ–; लिषित शाछि जैराम जोइशि; ।।शुभं।।
(छेउमा थपेको)– उतिम महत्र; विशंदाश् महंत्र;

(२७)

नरभूपाल शाहको अभिलेख

नुवाकोट, तुप्चे गाउँ पञ्चायतका उपप्रधानपञ्च श्रीसीतारामज्यूसंग रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहां वि. सं. १७९६ छ।

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधवि–
२. रुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्री–
३. श्रीश्रीमन्नरभूपालसाहदेवानां सदा समरविजयिनाम्–
४. आगे भगीरथ पाध्याके धार्धिग आफनु थायलक बदला सा–
५. हु गाव दिहल संगी सात भाइ भतिजाक षतपत आपना अंवल
६. भीत्र वितलप वकस भैल आफना जीयक सर्कार एस वातका सा–
७. छी श्रीविष्णुकुमार साह श्रीकोडंडमल्ल श्री चंद्रप्रकास साह
८. अनिरुद्र थापा जैसिंह राना रत्नमनि राना कालु पांडे लिखक साछी
९. मोक्षेश्वर जैसि इति संवत् १७९६ मार्गसिर वदि २ रोज ३ शुभम्

(२८)

नरभूपाल शाहको अभिलेख

यो ताम्रपत्राभिलेख 'कैलाश' वर्ष १ अंक १ को ६ पृष्ठमा प्रो. म्याकडोनाल्डद्वारा प्रकाशित भएको छ।

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदावलि–
२. विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नरभूपाल–
३. साहदेवानां सदा समरविजयीनाम्–
४. आगे ल्होपा लामाकन, नकथलिको घुम्वा कुशवृत्ति वकस भयो, धनजि–
५. यले सेवा गर्नु, क्षोड, लामाकन वकस्याको जजमान सभै वकस भयो, थूंवन्
६. गोलजुङ, चिर्लातमा, पाजुङका षेत २ घुंवा गाउँ, गदलां एति गाउँले या ला–
७. माले अह्रायाको सो काम गर्नु; मिति शंवत् १७९८ फाल्गुण वदि ५ रोज ७ शुभं ॥

(२९)

पृथ्वीनारायण शाहको अभिलेख

नुवाकोट माझिटारनिवासी श्रीरामबहादुर माझीसंग रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहां वि. सं. १८०२ छ।

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनिरनारायनेत्यादि विविधविरुदावलिविराजमानमानोन्नत–
२. श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नृपपृथ्वीनारायनसाहदेवानां सदा समरविजयीनां
३. आगे जलुवा माझिकन षिच्याताघाटका माझिको षानुमाहा विर्त्ति गरि बकस भयो, पश्चीम–
४. को सांध थलादेषि उभो पाषो सिसन्यारि षोलावोटो दक्षिन दिसा थला डांडाको पानि–
५. ढलो अकन्यासंम पूर्व गंडकि उत्तर हातिगौडाबोटो वड धंयाराको बोट अवलाको
६. बोट पिपलको बोट दवदव्याको बोट अवलाको बोट पिपलको बोट वाभनका साँध
७. माटाको ढिकुरो वार सिउंडधारि इसानतिर पानिढलो धोविषोलो गंडकसंम पा–
८. रि सिवुन्याघाटपरि विर्त्ति भयो, पश्चिम दिसा सिवालिधारि उत्तर साजको बोट दे–
९. विथान जान्या बाटो उधो पूर्वतिर तादिको ढिकरूमटासमेत तादिको सांध हकुवा–
१०. टार छोडि डिलको सांध तेह्लौत्याका डिहिको सांध डिहिसुद्धा माझिका षायाका
११. षेतसमेत पुंडोलको साध दक्षिन माझिको अंबल तावापत्र गरि विर्त्ति भयो भाका
१२. माझिको गर्नु सेवा वारिपारि गर्नु सेवा छाडया तावापत्र काँचो सेवा गर्दै रह्या पाको
१३. इस वातक साछि विष्णु साहि कालु पाँडे चंद्रप्रकास साह लक्ष्मिनारायन पांडे भा–
१४. नु जैसि तुलाराम पाँडे वंसु राना शिउराम वसन्यात सिंह वानिञ्या लिषक साछि वि–
१५. श्वामित्र जैसि इति संवत् १८०२ वैशाख वदि १२ शुभं–

(३०)

भानु अर्ज्यालको अभिलेख

देवीघाट त्रिशूलीपारि भैरवेश महादेवस्थान रहेको छ । त्यहां रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ शकसंवत् १६७४ दिइएको छ।

१. श्रीशिवो विजयते ।। ।। शाके वेदागतर्काम्रृतकिरणमिते
२. १६७४ ज्येष्ठमासेऽब्जवारे नक्षत्रे सोमदैवे कमलजनिपतौ सत्ति–
३. थौ शुक्लपक्षे ।। विख्याते भूमिलोके निजभुजविभवोद्धूतभूतारिव–
४. र्गे पृथ्वीनारायणाख्यक्षितिपकुलमणौ शासति क्षोणिपालान् ।१।।
५. आत्रेयान्वयसारसव्रजरविर्नक्षत्रविद्यान्तगो विप्रः श्रीजमदग्निर–
६. ग्निसदृशो गोर्षानिवासी कृती ।। तत्पुत्रो गणकाग्रणीर्नृपकुलैः सम्मा–
७. नितोऽतिष्ठिपद् भानुर्विप्रवरस्त्रिशूलसरितः श्रीभैरवेशं तटे ।।२।। क्षे–
८. त्रं विंशतिमुरिकं निहितं देवालयस्य रक्षार्थं ।। धर्मद्रवातट–
९. स्थं शिवस्वमेतन्न कस्यापि ।।३।। यो नित्यमस्य परिलेपनमा–
१०. र्जनादि देवालयस्य कुरुतेऽनिशमत्र विप्रः ।। लिंगाभिषेच–
११. (न)मपीह षडंगमंत्रैः क्षेत्रं प्रदेयमवनीपतिनापि तस्मै

१२. ॥ ॥ क्षेत्रं सागरिकं नाम पंचाशन्मुरिसम्मितम् । तद्देव–
१३. . . कविप्रस्य रक्षणीयं तु भूभुजा ॥५॥ देवालयचतुर्दिक्षु पं–
१४. (चा)शद्धस्तसम्मिता ॥ न कर्षणीया सा भूमिरंगणं भैरवेशितु :
१५. ॥६॥ न करोति पूर्वमुक्तं स महापापी शिवस्वचौरोपि ॥ परि–
१६. . . नंतु सर्वं कुर्यादेतन्महीपाल : ॥७॥ गंगायै नमः ॥

अनुवाद

श्रीमहादेव विजयी भई रहनुभएको छ । शकसंवत् १६७४ (वि. सं. १८०९) ज्येष्ठ शुक्ल द्वितीया सोमवार मृगशिरा नक्षत्रमा, पृथ्वीमा प्रख्यात भएका, आफ्नो बाहुबलले शत्रुहरूलाई सखाप पारेका, राजाहरूमा शिरोमणि भएका पृथ्वीनारायण शाहले अरू राजालाई काबूमा ल्याई शासन गरिरहनुभएको वेलामा ॥१॥

आत्रेय कुलमा जन्मेका ज्योतिष विद्यामा पारङ्गत भएका आगो जस्तो तेजिला विद्वान् ब्राह्मण श्रीजमदग्नि गोरखामा हुनुहुन्थ्यो । उहाँका छोरा ज्योतिषीहरूमा श्रेष्ठ भएका, राजपरिवारले सन्मान गरिएका, असल ब्राह्मण भानु (अर्ज्याल) ले त्रिशूली नदीको किनारामा 'श्रीभैरवेश' महादेवलाई स्थापना गरे ॥२॥

यस शिवालयको हेरचाहको लागि धर्मद्रवा (दरौंदी) को किनारमा रहेको बीस मुरी खेत गुठी राखियो । महादेवलाई चढाइएको यस जग्गामा कसैको हक लाग्दैन ॥३॥

जुन ब्राह्मणले यहाँ शिवालयमा नित्य सफा सुग्घर गर्नु, शिवलिङ्गमा चन्दन लिप्नु, षडङ्ग मन्त्रद्वारा अभिषेक गर्नु आदि गर्छन्; तिनलाई राजाद्वारा यो खेत दिलाइदिनू ॥४॥

सागरिक भन्ने पचास मुरी खेत यी देवताका पुजारी ब्राह्मणलाई राजाद्वारा सुरक्षित रूपमा दिलाइदिनू ॥५॥

शिवालयको चारैतिर पचास हातसम्मका जमीनमा खनजोत नगर्नू; त्यस इलाकालाई 'भैरवेश' महादेवको आंगनको रूपमा राख्नू ॥

जसले माथि बताएअनुसार गर्दैन; त्यसलाई महापाप लाग्छ; त्यो महादेवको सम्पत्ति चोर्ने पनि ठहर्छ । . . . . राजाबाट पनि यस सब कुरामा देखरेख होस् ।

(३१)
पृथ्वीनारायण शाहको अभिलेख

नुवाकोट भैरवमन्दिरभित्र निकै घण्टाहरू झुण्ड्याइएका छन् । तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहां विक्रमसंवत् १८१६ दिइएको छ ।

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणीनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराज–

२. श्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहसर्मापितेयं घंटा संवत् १८१६ वैशाष वदि ६ रोज ४ शुभम्

अनुवाद

स्वस्ति, पहाडी राजाहरूमा शिरोमणि, नरनारायण इत्यादि अनेक प्रशस्तिले सुहाएका, ठूलो इज्जत भएका श्रीमहाराज श्रीश्रीश्रीपृथ्वीनारायण शाहद्वारा यो घण्टा चढाइएको हो।

वि. सं. १८१६ वैशाख कृष्ण षष्ठी, बुधवार। शुभ होस्।

(३२)

भैरवमन्दिरको अभिलेख

नुवाकोटको भैरवमन्दिरमा धेरै ताम्रपत्रहरू टांसिएका छन्। तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ शकसंवत् १६८१ दिइएको छ।

१. श्रीभैरव्यै नमः ॥ ॥ श्रीशाके भूगजनृपमिते गां गतेर्के नवम्यां पृथ्वीनारायण इति महीमण्डले ख्या–

२. तनाम्नि ॥ राजन्यस्यां पुरि सति पुरः पादमूले स्तवं ते कृत्वा भक्त्यार्पितवति मयि त्वं प्रसीदाशु मा–

३. तः ॥१॥ वंद्या वृन्दैर्देवतानां मुनीनां योगीन्द्राणां वा नृणां वासुराणां ॥ हृद्यैः पद्यैः किन्नरैः संस्तु–

४. ता वा मामीशाना भैरवी पातु नित्यं ॥१॥ हृत्पद्मस्था भक्तिपूतात्मनां वा ध्याता लोकैरीप्सितप्रेप्सुभि–

५. र्वा ॥ संतुष्टा वा भक्तिनीतोपहारैर्मा. ॥२॥ माता स्माता सज्जनानां नितांतं घोरा व्याघ्री सैव दौरात्म्यभा–

६. जां ॥ आशूद्वर्त्री ध्यायतां पादपद्मं मा. ॥३॥ भक्त्या भक्ताभीष्टदा सुप्रसन्ना घ्नंती मूलं वीक्ष्य दुष्टात्मनां वा ॥

७. सालंङ्कारा सायुधा सानुकंपा मा. ॥४॥ काले काले भूतये सज्जनानामन्यान्हंतुं लीलयाविभ्रंवंती ॥

८. ज्ञाताज्ञातात्पश्यतोघात्पुनाना मा. ॥५॥ आदौ विश्वं लीलया वा सृजंती पांती मध्ये संहरंती तथांत्ये ॥ ना–

९. नाशक्तिर्भक्तिगम्यांघ्रिपद्मा मा. ॥६॥ भुंजानं वा स्वादु तल्पे शयानं गच्छंतं वैकाकिनं पथ्यरण्ये ॥ यु–

१०. ध्यंतं वा संगरे विद्विषद्भिर्मा. ॥७॥ दारिद्र्याद्वा कष्टतो व्याधितो वा शोकान्मोहाद्वापदो वाहिताद् वा ॥

११. आरण्याद् वा ग्राम्यतो नाशतो वा मा. ॥८॥ भैरवीपादमूलस्थो यः पठेत्प्रयतः स्तवं ॥ लभेत स पुमा–

१२. नाशु मनसाभीप्सितं फलं ॥९॥ इति कृत्वा स्तवं दिव्यं लक्ष्मणः कश्चन द्विजः ॥ पादमूले स भैरव्या

१३. भक्तितोर्पितवानिमं ॥१०॥ इति श्रीलक्ष्मणोपाध्यायकृतं भैरवीस्तोत्रं शुभं ॥ ॥

अनुवाद

श्रीभैरवीलाई नमस्कार। शकसंवत् १६८१ (वि. सं. १८१६) . . . . नवमीमा, पृथ्वीमा नाउँ चलेका राजा पृथ्वीनारायण शाहले यस शहर (नुवाकोट शहर) मा शासन चलाइरहनुभएको वेलामा, हजूरको पाउ सामुन्ने आई बनाइएको हजूरको स्तोत्र चढाउने ममा हे माई, हजूर प्रसन्न हुनुहोस् ।

देवता मुनि ठूला योगी मानिस वा दानवहरूले पनि ढोगिएकी, किन्नरहरूले सुन्दर पद्यहरूद्वारा स्तुति गरिएकी देवी भैरबीले मलाई सधैं रक्षा गरून् ॥१॥

भक्तिले पवित्र आत्मा भएकाहरूको हृदयकमलमैं रहने, मनोकामना पूर्ण गर्न चाहनेहरूले ध्यान गरिने, भक्तिपूर्वक लगिएको उपहारले सन्तुष्ट हुने देवी भैरवीले मलाई सधैं रक्षा गरून् ॥२॥

सज्जनहरूको लागि दयालु आमा जस्तै हुने, दुष्टहरूको लागि भयङ्कर बघिनी जस्तै हुने, पाउरूपी कमलको ध्यान गर्नेहरूलाई छिटो उद्धार गर्ने देवी भैरवीले मलाई सधैं रक्षा गरून् ॥३॥

मन लाएर भक्ति गर्नेहरूलाई खुशीसाथ इच्छा पूरा गरिदिने, दुष्ट मन भएकाहरूको जरो उखेल्ने, अलङ्कार र आयुधसहितकी दयालु देवी भैरवीले मलाई सधैं रक्षा गरून् ॥४॥

बखत बखतमा सज्जनहरूको कल्याण गर्न र दुष्टहरूको दमन गर्न स्वेच्छाले प्रकट हुने भएकी, जानीनजानी गरिएको पापबाट मुक्त पार्ने भएकी देवी भैरवीले मलाई सधैं रक्षा गरून् ॥५॥

शुरूमा विश्वको सृष्टि गर्ने भएकी, बीचमा विश्वको स्थिति गर्ने भएकी तथा अन्त्यमा विश्वको संहार गर्ने भएकी, अनेक थरी शक्ति भएकी, भक्तिले पाउरूपी कमलको सेवा गर्न पाइने देवी भैरवीले मलाई सधैं रक्षा गरून् ॥६॥

मीठो खान लागेको वा ओछ्यानमा सुत्न लागेको वा एक्लै बाटोमा जङ्गलमा गइरहेको वा लडाइंको मैदानमा शत्रुसंग लड्न लागेको मलाई देवी भैरवीले सधैं रक्षा गरून् ॥७॥

गरीबी, कष्ट, रोगव्याधि, शोक, मोह, आपत्ति, अहित कुरा, जङ्गली गाउँले पशु वा अरू नाश हुने कुराबाट मलाई देवी भैरवीले सधैं रक्षा गरून् ॥८॥

जसले हजूरको पाउनिर रही हजूरको यो स्तोत्र पाठ गर्ला; त्यो मानिसले मनले चिताएको कुरा छिटो पाउला ॥९॥

यसरी ब्राह्मण लक्ष्मणले दिव्य स्तोत्र बनाई यसलाई भैरवीकै पाउमा चढाए ।।१०।।

श्री लक्ष्मण उपाध्यायले बनाएको भैरवीस्तोत्र सिद्धियो । शुभ होस् ।

(३३)

पृथ्वीनारायण शाहको अभिलेख

नुवाकोट सातलले दरबारको मूल ढोकाको शिरानमा एउटा शिलापत्र टांसिएको छ । त्यसमा यो अभिलेख कुँदिएको छ । यहाँ शकसंवत् १६८४ दिइएको छ ।

यो अभिलेख सर्वप्रथम श्रीसूर्यविक्रम ज्ञवालीद्वारा 'पृथ्वीनारायण शाह' को परिशिष्टमा छापिएको हो । यसपछि अरूद्वारा पनि यो फेरि प्रकाशित भएको छ ।

१. ।। स्वस्ति श्रीगणेशाय नमः ।। ।। पारावारद्विरदधरणीनायकैः १६८४
२. सम्मितेब्दे राधे मासि त्रिदशगुरुणाऽधिष्ठिते मेषराशौ । नेपालेशान्स–
३. पदि विगताहङ्कृतींस्तान् विरच्य पृथ्वीनारायणनृपतिना निर्म्मितन्दुर्ग–
४. रत्नम् ।।१।। त्रिविक्रमो नाम नरेन्द्रकेसरी त्रितुङ्गभूमीधरभूमिभूषणः ।।
५. निबध्य येनायसपिञ्जरे हठान्निवेशितोऽनुग्रहतो विसर्ज्जितः ।।२।। शङ्क–
६. रीयनगरीम्प्रतियाता शुल्कहारिषु विधित्सुरनिष्टम् ।। योवधीत्पथि तुरु–
७. ष्कनरेशान् तस्य को नु कथयेद् गुणचर्च्चाम् ।।३।। शुभम्भूयात् ।। ।।

अनुवाद

कल्याण होस् । श्रीगणेशलाई नमस्कार । शकसंवत् १६८४ (वि. सं. १८१९) वैशाख महीनामा वृहस्पति मेशराशिमा बसेका वेलाका, पृथ्वीनारायण शाहले नेपाल (उपत्यका) का राजाहरूको घमण्ड तोडी (यो) असल किल्ला (किल्लारूपको दरबार) बनाउनुभयो ।।१।।

जसले राजाहरूमा सिंह जस्ता तनहुँका राजा त्रिविक्रम (सेन) लाई कैद गरी फलामको पिंजरामा हाल्नुभयो तथा पछि दया गरी छोडिदिनुभयो ।।२।।

जसले काशी जाँदा (काशी गएर फर्केर आउँदा) बाटोमा भन्सारचौकीमा अधिकारीहरू-को मेख मार्ने इच्छाले मुसलमानी अधिकारीहरूलाई सिद्ध्याउनुभयो; त्यस्ता पृथ्वीनारायण शाहका गुणको वर्णन कसले गर्न सक्ला ।।३।। शुभ होस् ।

(३४)

पृथ्वीनारायण शाहको अभिलेख

नुवाकोट सातलले दरबारअगाडि डबली जस्तोको भित्तामा एउटा शिलापत्र टांसेर राखेको छ । त्यसमा यो अभिलेख कुँदिएको छ । अभिलेखको केही भाग फुटेकोले अस्पष्ट छ । यहाँ शकसंवत् १६८५ दिइएको छ ।

१. श्रीगणेशाय नमः ॥ ॥ शाके सायकनागभूप १६८५ तुलिते मासे नभस्ये सि–
२. ते पक्षे वैष्णव ऋक्षयुग्घरितिथौ सिंहाधिरूढे रवौ ॥ श्रीशक्रध्वजसम्यगु–
३. (च्छ्र)यमहप्रत्यब्दसंसिद्धये शालेयं सनयं प्रतापनृपतिः क्षेत्रं समुत्सृष्ट–
४. वान् ॥१॥ पृथ्वीनारायणस्य क्षितिपतिमुकुटप्रोतमाणिक्यमालासं–
५. स्पर्शाराधिताङ्घ्रे रिपुकुलगह(नो)द्दीप्तदावानलस्य ॥ सूनुर्विख्या–
६. (तकी)र्त्तिर्दिशि दिशि महसा भास्करो याचकानां कल्पद्रुः कामिनीनां म–
७. दन. . . . सिंहप्रतापः ॥२॥ क्षेत्रं भूपालपुत्रस्तु. . . .
८. . . . . ॥ खवाह्. . . . . ॥३॥ प्रतापसिंह. . . . . . .
९. व. . . . मया न. . . . र्पितम् । यो हरे. . . . महापातकपंच–
१०. कम् ॥४॥ (स्वदत्तां) परदत्तां वा यो हरेत वसुन्धरां । (। षष्टि) वर्षसहस्राणि
११. विष्टायां जायते कृमिः ॥५॥ षिच्यातको ग्रायस्ता मुरि एक सय
१२. चालिस श्रीइन्द्रदेवताकन जात्रानिमित्त गुठ चह्लाञौ ॥ शुभम् ॥

अनुवाद

श्रीगणेशलाई नमस्कार। शकसंवत् १६८५ (वि. सं. १८२०) भाद्र शुक्ल चतुर्दशी श्रवण नक्षत्रमा, सिंहराशिमा सूर्य भएमा प्रतिवर्ष इन्द्रध्वज उठाउने (लिङ्गो गाड्ने) उत्सव चलाउनाको लागि प्रतापसिंह शाह युवराजले मार्सी धान आउने खेत गुठी राख्नुभयो ॥१॥

राजाहरूको श्रीपेचमा जडेको रत्नहरूको स्पर्शले चरण झलमल्ल भएका (अर्थात् राजा-हरूले ढोगिएका) शत्रुहरूलाई सखाप पार्ने पृथ्वीनारायण शाहका छोरा, टाढा टाढासम्म नाउँ चलेका, तेजिला, माग्नेहरूलाई खूप दान दिने, राम्रा सिंहप्रताप (प्रतापसिंह) शाह हुनुहुन्छ ॥२॥

युवराज प्रतापसिंह शाहले . . . . खेत चढाउनुभयो। जसले यो हर्ला, त्यसलाई पञ्चापातक लागोस् ॥४॥

आफूले दान दिएको अथवा अरूले दान दिएको जग्गा जमीन हर्‍यो भने साठी हजार वर्षसम्म नरकमा कीरा भएर रहला ॥५॥

(३५)

पृथ्वीनारायण शाहको अभिलेख

नुवाकोट सेरा-दरबारको बगैंचाभित्र एउटा शिलापत्र रहेको छ। त्यसमा यो अभिलेख कुँदिएको छ। खिइसकेकोले केही भाग अस्पष्ट छ। यहाँ शकसंवत् १६८७ दिइएको छ।

१. श्रीगणेशाय नमः ॥ श्रीशाके सप्तनागक्षितिप १६८७ परिमिते मासि चैत्रे– पक्षैकादश्यां मैत्र ऋक्षे भृगु–

२. तनयविने सद्गवाक्षादिचित्रम् ।। प्राकाराट्टप्रणालीयुतमतिसुरतोद्दीपकं कामुकानां श्रीमान् गोरक्षभूपा. . . .

३. . . . .संव्यधाद् रङ्गसौधम् ।।१।। गोरक्षभूपालकुलाब्धिजातो नेपालभूमीशतमिस्रहन्ता ।। पूर्ण्णः स–

४. . . . .भिधान : प्रतापसिंहो जयति क्षमेशः ।।२।। विविधकुसुमभूषा भूमि. . . .तरुणमनुज–

५. चेतोहारिणी रम्यवे– ।। विपुलधनक. . .सत्फलैः पूर्णितासौ जयति कुसुमवाटी. . .पटीय ।।

६. ३।।. . . . . . . .पात्रदानप्रदाता ।। नृपतिरतिविवेकी यः. . . . .

७. . . . .सुगन्धि. . . .जननिपेयो निर्मितो भाति कूपः ।।४।। विशालपुष्पवाटिकां रसाल-मंजरीयुताम्

८. नदीयसन्निधौ मुदा स्वकीयभावभाविताम् ।। स्वतन्त्रफाल्गुनोत्सवे विचित्ररागगायकैरने-कनागरैर्ज–

९. गौ प्रतापसिंहभूपतिः ।।५।। शुभम्भूयात् ।। ।। श्रीराम राम राम राम राम राम राम राम

अनुवाद

श्रीगणेशलाई नमस्कार । शकसंवत् १६८७ (वि. सं. १८२२) चैत्र. . . .एकादशी शुक्रवार, अनुराधा नक्षत्रमा. . . .श्रीमान् गोरखाका राजाले. . . .पर्खाल, अट्ट (भवनविशेष) ढुङ्गे धाराहरू भएको, असल आँखिझ्याल आदिले राम्रो देखिने, आनन्द दिने रङ्गमहल बनाउन लाउनुभयो ।।१।।

गोरखाका राजाको कुलमा जन्मेका, नेपालका राजाको घमण्ड तोड्ने. . . .नाउँ चलेका (युवराज) प्रतापसिंह शाह ठूला हुनुहुन्छ ।।२।।

अनेक किसिमका फूलहरूले सिंगारिएको,. . . .तरुनाहरूको मन हर्ने, ठूलठूला. . . . फलहरूले भरिएको सुन्दर यो फूलबारी सुहाइरहेको छ ।

. . . .पात्रमा दान दिने अतिविवेकी राजा, जसले बनाउन लाएको मीठो सुगन्धी पानी भएको कुवा पनि सुहाइरहेको छ ।।३।।

नदीको किनारमा रहेको, आँपका मुजुराहरूले सुहाएको विशाल फूलवारीलाई लक्ष्य गरेर फागुको उत्सवको स्वच्छन्द वेलामा अनेक थरी राग गाउने शहरियाका साथ स्वयं प्रतापसिंह शाह युवराजले गाना गाउनुभयो ।।४–५।।

शुभ होस् । श्रीराम, राम, राम. . . .।।

(३६)
महोद्दामकीर्ति शाहको अभिलेख

नुवाकोट भैरवमन्दिरको बाहिरपट्टि दायाँ बायाँ केही घण्टाहरू झुण्ड्याइएका छन् । तीमध्ये दायापट्टिको घण्टामा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रम संवत् १८२५ छ ।

'पुरातत्व पत्रसंग्रह', तेस्रो भागको ११ पृष्ठमा शङ्करमान राजवंशीद्वारा यो छापिएको छ।

नमः भैरव्यै ॥ ॥ श्रीविक्रमसम्वत् १८२५ ॥
श्रीशाके पञ्चनेत्रद्विपधरणिमितेऽस्मिन्नभस्याद्यपक्षे
पञ्चम्यां रम्यघण्टां व्यतरदरिहरिर्भैरवीप्रीतये सः ॥
स्वस्तिश्रीवीरभद्रात्मजनृपनरभूपालसूनुर्महीयान्
पृथ्वीनारायणस्य क्षितिपतिमुकुटालंकृतेर्भ्रातृरत्नम् ॥१॥
तुहिनगिरिसुताङ्घ्रिद्वन्द्वसञ्चञ्चरीको
मदनसुभगरूपभ्रान्तसत्सुन्दरीकः ॥
सकलगुणिगुणज्ञो भूतले वीरमूर्ति–
र्जयति बुधमनोज्ञः श्रीमहोद्दामकीर्तिः ॥२॥

अनुवाद

श्रीभैरवीलाई नमस्कार। विक्रमसंवत् १८२५ भाद्र कृष्ण पञ्चमीको दिन, शत्रुहरूलाई सखाप पार्ने उहां (महोद्दामकीर्ति) ले भैरवी प्रीति गरी घण्टा चढाउनुभयो।

उहाँ महोद्दामकीर्ति वीरभद्रका नाति, राजा नरभूपालका छोरा, राजाहरूमा शिरोमणि भएका पृथ्वीनारायणका असल भाइ हुनुहुन्छ। उहाँ महोद्दामकीर्ति पार्वतीका पाउको सेवा गर्ने, सुन्दरीहरूको दृष्टिमा कामदेव जस्तै राम्रा, गुणीहरूको गुण चिन्ने, पृथ्वीमा वीर कहलाएका, विद्वान्हरूको मनसाय बुझ्ने हुनुहुन्छ।

(३७)

सालिकको अभिलेख

नुवाकोट भैरवमन्दिरभित्र केही सालिक रहेका छन्। तीमध्ये दायाँपट्टि रहेको सालिकको पादपीठमा यो अभिलेख कुँदिएको छ। अभिलेखको केही भाग खण्डित छ। यहाँ ने. सं. ८९० दिइएको छ।

१. संवत् ८९० म्ति वैसाष कृष्ण १०
२. श्री २ भैलवि भगतिजुन दिवंगत हाकु देम्रो भेलु भलु. . . . निह्म–
३. स्त नामन सालिक तया दानपति महजन जुलो थ्वया श्वपुत्र ज्ञान–
४. देम्रो. . . . कृष्ण. . . . थुति समुचयन थ्व सारिक दयका
५. जुरो शुभ ॥

अनुवाद

ने. सं. ८९० (वि. सं. १८२७) वैशाख कृष्ण दशमी। श्रीभैरवीमा भक्ति राखी दिवङ्गत

ह्याकुदेव भेलु भेलुनी (धामी, धर्मिनी) दुवैका नामले सालिक राखियो । दानपति महर्जन हुन्, यिनका छोरा ज्ञानदेव....कृष्ण....यति मिली यो सालिक राखिएको हो । शुभ होस् ।

(३८)

सिम्भूस्थानको अभिलेख

नुवाकोट अशोकबारीनजिकै सिम्भूस्थानमा चैत्यसंगै एउटा शिलापत्र रहेको छ । त्यसमा यो अभिलेख कुँदिएको छ । यहाँ ने. सं. ८९३ दिइएको छ ।

१. शुभ सम्वत्, ८९३ मिति
२. स्वस्ति ॥ श्री ३ धर्मधातु भगवान् ॥ अद्य ब्रह्मनो द्वितिय प्रहला–
३. ग्य....वराहकप्य जवूदिप्य जंवूदिपे भलतखंदे आर्ज्यावित–
४. देशे करिजुग्य प्रथमचलने पशुपतिपश्चिमभाग्य निलकंथद–
५. क्षिनभाग्य त्रिशूलगंगाया पक्षिङभाग्य श्री ३ भइलवक्षेत्र–
६. उत्रभाग्य इहैव मुनिपतनगाम नवाकोथस्थाने विसाखानगरे
७. श्रीमहामंत्रथान, अद्य आश्विनमास्य शुक्रपक्ष पुर्नमास्यान्तिथौ उ–
८. त्रभद्रनक्षत्र....प्र ध्रुवजोग्य जथाकर्ण्णमोहोत्र वृहस्प–
९. तिवार कन्यरासिगते सविवि मिनरासिगते चन्द्रमसि ॥ श्री–
१०. ३ माहाराजाधिराज पृथिनारायनसाहवदेवानां सदा
११. स्मं ॥ श्री ३ धर्म्मधातु भगवान् मूर्ति दयकाओ रछिमि सि–
१२. न मनोभागि निह्मसेन दुंता पिथिनारायण तंका ४०
१३. थुरिया ओर्सानिन मुरि २ ङा पुजा जोर मुरि २ सरादां
१४. गुथिजन वज्राचार्य छत्रपति किस्न देओ....
१५. ....थुरि मयातसा पंचमहापाप जुरो ॥ थुति यातसा
१६. शुष शंपति....दत शुभ ॥

अनुवाद

शुभ होस् । ने. सं. ८९३ (वि. सं. १८३०) । स्वस्ति । श्री ३ धर्मधातु भगवान् ।

आज ब्रह्माको दोस्रो प्रहरार्धमा, श्वेतवराहकल्पमा, कलियुगको पहिलो पाउमा, जम्बूद्वीप भरतखण्ड आर्यावर्त्त देशमा, पशुपतिको पश्चिम भागमा नीलकण्ठ (गोसाईंकुण्ड) को दक्षिण भागमा, त्रिशूलगङ्गाको....भागमा श्री ३ भैरव क्षेत्रको उत्तर भागमा, यहीं मुनिपत्तनग्राम नुवाकोटस्थान विशाखा नगरमा, श्रीमहामण्डलस्थानमा ।

आज आश्विन शुक्ल पूर्णिमा वृहस्पतिवार, उत्तरभाद्रनक्षत्र,....पर ध्रुवयोग पर्नुपर्ने

करण मुहूर्त परेको वेलामा, कन्याराशिमा सूर्य मीनराशिमा चन्द्रमा रहेको वेलामा, सदा लडाइँ जित्ने महाराजाधिराज पृथ्वीनारायण शाहदेवको विजयराज्यमा ।

श्री ३ धर्मधातु भगवान्को मूर्ति बनाई लक्ष्मीसिं मनोभागि दुइ जनाले पृथ्वीनारायण टङ्का (रुपिया) ४० (चालीस) चढाए। यसको आयस्ताले दुइ मुरी पूजा सामग्री, ... गुठियार वज्राचार्य छत्रपति कृष्णदेव . . . . । यति गरेनन् भने पञ्चमहापाप लागोस् । यति गरे भने सुख सम्पत्ति . . प्राप्त होस् । शुभ ।

(३९)

सीतापोखरीको अभिलेख

नुवाकोट सीतापोखरीसंगै एउटा पाटी रहेको छ। सो पाटीको भित्तामा रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहां विक्रमसंवत् १८३५ दिइएको छ। अभिलेख निकै अशुद्ध रूपमा कुँदिएको छ ।

१. स्वस्ति श्रीशाके १७०० मासे १२ तिथौ ९ वा–
२. रे ५ नक्षत्रे १९ जोगे १५ कृष्णपक्षे लिखि–
३. तं स्थापितं शुभमम्मस्तु इति सम्मत् १८–
४. ३५ ।। श्रीशाके चार्कवारे सरपरकम–
५. लद्वंद्ववत्वर्तुलांके श्रीसम्वत् ब्रह्म–
६. नागे तवुपरितृतये पंचमांकावसा–
७. ने शुक्रे मासे तपस्ये प्रभुरणबहादू–
८. रे सुपाले सुमंत्रैश्चैवश्येपूर्ण धर्मो जग–
९. जित रणजित् शत्रुभंजन्भिरासीत् ।।
१०. रामपत्न्याः सरोभ्यासे सर्वालंकृतपट्टि–
११. का शूलगंगासमीपे च कर्तॄणां शुभदा
१२. भवेत् ।।

अनुवाद

कल्याण होस् । शकसंवत् १७०० विक्रमसंवत् १८३५ चैत्र महीना कृष्णपक्ष नवमी तिथि वृहस्पतिवार मूलनक्षत्र वज्रयोगमा यो शिलापत्र कुँदाई राखिएको हो ।

शकसंवत् १७०० विक्रम संवत् १८३५ फाल्गुन शुक्लमा राजा रणबहादुर शाहले राम्ररी राज्य गरिरहनुभएको वेलामा जगजित् रणजित् शत्रुभज्जन पांडेहरूले धर्मकर्म गरिएको हो ।

सीतापोखरीको सामुन्ने, त्रिशूल गङ्गाको नजीकै सबै किसिमले सिंगारिएको पाटी बनाइयो। यसबाट कर्ताहरूको शुभ होस् ।

(४०)

पौवाको अभिलेख

नुवाकोट धैंबुङ लहरे पौवाको भित्तामा एउटा शिलापत्र टांसिएको छ। त्यसमा यो अभिलेख कुँदिएको छ। यहाँ शकसंवत् १७०४ दिइएको छ।

'प्राचीन नेपाल' संख्या ३ को ३०—३१ पृष्ठमा शंकरमान राजवंशीद्वारा यो प्रकाशित भएको छ।

१. श्रीरामः ॥ ॥ श्रीमान्वं सदयोऽग्निहोत्रितिलको वेदान्तवित्सत्य—
२. वाक् ख्यातः श्रीजयमङ्गलः सुकृतिनां मध्येग्रणीश्चाभवत्
३. यस्य स्त्री सुगुणाम्बिकेव कथिता गौरीति नाम्ना सती तस्यां भूप—
४. तिवन्दिताङ्घ्रिकमला : पञ्चाभवन् यत्सुताः ॥१॥ कुशाग्र—
५. बुद्धिर्व्रजनाथशर्मा ज्येष्ठो हि शास्त्रेषु सुपारगोभूत् ॥ वि—
६. द्वान्द्वितीयो रघुनाथशर्मा श्रीरामपादार्पितचित्तवृत्तिः ॥२॥
७. जगन्नाथशर्मा तृतीयः शरण्यस्तथा लोकनाथश्च—
८. तुर्थः सुशीलः ॥ क्षमावान् हरिः पञ्चमो भव्यरूपः
९. सदा सङ्गताः पितृभक्ता वदान्याः ॥३॥ गु—
१०. णिनी धर्मनिरता गुणज्ञसुतसूः पथि ॥ प्रपां
११. निर्माय सा गौरी कमलापतयेऽर्पयत् ॥४॥
१२. वेदाभ्रसप्तैकमिते १७०४ सुशाके माघे सिते
१३. सर्पतिथौ सुवारे ॥ वाचस्पतेः सर्वजनैः सुसे—
१४. व्या सेयं प्रपा रामपुरे दिदीपे ॥५॥ अने—
१५. न कर्मणा श्रीनारायणः प्रीयताम् शुभं

अनुवाद

श्रीराम। अग्निहोत्रीहरूमा श्रेष्ठ भएका, वेदान्त जान्ने, सांचो बोल्ने, धर्मात्माहरूमा अग्रिसरा प्रसिद्ध श्रीजयमङ्गल हुनुभयो। जसकी गुण भएकी, पार्वती जस्तै, गौरी भन्ने पत्नी छिन्।

जसका राजाद्वारा ढोगिएका पांच छोरा छन्। तिनमा जेठा तीखो बुद्धि भएका, शास्त्रमा पारङ्गत व्रजनाथ शर्मा छन्। माहिला रामचन्द्रका पाउमा मन लाएका विद्वान् रघुनाथ शर्मा छन्। काहिला शरणदिने जगन्नाथ शर्मा हुन्। साहिला असल स्वभावका लोकनाथ हुन्। कान्छा सहनशील राम्रा हरिनाथ हुन्। यिनीहरू सधैं मिलेका, बाबुमा भक्ति गर्ने र दानी छन्॥

गुणी, धर्ममा लागेकी, गुण चिन्ने छोराहरूकी आमा ती गौरीले बाटोमा पौवा बनाएर नारायणलाई चढाइन्।

शकसंवत् १७०४ (वि. सं. १८३९) माघ शुक्ल पञ्चमी बृहस्पतिवारको दिन रामपुर (धैंबुङ) मा सबै जनाको लागि बनाइएको यो पौवा सुहाइरहेको छ।

यस कामले नारायण प्रसन्न होऊन्। शुभ होस्।

(४१)

रणबहादुर शाहको अभिलेख

नुवाकोट भैरवमन्दिरमा धेरै ताम्रपत्रहरू टाँसिएका छन्। तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १८४५ दिइएको छ।

१. श्रीभैरवी विजयतेतराम् ॥ श्रीशाके नागपूर्णक्षितिधरधरणीसम्मिते माघमासे शुक्ले पक्षेष्ट-तिथ्यां नृपतिरणबहादूरदेवो भवान्याः

२. ॥ प्रीत्यै तातानुजेन प्रसृतगुणबहादूरदेवेन युक्तो भैरव्यैर्ग्राममृक्थैर्व्यतरदुपचितं सुष्ठु लच्याङसमाख्यम् ॥१॥ लच्याङग्रामस्य सी–

३. माः पूर्व्वतो राजगोस्थानं धिम्थलीसंज्ञं घर्त्तिकाटयाडांडोवाङ्ग्यासुवाराप्रदेशस्य पश्चिमभागे हरीतकीवृक्षो दारुशिल्पिक्षेत्राति–

४. रिक्तदोर्खुसरित् दक्षिणतो नर्ज्जाग्रामसीमा महुन्यासानुप्रदेशो भाल्याडांडो भज्ज्याङ्गतीर्यग्मार्गो निधिकरजलप्रदेशश्च पश्चिम–

५. तः कपर्चोकडांडासानुः सूक्ष्मपर्वतः सूक्ष्मस्रवंती बोहन्या सापकोटोपनामकविप्रवंधकक्षेत्रसीमा; फलांषुसीमापर्य्यन्तम् उ–

६. त्तरतः शरांथसियार्साप्रदेशयोः प्रान्तो रामच्याडांडोनेर्गुसानुविप्यंचूलीप्रदेशाः। एतन्मध्य वर्त्तिलच्याङसंज्ञकग्रामः श्रीभैरव्यै

७. निवेदितस्तत्क्षेत्रोत्पन्नप्रतिगृहकरोपायनत्रयदण्डमृतापुत्रिद्वयग्राह्यपंचमहद्दण्डांक्सरप्राप्तं यावद्द्रव्यमुत्पद्यते तस्य भा–

८. गत्रयं विभज्य भागद्वयेनाश्विनशुक्लपौर्ण्णमासीमारभ्य कार्त्तिकशुक्लपौर्णमासीपर्य्यन्तं माणकचतुष्टयतैलाणकद्वयमौल्यव–

९. स्त्रेण श्रीभैरव्यायतने प्रतिदिनमष्टोतरशतदीपमाला प्रोज्ज्वालनीया माषपंचकपरिमित-सिंदुरमाषपंचकधूपमाणकपरिमि–

१०. ताक्षतैकताम्रमुद्रोपक्रीतनैवेद्यार्धताम्रमुद्रोपक्रीतपुष्पैः पूजा च कार्य्या मासान्ते पूजावसाने छागवलिदानं च कार्य्यम्; अवशिष्टे–

११. न द्रव्येण श्रीभैरव्यै निर्माय्याभरणानि निवेदनीयानि, अवशिष्ट एकोंशः श्रीभैरव्यावेशिततद्-ग्रामदौवारिकसंरक्षकैर्यथाभागमुपभो–

१२. क्तव्य एतद्ग्रामांशयोर्यः कश्चन लोभेनोक्तमन्यथा कुर्यात्स श्रीभैरवीकुदृष्ट्या सान्वयो विनश्येदित्यस्य ग्रामसीम्नि पत्रे च दृष्टसाक्षि–

१३. गो रामदासपंथ. वानु अर्ज्याल. भवानीशंकर षनाल जगजीत पांडे शिवदत्त साह् नन्दराम गुणी कालु उपाध्या कोइराला जयकृष्ण

१४. बोहरा शिवा राना जयकृष्ण थापा इति संवत् १८४५ साल आषाढ शुक्ल पूर्णमाशि शुक्रवारे मुकाम शहर कान्तिपुरनगर शुभम् ॥

अनुवाद

श्रीभैरवी खूब विजयी भई रहनुभएको छ। शकसंवत् १७०८ (वि. सं. १८४३) माघ शुक्ल अष्टमीको दिन, गुणी काका बहादुर शाहसहित भई राजा रणबहादुर शाहले भैरवी भवानी-को प्रीतिको लागि लच्याङ भन्ने आम्दानी हुने गाउँ चढाउनुभयो।

लच्याङ गाउँको सीमा—पूर्वतिर 'धिमथली' 'सरकारी गोठ' भन्ने घर्त्तिकाटचाडांडो, बाङग्या-सुवारा भन्ने ठाउँको पश्चिम भागमा हर्रोको रूख, काष्ठकालिगडको खेतलाई छोडेर दोरखु खोलाको दक्षिणपट्टि नर्जा गाउँको सीमा महुऱ्याडांडोको इलाका भाल्या डांडो भञ्ज्याङदेखिको तेर्सो बाटो, निधिकरको पानी आउने ठाउँ, पश्चिमतिर कपचोक डांडो सानो पहाड सानो खोला, बोहरा सापकोटा नामक ब्राह्मणको बन्धकीखेतको सीमा, फलांखुसीमासम्म, उत्तरतिर शरांथसि र यार्साप्रदेशको छेउ रामच्याडांडो नेर्गु डांडो र विप्यंचूली प्रदेश।

यति चार किल्लाभित्रको लच्याङ भन्ने गाउँ श्रीभैरवीलाई चढाइयो। खेतको आयस्ता, घरैपिच्छे उठाइने कोसेलीरूपका तीन कर, दण्ड कुण्ड, पञ्चखत आदिबाट उठ्ने यावत् रकमहरू-लाई तीन भाग लाएर तिनमध्ये दुइ भागले आश्विन शुक्ल पूर्णिमादेखि शुरू गरेर कार्तिक शुक्ल पूर्णिमासम्म चार माना तेल र दुइ आनाको कपडाले भैरवीको मन्दिरमा प्रतिदिन १०८ बत्ती बाल्नू। पांच मासा सिन्दूर, पांच मासा धूप, एक माना अक्षता, एक पैसाको नैवेद्य, दुइ दामको फूल राखी पूजा गर्नू। मसान्तमा पूजा सकिएपछि १ बोको बलि दिनू। बांकी रहेको पैसाले गहना बनाएर श्रीभैरवीलाई चढाउनू। बांकी रहेको एक भाग श्रीभैरवीको वासस्थान भएको गाउँ(नुवाकोट)-का द्वारे गुठियारहरूले बांडेर खानू। यो गाउँ र यसको आयस्तामा जो कोहीले लोभ गरी एक थोकको अर्को थोक गर्ला, श्रीभैरवीको कुदृष्टि परी कुलसहित त्यो व्यक्ति नष्ट होला।

यो गाउँको चार किल्ला छुटचाउँदा र ताम्रपत्र गर्दाका दृष्टसाक्षीहरू यी हुन्— रामदास पन्थ, भानु अर्ज्याल, भवानीशङ्कर खनाल, जगजीत पांडे, शिवदत्त शाह, नन्दराम गुणी, कालु उपाध्या कोइराला, जयकृष्ण बोहरा, शिवा राना, जयकृष्ण थापा।

वि. सं. १८४५ आषाढ शुक्ल पूर्णिमा शुक्रवार। मुकाम कान्तिपुर शहर। शुभ होस्।

(४२)
भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरभित्र एउटा शिलापत्र रहेको छ। त्यसमा यो अभिलेख कुँदिएको छ। यहाँ नेपालसंवत् ९१३ दिइएको छ।

१. शुभः सम्वत ९१३ अद्ये ॥ पौषमाशे
२. शुक्रपक्षे सप्तमि थ्व षुन्हु चुम्रोदि बु वे-
३. तादिहिस धर्म्मचित उपति जुयाम्रो कृ-
४. स्न भेरुकस्य भार्ज्या सुर्जलक्ष्मी भरू नि-
५. ह्म तिपुर उभय जुयाम्रो थ्व गहे दय-
६. का दिन जुलो, कृस्न भेलुकस्य प्रथम
७. पुत्र भाजुनलसिङ तसे भार्ज्या धंतल-
८. क्ष्मी थ्व क्ष भिनकं क्षम्रो चोङसन निदा-
९. न याङा ह्लोङाम्रो चोनेमाल सुनां-
१०. नं स्यनकेमवु जुलो शुभ ॥

अनुवाद

शुभ होस् । ने. सं. ९१३ (वि. सं. १८४९) आज पौष शुक्ल सप्तमीको दिन चुम्रोदि खेत, वेता डिहिमा धर्मचित्त पैदा भई कृष्ण भेरु (धामी) र उनकी पत्नी सूर्यलक्ष्मी भेरुनी (धमिनी) दुवै स्त्री पुरुष मिली यो गहे (घरविशेष ?) बनाइएको हो ।

कृष्ण धामीका जेठा छोरा भाजुनरसिंङ, उनकी पत्नी धंतलक्ष्मीले यो घरमा राम्ररी हेरविचार गरी मरम्मत गरी बस्नू । कसैले यो बिगार्नु हुँदैन । शुभ ।

(४३)

रणवहादुर शाहको अभिलेख

नुवाकोट भैरवमन्दिरमा टांसिएको सुवर्णपत्रमा यो अभिलेख कुँदिएको छ । यहाँ शक संवत् १७१४ दिइएको छ ।

१. श्रीभैरवी विजयते ॥ निराधारोद्धारे सकलसुरसारे कृतजगत्त्रयापत्संहारे हृत-
२. भवविकारे जनिभृताम् ॥ दयोदारे दीनोद्धृतिकृतिपरे भैरवि नमो नवाकोटग्रामा-
३. न्तरकृतविहारे कुरु कृपाम् ॥१॥ त्वया सर्व्वं विश्वं रचितमिदमाविर्भवति च त्वया-
४. प्नोत्याकृष्टं सदयि विलयं भैरवि शिवे ॥ तवैवालंवात्संहरणपदमम्बाशु दुरितं
५. निरालम्बानां तद्व्रजति जगदावासजनितम् ॥२॥ त्वमेव जननी जगज्जननि भै-
६. रवि त्वं पिता त्वमेव च गुरुस्सुहृत्त्वमसि मे त्वमात्मासि च ॥ त्वमेव रमसे जगन्निखि-
७. लमेकिकाविश्य तन्नहि त्वदपरं परं किमपि भासते मे मतिः ॥३॥ गोरक्षाधीशरक्ष्या-
८. मरवरनगरप्रोद्यदुद्दामधामग्रामग्रावाभिरामावनिधरनिकटस्थायिगोर्षापुरीशः
९. नेपालाधीशभालाऽऽस्थिततिलकमपाकृत्य संप्रीतचेताः पृथ्वीनारायणाख्यः क्षि-
१०. तिपकुलमणिर्व्वर्वृतीतिस्म लोके ॥ तस्य प्रास्तां तनूजौ द्युतिजितमदनौ राजपुत्रा-

११. प्रगण्यौ ज्यायान्सिहप्रतापस्तदनुजनिरयं श्रीबहादूरसाहः ।। ज्यायःपुत्रः प्रतापी स्व–
१२. जनि रणबहादूरराजाधिराजो बाल्येनेकारिनारीकुचकलशयुगव्यर्थताकारि
१३. येन ।।५।। गङ्गा सीमा समासीत्तदवसरसमायातचीनाधिपोपि नेपालध्वंसनोद्यन्म–
१४. तिरतिवहलान्ध्वंसितान्स्वान्विलोक्य ।। अङ्के तं स्थापयित्वा शिशुमवनिपतिं श्रीबहादू–
१५. रसाहे भैरव्युद्दामभावप्रकटितसुमतौ शासति प्रद्रुतोस्मिन् ।।६।। हेम्नैतद्घटितं छदी रण–
१६. दबहादूरेण भूमीभृता भावाद् भैरवि भव्यभाविनि बहादूरेण पुण्यात्मना ।। प्रीत्यै तेर्प्पितम–
१७. स्तु सोपकरणं मातः कपाटं च किं कृष्णश्चर्व्वयति स्म नाल्पपृथुकं भक्त्या सुदामा–
१८. हृतम् ।।७।। श्रीशाके वेदचन्द्राचलधरणि १७१४ मिते चैत्रशुक्लाष्टमीशाधीशार्क–
१९. क्षेशजाहे नृपतिरणबहादूरसाहेन भावात् ।। भैरव्यै देवदेव्यै पटलमभिनवं श्रीब–
२०. हादूरसाहेनायाते चीनचक्रेररमपि मनसोद्दिष्टमेतन्न्यवेदि ।।८।। शुभमस्तु ।।

अनुवाद

श्रीभैरवी विजयी भई रहनुभएको छ। अनाथहरूको उद्धार गर्ने भएकी, सारा देवताहरूमा श्रेष्ठ भएकी, तीनै लोकका आपत् हर्ने भएकी, प्राणीहरूको सांसारिक विकार हर्ने भएकी, दयाले गर्दा उदार भएकी, दुःखीहरूको उद्धारमा लागेकी, नुवाकोट ग्रामभित्र रहेकी हे भैरवी, हजूरलाई नमस्कार छ, दया गर्नुहोस् ।।१।।

यो सारा संसारको सृष्टि हजूरले नै गर्नुभएको हो। हजुरले खिच्नुभयो भने यस संसारको प्रलय पनि हुन्छ। दयालु, कल्याण गर्ने, हे भैरवी माई, हजुरको आश्रयमा आए भने अनाथहरूका सांसारिक पापहरू छिटो नष्ट हुन्छन् ।।२।।

संसारकी आमा भएकी हे भैरवी, हजुर नै मेरा आमा, बाबु, गुरु, साथी सब हुनुहुन्छ। हजुर मेरो आत्मा नै हुनुहुन्छ। हजुर नै सारा विश्वभित्र तल्लीन भएर रमाएर रहनुभएको छ। हजुरदेखि बाहेक मलाई अरू केही पनि सुझ्दैन।

गोरखनाथले रक्षा गरिएको, स्वर्ग जस्तो, पहाडी गोरखा राज्यका राजा पृथ्वीनारायण शाह राजाहरूमा शिरोमणि हुनुहुन्थ्यो; नेपालका राजाहरूका राज्य जितेर उहाँ सन्तुष्ट हुनुभएथ्यो।

उहाँ (पृथ्वीनारायण शाह) का रूपले कामदेवलाई माथ गरेका, राजपुत्रहरूमा श्रेष्ठ दुइ छोरा जन्मनुभयो। जेठा सिंहप्रताप शाह र कान्छा बहादुर शाह हुनुहुन्छ। जेठा (प्रतापसिंह) का छोरा प्रतापी महाराजाधिराज रणबहादुर शाह हुनुहुन्छ। जसले बालककालमै अनेक शत्रुहरूलाई जित्नुभएको छ ।।५।।

भैरवीको ठूलो भक्ति भावले असल बुद्धि प्रकट भएका यी बहादुर शाहले ती बालक राजा (रणबहादुर शाह) लाई काखमा राखी शासन चलाएको वेलामा गङ्गा साँध लागेको थियो।

त्यसै वेला नेपाललाई ध्वस्त पार्ने विचारले आएका चीन-बादशाह आफ्नो धेरै फौज नाश भएको देखेर भागे ।।६।।

कल्याण गर्ने हे भैरवी माई, राजा रणबहादुर शाह र धर्मात्मा बहादुर शाहद्वारा यी सुनको छाना र सुनको ढोका हजुरलाई चढाइएका छन् । सुदामाले ल्याएको अलिकता चिउरा के कृष्णजीले खानुभएको थिएन र ।।७।।

शक संवत् १७१४ (वि. सं. १८४९) चैत्र शुक्ल अष्टमी बुधबार आर्द्रानक्षत्रमा, राजा रणबहादुर शाह तथा बहादुर शाहले चीनले आक्रमण गरेको वेलामा भाकल गरेका यी सुनका छाना र ढोका देवदेवी भैरवीलाई भक्तिपूर्वक चढाइएका हुन् । शुभ होस् ।

(४४)

रणबहादुर शाहको अभिलेख

नुवाकोट भैरवमन्दिरमा धेरै ताम्रपत्रहरू टांसिएका छन् । तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहां विक्रम संवत् १८५० दिइएको छ ।

१. स्वस्ति श्रीशाके १७१५ सौरमानेन आषाढमासे चान्द्रमासेन ज्येष्ठमासे शुक्लपक्षे चतुर्थ्यां पुण्यतिथौ बुधवासरे तिष्यनक्षत्रे व्याघातयोगे एतत्श्रीभैरवीप्रासादछदिः–
२. कपाटप्रतिष्ठाशुभकर्मणि श्रीश्रीश्रीभैरवीप्रीत्यर्थं श्रीश्रीश्रीमन्महाराजाधिराजरणबहादूर-देवेन समर्पितकनकपत्रविनिर्मितछदिषः ।। तस्मिन्नेव दिने राजकुमार–
३. श्रीश्रीश्रीवाहादूरदेवेनापि समर्पितसुवर्णपत्रसंवृतकपाटस्य वर्षवन्धनयज्ञादिकर्म्मणः द्वादश शुक्लाष्टमीषु द्वादश कृष्णचतुर्द्दशीषु च पूजासामग्रीसम्पादनाय द्वा–
४. दर्शविंशति २४० मुरिकापरिमितं करूवादेवसंज्ञकं क्षेत्रं संकल्प्य क्षेत्रसंरक्षणाद्यधिकारः पूजकहस्ते न्यस्तः ।। देशभाषयापि प्रतिवर्षबन्धनका होमादिकर्मकन व–
५. र्ष दिनका बाह्र शुक्लाष्टमी बाह्र कृष्ण चतुर्दशीका पूजाकन करूवादेव षेत मुरि बिस बाह्र २४० तस्को सांध पूर्व विविराबोटघा षेतको सांध दक्षिण षाँदको सांध पश्चिम पंच–
६. कन्या षेतको सांध उत्तर तेर्छो बाटोको सांध एति मध्यको षेत बुषनटारको दिहि रोपनी दस १० तस्को सांध चारै दिशा चारै लुहुकील एति मध्यको डिहि गुठ चह्राञ्, एस गु–
७. ठका बालीले गुठियारले तपसील माफीक साराजाम लाउनु. एस गुठमा राजा प्रजा कसैले लोभानि पापानि गरून् त पंचमाहापातक लागोस्. हाम्रा धर्मको पालना गरून् त उत्तरोत्तर वृद्धि हवस्. शुभं

तप्सील

(पहिलो लहर–)
वर्षवन्धन पुजा यज्ञको सामग्री–
देवताके भेट नगद रूपैया १

लालपगरि थान	१ के	|||
नरिवल	१ के	=
सिन्दुर तोला	२ के	S−
धुप तोला	२ के	S|
सुपारि गोटा	४० के		
श्रीखंड तोला	२ के	=
रक्तचन्दन तोला	२ के	S||
गुगुल धुप तोला	२ के	S||
भोटया धुपमुठा	|| के	S||
पंचामृत	के	−
पंचरंगि कपरा हात	५ के		
वातीके कपरा हात	१५ के	||
पंच सूत्र जजंकाके धागो तोला	३० के	|≡
अक्षताके चावल माना	१ के	S|
सर्वौषधी	के	S|
सप्तवृही माना	१ के	S− ||
घिउ माना	३ के	|=

(दोस्रो लहर–)

होमके चांवल पाथि	५ के	||=
दिपमालाके तेल रूपैया		५
धान पाथि	१ के	S|
छानाका पताकाको धागो मोलके		||
ठूलो वोक्या २ के मोल रूपैया		६
तिन दिनका भोजके चिहुरा मुरि	३ के	६||
भुट्याको चिहुरा पाथि	१० के	|||
दृष्टि जोर	१२ के	|||
सुरापानके चांवल मुरि	१ के	२||
रक्सीके चावल पाथि	५ के	||=
होमका भेटीके		||
नैवेद्यके मिठाइ	के	=
फलफुल रेखि समिधा	के		
भटमास, माछा, अदुवा, हिङ, जिरा, हासका फुल	के	||
साग दुध दहि केरा	के	१

पान सुपारि ल्वांङ जाइफल मेवा	के		।
नुन माना	१६ के		१।

(तेस्रो लहर–)

शुक्लाष्टमी १२ कृष्ण चतुर्दशी १२ चौविस पुजाके
एही तपसील वमोजिमको चौविसै साराजाम लावनु

वोक्या	१ के	१
सिंदुर तोला	२ के	ऽ।
धुप तोला	२ के	ऽ।
सुपारी गोटा	१० के	ऽ॥
नैवेद्यके मिठाइ	के	।
अछताके चावल माना	१ के	ऽ।
वातिके कपरा मोल		ऽ॥
तेल मोल		ऽ॥
सुरापानके चावल पाथि	३ के	।=।
रक्सीके चावल पाथि	२ के	।
चिहुरा पाथि	५ के	॥=
भटमास माछा अवुवा हासका फुल		।
पुजाको सामग्री		।
चौविस पुजाका ज्मा रुपैया		७५

इति सम्वत् १८५० जेष्ठ कृष्ण चतुर्थी बुधवासरे शुभं

संस्कृत भागको अनुवाद

कल्याण होस्। शकसंवत् १७१५ (वि. सं. १८५०) सौरमानले आषाढ, चान्द्रमानले ज्येष्ठ शुक्ल चतुर्थी बुधवार तिष्यनक्षत्र व्याघातयोगमा, श्रीभैरवीको मन्दिरको छाना ढोका प्रतिष्ठा गरेको शुभ कर्मको सिलसिलामा श्री ३ भैरवीलाई प्रसन्न पार्न श्रीश्रीश्रीमहाराजाधिराज रण-बहादुर शाहले चढाएको सुनको छाना र त्यही दिन राजकुमार श्रीश्रीश्रीबहादुर शाहले चढाएका सुनका खापाको वर्षवन्धनमा यज्ञ आदि विधान र बाह्र शुक्ल पक्षका अष्टमी र बाह्र कृष्ण पक्षका चतुर्दशीको दिन पूजा चलाउनाको लागि २४० मुरी करुवादेव भन्ने खेत संकल्प गरी सो खेतको देखरेख गर्ने अधिकार पुजारीको जिम्मामा सुम्पिएको छ।

(४५)

दामोदर पांडेको अभिलेख

नुवाकोट भैरवमन्दिरमा केही घण्टाहरू झुण्डयाइएका छन्। तीमध्ये बायांतिर रहेको घण्टामा यो अभिलेख कुँदिएको छ।

यहाँ शकसंवत् १७०८ र विक्रमसंवत् चाहिं १८५३ कुँदिएको छ। यसरी कुँद्नेले अशुद्धि पारेको छ।

स्वस्ति श्रीसाके १७०८ मासे ७ दीन ४ ता ख वार रत ३ पत्रे ४ तद्दिन श्रीमुलुकी देवान दामोदर पांडेले श्रीभैरवि प्रीतीय घंट चह्लाया इति सम्वत् १८५३ शुभम्। इश्वरी साहाय शुभ

(४६)

महादेवस्थानको अभिलेख

नुवाकोट विदूरबाट त्रिशूलीबजारतिर जांदा बाटोमा महादेवस्थान पुगिन्छ। सो महादेवस्थानमा रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ शकसंवत् १७२० दिइएको छ।

कुँद्नेको ज्यादै भ्रमले गर्दा अभिलेख ज्यादै अशुद्ध कुँदिएको छ। कति ठाउँमा त अर्थ ठम्याउन पनि गाह्रो छ। यहाँ जस्ताको तस्तै दिइएको छ।

'बृहद् सन्धिपत्र संग्रह' मा श्री नरहरिनाथद्वारा यो अभिलेख प्रकाशित भएको छ।

१. स्वस्ति श्रीमन्मङ्गलमूर्त्तये महागणाधिपतये नमहः॥ श्रीमाध–
२. मे–धामाधरणिसुरवरः पूत कौण्डिन्यगोत्रे साप्कोटासूपनामा निज–
३. कुलकुमुदो–स संपत्सुधांशुः॥ श्रौतस्मार्त्तकपद्यातरणचणनृ–
४. णां निश्चितार्यौपदेष्टा शिष्टाग्रयागीतनामा दशरथपदत प्रादुरासी–
५. त्महात्मा॥१॥ तस्यासन्स (न्त) पुत्रा जलनिधय इवाक्षीणसत्वाः स्म तेषां
६. ज्येष्ठोभूद्वीरभद्रस्तदनु हरिहरः श्रीशिवानन्दशर्मा॥ सत्पुत्रोसावभू–
७. ता किल तदनु घनश्यामलक्ष्मीधराख्यौ श्री कान्तोन्मोथ गंगाधर इति ज–
८. गति ख्यात आविर्व्वभूव॥२॥ प्राग्जन्मोपात्तपुण्यादलभत तनयं यं
९. शिवानन्दशर्मा धर्माधारं धुरीणंमयविधृतधियामाश्रय सज्जनाना–
१०. म्॥ नाम्नासौ श्यामलाल द्विज इति विदितो वेदवेदाङ्गवेदी मेदीन्या ना–
११. स्तिकोन्य जयति नृपमहामानलक्ष्मीविलासी॥३॥ जगत्कृतापाय भि–
१२. वंस मस्वधंता पुषी पद्य दलाम्बुतुल्ये॥ निति श्रेयसंमेस्तु कथं सुखेत
१३. सचि न्तया नो वुवुधे तदैतत्॥४॥ ब्रह्मादिकीटान्तजगप्रणेतुः पातुः संह–
१४. र्तुः परमेश्वरस्य॥ कृपालवं साधयतः ससाधो नचान्यथेतया–श्रुति
१५. स्मृतिश्च॥५॥ ब्रह्माण्डकोया विलसन्ति यस्मिन्यत्सतया सादितमे–
१६. व सर्वम्॥५॥ तस्याप्यरूपस्य यदस्ति रूपं चिदात्मनः सस्तुतिसारगम्यम्॥
१७. ६॥ दीस्वतः कृतभक्तहित मगल्मदयात्तदनोदार– चरित्रयुक्तम्॥ पं–
१८. चाननपञ्चदशेक्षणं तदनेकवाहूभुजगोपवीतम्॥७॥ चन्द्रा–

१९. ङ्गः चावम्बिकया समेतमनुत्तमं सत्परिवारयुक्तम् ।। सधर्मंशा–
२०. लं सनिकेतनं सद्भक्तया प्रतिष्ठाप्य कृता भवेयम् ।।८।। पतिव्रता त–
२१. स्य तु धर्मपत्नी चन्द्रप्रभाशीलरानुस्तनुजः ।। श्रीरूद्रत्तम तदि–
२२. त—माश सतांतत्सतिति पूहृष्टौ ।।९।। श्रीशाके १७२० व्योमपक्षा–
२३. चलधरणिमितेवत्सरे शुक्लसंज्ञे मीनेर्के कृष्णपक्षे जलजनि
२४. तीथावर्यमन्दावशूले । योगे शुक्रेह्नि चन्द्राद्याखिलशुभयुते सं–
२५. न्मुहुर्त्ते प्रभाते सन्नत्पद्याप्यसौ श्रीपशुपतिरमुना श्यामलालेश्व–
२६. राख्यः ।।१०।। त्रिशन्मुरिप्रमित शालिकरहरार्चाहितोर्मुदे पशुपतें वि–
२७. निवेदितं यत् ।। क्षेत्रममान्वयशुवैतंपरैश्च कार्या याचे कृताञ्ज–
२८. लिरमुष्य परजिघृक्षा ।।११।। शयकवेन्नरोनृणां शत्रुः स्या–
२९. त्सव सौख्यदम् ।। धर्मं तु पालयन् स्निग्धं परत्रेह च मोदते ।।१२
३०. ।। स्वदत्तां परदत्तां वा यो हरेच्च वसुंधराम् ।। षष्ठिवर्षा–
३१. णि विष्टायां जायते कृमि ।।१३।। त्रिशूलधारासरिदन्तिके य–
३२. त्फलं मया सत्किम् सत कर्म ।। मपायता सदा शिवो मेत्य–
३३. . . . . कृपात पूर्णमस्तु ।।१४।। शुभ भूयादनिशम् ।। ।।

(४७)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरमा धेरै ताम्रपत्रहरू टाँसिएका छन् । तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहाँ नेपालसंवत् ९२० दिइएको छ।

१. इति सम्वत् ९२० साल मिति मार्गसिल वदि १४ रोज ४ का दि–
२. नमा नुवाकोट श्रीभैरवीका थानमा तलाको छानामा चारैपट्टि–
३. का छानामा झुंदायाका धरवटका वतास्या घंथ गोता १०४
४. श्रीलेफटेन लेषधोज षतृक्षत्रिले चह्लायाको हो । य–
५. स घंथमा कसैले लोप पाप गन्या भन्या पंच माहापातक
६. होला शुभम्

(४८)

भैरवस्थानको अभिलेख

नुवाकोट भैरवस्थानमा केही घण्टाहरू झुण्ड्याइएका छन् । तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ ।

यस अभिलेखमा शकसंवत्, विक्रमसंवत् र नेपालसंवत् गरी तीनै संवत्को उल्लेख छ। शकसंवत् १७२२ र नेपालसंवत् ९२१ दिइएको हुँदा विक्रमसंवत् १८५७ हुनुपर्ने देखिन्छ। तर कुँदनेको भ्रमवश यहाँ विक्रमसंवत् १८५६ कुँदिएको छ।

'प्राचीन नेपाल' संख्या १० को ४१–४२ पृष्ठमा यो प्रकाशित भएको छ।

१. **स्वस्ति श्री ३ भैरव्यै नमो नमः ॥ श्रीशालिवाहनीयशके युग्मनयनाश्वैक १७२२ मिते प्रजापतिसंवत्सरे श्रीसूर्य दक्षिणायने हेमन्ततौ मार्गशीर्षमासे शुक्लपक्षे पूर्णिमायां पुण्यतिथौ सोमवासरे रोहिणीनक्षत्रे सिद्धियोगे ववकरणे वसुमुहूर्त्ते वृश्चिकराशिस्थिते सवितरि वृष-राशिस्थिते चन्द्रे कर्कटराशिस्थिते देवगुरावन्येषु ग्रहेषु यथास्थानस्थितेषु श्री ३ भैरवीदेवताप्रीतये काश्यपगोत्र श्रीत्रिभूवनसिंहसचिवपत्न्या श्रीदेवकन्यानामवत्या समर्पितेषा सोपकरणघण्टा ॥ इति श्रीविक्रमार्कसंम्वत्सरे १८५६ श्रीनेपालसम्मते ९२१ शुभमस्तु ॥ तवल धार्नि १ श्रीमहामायासहाय ॥ थ्व घण्ट ज्यायाकह्म व्यापारी यलदेश नकवाहालया श्रीतम्रोधिकजुपुत्र श्रीधनवृद्धिजु शुभं ॥ ॥**

अनुवाद

कल्याण होस्। श्री ३ भैरवीलाई नमस्कार। शकसंवत् १७२२, प्रजापति संवत्सरमा, सूर्य दक्षिणायनमा गएको वेलामा, हेमन्त ऋतुमा, मार्ग शुक्ल पूर्णिमामा, सोमवार, रोहिणी नक्षत्र सिद्धियोग ववकरण वसुमुहूर्तमा, वृश्चिक राशिमा सूर्य, कर्कट राशिमा चन्द्रमा रहेमा, वृहस्पति र अरू ग्रहहरू आफ–आफ्ना स्थानमा रहेमा।

श्रीभैरवीलाई प्रसन्न पार्नाको लागि काश्यपगोत्रका काजी श्रीत्रिभुवनकी पत्नी देवकन्याले सामग्रीसहितको यो घण्टा चढाएकी हुन्।

वि. सं. १८५७ ने. सं. ९२१। शुभ होस्। तौल एक धार्नी। श्रीमहामायाले (देवीले) सहायता गरून्। यो घण्टा बनाउने व्यापारी ललितपुर नकबहीका श्रीतम्रोधिकका छोरा श्री धनवृद्धि हुन्। शुभ।

(४९)

दामोदर पाँडेको अभिलेख

नुवाकोटको भैरवीस्थानमा रहेको एउटा घण्टामा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १८५८ दिइएको छ।

'प्राचीन नेपाल' संख्या १० को ४२ पृष्ठमा शंकरमान राजवंशीद्वारा यो प्रकाशित भएको छ।

वर्षेऽष्टेन्द्रियनागभूपरिमिते १८५८ श्रीविक्रमीये रवौ
कर्कस्थे शुचिमासि भौमदिवसे शुक्ले चतुर्थ्यां तिथौ
पत्न्या साकमयोध्यया ससुतया श्रीभैरवीप्रीतये
घंटैषा सचिवेन रम्यनिनदा दामोदरेणार्पिता ॥१॥
ज्येष्ठः श्रीकरवीरसंज्ञक उमापादारविन्दार्चको
(वि) ख्यातो रणजङ्ग इत्यभिधया तस्यानुजो वीर्य्यवान्
युद्धे शूरस्ततो रणदलः श्रीकीर्तिवम्संज्ञक-
स्तस्माच्छ्रीललितादिवम्म इति तत्पुत्रादिपुत्रा सदा ॥२॥

अनुवाद

विक्रमसंवत् १८५८ आषाढ शुक्ल चतुर्थीमा, कर्कटराशिमा सूर्य बसेको वेलामा, पत्नी अयोध्या र छोराहरूसहित काजी दामोदर पाँडेले श्रीभैरवीलाई प्रसन्न पार्न राम्रो आवाज भएको यो घण्टा चढाए ।

जेठा पार्वतीको पाउको पूजा गर्ने करवीर पाँडे, उनका भाइ नाउँ चलेका, बलिया रणजङ्ग पाँडे, अनि लडाइँमा शूरा रणदल पाँडे छन् तथा कीर्तिबम, ललित बमहरू छन् ।

(५०)

गीर्वाणयुद्धविक्रम शाहताकाको अभिलेख

नुवाकोटका धामी श्रीहरिमानसिंहको संग्रहमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ । यहाँ नेपालसंवत् ९२४ दिइएको छ ।

१. **अद्यः श्रीनम्रोकोत ऋषिवन श्रीगंधकीभैरवियाके बीगुपूजा विनस; हाकुदेम्रो**
२. **भ्यलु, धम्रोनि भलु निह्मसया धर्म्मचित उपंति जुयाव चुम्रोदिश्वति बुरम्रो ५ बुन्ता**
३. **स्वस्ति श्रीमन्महाराजाधिराज ग्रीवानजुधविक्रमशाहदेववीजयराज्य थ्व वेलस**
४. **चोव हाकुदेव माम धवनि कका तोयुदेम्रो श्वह्मं देवंगत जुयाम्रोस्यंली ॥ काय कृ-**
५. **ष्ण भ्यलु, सुर्जरक्षिम भलुल दाजु धर्मद्यम्रो सोह्म समोहनं ह्लापा संकल्प याना त-**
६. **म्रो गुलि लम्रो ५ बुस तका २ दाम तस्यं पिण्ड थय दयकं दोह्लपा ॥ थ्व बुया म्रोलशानन वै-**
७. **शाष शुक्र पंचमि खुनु ह्म १ दुगु दयकं पूजायाय दुगु मूल पाथि ३० म्रो चाक्रमत प्वात**
८. **३५ चिकं मूलमूलि रम्रोर्घशाल वयपेयात मुलि १ म्रो भोजं यात म्रो पाथी १० पिशुकि**
९. **थापंकि निसरायात पाथी १० म्रो ॥ पंचपचारपुजा जोलन ङाये फलफूल शाकया-**
१०. **कवुवल घासा सकतां ङाययात मूल तका १ थ्वया फुजम्रो मरि १ गुरुभाजुयात दक्षिना बं**
११. **१६ भोज बोनेमाल गुरुभाजु माताजु ॥ भ्यलु भलुकह्म भलु दानपति हाकुदेम्रोया सन्तान ह्मं**
१२. **४ तुइदेम्रोया सन्तान ह्म ४ थ्वति प्रमान याय धुंस्यलि गुथिजनस्यन भोजनया ॥ थ्वति वि-**

१३. धि वर्षप्रति यायमालकाम्रो गुथि दयकं वलभद्र गजिन्द्र निह्म गुथिजन तस्य ॥ कृ–
१४. ष्ण भ्यलु धर्मद्येम्रो निह्म फुकिजन ताम्रपत्र दयकं लम्रोह्लाना ॥ सम्वत् ९२४ ध्व व–
१५. त सुनान स्यनके मदु स्यनकलसा पंचमहापातक लाक जुलो । जोगी बोनेमाल शुभ
(दायां छेउमा–) ध्वकुर्सि भेलुया पार ध्व तावापत्र रह्ला

अनुवाद

आज नुवाकोट ऋषिवनका श्रीगण्डकीभैरवीलाई दीगुपूजाको दिन, धामी हाकुदेव र धवनी धमिनी दुवैको चित्तमा धर्म गर्ने विचार पैदा भएको हुनाले चुम्रोदीस्वतीको ५ रोपनी खेत चढाइयो ।

स्वस्ति । महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेवको विजयराज्यमा । यस वेला हाकुदेव, आमा धवनी काका तोयुदेव तीन जनै दिवङ्गत भएका हुँदा छोरा कृष्णदेव धामी, सूर्यलक्ष्मी धमिनी, दाजु धर्मदेव तीनै जनाले सल्लाह गरी अघि संकल्प गरिसकेको ५ रोपनी खेतमा दुइ रुपिया थपी श्राद्ध गर्नुपर्ने गरी चढाइयो ।

यस जग्गाको आयस्ताले वैशाख शुक्ल पञ्चमीको दिन एक बोकोसमेत राखी पूजा गर्नू । बोको ३० पाथी धानबाट आउने राख्नू । 'चाक्रमत' ३५ बाल्न तेलको लागि. . . .एक मुरी धान । भोजको लागि ३० पाथी । 'निसरा' (नैवेद्यविशेष) चढाउन चामल आदिको लागि १० पाथी । पञ्चोपचार पूजाको सामग्री किन्न र फलफूल तरकारी बूवल (केराउ आदि) घासा आदि सबै किन्नाको लागि १ रुपिया । यसको. . . . मिठाई १, गुभाजूलाई दक्षिणा १६ दं । गुभाजू र उनकी पत्नी, धामी र धमिनी, दानपति हाकुदेवका सन्तानबाट चार जना, तुयुदेवका सन्तानबाट चार जनालाई भोज खुवाउनु पर्छ । यति गरेपछि गुठियारहरूले भोज खानू । यो विधान प्रतिवर्ष गर्नाको लागि गुठी बनाई, बलभद्र र गजेन्द्र दुइ जनालाई गुठियार नियुक्त गरी, कृष्णदेव र धर्मदेव दुइ जना दाजुभाइले ताम्रपत्र लेखाई सुम्पिएको हो ।

ने. सं. ९२४ (वि. सं. १८६१) । यो दान कसैले लोप गर्नु हुँदैन । लोप गरे पञ्चमहापाप लागोस् । जोगीलाई पनि बोलाउनुपर्छ । शुभ । यो ताम्रपत्र धामी हुनेलाई सुम्पनुपर्छ ।

(५१)

पानसको अभिलेख

नुवाकोट भैरवमन्दिरभित्र रहेको पानसमा यो अभिलेख कुँदिएको छ । यहां विक्रमसंवत् १८६६ दिइएको छ ।

स्वस्ति श्री सम्वत् १८६६ साल मिति चैत्र शुक्ल १५ तस दिनमा नुवाकोटका श्रीश्रीश्रीभैरवि प्रीती गरि श्री सुवा दसरथ षत्रिले पितलका पानस १ चह्राआ धार्नि ७ शुभम् ॥

(५२)

गीर्वाणयुद्धविक्रम शाहताकाको अभिलेख

नुवाकोटका धामी श्रीहरिमानसिंहको संग्रहमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहां नेपालसंवत् ९३२ दिइएको छ।

१. शुभ ।। सम्वत् ९३२ मिति चैत्र शुदि पूनेमासी षुन्हु श्री ३ गंदकिभैलवी नम्सतु ।। स्वस्ति श्री ३ म्त् महाराजधिराज श्री ३

२. गिवानजुधविक्रमसाहदेवविजयराज, थ्व वेलस भेलु भाजुनलसिङन चुग्रोदी वु सस्कार ग्रोङाग्रो चोङगु, देग्रोन भि–

३. मस्यन काजिन राजायाके विति याङाग्रो, वितारित विल, थ्व वु भेरू नलसिंह, भरूल धन्तलक्ष्मी निह्म त्रिपुपुरू–

४. खया धर्म्मचीत्त उपति जुयाग्रो चोग्रोदि वु ५४ सको ।। श्री ३ गंदकि भैरवीयात दोहोलपा, दामतका १० तस्य थ्व वूया पेर, वुया

५. कह्मनग्रो मूलि १६ ग्रामस थेनक गुथिजनयात पुलेमाल, थ्वया ग्रोरशात्र, ग्रामस दूतिया षुन्हु देग्रोखतस वुगुह्मं

६. १ दयकं पंचपचाल, पूजा यायमाल, दुनेया क्रमस थ्याको माल ह्म १५ भेरू भरू कुमालि गुरु भराद ह्म ४ खंवाहा

७. भदील ह्मं २ जग्रोराकाक, खग्रोराकाक, ह्म २ सुग्रोल ह्मं २ भल्या ह्मं २ थुति ।। देग्रोखकु-वुग्रो राय ह्मं त ह्मं ३१ स्यात धम्म–

८. शारास, चाकुमधि बियाग्रो ग्रल स्वपान तोनकेमाल, ग्रामस पोसक षुन्हु, सतलस पंचयात शार्खति दयकं तोनकेमाल दा–

९. नपति जजमान सकलजन परिवाल, थार्कूसिंह, राजमांसी, जवरसिं, पुत्र ग्वभिरसिंह भाद्रा-हलिसीं देग्रो यते सक–

१०. लजन, संतान परिवालस पुत्रपुत्रादि ग्रादि मध्य ग्रंत, संसाल चोतले सुभ मंगर कल्याम भकुंथ दातवे सुमान स्यनकल–

११. सा महापातक राक गुथिजनसेन भनक धरपेमाल शुभ ।।

वसुजात लखा, भरूल धनलक्ष्मीन वुंता ।।

कोतपाट–१ सार्वलतिग्रो मूरि– ५ चिंचिक छासाग्रो मूलि– १ सिह्ममुजु– १
चाकुमुलग्रो मूलि– १ लखकुवुग्रो सारवति तादापो ग्व– २ मसराम्रग्रो मुरि– १
तोनकुग्रो मूलि– १ लिलरपि चाग्व– १ वुगुमूलग्रो मूरि– २ सिमुलग्रो मूलि– १
ग्रंतिग्वल– १ काथ्यकि मूलग्रो मूरि– २ सुकुंदा ग्व – १ घासा लपयपेग्रो मूलि– १
कयधारा ग्व –– १ वजि मूलग्रो मूलि– १ चाकुमधियातग्रो मूलि– १
गुथिजन श्रीवर्ज्रराचाज्य जगतमुनि छत्रपति निह्म फुकिज जुरो शुभ ।

अनुवाद

शुभ होस् । श्री ३ गण्डकीभैरवीलाई नमस्कार । ने. सं. ९३२ (वि. सं. १८६९) चैत्रशुक्ल पूर्णिमा । स्वस्ति । महाराजाधिराज श्री ३ गीर्वाणयुद्धविक्रम शाहदेवको विजयराज्यमा । यस वेला धामी भाजुनरसिंहले चुग्रोदि खेत. . . .परिरहेकोमा काजी भीमसेनमार्फत राजामा विन्ति पारेर. . . .दिइयो । धामी भाजुनरसिंह, धमिनी धन्तलक्ष्मी दुवै स्त्री पुरुषको चित्तमा धर्मभावना पैदा भएको हुँदा चुग्रोदीको सो खेत र अरू दश रुपिया श्री ३ गण्डकीभैरवीलाई चढाइयो ।

यो खेत कमाउनेले नुवाकोट गाउँसम्म आई गुठियारलाई १६ मुरी (धान) बुझाउनू । यसको आयस्ताले नुवाकोट गाउँमा द्वितीयाको दिन देवको खटमा एउटा बोकोसहितको पञ्चोपचार पूजा गर्नुपर्छ । भित्री पूजामा भाग लिन पाउने १५ जना, खंवाहार भण्डारी गरी दुइ जना, जग्रोला खग्रोला २ जना, सुवाल २ जना, भरिया २ जना, देवताको खट बोक्ने ३१ जनालाई धर्मशालामा 'चाकुमधि' (मिठाई) दिई. . . .पान गराउनु पर्छ । गाउँमा 'पोसक' को दिन सत्तलमा पञ्चहरूलाई साखती (सखरको शर्वत) खुवाउनुपर्छ ।

दानपति जजमानका थाकुसिंह, राजमानसिं, जवरसिं, छोरा गोविन्दसिंह, भाइ हरिसिं यति सकल परिवार छोरा नातिको आदि, मध्य र अन्त्यमा संसार रहुन्जेल शुभ मङ्गल कल्याण होस् । यो दानमा कसैले बिगार गरे भने महापाप लाग्छ । गुठियारहरूले सपार्ने कोशिश गर्नुपर्छ । शुभ । . . . .

(५३)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरको भित्री खटको छानामा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रम संवत् १८७१ दिइएको छ ।

'प्राचीन नेपाल' अंक १३ को ३९ पृष्ठमा शंकरमान राजवंशीद्वारा यो प्रकाशित भएको छ ।

१. **श्रीमद्‌गीर्वाणयुद्धेन नृपेणाराधिता परा । प्रसन्ना भैरवी देवी युद्धे दत्तां जयं सदा । स्वस्ति श्रीसम्वत् १८७१ साल मिति आषाढ वदि ११ रोज ३ श्रीभैरवी प्रिति सुवर्ण छाना श्रीमन्माहाराजाधिराज गिर्वाणयुद्धविक्रमसाह विजयराजे श्रीजर्णेल भिमसेन थापा मार्फत धामि भाजुनरसिं शुभम् ।।**

संस्कृत भागको अनुवाद

राजा श्रीगीर्वाणयुद्धविक्रम शाहले आराधना गरिएकी देवी भैरवीले प्रसन्न भई लडाईंमा जितबाजी देऊन् ।

(५४)

देवीघाटको अभिलेख

देवीघाट बजारको चौघरे सत्तलको भित्तामा एउटा शिलापत्र टाँसिराखिएको छ। त्यसमा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १८७२ दिइएको छ।

१. श्रीभैरव्यै नमः। नेत्रागाष्टमहीतविक्रमशके चैत्रे वलक्षे विधौ, तिष्ये शम्भुतिथौ त्रिशूल–
२. गिरिजाश्रीगण्डकीरोधसि गोर्षाभूपतिमन्त्रिबंधुतनयश्रीफौदवीराभिधेनागा–
३. रं परभैरवीपरिसरे सद्भक्तितो निर्मितम् ॥ ॥ अथ देशभाषा ॥ ॥ सम्वत् १८–
४. ७२ साल मिति चैत्र शुक्लका तिष्यनक्षत्रले र सोमवारले युक्त भयाका
५. अष्टमिका दिन त्रिशूलगण्डकीका तिर विषे श्रीभैरवीका नजीकमा
६. श्रीगोर्षेश महाराजाका काजी बंधु रानाका पुत्र श्रीकाजी फौदवीर रानाले
७. भक्तिपूर्वक चौघरे गरि सत्तल बनाऔं। यस पौवाको गुठिके आम्वोटचा षेत मुरि ६० ऐ पिप्पल्या षेत
८. मुरि ४० डम्मा १०० राष्यौ. यस जगाका उपजनिले वर्षबंधन लेषावमोजीम गुठि चलाउनु चैत्र शुक्ल ८ का दिन पौवा–
९. मा होम गर्नाके धान मुरि २ देविजात्राका पूजा र रांगो बोका सराजाम गैह्रके धान मुरि ६।१० भोज षुवाउन्या सराजामके
१०. धान मुरि ४ झ्याल थाममा लाउना र जात्राका रात १ चण्डिपूर्ण्या रात १ माघ्यासंक्रान्ति रात १ मा दलुमा बाति बा–
११. लनसमेतके तेलके धान मुरि २।१० चण्डिपूर्न्या १ माघ संक्रान्तिका पुजाके धान मुरि १ नित्य सालीकमा आ–
१२. रति बालनाके घिउ धार्नि २ के धान मुरि २ नित्यपूजालाई चन्दन अक्षताके धान मुरि २ पौवालिके धान मुरि
१३. १० पौवा बिग्रदा बनाउना निमित्य सालिना जगेराके धान मुरि ४।१० यस काममा गुठियार-ले लेष्याबमोजिम गु–
१४. ठि नचलाया श्रीभैरवीको कुदृष्टि होला ॥ स्वदत्तं परदत्तं वा यो हरति वसुंधरा, षष्टीवर्ष-सहस्राणि विष्टायां
१५. जायते कृमि ॥ यस गुठिमा जसले बिगार्नामा पसला तसलाइ पंचमहापातक लागला ॥ शुभम्
१६. नवाकोट ठुलिब्यासि लवहुको षेत हो। फौदविर राना, ज्वाला नन्दा त्रिविर्‌राना बुद्धिमती षड्विर राना हेमता सरवर्सि राना लक्षिमा रनविर राना बुकिला

संस्कृतभागको अनुवाद

वि. सं. १८७२ चैत्र शुक्ल अष्टमीमा त्रिशूली गण्डकीको किनारमा गोरखाका राजाका काजी बन्धु रानाका छोरा श्रीफौदवीर भन्नेले भैरवीस्थानको नजीकै भक्तिपूर्वक सत्तल बनाए।

(५५)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरको पछाडिपट्टि झुण्ड्याइएको घण्टामा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १८७४ दिइएको छ।

श्रीमानसिंह इह रावतवर्य आसीत्ख्यातः सुतोस्य सहदेव इति प्रसिद्धः। तस्यात्मजो बदलसिंह उदारकीर्त्तिः श्रीभैरवीमुद इहार्पितवान् स घंटाम् ॥१॥ वर्षेब्ध्यगाष्टकु १८७४ मिते खलु विक्रमीये शुक्ले दले रविदिने बहुलर्क्षयुक्ते। यातेष्टमे दिनपते विहराशिमद्धा घण्टार्पिता विमलकार्त्तिकपूर्णिमायां ॥२॥

अनुवाद

यहाँ नाउँ चलेका मानसिंह रावत भए। उनका छोरा नाउँ चलेका सहदेव भए। तिनका छोरा ठूलो कीर्ति फैलिएका बदलसिंहले श्री भैरवीलाई प्रसन्न पार्न यहां घण्टा चढाए ॥१॥

वि. सं. १८७४ कार्तिक शुक्ल पूर्णिमा आदित्यवार, ८ गतेको दिन घण्टा चढाइएको हो।

(५६)

रातो मछिन्द्रनाथको अभिलेख

नुवाकोट त्रिशूलीबजारमा एउटा रातो मछिन्द्रनाथको मन्दिर रहेको छ। सो मन्दिरमा रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ नेपालसंवत् ९४१ दिइएको छ।

१. ॐ नमो श्रीआर्य्यावलोकृत्यश्वलाय रस्तु ॥ पद्मप्रलगतनार्थं पद्महस्तं जताध्वलं
२. श्रीआर्य्यावलोकृतेश्वल नमोस्तु ते ॥ श्रीअद्यत्यादि ॥ स्वस्ति श्रीमन्महालाजाधिला–
३. ल लाजचक्रचोडामनिनलनालायेन श्री ३ राजराज्येन्द्रविक्रमसाहदेव–
४. विजयराज्येः शुभसंवत् ९४१ म्ति माघमास्य कृस्नपक्षे पंचमियां तिथौ स्वातिनक्षेत्र–
५. रे वृदिजोगे जथाकर्णमोहतरे वृहस्पतिवालसले कुम्भरासिगते सवीतले तुल–
६. रासिगते चन्द्रमसि ॥ थ्व कुन्हु नओक्वत गामस बसरपा चोवह्म कासिपग्वत्रया भा–
७. जुराम, भाजुरामस्य भार्य्या तधिमयजु पूर्व्व भार्य्या इन्द्रायनि कनेस्त भातृ गंगारा–
८. म भाजुरामस्य पुत्र लक्ष्मिनारायनस्य भार्य्या जयेलक्ष्मि तस्य भार्य्या पंचाथकु पुत्र
९. रामनारायन द्वितृय पुत्र जोगनारायन तृतिय पुत्र दिर्घनारायण....स्व–
१०. करक्ष्मि कनेस्त पुत्र दूगारक्ष्मि थुति समुचयन धर्म्मचित्र उत्पति जुयाओ सागु–
११. नामहतस श्रीपुण्यात्मा लक्ष्मिनारायन भारोन श्री ३ आर्य्यावरोकृतेस्वर करु–
१२. णामय देओ दयका जुलो फरि धर्म्मचित्र उत्पति जुआओ नितपाह्लनर देओर सूव–
१३. र्ण्णया चूदामनि आरोहन यानाओ देओल दयका प्रतिथा याना जुलं थ्व देओलस नि–

१४. ते पूजा यास्यात वर्ष प्रति बूसाधन याययात वयवसान हनेयात ज्यूनि श्री ३ रा–
१५. ज्यन्द्रविर्क्रमसाहादेव मोहोलतंका २०१ नि सर छतका थुलि दान यं तया जुल ख्वतिया
१६. पून्यन लक्ष्मिनारायेन प्रभितृ सकल परिवारया ग्रस्तमहा भये फूतकाम्रो षट
१७. पारंगम्रोमा दयेमा चतुवर्ग फल रानाम्रो स्वंगुगु तृरत्नया पदवी शाक्षात् लाक
१८. जुरं, थुग्व रोकस शुष संपति रातका वानिज राभ दयकाम्रो ग्रन्तकर्ण्णस श्री ३ ग्रार्य्या–
१९. वरोकृत्यशोर करुनामयेमा पूत्रसमान जन्म जुम्रोने फयमा जुरो ध्वो देम्रो दे–
२०. म्रोर शुनान रोभ यानाम्रो स्यनकियुम्रो वह्ययात पंञ्चमहापातक लाक जुलं नि–
२१. र्मान याकह्ययात श्री ३ करुनामयेया शुदिष्टि लाक जुल, मंगलं भवन्तु शुभ

अनुवाद

श्रीआर्यावलोकितेश्वरलाई नमस्कार ।....पद्मपाणि (हातमा कमल लिएका) श्रीआर्यावलोकितेश्वरलाई नमस्कार । आज इत्यादि ।

कल्याण होस् । श्रीमहाराजाधिराज, राजाहरूको समूहमा शिरोमणि, नरनारायण श्री ३ राजराजेन्द्रविक्रम शाहदेवको विजयराज्यमा ।

ने. सं. ९४१ (वि. सं. १८७७) माघ कृष्ण पञ्चमी, वृहस्पतिवार स्वातिनक्षत्र, वृद्धियोग, पर्नुपर्ने करण मुहूर्त परेको वेलामा, कुम्भराशिमा सूर्य गएमा, तुलाराशिमा चन्द्रमा गएमा, यस दिन नुवाकोट ग्राममा बस्ने काश्यप गोत्रका भाजुराम, उनकी पत्नी तधिमय्जु जेठी स्वास्नी इन्द्रायणी, भाइ गङ्गाराम, छोरा लक्ष्मीनारायण उनकी स्वास्नी जयलक्ष्मी पंचाथकुं, छोरा रामनारायण माहिला छोरा जोगनारायण साहिला छोरा दीर्घनारायण....कान्छा छोरा,... यति सबैको मनमा धर्म गर्ने इच्छा भएको हुँदा सांगुबजारमा धर्मात्मा लक्ष्मीनारायण भारोले श्री ३ आर्यावलोकितेश्वर देवता स्थापना गरे । फेरि धर्मचित्त पैदा भएको हुँदा सुनको गजुर हाली ....देवल बनाउनलाई प्रतिष्ठा गरे । यस देवलमा नित्यपूजा गर्न, प्रतिवर्ष बुसाधन गर्न, अरू आवश्यक काम गर्न श्री ३ राजेन्द्रविक्रम शाहदेवका रुपिया २०१ दुइ सय एक गुठी राखे ।

यस पुण्यले लक्ष्मीनारायण आदि सबै परिवारलाई अष्टमहाभयबाट मुक्ति मिलोस्; षट्पारमिता प्राप्त होस्; चतुर्वर्गफल प्राप्ति होस्; तीनै त्रिरत्न (बुद्ध, धर्म सङ्घ) को पदवीको साक्षात्कार होस् । यस लोकमा सुख-सम्पत्ति प्राप्त भई व्यापारमा लाभ भई परलोकमा श्री ३ आर्यावलोकितेश्वरका छोरा समान भई जन्म लिन पाओस् । कसैले लोभ गरी यी देवता र देवल बिगार्‍यो भने त्यसलाई पञ्च महापाप लागोस् । जीर्णोद्धार गर्नेमाथि श्री ३ करुणामयको सुदृष्टि परोस् । मङ्गल होस् ।

(५७)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरको एउटा ताम्रपत्रमा यो अभिलेख कुंदिएको छ । यहां विक्रम संवत् १८८० दिइएको छ । खिइसकेकोले केही भाग अस्पष्ट छ ।

१. स्वस्ति श्रीशाके १७४५ सम्वत् १८८० साल मिति मा–
२. घ शुदि २ रोज ३ परसु. . . .ले आफ्ना
३. षसमको छोराको नाउमा. . . .चह्लाया–
४. का भाडा थान १३–

तपसील

ढाल १ पानस १ थाल १ डारु १
तरवार १ कोपरा १ लोटा १ पनिउ १
. . . .१. . . . १ तषला १ झारि १
. . . .१

(५८)

रणोद्योत शाहको अभिलेख

देवीघाटपारि रणभुवनेश्वरस्थानमा रहेको घण्टामा यो अभिलेख कुंदिएको छ । यहाँ विक्रमसम्वत् १८८२ दिइएको छ ।

'प्राचीन नेपाल' अंक १३ को ३९–४० पृष्ठमा शंकरमान राजवंशीद्वारा यो प्रकाशित भएको छ ।

१. स्वस्ति श्रीशाके १७४७ सम्वत् १८८२ मिति मार्गकृष्णदशम्यां तिथौ हस्तनक्षत्रे सौभाग्ययोगे सोमवासरे तस्मिन् दिने श्री ५ रणभूवनेश्वर प्रिति गरी श्रीरणोद्योतसाह श्रीभुवनकुमारी देवीले चह्लायाको घंट हो । शुभम् ॥

(५९)

रणोद्योत शाहको अभिलेख

देवीघाटपारि रणभुवनेश्वरस्थानमा रहेको शिलापत्रमा यो अभिलेख कुंदिएको छ । यहाँ विक्रमसम्वत् १८८५ दिइएको छ ।

१. श्रीगणेशाय नमः ॥ ॥ गोरक्षाधीशवंशेन्दु : पृथ्वीनारायणाह्वयः । राजाभूद् यः पदाक्रम्य जहार बलि–
२. सम्पदम् ॥१॥ पुत्रः प्रतापसिंहोस्य प्रतापेन यशःश्रिया ॥ दुर्निरीक्ष्यो रविरिव ग्लौरिवानन्ददो ह्यभूत् ॥
३. २॥ सौन्दर्ये पुष्पधन्वा यशसि रघुपतिर्धार्मिकत्वे ययातिर्दाने कर्णो धनेशो धनभरभरणे धर्मर–
४. श्मिः प्रतापे ॥ कालः शत्रुप्रहारे वचसि सुरगुरुः शासने धर्मराजः कुर्वन्मोदं जनानामजनि रणबहादू–

५. रनामास्य पुत्रः ॥३॥ आस्ते तस्यात्मज इह पुनर्देवभूदेवसेवानानाशास्त्रश्रवणविधुतान्तर्मल :
६. सत्यसंधः ॥ कालं क्षेप्तुं विविधसुकृतैः कर्मभिः संप्रवृत्तो गोरक्षेशक्षितिपतिहितः श्रीरणोद्योतव–
७. र्मा ॥४॥ तेनासारमयं विलोक्य वसुधावार्यादि जातं जगत्सारं चैव परम्परेशभजनं तन्मे कथं स्यादिति
८. ॥ चिन्ताव्याकुलमानसः स तु सदा विश्वेश्वराराधनासक्तस्तस्य मतिः कदाचिदभवद् देवप्रतिष्ठापने ॥५॥
९. लब्धं तेन तदैव दैवकृपया लिङ्गं पुनर्नार्मदं दिव्यं शर्मदमस्य कुत्र विधिना कार्या प्रतिष्ठा मया ॥ एवं क्षे–
१०. त्रशतं निरीक्ष्य परमं क्षेत्रं महद् भैरवं निर्णीयापि तदादरात् स चकमे तत्रेश्वरस्थापनम् ॥६॥ विषं
११. पीत्वेशानस्तवुदितमहत्तापधुतये गतः प्रालेयाद्रेः शिरसि सितशूलं निहितवान् ॥ ततस्ति–
१२. स्त्रो धारा हिमजलवहास्ताभिरमलं सरः शर्वावासं जनकलुषनाशं समुदभूत् ॥७॥ तस्मात्पु-ण्यज–
१३. ला सरिच्छुभफला सत्कर्महृन्निर्मला दिव्यस्त्रीकुचकुङ्कुमाङ्ककमला जाता हि माहेश्वरी ॥ तस्यां सूर्यमती
१४. समागमपरा यत्र स्थले संगता तत्क्षेत्रं जनताभितापशमनं ख्यातं महद् भैरवं ॥८॥ माहेश्वरी-सूर्यम–
१५. त्योः संगमे भैरवेश्वरः । तिष्ठत्यहर्निशं तस्मात्क्षेत्रं तीर्थं च भैरवम् ॥९॥ तत्प्रत्यग्दिशि चान्तिबिल्वपनसा–
१६. म्रादिद्रुमैर्भूषिते देशे पुण्यतमे समेतिसुखदे सल्लक्षणैर्लक्षिते ॥ आहूय श्रुतिसिद्धकर्मकुशलान् विद्या–
१७. विदो भूसुरान् पूर्वाङ्गं समकारयन्नृपसुतस्तत्रेश्वरस्थापने ॥१॥ ततो रसयुगाचलक्षिति-मिताङ्कका–
१८. न्ते शके ऋतौ शिशिरसंज्ञके वरतपस्यपक्षेऽसिते॥ करर्क्षधृतियोगशोभितविधौ चतुर्थ्यां तिथौ
१९. द्विजोच्चरितमंत्र मंगलतरे मुहूर्त्ते परे ॥११॥ कृतसुकृतशतेन लभ्यमानं नरपतिसूनुरवाप्य र–
२०. म्य बाणम् ॥ विधिवदभिचकार तत्प्रतिष्ठां रणभुवनेश्वरसंज्ञया वरिष्ठाम् ॥१२॥ तस्मिन् शिक्षितशि–
२१. ल्पिकल्पितमथो देवालयं सुन्दरं निर्मायाशु समन्ततोतिसुषमैर्धर्मालयैरावृतम् ॥ कृत्वा तत्र त–
२२. तो हिरण्यकलशारोपं च भूपात्मजस्तस्योत्सर्गमथाकरोत्स विधिना श्रीशंकरप्रीतये ॥१३॥ कृ–
२३. त्वा संसारकूपोद्धरणपटुतरां बाणलिंगप्रतिष्ठां संतुष्टो भूपपुत्रः स्मरहरचरणप्रेमरक्तः स–
२४. दाभूत् ॥ प्रीतो भूपालजाय त्रिदशपतिरसौ कर्मणानेन देवः सस्त्रीपुत्राय कामं वितरतु गिरिशः
२५. श्रीरणोद्योतनाम्ने ॥१४॥ कर्मण्यस्मिन् संनियुक्तान् शिल्पिनोधिकृतांस्तथा ॥ प्रीतोसौ देवदेवेशः

२६. शिवो भूयाच्छुभंकरः ॥१५॥ फिर्क्याप श्रीदेवीमा श्रीरणभुवनेश्वर महादेवको पटि बेलको–
२७. टका अम्वलमध्ये सेरौं नौबिस्या षेतमुरि १०० तस्को साध पूर्व ठाडो आलि कुलो तेर्छो आलि ठाडो आलि
२८. र कुलाका डिलको सांधलुहुकोल दक्षिण रैंकर कुलाको डील सांध लुहुकोल पश्चिम रैंकर आलि र कुला–
२९. को डील सांध लुहुंकोल उत्तर कुलो र रैंकर आलि साध लुहकोल एति चारकिलाभित्रको जगा श्री–
३०. रणभुवनेश्वरका नित्य नैमित्तिक पूजाको गुठि चढाञा. एस्को उपजनीले नित्य नैमित्तिक पूजा च–
३१. लाउनु लेष्याबमोजीमको जो कोहि घटाउला षंडित गरौला तेसलाई पंचमहापातक लागला
३२. श्रीरणभुवनेश्वरको कोप कुदृष्टि होला जो कोहिले यो गुठिको प्रतिपाल गरि लेष्याबमोजीम चला–
३३. उला तेसलाई श्रीरणभुवनेश्वरको कृपा सुदृष्टि होला पंच महायज्ञको पुन्य होला ॥

तपसील

आमदनी कुत धान मुरि	५०
घिउ षानि रूपैंया ५ चार्दाम ठेकी ।. ज्मा मोहोर रूपैंया	५।–
षर्च धान मुरि	४७।२।
नगद रूपैंया	५।–

(पहिलो लहर)

नित्यपूजाके वर्ष १ के	११।१२।४
अक्षताके धान मु	४।१०
श्रीखण्डके वर्ष १ धा. मु.	१।२।४
धूप वर्ष १ के रू के धान मु	१।०।०
घिउ वत्तिके धानि ५ के रू	५
नैवैद्यके चिहुरा १२। धा	१।०।०
पंचामृत के धान	४।०।०

महके रू ॥ के धा ०।१०।० घिउ धानके
रू १ के धा १।०।० चिनि धा १ के रू १ के
धा १।०।० दुद र दहि के १॥ के धा १।–
१०।० वत्तिका तेलके रू ४ के धा ४।०।०
वत्तिके धागो धा १ के रू २ के धा– २

(दोस्रो लहर)

शिवरात्रिका पूजाके

रुद्रि ग्रा. १ के द ।. के धा ०।४ भेटि ≈ के
धा ०।२।० नरिवल पगरि २ के ≈। के धा ०।२।२
वस्त्र हा ४ के ।. के धा ०।५।० नैवेद्यके ।. के धा ०।५
सिन्दूर सुपारिके ऽ।।। के धा. ०।०।६ ग्रक्षताके
धा ०।०।२ पंचामृतके ≈ के धा ०।२।४ वत्तिके
घिउ तो ६ के ऽ।।। के धा ०।०।६ धुपके ऽ१ के
धा ०।०।२ दीपमालाके तेल कु ३ के रू १ के धा
१।०।० वत्तिके धागो ≈ के धा ०।२।४
वर्ष वंधनका पूजाके ४।४।२
रूद्रि ग्रा १ के द ।. के धान ४।. भेटि ≈ नरिवल
१ के ⁻।। पगरि १ के ऽ।।। के धा. ०।४।२
वस्त्र हा ४ के ।. के धा ०।५।० नैवेद्यके ।. के धा
०।४।० वत्तिके घिउ तो ६ के ०।. . . .के धा
०।०।६ सिंदूर सुपारि के ऽ।।। के धा ०।०।६
वाजेके धा ऽ। के धा ०।०।२ धूपके ऽ। के धा
०।०।२ होमका सराजाम के १।। के धा
१।१ ब्राह्मण–भोजनके रु २ के धा
१।०।० दक्षिणा ।।≈ के धा. ०।१०।० वैशाख
भर जल चढाउन्याके दक्षिणाके
।⁻ के धा ०।५।०
वालि गैह्न २३
पूजाहारिके धान मु ११ पौवालि
१ के धान मु ६ जगेरा धान मु
रि २।१६।६ नगद मोहर रू ।.
स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्ध–
राम् ।। षष्ठिवर्षसहस्राणि विष्टा–
यां जायते कृमिः ।। शुभमस्तु
दमाञ्चि २ के धा. मुरि ६
सम्वत् १८८५ साल मिति ग्राश्विन शुदि १० रोज ६ शुभम्

ग्रनुवाद

श्रीगणेशलाई नमस्कार ।। ।। गोरखाका राजवंशका चन्द्रमा जस्ता पृथ्वीनारायण शाह

राजा हुनुभयो । जसले पाइलाले कुल्चेर बलिको सम्पत्ति हर्नुभयो । (अर्थात् विक्रान्त विष्णुले पाइलाले कुल्चेर बलिराजाको भूमि हरे जस्तै जुन पृथ्वीनारायण शाहले आफूले कुल्चेको जमीन फत्त्य गर्नुभयो ।) ।।१।।

उहाँका छोरा प्रतापसिंह हुनुभयो । जुन राजा प्रतापले गर्दा सूर्य जस्तै अरूले हेर्न नसकिने हुनुभयो; यश कीर्तिले गर्दा चन्द्रमा जस्तै आनन्द दिने हुनुभयो ।।२।।

उहाँका छोरा रणबहादुर शाह हुनुभयो; जुन राजा सौन्दर्यमा कामदेव जस्ता, कीर्तिमा रामचन्द्र जस्ता, धर्मात्मापनमा ययाति जस्ता, दान दिनमा कर्ण जस्ता; धनमा कुबेर जस्ता, प्रतापमा सूर्य जस्ता, शत्रुलाई खतम पार्नामा यमराज जस्ता, वचनमा वृहस्पति जस्ता, शासन गर्नामा युधिष्ठिर जस्ता तथा जनतालाई आनन्द दिने हुनुहुन्थ्यो ।३।।

उहाँका छोरा श्रीरणोद्योत शाह हुनुहुन्छ । उहाँ देवता, ब्राह्मणको सेवा तथा अनेक शास्त्र विषयका कुरा सुन्नाले भित्री मल पखालेका, वचन पूरा गर्ने, अनेक धर्मकर्महरू गरी समय बिताउन लागेका, गोरखाका राजाको हित गर्ने हुनुहुन्छ ।।४।।

यो सारा पृथ्वी, जल आदि संसार असार छ; सार कुरा नित्य ईश्वरको भजन गर्नु मात्र छ र सो कुरा मलाई कसरी हुन सक्छ भनी चिन्तित भई विश्वेश्वरको आराधनामा लाग्नुभएका उहाँको मनमा एक दिन देवतास्थापना गर्ने विचार आयो ।।५।।

त्यसै वेला उहाँले देवताको कृपाबाट एक नर्मदातिरमा बनेको दिव्य कल्याणकारी शिवलिङ्ग भेटाउनुभयो र तिनलाई कहाँ विधिपूर्वक स्थापना गरूँ भनी उहाँले सयौं क्षेत्रको निरीक्षण गर्नुभयो । अनि भैरवक्षेत्र नै ठूलो हो भन्ने ठहराई त्यहीं आदरपूर्वक शिवलिङ्ग स्थापना गर्न चाहनुभयो ।।६।।

विष पिएपछि त्यसबाट भएको ठूलो छट्पटी हटाउनाको लागि शिवजी हिमालयको शिरानमा जानुभयो र त्यहाँ त्रिशूल गाड्नुभयो । त्यहाँबाट हिउँपानीका तीनधारा निस्के; ती धाराद्वारा शिवजीको वासस्थानस्वरूपको, मानिसको पाप नाश गर्ने, सफा कुण्ड (शिव ल्हुति = गोसाइँकुण्ड) को आविर्भाव भयो ।।७।।

त्यस कुण्डबाट पवित्र जल भएको, शुभ फल दिने,पाप हर्ने, दिव्य स्त्रीहरूले समेत नुहाइने, सफा त्रिशूली गङ्गा निस्किन् । ती त्रिशूलीगङ्गासंग मिल्ने इच्छा सूर्यमती (तादी) लाई भयो र जुन ठाउँमा त्रिशूली र तादीको सङ्गम भयो; जनताको दु:ख हर्ने त्यो क्षेत्र 'महाभैरव क्षेत्र' भनी प्रख्यात भयो ।।८।।

त्रिशूली र तादीको सङ्गमस्थलमा भैरवेश्वर रहेका छन् । यस कारण त्यो क्षेत्र र तीर्थ भैरव क्षेत्र, भैरवतीर्थ कहलाएका हुन् ।।९।।

त्यसको पश्चिमपट्टि. . . .बेल कटहर आँप आदिका रूखहरूले सुहाएको, असल लक्षण भएको पवित्र भएको, आनन्द दिने सम्म ठाउँमा महादेव स्थापनाको लागि वैदिक विधानमा सिपालु ब्राह्मणहरूलाई बोलाएर राजकुमार रणोद्योत शाहले पूर्वाङ्ग गराउनुभयो । ।।१०।।

शकसंवत् १७४६ (वि. सं. १८८१) शिशिर ऋतु फाल्गुन कृष्ण चतुर्थी हस्तनक्षत्र धृतियोगमा, ब्राह्मणहरूको मन्त्रोच्चारणले पवित्र भएको ठूलो मुहूर्तमा ।।११।।

सयौं पुण्यकर्मले मात्र पाइने राम्रो शिवलिङ्ग पाएर राजकुमार रणोद्योत शाहले तिनलाई रणभुवनेश्वर संज्ञा दिई तिनको प्रतिष्ठा गराउनुभयो ।।१२।।

अनि उहाँ राजकुमारले जान्ने कालिगडहरूद्वारा राम्ररी सुन्दर देवालय बनाउन लगाई, त्यसको चारैतिर धर्मशाला बनाउन लगाई अनि त्यस देवालयमा सुनको गजुर राख्न लगाई शिवजी-लाई प्रसन्न पार्न सो मन्दिर अर्पण गर्नुभयो ।।१३।।

संसाररूपी इनारबाट उद्धार गर्न समर्थ शिवलिङ्गको प्रतिष्ठा गरिसकेपछि उहाँ राजकुमार सधैं शिवजीको पाउको सेवामा लाग्नुभएको छ । यस पुण्यकर्मले प्रसन्न भई शिवजीले जहान छोरासहित राजकुमार रणोद्योत शाहको इच्छा पूरा गरिदिऊन् ।।१४।।

यस काममा खटिएका कालिगडहरू, अधिकारीप्रति प्रसन्न भई महादेवले कल्याण गरून् ।।१५।।

(६०)
छरीको अभिलेख

नुवाकोटका द्वारे श्रीगणेशकुमार शाहीज्यूसंग रहेको छरीमा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रमसंवत् १८६७ दिइएको छ ।

'प्राचीन नेपाल' अंक १३ को ४३ पृष्ठमा शंकरमान राजवंशीबाट यो प्रकाशित भएको छ ।

१. श्री ५ वडा महाराज पृथ्वीनारायण शाहबाट राषि बक्सनु भयाको नुवाकोटको छरि, ६७ सालमा श्री ५ युवराजाधिराजको विवाहमा चांदिले बांधिवक्सनु भयाको तयारि चांदि तोला १२।८ मार्फत कपर्दार कुलराज पाँडे शुभम्

(६१)
भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरभित्रको चँदुवामा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रमसंवत् १८९९ दिइएको छ ।

१. **स्वरित श्रीसम्वत् १८९६ साल मिति चैत्र शुदि १३ रोज ४ का दिन श्रीश्रीश्री नुवाकोट भैलवी प्रीति गरि काठमाडौं बसन्या श्री काजी कालुसिं साहिले चादिका चवुवा १ चढाञ्या कसैले लोभानि पापानि गऱ्या महापातक लागला ।। शुभम्**

(६२)

नारायणमन्दिरको अभिलेख

नुवाकोट साततले दरबारअगाडिको नारायणमन्दिरभित्र रहेको बैठकमा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १९०० दिइएको छ।

स्वस्ति श्रीशाक १७६५ सम्वत् १९०० साल मिति फालगुण वदि १५ रोज ८ का दिन श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम साहबाट नुवाकोटमा अघिका रितसित यात्रामा चलाउना निमित्य स्थापना भयाका मार्फत् कपर्दार कीर्त्तिध्वज पांडे

(६३)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १९१३ दिइएको छ।

१. **श्रीगणेशाय नमः नवकोटकी श्री ३ भैलवीको पूजाको स्वाद्राम चामल १ कोत १ वाहा वू १– लोच**
२. **तापचा १ पती २ सिन्द मु १ पुजालाई वोका १ वर्षवन्द पूजा गरि खानु— सको अगावा. .**
३. **कुन्हु चा वु रोपनि १ एस्को वालिले पूजा सालिन्दा गर्नु सागु वजारका पुनाला भाञ्याङ वुल–**
४. **क्ष्मिले चधाया ज्येष्ठ पुत्र चन्द्रभिर दुतिय पुत्र रतनवीर वषवन पूजा चढाउन श्री साके १७७८**
५. **संवत् १९१३ मिति कात्तीक शुदि ५ मा पानसमा वत्ति वाली पूजा गर्नू**

(६४)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रम संवत् १९१३ दिइएको छ।

१. **श्रीगणेशाय नमो ।। नवाकोट श्री ३ भैरवि प्रिति सागु वजारका पुनारां भाज्र्या इन्द्र**
२. **लक्षिमि पुत्र उजिरसिं पुतृ लतन विर पौउत्र रामनरसिं, लक्षिमिनरसिं, पुत्रभाज्र्या मय–**

३. जु धंपति जाहान मिरिकन चधायाका गागरि १ तावाका वाता १ पाथि १ माना १ आधा मा–
४. ना १ संधोस १ थाल २ वाता १ कसँरि १ कोपरा १ ताउलो २ लोता १....
५. लिक षोरा २ सुरहि १ नग्रा १ सुति १ घंथा दारू पनि २ सिकदा १ वतुको २ थकु पिचा १ तुरा १ तापके १
६. ––तखा १ कातारि १ षुषुरि १ षुरुपा १ कोदाली १ वचोर १ हसिया १ सुम्रानि १ पचका १ कुतो १ कोदाली
७. १ काता १ यति भाराह कसैले लोभानि पापानि नगरनु संवत् १९१३ मिति कार्त्तिक सुदि पूर्नमा दिन

(६५)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रम संवत् १९१६ दिइएको छ।

१. श्रीसाके संम्वत् १७८१ श्रीसम्वत् १९१६ साल मिति माघ शुदि ५ रोज ७ मा नुवाकोटको भैरवी
२. श्रीघाटकी देवी श्रीनारायणी प्रीतिलाई पण्डीत बाज्या सत्यधर अर्ज्याल सासु पद्मकुमारि देवी
३. वावा गजाधर नेपाल खसम् विस्नुदत्त पण्डीत अर्ज्यालकी व्राह्मणी चन्द्रकुमारि देवी–
४. ले आफनु वीर्ता नीजको अंस पूर्व वरको वोट् पछिम् आपको वोट उत्तर तेर्छो वाटो
५. दषीन पुर्छा कुलो उभो पिपलको वोट यति भित्रको जगा म चन्द्रकुमारीले श्रीभैरवी
६. घाटको देवी श्रीनारायणी प्रीति गरी त्यस वारिका उपजनीले वर्षवन्धन पुजा गर्नु फु–
७. लले नित्य पुजा गर्नु वाँकि रह्याको पुजा गर्न्याले खानु अणी म चन्द्रकुमारिले गुठ निमित्त
८. फुलवारि संकल्प गरी चढाऔ यस धर्ममा जसले लोभानी पापानी गर्ला उसलाई पंच
९. माहापातक लागला यो पत्र हुदाका साछि नीज गाउको द्वान्या दण्डवीर साहि धामि जीत–
१०. मानसिं सुमन्त वाडा प्रोहित नरोत्तम आचार्य छोरो छविरतन छोरि उमादेवी शुभम्

(६६)

भैरवस्थानको अभिलेख

नुवाकोट भैरवस्थानमा एउटा खट रहेको छ। सो खटको छानामा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १९३६ दिइएको छ।

१. सम्वत् १९३६ साल चैत्र सुदि १७ रोज ७ मा स्वस्ति श्रीमद्दतीप्रचण्डभुजदण्डेत्यादि

श्रीश्रीश्रीमहाराजा रणउद्दीपसींह राणा वहादूर के. सी. येस. ग्राइ. थोङ लिङ पिम्माको कान् वाङ स्याङ पाइम्मीनीष्टर याण्ड कमाण्डर

२. इन चीफबाट नुवाकोट श्रीभैरवको जात्रा गर्न्ये षट् पुरान् हुँदा जिर्नउधार गरी नञाँ बनाइ श्रीभैरव पींती गरी चढाई वक्स्याको शुभ्भ ॥

(६७)

धर्ममुक्तेश्वरको ग्रभिलेख

देवीघाटपारि धर्ममुक्तेश्वरस्थानमा एउटा शिलापत्र रहेको छ। त्यसमा यो ग्रभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १९४३ दिइएको छ।

ग्रभिलेख कुँद्नेले निकै ग्रशुद्धि पारेका छन्।

१. श्रीगणेशाय नम ॥ श्रीधर्ममुक्तेश्वरमहादेवाय नमः ॥ श्री युग्वंशे द्विजश्रेष्ठ ग्रासीदात्रेय-गोत्रके। पौडघालेत्युपसंज्ञो हि ज्ञानवान् सत्य–

२. सङ्गरः ॥१॥ हरिनारायणश्चेति प्रथितोजनि बुद्धिमान्। तत्पुत्रो लक्ष्मणाख्यस्तु बभूव गुणवत्सलः ॥ २॥ जयनारायणो नाम्ना तत्पुत्रोजनि बुद्धि–

३. मान् ॥ तत्पुत्रोभूद् धर्मदत्तो नाम्ना गुरुहिते रतः ॥३॥ लब्धप्रतिष्ठो राज्ञः स खरिदारे-तिसंज्ञया ॥ दयायुक्तः सत्यवादिवंशे दिप इवापरः ॥४॥ सदा स्व–

४. धर्मनिरतो देवपूजनतत्परः। नेपाले चान्यदेशेपि प्रथितोभूत्स धार्मिकः ॥५॥ ग्रनेकभोगं भुञ्जानो भोगान्ते श्वयथुंगत : ॥ ततो बुध्वा स्वभोगस्य

५. क्षयं ज्ञानी स पण्डितः ॥६॥ सपुत्र पौत्रसहित ग्रार्य्यातिर्थमशिश्रयत् ॥ श्रीवाङ्मति यत्र लसत्तरंगिणी विराजते निर्जरवृन्दबन्द्या ॥ पापौघनाशे कुश–

६. लामृतं पयो यस्या निदानं वदनं शिवस्य ॥७॥ भुवनेषु च सर्वेषु तिर्थराजं भवप्रियं ॥ हिम-वत्खण्डे माहात्म्ये वर्णितं मुनिर्भिबंहु ॥८॥ ततः कालवशं प्रा–

७. प्तमात्मानं ज्ञातवान् बुधः। शिवलोकं गन्तुकामः शिवलिङ्गप्रतिष्ठया ॥९॥ सूर्य्यमत्या समीपस्थे देवीघाटाख्यतिर्थके ॥ त्रिशूलिगंगयामेध्य फिर्क्या–

८. पिति प्रसिद्धके ॥१०॥ शिवलिङ्गस्थापनन्तु करिष्यामीति मे मतिः ॥ निश्चित्य मनसेत्येवं नेत्राब्ध्वङ्केन्दुहायने ॥११॥ भाद्रशुक्लस्य राकायां सङ्कल्पं कृत–

९. वान् कृति ॥ शिवलिङ्गप्रतिष्ठाया तदकृत्वैव पुण्यवान् ॥१२॥ ग्रार्य्यातिर्थे व्रह्मनाले वाङ्मति-जलशोधिते पूते पाशुपतक्षेत्रे ज्योतिलिङ्गाद्यधि–

१०. ष्ठिते ॥१३॥ भूतेश खण्डपरशो गिरिजायुतार्द्ध श्रीकण्ठ दिग्वसन भक्तजनार्त्तिहन्तः। ॥ ब्रह्मादयोपि न विदुः पदवीं यदीयां गेहान्धकूपपतितो–

११. न्तरणावलम्बः ॥१४॥ इत्थं वदन् धर्मदत्तः कालधर्ममुपेयिवान् ॥ ग्रथास्य धर्मपत्नि सा साध्वी पुत्रोपि धार्मिकः ॥१५॥ खरीदारो मुक्तिनाथो जनपि–

१२. तृहिते रतः । देविघाटाख्यके तिर्थे गत्वा सुरिजनैर्वृतः ॥१६॥ महीयतां पिता मेद्य शिवलोके सुरक्षिते ॥ इति निश्चित्य मनसा वह्निवेदाङ्गसोमके

१३. ॥ हायने वैक्रमे माघे द्वादश्यां शुभलग्नके ॥१७॥ स्थापनं कृतवान् भक्तया धर्ममुक्तेश्वरेति च ॥ नाम्ना शिवस्य लिङ्गस्य पार्पेधो जातवेदसः ॥

१४. १८॥ ॥ अतः परं नैपालिकि भाषा ॥ ॥ सम्वत् १९४३ साल माघ शुक्ल १२ रोजमा स्थापना गरिएका श्रीधर्ममुक्तेश्वर महादेवका नित्यं नैमित्यक पर्व पूजा आरति–

१५. के र श्रीधर्ममुक्तेश्वर माहादेवका पुजाहारि षानगीस्मेत् तपसिलमा लेषिया बमोजिमका षर्चलाई भनी वितलव फिक्र्यापका अम्वलमध्ये श्रीचौतरीयासाहेवबाट हामिलाई विर्ता वक्स्या–

१६. को षेत मुरि १।१० मध्ये नौविसे कट्टि षेत मुरि दसको सांध पूर्व श्रीचौतरीया साहेवका वितलप षेतको आलि दक्षिण पश्चिम उत्तर हाम्रा विर्ता षेतको साध इशान

१७. श्रीइष्टदेवताका गुठीषेतको आलि दफे सोहि नौविसे कट्टि दस मुरिको लिगटार षेतको साध पूर्व श्री चौतरीयासाहेवका वितलवषेतको आलि दक्षिण हाम्रा विर्ताको आ–

१८. लि पश्चिम उत्तर श्री चौतरीया साहेवका वितलप षेतको आलि साध येति ४ किल्लाभित्रको षेत मुरि ।१० दफे निज वितलप फिक्र्यापका अम्वलमध्ये हाम्रो किनुवा वि–

१९. र्ता षोले वेसिषेत मुरि ।१५ तस्को साध पुर्व श्रीनाथ कम्पूका सुवेदारिषानगी षेतको साध. दक्षिण कम्पूका षेतको कुलोको उपल्लो डिल. पश्चिम प्रोहितका

२०. ठाउ विरौटाको पर्षालको डिल् उत्तर तेर्सो गल्लि पर्षालको डिल साध येति ४ किलाभित्रको षेत मुरि ।१५ पंध्र ज्मा ३ ठाउ गरि षेत मुरि पचिस ।२५

२१. श्रीधर्ममुक्तेश्वर माहादेवका नित्य नैमित्यक पुजा र पर्वपूजा पुजाहारि षानगीलाई स्मेत गुठि राषि श्रीधर्ममुक्तेश्वर माहादेव प्रिति गरि चढाञ्यौं. सो षेत मुरि पचिस ।२५ का उपजनिले तपसि–

२२. लमा लेषिया बमोजिम नित्य नैमित्यक पर्व पुजा र पूजाहारिलाई जागिर स्मेत वर्ष प्रति खर्च चलाउनु जो कसैले यो गुठिमा घटाई पूजा खण्डित गर्ला त–

२३. स्लाइ पंच महापातक लाग्ला श्रीधर्ममुक्तेश्वर माहादेवको कोप कुदृष्टि होला. जो कसैले वढिया रितसंग लेखिया बमोजिमको खर्च लगाइ पुजा गर्ला तसलाइ अ–

२४. क्षय पुण्य होला श्रीधर्ममुक्तेश्वर माहादेवको कृपा सुद्रिष्टि होला स्वदत्तां परवत्तां वा यो हरेच्च वसुंधरां ॥ षष्टिवर्षसहस्राणि विष्टायां जायते कृमि ॥ ॥ शुभम्

तपसिल

आम्दा नि जगाको उपजनि रू. . . .

आसामि –	षेत मुरि.	कुत धान्.	घ्यू षानी मोरू.	चार्दाम ठेकी पै रू
नौविसे	।१०	६।१५	।.	╯।
षोले वेसि	।१५	६।–	।।.	╯।

आम्दानी जगाको वेजिदर्दाम

कुत धान् मुरि १२।१५ के दर ।१० ले मोरू	२५॥.
घ्यू षानि मोहर रू	॥.
चार्दाम ठेकीको पैं रू. =॥ कें मोरू	⌐॥२
	२६।⌐॥२
तेमध्ये खर्च ज्मा रू	२६।⌐॥
नित्य साज विहान पुजाके वर्ख १ के मोह् रु	८
अक्षताके दर दिं १ के चावल मुठि १॥ ले पाथि ।८ के दर ।४ ले मोरू	=
दिप आर्तिके घ्यू वतिके मोरू	१
नैवेद्य घ्यू च्यूराके धान १। के द्र ।१० ले मोरू	२
श्रीखण्डके मोरू	१
पञ्चामृत के मोरू	१
अष्ट सुगन्ध धुपके मोरू	१
धुपके मोरू	॥
घ्यूके मोरू	॥
शिवरात्रिका पूजाके पैसा रू	१॥=॥
रुद्रि आवृत्ति १ दक्षिणा पै रू	।.
सुपारि गोटा १२ के पै रू.	ऽ॥
दिप वालनाके तेल ठकुति २ के पै रू.	।=
नरिवल पगरि जोर १ के पै रु	≡॥
पञ्चामृतके पै. रू	⌐॥
घ्यू तोलाके पै रू	⌐।
नैवेद्य रोटी पंच पक्वान्न के.पै रू	।≡
भेटिके पै रू	−
वस्त्र हात २ के पै रू	।≡
सिधुरके ऽ॥ धुपके ऽ॥ ज्मा पै रू	−
अक्षेता चावल ।.।१ ले पै रू	ऽ॥
वत्ति धागोके पै रू	ऽ॥
माघशुदि १३ रोजमा वर्ष वन्धनका पूजा सराजामके रू	४।≡॥
नरिवल पगरि जोर १ के पै.	≡।
सुपारि गोटा १२ के पै रू.	ऽ॥
धुपके पै रू	ऽ॥

रूद्रि आवृति १ के पैं दक्षिण पैं रू	।.
वत्तिके धागोके पैं	ऽ।
सिधुरके पैं रू	ऽ॥
घ्यूतोलाके पैं	-।
वस्त्र हात २ के पैं	।≡
होमका सराजाम के मो रू	१
नैवेद्य रोटिके पैं रू	।≡
भेटिके पैं रू	-।
व्राह्मण जना ५ के भोजन सराजामके मो रू	१॥
ऐ जना ५ के दक्षिणा द्व २ ले मोरू	॥=
वैशाक मैन्हाभर जल चह्राउनेके दक्षिणा मो. रू.	॥.
पूजाहारि व्राम्हणके वर्ख १ के वाली धान मुरि६।. के दर ।१० ले मोरू १२ ज्मा मोरू	१२॥
षर्चको वेंजिदर्दाम्ले मोहर रू	२३॥=
पैसा १६ गंडी रू २॥≡॥के २५ गंडीले मोरू १॥। ज्मा मोह रू	२५।=
वाकि जगेरा मोहर रू	॥।≡॥

॥ ॥ मिति सदर शुभम् ॥ ॥

संस्कृत भागको अनुवाद

श्रीगणेशलाई नमस्कार। श्रीधर्ममुक्तेश्वर महादेवलाई नमस्कार। आत्रेयगोत्रमा ज्ञानी, वचन पूरा गर्ने, बुद्धिमान्, नाउँ चलेका हरिनारायण पौडेल भए। उनका छोरा गुण चिन्ने लक्ष्मण भए ॥१–२॥

उनका छोरा बुद्धिमान् जयनारायण भए। उनका छोरा गुरुको हित गर्ने धर्मदत्त भए। उनले राजाबाट खरिदारी दर्जा पाएका थिए; उनको इज्जत थियो; उनी दयालु सांचो बोल्ने, कुलको इज्जत बढाउने, सधैं आफ्नो धर्ममा लागेका, देवताको पूजामा लागेका, धर्मात्मा नेपालमा र अरू देशमा समेत नाउँ चलेका थिए ॥३–५॥

अनेक किसिमका भोग गर्दै उनी अन्त्यमा जीउ सुनिने रोगले ग्रस्त भए। अनि ज्ञानी ती पण्डितले आफ्नो भोगको अन्त भएको देखी छोरा नाति साथ लाई आर्यघाटको आश्रय लिए। जहाँ देवताहरूले पनि ढोगिने वाग्वती नदी बहन्छ। जुन वाग्वतीको पानी पापहरू नष्ट पार्न समर्थ छ, जुन वाग्वती शिवको मुखबाट निस्केको छ। पृथ्वीका तीर्थमा महादेवको प्रिय चाहिं असल तीर्थ यो छ भनी जसको माहात्म्य हिमवत्खण्डमा मुनिहरूले धेरै गाएका छन् ॥६–८॥

अनि आफ्नो काल आएको थाहा पाएर ज्ञानी ती धर्मदत्तले शिवलिङ्ग स्थापना गरेर शिवलोकमा पुग्ने इच्छाले तादीको नजीकै त्रिशूली गङ्गाले पवित्र भएको देवीघाट भन्ने तीर्थनिर

फिक्र्याप भन्ने ठाउँमा शिवलिङ्ग स्थापना गर्ने विचार मनमनै गरे। यसरी मनमा निश्चय गरेर वि. सं. १९४२ भाद्र शुक्ल पूर्णिमाको दिन उनले यस कुराको संकल्प गरे। तर शिवलिङ्गको प्रतिष्ठा गर्न नपाउँदै धर्मात्मा ती धर्मदत्तले ज्योतिर्लिङ्ग रहेको पवित्र पाशुपत क्षेत्रमा, आर्यघाटमा वाग्-वतीको पानीले शुद्ध भएको व्रह्मनालमा प्राणत्याग गरे। अन्त्य समयमा उनले हे भूतेश खण्डपरशु, श्रीकण्ठ, पार्वतीसहित, दिग्वसन, भक्तहरूको पीडा हर्ने, व्रह्मा आदिले पनि जसको पदवी बुझ्दैनन्; म त घररूपी कुवाभित्र खसेको छु आदि स्तुति गर्दै प्राणत्याग गरेथे।

अनि उनका छोरा सज्जन, धर्मात्मा, बाबुको हितमा लागेका खरिदार मुक्तिनाथले विद्वान्-हरूसाथ देवीघाट तीर्थमा गई 'मेरा पिताजी शिवलोकमा सुरक्षित रूपमा रहून्' भनी मनले निश्चित गरेर वि. सं. १९४३ माघ शुक्ल द्वादशीमा असल साइतमा भक्तिपूर्वक पापहरू नाश गर्ने धर्ममुक्ते-श्वर शिवलिङ्गको स्थापना गरे।

(६८)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ नेपालसंवत् १०१३ दिइएको छ।

१. **श्रीभैरवीदेवी नमस्कार ॥ ॥ श्रेयस्तु संवत् १०१३ मिति वैशाष शुक्ल ५ आद्रानक्षत्र अतिगंड जोग शनिश्चरवार थ्व**

२. **कुन्हु श्रीत्रिशूलगंगा समीप नुवाकोट ग्रामस विज्याकह्म श्रीअष्टमातृका भैरविदेवीस्थानस जोल १ लीलया ध्वजा**

३. **श्रीनेपाल ललितपुर यंतागृह इखाछेंया अमात्य हर्षबहादुर रत्नबहादुर माम हेमालक्ष्मि मह....श्रीधर्मचि**

४. **त्त उत्पति जुयाग्रो थ्व ध्वजा प्रीति याङा जुल थुगुया पुण्यन....इसरियात सुदृष्टि तयाग्रो प्रसन्न जुस्यं बिज्यायमाल थ्व ध्वजा**

५. **सुनानं ग्वह्मसेन लोभ याय जुलो लोभ यातसा श्रीभैरवी देवताया कुदृष्टि जुल शुभम्–**

अनुवाद

श्रीभैरवी देवीलाई नमस्कार। कल्याण होस्। ने. सं. १०१३ (वि. सं. १९५०) वैशाख शुक्ल पञ्चमी आर्द्रानक्षत्र अतिगण्डयोग शनैश्वरवारको दिन श्रीत्रिशूलगङ्गानजीकैको नुवाकोट ग्राममा रहनुभएका श्रीअष्टमातृका–भैरवीदेवीस्थानमा पित्तलको ध्वजा चढाइयो। श्रीनेपाल ललितपुर यंतागृह इखाछेंका अमात्य हर्षबहादुर, रत्नबहादुर, आमा हेमालक्ष्मीहरूको मनमा धर्म गर्ने विचार पैदा भएको हुँदा यो ध्वजा चढाइएको हो। यसको पुण्यले....सुदृष्टि राखी प्रसन्न हुनुपर्‍यो। यो ध्वजा कसैले लोभ गर्‍यो भने त्यसउपर श्रीभैरवी देवताको कुदृष्टि परोस्।

(६९)

मच्छेन्द्रनाथको अभिलेख

नुवाकोट त्रिशूलीबजारको रातो मछिन्द्रनाथमन्दिरको ढोकानिर ढुङ्गे सिंहमूर्ति रहेको छ । त्यसमा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रमसंवत् १९५१ दिइएको छ ।

१. **स्वस्ति श्रीसहर कान्तीपुर मर्षतोल वासिन्दा वलभद्र श्रे–**
२. **ष्ठया ज्येष्ठ पुत्र रामनरसिया पुत्र सुवेदार राधाकृस्न श्रेष्ठ–**
३. **ले स्वपतनीसहित नवाकोत षिच्यात साँगु बजारमा श्रीकरु–**
४. **नामय प्रिति गरि चह्लायाको सिंघ जोदा १ सम्वत् १९५१ साल मिति**
५. **कार्तिक सुदि ९ रोज ३ शुभ्भ–**

(७०)

मच्छेन्द्रनाथको अभिलेख

नुवाकोट त्रिशूलीबजारको रातो मच्छेन्द्रनाथमन्दिरको तोरणमा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रमसंवत् १९५८ दिइएको छ ।

१. **श्रीसम्वत् १९५८ साल ज्ये–**
२. **ष्ठ शुदी १५ रोज १ मा पातन**
३. **इषाछेँ टोलबाट साँघु वजा–**
४. **र वस्न्या कालिदास श्रेष्ठ प–**
५. **रियारी थकुलानि नानि वेति**
६. **जना ३ बाट श्रीमछिन्द्रनाथका स्थानमा**
७. **सुनका तोरं ढोका प्रिति गरि चढाञ्यू क–**
८. **सँले लोभानि गऱ्या भन्या पंच माहापा–**
९. **तक लाग्ला शुभम्**

(७१)

भैरवमन्दिरको अभिलेख

नुवाकोट भैरवमन्दिरको बायाँतिर झुण्डचाइएको घण्टामा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रमसंवत् १९७९ दिइएको छ ।

यो घन्थ फुटि वेकंवा भयाका हुनाले धामि ललितमान्सीहका पालामा दामोदर पांडेका शन्तान नरजङ पांडेले जिर्णउधार गरेको धार्नी ६।। सम्वत् १९७९ साल मासे ६ तिथौ माहा ८ दिन शुम्भम्– –

(७२)
भैरवस्थानको अभिलेख

नुवाकोट भैरवस्थानमा रहेको खटको छानामा यो अभिलेख कुँदिएको छ। यहां विक्रम संवत् १९७९ दिइएको छ।

१. स्वस्ति श्रीमदतिप्रचण्ड राजदण्डत्यादि श्रीश्रीश्रीमहाराज चन्द्रशम्सेर जङ्गबहादुर राणा जङ्गबहादुर राणा जि. सि. वि. जि. सि. यस. आई. जी. एम. जी. जि. सि. भि. ओ. वि. सि. येल अनरेरी जनरल जि. सि.-आर्मी अनरेरी कर्णेल फोर्थ गोर्खा थोङ लिन पिम्माको काङ वा–
२. ङ स्थान प्राइमिनिष्टर मार्शलबाट सम्वत् १९७९ साल चैत्र १५ गते रोज ४ का दिन जिर्ण-उद्धार गरी बक्सेको शुभ ।। × ।।

(७३)
भैरवस्थानको अभिलेख

नुवाकोट भैरवमन्दिरअगाडि बायांपट्टि एउटा त्रिशूल ठडचाइएको छ। त्यसमा एउटा ताम्रपत्र टांसिएको छ। सो ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १९८६ दिइएको छ।

१. श्रीकर्णेलकमाण्डराहविदितो गङ्गाबहादूर–
२. कः। चैत्रे विक्रमषष्टकाष्टनवभू १९८६
३. शाके त्रिशूलं शुभम् ।। मातर्भैरवि ते पदाब्ज–
४. युगले विन्यस्य विज्ञापये। भक्तं मां शरणागतं
५. स्तवकरं त्वं रक्ष रक्षेश्वरि ।। कमाण्डर् करणेल् व–
६. डा भगत श्रीगङ्गा बहादूरले उन्डौसौ र छयासि
७. चैत्र महिना त्रीशूल यो भक्तिले ।। माता भैर–
८. वि अर्पण गरि ज्हा विन्ति म यो गर्दछू रक्षा
९. गर्नुहवस् भनी चरणमा भक्तै शरण् प–
१०. र्दछु ।। ।।

(७४)
भैरवस्थानको अभिलेख

नुवाकोट भैरवमन्दिरअगाडि पित्तलका सिंहमूर्ति रहेका छन्। बायांपट्टि रहेको सिंह-मूर्तिमा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १९८६ दिइएको छ।

चीफ् कर्णेल भनी वडा भगत श्रीगङ्गाबहादूरले उण्डंसौ र छयासि सम्बतमाहा अर्पण गरें प्रीतिले हे माता गडि भैरवी हजुरका सीछे चरणमा रहोस्।. . . .

पत्रहरू (चिठीपत्र, लालमोहर आदि)

(१)

१. सम्वत् ८६३ फागुण शुदि २ कमलवन गुसायियातं
२. जयसिं भंसारिन बियमाल मोकवानपुर वाले काया
३. गुल दामया बाकि षुय मोहोर ६० दृष्टसाक्षि खरिमं–
४. तोरया लक्ष्मीधर कस्त ग्राखर रशिया शुभ ॥
(छेउमा–) चोख दशवरि

(नुवाकोटका श्रीहरिमानसिं धामीको संग्रहमा रहेको सकल कागतबाट यो उतार दिइएको छ ।)

(२)

श्रीपशुपतिर्जयति

१. स्वस्ति श्रीमत्पशुपतिचरणकमलेत्यादि श्रीमहाराजाधिराज
२. श्रीश्रीजयरणजितमल्लदेवानां सदा समरविजयीनां लि–
३. श्रीग्रानंद ग्रारन गोसाइका मथ सदावर्त षेत श्रीघनस्याम
४. ग्रारन पनाति हौ भनि ग्रायो दस मथका दस नाम थिनि
५. कर्षन गर्दा सहि हो भन्या र छोडि दिया, मिति पौष शुदि ५ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकल पत्रबाट यो उतार दिइएको छ ।)

(३)

श्री ३ पशुपतिर्जयति

१. स्वस्ति श्रीमत्पशुपतीत्यादि माहाराजाधिराज श्रीश्रीमज्जय
२. जयप्रकाश मल्ल परमभट्टारक देवानाम् सदा समलवि–
३. जइनाम्. इत महंत कमरवन गुसाइ रषंपुरि महंतके
४. नमो नारायन, इहा कुसल. ताहा कुसल चाहि ञाहाक
५. समाचाल निको हए. उप्रान्त महंत हमपर दञा होइ–
६. तो वोइ ञाहा ग्रावना चाहे. नाहि तो एक ग्रावना चाहे

७. उप्रान्त छ हजार महिन्द्रमल्लिमे हमारा काम अ–
८. तका हुए. आगेमे हमारा काम वहुत कल दिया अ–
९. भि मेरा काम यतना करदेना चाहय. विश तिस ह–
१०. जारका चिज लर्के छ हर्जार देना परा. यतना काम
११. तुमारा कर दीय सो. हमाला काम सव बंता हय
१२. आज क्या कहए गुं हमारा दिरमे हय वहुत क्या कहे
१३. मुहु जवानि कौसिका सहि मिति ज्येष्ठ वदि १५ रोज २ मुकाम ललितपट्टन शुभम्

(नुवाकोटका धामीसंग यसको सकल लालमोहर छ । 'प्राचीन नेपाल' संख्या २ को १२ पृष्ठमा श्री शंकरमान राजवंशीद्वारा यो प्रकाशित भएको छ।)

(४)

श्री ३ पशुपतिर्जयति

१. स्वस्ति श्रीमत्पशुपतित्यादि माहाराजाधिराज श्रीश्रीश्रीम–
२. ज्जयज(य)प्रकाशमल्लदेव परमभट्टारक देवानाम् सदा सम–
३. रविजइनाम्; इत श्रीकमलवन गुसायि श्रीरषंमं पुरि
४. गुसायिके. नमो नारायन. इहा कुसल ताहा कुसल चाहि
५. उप्रान्त हम्रा पास जो रुपैया आया हैए जो फिकिर कर–
६. ना नहि चाहऐ. उप्रान्त हुंने कुछु वस्तु रषके पैसा रे–
७. नेको किएथे. उसरोज रेवावं आएथे. उस् रोजमे चि–
८. ज भेज देने रगेंथे. रेवावं गुसायिने जदाव्कालिज जो–
९. षि नहि रषना सकय काहा नहितो उस् रोजमे व–
१०. स्तुक भेजदेथे. आगे दोइ चार हजार कर दिञा अ–
११. व हमारा काम नगि आइ रहा. तिस्सो दो हर्जारका का–
१२. म करदेना चाहैए. एतनामो हमारा काम अतका ह–
१३. य जिस् रोजमे हमारा काम होगा तिसो हमारा काम
१४. होयके दिनमे जतना हमारा पास आइ रहा सा पै–

छेउमा–

साका बुगना माहादेवका सेवा करएगे. अउर वात जो चायह सो कवसि कहगें श्रावन वदि ७ रोज ४ मुकाम ललितपट्टन सुभ

(नुवाकोटका धामीसंग यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या २ को १२ पृष्ठमा यो छापिएको छ।)

(५)

श्री ३ पशुपतिर्जयति

१. स्वस्ति श्रीमत्पशुपतिचरणकमलेत्यादि श्रीमन्महाराजाधिरा–
२. ज श्रीश्रीजयजयप्रकाशमल्लदेवानां सदा समरविजयिनाम्
३. श्री भगवतिवन गोशांइको नमो नारायण वाचना आगे इ–
४. हा हमारे कुशल आनन्द है. उहा आपका कुशल आनन्द हमेशा
५. चाहि. तौ वहुत षातिर्जमा रहै. आगे हकीगत सव भली है. आ–
६. पका पाश, गुदर बाबाको भेजा है. जो गुदर बाबा कहै सो आ–
७. पने प्रमान मानना, कहा जो करना, तुमारे चार भाई वंधु
८. है. और वन पंथ सो लेर आउना । बाबा गुदर कहै. सो जि–
९. नीश समेत आउना, आप है. सो कमलवन गोसाईका
१०. चेले हौ. सो मेरा अतीत हौ. कौनै वातमो अविश्वास नमानना
११. वहुत क्या लेषऐ. आप सज्ञान हौ. मु. कांतिपुर–

(नुवाकोटका धामीसंग यसको सकल लालमोहर छ । 'प्राचीन नेपाल' संख्या २ को १२ पृष्ठमा यो छापिएको छ ।)

(६)

श्री ३ पशुपतिर्जयति

१. स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुह श्रीमन्मा–
२. नेश्वरीष्टदेवतावरलब्धप्रसाद देदीप्यमान मानोन्नत रविकुल
३. तिलक हनूमध्वज नेपालेश्वर सकलराजचक्राधीश्वर श्रीमन्महा–
४. राजाधिराज श्रीश्रीजयजयप्रकाशमल्ल परमभट्टारक देवानां सदा
५. समरविजयिनाम्– दुर्व्वासावन लक्षमनवन जा–
६. गेश्वरवन भोरवन नग्रोलवन चतुरवन इत्न सवको व्यवस्था
७. करालपत्र कर दिया ऐतना भाई तुमलोक भगवतीवनका आ–
८. ग्या पर चलना उनकी आग्या पर रहना. मीलकए रहना कोई फुट–
९. ना कोई दावा अगर्मति कर्ना. जो फुटऐ जो भाई. इसकोंताए न मा–
१०. नऐ सो मेरि गुणहगारि चार डेहि. दो मथ भगवतीवनका ह–
११. वाले कर दिया सोहि सव भाईने मानना नेपालसंवत् ८८४ मिति
१२. चैत्रवदि १२ रो ५ मुकाम श्री कांतिपुर शुभ

(नुवाकोटका धामीसंग यसको सकल लालमोहर छ । 'प्राचीन नेपाल' संख्या २ को १२ पृष्ठमा यो छापिएको छ ।)

(७)

श्रीदुर्गा

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविध
२. विरुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री
३. श्रीश्रीमन्नृप पृथ्वीनारायन साह् देवानां सदा समरविजयीनां
४. आगे. कँवलवन गोसाँञिको माल कुतिको वाटो गरि नेपा–
५. ल आउँदा चँवर घोरा हरिताल सुना. ल्याउदा माफ
६. भयो. कसैले टोकटाक नगर्नु छाडिदिनु. इति संवत् १८०६
७. फाल्गुन वदि ५ रोज ५ मुकाम नुवाँकोट शुभं––

(नुवाकोटका द्वारे श्रीगणेशकुमारशाहीसंग यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या २ को १३–१४ पृष्ठमा यो प्रकाशित भएको छ।)

(८)

श्रीदुर्गा

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायनेत्यादि विविधविरुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायन साह् देवानां सदा समरविजयीनाम्

स्वस्तिश्री सर्वोपमायोग्य सर्व भारा सामर्थ श्री कमलवन श्रीलक्ष्योमनपुरि श्री दयालपुरि गोसाञिको नमो नारायन पूर्वक पत्रमिदं इहा कुशल ताहा कुशल चाहिये येहिते परमानंद होइ पत्र आइल अर्थ पावल आगे इहाँको समाचार निको छ उप्रांत तिम्रा हाम्रा लेषाको अर्थ भरि फागुन भरि पुऱ्याउला उप्रांत तिम्रा घोराको जगात छपाउनिको माफ गरि दिइउँ विशेषु किमधिकं मुह् जवानि कटवालाको सहि पौष वदि ५ रोज ६ मुकाम नुवाकोट शुभ

(नुवाकोटका धामीको संग्रहमा यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या २ को १४ पृष्ठमा यो छापिएको छ।)

(९)

श्रीदुर्गा

स्वस्ति श्रीगिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविधविरुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायन साह् देवानां सदा समरविजयीनां

स्वस्ति श्रीमहांत कमलवन गोसाञि लक्ष्योमनपुरि गोसाञि दयालपुरि गोसाञिके नमोनारायन पूवर्क पत्रमिदं इहा कुशल ताहाँ कुशल चाहिये येहिते परमानंद होइ पत्र आये अर्थ पाये इहाका समाचार निके है उप्रांत जो लिषि पठाये सो भला भोटसैं वाज आये पिछे वात वनि रहैगा विशेषु किमधिकं मुहु जवानि पतुवालाको सहि आश्विन शुदि ११ रोज ७ मुकाम नुवाकोट शुभं

(नुवाकोटका धामीसंग यसको सकल लालमोहर छ । 'प्राचीन नेपाल' संख्या २ को १४ पृष्ठमा यो छापिएको छ ।)

(१०)

श्रीदुर्गा

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायण साह देवानां सदा समरविजयिनाम्- स्वस्ति श्री सर्वोपमायोग्य मर्यादामहोदधि सकलगुणगरिष्ठ श्रीमहांत कमलवन तथा श्रीमहांत लक्षिमनपुरि तथा श्रीमहांत दयालपुरिकेषु लि. इत. नमोनारायणपूर्वक पत्रमिदं इहा कुशल तुह्मारि कुशल छमेते परमानंद होइ आगे इहाके हकिगत भले है उप्रांत पत्र आये अर्थ मालुम हुये गोसाइका लेखा आइपौचनेको था इस वास्ते विलंवि हुये राहा वंद हुवा हमारे आदमि आवने जानेको भि सका नहिं भिर भार भि वहुत परा इस वासते गोसाइसें वहुत अधित हुवा गोसा माफ चाहिये जाहाँ आजतक रहा तहा दो मैंह्ना सुस्त षातिर्जमासें रहनेको चाहिये फागुनके रोजमें गोसाइका पैसा न्ये उजोर आइपौचैंगा दो मैन्हाको छमा चाहिये इति मार्ग शुदि ६ रोज ५ मुकाम नुवाकोट माडि शुभम्

पत्रचिह्न विना ३ कस्तुरि पौचैंगा

(नुवाकोटका धामीसंग यसको सकल लालमोहर छ । 'प्राचीन नेपाल' संख्या २ को १४ पृष्ठमा यो प्रकाशित छ ।)

(११)

श्रीदुर्गा

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विवि–
२. धविरुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजाधि–
३. राज श्रीश्रीमत्पृथ्वीनारायण साह देवानां सदा समर
४. विजयिनाम्– –
५. स्वस्ति श्रीपरमहंसेत्यादि श्रीभगवतिवन गोसाँइकेषु
६. नमो नारायणपूर्वक पत्रमिदं इहाँ कुशल. तुह्मारा कुश–
७. ल चाहते हैं. पत्र आया अर्थ मालूम हुवा. आगे इहाँ–
८. का हकिगत भला है. उपरांत तुमने नयाकोट आ–
९. वनेका वात लिषि भेजा. सो आज तो चौमासा भया
१०. जिस रोज काम परि आवैंगा. तिस रोज बोलाइ भे–
११. जेंगे. तुम हमारे अतित हौ. ए. घर तुह्मारा हय.
१२. विज्ञेषु किमधिकम् आषाढवदि १४ रोज ४ मुका–
१३. म नुवाकोट राजधानि शुभम्–

छेउमा—

ग्रांवका वोझ २ के नोहर भया
है लेजाइ. ग्रापने ग्राचार भेजा
सो पाया

(नुवाकोटका द्वारेसंग यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या २ का १४–१५ पृष्ठमा यो छापिएको छ।)

(१२)

श्रीदुर्गा

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरु–
२. दावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्पृ–
३. थ्वीनारायण साहदेवानां सदा समरविजयिनाम्—–
४. ग्रागे दुर्वासावन् भगवतीवन् लक्ष्मणवन् जागेश्वरवन्. इ चार
५. संन्यासिकन धर्मपत्र लिषि वक्स्यौ. संन्यासिहरूले भोट नेपाल
६. जांदा ग्राउँदा हाम्रा भन्सारमहां देषाइ छाप मारि लिस्तिको बाटो
७. गरि जगातिहरूक्षौ माल नगद ज्या लग्यो. सो देषाइ दस्तुर तिरि
८. ल्याउँनु लैजानु गर्नामहाँ पर्स्यैमहा, हाम्रो टक्सार चलाउनामा–
९. हा पस्नु. गोसाइहरूले तति गर्दा गर्दै माल लुटि षानामाहा प
१०. सौं त श्रीगोरषनाथ श्रीभैरवीको कुदृष्टि लुटि षानामहाँ नपसौं त श्री गो–
११. रषनाथ श्रीभैरवीको सुद्रिष्टि. इति सम्वत् १८२५ ग्राषाढ वदि ३ रो ७ शुभम्

(नुवाकोटका धामीसंग यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या २ को १५ पृष्ठमा यो छापिएको छ।)

(१३)

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्न–
२. तः श्रीमन्माहाराजाधिराज श्रीश्रीश्रीप्रिथ्विनारायन साहा वहादुर सम्सेर जङ्गदेवानाम् स–
३. दा समरविजयिनाम् – –
४. ग्रागे नैजराम मेदासि प्रति नुवाकोट भर ग्रम्वल्का चारवर्ण छतिसै जात् वस्याका घर (वा)–
५. रिमा पसि पजनि नगर्नु. नञा ग्रायाका कुरियालाई उठि जान्या कुरियाको षायल् र धेर (हु)–
६. न्याको वारि काटि घडेरि वनाउन दिनु. घर घडेरि पाताल गर्न नदिनु पाताल भयाको घ–

७. र बनाउन्यालाई दिनु. सहर गुल्जार गराउनु रैतानले अनेत्र आरा नजानु भनि थिति बं–
८. देज गरिबक्स्यौं, इति साक १६६० मिति फाल्गुणमासे शुक्लपक्षे पंचमि बुधवासरे शु (भम्)
रूजु बंसराज पांडे, रूजु सुरसिं राना रुजु दामधर पांडे

(नुवाकोटका द्वारेसंग यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या ३ को २६ पृष्ठमा शंकरमान राजवंशीद्वारा यो छापिएको छ।)

(१४)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि वि–
२. विधविरुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजा–
३. धिराज श्रीश्रीश्रीमन्नृपपृथ्वीनारायण साहदेवेषु स–
४. दा समरविजयिषु. लि. स्वस्ति श्रीगिरिराजचक्रचूडा–
५. मणि नरनारायणेत्यादि विविधविरुदावलिविराज–
६. मान मान्नोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्
७. सिद्धिनारायण साहदेवानां सदा समरविजयिनाम्
८. सेवापूर्वक पत्रमिदं ज्यांहां कुशल छ तांहां पाव कुश–
९. ल क्षेम चाहिय येहिते परमानंद होइ आगे दाज्युका
१०. पुण्य प्रतापले पश्चिमको समाचार भलो छ. उप्रांत
११. शुकदेउ राणाहेरू संधेय केहि नराषि पठायाका हुं–
१२. न् विलम्ब वहुत भयो. उप्रांत मकवानपुर क्याहा म–
१३. हा अप्सरिया भयो र रिसानि भयो. त्यो मकवा–
१४. नपुर ता आफ्ना साइनाले हाम्रो घाय हो अप्सर पा–
१५. न्या पनि माफ् हवोस्. उप्रांत विंतिपत्रवालाको प्रमान
१६. पौष शुदि १ रोज १ मुकाम वाटुल्याचौर शुभम्–

(नुवाकोटका धामीसंग रहेको सकल पत्रबाट यो उतार दिइएको हो)

(१५)

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमान मानोन्नत श्रीमहा–
२. राजाधिराज श्रीश्रीश्रीप्रिथ्वीनारायेणसाहावाहादुरसम्सेरजङ्गदेवानाम् सदा समर विजयिनाम्–
३. आगे नैजराम मेदासि साहिके अघि नुवाकोट्टका देविजात्रा र दसैंमा नेपालि राजाका भाई छोराले पुजा

४. विधि संकल्प गर्नुपर्दो रहेछ तस निमित्त ज्याहा वाडा जोसिलाई हेराउँदा तुम्रो नाउँमा जुन्यो अव उप्रान्त
५. ताहाका श्री भैरविका जात्रा र दसैंमा श्रीतुलजाका षड्गजात्रामा हामिले गर्नु पर्ने पूजाविधि-संकल्प तिमिले गर्नु तिम्रा शे–
६. षपछि तिम्रा सन्तानले गर्नु पुर्ण्याका रात्रीमा देविघाटमा धामीले भलो मन्दो जो बोल्छ सो हाम्रा हजुरमा जा–
७. हेर गर्नु भनि राज गुठियार गरिबक्स्यौं तुमिकन जागीर षेत ४।२० को चौषुडा धनराज थापाको वारि ।४० ल–
८. बदु खुकुवेसी लामीस्वती ।४० षसन्यापानि ।२० पीपल्या आरुषोला ।६० साह्रु गाँउ पातल्या ।३० पीपल्या धन
९. राज थापाको १।२० षिच्यात ।५० घोरघाड ।१० दोल्षाजोर मुहान्था चौषुडा ।५० कुत-वालकन १।५० के गेर्खु पात–
१०. ल्या ।३० ऐ. जलुक्यानी ।२० माले ।३० वर्कौल्या ।३० घोडघाड ।२० चौषुडा ।२० काली-गंडक ।८० केलबवु कामीटार ।८०
११. यो लेखियाको षांगि खाई निमिकको सोझो चिताई जागीर जानी भोग्ये गर एस वातका साछी....३....तथापि वंसराज
१२. पाडे १ अभिमानसिं १ हर्के पंथ सुरसिं राना भगिरथ पाध्या लेषक दामोदर भट्टराई इति साके १६६० चैत्रमा–
१३. से कृष्णपक्षे द्वादसि गुरुवासरे शुम्भ

छेउमाः– श्री म. चौतरिया दलमर्दन साहा
मार्फत् दलमर्दन साहा

(नुवाकोटका द्वारेसंग यसको सकल लालमोहर छ । 'प्राचीन नेपाल' संख्या ३ को २७ पृष्ठमा यो छापिएको छ ।)

(१६)

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविधविरुदावलि विराजमान मानोन्न–
२. त श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीपृथ्वीनारायन साह वहादुर सम्सेर जङ्ग देवानाम् सदा समर–
३. विजयिनाम् – – –
४. आगे नैंजराम मेदासिके तिम्रा द्वारि खानगि खाई नुवाकोटमा रहनू. नुवाकोटमा जो परि-आया–
५. को डंडकूण्ड पंचखत् समेत खानु. रहितान्मा खोजि नपस्नू. नुवाकोट भर अम्बलको चार वर्न

६. छतिसै जातले वस्याका घरवारि सूवराको सेर्मा र साउन्या फागू छाला पैसा जनमानू समेत मा-
७. फ गरिवक्स्यौं थरधर सामेल राखि कटूवाल लोहार जो भयाका पनि आफ्ना तजविजले राखि नि–
८. मिकको स्वस्नो चिताई रहनू. तिम्रा दरसन्तानलाई. हाम्रा दरसन्तान भैभारादारले नखोसनु ज–
९. सले खोसला तस्को धर्म नष्ट ईति साक १६९१ माघमासे कृष्णपक्षे गुरुवासरे शुभम्–
पछाडि लेखिएको–

मार्फत दलमर्दन साहा– मार्फत सुरप्रताप साहा
रुजु दामोदर भट्टराई– रुजु सुर्रसि राना

(नुवाकोटका द्वारेसंग यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या ३ को २७–२८ पृष्ठमा यो प्रकाशित भएको छ।)

(१७)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का––
२. आगे ग्यान्देउ धामि प्रति. ताहा श्री भैरविका थानमहा. ए–
३. क सय सत्ताइस् वाति. हरिसयनी एकादशीदेषि. हरिवो–
४. धनिसम्म. रोजप्रति. मेरो. नाउँमहा. व्यालुका साँजका भ–
५. षत. नित्तह् वालि देउ. भेटिकन रूपैया एक् वाति. वाति वा–
६. ल्न्या. सराजाम. एतावाट पठाइ दियाको छ. वालि दि–
७. न्या गर. पछि. चतुर्मासा. पुगला भन्दा षेरि, दिन ८।१०
८. अध्यारैं. हामिलाइ षवर दिया र. सांग्य गरौंला. तेल किन्न
९. रुपया २ पठाइ दियाको छ. किन र वाल इति सम्वत् १८३१
१०. साल आषाढ शुदि १० रोज २ मुकाम काठमाडौं शुभम्

(नुवाकोटका धामीको संग्रहमा यसको सकल लालमोहर छ। 'प्राचीन नेपाल' संख्या ३ को २९ पृष्ठमा यो छापिएको छ।)

(१८)
श्रीदुर्गासहाय

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमार श्रीमद्वाहादूरसाहकस्य
२. रुक्का ॥ ॥
३. आगे. धौकलसिंहप्रति. ज्यांहा. हामिले वस्ता षर्च गर्न लि–
४. याका रूपैया साढे १२॥ वाह्र ज्ञानदेउ धामिका. सापट

५. गरि काम चलाउनाथ्यौं ई रूपैया ज्याहां आयाका षर्चमाहा
६. दियाई भयैन. तस्कारण तांहां रूक्का गरि पठायाको हो.
७. साढे वाह्र १२।। रूपैया ज्ञानदेउ धामिका चांडो गरि
८. भरिदेउ. गर्जमांहा सापट लियाका हुन्. सर्वथा ३
९. सम्वत् १८३१ श्रावण शुदि ७ रोज १ मुकाम नुवाकोट
१०. शुभम्.

(नुवाकोटका धामीको संग्रहमा यसको सकल छ। 'प्राचीन नेपाल' संख्या १० को ३८ पृष्ठमा शंकरमान राजवंशीद्वारा यो प्रकाशित भएको छ।)

(१९)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीमन्महाराजाधीराजकस्य रुक्का
२. आगे ग्यान्देव धामि प्रति उप्रांत तिम्रो षलक जति छ.
३. सो सबै झारा गरिकन कोदाला कोदालीका साथ प-
४. ठ्वदरसन श्रीसाहवजीले पास पठाव सर्वथा ३ इति
५. पौष सुदि १० रोज १ मोकाम काठमाडौं सुभम्

(नुवाकोटका धामीसंग रहेको सकल लालमोहरबाट यो उतार दिइएको हो।)

(२०)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-
२. आगे. धामि प्रति तांहांको दर्वार छाउन्या धामि षलकको
३. भारा हो. षर किन्न रूपैया नौ ९ नांग्या षतृहरू हात पठाई
४. दियाको छ. षर किन्न्या छन्. त्यो दर्वार चांडो छाइदेउ. स-
५. र्वथा ३ इति सम्वत् १८३२ साल ज्येष्ठ शुदि ८ रोज ३ शुभं

(नुवाकोटका धामीसंग यसको सकल पत्र छ। 'प्राचीन नेपाल' संख्या १० को ३९ पृष्ठमा यो छापिएको छ।)

(२१)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का-
२. आगे ग्यान्देउ धामि प्रति. ताहा दर्वार छाइया कि छायाको

३. छैन. नछायाको भया तेरो षलक डको लैजाकन गाउँ
४. व्यासिको दर्वार जाहा छावनु पर्न्याछ चाडो गरि छाव वा–
५. कि गाव दर्वारका वरिपरि पनि फराक गरि प्रगेलाउ
६. नजिक गरि प्रगेलनु छैन. प्रगेल्याका ठाउमा कसिग–
७. र पात राषनु छैन चाडो गर इति सम्वत् १८३३
८. साल जेष्ठ वदि ९ रोज १ शुभम्

(नुवाकोटका धामीसंग यसको सकल पत्र छ। 'प्राचीन नेपाल' संख्या १० को ३९ पृष्ठमा यो छापिएको छ।)

(२२)

श्रीदुर्गा

स्वस्ति श्री देवान दामोदर पाडेकस्य लिषापत्रम्—
आगे उपल्लाकोट तलेज्युको पुजाहारी भाजुरामके रातमाट्या मुरि ३० पुडोल मुरि १० जमा मुरि ४० जागिर वक्सि षातिर्जामासंग चलं गर सम्वत् १८३३ फागुन वदि ११ रोज ४ शुभम्–

(नुवाकोटका धामीको संग्रहमा रहेको नकल पत्रबाट यो उतार दिइएको हो।)

(२३)

श्रीदुर्गासहाय

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का–
आगे कृष्ण धामी प्रति संक्रान्तिका षर्चकन चावल मुरि १० तन्ना धामी षलक डको भारा गरि चावल वोकायर सनिसरवारका दिन चावल काठमाडौं आइपुगन्या गरि पठाउ इति सम्वत् १८३५ साल आषाढ सुदि ११ रोज १ शुभम्–

(नुवाकोटका धामीसंग यसको सकल पत्र छ। 'प्राचीन नेपाल' संख्या १० को ३९ पृष्ठमा यो छापिएको छ।)

(२४)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का–
२. आगे दिवाकर उपाध्याके नुवाकोटको श्रीविष्णु श्रीनारायणको
३. पूजा गर्नाकन हिजो पनि तिमिले पुजा गऱ्याको हो.
४. पोर्का समय अर्कोले पायोथ्यो, आज र ताहांको पू–

५. जा गर्न तिमिलाई वक्स्यौं. षातिर्जामासित पुजा गर.
६. आसिर्वाद दिन्या गर. वाँकि पोर परार तिमि वस्याको
७. घर विग्न्याको छ गरे. वनाउन सकन्या भया. त्यो (घ)
८. र वनाउ वस. नसक्न्या भया. तिमिलाइ अंत सा–
९. टो दिउँला. त्यो घर जस्ले वनाउन सक्ला उस–
१०. लाई वक्सौंला. औ तुम्रो षायल् गुठ षेत सबै वक्–
११. स्याको छ. भोग्य गर. इति सम्वत् १८३९ चैत्र वदि
१२. १३ रोज १ मुकाम कांतिपुर शुभम्–
मार्फत दामोदर पाँडे

(नुवाकोट रावल स्वाँरा निवासी श्रीजगन्नाथ ढुङ्गानासंग रहेको सकलपत्रबाट यो यहाँ दिइएको हो ।)

(२५)

स्वस्ति श्रीकाजी रणसुर पाँडेकस्य लिखापत्रम्–
आगे स्याफुरु तिमुन्याका जगाती प्रति स्याफुरुका प्रजाले जगात तीन भरी च्यागा भेडापर लुटी लियाछौ. परापूर्वदेखि नलाग्याको रकम आज लाया लागन. तसअर्थ प्रजाको माल फिराई दिउ फिराइ दिया आफ्नामा पस्नन् प्रजा हात हाली लिनू. इति संवत् १८४२ मार्ग शुदि रोज शुभम् ।

(नुवाकोट बट्टारनिवासी श्रीमङ्गललाल प्रधानको संग्रहमा रहेको नकल पत्रबाट यो उतार दिइएको हो ।)

(२६)

श्रीदुर्गासहाय

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायेणेत्यादि विविधविरूदावलीविराजमान मानोन्नत श्रीमन्महाराजाधिराजकुमार युवराज श्रीश्रीश्री मद्दबहादुर साह देवानाम् सदा समरविजयिनाम्–

स्वस्ति श्रीसर्वोपमा जोग्येत्यादि राजभारासामर्थ श्रीकिस्न धामिके आसिष पूर्वक पत्रमिदं ञांहा फुसल छौं तहां कुशल चाहिये. पत्र आयो अर्थ मालुम भयो आगे ञाहाको समाचार भलो छ. उप्रान्त जो विंति गरि पठायौ विस्तार मालम भयो श्री ५ महाराजाको विभाको सुकिको माला झाड्वाला कोचिनको लहगा दोपट्टा येक पगरि नरिवल भेटि रागो येक वोक्या येक् पठाइ दियाको छ पुगला वेस गरि पूजा गर वाँकि आर्को काजको विसेष अस्तिका चिठिमाहा लेख्याको हो. त्यो काजलाइ पगरि लाल येक रूपैया नौ. नरिवल येक् येति पठाइ दिएको छ यो काज माग फागुन सम्म गर साङ्गेमहां जो सराजाम लागला वक्सी पठाउलां.येस्ता तरहको काज धेरै गरि पनि आयो

जसैं पाइम्रायौ. म्राज पनि वहुतै चित्तलाई गर परंतु चुभावणको विंति गरि पठायाछौ देवताको विर्ता षेत विर्ता गाँउका नलेउ भनि पठाउ भनि काजिहरूलाई भनि दियाको छ. विफर्का म्रर्थंकन दसमिवाद. जाहाँ षुड्न ठहऱ्याउला वयेहै पठाउला मिति म्राश्विन शुदि ६ रोज ५ मुकाम कांतिपुर शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको नकल पत्रबाट यो उतार दिइएको हो ।)

(२७)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधवि–
२. रुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज कुमा–
३. र श्रीश्रीश्रीमद्‌बहादूर साह् देवानां सदा समरविजयिनाम्–
४. स्वस्ति श्री सर्वोपमायोग्येत्यादि श्रीकृष्ण धामिके म्राशिषपूर्व–
५. क पत्रमिदं ञ्याहा कुशल ताहा कुशल चाहिये पत्र म्रायो म्रर्थ
६. मालूम भयो म्रागे इहाको समाचार भलो छ. उप्रांत म्राफ्ना
७. कुराको र दर्वार विग्ऱ्याको वनाउनु मर्जि भया दर्शण गर्न म्रा–
८. उदा हुं भनि विंति गरि पठायीछस्. विस्तार मालुम् भयो. पश्चि–
९. मको काजकन तोलाइ लायाको हो. केहि तरहले पश्चिम–
१०. को काज सिद्ध भयाको छैन. काज नपुगंज्या ताहाको काज
११. गर. प्युठानाको वढाइ भयापछि काज सिद्ध हुन्याछ. प्युठाना–
१२. को वढाई गरि वोलाई पठाउला र म्रावलास्. दर्वार भत्क्याको विग्र–
१३. न लाग्याको बनाउनाकन समय पनि विह्लायो. छिंमंडे–
१४. ललाइ भन्याको पनि छ. फेरि भनिसुनि. छिंमडेल मार्फत
१५. विग्ऱ्याको वनाउन पठाउला. किमधिकं मिति कार्त्तिक वदि १४
रोज ५ मुकाम काठमाडौं शुभम्

(नुवाकोटका धामीसंग रहेको पत्रबाट यो उतार यहाँ दिइएको हो ।)

(२८)

श्रीदुर्गासहाय

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे रणबहादूर साह् वहादूर सम्सेर जङ्ग देवानाम् सदा समरविजयीनाम्–

म्रागे महंत गिर्द्धर भार्ति. केहरिवन्. गजराज गिरिके भेरि पूर्व. माहानदि पश्चिम, हाम्रा भर

मुलुकमा संन्यासि.को रकम् डंड कुण्ड मोरो अपुतालि. षत्छित् जातको भात भान्सा. जो जो अम्वलिदार.का अम्वलमा संन्यासि छन्. षत्छित्मा चौथाई. अपुतालि. चान्द्रायिनमा दसउँद अमालिले षानु रकम् चल्न दिनु. माझि दनवार कुह्माल दर्रै ह्राई चेवां थामि. एतिले परापूर्वका रितसंग महंत मंडली माष्नु. सन्न्यासि भित्र.को रिति थिति परापूर्वदेषि भै आयाको. चौतारा.का महंतका विर्ता वाहिक सर्व कलम् फोई महंत्याइ मंडल्याई वक्स्युं. आफ्ना षातिर्ज्जामासित मामला गरि भोग्य गर इति सम्वत् १८४३ साल मिति माघ वदि १० रोज १ मोकाम काठमाडौं शुभम्

(नुवाकोटका धामीसंग यसको सकल पत्र छ। 'प्राचीन नेपाल' संख्या १० को ४० पृष्ठमा यो प्रकाशित भएको छ।)

(२९)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का–
२. आगे कृष्ण धामि प्रति तांहां कोटको काम गर्नकन कर्मि पनि
३. आया. तांहां माटो चिर्पट पानि तला छापनु. तिम्रा वोडा
४. लाग्यो. तांहां काजि रणसुर पांडे दामोदर पांडेसंग वसि
५. ज्या ज्या गर्नु पर्न्या काज षट्टा नगरि चांडो सिद्ध गर्नुपर्छ वर्ष
६. लाग्यो. यहि साल सिध्याउनु. इति सम्वत् १८४७ साल
७. चैत्रशुदि ६ रो. ७ मुकाम कांतिपुर शुभम्–

(नुवाकोटका धामीको संग्रहमा यसको सकल पत्र छ। 'प्राचीन नेपाल' संख्या १० को ४० पृष्ठमा यो छापिएको छ।)

(३०)

श्रीदुर्गासहाय

स्वस्ति श्रीरणसूर पांडेकस्य पत्रम्–

आगे. जैशिव नेवारके. सिंवुन्या व्यासिको श्रीभैरवीका पताका गुठको जागिर षेत मुरि ३० भयाको तस्को सापो. लवदुको तिरमा दियाको छ त्यो उक्याको जगा. चिग्या अमरसिं रानाका षायलदेषि उधोको जगा. तिन वर्षको वड्कारी गरि विह्राउन दिञ्यौं. तिन वाली षाई फेरि सर्कारमा जाहार गर्नु. इति सम्वत् १८४८ साल मिति कार्तिक शुदि १० रोज ७ मुकाम नुवाकोट शुभ

छेउमा– साहविह्राय तिन वर्ष कमाइ षाव तिन वाली पुग्या पछि पजनी गर्नु.

(नुवाकोटका धामीको संग्रहमा रहेको नकल पत्रबाट यो उतार दिइएको हो।)

(३१)

१. स्वस्ति श्री चौतारिा साह(कस्य) पत्रम्–
२. आगे कृष्ण धामिके आसिष उप्रांत ताहां राष्याको माल चाहिन्या
३. इन्द्रानन्द ओसिलाई लिनु पठायाको छ. लेख्याबमोजिं देउ सर्वथा

तपसिल

कवलपत्र गऱ्याको तावाको छाप्रे	१
तावाको घर्कडा ठुलो	१
पाउ धुन्या कोपरा	१
पानस माझा	१
बोधान	१
इति सम्वत् १८४८ साल चैत्रवदि ३ रोज १ शुभम्	५

(नुवाकोटका धामीसंग रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(३२)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध
२. विरुदावलीविराजमान मानोन्नत श्रीमन्महाराजाधिराजकुमा–
३. र श्रीश्रीश्रीमद्‌बहादूर साह देवानाम्सदा समरविजयिनाम्
४. स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादि श्रीकृष्ण धामिके आसिष पूर्वक प–
५. त्रमिदम्. ञांहा कुशल तांहां कुशल चाहिय. पत्र आयो अर्थ मालु–
६. म भयो. आगे इहाँको समाचार भलो छ. उप्रांत भोटको तिन् प–
७. टक् काज गऱ्याको छ. चिठि लेषि पुग्दैन. एक फेरो हुकुम भया. बु–
८. झ्याको विंति गर्दा हुं. भनि विंति गरि पठाइछस्. जोग्य विंति गरि प–
९. ठाइछस्. बांकि हिजो आज पंजनि पालको भिड् भाड छ. एति काम
१०. सक्या पछि तलाई झिकाउला. इति सम्वत् १८४९ साल जैष्ट वदि २ रोज
११. ३ मोकाम कांतिपुर शुभम्–

(नुवाकोटका धामीसंग रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(३३)

श्रीदुर्गासहाय

१. स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारासामर्थ श्री–
२. कृष्ण धामिकेषु ईत श्रीडिट्ठा लक्ष्मीनारायणको शेवापूर्वक पत्रमि–

३. दम्. इत नीक ताहा पाव कुशल चाहिये आगे ज्याहाको समाचार भलो
४. छ. उप्रांत नुवाकोटका नजीकिको षांगि षडानन्दले षायाको षेत
५. कति रह्याछ. जम्मा पनि निका कति ननिका कति यो सबै जाचि बु–
६. झि छुटचाई पठाई दिनुहवोस्. विज्ञेषु किमधिकम् मिति अधिक
७. श्रावण वदि ३ रोज २ मुकाम काठमाडौ शुभम्–

(नुवाकोटका धामीको संग्रहमा रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(३४)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का–
२. आगे कृष्ण धामि प्रति नवाकोटको दर्वार बनाउन
३. अमरसिंह थापा सुवेदार लक्ष्मिनारायेन डिठाला–
४. ई पठायाको छ तिमी तिनै जना वसि ज्या ज्या काम
५. गर्न्या हो सो ताकिदि गरि काम गर तिम्रा धामी ष–
६. लकले पनि पानी भर्नु माटो मोछनु षट बांधनु अ–
७. रू ज्या ज्या काम परिआयाको काज गर इति संम्वत्
८. १८४६ साल मार्ग शुदि ४ रोज ७ शुभम्– – –

(नुवाकोटका धामीको संग्रहमा यसको सकल पत्र छ । 'प्राचीन नेपाल' संख्या १० को ४० पृष्ठमा यो छापिएको छ ।)

(३५)

स्वस्ति श्री डिठ्ठा लक्ष्मिनारां श्री सुवेदार धर्मसिङकस्य पत्रम्–

आगे नुवाकोट श्री भैरवीको जात्रा आयो देउताका बन्द गर्‍याका धामि षलकलाई जना २१ लाई येति जात्रासम्म झाराको टंटा नगर जात्रा सकीया पछि इनलाई पनि झारा लाउला जात्रासम्म इनलाई टंटा नगर छाडिदेउ इति सम्वत् १८६२ साल चैत्र वदि ३ रोज ६ शुभम्–

(नुवाकोटका धामीसंग रहेको नकल पत्रबाट यो उतार दिइएको हो ।)

(३६)

श्रीदुर्गा

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमान मानोन्नत । श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजाधिराज गीर्वाणयुद्धविक्रम साह वहादूर सम्सेरजंङ्ग देवानाम्सदा समरविजयिनाम्– – –

आगे गोसाइं वलवन्त भार्थि. गंगा पुरिके. रामगिरिको षायेल सहर काठमाडौं. सहर पाटन. सहर भादगांउ गैरह नेपालषालटा भर. ग्रौ. कनका तिष्टा पश्चिम भेडाहा उत्तर. भेरि पूर्व रसुवा दक्षिण. येति राज्यभित्रको महन्त मंडलाई वक्स्यौं. षातिर्जामासीत सन्न्यासि छेउको मऱ्यो अपुताली दंडकुंड पंचषत्. ग्रौ उमऱ्याली द्वारि, वितलप विर्त्ता दुसाल छत्तिसै जात भीत्रमा वस्न्या संन्यासि. हायु दनवार. दरै. कुह्याल्. चेपाङ पहरि माझि छेउको परा पूर्वदेषि लाग्याको दैदस्तुर लिनु. असल् सीत जात भात चलाउनु. कम्सल् सीत नमिस्नु. सन्न्यासिका परिआयाको चान्द्रायण चलाउनु. वर्ष प्रति सलामि रूपैया ४०१ दर्वार दाषिल गर्नु. भारादार. जागिर्दार. सुवा. सुवेदार. जामादार. अमालि द्वाऱ्या. विर्त्तवार वितलप्या. कसैले मंडलीको रकम्मा. हिमाइत् नगर्नु. हिमाइत गऱ्याका ठाउँमा. रकम चलाइ दिनु. सन्न्यासिमंडलीका ठाँउमा हिमाइत गर्नमा पर्‍या दंड गर्नु. इति संवत् १८६७ शाल मिति भाद्र वदि ६ रोज ५ शुभम्—

(नुवाकोटका धामीको संग्रहमा रहेको लालमोहरबाट यो उतार दिइएको हो ।)

(३७)

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीवि—
२. राजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे गिर्वाणयु—
३. द्धविक्रम साह बहादुर समसेर जङ देवानाम्सदा समरविजयिनाम्— —
४. आगे काजी रणजोर थापाके श्रीमोडमा नया जमायाको श्रीपुराना— —
५. कंपनीका पटि १३ लाजीमा पटि १ ज्मा पटि १४ पंजनि गऱ्याको दर्सन भेट ई—
६. स्तक सम्वत् १८६७ साल वैशाषवदि १ देषी संवत् १८६८ साल चैत्र सुदि १५
७. स्म वर्ष २ तहसिल तहविल गऱ्याको कच्चा वाहीक ज्मा षर्च गरी वाकी दा—
८. म दाम बुझि लिऔं फार्षती गरी वक्स्यौं ईति सम्वत् १८६८ साल मिति कार्ति—
९. क सुदि ६ रोज ७ शुभम्—

मार्फत पिताम्वर — मार्फत विरकेसर पांडे

मार्फत डाटि जैसि — मार्फत मितन्दास

(नुवाकोटका धामीको संग्रहमा रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(३८)

श्रीदुर्गा

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का— —

आगे चौतारा वम्साह प्रति जिल्लै कुमाउमा भत्तालाई रह्याको जगाका सालवसालका आमदनी-मध्ये काजी जस्पाउ थापा र वरष कंपनीके भत्ता वमोजिम् तपसिल रूपैयां २३०४ तनुषा गरि वक्स्यौं. ७१ सालदेषी मुहुडामा रहंज्यालसम्म सालवसाल भरि दिन्या गर वही बुझ्दा असुलीका रसिद वमोजिम् मोजरा पर्ला— —

तपसिल

काजि जसपाउ थापाके भत्तामध्ये रुपैया	१०००
वरष कंपनीके भत्ता रुपैया	१३०४

इति संम्वत् १८७० साल मिति कार्त्तिक वदि ३० रोज ७ शुभम्–

मार्फत

उर्दै गिरि

मार्फत रणध्वज थापा

काजी जसपाउ थापालाइ भत्ता

(नुवाकोटका धामीको संग्रहमा रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(३९)

स्वस्ति श्रीमन्महाराजाधिराजकस्ये रुक्का–

आग्ये रूंच्या माझीके हर्कदेउ कुमालले जित्याको जगा पिपलटार बाहेक एकल्या टुटी गांउ नीगुघुया वङ्घाषेत अघीदेषी षायाको जगा अर्जुन्या माझीले आफ्ना नाउँ हाली सीधुन्याघाटको वहनाको जागीर गरी मोहर गराई कचपच पारी दिंदा अर्जुन्या माझीलाई ढुंगो छुवाई अघीदेषी षायाको जगा थामी वक्स्यां आफ्ना षातीरजामासंग लायाका टहलमा रूजु रही सेवा जानी भोग्य गर इति सम्वत् १८७० साल मीती मार्ग वदी १२ रोज २ शुभ–

(नुवाकोट अदालतको संग्रहमा रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(४०)

स्वस्ति श्रीलिखितं वाकवीर अधिकारि इन्द्रसिं–

आगे हामिले गंधक षानी इजारा लिनलाई श्री धामि ठाकुरसिंका रुपया कर्जा लियाका मोहर रुपया तिन्सै पचास ३५० भाद्रवदि ६ रोज रु २०० मार्ग सु १० रोज रु १५० ज्मा तिनसै पचास वावत् वर्सन भेट....र पाडेलाई वुझाउना निमित्य लियाको हो यस रुपयाका साउब्याज जगामा चाडो...असुलवाट चार भागमा १ भाग...को भाग पर राषि. तिन भागबाट उठाउला भनि तमसुक लेषिदिञ्या. यस वातका साछि वूवान्या चन्द्रविर षत्री इति सम्वत् १८७४ साल मिति फागुन सुदि १५ रो १ लेष्याको हो सुभम्–

(नुवाकोटका धामीको संग्रहमा रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(४१)

श्री

स्वस्ति श्रीजनरल भिमसेन थापाकस्य पत्रम्–

आगे नुवाकोटपरि झारा लाउन जान्या ज्मादार हुवा सिपाहि गैरहके जेषोथित उप्रान्त

ताहा श्रीभैरवि प्रितिका जगामा हिजोदेषि झारा वेठ वेगार माफका मोहोर भयाको रहेछ ग्राज पनि झाराका टंटा नगर छाडि देउ इति सम्वत् १८७८ साल मिति कार्त्तिक सुदि रोज शुभम्

(नुवाकोटका धामीसंग रहेको सकल पत्रबाट यो उतार दिइएको हो ।)

(४२)

१. शुभ संवत् ९४३ मिति ग्राषाध कृष्णया वुतिया षुन्हु, भुजिवा–
२. हालया महजन पांदवन सोहस्तेन का ग्रधलि मोहल १० झि
३. मोहल काया साहु मूलवाहालया वज्राचार्ज्य हर्षमुनिन बिया थो
४. दामया भोगवधक मिसिको बु चुल १ विस्य तया दामया ब्याज मदु
५. बुया साह्या साहुन भुगतलपे बु. वावत मचातो सिव्यले काया
६. ध्व दामया वृतसाछि पुत्र चिकिधि, ग्रंत साछि सिवनरसिं जुलो

(श्रीसानुरत्न वज्राचार्यज्यूको संग्रहमा रहेको सकल पत्रबाट यो यहाँ दिइएको छ ।)

(४३)

श्री

लिखितं श्रीमानकि स्वास्नि धर्मा भोटिनि धामिका राम्च्या डिहिमा बस्न्या मधिग्रा नेवारसंग साउन्या शक्रातिका मशान्तका दिन मंगलवार मेरो करणि मेरा ग्राफ्नै वोछ्यानमा करणि लियाको हो येस्कुरामा म कायलि छु भनी नयाकोटका ग्रमालि पंच कचहरिमा लेखि दिया यस वातमा मैले कायम भै लेखि दिञ्या वेउजुर इति सम्वत १८८१ साल वैशाकवदि ६ रोज ७ शुभम्.

(नुवाकोटका धामीसंग रहेको नकल पत्रबाट यो उतार दिइएको हो ।)

(४४)

१. स्वस्ति श्रीकाजि विरकेसर पांडेकस्य पत्रम्–
२. ग्रागे धामि राजमानसिंके जथोचित् उप्रान्त डिट्ठा लक्ष्मीना–
३. रायेणले तिम्रो विर्ता षेत डिहि भोगवन्धक गरिलियाको
४. रहेछ. तेहि डिहिमा वस्न्या कुरिया भोटघाले नेवारलाई जारि
५. वावत हानेछ. त्यो चकुई साहुले पठाई वेऊ भन्दा चुमावनि
६. पनि मैले तिन्यां विर्ता पनि किल गरिदियाको छैन. चकुई
७. मेरि हो भनि ग्रडघाई राष्याछौ गरे भोगवन्धक दियापछि चु–

८. मावन तिरि चकुई लिन पाइँदैन. चकुई डिठ्ठालाई सोपी देउ .
९. इति सम्वत् १८८१ साल् मिति भाद्र वदि २ रोज ४ शुभम्

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

श्री

(४५)

स्वस्ति श्रीजनरल भीमसेन थापाकस्य पत्रम्—
आगे नवाकोटका द्वान्या धामि थरि गैह्रके जथोचित उप्रान्त कित्यानि षानिका रामभद्र लामिछान्याको मुडरितारमा सावल राषि छोन्याको चावल. कित्यानि षानिको जालपा भन्याकि मर्ह्निले चोर्न जादा रामभद्रले त्यो मर्ह्निलाई पकरी ताहां सौंपि दियेछ. त्यो मर्ह्नि षानि वातो लिन जादा तिमिहरूले दियेन भनि इजारादार यहां कराउन आयो तसर्थ त्यो मर्ह्नि षानीमा सौंपि देउ सौंपि दियेनौ भन्या षानिको नोक्सान भर्नुपर्ला इति सम्वत् १८८१ साल मिति माघ वदि १२ रो १ शुभ—

(नुवाकोटका धामीसंग रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

श्री

(४६)

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनि नरनारायणेत्यादि विविध
२. विरुदावलिविराजमान मानोन्नत श्रीमन्माहाराज श्रीश्रीश्रीम—
३. हाराजा राजेन्द्र विक्रमसाह् वहादुर सम्सेर जङ्गदेवानाम्
४. सदा समर विजईनाम्—
५. आगे वालकृष्ण वन्के आफ्ना गुरु वलदेव वन्ले श्रीपशुपति प्रीति
६. गन्याको देउपाटन्को मठ षेत डिहि वारि घरको आलमाल
७. लहना तगादा आसामि कमाराकमारि ज्या छ सो सबै लिषि वा—
८. लकृष्ण वन्लाई लेषि दियाको रहेछ. गुरूले लेषिदिया व—
९. मोजिम्. सो सहि हामिले पनि थामिवक्स्यौं. परापूर्वका रितसि—
१०. त म्वठको धर्म चलाई आपना षातिरज्मासीत सुष भोग्ये गर
११. इति संम्वत् १८६१* साल मिति मार्गशिर वदि १४ रो ६ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकल लालमोहरबाट यो उतार दिइएको हो ।)

---

* यस पत्रमा राजाको नाउँ राजेन्द्रविक्रम शाह दिइएको छ; संवत् भने गल्तीले १८६१ दिइएको छ । यो १८८१ को पत्र होला भन्ने अनुमान छ ।

अर्जि – – – –

उप्रान्त हिजो कमल्वन् गोसाइले श्रीपशुपति प्रिति गरि राख्याको मठ् षेत सदावर्त गुठी राख्याको हो. गादिर मालिकि जेठा संन्तानले चलाउनु श्रेस्ता हो भनि लेषि यहि सौंप्याको हो श्री ५ महाराजा स्वामिज्यूबाट पनि लालमोहोर वक्स्याको हो चलाउँदै थिञ्यूं आज कांछा मुड्-वाले मठको षिचला पारि राषेछ एवटा कृस्नानन्द नाउ गऱ्याको अधिकारि व्राह्मण मठ्मा वास् गरि वस्याको थियो तेस्की कांछी व्राह्मणीतिरकी जेठी छोरी तारादेवी भन्याकी तेस्सित अघिदेषि ठूलो प्रीति रहेछ नाता सम्बन्धी अघिको रहेछ हामिले थाहा पायाको थिएन. तिहारमा तेस्की साथै दिदि टिको लाउन आइ र तँ त ठिमाहि होस्. मेरि असल्दीदि तारादेवी छन् भनि टिको लायो दक्षिणा पनि दियो गोडामा ढोक्दियो, उसैलाई फाल्गुणमा स्वास्नि तुल्यायो र व्राह्मणीका भाइले दिदि चुलामा क्यान गैनस् भनि अघेर मानि फेराद कोट्मा गऱ्यो र यो मुडवास्का कर्मचंडाल रहेछ भनि कोट्वाट इटचपलि पुऱ्याई दिया. पूर्पक्ष गर्दा एस्तालाई मठमा राष्नु हुँदैन भनि ठोकि दिदा मठ् छोडि स्वास्नी रोजि पर सऱ्याको हो फेरि हेमायत गर्न लाग्यो र मालिकिबाट रदि भया पछि मुचुल्का लेषि कारोवार दियाको थियो उसै व्राह्मणिका छोरा छोरी जन्मी ति छोरा छोरि मर्दा माछा भात्षायो कायल गर्न्या छँदैछन्. उसै व्राह्मणीतिर छोरा छोरि ७ मरि र छोरो जन्मी दिन् ३ बाँचि मर्दा माछा भात्पाकी रह्याको थियो त्यो छोरो मऱ्याको अजात्का नेवार्निलाई गाड्न् पठाई राष्योथ्यो त्यो नेवार्निले धुप् दिन आउँदा त्यो माछा भात षादै रहेछ. त्यो कुरा मण्डलीका-वाटले टक्सारमा पुग्यो पूर्पक्ष हुँदा पूरोसोत्तम वन्का मावलि र तारादेवीका माइति वसी सोढ्वा मामा भांजि नाता लाग्छ भनी टक्सारका विचारिलाई लेषि दिया विचारिले धर्माअधीकार सोढ्वा दस्नाम राषि सोढ्वा २ बाट नाता लाग्छ त्यो अजोग्य हो भनि लेषि गयाको थियो तस् विचमा छेक्ता छेक्तै दसैंघर पसी दसैं गऱ्यो वालि पनि घर्मा पनि सवै हिनामिना पाऱ्यो र धन्सारमा पुऱ्याई राष्याको छ किमधिकम् मिति भाद्र वदी २ रोज ५ शुभम्

आश्रीत श्रीकेसर वन्को शुभाशीर्वचन शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो उतार दिइएको हो ।)

(४८)

श्री

१. लिषितं वाग लामा यो लामा हामि दुई जनाले
२. द्वाऱ्या मिझारले वोलकमारि हालिदियाकोमा
३. साग झिकि हामि दुई जनाले षान जानेन भ–
४. नि कायलनामा लेषि अमालिलाई आफ्–
५. ना षुसिराजि लेषि दिआ.

६. वेउजुर भयो इति सम्व–
७. त् १८८२ साल ज्येष्ठ शुदि ६ रोज ५ शुभम्

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो उतार यहाँ दिइएको हो ।)

(४९)

श्री

१. स्वस्ति श्रीचार अदालतका डिठ्ठा गंर्जसिह श्रीब्रंह्मानन्द उपाध्या
२. कस्य पत्रम्–
३. आगे लच्यांगका तुल्या भोट्याके यथोचित उप्रान्त तेरा
४. स्वास्नि छोरा सालीले अदालतका सिपाहिलाई कुट्या
५. वावत् डंड गन्याका रुपैया नुवाकोट श्रीभैरवीका गहना
६. वनावनाकन धामिमार्फत् भरि देउ नतिरि झेलषेत
७. गर्नामा पस्या ज्यांहावाट सिपाहि आवला इति संम्वत्
८. १८८२ साल मिति आषाढ १२ रोज २ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(५०)

श्री

स्वस्ति श्रीजनरल भिमसेन थापाकस्य पत्रम्–
आगे नुवाकोटमा झारा लगाउन जान्या जमदार हुवा सिपाहि गईह्रुके जथोचित् उप्रान्त धामी थलकलाई अघिदेषी झारा माफ भयाको रहेछ आज पनि धामीको पट्टिलाई झाराको टंटा तकरार नगर छाडि देउ सम्वत् १८८२ साल मिति आषाड वदि ३ रोज ५ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

(५१)

श्री

१. स्वस्ति श्रीजनरल भीमस्येन थापाकस्य पत्रम्–
२. आगे पान्सैका द्वान्या मुषीया वुढौलिके जेथोचित् उप्रान्त
३. स्याप्रु टिमुन्या गोल्जु जगातमा भेडा च्यांग्रा पाषि किराना
४. माल ज्या छ ८१ सालमा दस्तूर लीया वमोजिम्मा
५. कसैले वलजफ्त् गन्या तिमीहरूले गोहार दिनु छ
६. इति सम्वत् १८८२ साल मार्गवदि रोज शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो उतार यहां दिइएको हो ।)

(५२)

१. स्वस्ति श्रीचौधरी जगतवीरकस्य पत्रम्–
२. आगे स्याफुरू टिमिन्याका जगाति राजामान्सि मिदेउ किर्त्ति–
३. नारांके जथोचित. उप्रान्त केरूंका भोट्याले वेपार
४. गर्न ल्यायाका भेडा च्यांरा पाषि नुन, गैह्र वस्तुको
५. र इनै भोट्याले नेपालबाट केरुंतिर लैजान्या चावल
६. झ्यागा षादी तेल घिऊ गैह्रको जगात वापतमा
७. अघि अघिको श्रेस्ता छोडी आजकल पैसा लिन्या
८. ठाउँमा मोहरका हिसाव लिन्छन् भनी केरूंका
९. भोटचाहरू कराऊन आयाछन् तसर्थ परापूर्वदेषी
१०. चली आयाको बमोजिम् भेडा च्यांराको १ आना
११. लिनु अरू रकमको. जगात वावत् मोहरको हिसाव
१२. नलिनु पैसा लिनु. अव उप्रान्त पैसा लिन्या
१३. ठाउंमा मोहरका हिसावले लियाको जती छ. त्यो
१४. सवै दाम दाम फिर्ता गरि देउं इति सम्वत्
१५. १८८२ साल मिति पौष सुदि १२ शुभ.

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो उतार यहाँ दिइएको हो ।)

(५३)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का–
२. आगे नुवाकोटका धामि चौधरि नेवार प्रजा गैह्र प्रति
३. तिमिहरुलाइ नुवाकोटमा वस्ता केहि कुराको पनि ब–
४. न्देज वांधियेन भनी जत्र तत्र गै घर हालि बस्याका रह्या–
५. छौ. अव र तिमिहरूको रितिथिति थामि बक्स्याको छ
६. आफ्ना बाल वच्चा लि नुवाकोट आई घर बनाई बस
७. तिहार मानि व्यासि भरि पसल लगाई वेपार गर्नु. श्रीदेवी
८. यात्राको पूर्णमासि मानी नुवाकोट गाउँ चढि आफ्ना
९. आफ्ना घरमा आइ वस्नु भनि वन्देज बाँधिबक्स्यौं जो व–
१०. न्देज नाघि बसौला. सो डडाइ मागौला इति संम्वत्
११. १८८३ साल श्रावण वदि २ रोज ६ शुभम्–

(नुवाकोटका द्वारे श्रीगणेशकुमार शाहीको संग्रहमा रहेको सकलबाट यो उतार दिइएको हो ।)

(५४)
श्रीदुर्गासहाय

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरूदाव–
२. लिविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज
३. राजेन्द्रविक्रमसाह वहादूर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम्
४. आगे नुवाकोटका नेवार प्रजा गैह्लके हिजो पनि हामिहेरू नुवाको–
५. टमा वस्यैका थिञ्युं. पछि पछि जग्गाको रितिस्थिति पनि विग्रदै जान
६. लाग्यो. आफ्ना घरकासरित्ले कौनै कुराको चाजो पुगि आयेन. चल–
७. न् गरि षाँउ भन्या घरवारि भयेनन्. वेपार गरि जिउ पार्लों भन्या जग्गा
८. परेन र जत्र तत्र लाग्याका हुँ. अव र रिति थितिको वन्दोवस्त वाँधि
९. वक्सनु भया. अंत गयाका घर झिकि हामि सवै वाटुला भै नुवाकोट
१०. गुलजार गरि वस्छौ भनि तिमिहरूले हाम्रा हजुरला विन्ति गर्दा
११. विर्ता गुठि वेष वाहिक् तिमिहेरूले आजसंम षाई चचि आयाका
१२. घर वारि निकास् पैसा र मोहर दस्कत्ले षायाको रैकर जिमिमा
१३. घर उञ्त्रि पाताल् भयाको जग्गा औ मेरो जग्गा हो भनि घर नहालि
१४. अन्त वसि कसैले षायाको जग्गा छ तपनि तेस् जगामा घर वनाई व–
१५. स्नु ति जग्गा र तिमिहेरूले वनायाका घर वारि तंम्रा सन्तानसम्म
१६. षोस् मोस् नगर्नु. धामि द्वान्या चौधरि वसि जगा वाडिदिनु भनि थि–
१७. ति वन्देज थामिवक्स्यौं आफ्ना षातिरज्मासित जग्गा गुल्जार
१८. गरि वन्द वेपार चलाई भोग्य गर. इति सम्वत् १८८३ साल मिति श्रा–
१९. वण वदि २ रोज ६ शुभम्–

मार्फत भक्तवीर थापा
मार्फत उदय गिरि
मार्फत प्राणसाह
प्रसादसिंह वस्न्यात

मार्फत भीमसेन थापा
मार्फत वालनरसिं कुवंर
मार्फत रणोद्योत शाह, मार्फत

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको हो । 'प्राचीन नेपाल' अंक १३ को ४० पृष्ठमा शंकरमान राजवंशीद्वारा यो प्रकाशित भएको छ ।)

(५५)
श्रीदुर्गा

अर्जि– – –
उप्रान्त नुवाकोट उञ्त्रेछ भनि तपाइवाट थितिको वन्दवस्त गरि श्री ५ बाट लालमोहर

गराइवक्सनु भयोथ्यो सीर चह्लायुं घर्डेरिको चारदाम पनि रषायाको हो. नेवारको वन्दवस्त भयो.पर्वत्याहरुको वन्दवस्त केही भयेन. सात सय नुवाकोटका जो भयाका मानिस. चरणमा श्रायाका छन् जिल्लाको. . . . २ . . . . गराई वक्सनु भया. नेवारको पनि पर्वत्याको दुवै थरको सप्रदा हो. नुवाकोट पनि गुलजार हुँदो हो. वुझ्याको विंति गरि पठायाको छ जो श्राग्या साल मिति श्राश्विन वदि ३ रोज ७ मुकां नुवाकोट शुभम्

धामि राजमानसिंको सलाम सलाम सलामः

(नुवाकोटका धामीको संग्रहमा रहेको नकल पत्रबाट यो उतार यहाँ दिइएको हो ।)

(५६)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का–
२. श्रागे नुवाकोटका धामि राजमानसिंके श्रीभैरवीका टहलमा रूजु रहन्या ते–
३. रा वलकिहरूलाइ हिजो श्री जिज्यूवुवाज्यूबाट झारा वेठ वेगार उघाउनी पुघा–
४. उनी सर्व रकम् माफ गरि डंड कुंड परि श्रायाको श्राम्दानी श्रीभैरवी
५. लाइ गहना वनाइ चह्लाउनु भनि मोहर गरिवक्सनुभयाको रहेछ. प–
६. छि त्यो मोहर हराउदा झारा वेठ वेगार लाग्यो भनि तँ हाम्रा हजूरमा विं–
७. ति गर्न आउँदा. हिजो माफ भयाको वमोजिम घर ४० लाई हामीले पनी
८. थामी मोहर गरिवक्स्यौं. श्राफ्ना षातीरज्मासंग टहलमा श्राठौं प्रहर
९. रूजु रही हाम्रा जय मनाउन्या काम गर. इति सम्वत् १८८६ साल मिति पौ–
१०. ष वदि ११ रोज २ शुभम्

मार्फत दलभञ्जन पांडे, मार्फत भीमसेन थापा
मार्फत रणजोर थापा, मार्फत श्रजम्मरसिं पंथ
मार्फत जसपाउ थापा, मार्फत उदयगिरि. मार्फत रणवीर

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(५७)

श्रागे श्री ५ महाराज पृथ्वीनारायन साह नेपालमा प्रवेश भैं हाम्रा वाज्या मुढ्या षवासलाई श्री ५ महाराज पृथ्वीनारायन साहबाट मोहर गरि घर वक्सीस भयो. तेहि मोहर हाम्रा वावाका पालामा छायको घर जल्दा जल्यो वावा पनि षस्या सम्वत् १८८७ साल माघ वदि १४ रोजका दिन सिंभुमा समय ब्वाउदा श्री ५ महाराजा राजेन्द्रविक्रम साह पाउ लाग्नु भयो र हजुरमा धन उदास र धनको भानिज भाजुदेव उदास दुवैले फिराद गर्दा जर्नेल भिमसेन थापाले छेभडेल कालिदासलाई दाकि जस्को सहि साध छ. उसलाई वस्न दिनु. नहुन्यालाई वाहेक गरि दिनु भन्ने श्राज्ञा भयो र उस्का २।३ दिन पछि छेभडेल कालिदासले मलाई दाकन पथायो र

गयां तव तिनले भन्या तम्रा नाउमा फेराद गऱ्यो. घरका सहि साध जो छ ल्याउ भन्या घरको सहि साध ता मेरा छायको घर जल्दा जल्यो मेरा विर्ता हो भन्या उस्का ३०।४० दिनसंम कुरा पऱ्याकै थिया तेसै समयेमा नासलचोकमा चाकरी गर्न जाँदा जर्नेल भिमसेन थापा आउनुभयो र कालिदास-संग सोधनु भयो. कालिदासले विन्ति गऱ्यो मोहर ता घर जल्दा जल्यो मेरा विर्ता हो भन्छन् भनि विन्ति गऱ्यो जर्नेल भिमसेन थापाले भारादारहरूलाई क्या हो कसो हो वुझ भनी अह्राया र काजि जसपाउ थापा. काजि वहादुर भडारी काजि विरकेसर पांडे काजि अजंवर पंथ लेफ्तेन ऐवर्ण वस्न्यात. मुन्सी लक्ष्मीदास सुव्वा धोक्कल द्वाऱ्या वदलसिं डिठ्ठा सरूप विष्ट इनहरूलाई आज्ञा भयो उसै घरिमा फुल जर्नेल आउनुभयो र मैले विन्ति गऱ्या वाज्याका पालामा र वावुका पालामा पनि श्री ५ महाराजा प्रतापसिंह साहको मोहोर तेसलाई वक्सीस भयाको रहेछ देषायेन अव मेरा पालामा देषायो भनि विन्ति गऱ्या हो तव अघि देषाउदो होस् लुकाउनालाई वक्सीस भयाको होइन देषाउनलाई वक्सीस भयाको हो क्या निमित्त लुकाइ राषिस् अव टहुरा हुदा जान्या सुन्या षस्या पछि देषाइस् उसैको हो तं पांउदैनस् भनि भै भारादारहरूले छिनि दिया मलाइ घर तेरै हो भनि आज्ञा भयो उसलाइ हुंदैन भनि दिया मलाई आफ्ना घरमा जावस् भनि दिया आजसम्म वस्यैको छु।

(नुवाकोटका धामीको संग्रहमा रहेको नकलबाट यो उतार दिइएको हो।)

(५८)

श्री

१. स्वस्ति श्रीचौधरि धिर्जनारान्कस्य पत्रम्–
२. आगे राजमानसिंके स्यापुरु तिमिऱ्या जगातका सम्वत् १८८८ साल का–
३. तिक सुदि ५ रोजदेषि सम्वत् १८८९ साल कार्तिक सुदि ४ रोज तक वर्ष
४. १ को ईजारा कवोलीयेत् तपसील् वमोजीम पैसा रूपैया ३९५१
५. हाम्रा घर दाषील भयो तेस्को फारषति गरि दिञ्युं कालकला ञ्ञै
६. झगरा नास्ती– – –

तपसील

मुहुडा पैसा रूपैया	१००१
फागन वदि १ रोज पैसा रु	१०००
आषाढ वदि १ रोज पैसा रु	१०००
कार्तिक वदि १ रोज पैसा रु	९५०

इति सम्वत् १८८९ साल मिति पौष वदि ७ रोज ६ शुभम्–

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो यहाँ दिइएको हो।)

(५९)

श्री

१. स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादि सकलगुणगरिष्ट राजभारासामर्थ श्री धामी राजमानसिंके
२. पुतवारका मुषिया रामनसि पदमनारान् महिन्द्र देविदत्तको सेवा उप्रांत जोगराज जोसिको
३. जारि गऱ्या वापत् भैरवदास पुतवारलाइ जांच वुझ गर्दै थिञा. डंड पटक् गऱ्याको छैन
४. तिमिले डंड गऱ्यो भनी लेषि पठाउनु भयेछ. तसर्थ अघीदेषि चली आयाको श्रेष्टामा चल्–
५. नैपर्छ. यो षत हाम्रो हुन्या हो की. तपाइहेरूको हुन्या हो जाँच वुझी सोचि हिजो भयाको पर
६. रहन्या गर्नुपर्छ. हामीले जान्याको ता चाक हाम्रो हो; चकुइ तपाइको हुन्या हो. सो वुझी काम
७. गर्नु होला. तपाइहेरू र हामी येकै हुँ वहुत क्या लेषु जान्या वुझन्या आफु हुनुहुंछ, पछि वि–
८. गर्न्या काम नगर्नुहोला. इति सम्वत् १८९० साल मिति दुतिये भाद्र सुदि ५ रोज ४ शुभम्

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(६०)

१. श्रीमद्गोरक्षराजेंद्रनिदेशस्मृतिशीलितम् ।।
२. पापछेदक्षमोपायं धर्मशासनमाचर ।।१।।
३. प्रथं दिन मुंडन गरि माटो भस्म पंचगव्य लेपन गरी स्ना–
४. न गर्नु तस दिन दिनैमा हविष्य ग्रास १५ षानु दोस्रा
५. दिन रातिमा ग्रास १२ षानु तेस्रा दिनमा नमागी क–
६. सैले षा भनि दिया ग्रास २४ षानु चौथा दिन निराहा–
७. र गर्नु. पांचौ दिनमा पंचगव्य षाई ब्राह्मणलाई सि–
८. धा दक्षिणा दिनु कुसुल्याहरू सित विग्रघाका नि–
९. वार्रनि कमारि तिनसीत विग्रघाका लोग्न्याहरू–
१०. को र कम्यानिसंग विग्रघाको किराति तेसै सित
११. विग्रघाका स्वास्निहरू कामीनि संसर्ग वापत् नु–
१२. वाकोट धामिको घर समेत जना ४ घर शुद्ध संव–
१३. त् १८९० साल मिति फाल्गुण शुदि ३ रोज ५ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(६१)

१. स्वस्ति श्रीसंवत् १८९१ साल मिति श्रावन वदि ५ रोज ६ तद्दी–
२. ने धनीक नाम श्रीधामी राजमानसी रिनीक नाम नुवाकोट अ–
३. सौ वारि वस्न्या मेहरमानसिं गत चाँदिका मोहर रुपिया ३०

४. तिस्. अंकेपी तिस् येस रुपयाको व्याज दसवदका हौसा–
५. प रुपया ३ साल वसाल दीनु लीनु. येस वातका साछी धि–
६. र्ज द्वान्या. लीषक साछी नोज मेहरमान्सीं शुभम्–

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो उतार दिइएको हो।)

(६२)

१. स्वस्ति श्रीटिमुन्याको तका पाल्मीका पुर्जि आगे स्याप्रू
२. पाल्मि भार्धुका भन्सारि नवाकोतका भन्सारिके पुर्जि
३. उप्रान्त धामिका नुन वोकन्या ह्लच्यांगि काम दोर्जे समेत
४. जना ५७ के नुन भारि ५७ छन् तांहां नछेक ञांहां क्रिरि–
५. ले जिउ जगात र नुनको भन्सारको समेत जमानि वस्या–
६. को छ. जान देउ मार्ग वदि ६ रोज २ शुभ

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको छ)

(६३)

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विवि–
२. धविरुदावलीविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज
३. श्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रम साह वहादूर सम्सेर जङ्ग
४. देवानां सदा समरविजयीनाम्– – –
५. आगे केशरवनके अघि तिम्रा गुरु वाज्या वलदेवन् मह–
६. न्तले....१....प्रीति गर्‍याको देउपाटनको मठ षेत डिहि वारी
७. कमारा कमारि भाडावर्तन असामि लहना गहना मालमा–
८. लियेत जो भयाको सर्वं लेषि आफना ज्येठा चेला वालकृष्ण
९. वनलाई दियाको रहेछ गुरुले लेषिदिया वमोजिम्को स–
१०. हि थामि....२....बाट लालमोहोर गरिवक्सनुभयाको रहे–
११. छ. सो वमोजिम महन्त वालकृष्ण वनले आफ्ना ज्येठा चेला
१२. केशरवनलाई दियाको रहेछ. सोही सहि थामि केशरवन
१३. लाई महन्त्याञी वक्स्यौं. परापूर्वका रितसीत मठको धर्म च–
१४. लाई आफ्ना षातिरजामासंग भोग्य गर. इति सम्वत् १८९४
१५. शाल मिति फागुन शुदि ३ रोज ३ शुभम्

मार्फत रणजोर थापा — रुजु तारानाथ अर्ज्याल
रुजु दल भञ्जन पांडे. — मार्फत श्रीरंगनाथ पंडितराज.

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको छ। 'प्राचीन नेपाल' संख्या १३ को ४०–४१ मा यो प्रकाशित भएको छ।)

(६४)

श्री

स्वस्ति श्रीसम्वत १८६४ सालमा किटघानि षानिमा वस्न्या लक्ष्मीको कमारा कमारी ज्यू ३ श्री इताचपलीबाट मोलामोल गरि ज्मा रुपैञा १६० मोली ऐसमध्ये चौठाइमा सानु कमारोको मोल चालिस ४० श्री ५ सर्चारमा तीरीकन तिनै ज्यूलाई भाइ काहा राष्यौ भाई जवरसिले ऐस माल माथि रुपैञा १५ दिदा भाईलाई कमारा कमारी ज्यू ३ गाली दिञा. ऐस वाटका साछि वलभद्र. वीन्द्रसि सिवनरसि सिद्धिधन मंत्त. षंवाहाल लेषक भीमनरसि मीती माघ वदि ११ रोज २ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(६५)

१. स्वस्ति श्रीमन्महाराजाधिराकस्य रुक्का–
२. श्रागे नुवाकोट भर श्रम्वलका थर घर श्रौ भर भारादारका छाप छप्यालि
३. चार वर्ण छतिस जात प्रति दर्वारबाट कटवालले श्रौरासदा दर्वारमा
४. सामेल भै उर्दि वमोजिम् जो परि श्रायाको काम तदविर भै गर्नु. भंन्या वंदे–
५. ज वाँधि वक्स्यौं. जो सामेल नभै लपन् छपन् गरि हर्हिमायत्मा लागौला तस्–
६. लाई भारि डंड सासना होला, सो वुझि लेष्या माफिकको चेतन्य राषि कट–
७. वालले श्रौरासदा नुवाकोट दर्वारमा सामेल हुन्या काम गर. इति सम्वत्
८. १८६६ साल मिति पौष सुदि ११ रोज ४ शुभम्

रुजु पुष्कर साह
मारफत् कुलराज पांडे

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको हो। 'प्राचीन नेपाल', अंक १३ को ४१ पृष्ठमा यो छापिएको छ।)

(६६)

श्री दुर्गाज्यू

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का– – –
श्रागे नुवाकोट जिल्ला भरका विह्लोटा विराउदामा श्रघि पनि नुवाकोटका द्वाऱ्यामार्फत विराउना विराउन्या मोहिले त्रिसाल(दुवैवोटि वालि षाई. चौथा सालदेखि धनिवोटि हाम्रा हजुरमा साल-वसाल दाषिल गर्नु विराउन्यालाई षेत षोसमोस नगर्नु भन्या वन्देज वांधिबक्स्यौं श्रौ ह्वारि कटुवालि षानगिका षेतमा षोलो पंह्लोले षाई षानगिमा षेत नपुग्दा गेर्षुटार वाम्रो मुरि १।४० वगर विह्लाई

भर्ना गरि षानु भन्या मोहर गरिवक्स्यौं इति सम्वत् १८६६ साल मिति पौष शुदि ११ रोज ४ शुभम्–

रुजु पुष्कर साहा — रुजु फत्यजंग साहा

मार्फत कुलराज पांडे — रुजु प्रसादसिं वस्न्यात

('प्राचीन नेपाल' अंक १३ को ४१–४२ पृष्ठमा शंकरमान राजवंशोद्वारा यो छापिएको छ ।)

(६७)

श्री

सालम्या भालच्या गोठको महर मुषिया जघन घले. वांग्याल घले धर्मा घलेके–

श्रीग्रडै गोकुलध्वजको पूर्जि उप्रान्त तिह्मेरुका जिम्मा रह्याका गोठ ३ को गाइ भैंसी वहर वाछा वाछी रागो गैंह्र जाँच गर्न किर्तिमानलाई पठाइयाको छ तसअर्थ गोठ ३ को गाइ भैंसी वहर वाछा वाछी रागो गैंह्र लेषाइ देखाइ जांच दिन् दवाउना छुपाउना पछी लाग्यौ भन्या दवाया छुपायाका मालको दोवर विघो र श्री ५ सर्कारको गुनाहागार समेत वुझाउनुपर्ला श्री ५ सर्कारको कामलाई वुहुन्या गाइ २ लिन आउन्याछन् आउन्या मानिसको जिम्मा गरिदिनु मिति श्रावण वदि ८ रोज शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

(६८)

१. स्वस्ति श्रीमच्चौतरिया पुष्करसाहकस्य पत्रम्–
२. आगे ज्मादार मनिराज थापाके आसिक उप्रांत नुवाकोट श्रीभैरवीका गुठका जगा–
३. मा अघि परापूर्वदेषि सर्व रकम गादिममारष चुमावन स्मेत लाग्याको रहे–
४. नछ. यो सालमा पनि नलिनु भनि हुकुम भयाको छ. तसर्थ श्रीभैरवि गुठका जगा भ–
५. रमा चुमावन तहसिल नगर. इति सम्वत् १८६७ साल मीति कार्तिक वदि २ रोज १ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो यहाँ दिइएको हो ।) 'प्राचीन नेपाल' अंक १३ को ४२ पृष्ठमा यो प्रकाशित भएको छ ।)

(६९)

१. स्वस्ति श्रीमच्चौतरिया पुष्करसाहकस्य पत्रम्–
२. आगे ज्मादार मनिराज थापाके आसिष. उप्रांत नुवाकोट श्रीभैरविका गुठ–
३. का जगामा अघिपरापूर्वदेषि सर्वरकम गादिममारष चुमावन् स्मेत ला–

४. ग्याको रहेन छ. यो सालमा पनी नलिनु भनि हुकुम भयाको छ तसर्थ
५. श्री भैरवि गुठका जगा भरमा चुमावन् तहसिल नगर. इति सम्वत् १८६७
६. साल मिति कार्तिक वदि ८ रोज १ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो उतार दिइएको हो ।)

(७०)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—
२. आग्ये राजमार्नासि धामीके आशिक उप्रांत भोट जगात मदेश जगात
३. ल्याग्याको रहेनछ अव जगात् लीयो भनी तिमीले हाम्रा हजुर्मा वि—
४. न्ति गरदा हाम्रो चित्त वुझेको हुनाले अवदेषी श्रीभैरवीका धामि र धामीष—
५. लकको हिजोदेषि जगात् लियेको रहेनछ. अव पनि भोट मदेस सागु
६. कहुनै जगात् नलिनु भनी लालमोहर गरी वक्स्यौं. आफना षातीरजामासंग वरावर चलं
चल्ती गर सर्वथा इति सम्वत् १८६७ साल् मिति चैत्र १३ रोज ५
श्री. . . .

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(७१)

श्री

१. स्वस्ति श्रीहनुमान ढोकाकस्य लच्याङ
२. गाउँ भर अम्वलका द्वान्या मुषिया मिझार
३. कटुवाल गैह्रके पुर्जी उप्रान्त श्रीमैयासाहेव—
४. का विवाहके पात चाहियो तसर्थ
५. घरैंपिछे पात भारि १ झारा लाई फागुन—
६. का दिन ६ जादा ज्हांहां पुगन्या गरि
७. वोकाई द्वान्या मार्फत हिटिचोक भडार—
८. मा वुझाई रसिद ली जानु इति
९. सम्वत् १९०१ साल मिति माघ सुवी
१०. ७ रोज ६ शुभम्

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(७२)

१. स्वस्ति श्रीश्रीश्री प्राइम् मिनीष्टर यान् कम्यान्डर इन चिफ जनरल
२. माथवरसिं थापा कलाँवहादूर श्रीकाजि कालु साहीकस्य प—

३. व्रम्— — —
४. आगे नुवाकोटको द्वान्या डंडविरके जथोचित उप्रान्त अघि
५. नुवाकोटका नेवारहरू जत्र तत्र लाग्दा तिमि नेवारहरूले षा—
६. या चर्च्याका घरवारि षोस मोस नगर्नु भन्न्या र जगा पजनी
७. गर्दा धामि र द्वान्या वसि पजनी गर्नु. भन्न्या वेहोरा को ८३ सा—
८. लमा थितिको लालमोहर गरिवक्सदा. सवै नेवारहरू आ—
९. ई गुलजार भै वस्याका थिया मुलवाटादेषि पश्चिम सिम—
१०. लका वोटदेषी पूर्व यति भित्रको जगा हाम्रा षलक्का ने—
११. वारहरूलाई वन्डा गरि दिनु भनी द्वान्यासंग वन्दोवस्त गरि
१२. हाम्रा षलक्का नेवारहरूलाई वन्डा गरि दियाको थियो
१३. आज उसै जगाभित्रको केहि जगा द्वान्याले पजनी गरि दि—
१४. या भनी राजमार्नासि धामि ज्याहा कराउन आया. तसर्थ वे—
१५. होरा यस्तै हो भन्या. हिजो वन्दोवस्त भै धामिका षलक्ला—
१६. ई भनी दियाको जगा आज फेरि वन्दोवस्त नाघि षिच—
१७. ला गर्नु हुँदैन अघिका वन्दवसतमा रह्यो वुवैका सल्लाह
१८. संग काम गर विहोरा अर्कै छ भन्या धामिको चित्त वुझा—
१९. इ देऊ ताहा चित्त वुझदैन भन्या दुवै जोरि ज्याहा आऊ इति
२०. सम्वत् १९०१ साल मिति चैत्र वदि १० रोज ४ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(७३)

श्री

अर्जि— — — —

उप्रान्त अघि हर्ष गुमाल र धना गुमालको झगरा सोपि दियाको नुवाकोटमा ७ सयका भलाआदमि वुढावुढासित सोधि ठहराई लेषि पठाः भनि आग्या आयेछ. सिर चाह्राजु श्री ५ सर्कारबाट पुरुहित १ उपाध्या १ यतिलाई वंधवस्त गरिवक्सनु भयाको मात्र जान्दछु. अरू वाडाको कुरालाई भन्न्या यहाँ वुढावुढाहरूसंग सोधि हेर्दा वौद्ध मार्गि. . . . भन्या यहाँ छैनन् हामि भन्या सिवमार्गि हौ. येसको विस्तार हामि जान्दौन भन्छन् वहुत क्या विंति गरौं जान्या वुझ्याको अर्ति चढाई पठायाको छ जो आग्या मिति आखाड सुदि ३ रोज ४ मुकाम नवाकोट शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो उतार यहाँ दिइएको हो ।)

(७४)

श्री

स्वस्ति श्रीविदुर तारमा पसल थापन्या तपसिल बमोजीमको नुवाकोट्या नेवार आगे हामीहरू षिच्यातिले अर्जि लेख्यामा हामीहरुको वचन लालच दियाको छैन हाम्रा हिजो द्वान्यालाई लेषि दियाको वन्दवस्तमा छंदंछौ भोलि तिन्का अर्जिपत्रमा हाम्रा सल्हा छ भनी कसैले हामीलाई कायेल गऱ्यो भन्या अमालीले षानु हामीले दिनु भनी हाम्रा षुसि राजीसित लेषि श्रीधामि राज-मानसिंलाई दिञ्यू शुभम्

तपसिल

भिम नारां	–१	भक्त नारां	१	विस्नु हरि	१
हरिनसिं	–१	धिर्ज नारां	१	धनवन्त	१
भ्वानीहरि	–१	चामु नारां	१	इन्दली	१
भाजु नारां	–१	कर्हसिं	१	जैदत्त	१
षभाल	–१	मथं	१	रत्नवीर	१
भाजुमनी	–१	भाजुवीर	१	तेन	१
तेजवन्त	–१	थिके	१	जैनरसिं	१

इति संवत् १९०२ साल मिति मार्गसिर शुदि रोज शुभ

माथि छेउमा– इ गुनागार बुझाउला

(नुवाकोटका धामीको संग्रहमा रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

(७५)

१. अर्जि– – – –
२. उप्रांत षलकिहरू भन्या अव हामि सक्दैन भनि तकतकि रहेछ साहेव....१....
३. को काम मैले कुन् धप्संग पुऱ्याई श्री ५ सर्कारको जय मनाउन्या हो साहेव
४. चरन्मा सोछे भया दुष्ष दर्दको विंति गर्दा हुँ साहेव जात्रा पनि आई
५. पुग्यो विना षलकिले मैले कुन् धप्संग जात्रा चलाउन्या हो जो आग्या
६. सो सहि शुभम्––

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको हो ।)

(७६)

१. लिषितं नुवाकोतका धामिका छोरा जितमान्. आगे नुवाको–
२. तका तेजवंतका छोरा हरिलाइ कपर्दार विरकेसर पाडे मार्फत

३. किरं कुतिमा लक्ष्मिदास साहुसंग नुन षरिदका वेहोरामा
४. थुनिदा म हाजिर जमानी भै छोराइ लै गयाको छ. कौसि–
५. बाट षोज्याका दिनमा म हाजिर गर्न ल्याउला. हाजीर गर्न
६. सक्यन भन्या. तेजवंतका छोरा हरिले वुझाउनुपर्न्या दाम
७. काम म वुझाउला भनी मेरा मनोमान षुसी राजीसंग
८. श्री ५ सर्कारमा हाजिर जमानी पत्र लेषि चह्लाञ्यां इति सम्व–
९. त् १९०६ साल मिति मार्ग वदि ७ रोज ४ शुभम्

(नुवाकोटका धामीको संग्रहमा रहेको सकलबाट यो उतार यहाँ दिइएको हो ।)

(७७)

१. स्वस्ति श्रीसाके १७७३ सम्वत् १९०८ सा–
२. लमा हामी प्रियागदत्त हरिदत्त गुरुदत्त
३. वझा हाम्रो अंस आँपचौरको विर्ता घ–
४. ड्यारि हामी ३ भाईले संकल्प गरि दान
५. प्रोहित तारातन्द्र अचार्यलाई दिञ्यूं पूर्व
६. थाराको करांसो सिंउदिवार ठाडो दक्षि–
७. न तेर्छो बाटो पश्चीम ठाडो षोलसि उत–
८. र तेर्छो बाटो घड्यारिको करांसो येति चा–
९. र किलाभित्रको जग्गा हांम्री महतारिका
१०. व्रत प्रतिष्ठामा दाना गरि दिञ्यूं यो माटो छ–
११. रि साध घुम्दाका दिनका साछि विष्णुका–
१२. न्त अगिंधर हरिसर्म सिताराम वलिष्ठ वि–
१३. ष्णुकान्त लामिछान्या वलि जैंसि ज्मादार नर–
१४. सिं वोगटि नवलसिं राउल सिंहविर वानि–
१५. आ माटो छर्न्या वरपति षदाल लेषक साछि
१६. सिवनारान पाध्या रिजाल मिति माघ वदि २ रो–
१७. ज ५ शुभम्–

(नुवाकोट रावलस्वांराका जगन्नाथ ढुङ्गानासंग रहेको सकलबाट यो उतार यहाँ दिइएको हो ।)

(७८)

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्रीप्राइममिनिष्टर यान कम्यांडर इन चीफ जनरल जङ्गवहादुर कुवर राणाजी श्रीकम्यांडर इन चीफ जनरल वम्वहादुर कुवर राणाजीकस्य पत्रम् आगे नुवाकोटका धामी धम्यानीके यथोचित उप्रांत वेरां भैरहेछ मजिको सनद

भै आया इलाज गर्नालाई आउँदा हू भंन्या कुरा बिन्ती गरी पठाउदा जाहेर भयो आराम छैन भन्या इलाज गर्नालाई धामी धम्यानी दुवै जना ञाहा आउन्या काम गर. इति सम्वत् १९११ साल मिती आषाढ वदि ५ रोज ५ शुभम्

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(७९)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरूदावलीविराजमान मानोन्नत श्रीमन्महाराज श्रीश्रीश्रीमहाराज सुरेन्द्रविक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम्–

आगे पांनसय खोला भर अमल गाउ गाउका मुषिया वुढौली चोक गैह्र गाउका प्रजा पंच तिमी हामीलाई श्री ५ वडामहाराजका पालामा काजी वंशराज पांडे हाम्रा खोलामा आई जाँच वुझ गर्दा तिमी प्रजा दोसाध अडाका गउंडामा छौ. तिलंगाले गर्ने काम पनि भरियाले गर्ने काम पनि तिमीहरूले गर्नुपर्छ. गोर्षा इलाकाबाट कसैले लुकी चोरी वारुद वंदुक गोली गठा पथर स्वराक गंधक गैह्र जङ्गीषाना भोटतरफ लगे भने जसका अडामा फेला पर्छ. पक्री लिलाम गरी ढोका दाखिल गर्नु. कोही खतकी साइधुवा भागी खोलामा लुकन पसन भोत जान आया भन्या पक्री लिलाम गरी ल्याउनु भोटबाट आएका र भोट जान्या सिर्तीका भा– एकछीन बिलंव नगरी आफ्ना अडाबाट सालबसाल चलाउनु. यस षोलामा लागी आयाको सिर्तुका भारि जरीवुती वेलामा बोकी वुझाउनु. गडलाहुची लिभ्या १ गोलजुह १ ठुमन १ तिमुन्या १ स्याप्रुक १ भारषु १ धंच्या १ पारसा १ प्रच्याङ्ग १ ज्मा गाउ १० मुल रसताका अडा अडामा सैचानसग रही हुलाक बोकनु. अरु गाउल्या वारुदखानाको तहल गरनु. भोटबाट वेपार गर्नु आउदा जगात भन्सारमा पनि गोहार दिनु. उस तुरा दस्तुर उठाउन्या काम गर्नु. जवरजस्ती हुलाक लागन्या भन्या हुल गर्न्यालाई वाधी ढोकामा ल्याउनु. पाहाडका हुलाकीलाई वघाउनी पघाउनी झारा वेठ वेगार माफ भन्न्या अघी पानसयका खेत् पाखो खानु भन्न्या स्थिति वक्स्याको छ, तिमीहरूका खोलामा षेत नहुदा पाखा पखेडाले जीविका हुन्या ठहरदा भोटबाट नुन खेप गरी खानु हुलाकी १० गाउलाई भार्खु स्याप्रुक तिमुन्याका जगात भन्सार नीरषी तक्सार माफ. वारुदखानाका टहलमा रहन्यालाई वर्षको घरही पाच पाच खेत माफ गरी तिमुन्यामा पथर काटी स्थिति वंदेज गरी वक्स्याको थियो सो स्थिति उर्वी पाडसित टहल गर्दै थियौ. पछि पार्सा प्रच्याङ २२ गाउलाई जगाती भन्सारीहरूले थिचोमिचो गरी वलजफत भन्सार लीदिंदा बेस्थितिमा दुख पाइरह्याछौ. ११ साल भोट तरफ लडाइ पर्दा जङ्गी षजनाका भारि रसदका भारि ठापल्या हुलाक कागत्या हुलाकस्मेत टंटा लाग्यो. लडाइमा जान्या आउन्या फौजको भीडभाड पर्न आयो. हामीले अघिदेखि आजसम्म खाई पाई आयाको नियम दस्तुरका रकम जाचबाट लेखी लग्या आजसम्म खाई पाई आयाका दस्तुर झिकिया पछि हामीहरूले क्या खाई टहल गर्न्या हो खोलामा आउन्या द्वान्या

आउजान्या मानिस जति सबैलाई वर्षेनि हामीले सामल् भर्नुपर्छ, सामल भर्दैमा हाम्रा छोरा छोरी वित्न लाग्या भनी तिमी पानसय खोलाका सबै रैती गाउले जङ्गीका निमित्त उत्तर तर्फका श्रीमहाराजकुमार कुमारात्मज श्रीप्राइम मिनिष्टर याण्ड कम्यान्डर इन चिफ जनरल जङ्गबहादुर कवर राणाजी जाँदा विन्ति गरेछौ सोही सवारीमा निज प्राइम्मिनिष्टर मारफत हाम्रा हजुरमा जाहेर भयो. तिमीहरुलाई अघिदेखि भयाको स्थिति थामी हिजो माफ गरिवक्स्याकोमा आज जगाती भन्सारी नौर्षी टक्सारीले पारसा प्राच्याँगि प्रजालाई थिचोमिचो गर्नु हुँदैन खोलामा जान्या सालवसाल द्वान्या रकमीले पनि कर लगाई माना चावल उठाइ खानु हुँदैन अव उप्रान्त माना चावलको रकम भेटी प्रजालाई माफ गरी तिमीहरूले जगात भन्सार चौधराईबाट खाई पाई आयाको जो जो जगाबाट हो उसै जगाबाट ली खानु. गाउको अमलका महभीर षचरि सरितारि ती कुरा विह्लौती विह्लौतीका वाली माना चावल र किपटिया जगा छुप्याली कुरियाको सेक सिर्ति नेम दस्तुर जो जो हो. जाँच रकमबाट झिकी तिमी प्रजाहरुलाई थामी थिति वंदेज मोहर गरिवक्स्यौं. आफना खातिरजामासंग अघिदेखि तिरो भरो गरी आयाको रकम कलम सेक सिर्ती वलक पात् जडिवुटी सालवसाल सदाका रीतिसंग वुझाई अमाली मानी लाग्याको टहलमा आठौ प्रहर रुजु रही आफ्ना आफ्ना अमलका रकम किपतिया जगा गरी पाखो जगाबाट भोग चलन गर इति संवत् १९१२ साल मिति भाद्र शुदि १ रोज शुभम्

रूजु शिव प्रसाद अर्याल मार्फत वंवहादुर कवर रानाजी
मार्फत रणउद्दीप कुवर रानाजी मार्फत सवहास्तर (?) कवर रानाजि

(नुवाकोट बट्टारका मङ्गललाल प्रधानसंग रहेको नकलबाट यो उतार यहाँ दिइएको हो।)

(८०)

स्वस्ति श्रीमद्राजकुमार कुमरात्मज श्री प्राइम् मिनिष्ट–
र यान् कम्यांडर इन चिफ जनरल जङ्गवहादुरकुवर रा–
णाजी श्रीमिनिष्टर जनरल वम्वहादुर कुवर राणाजीक–
स्य पत्रम्– – –
आगे तहविल्दार भैरवसिंके आफुले षायाको दर्वा–
रका श्रीस्वछन्द भैरवका पुजा गुथि १ को १९१२ सालका वालीलाई यो राजगु–
ठिमा भयाका गुठियार पुजाहारि कामदारका जागिर दैदस्तुर स्मेत् थामि य–
स्ता रितसंग चलाउनु भंन्या दानपत्र सिलापत्र पंजिल छ भन्या सो वमोजिम्
१९०८ सालसम्म चलि आया वमोजिम् पुजा गैह्र कति नघटाई चलाउनु अ–
घि गुठि वडकरार गरि लिदा. कवुल गऱ्या वाहेक जगेरा रह्याको जगेरा राषनु
श्रीस्वच्छन्दभैरवका स्थानमा चह्लाउनु भंन्या कलम् स्मेत् चह्लाई देवल मंदिर वनाउनु भं–
न्या र अरू जगा वनाउनु भंन्यामा पनि बनाउनु. गुठिका जगा जमिन्मा १९१२ सालसम्म

चलन् गर्न्या मोहि घर कुरिया. अघिदेषि दानपत्र लालमोहर ता–
वापत्र सिलापत्रमा नाउ दरियाका पुजाहारि गुठियार कामदारलाई विना तक्सिरले नषोउनु. कबुलवमोजिम् गुठि चलाइ पुजाहारि कामदारका जागिर दै दस्तुर वाहेक्का कसरको सलामि ठेक् साविक मोरु ४६ कि–स्तवन्दि वमोजिम् गुठि कचहरि मार्फत् श्री ५ सर्कार वुझाइ फार्षति लिनु गुठि–को काम गर्दा अैन वमोजिम् जाइ गर्नु वेजाइ नगर्नु वेजाइ गर्‍यो भन्या आफु–ले गर्‍याको वेजाइ आफैले वुझाउनु. जगामा षोलो पैरो असिना गैह्र दैवी परि वालि उठेन भन्या मोहिलाई मिनह्रा दिनु. आफ्ना घरघरानाबाट श्रीस्वच्छन्द भैरवीका पुजा गैह्र कति नघटाइ चलाइ कवुल वमोजिमको सलामि ठेक् वु–झाउनु. जगेरा रह्याको जगेरा राषनु. दैवी पर्‍यो भनि मिह्ला मोजरा नमागनु. यो गुठि अघिदेषि जौन मिति चलि आयाको हो. सो बमोजिम् गर्नु. भनि अघि–का गुठियार अषतियारले षायाको कसरको सलामि ठेक्को वन्देज वाधी अ–घी भयाका गुठियारिको मोहर झिकि दस्षत हानि यक साला पट्टा गरि दिञ्यूं आफ्ना षातिरज्मासंग अघिदेखि चलिआयावमोजिम् गुठि चलाई कवु–लवमोजिम्को ठेक् तारि जगाको चलन् गर––

किस्तवन्दीको तपसिल

मुङ्ग्डा किस्ता आश्विन महिना मोरु	२३
चुक्ति किस्ता मंसिर महिनामा मोरु	२३

इति संम्वत् १९१२ साल मिति भाद्र शुदी ८ रोज ४ शुभं–
डिठा कालिदास धमाला

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकलबाट यो उतार यहाँ दिइएको हो।)

(८१)

श्री

स्वस्ति श्री संवत् १९१३ मासे १७ तह्निे लीषीतम् धनीका नाम श्रीधामी सत्यमानसिं व्यहोरनीक नाम सुना मिझार गन चादिका मोह रुपैया सिका ६०।। अक्षरेपी साढे साथी रुपैयामधे आफ्ना जीदा भोगवंधक लेषि साहुलाई दिञ्या साहुले लेषी लीञ्या कालकला साहुको काम हानी कतं गञ्या भन्या भागी नासी गया भन्या दिनका २ पाथि अंन भरुला भनी नीज सुनाको मानोमानसंग लेषि दिञ्यूं यस वातका साछि द्वार्‍या देवीदास, सा. हर्षनारान. साछि वालकृस्न साछि देवीघाटका पाण्डे साछि पुनारान साछि रत्तन लेषक साछि वाजीमार्थासिं साल मिति माघ सुदिको मीति भयो शुभम्

(नुवाकोटका धामीसंग रहेको सकलबाट यो यहाँ दिइएको हो।)

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणाजी सि. वी. प्राइम मिनिस्टर याण्ड कम्याण्डर इन् चीफकस्य रुक्का–

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्री कम्याण्डर इन् चीफ जनरल कृष्णवहादुर कुवर राणाकस्य पत्रम्—

आग्ये लेफ्टेंट नैनसिं थापाके यथोचित उप्रान्त. हामी पाचसय खोलाको हुलाकी गैह्लले अघिदेखि जगात भन्सार तिरो भरो गरी नआयाकोमा १२ सालका रकमीहरूले टंटा गर्दा तिमीहरू हुलाकीलाई अघिको थिति वमोजिम थामी वक्स्याको छु भनी १२ सालमा मोहर गरी वक्स्याको हो. आज १६ साल रकमदारहरूले अघिदेखि नवोक्याको तिमुरेका आमदानी र भारखु भन्सारको आमदानी गैह्ल वोकन पर्छ. अघि माफ भयाको जगात भन्सार नोर्खो टक्सार पनि विना १६ सालका रुक्का दस्तखतले छोडदैनौ भनी हामी हुलाकी गैह्ललाई दुःख दियो भनी हुलाकी गैह्ल खाम सुंव्यांदि धेवा मेवा घलेले हाम्रा हजुरमा विन्ति गर्दा जाहेर भया. तसअर्थ हुलाकी भया पछि. . . . बाट जगात भन्सार अमात रहुञ्ज्यालसम्म जगात भन्सारका आम्दानी वोकनु तिमुऱ्ये भारखु भन्सारको आमदानी वोकी वटार हुलाकी अडामा पुऱ्याइ दिनु. जागीरदार इजरादारलाई भयो भने नवोकाउ हुलाकी स्थितिको कुरोलाई १२ सालमा मोहर दस्खत गरी थामी दियाकं छु. अगिदेखि १५ सालसम्म तिरो भरो गरि नआयाको हुलाकी जतिलाई माफ भयाको कुरामा टंटा नगर. छाडिदेउ. इति सम्वत् १९१६ साल मिति चैत्र शुदि ७ रोज ५ शुभम्

(नुवाकोट बट्टारका मंगललालसंग रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

(८३)

स्वस्ति श्रीमदतीप्रचण्डभुजडण्डेत्यादि श्रीश्रीश्रीमहाराजा जङ्गवहादुर राणाजी वी. सी. प्राइम-मीष्टर याण्ड कम्याण्डर इन् चीफकस्ये रूक्का—

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्रीकम्याण्डर इन चीफ जनरल रनउद्दिपसिंह कुवर राणाकसे पत्रम्—

आगे. . . .कम्याण्डर इन चीफ जनरल कम्याडिङ्ग जनरल कम्याडिङ्ग कर्णेल चौतरिया लेफटें कर्णेल काजी सर्दार मुखिया विचारी जङ्गी नीजामती महाजन षेपुवा चार वर्ण छतीस जातके यथोचित उप्रान्त तिमीहरूले मधेस पहाडबाट षेप गरी ल्यायाका र झिकायाका माल गैह्लको. . . . का र हाम्रा वाहेक भन्सार महसुल तपसील वमोजिम दरवंदीले लिनु भनी १९२४ साल मार्ग वदी १ रोजदेषी लेफतें ललीधोज थापा क्षेत्रीलाई दर्सन गराई वक्स्याको छु तिमीहरूले पनि सो माफिक तीरो भरो गर्न ताहादेखि वढटा नदिनु नलिनु कसैको दसषत नमान्नु १९१६ सालदेखि यसतर्फ

भयाका विना हाम्रा राहका दसखतले नछाडनु भन्या वन्देज वाधी वक्स्यौ. दवाइ छुपाइ लग्याको फेला पर्‍यो भन्या माल माफिकका महसुलको दां चंहा महसुल लिन्या हुन् सो वमोजिम महसुल दि माल ल्याउन्या लैजाने काम गर जसले भंसारका महसुल अडकाउनामा लागो भन्या तेसले सक्त मै तिर्नु पर्ला तपसील वमोजिमका माल दरवंदीमा कसैले वलात्कार नगर्नु वलात्कार गर्न लाग्यो भने अमाली थरि मुषिया गाउलेले गुहार दिनु गुहार नदिया अपसरिया होला—

तपसील

नुवाकोट अड्डाबाट लिन्या—

आसामी	माल	निषी	किराना	ज्मा
नोसेकेम् गेल्पा ल्यायाको नुन भारी	१—	×	।~।।।	।~।।।
ऐ. को नुन गुत्ता	१—	×	~।।।	~।।।
गोलजुङ गांउ १ प्याहू गाउ १ डोलवु गाउ १ जम्मा				
३ को नुन भारी	१—	×	।~।।।—	।~।।।
ऐ. नुन गुत्ता	३—	×	~।।।—	~।।।
षोलाकीले ल्यायाको नुन भारी	१—	×	≡।।—	≡।।
वेत्रावतीस्म षरि वुगन्या ढाक्रे भारि	१—	×	~।।।—	~।।।
धाक्रे नवाकोट झिकाइ लिन पाउन्या भारि	१—	×	~।।।—	~।।।
नौसेकी मुग्येको र अरू दुनिया गैह्रले ल्यायाको वम्वाल	१—	×	ऽ।~—	ऽ।≈
नौसेकी मुंग्ये र अरू वुनिया गैह्रको भेडा	१—	×	ऽ।।—	ऽ।।
नौसेकमकेम् वाहेक षोलाकीले ल्यायाको भेडा	१—	×	ऽ। —	ऽ।
ऐ. वाहेक असले ल्यायाको भेडा	१—	×	ऽ। —	ऽ।
डोल गाउ म्याङ्ग गाउ गेवु ज्मा ३ का च्यांग्रा	१—	×	ऽ। —	ऽ।
नौसयकेमंको च्यांग्रा	१—	×	ऽ।≈—	ऽ।≈
अरूले ल्यायाको च्यांग्रा	१—	×	ऽ। —	ऽ।
ऐ. का स्यारग सुर्ती सीध्रा, जुवानु तमाषु लाहा तेल				
सावुन, धागो किराना माल गैह्र भारि	१—	≈	। —	।≈
ऐ. का नुन गुत्ता	१—	×	। —	।
ऐ. वाहेक अरुले ल्यायाको स्वाग भारि	१—	×	। —	।
ऐ. वाहेक अरुले ल्यायाको ऐ. गैह्र	१—		~।।—	~।।
फलाम भारि	१—	~।।	~—	~।।
षोलाकी वाहेक भोतहरूले नुन वेचदा गनौता लिने	१—	×	≈।।—	≈।।
वेचन्या केपसर	२—	।≈		
कीन्याको पसर	२—	ऽ।।।		

भोटेहरूले ल्याएको स्वाग वेचदा मरौटा लिन्या			
धानी १ के मुठी	१—४—	ऽ।=—	ऽ।=
मौसयके अंगेर खोलाकीले वसाई षेपमा भेडा च्यांग्रा ल्याउदा			
नवाकोटका भन्सारिलाई भारखुमा लीन्या भेडा गोता	८० मा	१—	२॥
च्यांग्रा गोता	४० मा	१—	१।
निकासि नुन भारि	१—	८—	८
वोज्या कपास भारि	१— =	—	=
चावल नुन सातन आउदा नुन चावलको गनौता लीन्या			
दर पाथी १ के मुठी	२— ०—	ऽ।=—	ऽ।=
गनौता लिन्या दर धानी	१— ०—	ऽ।—	ऽ।
ऐले ल्यायाको तेजवानु गनौता वेचदा लीन्या दर पाथी १ के मुठी	१— ०—	ऽ।—	ऽ।
ऐजले ल्यायाको धागो वेचदा गनौता लीन्या दर धार्नी १ के कनुवा	१— ०—	ऽ॥—	ऽ॥
ऐ. लै ल्यायाको सुर्ती ज्वानु स्वाग कीराना माल गैह्रके विक्री गरी दिदा किन्या छेउ लीन्या गोल् पैसा धार्नी	१— ०—	ऽ।	ऽ।

इति संवत् १९२५ साल मिति वैशाख वदि ७ रोज ३ शुभम्

(नुवाकोट बट्टारका मङ्गललाल प्रधानको संग्रहमा रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

(८४)

श्री

स्वस्ति श्रीगुठिकचहरिकस्य पत्रम्—

आगे क्वावाहाल वस्न्या रत्नचुडामनी गुभाल्के २९ सालका वालिलाइ आफैले लीयाको नुवाकोट श्रीनारायणका गुठी १ को इस्तक सम्वत् १९३० साल वैशाष वदी १ रोजदेषि चैत्र सुदी १५ रोजतक् वर्ष १ को सावीक ठेक मोहर १३॥ तपसिलबमोजम् किस्तावंदीमा इजारा गरी दिन्यूं दानपत्र सिलापत्र तावापत्र पंजिल गैह्र सनद वमोजिम् र अघिदेषी चलिआया वमोजिमका नित्य नैमीत्यक पर्व पर्वका पुजा सदावत गैह्र चलाई कामवार कारिन्दाको षाली दी साल आषिरमा वासिल वाकी वुझाइ फारषति लिनु तिम्रा कवूल वमोजीमका गुठीका जगाजमीन षेत पाषामा षोलो पैरो लाग्यो आगो असिना सुषा वालवुर्ज दैवि पऱ्यो. षाली पाकेन डढ्यो मोही भाग्यो भन्या श्री ५ सर्कारबाट यक दाम मिन्हा पाउन्याछैनौ तिम्रा घर घरामाबाट गुठि सदावर्तका गैह्र काम कति नघटाई चलाई दैवि पऱ्याको वालि मोहीलाई ऐन वमोजिम् मिन्हा दिनु कवुल वमोजिमका रूपैया कीस्ता किस्तामा दाषिल गर्न सकेनौ भन्या षिन नाघ्याका मितिदेषीको ऐनवमोजीम किस्त षीलामी सुदस्मेत ली वक्यौता...दानपत्र सिलापत्र तावापत्र पंजिल

गैह्ल सनदबमोजीम् र अघिदेषि चलिआयाबमोजिमका नित्यनैमित्यक पर्वपर्वका पुजा सदावर्त घटाई चलायाको ठह्र्यो भन्या जति घटायाको ठह्र्छ बिगाबमोजिम सजाय होला श्रीदेवदेवताका स्थानमा रह्याका वा गुठि चलाउदा चाहिन्या सावीकवालाले तिम्रा जिम्मा बुझायाका नगद जिनिस गहना भाडा लत्ता गैह्ल माल हरायो चोरियो भन्या तिम्रा पालामा हरायाको चोरीयाको तिमिले सट्टा राषनु देवालय भतकदा र भरसष्य संभार गर्दा गहना भाडा टुटफुट भयो भन्या गुठि कचहरीमा आई जाहेर गर्नु गुठिमा दरीयाका कामदार कारिन्दालाई बिना तकसिरले षोसी पजनी नगर्नु षोसि पजनी गर्‍या भन्या ऐनबमोजिम् बुझाउनुपर्ला तिम्रा मिति नाघी अर्का साललाई ठेकदार ठेगाना नहुंज्यालसम्म निज गुठिमा जो चलाउनुपर्‍या चलाउनु बदला आउन्यासंग मिति नाघ्या पछि चलायाका षर्च फिर्ता लीनु. सो बेहोरासंग गुठी चलायनौ र गुठि अडकन गयो भन्या ऐनबमोजिम् बुझाउनुपर्ला भनि इजारा ठेकको पट्टा गरी दिञ्यूं आफ्ना षातिरजमाको चलन गर–

तपसिल

अ किस्त मार्ग मैन्हा	७
चु किस्ता चैत्र मैन्हा	६॥
	१३॥

इति सम्वत् १९३० साल मिति ज्येष्ठ वदि ५ रोज ७ शुभम्–

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(८५)

१. लिषितम् क्वावाहाल वस्न्या रत्नमुनि गुभाजु आगे श्रीस्वछन्द भैरवका ह्लाठ गुठी १ को मैले श्रीमहाराज–
२. का हजुरमा बिंति चह्राई वक्साइ ल्यायाको हुनाले सो गुठीको गोसवारा. . . .लाल
३. मोहर भयाको हुनाले मेरा दाज्यू भाइ फुकि गोष्ठी गैह्ललाई रोजाउदा ९४॥ ठेक
४. इजारा तिरि हामिहरूले षांम्रा. सो ठेक तिरि तैंले यकौटी गरि षानुः भंदा हामिहरू–
५. को बेउजुर येस् ठेक भंदा तिमिहरूले र मैले श्री ३ महाराजका हजुरका बिंति पारि ठेकमा घ–
६. टाई ल्याउन सके तापनि माफ भै आया पनि अघिको रितसंग बरोवर गरि दाज्यू भा–
७. इहरु गैह्लले बाडिचुडि षाउला भनि मेरा मनोमान षुसि राजिसंग अर्कर्ननामापत्र
८. लेषि थाकालि सुर्जमुनि वाक्वज्र फुकि गैह्लाइ दिया. येस बातका साछी बटु–
९. टोल वस्न्या सिंगविर. लेषक सोहस्ते इति सम्वत् १९३० सालमिति आसिन सुदी २ रोज ४ शुभम्

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(८६)

श्री

लिखितम् नुवाकोट वस्न्या नय हजम् जग्तविर पुरानिञा हजाम् हर्षविर आगे तिमीहरू २ जनाले दुनीयाका घरमा काज काम गर्दा झगडा भै ज्यावल भाडी स्मेत षोसियाका मुद्दामा तिमीहरू झगडा गर्न्या हौ की हामिवाट मिलाई दिया वमोजिम् मिलि काज गर्छौ भनी २ अमालवाट सोद्धा हामि २ जनाको चित्त वुझ्यो झगडा गरी खान सो हुदैनौ नुवाकोट भर अम्वल अरु अनेत्र जगा जगा स्मेत जजमानहरूको टहल पुऱ्याई जस्ले रिझाइ. जजमानले जसलाई दाक्छ उसैले काज गरि दियाको दस्तुर पनि उसैले षाउंला हर्षविरलाई डाकि काज गऱ्याको जजमानको घरमा काजगरी दियाको दस्तुर हर्षविरले षानु जगतविर हजम्लाई दाकि काज गऱ्याको जजमानको घरमा काज गरि दियाको दस्तुर जग्तविरले षानु हर्षविरले काज गऱ्याको जजमानको घर गै वाली दस्तुर देउ काज पनि म गर्छु. भनी म जग्तविरले झै झगडा गर्न्या छैन जग्तविरले काज गऱ्याको जजमानको घर गै वाली दस्तुर देऊ काज पनि मै गर्छु भनी म हर्षविरले झै झगडा गर्न्या छैन देविघाटको जात्रामा पनि आफु आफुले काज गऱ्याको मानीससंगको दस्तुर पनि आफु आफुले षानु झगडा गर्न्या छैनौ भनी मिली हामि २ जनाको मानोमान षुसि राजीसंग ज्मानवंडि मुचुल्का लेषि धामि द्वाऱ्या २ अमालमा दिञ्यूं इति सम्वत् १९३२ साल मिती चैत्रवदि ५ रोज ४ शुभम्

(नुवाकोटका धामीसंग रहेको नकलबाट यो उतार दिइएको हो ।)

(८७)

१. स्वस्ति श्रीमदतिप्रचण्डभुजवण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणाजी जी.सी. वी. आ–
२. ण्ड जी सी एस् आई थोङलिन पिम्माको काङ वाङ स्यान् प्राइम् मिनिस्टर याण्ड कम्यां–
३. डर इन् चिफकस्य रुक्का–
४. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्याण्डर ईन् चिफ्
५. जनरल रणउद्दीपसिंह कुवर राणा के. शी. एस्. आई. क–
६. स्य पत्रम्–
७. आगे सहर काठमाडौं असंटोल वस्न्या वलदेव झाके
८. श्री जेठा फुपु मैञा साहेवका फर्मायसी दाइजा विर्ता नुवाकोट मैथ–
९. लिटार डीही वगैचा वन वनेलो लगापात स्मेतका जगा
१०. १ को साविकवालाले जगाको वंदोवस्त गर्न नआउदा३३
११. सालका वालीलाई साविक वमोजिम् मोहरू ३५।। मा सहर काठमाडौं असंन टोल व–
१२. स्न्या निज वलदेव झाले इजारा ठेक कवूल गर्दा रैरकम ७ लम्वरका अैनवमोजीम् म्या–
१३. द टासी म्याद पुऱ्याका जगाको पट्टा गरी दीन्या वेहोरा थापाथली वदोवस्त अडाका हा–

१४. किम् कारीन्दाले हाम्रा हजुरमा विंति पार्दा जाहेर भयो तसर्थ मजकुर जगावको इस्तक
१५. सम्वत् १९३३ साल वैसाष वदी १ रोजदेषी चैत्र सुदि १५ रोजतक वर्ष १ को सीवाय श्रीराज
१६. अंक कल्यानधन धर्माधीकार पंचषत रहता वहता दंडता गडंता रकमी घरको आरा वेदता
१७. रकम कलम वाहेक वाजवी सेर्मा साउन्या फागु घरगनी वेठी साविक दरी चली आया–
१८. का रकम कलम गैह्र र अैनवमोजिम्का डंड कुंड मन्यो अपुताली चाक चकुइ मारी मेटी
१९. वेमोजेर साविक वमोजीम् मोहरू ३५॥ मा वगैंचा वन वनेलो स्मेतको हेरचाहा गरी व–
२०. न वगैंचा काट्न्याहरूलाई अैनवमोजीम् जरीवाना गर्नु भनी इजारा ठेक गरीवक्स्यौं रस्ती
२१. चलाइ वस्ती वसाइ गाउघर वगैंचा अवाद गुलजार गरी रैती राजी राषी सावीक रही चली आ–
२२. या वमोजीम् असुल तहसील गरी कवुलवमोजीम् रुपैंया यकै किस्ता चैत्र महीना–
२३. मा थापाथलि नगदी तहविल दाषील गरी रसीद लीनु श्रीदेवदेवताका जात्रा दर्स पुजा मामुलि
२४. षर्च गैह्र साविक वमोजीम् कत्ती नघटाई ठेक वाहेक चलाउनु कवुल वमोजीम् काम भै–
२५. यामा....४....पन्यो अथवा जगामा उठाउन सकेनौ भन्या यक दाम मिन्हा मोजरा पाउन्या
२६. छैनौ असुल तहसील मामिल मुद्दा ईन्साफ गर्दा अैनवमोजीम् जाची गर्नु. यो लेषी–
२७. यावमोजीम् नगरी घटी वढी पारी घुस रोसवत सर्सलामी षायौ. नया रकम कलम लगा–
२८. यौ वन वगैंचाको हेरचाहा नगरी कसैका माया मोलाहीजा पछी लागी रुष क–
२९. टायौ काटयौ औ किस्तवंदीका रुपैंया किस्तामा चुक्ती गरी दाषील गर्न सकेनौ
३०. भन्या अैन वमोजीम् सजाय गरी किस्ता नाघ्या वापत किस्ता षेलायी सुदस्मेत
३१. ली वक्सौला भनी यक साला इजारा ठेकको पट्टा गरी वक्स्यौं आफ्ना षातिरजा–
३२. मासंग जगाको चलन गर. इति सम्वत् १९३३ साल मिती श्रावण वदी ६ रोज ७ शुभम्

(नुवाकोट बट्टारका मङ्गललाल प्रधानको संग्रहबाट यो यहाँ दिइएको हो ।)

(८८)

१. स्वस्ति श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराजा जङ्गवाहा–
२. दुर राणाजि सि. वी. ग्राण्ड जी. सि. येस् आइ थोङ लिङ पिम्माको
३. काङ वान् स्यान प्राइम् मिनिष्टर याण्ड कम्यांडर इन चिफ्कस्य
४. रुक्का– – –

५. अागे नुवाकोटतर्फका षानिवालहरूको यथोचित उप्रान्त . . . . . १ . . . सा–
६. हेक्का दाइजा बिर्ता नुवाकोट मैथलीटार वगैचा वन् जत्र तत्रबाट उ–
७. जार गर्दा कसैलाई रूष काट्न नदिनु. भंन्या रुक्का दस्षत भै वन वगै–
८. चा पालीयाको हो. सो वन् वगैचाका रुष काटनालाई षानीवालहरू अा–
९. उदा वन् अवलको रुक्का दस्षत देषाउदामा पनि हामिहरूका ना–
१०. उमा लालमोहर भयाको छ भनि जवर्दस्तीसंग वन वगैचाको
११. उजार गर्न षोजिरह्याछन् भनि ३३ सालका ठेकदार वलदेव झाले हा–
१२. म्रा हजुरमा बिंति पार्दा जाहेर भयो तसर्थ अघि जत्र तत्र बाट वन् उजा–
१३. र गर्दा वन पालन्या अवल्को रुक्का दस्षत भै अाजसंम पालीया–
१४. को हुनाले निज मैथलीटार वगैचा वनका रुष तिम्हिहरूले काट्न
१५. पाउवैंनौ, नकाट्नु काट्यौ भन्या निज ठेकदारमार्फत् तिमीहरूला–
१६. ई अैनवमोजिम् जरिवाना होला इति सम्वत् १९३३ साल मिति मा–
१७. र्ग शुदि ९ रोज ७ शुभम्

(नुवाकोट बट्टारका मङ्गललाल प्रधानको संग्रहबाट यो उतार यहाँ दिइएको हो ।)

(८९)

स्वस्ति श्रीधामी रत्नमानसिंकस्य ह्लच्यांको मिझार केसन्या कंले पेमा छिरिंग तासि कट्वाल् कामिके पुर्जि उप्रान्त ताहा व्रस्न्ये हेवाङ रिंजेन्. गोम्वुहरूले ताहाका तपसिल् वमोजिम्को मानिसले श्रीभैरवीमाईको जगा दवाई तिरो भरो केहि नगरि षाइराष्याका मुद्दामा हामीहरूले ई तपसील वमोजिम् दवाई षायाका जग्गामा हामीहरूले पाषा पानी ग्वाहा ल्याई कायम् गरंला भंन्या वेहोराको इजहार लेषी सही छाप गरि ञाहा जाहेर गन्याको छ तसर्थ वेहोरा यहि हो भन्या नीज रिंजेन ङ्वाग्या गोम्वुहरूका नाउमा अैनवमोजिम् जग्गाको फुकाउनि पुर्जि गरिदिपठायाको छ तिमिहरू वसि सोही दवाई षाईराष्याको जगा नीज ङ्वाग् रिंजेन गोम्वुहरूलाई पुर्जि देषत जग्गाको चलन चलाउन देउ व्यहोरा ता अर्के छ भन्या बुझ थर झगरिया जोरि तिमिहरूको साठ लि ञाहा अाउन्या काम गर. अायन झेल् खेल् पछि लागीस् भन्या अयन्वमोजिम् गुनाहगार तिमिहरू पाच पगरिहरू-ले बुझाउनुपर्ला – – –

तपसिल

लक्ष्मिपति लामाले दवाई षायाको अय्यावेतमा ७ पाथी ।४। जाने षेत	१
माथीला नौलपूर पाथी ।५ जाने षेत	१
मह्लागांमा बिउ पाथी ।१।४ जाने षेत	१
भोल्र्या बोमान पाथी ।८।४ जाने ऐं.	१

लां बर्ुले दवाई बायाको मोल्र्ये डोभानको विहौत मुरि

१ ब्यु जाने षेत् १

भ्रमिरे नुर्बु रिंजेन ग्यालबुम् गंगि स्मेत जना ६ ले दवाई बायाको

फलाषु सानु षोला षला २ के बिउ ११८। जाने षेत १

भगेरि पाथी ।७। ब्यू जाने षेत १ १

सानु षोला घट्ट पाथी ।२। बिउ जाने षेत १

मोल्र्ये पाथी ।२। बिउ जाने षेत १

बफे मोल्र्ये पाथी ।१। बीउ जाने षेत १

मोल्र्ये पुछार फलाषु बगर पाथी ।७। बीउ जाने षेत १

इति सम्वत् १९३४ साल मिति चैत्र सुदि ४ रोज १ शुभम्

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो ।)

(९०)

१. लिषितम् पालुं बस्ने श्रीसिंहनाथ पल्टं र पट्टीका सिपाही जस्तवहादुर विष्ट क्षेत्री आगे नुवाकोट् श्रीभैरवी

२. पृती गरि श्री ५ सर्कारबाट चह्राई वक्स्याको कंन्याभोजन गुठि धामि कृष्णमानसिं मार्फत सहर्काठमाडौं त–

३. लाछि टोल ल्वावाहाल्मा वस्ने गोभाजु सुभरत्नका नाउमा गुठि चलाउनु भनि जिम्मावारि दि गुठि चलाया–

४. को थियो सो गुठिमा दरियाको तप्सीलवमोजिम् टिष्टुं पालुंका ज्मा षेतमुरि २। को कुत धान् गहु घ्यू–

५. षानिमा मोहरु १ को धान मुरि ।१० मोहरु १ को गहु पाथी ।६। घ्यूषानि नगदको नगद तपसील् वमोजि–

६. मका धान गहुको घ्युषानिको हिसावले ठह्र्याको रुपैया पौष मैन्हाभरमा मैले तहसिल् गरियकै को–

७. स्ता गरि दाषिल गरुंला भाषाभित्रमा चुक्ती गरि वुझायँनो भने सैका १० हिसावले किष्ट षिला–

८. फि सुतस्मेत वुझाउला निज षेत मुरि २। को तर तहसिल् गर्नालाई धान मु २।१० मैले षाउला कालक

९. मोहियाहरूबाट नउठ्या पनि भाउमा घट्टि वढि भया पनि माथि लेषियाका दर भावमा कट्टी नघटा–

१०. ई भाषामा चुक्ती गरि रुपैया वुझाउला कौनै कुराको मिन्हा मागन्याछैन: कवोल गरे वमोजिम्का कै–

११. पैया किस्ता भाषामा दाषिल गर्न सकियेन र किष्ट षिलाफि सुतस्मेत नतीरि आल्टाल् गर्ना प–

१२. छि लागी साल आषीरसम्म रह्यो भने मैले षानु भनि लेषियाको धान मुरि २।१० पनी नदिनु.

१३. सो कामवाट मलाई वर्षायेसि गरि मलाई पक्री असंनका वर भावमा रुपैया कसि साहुले गर्ने कृ–

१४. ती गरि रुपैया ढरि लीनु भनि ३८ सालका वालीदेषी मेरा मनोमान् षुसिराजिसंग कवुलप–

१५. त्र लेषि गुठिका जिम्मावारि गोभाजु सुभरत्नलाई दिञ्युं एस् पत्रिका साछी रैफल २ पट्टीका ह–

१६. वलदार हस्तवीर विष्ट क्षेत्री लेषक साछी हर्षनारांन–

तपसिल्

असामि	षेत	धानमुरि	गहु मुरि	घ्यू षानी पै
सेरा षेत १। मध्ये कृष्णविर विष्ट छत्री	।५०	१०।–	११५—	
ऐं गोपाल विष्ट छेत्री	।५०	१०।–	११५—	
चालीसे मोहि पर्षासि वीष्ट छेत्री	।२२	५।–		
ऐं षेत भक्तवीर विष्ट छेत्री	।२२	५।–		
सिम षेत इछ्याराम	।२०	४।–		≡।।।
लगन् वु गौरिदास	।२८	३।१५		।–।
टिष्टुं कुल वाहादुर	।१८	२।१०	।६।	–।।
	२।–	४०।५	२।१६	।।=।।.

इति संवत १९३८ साल मितो मार्ग वदि ८ रोज २ शुभम्

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो यहाँ दिइएको हो ।)

(९१)

श्री

१. विन्तिपत्र–

२. उप्रान्त महाराज करूनानिधान् श्रीस्वछिन्द्र भैरव हाग्ु गुठि अघि श्री ५ रणवाहादुर साहाका पालादेषि जगतमुणि छ–

३. त्रपतिका नाउमा चिताईदारको सनद भै चाहिन्ये सनद वमोजिम्. षर्च गरि वाकि सेष रह्या–

४. को षाई र्चाच आयाका हुनाले सो वमोजिम् षाइ र्चाच आयाकोमा पछि गुठि कचहरिवाट

५. ८९४– रूपैया ठेक तिर्नुपर्छ भनि पक्रदा अघि माफि भै रह्याको गुठिमा अव ठेक कवल् गरी
६. ....क्र्दैन भनि जगतमुणि. छत्रपति गोभाजुका संतानले भन्दा जगत्तमुणिका संतान
७. रत्न भनन्ये गोभाजुले ९४।। रूपैया तिरंजेलसम्म षोस्मोस् नहुन्या सनद गरिवक्से ९४।। रू.
८. पैया ठेक तिरि साविक दरि चलि आया वमोजिम् जो चाहिने श्रीस्वछिन्द्रभैरवको आजा-पुजा गुठि च–
९. लाई षाडा हु भनी नीज त्रिरत्नमुनि गोभाजुले कवल गर्दा ४२ सालदेषि निज त्रिरत्न मुनि
१०. गोभाजुका नाउमा सो वमोजिम् सनद भै चलाई आयाको रह्योछ. अव सो श्रीस्वछिन्द्र भैरवका
११. गुठिमा नीज त्रिरत्नमुनि गुभाजुले अघिदेषि चलि आयाको सनद वमोजिम् नगरी यठा–
१२. भावि गरि महाराज अघिदेषि चलि आयाको सनद र कवलपत्र वमोजिम् नगरे पछि
१३. निजका नाउमा भयाको सनद धुल्याइ सो ९४।। रूपैयाले श्रीस्वछिन्द्रभैरवका इन्द्रजात्रा निकाल्–
१४. ने षट् विग्रेको साल्वसाल् वणाई सावुद राषि अघि नभयाको नित्त्ये पुजास्मेत्. चलाऊ–
१५. नु. गुठिमा अघिदेषि दरि चलि आयाको सनदवमोजिम् कट्टि नघटाई गरंजेल षोस्
१६. मोस् नगर्नु. भंन्ये मेरा नाउँमा सनद गरिवक्से अघिदेषि दरि चलि आयाको सनद
१७. वमोजिम्. कट्टि नघटाई गुठिको कामकाज चलाई सेष वांकिले श्रीस्वछिन्द्र भैरवका इन्द्रजात्रा–
१८. मा वनाउने षट् सधैं सावुद राषि अघि नभयाको श्री स्वछिन्द्र भैरवका नित्ये पुजा समेत् सर्का–
१९. रका जं मनाई गर्दा हु. निघा करूना जो हुकुम–

सदा सेवक हिरामानको कोटि

कोटि कुर्णेस कुर्णेस–

२०. इति सम्वत् १९४५ साल मिति कात्तिक वदि रोज शुभम्

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(९२)

स्वस्ति श्रीमदतीप्रचण्डभुजडंडेत्यादि श्रीश्रीश्रीमहाराजा वीरसंसेर जङ्गवहादुर के सि. येस आई थोङ्ग लीङ्गपिङ्ग माको काङ्ग माकोकां वाङ्ग स्या प्राइमीन्स्ट यांड कम्याडर इङ चीफकसे रूक्का–

स्वस्ति श्रीमद्‌राजकुमार कुमाराज श्रीकम्यान्डर इन् चीफ जनरल देवस्मसेर जङ्ग राना वहादुरकस्ये पत्रम्–

आग्ये नवाकोट सेरा व्यासि भन्सार अडाका कामदार कारिंदाके यथोचीत उप्रान्त सुती तमाषु मतीतेलको सैकडा यक आना. भन्सार महसुल लिने तेस अडाको र अरु अडाको दरवंदीमा अव उप्रान्त सुर्ती तमाषुमा सावी दरवंदीको तेवर र मतीतेलमा सावी एक आना ४ षंडको १ षण्ड वढाइ दिनु असुल तहसिल गरन अरु अडा अडालाइ पनि सो वमोजिम असुल तहसिल गरनालाई जो चाहिन्या सनद गराई पठाउन्या काम गर भन्ये ५१ साल मार्ग सुदी ४ रोज ७ मा काठमाडौ अमानठ गोस्वरा भन्सार अडाका नाउमा भै आयाका २ छापे पूर्जो वमोजिम् सावीक सुर्ती तमाषुमा साविक दरवंदी सवालको तेवर र मतीतेलको एक आना रकम्मा ४ षण्डको १ षण्ड बढाइ असुल तहसील गर्न्या काम गर. भन्या नुवाकोट सेरा व्यासी भन्सार अडाका कामदार कारिन्दाको नाउमा सदर गरिवक्सन प्रन्या ठहराञ्या भनी लपतें कर्णेल कीर्तिमान षत्‌ क्षेत्रीले हाम्रा हजुरमा विंति पारदा जाहेर भया तसअर्थ अव उप्रान्त सुर्ती तमाषुमा सावीक दरवदिको तेवर मतीतेलको सावी एक आनाको चार षण्डको १ षण्ड वधाई असुल तहसिल गर्न्या काम गर भन्या रुक्का दसषत गरि दिवक्स्यौ इति सम्वत् १९५१ साल मीती पौष सुदी ९ रोज ७ शुभम्

(नुवाकोट बट्टारका मङ्गललाल प्रधानसंग रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

(९३)

श्री

स्वस्ति श्रीनुवाकोटका धामी रत्नमानसिंकस्य नरवीर ठेमी श्रेष्ठके पुर्जो उप्रान्त. तैले नुवाकोट श्री ३ भैरवीदेवीका स्थानमा साघुबजारका महाजन पुंनारान इन्द्रलक्ष्मिले प्रीती गरि राषेको गुठीको मोही भै षेत कमाई वस्याका रहेछ. केहि वषट्मा दाताका संतानले तसंग क–र्जा लि राषेको रहेछ. हाल गुठि जाचले. पक्राउ गर्दा श्री ३ भैरवीदेवीको देवालयेमा तामापत्र तासि रा–

षेको रहेछ यो गुठिको वाली तल्सींवोटीस्मेत तैंले ढेरै वर्ष षाई गुठ वन्द गरि राषिस्. अैन–सवालवाट कसो हुंछ यो ५७ सालको गुठि नचलाई भयन की यो तावापत्रमा लेषी तासीया–को भाडा श्री ३ भैरवीदेवीका देवालयमा तास्याका मालमट्टास्मेत उषेली तेरा जिम्मा लिने काम गरिया–

को होईन भन्या तेरा लिनु पर्न्या कर्जा नीजहरू छदाछदै तैंले गुठि अडकाई वाली षान पाउन्या होइन सो वुझि यो कागज पुग्नेवित्तिकै वाली वोकी आउन्या काम गर पछी धामीबाट यसो उ–सो गरी उवडियो भन्न पाउन्याछैन––

तपसिल

गागरी	१	ताउलो	२	वटुका	२	हसिया	१
तावाको वाटा	१	लोटा	१	ठकुपीचा	१	मंसेनी	१

पाथी	१	सिन्ह मु	१	टुलो	१	पचका	१
माना	१	जोला न्हयकं	१	तापके	१	कटी	१
आधामाना	१	कोषोला	१	तरवार	१	काटा	१
संवुस	१	चिकंषोला	१	कटारि	१	देवालय भित्र	
थाल	१	घंट	१	षुकुरि	१	दीपमाला	
वाटा	१	दारु	१	षुर्पा	१	वालने १०।१२	
कसौरि	१	पन्यू	१	कोदालि	१	धार्नीको पानस १	
कोपरा	१	सुकुंडा	३	बंचरो	१		

इति सम्वत् १६५७ साल कार्तिक वदी ३० रोज ३ शुभम्

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(६४)

श्री

विंतिपत्र---

उप्रांत महाराज करुनानिधान् दयासागर धर्मोतार प्रभु श्री ५ पृथ्वीनारायणसाहका पालादेषी श्रीमनकामुना

श्रीनुवाकोट भैरवी श्रीकडेल्चोक् भगवतीका नित्ये नैमित्यक पुजा र पर्व पर्वका पुजा. हाम्रा ज्यूज्युवाज्या जगतमुनि छत्रप–

तिलाई पुजाहारी वक्सीदा अजसंम पुजा चलाई आयाको थियो प्रभु इन्द्रजात्राका एकाद–सीका रात्रीमा दर्वार मुलचोकमा श्रीमामकोदेवी श्रीसक्तिभैरव श्रीस्वछन्दभैरव लिन जादा सर्कारका वाहुलिवाट पुजाका

सामा संकल्प गरी श्रीमामकोदेवी श्रीसक्तिभैरव श्रीस्वछन्दभैरव देवताहरूलाई पुजा गरी सिंह ढोकावाट ल्याई श्रीकडेलचोक् भगवतीका

वलानमा स्थापना गरी इन्द्रजात्रा ८ दिनसंम हामीहरू रूजु रही श्रीगणेश श्रीभैरव श्रीकुमारीका रथ

चलाउने वितिकै पुजाको सराजाम तयार गरी ठाउ ठाउमा राषि पुजाका सराजाम चाही–का भाडा र अरू पुजाका भाडास्मेत हामीले जीम्मा ली श्रीगणेश श्रीभैरव श्रीकुमारीलाई पुजा गरी श्रीमामकोदेवी

श्रीसक्तिभैरव श्रीस्वछन्दभैरवलाई स्मेत पुजा गरी कुर्न पर्ने हुनाले अघिदेषी श्रीगणेश श्रीभैरव श्रीकुमारीका रथ तांन

टंता लाग्याको थियेन हाल यो इन्द्रजात्रालाई श्रीगणेश श्रीभैरव श्रीकुमारीका रथ तांनालाई टंता

लागीरहेछ प्रभु सो रथ तांन टंता लाग्या पछी श्रीमामकीदेवी श्रीसक्तिभैरव श्रीस्वछन्दभैरवको पुजा र श्रीगणेश श्रीभैरव श्रीकुमारीको

पुजास्मेत अड्कने हुनाले सर्कारमा जाहेर गर्‍याको छु प्रभु सो रथ तांने टंता नुवाको–

टे गोभाजुहरू गैह्रलाई सालवसाल टंता नगर्नु भंन्या माफिको सनद गरी वक्स्या सर्का–

रको जये मनाई श्रीमामकीदेवी श्रीसक्तिभैरव श्रीस्वछन्दभैरवको पुजा र श्रीगणेश श्रीभैरव श्रीकुमारीको पुजास्मेत सुविस्तासंग चला–

उदा हु प्रभु जो र्मजि हुकुम– – –

इत सदा सेवक पुजाहारी नुवाकोटका गो–

भाजु राजिन्द्रमुनि मान्पतिको रोज रोजको

सहश्र कोटि कोटि कुर्णेस कुर्णेस

इति सम्वत् १९५२ साल मिति भाद्र सुदी रोज शुभ

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(९५)

लिषितं नुवाकोट श्रीभैरवी, श्रीइन्द्रायनीका पर्व पर्वका गुठीका हामी तपसील् वमोजीम्का गुठियारहरू आगे नुवाकोटका धामीबा–

ट के के गुठी चलाउनुपर्छ, गुठीहरूको सनदपत्र के के छन्, सो गुठीहरूको आम्दानी षर्चस्मेत वुझ्नुपर्दा पुर्जी गरी–

पठायाको छ निज धामीहरूलाई पक्री लेषीया वमोजीम फाँट् षोली आउना जाना बाटाका म्याद वाहेक....

दिनभित्र यस अड्डामा पठाइदिने काम गर भंन्या वेहोराको गुठी जाच अड्डाबाट पश्चिम १ लम्बर वक्यौता तप–

सील् अडाका नाउमा ५९ साल आषाढ सुदि ३ रोज ३ मा पुर्जी भै आउदा सो जाच अडाका पुर्जी वमोजि–

म् मलाई पक्री तिमीले के के गुठी चलाउनुपर्छ, सो गुठीहरूको सनदपत्र के के छन् सो गुठीहरूको आम्दानी षर्च–

को फाँटबारी लगतस्मेत ल्याउ भनी पश्चिम १ लम्बर वक्यौता तहसील अडाबाट पक्राउ गर्‍याकोमा श्रीभैरवी, श्रीइन्द्रायणीका

स्थानमा श्री ५ सर्कारबाट प्रीति गरी चढाई वक्स्याको राजगुठी गैह्रको आम्दानी षर्चको र सेष वाकीको लगत

षडा गरी दिनालाई तिमीहरूका आफ्ना आफ्ना गुठीहरूका कागजपत्र तिमीहरू आफु आफुले नै बनाई तयार गरी दिन्छौ कि मेरा मानिस राषी जती षर्च लाग्येको षर्च लगाई हामीहरूका गुठीको स्मेतको कागज बना–

उन लगाई तयार गरिदेउ भनी भंछौ कसो हो भनी धामी रत्नमानसिले हामी तप्सिल्का गुठीका गुठी–

यारहरूसंग सोधनी गर्दा हामीहरूको चित्त बुझ्यो सो गुठीको कागज हामीहरूले बनाई तयार हुँदैन तपाइ–

बाट मानिस राषी बनाई तयार गरिदिनु सो कागज वनाउदा जो लागेको षर्च हामीहरूका गुठी अनुसा–

र दामासाहीले लाग्येको षर्च नवुझाई वषेडा गर्नापछि लाग्यौ भन्या सो गुठीका षेतको ५६ साल्का वाली म–

ध्ये मंग्सीरमा षलामा चलेका दर भाउले षलैबाट उठाई लिनु हामी उजुर गर्ने छैंन भनी हामीहरूको मनोमान षुसी राजीसंग कबुलियेत नामाको ज्मानवंदी लेषी तालुकदार धामी रत्नमानसिलाई दिञ्यूं यस बातका साछी किनारामा लेषीयाको सदर–

तपसील

(एकापट्टि)

पंचमी गुठीको श्यामसुन्दर	१
अष्टमी गुठी चतुर्दशी गुठीको	४
धारे तुल्सी नारां	१
द्वारे वषर्सी	१
षलक पुरनमान्र्सि	१
वषतमान्र्सि	१
पुन्र्ये गुठीको	१
धर्ममान्सि	१
धोजा गुठीको	४
जीतवाहादुर	१
हरिदास	१
सिवदास	१
संतवीर	१
नित्यपूजा गुठीको र दीपमाला गुठीको धर्ममान्र्सि	१
कन्या गुठीके	२
हीरारत्न	१
हिरण्यरत्न	१

(अर्कोपट्टि)

सिखरीमाल् गुठीको	१३
वर्षासिं	१
तुलसीनारां	१
हीरारत्न	१
मानपति	१
हिरण्यरत्न	१
कृष्णमान	१
राजेन्द्रमुनि	१
पद्ममुनि	१
दीर्घमुनि	१
त्रिरत्नमुनि	१
जितामुनि	१
रत्नचूडामणि	१
भुजा गुठीको धर्ममानसिं	१
इन्द्रायणी गुठी	२
लक्ष्मीदास	१
हरिनर्सिं	१

इति संवत् १९५९ साल् मिति भाद्र वदि रोज शुभं

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(९६)

स्वस्ति श्रीमदतीप्रचण्डभुजडण्डेत्यादि श्रीश्रीश्रीमहाराज चन्द्रशम्सेर जंग राना वहादुर थोङ्ङ ली....कस्ये रूक्का–

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्रीकम्याण्डर इन चीफ जनरल भीमसमसेर जङ्ग राना वाहादुरकसे पत्रम्—

आग्ये नुवाकोट सेरा व्यासी भन्सार अडाका कामदार कारिंदाके यथोचीत उप्रान्त भोट पहाडका भंसार अडा अडामा महसुल लिनालाई १।२ पैसा १।२।४।८।१६ आनाको टिकट दिइ सो टिकटको रसिद गरी महसुल स्याहामा माल दर महसुल खोली हस्तेवारी जनाई आम्दानी वाधी टिकटको आम्दानी षर्च पूर्णिमा मितिमा गरि आयाको हो तापनि अव उप्रान्तलाई भंसार अडा अडालाई रसिद दिनु पर्ने कति थान चाहियला स्व अनजाम गरी नमुना वमोजीमको चाहिने टिकट छापाखानाबाट छापनु लगाई लीइ भन्सार अडामा पठाइ मार्ग वदी रोज १ का मितिदेखि साविकको टिकट र साविक वमोजीमको स्याहा खडा गरि सो नया टिकट माहाजनको नाउमा माल दर जम्मा रूपियां मिति समेत डउंइ टिकटमा लेखी दाया पट्टिको टिकटमा अडाको छाप लगाइ चाहिन्या

महसुल लिइ अडाको छाप लाग्याको टिकट माग्नेका सहीछाप गराइ जति जति महसुल आउँछ जम्मा अंक अगाडि लेखी पाना पानाको जम्मा गरी महिना दीनमा टिकटवमोजीम् जति जम्मा हुन्छ सो रूपैया स्याहामा एकै कलम गरी टिकट वमोजीम जम्मा यति भनी आम्दानी वाधी सो टिकट स्याहाका पुच्छरमा टांसी कुमारीचोकमा वुझाउनु सो टीकटमा लेख्दा नंवरसंग लेख्नु लेख्दा विरीनु गयो फेर्नुपर्‍यो भन्या सो रद्दी भयाको टिकट फेरी अर्को टिकटमा लेखी दिनु. रद्दी टिकट पनि त्यसै स्याहामा गाँसी वुझाउनु, अडाबाट महसुल लियाको टिकट ठीक वेठीक जांची महसुल नदियाको रह्याछ भन्या अगिल्ला अडाको समेत नवुझेको महसुल लिनु अघिल्ला अडाले नदियाको टिकट खिची महिना महिनाको जो जम्मा भयाको कुमारीचोकमा पठाइ दिनु भंन्या अडा अडालाई सनद गरी पठाइ दिनु भन्या वेहोराको ५९ साल आश्विन वदि ३ रोज ७ का काठमाडौ गोस्वारा भंसार अडाका हाकिम कारिंदाको नाममा दुइ छापे पूर्जी गरी वक्सेमुतावीक ५९ साल मार्ग वदि रोज १ को मितिदेखि साविकका टिकट र साविक वमोजीमको स्याहा बन्द गरी नया टिकटमा रूपैं-याको मात्र स्याहा खडा गरी सो नयां टिकटमा माहाजनको नाउ माल दर जम्मा रूपैया मिति समेत वुइ टिकट लेखी वायापट्टी फट्मा अडाको छाप लगाई चाहिन्या महसुल लिइ अडाको छाप लाग्याको टिकट महसुल लगाउन्यालाई दिनु चाहिन्या यतिको १ प्रतिमा महसुल वुझाउनेको स्ही छाप गराई जति जति महसुल आउछ जम्मा अंक अघाडि लेखी पाना पानाको जम्मा गरी महिना दिनमा टिकट वमोजीम जति जम्मा हुन्छ सो रूपैया स्याहामा एकै कलम गरी टिकट वमोजीम जम्मा यति भंन्या आम्दानी वांधी सो टिकट स्याहाका पुच्छारमा गाँसी कुमारीचोकमा वुझाउनु सो टिकटमा लेख्दा लम्वरै संग लेख्नु लेख्दा विरिनु गयो फेर्नु पर्‍यो भने सो रद्दि भयाको टिकट फेरि अर्को टिकटमा लेखी दिनु रद्दि टिकट पनि त्यसै साथ स्याहामा गाँसी दिनु १ अडावाट महसुल लिइ अर्को अडामा पक्रदा त्यस अडाले अघिल्ला अडाले माल वमोजीम महसुल लियाको ठीक वेठीक जाँची महसुल नदी आयाको रह्याछ भन्या अघिल्ला अड्डाको समेत महसुल लिनु. अघिल्ला अडाले दियाको टिकट खिची महिना महिनाको जो जम्मा भयाको कुमारीचोकमा पठाइदिनु भंन्या नुवाकोट सेराव्यासी भंसार अडाका कामदार कारिदाका नाममा रूक्का दस्खत गरी वक्सनु पर्‍या ठहराञ्या मर्जी हुकुम भनी भंसारका मेजर कपतान दानवहादुर खत्री क्षत्रीले हाम्रा हजुरमा विंति पार्दा जाहेर भयो तसअर्थ सो ठहराया वमोजिम हामीले सदर गरी वक्स्यांछौ सो वमोजीम गर्न्या काम गर भन्या रूक्का दस्तषत गरी वक्स्यौं इति संवत् १९५९ साल मिति मार्ग सुदि १५ रोज २ शुभम्

(नुवाकोट बट्टारका मङ्गललाल प्रधानसंग रहेको नकलबाट यो उतार यहाँ दिइएको हो।)

(९७)

श्री

अर्जिपत्र—

उप्रान्त महाराज करूणानोधान प्रभु सम्वत् १९७५ साल चैत्र सुदि १५ रोज ६ का रात्रि देविघाटमा श्रीदेवताले वोलेको जात्रालाई निमंत्रना गर्न पूर्व पश्चिम उत्तर दक्षिण मानसरोवरमा

जाँदा देवता भैरव १ विष्णुवि १ मात्र आया अरू देवताहरू आयन महाराज माहारानिहरूले दुनियाको संभार गर म जान्छु—

इत सदा सेवक द्वान्या चन्द्रकुमार साहि थडवहाल स्यामसुन्दर अवलाका जुजुमान थवलका पूर्णमान गुभाजु कृष्नमानहरूको कोटि कोटि कुर्णस कुर्णस

इति संवत् १९७६ साल मिति वैशाख ७ गते ७ शुभम्

(नुवाकोटका धामीसंग रहेको नकलबाट यो यहाँ दिइएको हो ।)

(९८)

श्रीभैरवीको पर्व पर्वको

भाद्र कृष्ण त्रयोदशीमा पंचदान गर्नु वाडाजात्राको पर्व आश्विन कृष्ण त्रयोदशीमा श्रीइन्द्रायणीमा होम गर्नुपर्ने फाल्गुन कृष्ण पंचमीमा हुने श्रीइन्द्रायणीका स्थानमा पंचवलि गर्नुपर्ने पर्व— १

फाल्गुन शुक्ल दशमीमा वर्षवन्धन प्रतिष्ठा होम गर्नुपर्ने पर्व— १

चैत्र कृष्ण त्रयोदशीदेखि प्रतिपदासम्म नारांजात्राको पर्व चैत्र दशैंको पर्व— १

चैत्र शुक्ल, देवीघाटको जात्रामा त्रयोदशीदेखि वैशाख कृष्ण नवमीसम्मको पर्व— १

ज्येष्ठ शुक्ल अष्टमीको वर्ष बन्धन प्रतिष्ठा होम गर्नुपर्ने पर्व— १

आश्विन शुक्ल वडा दसैंको अष्टमी नवमी दशमीको खड्गयात्राको पर्व— १

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको पत्रबाट यो उतार यहाँ दिइएको हो ।)

(९९)

अर्जि—

१. उप्रान्त गरिपरवर अघिका धामी मरि अर्को नया धामी फेरिंदा मकुट पोसाक गै–
२. ह्र पुरानु नमुनावमोजिम् श्री ५ सर्कारबाट नया बनाइ वक्सी धामी फेरियाको हो धा–
३. मि फेरिंदाको र १२ वर्षको पोसाक फेरियाको मकुट पोसाक गैह्र १२ धामी पुगी
४. तेह्रौ धामी हुँदा तेह्रौ हुन्या धामीको मकुट पोसाक वाकी राषी १२ धामीको
५. मकुट पोसाक वटुली श्रीदेवीघाट लगी अग्निसंस्कार गरि आयाको हो १९१२
६. सालमा मेरा वाज्या राजमानसीं धामीले १२ वर्षको पोसाक फेर्न हजुरमा आ–
७. इ पोसाक फेरि नुवाकोट् गै पोसाकका रित प्राणप्रतिष्ठा गर्न नपाई षस्वा
८. पोसाक चोषै थियो र मेरा वावा जीत्मान्सीं धामी हुँदा, पोसाक चोषै हु–
९. नाले मकुट गहना मात्र नया वक्साई पोसाकचाहि तेसैले धामी फेरि आ–
१०. याको हो आज मेरा वावा धामी जीतमानसीं षस्दा म धामी हुनु पर्दा

११. हजुरमा आई धामी फेरियाको हो. अघी सावीकका धामीले पाई आया
१२. वमोजिम्मका मामुली कौसल कचहरि मार्फत रिपौट् चह्राई विन्ति पार्दा
१३. १२ वर्षका पोसाक १२ वर्ष पुग्दा दिनु अैले पोसाक नदिनु धामी फेरिंदाको
१४. मामुली मुनासीव माफीक दिनु पुरानु मकुट पोसाक सानु गरी बनाई दि–
१५. नु भन्या वेहोराको रिरौट्मा जवाफ लेषी आउदा पोसाक पुरानु
१६. काटि सानु वनाइ दिन्छु मामुली पुजाको रूपैया लैजाउ भनी जवाफ दियो
१७. अघि परापूर्वदेषि धामी फेरिंदा पोसाक मकुट गैह्र नया वक्साई धामी फे–
१८. रि आयाको हो मेरो वाज्या राजमानसीं धामीले १२ वर्षको पोसाक फेरि
१९. लग्याको प्राणप्रतिष्ठा गरि लुगा लाउनु नपाई षस्दा पोसाक चोर्षं र–
२०. ह्याको हुनाले मेरा वावा जीत्मान्सीं धामी हुँदा तेहि पोसाक थामी म–
२१. कुट गहना मात्र नया वनाई वक्स्याको हो अघिदेषी पुराना मकुट पोसाक–
२२. ले धामी फेरि आयाको थीयेन. आज सावीकको मकुट पोसाकले हिजो
२३. देषी नचल्याको कुं रितले धामी फेरि श्री ५ सर्कारको जै मनाई. . . .काम् चला–
२४. उन्या हो. काज भन्या दसैं अघि धामी चह्राई श्रीभैरवीका अभ्रेंतरको पुजा च–
२५. लाउन पर्न्या अघि परापूर्वका धामीले पाई आया वमोजीं मामुली १२ वर्ष–
२६. का पोसाक फेर्नु. नया धामी भयाको साल देषी १२ वर्ष पुग्दा मकुट वाहेक अ–
२७. रू पोसाक मामुली स्मेत श्री ५ सर्कारबाट वक्स्याको हो, धामी भैं जात्रा चलाई मकु–
२८. ट पोसाकलाई सबयामा २।३।४।५।६ मैनैमा धामी षस्यो भन्या पनी नया हु–
२९. न्या धामीलाई नया मकुट पोसाक पाइ आयाको हो. जो मर्जी–

नुवाकोटका धामी कृतिमानसींको
कोटि कोटि डंडवत सेवा सेवा शुभम्

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो।)

(१००)

श्री

पुजा साराजं गैह्रके चाहिन्या सराजाम–

· निमंत्रना पुजाके– – –

सिधुर तोला	२
सुपारि गोटा	१२
धुप तोला	२
वतिके यिता हात	१

मुल पुजाके—

सिंधुर तोला	१०
रगतचंन्दन तोला	८
लाल २२ गजि परि थान	१
पंच सुगंध तोला	५
सुपारि गोटा	६०
धजाके पंचरंगी कपडा थान	३॥
गोकुलधुप तोला	१०
कपुर तोला	८
लवाङ तोला	२
सुषुमेल तोला	२
अलैंचि तोला	३
जाइफल गोटा	२
कलसके पिटा हात्	२
दालचिनि तोला	२
वदाम गोटा	३०
चिनि सेर	१
नरिवल गोटा	३
मधेस्या आसनि	२
छोहोरा तोला	३०
मरिच तोला	५
आसनिके पिटा थान्	१
श्रीषंन्ड तोला	८

श्रीदेवीघाट्का पुजाके—

नरिवल गोटा ३ माझा गगरि थान	१

श्री इन्द्रायेनीघाट्मा पुजाके सदर

कुमारि पुजाके—

कासीवाल हात ५॥ लाल वीहारि हात्	१०
कोपा थान	१

श्रीतलेज्यके—

माझा पगरि थान १ वे. मुसुर हात	६
नरिवल गोटा १ कासीवाल हात्	२॥
लाल् वीहारि हात	१०

धामिका पोसाकके	
२२ गजि परि थान	१
कोपा चौविसा थान	१
विहारि थान	१
चौविसा थान	१
कासिवाल थान	१

धम्यानिका पोसाकके—	
कासिवाल हात	२॥
मुश्रु थान	१
लाल विहारि हात	१२

षंड वाहाल गणेसके—	
१२ गजि पगरि थान	१
षासा थान	॥
चौविसा थान	१
मा धुवा थान	१

मुल पुजाहारि वाँडा जना २ के—	
१२ गजि पगरि थान	२
षासा थान	१
चौविसा थान	२
माः धुवा थान	२
लाल विहारि हात	१२

वंडघानि जना २ के—	
कोपा हात	४
ककरति थान	२
लाल् पिटा थान्	१

जवलाका जना १ षवलाका जना १ ज्मा जना २ के—	
१२ गजि पगरि थान	२
चौविसा थान	२

षासा थान	२
माः म्ना धुवा थान	२

पाठ गर्न्या बाँडा जना ४ के	
१२ गजी पगरि थान	४
भुजा समाउन्याके पोसाक---	
ककरति थान	१
कोपा हात्	२
षासा हात्	२

थकालिस्मेत षल्कि गैह्र जना	
२८ के नेपाली पगरी थान	२८
निसानको नेपालि पगरि थान्	१॥
अरू कामके---	
षारुवा षगाम्	२
सिंधुर सेर	३
सिंधरिप तौला	२
नुन पाथि	१।४
जिरा माना	२

सुनाका रकम---	
टिका जोर	२०
सियाके मासा	२
कवलके मासा	२
छुराके मासा	२
नहर्नीके ऐ	२
सुर्जेविम्वके ऐ	२

चांदीका रकम्---	
टीका जोर	२०
सीयोके मासा	२
नहर्नीके ऐं	२
चन्द्रविम्व तोला	१
मुद्री गोप	२०

छुराके मासा	२
कवलके ऍं	२
प्रतीमा तोला	२
दृष्टि जोर	२५
जिनीस —	
कलस्के लाल कुचीन षगाम्	२
भोटघा धुप् मुठ्ठा	३

निमंत्रना पुजाके—

तेलमाना	२
भतमास् पाथी	।२
होमके ३२ जातका वीही माना	३२

काम् काम्के रकम्—

स्यालवजि मुरि	२।.।
तेल पाथी	।७।
भतमास् पाथी	।३।
मास पाथी	।३।
ग्रारुके चावल पाथी	।५।
अक्षे ताके चावल पाथी	।३।
३ प्रकार कामके चावल मुरि	१।६।
च्युराके मुरि	४।.।
भुजा वलीके चावल पाथी	।६।
हास्का फुल गोटा	३०
अवुवा धार्नी	२
होमके र भोग षादा लाउना के घ्यू	
धार्नी	१
दही पाथी	५
माछा धार्नी	१
पंचरंगीको धागो	३
गाईका दुत माना	६
मह माना	१
वोका गोटा	८
भोगके २ देवीघाटके	१

निमंत्रना पुजाके १ पुरस्चरनके	१
तलेज्यूके १ इन्द्रायणीमा	१
श्रीभैरवीका ग्रस्थानमा	१

हाँस गोटा व्येहोरा सदर	८
भोगके रांगो गोटा	२
चरू पकाउनाके ताउलो	१
पनीया गोरा	१
छत धारा गोटा	१
चरस थानी गोटा	१
कलस् गोता तावाको	१
तावाका वटुका गोटा	२
कासका वटुका गोटा	२
लोहन्या फलाम्या वटुको	१
जात्रामा वढाउन्या झलरवार	
छाता गोता	१
जगे होमके भेटि रु	२॥
३ कलस ऐं रू	१॥
श्रीनारायणके ऐं रु	१
श्रीविष्णुके ऐ रु	॥

गैह्र पुजाके वत्ती जजंकाके धागो धार्नो ऽ१॥

श्रीदेवीघाटमा वीन ७ सम्म पुरस्सरन गर्नाके सराजाम—

सिधुर तोला	२	सुनका कलफुल	१
भोटे धुप् तोला	४	चावीका ऐं फुल	१
श्रीषण्ड तोला	५	ग्राचमनीस्मेत	
रगत्चण्डतोला	५	पंचपात्र जोर	५
करपुर तोला	५	चंदनषोरि स्मेत पुजा थान	५
केसरी तोला	२	ग्रासनीके सम्माल्	
कुमकुम तोला	२	के पीटा थान	१
सुपारि तोला	३०	मवस्या ग्रासनी	५
जजंका वंवी धागो तोला	१४	नगंवर छाला	१
गोकुल धुप् पाउ	१	ग्रासनी चावल पा.	३
वोका गोटा	१	२ प्रकारका कामव	

नरिवल पगरि	२	के चावल् पाथी	६
दक्षिना गैह्ल मोरू	५	रगसी पाथी	१
वही पाथी	१	स्यालवजि पाथी	५
दाल माना	४	च्यूरा पाथी	१०
हाँसको फुल गोटा	१२	भटमास् माना	४
तेल माना	६	अदुवा सेर	१
मृगका सपेटा	१	माछा सेर	१
तिव्रा	१	नुन माना	२
घ्यूउ पाउ	२	मासु धार्नी	५

दिन ७ के वांडा जना ७ के सीधा—

भेटी दक्षेना गैह्लके रू ४८॥

श्रीभैरवीके	१॥	श्रीदेवीघाट्के	१
श्रीइन्द्रायेनीके	१	श्रीतलेज्यू	१
श्रीहनुमान्के	॥.	श्रीपीठ पुजाके	१०
धामीके	२॥	कुमारिके	१॥
धम्यानीके	२॥	वं वाहाल्के	॥
वांडा जना ७ के	७	वडेनी जना २ के	१
कलस ३ के	१॥	होमके	२॥
श्रीनारांयेनीके	१	विष्णुके	॥
जवलाके	१	षवलाके	१
षलकी जना २८ के भोर्सी–	७		

धामि र वांडा जना २ स्मेत जवान १३ के सिधा. .

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यो उतार यहाँ दिइएको हो ।)

टिपोटहरू

(१)

१. सुभ सम्वत् ७५८ फागुन शुक्लया एकादसि, पुनर्वसुनक्षत्र आयुष्मान् योग बुधवाल थ्व षुन्हुं श्रीगन्यजु दे–

२. ओया गजुरि, कोकाया दिन, वेरा घरि २ विना ५ ङा घरिनन्हा, न्यास पिकाया दिन जुरो,,।। चैत्र कृष्ण षस्तमि मूरनक्षत्र

३. वरियानजोगे, आदित्यवार, थ्व षुनु, श्री ३ गदेजु ह्रवाया, देवर क्वथूत, अंग्वर पिये, तेव धाव, मतेओ धाओ, वादि

४. जुयाओ, गुरुका, कास्यं, देओस्के ङयाना तेवगुरि वरः ।। चैत्र कृष्णया द्वादसि, पूर्व्वभद्र नक्षत्र व्रह्म जोग्य आदित्यवार

५. थ्व षूनू : ।। श्री ३ गवेजु देओ, देओर ओनन पिहा विज्यातका जुरो : ।। वैसाष शुक्लया पंचमि, मृर्गसिरा नक्षत्र सो, सो

६. रेवतिनक्षत्र, प्रितियोग, सोमवार, थ्व षुनु : ।। श्री ३ गंदेजु देओया, थायमा छाया दिन जुरो : ।। सुभ सम्वत् ७५८ जेस्त

७. शुक्र्या पूर्ण्णमासि, अनुराधानक्षत्र, सिधिजोग वृहपतिवार थ्व षुनु श्री ३ गदेजु देओया चूतका सि छाया, दिन जु–

८. रो : ।। जेस्तकृर्ष्णदसमि : ।। श्री ३ गवेजु देओ, भिरूया क्षेन पिहा

९. विज्यातकाओ, देओर ह्लओन्य र स्वया, ताचानसाराओ, देवरछ चाक ओयकाओ, दुहा विज्यातकाओ, देओ थाप–

१०. न याना जुरो, गुरू भराद, श्रीवज्राचार्य रामदेवन पिकायं वुकायं किराकर्मयाना जुरो : ।। सम्वत् ७५८ आषा–

११. ढ शुक्रया, वसमि, स्वाति नक्षेत्र, सिवजोग, सोमवार थ्व कुन्हु श्री ३ गदेजु देओया गजुरि छाया दिन जुरो, गजुरि

१२. पू ३ न्हओया, लुगुदेओया गजुलि पू २ देतङा श्रीरक्ष्मिनरसिंम राजान, स्वहस्तेन हरपा, थन देओरया, निग थपू–

१३. क्वापू दङा जुरो, क्वाकायासं छायासं गुरू भराद रामदेओ जुरो, थुगु दन गजुरि ३ क्वा कायाओ, गजुरि ५ छा–

१४. या दिन जुरो शुभ ।।

(सानुरत्न वज्राचार्यको संग्रहमा रहेको सकल पत्रबाट यहाँ यो उतार दिइएको हो ।)

(२)

सम्वत् ७५८ मिती फागुणमासे शुक्लपक्षे यकादसियां तिथौ पुनवसुनक्षत्रे आयुकमानजोगे बुध-वासरे मेषरासिगते सवितरे सिंघ रासिगते चन्द्रमसि थु षुनु श्री ३ गंदकि भैरवीया गजुल लिकयायात पुजा पिथ छोयागु श्री ३ गदेस मेस ह्मं १ वुगु ह्मं १ दोवाहाल भगवानयात पंचामृत भेलु गनेस हनुमंत षे २ द्वारपाल हंस १ श्री ३ इन्द्रायनी वुगु १ व्रह्मायनी वु १ थान समेस १ वुगु १ तलेजु-मान ह्रेस २ भगवति सिंलिगिगाल हं २ वाराहि हंस २ रुद्रायनी माहालक्ष्मी हं २ चामुंन्द्रा गनेस दं २ मटुके- गुदेव सं २ मेले गनं पञ्चामृत गनं षे छोया सकलें पिठ ङ्क पुजा छोया गजुली कया. . पियागु दिन जुलो। शुभम्

(३)

शुभ सम्वत् ७८३ मिति चैत्र शुक्ल द्वादसं षुनु श्री ३ गंदकि देवयात श्रीप्रतापमल्ल जुजुन मतुक दोहोलपा जुलो. गुभाहाल वज्राचार्य लह्लदेव जुलो।

(४)

संवत् ६१२ मिति आषाढ शुक्र द्वितिया पुनर्वसु नक्षत्र ध्रुवजोग थ्व षुन्हु देविघातस, गिर्ध जुत, थुगु दिन संचिगु थाना चिनियालि पुयाकाया, कोजुयथेक चिनियाम्रो. . . .कुन्हु सिपाहि थामय यात पेन्हु षुन्हु बिसेम्रोल, वयलिल सुम्रोतले जुया म्रोया धुंचेस हथाल जुलो देम्रोदालिसं हथाल जुलो देम्रोदालि वयलि काल, झि सिपाहि द्वोभूने विसेम्रोल, म्रनं चोने मझियाम्रो गिषुया लेष चोंम्रोल, गिषुथं ह्लच्याङको झि सिपाहि चोन थुगु वेलस ।। श्री ३ लनवाहादुल साहि जुजु, श्री ३ वाहादुर साहि कका, संकस्त जुया राजन निह्म बाकाजुन, नम्रोको भईलवियाके, सछि निह्म मेस गास, सछि निह्म मेस घातस, लु पउलि चिय रु ध्वाका तय धक संकलप यात संकलप याय धुसेलि भतुपादे कपदाल रर्लासि तसालि निह्मस्यात घाम्रो याकल छोत, घाम्रो मिलेमजुयाम्रो, चिनियापिसं दामदल पादे काजि प्रवराना चो थास गिषुस हथालक म्रोल, हथाक म्रोसेलि झिसं धर्कय याङा स्यात, वयलिगुलि गुलि पारा स्यात गुलि पाषं कुति म्रोङा सित गुलि षुसि कोम्वाङासित, सिक सकले जंमा निसल पिह्म २४० थुलि सिसेलि घाम्रो मिले जुरो, घाम्रो मिले जुयावयलि लिहाम्रोन भतुपादे कपदाल रर्णासि तसालि निह्मं लिहा म्रोल लिहा म्रोसेलि निह्म स्यातं रा. . . .सिपाल विल थुलि धुसेलि राजापि निह्म वाकाजं रानिपि सकले भारादालपि सकले नम्रोको थहा विज्यात देविघातस सछि निह्म बलिदान याङा पूजा यात. चैत्र शुक्लस गामस सछि निह्म देम्रोयात. . . . पूजा लीक याङाम्रो वाहावूल साहि राजा निपाल बिज्यात गंदकि जात्रा धुनकाम्रो. . . . छोया हया. . . .पालकोत चोंक हल. . . . कृस्न भेरुयात भेरु कोथ. . . .हितिचुक न्हिन ३. . . . चिकन्हि २ मास न्हि २ चिन्हि वामना × रा न्हि वाधानि. . . .तोसा षाना

(५)

स्वस्ति श्रीसम्व १८७८ साल मिति
आश्वुनवदि ८ रोज ४
तस दिनमा धंतसिं नेवा
रले कृत्या कागत लेष्या
वावत् दंद रूपैया २।।

(६)

स्वस्ति श्रीसम्वत् १८६७ साल मिति मार्गसिल वदि १२ रोज ६ मा श्रीजेठी महारानि : पशुपति-वाट वालाज्यूमा पार्नु भयो, वाहादेषि नवाकोट पार्नुभयो, वस्न्यात् पौवामा वास वस्नुभैकन भोलि वेर नवाकोट गाउमा पालनुभयो. दर्वारभित्र जान्या सायेत नहुदा काजि कुलराज पाडेका घरमा राज गर्नुभयो, मार्ग सुदि ४ रोज ७ का दिनमा श्री भैरविका थानमा विसासये पुजा गर्नुभयो; हास गोता ५५ वोका गोता रांगा गोता १३ यति देविको पुजा गर्नु भईकन देउताको दरसन गर्नुभयो; धामिलाई सिलपाउ वक्सनुभयो चाँडिका वाला गोकुल् जामा चौविसाको पतुका द्वोसला धम्यानि-राई हरियो तिंषापको फरिया कालो तिंषापको चोरो दोपताको पछेउरा पतुका दिनुभयो, वाहादेषि दरवारभित्र सायत गरि राज गर्नुभयो वाहादेषि श्रीमहारानि नवाकोट गाउवात मार्गशिल सुदि ५ रोज १ मा गोर्षा पालनु हुंछ भनि साघुमा पालनुभयो. वावुसाहेवले साघुमा तेरसि माहारानि-लाई जानु दियेन. साघुमुनि धुंग्या खेतमा पाल तागि महारानि राजगर्नुभयो. वाहादेषि मार्गशिल सुदि ६ रोज ५ मा नेपालवात श्रीमहाराजा पालनुभयो. नवाकोत पुग्नुहुँदा घरि १२ चध्याको व्येलामा आई पुग्नुभयो, देउताको दरसन् गर्नुभयो. वाहादेषि साघु धुंग्यामा पालनुभयो. उसै दिन व्यारुका भैरवि देवताको थानमा माहाराजाबाट पुजा गर्नु दरवर्रासं सरदाल पठाईदिनु भयो. रांगो २ वोका ५ पुजा गर्नुभयो. भोरिव्यर व्याहान् श्रीमाहाराजा श्रीसाहेवज्यू मैया साहेव-ज्यू गाउ पार्नु भैकन पुजा गर्नुभयो. रांगो ४ वोका ८ पुजा गर्नु भयो; वाहनुलाई चँडिपाठ आर्वात्त ६ जाप हजाल १८ लावनुभयो. वाडालाई पंचरक्ष्या आर्वात ५ जाप हजाल २५ लानुभयो. वाहादेषि पुजा सकि साघु धुंग्यामा ज्यिउनार गर्नु पार्नुभयो; उसै दिन व्यारुका देविघाटमा पनि पुजा गर्नु सरदारका हातमा पुजाको सराजाम पठाउनुभयो रांगो ४ वोका ८ पुजा पठाउनुभयो; वाहादेषि ४ दिं स्म साघु धुंग्यामा राज गर्नुभयो; ५ चौ दिनमा नवाकोट गाउ पालनु भई देवको दरसन गर्नु भै कन काठमाडौं पालनुभयो; महाराजा वाहादेषि महाराजा नेपाल पालनुभयाको दिन माहारानि पनि साघु धुंग्या छोरि सेराको दरवार राज गर्नुभयो. दिं ३ दि सम्म वस्नुभयो; वाहादेखि मार्गसिल शुदि १४ रोज ३ का दिन व्याहानुका ४ घरिमा श्री माहारानि नेपाल पालनु भयो; समझाउनिस्म लेष्याको शुभम्—

(७)

१. स्वस्ति श्रीसम्वत् १८६७ सा मिति पौष शुदि ४ रोज २ मा
२. श्रीजेथा माहारानि नवाकोट सेराको दरवारमा आई राज

३. गर्नुभयो; वाहादेखि नेपालवाट पौष शुदि ५ रोज ३ मा
४. श्री माहाराजा पालनुभयो नवाकोट गाउमा पुक्नु हुदा
५. ब्याहानुको ५ घरि जादोमा आई पुगनुभयो. देवताको
६. दरसन् गर्नु भईकन पुजा पनि गर्नुभयो. बोका ४ पुजा
७. गर्नु भइकन सेरा ब्यासि चउताराको दरवारमा राज गर्नु
८. भयो

(८)

१. शुभ ।। सम्वत् ६६१ म्ति चैत्र शुक्लया एकादसि शुक्लवाल षुनु नेपालं श्री (महा)–
२. रानि नक्वातस जात्रा स्वबिज्यात : स्यराब्यासिया राकुलि वुहा बिज्यना; अनलि(त)–
३. नि गाँचो थाहाबिज्यात; थ्यंक बिज्याधुंस्यंलि देअोया दलसं याय्गु राकुल
४. वुहाबिज्यायागु सायत् मदया दंदविर दिष्ठायाके वलं होषना राकु केव–
५. स पाल प्यंका पालस बिज्यात जिउनारां अनंतु याना बिज्यात बहनि थअो–
६. गाना राकु वुहा विज्याचोन अों सति षुनु संचअो षुनु सुंथ देके बिज्यात : दे–
७. अोया वलसं यावकरिपूजा कंपुजा याना बिज्यात; भेरुघाटया निमंत्रना पू–
८. जा याअोन; श्रीमहारानिया दुगु छह्म पूजाभ जुछि पूजा बिया छोतः सनोच–
९. लवाल षुनु भरुनियात अोस छिके हल, तिनिषाप तासि : तिंषालं द्वोपता–
१०. गा थुलि अोस छिकेहल अों सति षुनु : आदित्यवाल षुनु निपालं हानं जुजु
११. बिज्यात, नक्वा गांचो थ्वक बिज्यावले; वाह्निजागु ताकस थ्यंकबिज्यात : थ्य–
१२. नेअो देके दरसंया बिज्यात : देके भेतिसंम छोल अनंन तु राकु बिज्यात भेरु–
१३. या सनायागु स्वया बिज्यातः स्वय धुंका मूक्वथास वुहाबिज्या भेरु भरु निह्म–
१४. यातं भेति छाया मूक्वथायागु पूजा दक्व स्वया स्वां सिन कया पिहाबिज्यात
१५. भेरु क्वंह्लावउका बिज्यागु स्वबिज्यातः क्वह्लावउयागु पूजा फगु सकतां स्व
१६. या बिज्यात, अननं भेरुं क्वह्लावउकयामवुक्व बिज्यात; अनं जुजु लिअो
१७. लिअो बिज्याना ञासि स्वागु स्वया बिज्यात; थनंलि जुजु राकु लिहाबिज्यात
१८. भेरु देसवंदना बिज्यात; देसवन्दनां लिहा बिज्यास्यंलि राकुलिस थ्यं–
१९. वल्य श्रीमहारानि राकुया दबु द्योने पूजाभ जुछि पूजा याना अोहया
२०. गजु वुगु सिकुसा छपा ह्ययूषा पा दुगु पंषा छगु भेरुयात छाल थनंलि
२१. चाह्लस : दथुक्वाथस सि छायका वल्य : भेरुयात ह्यासुगु वेतालि; भरुनि–
२२. यात तिखाप तासि तिखालं वूपताया गाः खे ङा. य कु : रा स्वाद दयका त–
२३. गु भाग निभागं चिपंथियकेत बिया हल थनंलि श्रीमहाराजा श्रीम–
२४. हारानि घातस क्वहा बिज्यात ; क्वहाना मागु नित्य सनान् पूजा धूंका देअो–
२५. या जअोस जुजु बिज्या पाथ याना बिज्यात महारानि देअोया षअोस पाल तया
२६. पालस विना चोन : देअोयाके पूजाभ जुछि पुजायाना वुगु ह्मं ८ मेस ह्म ८

२७. ह्लिनस्यो पोस्वकस पूजा याना बिज्यात मेव दुनियाया गनेषालया खुदु–
२८. या पिनि पूजा मथयकुस्य छह्य छह्य निहारयाना पूजा याकल ह्लिनस
२९. पोसोकस भेरुयात म्हुन्हुयतः : राहा न्हुयत : भलू मलछसाया थ्वापसा षुना बिल
३०. भेरु पोस्वकाय धुंकनं वसालस दुहाबिज्यायुवले नत : नम्रोचिनि गुलाफ–
३१. पानि भारोदरया लाहतिस बिक छोया स्वक ह्यू; महाराजा महारानि नि–
३२. ह्य तिपुस्यनं पोस्य कागु जात्रा बालाकं स्वया बिज्यात ह्लिन स्यागु पोस्व धुं–
३३. स्यंलितिनि देम्रोया थासं निह्म दना मेगु पालस बिज्यात थनंलि भेरु भरु चुंरु
३४. पूजाया भोज बिज्यावल्यसं महाराजा महारानि निह्मस्यनं स्वयाबिज्या–
३५. त तका २ का देह्ला छायका छोयाहल. थनंलि श्रीमहाराजा जुक नक्वा गांचो
३६. थाहा बिज्यात श्रीमहारानिजक घाटसं तु बिज्यात थनंलि गाँचो जुजु क्वाहा बि–
३७. ज्यागु चाह्लस्या छपहा वाकि दनिवल्य घाटस थ्यंक बिज्यात : चाह्लस्यागु पोसो–
३८. कस जुजुया पूजा यागु दुगु ह्यं १० मेस ह्यं ५ थुलि चाह्लस्या पोसोकस पू–
३९. जायात पोसो कागुं निह्म स्यानं बांलाक स्वया बिज्यात; देम्रो आज्ञा दयकु बल्यसं
४०. श्रीमहाराजा महारानि भारादार कालु काजि दलवाहादूर मेव भालादा–
४१. ल सुं सैनिक मदु : थुलि जक चोना देम्रों आज्ञा दयकुगु नेना बिज्यात, न्वं–
४२. म्रोगु नेना देका छाया निह्मं पालस बिज्यात थनंलि कारु काजि छोया हल; म–
४३. हारानिया न्हुकं मू जुल भेरु भरु निह्मं बोना हि धक सतक छोया हल
४४. काजिया हने, भेरु भरु निह्म स्यानं वस तोता मेल जागनं म्रोने––
४५. धक कस्यंलि काजि थ– धका विन्ति याना बिय धका म्रोन नि–
४६. महारानि थमनं द्योव सालस बिज्यात जुजु लिपा बिज्यात माछि षह्ला धुंका द–
४७. ना बिज्यात. बु छप्पति बियमा धक हुकुं जुल थनंलितनि निह्म निपा बि–
४८. ज्यात महारानि जायफल सुवाया पउम्रोउ वासं चों बिज्यात, जुजुजक ब्रह्मं–
४९. दि चतुर्म्रालयाया पाउम्रोस वासं चों बिज्यात म्रोंसति षुनु कपतान छह्म लि–
५०. त छोयाहल; चतुर्थि मधुकं म्रोयमते चतुर्थि धुंका देम्रों आज्ञा दयकु–
५१. गु पत्र चोका जोनाम्रो धका धया छोयाहल चतुर्थि धूंका नोम्रोगु म्रर्जि
५२. पत्र चोया थ्वम्रोह्म कपतानया लाहातिस बिया छोया म्रर्जिया लिस न्हु
५३. २।३ दस्यंलि लिस थ्यन भेरु भरुनिह्मं निपा क्वाहाम्रो धक धया लि–
५४. स बियाहल थ्व पत्रया लिस कालिदास पमायात पत्र चोया राकुयात म्रर्जि
५५. पत्र चोया बिया छोत थ्व लंट्ठां भेरु भरु निह्म स्यानं छपोल दे तोता म्रोय–
५६. जामज्यू हुकुं जुसा ह्लापाम्रो लिपाम्रो जकं जियि निह्मं छपोलं म्रोय धा–
५७. सा मज्यू धक पत्र चोया बिया छोत लिपत भेरु जक कायक हगु मोर्हविया
५८. छोल्या भल्या छेभदिया मनु छोया हल वैशाक शुक्लया द्वादसि षुनु भेरु
५९. निपा क्वाहा म्राल लानि लात्या निपालसंतु बिस्ताल जुल; म्राषाढ कृष्णया द्वा–
६०. दसि षुनु भेरुयात सिलपाउ बिल महारानिया खोपि थ्यंक बोना

६१. यन भेरुं महाराजा महारानि दलसं चाना वेदा जुल, ग्रोले जुजु महा–
६२. रानि निह्मस्यानं राकुया भिक सान्तिया धक दाम मोह तका ५६० तका
६३. दाम बियाहल, थ्व दामं देविघाटसं गांचोस भैरवियाके इन्द्रायनि घा–
६४. टसं सान्ति स्वस्ति याना क्षमा होना ब्यू धक हुकुं जुल, वु छर्षिनं बिल वु
६५. धासा ६० कुसकोथुलिब्यासि ५० कुसक्व कालि भाला सरोह कि स्वा–
६६. ना बिल, भेरु राकुलि वेदा कया, त्रोदसि षुनु, रात साम्र यानानं
६७. नक्वा थ्यंक म्नाल; नक्वा थ्वंस्यंलि भाद्र व शुक्लया प्रतीपदा मंग–
६८. लवाल षुनु गांचोसं देक्य; इन्द्रायनिघाटसं पाथ जप ग्रालंभ याना
६९. पंचमि सनिचलवा षुनु; गांचो भैरवियाके वुगुह्म २ मेस ह्मं २ छु
७०. कि दावउ पुस्तिक जज्ञयाना वलिस मेस ह्म १ वुगु फयि ह्म २ पि पूजा
७१. या घाटस वुगु ह्मं १ इन्द्रायनि घाटस ह्म १ वुगु १ लोषुस ह्मं १ वुगु त–
७२. लजुयात ह्मं १ वुगु मेले गतंहय ग नं ष्पतया पिपूजा छोत, थथ्य याना
७३. धुंका ग्रस्तमि मंगलवाल षुनु सान्ति जग्य छुकिदावउदेके वुग ह्मं २ मेस
७४. ह्मं २ वलि वुगु फयिह्मं २ मेस ह्मं १ ग्रनया पिपूजा द्येविघाट गांचोस जक वुगु
७५. ह्मं २ नियासनं थुगु दिनसंतु देविघाटस पुलवलंपाथ ग्रालंभ याना पुह्नि
७६. मंगलवाल षुनु धुंका देके मेस ह्मं २ वुगु ह्मं २ वलि रेस ह्मं १ वुगुह्मं २ पिपूजा
७७. इन्द्रायनि गांचो द्वालपालस वुगु ह्मं ३ पूजा याना थु षुनुंतु राकुलि ग्रो–
७८. हया छिपत छायक छोया हल पूजाभजुछि १ वुगु ह्मं ५ थुलि पूजा या–
७९. ना छाल थुलि धुंका गांचोस देक्य : ग्रसेंतल महापूजाया नातिनि धुका जुल
८०. थ्व वेलस राज श्रीराजराजिन्द्रविक्रमसाह भेरु राजमानसि भरु शुभलक्ष्मि
८१. परमांगि ग्रोह्म जंगविल पांडे काजिया माहेलाह्म काययात राकुलि छो–
८२. ग्रो लाका सिधि जुल शुभं

(९)

१. सम्वत्....म्ति ज्येस्तवदि ६ सरैवंदिया खस सिपाहि
२. दयाचोक्व कुपनि सकले यकु ग्वल जुया हुल उध्य जुल
३. हुल्या गुछें गुरुजुया पोषर्साहि चौतराया कुलराज
४. पाडेका करविर पाडेया प्रसासिया क्षे, भारा–
५. कुदा वस्तु म्ना रासा सलतां स्यंका हाका हाका तिना
६. बिल; लिपतस भारादार छोया कुंपनि सतक छोत
७. मग्रोया श्रीमाहाराजा ह्मिग ज्यूज्यूवुबाज्यूपिस
८. याना तगु थिति याना वियधक मोहल् चोया
९. विया तिनि सतक छोत : ग्रथ्यनं सिपाहि मग्रोया
१०. जुजु थमन किसि ह्मस विज्याना सत विज्यात

११. ह्मिग ज्यूज्यूवुवाज्यूं थितियाना तगु : जिनं थुगु
१२. थिति थामथ याना विय धुन धक धास्यंरितिनि कुंपनि
१३. सिपाहिं नि साथना तिनिष्यलं दनाश्रोल वहनिया
१४. घउ २।४ जावलयनिस्यं धाम् धुं जुगु चाया पाछ
१५. वाकि दनि वेलस तिनि राकुथ्यन उषुनुं तुनिष्येल
१६. तिलंगि छह्म स्यातं सिपाहि यागु घा जक जुल थथ्यतुं
१७. जुल शुभ–

(१०)

शुभ सम्वत् ६६१ स्ति नस्त ग्राषाढ कृष्णया

षस्तमि वृस्पतिवार षुनु....या घ उ. १० वाकि दनिबले श्री जेथि माहारानि स्वर्गारोहन जुगुदि माहारानि नाप द्वान्या छह्म सति ग्रोन जुल; दुतिया प्रजायात १३ स्वन्हु वुखं तल ब्राम्हुयात ३ वुखं तल, महनिया ज्या नग्रौला स्वां होयकु; देके पूजा यायदु तिकाया सिह्ललं तिमवु. तग्रोला स्वांन छुय् मवु जुल शुभम्

(माथि दिइएका टिपोटहरू नुवाकोटका धामीको संग्रहका हुन् ।)

ताडपत्र

(१)

१. श्रेयोस्तु ।। सम्वत् ८०८ चैत्र कृष्ण ।। प्रतिपद्यान्तिथौ ।। श्रीमत्कान्तिपुरमहानगरे श्रीसान्ति गलंछे श्री ग्रासनतोल भोतायिति यताछें भशुदेव भारोकस्य नाम्ना सकासात् ।। स येग्रो भोतायिति मूगल वंताछे जयसिंहकस्य नाम्ने स्वकीय स्वभुज्यमानिकं।। स येग्रो भोतायिति....

२. शुषुली देवया गृहेन पश्चिमतो ।। जेत्र रामया गृहन उत्तरत ।। मृगुदिमार्गेन पूर्वत ।। जकोसिंहया गृहेन दक्षिणत एतेसां मध्ये थ्वते चात्राघातन वु स येग्रो भोतायिति मुगलं वंतोछे खा छि १ चुलं नसि २ कुजि मङा कु १५ पाताल कु नीयनकुत्या २० × तत गृह पाताल भूमि....

३. मादाय स्वादिनानं निवस्तकं न्यायेन क्रिविक्रीयतं भवति ।। तत्रा धालनकस्या निमित्तेन यदि संकट व्यावादे सति पीडा स्यात् तदा धालनकेन पलिसोधनियञ्च प्रतिधालन वेवादेवापुरंस क्रीविक्रीन काया ग्रत्र पत्रार्थे दृष्टसाक्षि धालनस भ्राता....सिंह....शुभम्

(मङ्गललाल प्रधानको संग्रहमा यो ताडपत्र रहेको छ)

(२)

१. शुभ संवत् ८५१ पौख शुक्ल सप्तमी थु खुन्हु चोया जुलो,, दाता नग्रोक्वाथया को–
२. थुत्वालया,, लंग्रेटाछेंया,, खाँटय जाग्रोन, हेङा ग्राहाक स यव गामया.. स य–
३. व त्वालया लंग्रांटाछेंया, चाम भालीन काया जुलो,, श्रीराजभूमीन पश्चिमत : ग्रा–
४. हकया गृहेन दक्षिनतः ,, श्रीराजवाटीका पूर्व्वत : दाताया गृहेन उत्तरत एतेषां
५. मध्ये चत्राघाटन वु वेंजन बारिसहित छें सुक्रिविक्रिन हङां जुलो,,.... या स्वव–
६. र्ण्ण मूल्य श्री २ जयजगत्मल्लदेव टंका सतछि ग्रो निय च्या मोहल ग्रंकेपि १२८ प्रति
७. धनी पुलेस हेङा जुलो,, थुतिया दृष्टसाछी दाताया ववी मदयाग्रो, पलमान मीनध्व–
८. ज भाजु., काजि उधग्रो भालो ।। वीरसाहि भालो ।। गग्रोरग्रो श्रीरत्नेश्वर ग्रोझा,, तथा
९. सभाया पंचसकल्यं ।। तथा ,, गोपाल भंडारि ।। तथा लेखक दैवज्ञ विप्र श्रीराजीव मिश्र शुभम् ।।

(नुवाकोटका धामीको संग्रहमा रहेको नकलबाट यहाँ यो उतार दिइएको हो ।



अनुक्रमणिका (इन्डेक्स)